# नेपाल कानून पत्रिका

ने
का
प

२
०
७
३

का
त्ति
क

अ
ङ्क

७

भाग - ५८ **२०७३ कात्तिक** अङ्क - ७



प्रकाशक

## सर्वोच्च अदालत

**रामशाहपथ, काठमाडौं**

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ **Ext.**२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (विक्री)
फ्याक्सः ४२६२८७८, पो.व.नं. २०४३८
**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत | - सदस्य |
| नायव महान्यायाधिवक्ता श्री राजेन्द्र सुवेदी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन | - सदस्य |
| अधिवक्ता श्री शैलेन्द्र दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| सहरजिस्ट्रार श्री नहकुल सुवेदी, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री गजेन्द्रबहादुर सिंह

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री रमादेवी न्यौपाने
ना.सु.श्री विनोदकुमार यादव
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ

**भाषाविद् :** उपप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

प्रकाशित सङ्ख्या : २५०० प्रति

नेपाल कानून पत्रिकाको उद्धरण गर्नु पर्दा
निम्नानुसार गर्नु पर्नेछ :

*नेकाप, २०७३... ... ... ... , नि.नं. ... , पृष्ठ ...*

*(साल) (महिना)*

**उदाहरणार्थ** : *नेकाप* २०७३, कात्तिक, नि.नं.९६२४, पृष्ठ १२०७

सर्वोच्च अदालत बुलेटिनको उद्धरण गर्नु पर्दा
निम्नानुसार गर्नु पर्नेछ :

*सअ* बुलेटिन २०७३ ... ... ... १ वा २, पृष्ठ ...

*(साल) (महिना)*

**उदाहरणार्थ** : सअ बुलेटिन, २०७३, कात्तिक – १, पृष्ठ १

नेपाल कानून पत्रिका तथा सर्वोच्च अदालत बुलेटिन
अब हाम्रो वेभसाइटमा उपलब्ध छन्

ठेगाना

**www.supremecourt.gov.np**

- यो वेभसाइट खोलेपछि बायाँतर्फ **नेपाल कानून पत्रिका** तथा त्यसको तल **सर्वोच्च अदालत बुलेटिन**मा क्लिक गर्नुहोस् ।
- २०६५ साल वैशाखदेखिका यी पत्रिकामा समाविष्ट निर्णयहरू पढ्न र हाल निःशुल्क डाउनलोड गर्न सकिनेछ ।

नेपाल कानून आयोगको वेभसाइटमा संविधानसमेत हालसम्म प्रकाशित अधिकांश ऐन र नियमावलीहरू नेपाली तथा अङ्ग्रेजीमा र १९१० सालको मुलुकी ऐन, न्याय विकासिनी एवम् विभिन्न ऐतिहासिक दस्तावेजहरू निःशुल्क पढ्न र डाउनलोड गर्न सकिनेछ ।

ठेगाना

**www.lawcommission.gov.np**

मूल्य रू.३०।-

मुद्रक : सर्वोच्च अदालत छापाखाना

# विषय सूची



| क्र. स. | नि.नं./इजलास/ विवरण | पक्ष / विपक्ष | विषयको सारसङ्क्षेप | पृष्ठ |
|---|---|---|---|---|
| १. | ९६२४<br>पूर्ण<br>अंश | झिग्मी पलवर विष्टसमेत<br>विरूद्ध<br>डिकी डोलकर पलवर विष्टको मु.स. गर्ने कर्साङ लवाङ | ▪ मिसिल संलग्न प्रमाणबाट दरबार ऐतिहासिक महत्त्वको देखिएको र सो कुरामा वादी प्रतिवादीबीच विवाद रहेको पनि नदेखिँदा उक्त मुस्ताङ दरबारमा वादी स्वयंले दाबी नै नगरेको र उक्त दरबारको ऐतिहासिक, पुरातात्त्विक तथा सांस्कृतिक स्वरूप यथावत्‌रूपमा संरक्षण गरी राख्नु उपयुक्त हुने देखिएकोले अंशियारहरूबीच बन्डा गर्नु उचित नहुने। | १२०७ |
| २. | ९६२५<br>पूर्ण<br>लिखत दर्ता बदर | तिर्थरत्न तुलाधर<br>विरूद्ध<br>मंगलमान प्रजापति | ▪ कसको नाममा रैकर परिणत हुने भन्ने मुद्दाको अन्तिम निर्णय हुन बाँकी भई मुद्दा विचाराधीन रहेको अवस्थामा सो तथ्यलाई छली विवादित जग्गा आफ्नो नाममा एकलौटी दर्ता गरी सो दर्ताको आधारमा लिखत गरी हक हस्तान्तरण गरेको हुँदा सो कार्य दूषित भई त्यस्तो दर्ता तथा लिखत वैध हुन र त्यस्तो लिखतले वैधता प्राप्त गर्न सक्ने हुँदैन । त्यस्तो दूषित क्रियाबाट गरेको लिखतको हक हस्तान्तरणबाट प्रतिवादीहरूको हक कायम रही रहन र वादीको हक समाप्त हुन नसक्ने। | १२२० |
| ३. | ९६२६<br>संयुक्त<br>नागरिकता | नेपाल सरकार<br>विरूद्ध<br>मन्साराम भुर्जीसमेत | ▪ वस्तुतः कुनै पनि देशको नागरिकताको प्रमाणपत्र भनेको नागरिक र राज्यबीचको कानूनी सम्बन्धको आधार र प्रमाण देखाउने आधारभूत लिखतको रूपमा रहेको हुन्छ । नागरिक र राज्यको सम्बन्धलाई स्थापित गर्ने यस्तो प्रमाणपत्रको प्राप्ती एवं समाप्तीका | १२२९ |

| | | | | |
|---|---|---|---|---|
| | | | आधारहरू अत्यन्तै संवेदनशील विषय हुन्छन् । यही संवेदनशीलतालाई मनन गरी विधायिकाले नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी नेपाली नागरिकबाट हटाउने आदेश दिने अधिकार सरकारको कुनै मन्त्रालय वा विभागलाई प्रत्यायोजन नगरी नेपाल सरकार मन्त्रिपरिषद्मा नै निहित रहने व्यवस्था गरेको भन्ने उल्लिखित ऐनको व्यवस्थाबाट स्पष्ट हुन आउँछ । यसरी नागरिकताको समाप्तिको संवेदनशीलता र महत्त्वलाई दृष्टिगत गरी ऐनमा नै सो अधिकार प्रत्यायोजन गर्न नमिल्ने किटानी व्यवस्था भएको देखिन आउने । | |
| ४. | ९६२७ संयुक्त परमादेश | सज्दा सापकोटासमेत विरूद्ध नेपाल सरकार | ▪ संविधान तथा कानूनले नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरिरहेका व्यक्तिहरुले आमाको नामबाट नागरिकता प्राप्त गर्न सक्ने भनी व्यवस्था गरिसकेको अवस्थामा बाबु विदेशी वा स्वदेशी हो भन्ने प्रश्न उठाई संविधान र कानूनबमोजिम नागरिकता प्राप्त गर्ने योग्यता पुगेका व्यक्तिहरूलाई नागरिकताको प्रमाणपत्र दिन इन्कार गरी नागरिकता विहीन बनाउनु कानूनअनुकूलको कार्य मान्न नसकिने । | १२३७ |
| ५. | ९६२८ संयुक्त उत्प्रेषण / परमादेश | कृष्णशरण मास्के विरूद्ध नेपाल सरकार | ▪ सैनिक सेवामा कार्यरत निवेदकले पशु स्वास्थ्य औषधि उत्पादन आयोजना शाखामा गरेको सेवा अवधिको ७५ प्रतिशत अवधि जोडी निवृत्तिभरण पाउँ भनी दाबी गरेकै आधारमा कुनै पनि कानूनले त्यस्तो नोकरी अवधि जोड्न | १२४५ |

| | | | | |
|---|---|---|---|---|
| | | | मिल्ने भनी नबोलेको अवस्थामा सो सेवा अवधिलाई जोड्न मिल्ने भनी अर्थ गर्नु कानूनसम्मत नहुने। | |
| ६. | ९६२९<br>संयुक्त<br>उत्प्रेषण | बलराम यादव<br>विरूद्ध<br>पुनरावेदन अदालत, राजविराजसमेत | ▪ परिवारको मुख्य व्यक्ति आमाले घर व्यवहार चलाउनका लागि लिएको ऋण यी विपक्षीले समेत व्यहोर्नु पर्ने हुँदा निजको नाममा बकसपत्रबाट प्राप्त भएको सम्पत्तिबाट असुल हुन नसक्ने भन्नु कानूनविपरीत हुने देखिन्छ। अदालतको अन्तिम फैसलाबाट सावाँ ब्याज भरी पाउने वादीको हक स्थापित भइसकेको स्थितिमा बिगो भरिदिनु पर्ने दायित्वबाट विपक्षीले उन्मुक्ति पाउँछ भन्न नमिल्ने। | १२५२ |
| ७. | ९६३०<br>संयुक्त<br>प्रश्नपत्रको गोपनीयता भङ्ग गरी भ्रष्टाचार गरेको | नेपाल सरकार<br>विरूद्ध<br>नेत्रबहादुर लिम्बूसमेत | ▪ भ्रष्टाचार निवारण ऐन, २०५९ को कुनै पनि व्यक्ति विरूद्ध अदालतमा एकै कसुरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन भन्ने कुरा अर्थात् दोहोरो खतराको सिद्धान्त कुनै एक कसुरमा उही व्यक्तिउपर मुद्दा चलाई निर्णय भइसकेकोमा सोही कसुरको सम्बन्धमा पुनः कारवाही चलाउन रोक लगाउने सन्दर्भमा आकर्षित हुने हो। विवादको विषयमा एकै प्रतिवादीबाट भएको कार्यको लागि दुई छुट्टाछुट्टै ऐनअन्तर्गतको कसुरमा छुट्टाछुट्टै अनुसन्धान तहकिकात गरी मुद्दा चलाउन र अदालतबाट निर्णय गर्न यस सिद्धान्तले रोक लगाएको देखिँदैन। यसबाट एउटै क्रियाबाट अलगअलग ऐनअन्तर्गतमा | १२५७ |

| | | | | |
|---|---|---|---|---|
| | | | कसुरसमेत भएमा अलगअलग मुद्दा चलाउन र सजाय गर्ने बाधा हुने अवस्था नदेखिने। | |
| ८. | ९६३१<br>संयुक्त<br>हातहतियार खरखजाना | नेपाल सरकार विरूद्ध अरविन्दकुमार पण्डित | ▪ वस्तुतः एउटै मुद्दाका सहअभियुक्तले सुरू फैसलाउपर दायर गरेको पुनरावेदनमा विपक्षी झिकाउने आदेश भई नेपाल सरकारको तर्फबाट सुनुवाईमा बहससमेत गरी सकेपछि पनि उक्त मुद्दाको सुरू फैसलाको जानकारी प्राप्त नभएको भन्न मिल्ने हुँदैन । एउटै मुद्दाको सुरू फैसलाउपर एउटा प्रतिवादीको तर्फबाट परेको पुनरावेदनमा विपक्षी झिकाउने आदेश भई वादी नेपाल सरकारको तर्फबाट बहस गरी सो मुद्दा मिति २०६७।३।१५ मा फैसला भइसकेपछि त्यसको ९ महिना ३ दिन पछि मिति २०६७।१२।१८ मा पुनरावेदन अदालतमा दायर भएको पुनरावेदन पत्रलाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६ बमोजिम तोकिएको पुनरावेदन गर्ने हदम्यादभित्र परेको भन्न मिल्ने नदेखिने। | १२८७ |
| ९. | ९६३२<br>संयुक्त<br>झुठा शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको | नेपाल सरकार विरूद्ध प्रेमबहादुर जी कुँवर भन्ने प्रेमबहादुर कुँवर | ▪ प्रतिवादीले Higher School स्तरको प्रमाणपत्र प्राप्त गरेको Central Board of Higher Education, New Delhi संस्था Council of Boards of School Education in India र Ministry of HRD बाट मान्यता दिइएको संस्थाहरूको सूचीमा नभएको भनी उल्लेखसम्म गरिएको देखिन्छ । तर, उक्त संस्था नै नक्कली, झुट्टा रहेको र पहिलेदेखिनै अस्तित्वमा नभएको भनी उल्लेख | १२९१ |

| | | | | |
|---|---|---|---|---|
| | | | गर्नसकेको देखिएको छैन । यसबाट उक्त संस्था नक्कली वा झुट्टा नभई मान्यता नदिइएको भन्नेसम्मको स्थिति रहेको पाइयो । नक्कली प्रमाणपत्रको कसुर हुन आफूले हासिल नगरेको योग्यता हासिल गरेको छु भनी झुट्टा शैक्षिक योग्यताको प्रमाणपत्र पेस गर्नुपर्ने हुन्छ । यहाँ प्रतिवादीले हासिल गरेको शैक्षिक योग्यता झुट्टा हो भन्ने स्पष्ट भनाई नभई शैक्षिक योग्यताको प्रमाणपत्र जारी गर्ने संस्थाले मान्यता नपाएको भन्नेसम्मको अवस्था छ । संस्थाले मान्यता नपाएको भन्ने आधारमा मात्र प्रतिवादीले पेस गरेको प्रमाणपत्रलाई झुट्टा भनी अदालतले अनुमान गरी भ्रष्टाचारको कसुरदार मान्न न्यायोचित नहुने । | |
| १०. | ९६३३<br>संयुक्त<br>जबरजस्ती करणी | नेपाल सरकार<br>विरूद्ध<br>राजु सरदार | ▪ बालबालिकासम्बन्धी ऐन, २०४८ ले नाबालकलाई कैद सजायमा छुट दिएको ब्यवस्थालाई जबरजस्ती करणीको अपराधमा पीडकबाट पीडितलाई क्षतिपूर्ति भराउने कुरालाई पनि सजायकै रूपमा लिई छुट प्राप्त गर्दछ भन्ने अर्थ गर्न नमिल्ने ।<br>▪ बालबालिकासम्बन्धी ऐनको व्यवस्थाले नाबालक प्रतिवादीलाई सजायमा केही छुट दिएकै आधारमा जबरजस्ती करणीको अपराधमा पीडित हुने बालिकाले पाउने मुनासिब क्षतिपूर्तिको हकबाट वञ्चित हुनु पर्ने भनी सो कानूनी व्यवस्थाको संकुचित अर्थ गर्दा | १२९७ |

| | | | | |
|---|---|---|---|---|
| | | | बालबालिकाको अधिकारमा संकुचन आउन सक्ने सम्भावना रहन्छ । यसबाट पीडकले सजायमा छुट पाउने तर पीडितले क्षतिपूर्तिसमेत नपाउने अवस्थाको सृजना हुन गई बालबालिकाको सर्वोत्तम हितको लागि बनाएको बालबालिकासम्बन्धी ऐनको एकांकी र एकतर्फी व्याख्या गर्न मिल्ने पनि नहुने । | |
| ११. | ९६३४<br>संयुक्त<br>उत्प्रेषण / परमादेश | विष्णुप्रसाद पौडेलसमेत विरूद्ध नेपाल सरकार | ▪ निवेदकहरूको पदस्थापनको सम्बन्धमा साधिकार निकायबाट भएको निर्णयलाई विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कुनै कानूनमा आधारित नभई आफ्नो क्षेत्राधिकारसमेतको बेवास्ता गरी मनोगतरूपमा निर्देशन जारी गरेको देखिँदा त्यस्तो क्षेत्राधिकारविहीन निर्देशनका आधारमा निवेदकहरूलाई एक पटक पदस्थापन गरिसकेको विषयलाई सोही निकायले पुनरावलोकन गरी निजहरूको रोजगारीको हकमा असर पर्ने गरी प्राकृतिक न्यायको सिद्धान्तविपरीत सुनुवाईको मौकासमेत प्रदान नगरी निजहरूको पदस्थापना बदर गर्ने विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य सेवा विभागबाट भएको निर्णय तथा सोही निर्णयका आधारमा भएका पत्राचारहरू कानूनसम्मत रहेको भनी मान्न मिल्ने नदेखिने । | १३०५ |

| | | | | |
|---|---|---|---|---|
| १२. | ९६३५<br>संयुक्त<br>उत्प्रेषण / परमादेश | मैया रञ्जितकार<br>विरूद्ध<br>पुनरावेदन अदालत, पाटनसमेत | ▪ अ.बं.१७ नं. को रोहमा पुनरावेदन अदालतले गरेको आदेश परिवर्तन गर्ने अधिकारक्षेत्र माथिल्लो अदालतले सैद्धान्तिक विचलन वा कानूनको घोर उल्लङ्घन भएको अवस्थामा बाहेक प्रयोग गर्नु उपयुक्त हुँदैन । वस्तुत: मातहत अदालतमा परेका मुद्दाको काम कारवाहीमा म्याद नाघेको वा बेरीत भएको वा कार्यविधि कानूनको त्रुटि गरी आदेश गरेको स्पष्ट देखिएमा अदालतले बदर गर्नसक्ने हो । न्यायिक मनको प्रयोग गरी गरेको आदेश बदर गर्दा कार्यान्वयनयोग्य फैसलामा पर्ने प्रभावलाई पनि अदालतले सदैव ध्यान राख्नु पर्ने हुन्छ । अदालतको अन्तिम फैसला कुनै पनि हालतमा कार्यान्वित हुनपर्दछ भन्ने कुरामा विवाद हुन नसक्ने । | १३१३ |
| १३. | ९६३६<br>संयुक्त<br>परमादेश | अधिवक्ता श्यामकुमार विश्वकर्मासमेत<br>विरूद्ध<br>नेपाल सरकार | ▪ वर्तमान समाज २१ औं शताब्दीमा प्रवेश गरिसकेको अवस्थामा दासयुगीन कुसंस्कार र कुरीति तथा समाजलाई विभाजित गरी मानव-मानवका बीच अनुचित भिन्नता ल्याउने सबै प्रकारका जातीय भेदभावलाई संविधानले नै निषेधित कार्यको रूपमा राखेको देखिन्छ । यसरी संविधानमा उल्लिखित व्यवस्था कार्यान्वयनको लागि तर्जुमा भएको जातीय विभेद र छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ को सहज कार्यान्वयनको लागि आवश्यक | १३२० |

| | | | | |
|---|---|---|---|---|
| | | | नियमावलीको तर्जुमा लामो समयसम्म हुन नसक्दा उक्त ढिलाइका कारण संवैधानिक व्यवस्थाको कार्यान्वयनमा नै परोक्षरूपमा असर पर्ने जाने देखिन्छ । ऐनमा उल्लिखित व्यवस्थाको वास्तविकरूपमा कार्यान्वयन गर्नका लागि आवश्यक नियमावली तर्जुमाको विषयलाई विभिन्न बहानामा ढिलाई गरिरहनु संवैधानिक तथा कानूनी आवश्यकताको रोहमा समेत उचित मान्न नसकिने। | |
| १४. | ९६३७<br>संयुक्त<br>कर्तव्य ज्यान | सिरलामा तामाङ<br>विरूद्ध<br>नेपाल सरकार | ▪ झिना मसिना कुरा निकालेर गम्भीर कसुरको सजायबाट उम्किन सक्ने गरी कानूनको व्याख्या हुन सक्दैन । खुकुरी जस्तो घातक हतियारले घाँटी जस्तो संवेदनशील ठाउँमा पटकपटक प्रहार गर्ने कार्यबाट मृतकको ज्यान लिने यी प्रतिवादीको मनसाय स्पष्ट प्रमाणित छ । मृतकको अत्यन्त बीभत्स र क्रुर हत्या भएको छ । यस्तो हत्या (murder) मा अ.बं. १८८ नं. को प्रयोग हुनै नसक्ने। | १३३२ |
| १५. | ९६३८<br>संयुक्त<br>उत्प्रेषण /<br>परमादेश | सुकमेल बराल<br>विरूद्ध<br>स्वास्थ्य तथा<br>जनसङ्ख्या<br>मन्त्रालय,<br>रामशाहपथ,<br>काठमाडौंसमेत | ▪ कुनै पदमा पदस्थापन हुने कुरालाई कानूनले समर्थन गर्नुपर्छ । पदस्थापन हुनको लागि पदको संख्या खुलाई विज्ञापन माग हुने, त्यसमा योग्यता पुगेका उम्मेदवारबाट दरखास्त पर्ने र परीक्षा आदि हुने एउटा निश्चित प्रक्रिया आवश्यक हुन्छ । यो प्रक्रियाको अवलम्बन खुल्ला र | १३४२ |

| | | | | |
|---|---|---|---|---|
| | | | बढुवा दुवैमा गर्नुपर्ने हुन्छ । अर्को किसिमको पदस्थापन भनेको फाइल बढुवा हो जो निजामती सेवा ऐन नियम र अन्य सेवासम्बन्धी कानूनबाट कर्मचारीको उत्प्रेरणाको लागि लागू भएको देखिन्छ । सोबाहेक अरू किसिमले कुनै पदमा कुनै कर्मचारीको पदस्थापन हुन नसक्ने । | |
| १६. | ९६३९<br>संयुक्त<br>कर्तव्य ज्यान | दानुर्वु शेर्पासमेत<br>विरूद्ध<br>नेपाल सरकार | ▪ फौजदारी कसुरमा प्रतिवादीमाथिको अभियोग निसन्देहरूपमा प्रमाणित गर्ने भार वादी पक्षमा निहित रहने हुन्छ । सो कुरा प्रमाण ऐन, २०३१ को दफा २५ मा स्पस्टरूपमा उल्लेख गरेको छ । प्रस्तुत मुद्दामा कसुरमा प्रतिवादीहरूको संलग्नता रहेको भनी पुष्टि हुने निर्विवाद आधारहरू वादी पक्षबाट पेस हुन सकेको देखिँदैन । केवल अभियोग लगाएको आधारमा मात्र कसुर कायम गर्न मिल्दैन र सो गर्नाले न्यायको मकसदसमेत पूरा हुँदैन । प्रमाणको पर्याप्त न्यायिक परीक्षण गरी न्यायिक परीक्षणबाट सत्य तथा सर्वोत्तम प्रमाणका रूपमा स्थापित प्रमाणले कसुरदार रहेको भनी समर्थन गरेमा मात्र कसुरदार कायम गर्न सकिन्छ । अन्यथा कुनै व्यक्तिलाई आरोप लगाएकै आधारमा दोषी प्रमाणित गर्दा ठूलो अन्याय हुन जाने । | १३४९ |

| | | | | |
|---|---|---|---|---|
| १७. | ९६४० संयुक्त कर्तव्य ज्यान | विकास खड्का विरूद्ध नेपाल सरकार | ▪ हाम्रो कानून प्रणालीमा कसुर गरेको कुरा वादीले शंकारहित तरिकाले पुष्टि हुने प्रमाण अदालतसमक्ष प्रस्तुत गर्न सक्नुपर्छ र ती प्रमाणहरूको अदालतले वस्तुनिष्ट मूल्याङ्कन वा न्यायिक परीक्षण गरी न्याय निरूपण गर्दछ । कसैको भनाइलाई परीक्षण नै नगरी भनेको आधारमा मात्र कसुरदार कायम गर्दा निर्दोष व्यक्ति पनि कसुरदार ठहरिन सक्छ । केही गरी निरपराध व्यक्ति अदालतबाट कसुरदार ठहर हुन गए निजलाई हुन सक्ने अपूरणीय क्षतिको कल्पना पनि गर्न सकिँदैन । त्यस्तोमा निज तथा सिंगो समाजको अदालतप्रति र अन्तमा राज्यप्रति नै ठूलो कुण्ठासमेत उत्पन्न हुन जान्छ । त्यसैले कसुर गरेको भन्नेमा थोरैमात्र पनि शंका देखिएमा कसैलाई पनि कसुरदार ठहराउन नमिल्ने । | १३६२ |
| १८. | ९६४१ संयुक्त उत्प्रेषण | केशवराज भट्टराई विरूद्ध पुनरावेदन अदालत, हेटौंडासमेत | ▪ DNA परीक्षण प्रमाण बुझ्ने प्रक्रियाको एउटा क्रम भएको र मुद्दाको विवादको निराकरण गर्नका लागि DNA लगायतका प्रमाण बुझ्न जिल्ला अदालत स्वतन्त्र रहन्छ त्यसमा माथिल्लो अदालतबाट नियन्त्रण गर्ने, बन्देज लगाउने वा त्यस्तो स्वतन्त्रतामा हस्तक्षेप गर्न पनि मिल्दैन । कानूनअनुसार कुन प्रमाण बुझ्नु पर्ने वा कुन प्रमाण नबुझ्नु पर्ने भनेर जिल्ला अदालतमा विचाराधिन मुद्दामा नै असर पर्ने गरी रिट क्षेत्रबाट हस्तक्षेप गर्न मिल्दैन । DNA परीक्षण मुद्दाको | १३८० |

| | | | | |
|---|---|---|---|---|
| | | | सत्यतथ्य पत्ता लगाउने एउटा विधि भई सोको प्रयोजनका लागि गरिने हुँदा त्यस्तो परीक्षणबाट निवेदक कै विरूद्ध नै प्रमाण हुन जान्छ भनी अनुमान गर्न पनि नमिल्ने हुँदा तायदाती फाँटवारी माग गर्ने आदेश भइसकेको भन्ने एकमात्र आधारमा DNA परीक्षण गर्ने आदेश जिल्ला अदालतबाट गर्नै मिल्दैन भन्ने रिट निवेदन जिकिर कानूनसम्मत नदेखिने। | |
| १९. | ९६४२<br>संयुक्त<br>अंश चलन | सनतकुमार श्रेष्ठसमेत<br>विरूद्ध<br>रिना मिश्र श्रेष्ठ | ▪ दुनियाँको बिगोको हकमा जायजात गर्दा ऋण खाँदा सँग बसेका १२ वर्षभन्दा कम उमेरका अंशियारहरूको अंश हक पर सारेर मात्र जायजात गर्नुपर्ने भन्ने विद्यमान कानूनी व्यवस्था रहेको देखिन्छ । यस्तो अवस्थामा सो ऋण लिँदाको अवस्थामा जायजन्मसमेत नभएकी र मिति २०६९।१२।१९ मा मात्र जन्म भएकी नाबालिग वादीले समेत उक्त ऋण बुझाउनु पर्छ भन्न मुलुकी ऐन, दण्ड सजायको २६ नं. को कानूनी व्यवस्थाले मिल्ने देखिएन । त्यस्तै अन्य ऋणहरू पनि मुद्दा चल्दाचल्दैको अवस्थामा लिएको देखिँदा सो ऋणहरूमा समेत नाबालिग वादीको दायित्व सिर्जना हुने अवस्था नदेखिने। | १३८७ |
| २०. | ९६४३<br>संयुक्त<br>मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार<br>विरूद्ध<br>पुष्पा तामाङसमेत | ▪ कानूनले दिएको अधिकारक्षेत्र नाघेर कारवाही गर्दै जाने हो भने त्यसले न्यायिक अराजकता निम्तन पुग्छ जसले गर्दा न्यायिक अन्योल सृजना भई स्वेच्छाचारी कार्यले प्रश्रय पाउन पुग्छ । विधिको शासनमा यस प्रकारको प्रवृत्तिको कल्पनासम्म पनि गर्न सकिँदैन। कुनै पनि मुद्दामा अधिकारक्षेत्रको प्रश्न आधारभूत प्रश्न भएको कारणले यसको सम्बन्धमा | १३९३ |

| | | | | |
|---|---|---|---|---|
| | | | पक्षले प्रश्न नउठाएपनि जुनसुकै तहमा अदालते विचार गर्न सक्छ र अधिकारक्षेत्र बाहिरको भएमा मुद्दाको सुनुवाइ गर्न इन्कार गर्न सक्छ । यस प्रकारको अधिकार न्यायिक निकायको अवशिष्ट अधिकार हुन जाने । | |
| ३१. | ९६४४<br>संयुक्त<br>उत्प्रेषण | विष्टन लावतीसमेत<br>विरूद्ध<br>पूर्वाञ्चल विश्वविद्यालय, विराटनगरसमेत | ▪ महाविद्यालयको औपचारिक शिक्षा हासिल गरी दीक्षित हुनुपर्ने जस्तो संवेदनशील विषयमा विद्यार्थीहरूको भविष्यमाथि खेलवाड हुने गरी समयमै निर्णय नगरी अनिर्णयको बन्दी भई बसीरहन न्यायको हिसाबले पनि उपयुक्त हुँदैन । आफूले समयमा निर्णय गर्न नसकेको कुराको परिणाम विद्यार्थीहरूले भोग्नुपर्ने परिस्थितिको समर्थन गर्नु न्यायसम्मत नहुने । | १४०० |
| ३२. | ९६४५<br>संयुक्त<br>बैंकिङ कसुर | नेपाल सरकार<br>विरूद्ध<br>इन्द्रराज हुमागाईंसमेत | ▪ मुद्दामा जाहेरवालाको भूमिका निभाएको संस्थाले नै प्रस्तुत मुद्दा बैंकिङ कसुरअन्तर्गत कायम हुन नसक्ने भनी स्पष्टरूपमा निर्णय गरी पत्राचारसमेत गरिसकेको देखिएको हुँदा अभियोगपत्रमा उल्लेख भएजस्तो बैंकिङ कसुरअन्तर्गतको कार्य भयो भन्नु कानूनसङ्गत, मनासिब र तर्कसङ्गत देखिन आउँदैन । बैंकिङ कसुरजस्तो गम्भीर प्रकृतिको कसुर स्थापित हुन सोबमोजिमको गम्भीर कार्य घटित भएको कुरा वस्तुनिष्ठरूपमा वादीले प्रमाणित गर्नुपर्ने । | १४०६ |

यी सारसङ्क्षेप *ने.का.प.* प्रयोगकर्ताको सुविधाका लागि मात्र हुन्, उद्धरण गर्नका लागि होइनन् ।

– सम्पादक

## निर्णय नं.९६२४

सर्वोच्च अदालत, पूर्ण इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री गोपाल पराजुली
आदेश मिति : २०७२।११।६।५
०६८-NF-०००२

मुद्दाः अंश चलन

पुनरावेदक / प्रतिवादी : मुस्ताङ जिल्ला, लोमान्थाङ गाउँ विकास समिति वडा नं.१ बस्ने झिम्मी पलवर विष्टसमेत

विरूद्ध

प्रत्यर्थी / वादी : मुस्ताङ जिल्ला, लोमान्थाङ गाउँ विकास समिति वडा नं.१ घर भई काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.२ बस्ने डिकी डोलकर पलवर विष्टको मु.स. गर्ने कर्साङ लवाङ

- **पुनरावेदक प्रतिवादीले अंशबन्डा भइसकेको भनी जिकिर लिएको २०१७ सालको लिखतको सक्कल प्रति पेस हुन नसकेको, वादीका नाममा कुनै जग्गा दर्ता नै नरहेको, वादीका छोरीहरूका नाममा दर्ता रहेका जग्गा वादीले अंशबापत प्राप्त गरेका पैतृक सम्पत्ति हुन् भन्ने कुरा पुष्टि हुन नसकेको तथा वादी प्रतिवादीहरूबीच आपसी व्यवहार, कारोबार भएको कुरा मिसिल प्रमाणबाट पुष्टि हुन नसकेको अवस्थामा वादी प्रतिवादीहरूबीच अंशबन्डा भइसकेको भनी ठहर निर्णय गर्नु न्यायोचित हुने नदेखिँदा वादीले प्रतिवादीबाट अंश पाउने नै देखिन आउने।**

(प्रकरण नं.७)

- **अंशसम्बन्धी हक नैसर्गिक हक रहेको र पति पिताले अंशहरू परित्याग गर्दैमा श्रीमती छोरा छोरीको अंश हकसमेत समाप्त हुन नसक्ने हुँदा वादीका माहिला देवर चराङ स्याण्टुङ्गका श्रीमती छोरा छोरीहरू रहेका भए र निजहरूले अंशमा दाबी गरेमा सोही बखत निजहरूको अंश हकका सम्बन्धमा ठहर इन्साफ हुने नै भएकोले अहिले नै निजहरूको अंशहक सम्बन्धमा केही बोलिरहनु उचित हुने नदेखिँदा हाल वादी प्रतिवादीहरू दुई अंशियार रहेकोमा तीन अंशियार कायम गरी वादीले तीन भागको एक भाग अंश पाउने ठहर्‍याएको यस अदालत संयुक्त इजलासको फैसला सो हदसम्म मिलेको देखिन नआउने।**

(प्रकरण नं.८)

- **मिसिल संलग्न प्रमाणबाट दरबार ऐतिहासिक महत्त्वको देखिएको र सो कुरामा वादी प्रतिवादीबीच विवाद रहेको पनि नदेखिँदा उक्त मुस्ताङ दरबारमा वादी स्वयंले दाबी नै नगरेको र उक्त दरबारको ऐतिहासिक, पुरातात्त्विक तथा सांस्कृतिक स्वरूप यथावत्‌रूपमा संरक्षण गरी राख्नु उपयुक्त हुने देखिएकोले अंशियारहरूबीच बन्डा गर्नु उचित नहुने।**
- **तायदाती फाँटवारीमा उल्लिखित मुस्ताङ जिल्ला, चाराङ १(ख) कि.नं. ५९१ को जग्गामा बनेको गुम्बा घरसमेत धार्मिक स्थलको रूपमा रहेको हुँदा त्यस्तो धार्मिक स्थलको रूपमा रहेको गुम्बामा आफ्नो धार्मिक आस्थाअनुसार सर्वसाधारण**

**जोसुकैले धार्मिक उपासना गर्न पाउने हुन्छ । यसरी सार्वजनिकरूपमा प्रयोग हुने धार्मिक स्थलको रूपमा रहेको गुम्बालाई व्यक्तिगत सम्पत्ति मानी अंशियारहरूबीच विभाजन गर्नु धार्मिक र सांस्कृतिक दृष्टिकोणबाट समेत उचित नहुने ।**

(प्रकरण नं.९)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता लोकभक्त राणा

प्रत्यर्थी / वादीका तर्फबाट :

अवलम्बित नजिर :

- ने.का.प. २०६६, अङ्क ९, नि.नं.८२२७

सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्ने :

मा.न्या.श्री बद्रीकुमार बस्नेत

संयुक्त इजलासमा फैसला गर्ने :

मा.न्या.श्री अवधेशकुमार यादव

मा.न्या.श्री प्रकाश वस्ती

फैसला

**स.प्र.न्या.कल्याण श्रेष्ठ :** यस अदालत संयुक्त इजलासबाट मिति २०६६।११।४ मा भएको फैसला न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (ख) बमोजिम पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः-

मेरा स्व. ससुरा तत्कालीन मुस्ताङ्गी राजा ओङगल जिम्बा पलवरका तीन भाइ छोराहरूमा जेठा तत्कालीन मुस्ताङ्गी राजा आङगुन वाङदी न्याङबो पलवर (मेरा श्रीमान्), माहिला चाराङ स्याण्टुङ विष्ट औतारी लामा र कान्छा वर्तमान मुस्ताङ्गी राजा जिग्मी पलवर विष्ट हुनुहुन्छ । म फिरादी जेठा (तत्कालीन राजा) की श्रीमती हुँ । मेरा पति २०१५ सालमा परलोक हुनुभएको, माहिला देवर बौद्ध धर्मअनुसार गृहस्थी जीवन त्याग गरी चाराङ गुम्बा सम्हाली बस्दै आउनुभएको छ । उहाँ अब गृहस्थ जीवनमा आउन सक्नु हुन्न । कान्छा देवर विपक्षी मुस्ताङ्गी राजा जिग्मी पलवर विष्टले म विधवा अवला नारी र मेरा दुई छोरीहरू छिमी डोलकर र कर्साङ लावाङसमेतलाई मुस्ताङ दरबारबाट निकाला गर्नुभयो । तपाई राजा हुनुभएकोले दरबारमा बस्नुहोस् तर, हामीलाई पनि खाने बस्ने व्यवस्था हुने गरी घर जग्गा दिनुहोस् भन्दा तिमीलाई केही दिन्न भनी जो भएको सम्पत्ति मैले मेरी श्रीमती ह्विटोल पलवर विष्ट तथा मेरो धर्मपुत्र झिग्मी सिङगी पलवर विष्टसमेतका नाममा बनाइसकें । तिम्रो सम्पत्ति केही छैन भनेकाले बाध्य भई फिराद दायर गर्न आएकी छु । अंशियारहरूमध्ये म जेठाको हक पाउने एक अंशियार हुँ । माहिला गृहस्थ जीवन त्याग गर्नुभएकोले मुलुकी ऐन, अंशबन्डाको ९ नं. अनुसार अंश नपाउने, कान्छा मुस्ताङ्गी राजा हुँदा म फिरादी र विपक्षी कान्छा गरी दुई अंशियार भएकोले मैले पाउने सम्पत्ति विपक्षी ह्विटुल पलवर विष्ट तथा झिग्मी सिंङ्गी पलवर विष्टसमेतका नाममा राखेको हुँदा फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी विपक्षीबाट तायदाती फाँटवारी माग गरी सम्पूर्ण सम्पत्तिको दुई भागको एक भाग अंश छुट्याई चलन चलाई पाउँ भन्नेसमेत व्यहोराको मिति २०५२।१२।२ को वादीको फिराद पत्र ।

विपक्षी वादीका पति २०१५ सालमा परलोक हुनु भएपश्चात् म झिग्मी पलवर विष्ट र विपक्षीका बीचमा घरसारको बन्डापत्र खडा गराई अंश भाग बन्डा भई म र विपक्षी छुट्टिई भिन्न भइसकेका छौं । सो बन्डापत्रबमोजिम प्राप्त गरेको सम्पत्ति आ-आफूले दर्तासमेत गराई छुट्टाछुट्टै भोग बिक्री व्यवहारसमेत गरी आएका छौं । विपक्षीको भागको जग्गाहरूमध्ये कतिपय जग्गा दर्ता गरी हक हस्तान्तरण गरिसक्नुभएको छ भने

कतिपय जग्गाहरू विपक्षीको दुई छोरीहरू छिमी डोल्कर र कर्साङ्ग लवाङको नाउँमा दर्ता गराई सक्नुभएको छ । उक्त कुरा विपक्षको ७ नं. फाँटवारी हेरिएमा पनि प्रस्ट हुन्छ । यस स्थितिमा अंशबन्डाको ३० नं. बमोजिम उक्त घरसारको बन्डापत्र कानूनी मान्यता प्राप्त छ । विपक्षीको वास्तविक नाम धिकिल्हा भए तापनि फिरादमा आफ्नो नाम डिकी डोल्कर लेखिएको बदनियत छ । विपक्षीका पति कहिल्यै मुस्ताङ्गी राजा हुनु भएन । विपक्षीका माहिलो देवरको नाम थुकदेन ग्याचो विष्ट हो । निजले मुडिई विजया होम गर्नुभएको छैन । मिति २०३४।९।२७ पूर्व घरसारमा नरम गरम मिलाई बन्डापत्र गरी बन्डापत्रबमोजिम आफ्नो भाग लिई दाखिल खारेजसमेत गराइसकेको र भोग बिक्री व्यवहार गरेमा बन्डा भएको ठहर्छ भन्ने कानूनी सिद्धान्त सर्वोच्च अदालतबाट विभिन्न मितिमा प्रतिपादित भएका छन् । तसर्थ विपक्षीको झुठ्ठा फिराद दाबीबाट फुर्सद पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादीहरूको मिति २०५२।५।२७ को संयुक्त प्रतिउत्तर पत्र ।

यसमा वादी प्रतिवादीहरूले प्रमाणमा उल्लेख गरेका वादी डिकी डोल्कर पलवर र निजका छोरीहरू छिमी डोलकर, केसाङ लवाङ तथा प्रतिवादी मुस्ताङ्गी राजा झिम्मी पलवर विष्टसमेतका नाउँको ७ नं. फाँटवारीहरू मालपोत कार्यालयबाट झिकाउने, प्रतिउत्तरमा उल्लिखित २०१७।९।१० को घरसारको अंशबन्डा लिखत सक्कलै प्रतिवादीबाट दाखिल गराई अ.बं. ७८ नं. बमोजिम वादीलाई सनाखत गराउने र फिराद प्रतिउत्तरको पेटबोलीमा उल्लिखित माइला छोरा चराङ स्याण्टुङ लामालाई अ.बं. १३९ नं. बमोजिम बुझ्नु पर्ने हुँदा निजलाई झिकाउनु भन्ने आदेश ।

हामीहरू तीन भाइ हौं । जेठा दाजुको राजा नहुँदै स्वर्गबास भयो । माइला म चराङ गुम्बामा पूजा गरी सोही गुम्बाको गुठी जग्गामा बसिआएको छु । कान्छा भाइ मुस्ताङ्गी राजा हुन् । दाजुको मृत्युपछि प्रस्तुत मुद्दाकी वादी र प्रतिवादी मुस्ताङ्गी राजासमेतका बीचमा पैतृक सम्पत्तिलगायत बन्डा गरिएको हो । मैले धर्मकर्म गर्ने सामान र पाठपूजा गर्न चराङको ढावको खेत पाएको छु । म लामा भएकोले अंश चाहिँदैन । म लामा हुँ, जोगी होइन । मेरी जेठी श्रीमतीतर्फबाट एक छोरा र कान्छीतर्फबाट एक छोरी छन् । मैले पाउने पाइसकेको छु । अब पाउनु पर्ने छैन भन्नेसमेत व्यहोराको अ.बं. १३९ नं. बमोजिम बुझिएका चराङ स्याण्टुङ लामा भन्ने थुक्देन ग्याचो विष्टको मिति २०५२।९।१६ मा भएको बयान ।

यसमा चराङ स्याण्टुङ लामा भन्ने थुक्देन ग्याचो विष्ट कारणीसरह देखिँदा तारेखमा राख्नु भन्ने २०५२।९।१६ को आदेश ।

वादीले अंश लिई छुट्टिएर बसेको हो, मिति थाहा भएन । वादी लोमन्थाङ्गमा र प्रतिवादी ठिंगरमा बस्नुभएको थियो भन्नेसमेत व्यहोराको प्रतिवादीको साक्षी कर्म वाङदी गुरूङले मिति २०५३।६।११ मा गरेको बकपत्र ।

२०१७।९।१० गते अंशको कागज मैले लेखेको हुँ । वादी प्रतिवादीबीच अंशबन्डा भई छुट्टी भिन्न भएका हुन् । बन्डापत्रमा वादीको ऋण राजाले तिर्ने र सोबापत जग्गा राजाले लिने गरिएको हो भन्नेसमेत व्यहोराको चक्रबहादुर भट्टचनको मिति २०५३।६।११ को बकपत्र ।

वादीले अंश पाउनुपर्छ । अंश दिएको भन्ने झुठ्ठा हो । वादीको नाममा घर जग्गा खेत छैन । अंश बेचेको छैन र किनेको पनि छैन । २०१७ सालमा बन्डा भएको छैन भन्नेसमेत व्यहोराको मिति २०५३।६।११ मा सुवर्णकुमार विष्टले गरेको बकपत्र ।

वादीले अंश पाउनुपर्छ । निजले अहिलेसम्म अंश पाएकी छैनन् । प्रतिवादीले अंश दिएका छैनन् । २०१७ सालमा अंश दिएको होइन । वादीले घर जग्गा पाएको छैन भन्नेसमेत व्यहोराको मिति २०५३।६।११ मा पेमा रिन्जिङ विष्टले गरेको बकपत्र ।

वादी डिकी डोलकर पलवर अंशियार हुन् भन्ने कुरामा कुनै विवाद नदेखिएको, अंश नपाएकोले अंश पाउँ भनी डिकी डोलकर पलवरले फिराद दिएकोमा प्रतिवादीले अंश पाइसकेको र घरसारको कागजसमेत गरेको भनी फोटोकपी पेस गरेकोमा उक्त कागजको सक्कल दाखिल गराई अ.बं. ७८ नं. बमोजिमको प्रक्रिया पूरा गर्ने आदेश भएकोमा प्रतिवादीले उक्त सक्कल लिखत हालसम्म फेला नपरेको भनी दाखिला गर्न नसकेको र अन्य दर्ता स्रेस्ता, दाखिल खारेज नामसारीसमेत व्यवहार प्रमाणबाट हालसम्म वादीले अंश पाएको हो भन्ने कुनै एकिन प्रमाण नदेखिँदा वादी प्रतिवादीहरूका बीच फिराद दायर भएको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी वादी प्रतिवादीका सबै अंशियारबाट मुलुकी ऐन, अंशबन्डाको महलको २०, २१, २२, २३ नं. बमोजिम आ-आफ्नो जिम्माको सम्पूर्ण चल अचल श्रीसम्पत्तिको तायदाती फाँटवारी लिनु भन्ने मिति २०५४।३।२२ को आदेश।

वादी म डिकी डोल्करका नाममा कुनै पनि चल अचल सम्पत्ति नभएको, कुनै सम्पत्ति दबाए छिपाएकोसमेत छैन भन्ने तायदाती फाँटवारी । विपक्षीको जिम्मा रहेका चल अचल श्रीसम्पत्तिको थप तायदाती पेस गरेको छु भन्ने वादीको वारेसले हुलाकबाट पठाएको तायदाती फाँटवारी र प्रतिवादीहरूले तायदाती फाँटवारी पेस गरेको देखिन्छ।

यसमा प्रतिवादीबाट पेस भएको २०५५।३।२१ का आदेशानुसार नेपाली भाषामा अनुवाद भई आएका लिखत कागजमा उल्लेख भएको मराङ दरबारकी रानी महोदय, छ्यामा ढेकी ढोलकर, छोरी कलसाङ ल्हावाङ तथा ज्वाइँ कलसाङ र छोरी छिमे डोलाकार भनेका व्यक्तिहरू कोको हुन् र केके नाताका हुन् खुलाई प्रतिवादीको अ.बं. १३३ नं. बमोजिम कागज गराई पेस गर्नु भन्ने मिति २०५६।५।६ को आदेश।

मराङ दरबारको रानी महोदय भनेको विपक्षी वादी डिकी डोलकर पलवर हो। छयामा ढेकी ढोलकर भनेको पनि विपक्षी नै हुन्। छोरी कलसाङ ल्हावाङ भनेको विपक्षी वादीको कान्छी छोरी हुन् । ज्वाइँ कलसाङ भनेको निज कान्छी छोरीको श्रीमान् प्रचलित नाम केसाङ नमग्याल हो । छिमे डोलाकार भनेको वादीको जेठी छोरी हुन्। निज विपक्षीबाट जग्गा प्राप्त गर्ने व्यक्तिहरूमध्ये मराङ वाङदी राप्केलगायत केही जीवित छन् भन्नेसमेत व्यहोराको प्रतिवादीका वारेसले अ.बं.१३३ नं. बमोजिम २०५६।६।९ मा गरेको कागज।

मुस्ताङ जिल्ला अदालतमा दायर रहेको प्रस्तुत मुद्दाको कारवाही किनारा गर्न पुनरावेदन अदालतलाई तोक्न सकिने अवस्था पनि नभएकोले मुस्ताङ जिल्ला अदालतमा दायर रही आएको वादी डिकी डोलकर पल्वर विष्ट प्रतिवादी मुस्ताङ्गी राजा झिग्मी पलवर विष्टसमेत भएको अंश मुद्दा मुस्ताङ जिल्ला अदालतबाट झिकाई आफैँले हेरी बाँकी सुरू काम कारवाही गर्नु भनी आदेशको प्रतिलिपिसमेत राखी पुनरावेदन अदालत, बागलुङलाई लेखी पठाइदिनु भन्नेसमेत व्यहोराको सर्वोच्च अदालतको मिति २०५६।७।१२ को आदेशको प्रतिलिपि।

यसमा सर्वोच्च अदालतका मिति २०५६।७।१२ का आदेशले यस अदालतमा दायर रही आएको वादी डिकी डोलकर पलवर विष्ट, प्रतिवादी मुस्ताङ्गी राजा झिग्मी पलवर विष्ट भएको प्रस्तुत मुद्दा मुस्ताङ जिल्ला अदालतबाट झिकाई पुनरावेदन अदालत, बागलुङबाट हेरी बाँकी सुरू काम कारवाही गर्नु भनी आदेशको प्रतिलिपिसहितको प.सं. ०५६/०५७ च.नं. ६९१ मिति २०५६।८।१ को पुनरावेदन अदालत, बागलुङको पत्र प्राप्त हुन आएकोले प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी रूजु तारेखमा हाजिर रहेका वादी प्रतिवादीलाई पुनरावेदन अदालत, बागलुङमा पठाइदिनु भन्ने २०५६।८।६ को मुस्ताङ जिल्ला अदालतको आदेश।

यसमा वादीकी छोरी दुईमध्ये छिमी डोलकर विष्ट र कर्साङ लवाङसमेत हुन् भन्ने कुरामा विवाद नभएको, २०१७।९।१० को बन्डापत्र भनेको लिखतको फोटोकपीमा वादी र वादीको छोरीका भागमा परेको घर जग्गा भन्ने उल्लेख भएको र ७ नं. फाँटवारी भर्दा छिमी डोलकर र कर्साङ लवाङबाट भरिएको भन्ने मालपोत कार्यालयको पत्रसाथ प्राप्त ७ नं. फाँटवारीबाट देखिएको र मुस्ताङ मालपोत कार्यालयबाट प्राप्त जग्गाधनी दर्ता प्रमाणपुर्जाको प्रतिलिपिबाट छिमी डोलकर विष्टको पाना नं. ९३५ को व्यहोरामा यस कार्यालयको मिति २०३८।८।११ को निर्णयानुसार कि.नं. ५ को क्षेत्रफल ११५-८-०-१ मध्ये हदबन्दी कायम गरी ९६-०-० भई कि.नं. ७८ को १९-८-० निजका छोरा नाङचुङ विष्टका नाममा कायम भई यसमा खारेज भन्ने उल्लेख भएको र प्रमाण संकेतमा झिम्मे पलवर विष्ट भन्ने उल्लेख हुँदै कुनै जग्गा करसाङ लवाङ, लावाङ थर्चिन विष्टसमेतका नाममा पाना नं. ७१/२ पाना नं. १३६ र नाङचुङ विष्टसमेतका नाममा कायम भएको र तमसुकका आधारमा विभिन्न व्यक्तिका नाममा बिक्री पनि भएको देखिएकोले २०३८।८।११ मा भएको निर्णय र यी छिमी डोलकर विष्टसमेतका नाममा नापी दर्ता हुँदा के व्यहोराबाट दर्ता प्रमाणित भएको छ। निर्णयसहित दर्ताको आधारसमेत पठाइदिनु भनी मालपोत कार्यालय, मुस्ताङलाई लेखी जवाफ आएपछि र हुकुम प्रमाङ्गीबाट जग्गा प्राप्त गरेको भन्ने प्रमाण प्रतिवादी पक्षबाट दाखिल गराई पेस गर्नु भन्ने मिति २०५६।११।२२ को पुनरावेदन अदालत, बागलुङको आदेश।

अंशियारका सम्बन्धमा हाल जीवित अंशियार तीन जना भएको र वादीले मुस्ताङ्गी राजा एक र आफू एक अंशियार भएको माहिलो भाइ चाराङ स्याण्टुङ बौद्ध लामा भएको हुनाले अंश नपाउने भन्ने फिराद दाबी रहेको देखिन्छ। अदालतबाट मुलुकी ऐन, अ.बं. १३९ नं. बमोजिम बुझ्दा चराङ स्याण्टुङले वादी भाउजूले पनि अंश पाइसकेको आफूले पनि केही जग्गा, पूजाको सामान पाइसकेकोले अंशमा दाबी गर्दिन भन्ने बयान गरे तापनि निजका स्वास्नी छोराछोरी रहेको देखिन्छ। बाबुले अंशमा दाबी छोडे पनि स्वास्नी र छोराछोरीसम्बन्धमा यस मिसिलबाट बोल्न नमिल्ने हुँदा उनीहरूको दाबी परेको खण्डमा मात्र अदालतले बोल्ने भएकोले हाल चराङ स्याण्टुङ लामा भन्ने थुक्देन ग्याचो विष्टबाहेक वादी र मुस्ताङ्गी राजा झिम्मी पलवर विष्ट मात्र दुई अंशियार कायम हुने देखियो। वादी र झिम्मी पलवर विष्टका बीचमा कानूनबमोजिमको बन्डापत्र र व्यवहार प्रमाणबाट बन्डा भएको नदेखिएको अवस्था देखिँदा प्रतिवादीबाट वादीले दुई खण्डको एक खण्ड अंश पाउने देखियो। प्रतिवादी मुस्ताङ्गी राजाको २०५४।११।२५ को तायदातीमा उल्लेख भएको लोमान्थाङ्ग गाउँ विकास समिति वडा नं. १(घ) कि.नं. ३ को जग्गामा बनेको मुस्ताङ दरबार र सोही गाउँ विकास समिति को कि.नं. १८ मा बनेको घरका सम्बन्धमा वादी स्वयंले फिरादमा दरबारमा तिमी राजा भएकोले बस बाँकी हामीलाई खान बस्न देऊ भनेकोले दरबार र त्यसले चर्चेको घर जग्गा ऐतिहासिक महत्त्वको भएकोले बन्डा गर्न उचित नहुने र काठमाडौं महानगरपालिका वडा नं. ७, कि.नं. ७ को जग्गा र त्यसमा बनेको घर बकसपत्रबाट सर्त बन्देजसहित मुस्ताङ्गी राजाले पाप्त गरेको देखिँदा सो पनि बन्डा गर्न मिलेन। त्यस्तै प्रतिवादीमध्येकै झिम्मी सिङ्गी पलवर विष्टले दिएको तायदातीमा चराङ गाउँ विकास समिति वडा नं. १(ख), कि.नं. ५९१ को जग्गामा बनेको गुम्बा घर धार्मिकस्थल भएको, राज्य रजौटा ऐन, २०१७ को दफा ६ को कानूनी व्यवस्थाको प्ररिप्रेक्ष्यमा बन्डा नलाग्ने देखियो। अतः माथि उल्लिखितबाहेक अरूमा तायदातीमा उल्लेख भएका घर जग्गामध्येबाट दुई खण्डको एक खण्ड वादीले अंश पाउने ठहर्छ भन्ने पुनरावेदन अदालत, बागलुङको मिति २०५७।१।१८ को सुरू फैसला।

विपक्षीका छोरीहरू छिमी डोलकर र कर्साङ लावाङले भूमिसुधार लागू भएपछि २०२४ सालमा ७ नं. फाँटवारीहरू भरी दाखेल गरेका छन् । उक्त सम्पत्तिहरू विपक्षीको अंश भागका पैतृक सम्पत्तिहरू हुन् । विपक्षीकी कान्छी छोरीले लोप्साङ्ग विष्ट भन्ने व्यक्तिलाई २०३९।५।१८ मा वारेसनामा दिँदा यो वारेसनामा मेरो नाउँमा रहेको आमा धिकल्हाको जग्गा भनी उल्लेख भएको छ । यो तथ्य हामीले हालै थाहा पाएका हौं, प्रमाण लगाइपाऊँ । ७ नं. फाँटवारीमा उल्लिखित जग्गाहरू विपक्षीका छोरीहरूको नाममा नाप जाँच भयो । कि.नं. ५ ज.रो. ११५-८-०-३ मध्ये १९-८-३ छिमी डोलकरको छोरा नाङचुङ्ग विष्टका नाउँमा कायम भएको देखिन्छ । यस्ता दर्तावालाहरूलाई बुझी चल अचल सम्पत्तिको स्रोत खुलाउन लगाई पाऊँ । पुनरावेदन अदालत, बागलुङबाट दर्ता प्रमाण मगाउने आदेश भएकोमा सो जवाफ प्राप्त नहुँदै फैसला भएको छ । मिति २०१७।९।१० को बन्डापत्र हेरिएमा विपक्षी र विपक्षीका दुई छोरीहरूको भाग भनी उल्लेख भएको छ । विपक्षीका ज्वाइँहरूको नेपालमा कुनै पैतृक सम्पत्ति नभएको अवस्थामा विपक्षीका छोरीहरूको पतिको सम्पत्ति भन्ने प्रश्न पनि उठ्दैन । मुख्यतः ती जग्गा धनी दर्ता स्रेस्ताहरूमा उल्लिखित अचल सम्पत्तिहरूको दर्ताको स्रोत एकिन गरिएमा वास्तविक तथ्य खुल्ने प्रस्ट छ । २०१७।९।१० को बन्डापत्र बिन्तीपत्र चढाउँदा राजदरबारमा चढाएकोले राजदरबारबाट फोटोकपी झिकाई पाऊँ । अ.बं. १३९ नं. बमोजिम बुझी तारेखमा रहेका थुक्देन ग्याचोले तायदाती पेस गर्नुभएको छैन । यस स्थितिमा अंशबन्डाको २०, २१, २२ नं. बमोजिमको कार्यविधि नअपनाई फैसला भएको छ । निज थुक्देन ग्याचोलाई अंशियारबाट बाहेक गर्न मिल्दैन । निजले अंशमा दावा नगर्दैमा निजको परिवार अंशविहीन हुनुपर्ने होइन । पुनरावेदन अदालतबाट भएको फैसलामा "बाबुले अंश दाबी छोडे पनि" भन्ने वाक्यांश कानूनविपरीत छ । निजले वास्तवमा अंश पाएको छ, छैन भन्नेतर्फ फैसला मौन छ । विपक्षीले आफ्नो अंश प्राप्त गरी भोग, बिक्री, व्यवहारसमेत गरेको भन्ने तथ्य पुष्ट्याइँ गर्न हामीहरूले तीनैवटा भाषामा लेखिएको २८ थान लिखतहरू आदेशानुसार नेपालीमा अनुवाद भई मिसिल संलग्न भएकोमा त्यसलाई बेवास्ता गरिएको छ । यसमा माथि लेखिएअनुसार पुनरावेदन अदालत, बागलुङबाट भएको २०५७।१।१८ को फैसला कानूनी त्रुटिपूर्ण भएकोले सो फैसला बदर गरी प्रतिउत्तर जिकिरबमोजिम गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादीहरूको संयुक्त पुनरावेदन पत्र ।

मुस्ताङ दरबार, अर्को कि.नं. १८ को जग्गा र त्यसले चर्चेको घर गोठ बन्डा नगर्ने निर्णय त्रुटिपूर्ण छ । सो सम्पत्ति साबिकदेखिकै मेरा ससुरा, पति तथा विपक्षी देवरलगायतको सगोल परिवारले भोगचलन गरेको सम्पत्ति म अंशियारले बन्डा नपाउने भन्न मिल्दैन । ऐतिहासिक महत्त्वको मान्दैमा अंशियारले अंश पाउँदैन भन्न कानूनतः मिल्ने देखिँदैन । मुस्ताङ्गी राजपरिवारका सबै सदस्य सामान्य नागरिक भएकाले प्रचलित कानूनले विशेष अधिकार दिएको छैन । एक अंशियारको नाम दर्ताका सम्पत्ति अर्को अंशियारले नपाउने भन्न मिल्दैन । कि.नं. १८ मा बनेको घर जग्गाबाटसमेत मैले अंश नपाउने कुनै कारण छैन । मैले उक्त कि.नं. समेतका घर जग्गा विपक्षीले पाउने गरी आफ्नो दाबी छोडेको छैन । मेरो व्यहोरालाई गलत अर्थ गरी फैसला गरेको र स्वयं विपक्षी प्रतिवादीले घर जग्गा ऐतिहासिक महत्त्वको हुँदा बन्डा लाग्दैन भन्न सकेको छैन । चराङ गाउँ विकास समिति वडा नं. १(ख) कि.नं. ५९१ को जग्गा र त्यसमा बनेको गुम्बा घरलाई धार्मिस्थल भएको भन्ने आधारसमेत त्रुटिपूर्ण छ । त्यस्तो घरबाट अंशियारले अंश नपाउने हो भने सार्वजनिक वा सरकारी स्वामित्वको देखिनु पर्दथ्यो । राज्य रजौटा ऐन, २०१७ को दफा ६ को आधारमा मैले अंश नपाउने भनिएको छ । मुस्ताङ्गी राजा सो ऐनले व्यवस्था गरेबमोजिम उपाधि पाएका

राजा होइनन् । तसर्थ फैसला त्रुटिपूर्ण छ । काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ७, कि.नं. ७ को जग्गा विपक्षीले बकस पाएको भए पनि त्यो घर मसमेतले अंश पाउने सम्पत्ति लगाई बनेको हुँदा सोबाट मैले अंश नपाउने भन्न मिल्दैन । तसर्थ मैले अंश पाउने गरी भएको हदसम्म सदर गरी अंश नपाउने गरी भएको हदसम्म फैसला बदर गरी वादी दाबीबमोजिम अंश दिलाई पाउँ भन्नेसमेत व्यहोराको वादीको पुनरावेदन पत्र ।

यसमा पुनरावेदक प्रतिवादीले विपक्षी वादीले पटकपटक श्री ५ महाराजाधिराजका हजुरमा बिन्तीपत्र चढाउनु हुँदा २०१७।९।१० को बन्डापत्रको फोटोकपी पेस गर्नुभएको छ । उक्त बिन्तीपत्रसहितको बन्डाको फोटोकपी राजदरबारबाट झिकाई प्रमाण लगाई पाउँ भनी पुनरावेदनमा जिकिर लिनुभएकोले उक्त बिन्तीपत्र राजदरबारको कुन विभागमा चढाएको हो । अ.बं. १३३ नं. बमोजिम प्रतिवादीको कागज गराई खुलाई बिन्तीपत्र र सो बिन्तीपत्र साथ संलग्न रहेको बन्डापत्रको छायाँप्रति मगाउनु भन्ने यस अदालतको मिति २०६१।४।२७ को आदेश ।

बिन्तीपत्रसहितको मिति २०१७।९।१० को बन्डापत्रको फोटोकपी राजदरबारको प्रमुख सचिवालय राजदरबार प्रमुख सचिव मि.सु.श्री पशुपतिभक्त महर्जनको विभागमा छ भन्नेसमेत व्यहोरा प्रतिवादीको वारेसले मिति २०६१।६।७ मा गरेको कागज ।

यसमा वादीले आफ्नो अंश भागको जग्गा आफ्ना छोरीहरूको नाममा राखी दाखिल खारेज गराई बिक्री व्यवहार गरेकोले अंश दिनु पर्दैन भनी प्रतिउत्तरमा जिकिर लिएको देखिँदा र वादीको छोरी छिमी डोलकर र कर्साङ्ग लवाङ्ग र निजको छोरा लवाङ थिचिङ्ग तथा नाङ्गचुङ्गको नाममा जग्गाहरू दाखिल खारेज भएको भन्ने कुरा मालपोत कार्यालयबाट झिकाई आएको स्रेस्ता प्रमाणबाट देखियो । वादी प्रतिवादीको पेटबोलीबाट बुझिनु पर्ने प्रमाणको मानिस अ.बं. १३९ नं. बमोजिम बुझी एकिन गरी निष्कर्षमा पुग्नुपर्ने भएकोले छिमी डोलकर र कर्साङ्ग लवाङको ठेगाना वादी प्रतिवादीबाट अ.बं. १३३ नं. अनुसार कागज गराई खोल्न लगाई निज छिमी डोल्कर र कर्साङ्ग लवाङलाई अ.बं. १३९ नं. अनुसार झिकाई निजहरूको नाउँमा दर्ता हुन आएको जग्गा के कसरी, कुन व्यहोराले कहाँबाट कहिले प्राप्त हुन आएको हो, निजहरूबाट खुलाई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०६२।६।५ को आदेश ।

यस अदालतको मिति २०६२।६।५ को आदेशानुसार अ.बं. १३९ नं. बमोजिम बुझिने भनिएका छिमी डोलकरको नाममा जारी सूचना निजको घर दैलामा टाँस भएको र कर्साङ्ग लवाङको नाउँमा जारी म्याद निजले घर बेचविखन गरी अन्यत्र गएको भन्ने व्यहोरा उल्लेख भई तामेल भएको देखियो । कर्साङ्ग लवाङको हकमा दे.पु.नं. ६५२७ को डिकी डोलकरको मुद्दा सकार गरेको रोहवरमा रहेको देखिँदा निजको सूचना निजको वारेसलाई अ.बं. ११० नं. को देहाय ६ बमोजिम तामेल गर्ने र छिमी डोलकरको हकमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम १०४ (च) को प्रक्रिया पूरा गरी दुवै पक्षको पुनरावेदन परेको अवस्था हुँदा दुवैलाई एक अर्काको पुनरावेदन परेको व्यहोराको जनाउ दिनु भन्ने यस अदालतको मिति २०६४।३।२७ को आदेश ।

पुनरावेदक वादीको छोरी कर्साङ्ग लवाङ २/३ वर्ष पहिले पूरै परिवार आफू बसोबास गरिरहेको ठाउँ बेचबिखन गरी संयुक्त राज्य अमेरिकामा बसोबास गरी आएकी छिन् । मलाई साबिकमा वारेस मुकरर गरेकाले मैले अदालतमा समेत निजलाई उपस्थित गराउन नसकी मुद्दा पुर्पक्ष गरिरहेको छु । वादीले कहिल्यै अंश लिएकी छैनन् । वादीका छोरीहरूका नाममा रहेको सम्पूर्ण सम्पत्ति छोरीहरूकै पारिवारिक आर्जनको सम्पत्ति हो । त्यस्तो सम्पत्ति कुन कुन

मितिमा के कसरी कुन व्यहोराले प्राप्त भयो कारणीसँग सम्पर्क नहुँदा खुलाउन सक्दिन भनी अ.बं. १३९ नं. बमोजिम कर्साङ्ग लवाङको वारेस टंकहरि दाहालले मिति २०६४।६।१४ मा गरेको बयान।

मुद्दाको विषयवस्तु र प्रकृति हेर्दा मेलमिलाप हुन उपयुक्त देखिएको हुँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६५(घ) अनुसार सर्वोच्च अदालत, मेलमिलाप केन्द्रमा पठाउनु भन्ने मिति २०६६।२।२६ को यस अदालतको आदेश।

अ.बं. १३९ नं. बमोजिम बुझिएको कर्साङ्ग लवाङको वारेसले सम्पत्तिको पूरा विवरण सम्बन्धित कारणीसँग सम्पर्क नभएको हुँदा खुलाउन सक्दिन भनी असमर्थतता व्यक्त गरेको पाइयो । के कारणले सम्पर्क हुन नसकेको हो कारणीसँग सम्पर्क गरी पूर्व आदेशानुसार खुलाउन लगाउनु भन्ने यस अदालतको मिति २०६६।९।१९ को आदेश।

पक्ष कर्साङ्ग लवाङसँग विगत लामो समयदेखि मेरो तथा मेरो कानून व्यवसायीको भेटघाट हुन सकेको छैन । निज संयुक्त राज्य अमेरिमामा बसोबास गरिरहनु भएको छ । पक्षले हालसम्म मसँग सम्पर्क गर्नु नभएको र उहाँको ठेगानामा पत्राचार गर्दा कुनै जवाफ नआएकोले सम्मानित अदालतको आदेशानुसारको व्यहोरा खुलाउन नसकेको हो भन्ने कर्साङ्ग लवाङको वारेस टंकहरि दाहालले मिति २०६६।९।२७ गते गरेको कागज।

वादी प्रतिवादीहरूबीच यसपूर्व बन्डा भएको नदेखिएको र सुरू पुनरावेदन अदालत, बागलुङले वादीको माहिलो देवरबाहेक दुई अंशियार मात्र कायम गरेकोमा सो नमिली तीन अंशियार रहेकोले वादी प्रतिवादीहरू जम्मा तीन अंशियार कायम भई वादीले तीन भागको एक भाग अंश पाउने ठहर्छ । मुस्ताङको कि.नं. ३ र १८ को मुस्ताङ दरबार बन्डा नगरेको हकमा पुनरावेदन अदालतको निर्णय नमिलेकोले उक्त दरबारको ऐतिहासिक, साँस्कृतिक र पुरातात्त्विक स्वरूपलाई कानूनअनुरूप संरक्षितरूपमा राख्नु पर्ने गरी तीन भाग वादीले अंश पाउने ठहर्छ। मुस्ताङ चराङ १(ख) को कि.नं. ५९१ को गुम्बासमेतको सम्पत्ति र काठमाडौं महानगरपालिका वडा नं.७ को कि.नं. ७ को घर जग्गा बन्डा नगर्ने र उल्लिखितबाहेकको अन्य सबै सम्पत्ति बन्डा गर्ने ठहराएको हदसम्म पुनरावेदन अदालतको फैसला मिलेकै देखिँदा सो फैसला केही उल्टी हुने ठहर्छ भन्नेसमेतको यस अदालत संयुक्त इजलासको मिति २०६६।११।४ को फैसला।

संयुक्त इजलासबाट भएको फैसलामा चित्त बुझेन । वादीका छोरीहरू कर्साङ लवाङ र छिमी डोलकरका नाममा सम्पत्ति दर्ता भई निजहरूले बिक्री व्यवहार गरेको हदसम्म संयुक्त इजलासको फैसलाले मानेकै छ तर वादीको नाममा कुनै सम्पत्ति दर्ता नरहेको र दाखिल खारेज नभएको भन्ने आधारबाट मुलुकी ऐन, अंशबन्डाको महलको ३० नं. बमोजिम अंशबन्डा भएको मान्न मिलेन भनी ठहर गरेको विरोधाभाषपूर्ण छ । नापी हुँदाको अवस्थामा आफ्नो अंश भागको सम्पत्ति कसको नाममा दर्ता गराउने भन्ने कुरा विपक्षी वादीमै निहित रहने कुरा हो। विपक्षी वादीले आफ्नो नाममा ७ नं. फाँटवारी नभरी दुईजना छोरीहरू छिमी डोलकर र कर्साङ्ग लवाङका नाममा मिति २०२४।३।१९ मा छुट्टाछुट्टै ७ नं. फाँटवारी भराई उक्त दुई थान ७ नं. फाँटवारीबमोजिमका जग्गाहरू निजहरूकै नाममा दर्ता भई स्रेस्ता पुर्जीसमेत प्राप्त गरेका छन् । निज दर्तावालाहरूले विभिन्न कित्ता जग्गाहरू विभिन्न व्यक्तिको नाममा हकहस्तान्तरण गरेको देखिन्छ। उक्त जग्गाहरू निजहरूका नाममा के कसरी प्राप्त भएको हो सोको स्रोत खुलाउन सकेको अवस्था छैन । उल्लिखित आधारबाट विपक्षी वादी र हामीहरूबीच मुलुकी ऐन, अंशबन्डाको ३० नं. बमोजिम बन्डा भइसकेको देखिन्छ । छुट्टाछुट्टै भोग बिक्री व्यवहारबाट अंशबन्डा भइसकेको देखिइरहेको अवस्थामा सुरू पुनरावेदन अदालत, बागलुङ र

सम्मानित अदालतको संयुक्त इजलासबाट भएको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला पुनरावलोकन गरी हामीहरूको प्रतिउत्तर एवं पुनरावेदन जिकिरबमोजिम न्याय पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादीहरूको यस अदालतमा परेको निवेदन पत्र।

यसमा लोमान्थाङ्ग दरबार र त्यसले चर्चेको जग्गासमेतमा वादी दाबी नै नरहेकोमा पनि दाबीभन्दा बाहिर गएर लोमान्थाङ्ग १ कि.नं. ३ को दरबार ऐतिहासिक र पुरातात्त्विक हैसियतको हो भन्ने कुरा फैसलामा उल्लेख गरे पनि सो दरबारसमेतबाट वादीले अंश पाउने ठहराई यस अदालतबाट मिति २०६६।११।४ मा फैसला भएको रहेछ । मिति २०१७।९।१० मा घरसारमा बन्डा भई सबै अंशियारहरू भिन्न भइसकेको भन्ने प्रतिवादीको भनाइलाई वादीको स्वर्गीय पतिको माइलो भाइ र मूल तीन अंशियारमध्ये एक चराङ स्याण्टुङ भन्ने थुक्देन ग्याचोले स्वीकार गरी आफूले केही अंश पाइसकेको भनी अदालतका बयान गरेको भए पनि निजले समेत अंश पाउने ठहर्‍याई उक्त फैसला भएको रहेछ। यसका अतिरिक्त वादीको छोरीहरू छिमी डोल्कर र कर्साङ्ग लवाङको नाममा अनेक कित्ता जग्गालगायतका सम्पत्तिहरू दर्ता भएर निजहरूले बिक्री व्यवहारसमेत गरको देखिन्छ र सोको स्रोत खुलाउनेबारे अदालतमा बयान गराउने क्रममा प्रश्न गर्दा आफ्नो बाबुको अंशबाहेक भिन्नै स्रोत खुलाउन नसकेको देखिँदादेखिँदै वादी प्रतिवादी नभएको व्यक्तिको नाममा दर्ता रहेको सम्पत्तिको स्रोत खुलाउन नपर्ने भन्नेसमेतको निर्णाधारमा उक्त फैसला भएको रहेछ। जबकि खास अंशमा दाबी गर्ने मूल अंशियारकी श्रीमती वादीको परलोक भइसकेको अवस्थामा निजले पाउने भएको अंशमा निजकी छोरीले नै पाउने अवस्था हुँदा वादीको छोरीहरूको नाममा रहेको सम्पत्ति निजहरूको बाबुको अंशबापत पैतृक सम्पत्तिबाट नआएको भए अन्य स्रोत खुलाउनु पर्नेमा नखुलाएको देखिन्छ।

यसरी वादीले दाबी गरेको भन्दा बढी सम्पत्ति दिलाई लोमान्थाङ्ग दरबारको बन्डासमेत गर्ने गरेको र अंश पाइसकेको भनी बयान गरेको अंशियारलाई पनि अंश नपाएको अंशियारको संख्याभित्र समावेश गरी अंश पाउने ठहर्‍याएको र मिति २०३४।९।२७ भन्दा अगावै घरसारमा बन्डा भई सबै अंशियारका नाममा नामसारी दर्तासमेत भइसकेको देखिँदा देखिँदै यस अदालतबाट ने.का.प. २०४५, नि.नं. ३५३२, ने.का.प. २०३८, नि.नं. १४३७, ने.का.प. २०६६, नि.नं ८२१२, ने.का.प. २०६६, नि.नं. ८२२७ लगायतका अनेक निर्णयहरूबाट प्रतिपादित सिद्धान्तसमेतको विपरीत मिति २०६६।११।४ मा यस अदालतबाट फैसला भएको देखिन आएकोले न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१)(ख) अनुसार पुनरावलोकन गर्न निस्सा प्रदान गरिदिएको देखिन्छ भन्ने यस अदालत पूर्ण इजलासको मिति २०६८।४।९ को आदेश।

नियमबमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थिति विद्वान् वरिष्ठ अधिवक्ता श्री लोकभक्त राणाले वादी प्रतिवादीबीच २०१७ सालमै घरसारमा अंशबन्डा भएको भन्ने कुरा अलगअलग ७ नं. फाँटवारी भरेको कुराले पुष्टि गर्दछ। प्रतिवादीले आफ्ना नामबाट ७ नं. फाँटवारी नभरी छोरीहरूको नामबाट भराएको अवस्था छ । सोबमोजिम निजका छोरीहरूका नाममा जग्गा दर्ता भई कतिपय जग्गाहरू बिक्री गरी हक हस्तान्तरण गरिसकेको देखिन्छ । आफ्ना छोरीहरूका नाममा भएका सम्पत्ति अन्य स्रोतबाट प्राप्त हुन आएको भनी वादीले खुलाउन नसकेबाट पनि ती जग्गाहरू पैतृक सम्पत्ति हुन भन्ने कुरा स्पष्ट हुन्छ। यसरी छुट्टाछुट्टै भोग बिक्री व्यवहारसमेतबाट अंशबन्डा भइसकेको कुरा पुष्टि भइरहेको अवस्थामा वादीलाई अंश दिने ठहर्‍याएको यस अदालत संयुक्त इजलाससमेतको फैसला त्रुटिपूर्ण हुँदा बदर हुनुपर्दछ भन्नेसमेत व्यहोराको बहसनोट प्रस्तुत गरी सोहीबमोजिम बहससमेत गर्नुभयो।

उपरोक्त बमोजिम विद्वान् वरिष्ठ अधिवक्ताको प्रस्तुत गर्नुभएको बहसनोट एवं बहससमेतलाई मनन् गरी निवेदनसहितका मिसिल कागजात अध्ययन गरी आज निर्णय सुनाउने प्रयोजनार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा सुरू पुनरावेदन अदालत, बागलुङले गरेको फैसला केही उल्टी गरी यस अदालत संयुक्त इजलासबाट भएको फैसला मिले नमिलेको के रहेछ र पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, स्व. ससुरा तत्कालीन मुस्ताङ्गी राजा ओङगल जिम्बा पलवरका तीन भाइ छोराहरूमा जेठा आङगुन न्याङवो पलवर, माहिला चराङ स्याण्टुङ विष्ट औतारी लामा र कान्छा वर्तमान मुस्ताङ्गी राजा झिम्मी पलवर विष्ट भएकोमा म फिरादी जेठा आङगुन न्याङवोकी श्रीमती हुँ। पति २०१५ सालमा परलोक हुनुभएको, माहिला देवर बौद्ध धर्मअनुसार गृहस्थ जीवन त्याग गरी चराङ गुम्बा सम्हाल्दै आउनुभएको छ। विपक्षी राजा झिम्मी पलवर विष्टले म तथा मेरा छोरीहरूलाई दरबारमा बस्न नदिई निकाला गर्नुभएकोले हामीलाई खाने बस्ने व्यवस्था गरी दिनुहोस् भन्दा केही दिन्न भनी भन्नुभएकोले प्रस्तुत फिराद गरेकी छु। अंशियारमध्ये म जेठाको हक पाउने अंशियार भएकी, माहिलाले गृहस्थ जीवन त्याग गरेकाले निजले अंश नपाउने हुँदा कान्छा मुस्ताङ्गी राजा झिम्मी पलवर विष्ट र म फिरादी गरी दुई अंशियार भएकोले दुई भागको एक भाग अंश दिलाई पाउँ भन्ने फिराद दाबी भएकोमा विपक्षीका पति २०१५ सालमा परलोक हुनु भएपश्चात् म र विपक्षी वादी मिति २०१७।९।१० मा घरसारमा बन्डापत्र खडा गरी छुट्टिई भिन्न भइसकेका छौं। बन्डापत्रबमोजिमका सम्पत्ति आ-आफूले दर्तासमेत गराई छुट्टाछुट्टै भोग बिक्री व्यवहार गरी आएकोले अंशबन्डाको ३० नं. बमोजिम अंशबन्डा भइसकेको हुँदा झुट्टा फिराद दाबीबाट फुर्सद पाउँ भन्नेसमेतको प्रतिउत्तर जिकिर भएको प्रस्तुत मुद्दामा सुरू पुनरावेदन अदालत, बागलुङले मुस्ताङ दरबार र त्यसले चर्चेको घरजग्गा, काठमाडौं महानगरपालिका वडा नं. ७ को कि.नं. ७ को घर जग्गा तथा मुस्ताङ, चराङ १(ख) कि.नं. ५९१ मा बनेको गुम्बाबाहेक प्रतिवादीको तायदातीमा उल्लिखित सम्पत्तिबाट वादीले दुई भागको एक भाग अंश पाउने ठहर्‍याई गरेको फैसला केही उल्टी गरी तीन अंशियार कायम गरी वादीले तीन भागको एक भाग अंश पाउने र मुस्ताङ दरबारसमेत बन्डा लाग्ने ठहर्‍याई यस अदालत संयुक्त इजलासबाट फैसला भएको देखिन्छ। उक्त फैसलामा चित्त नबुझाई पुनरावलोकन गरी हेरी प्रतिउत्तर र पुनरावेदन जिकिरबमोजिम गरिपाउँ भनी प्रतिवादी झिम्मी पलवर विष्टको निवेदन परेकोमा यस अदालतको पूर्ण इजलासबाट पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान भई निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको देखियो।

३. सम्बद्ध मिसिल कागजातहरूको अध्ययनबाट वादी प्रतिवादीहरूबीच पुस्तेवारी र नातासम्बन्धमा विवाद रहेको देखिँदैन। यी पुनरावेदक प्रतिवादीले २०१७ सालमै घरसारमा बन्डापत्र खडा गरी सोबमोजिमका जग्गाहरू आ-आफ्ना नाममा दर्ता गराई भोग बिक्री व्यवहार गरी आएको हुँदा अंश दिनुपर्ने होइन भन्ने जिकिर लिएको देखिन्छ। त्यस्तै वादीले अंशियारमध्येको माहिलो भाइ बौद्ध धर्मअनुसार गृहस्थ जीवन त्याग गरी औतारी लामा भएकोले निजले अंश पाउने अवस्था नहुँदा दुई भागको एक भाग अंश दिलाई पाउँ भनी दाबी लिएको तथा सुरू पुनरावेदन अदालत, बागलुङले वादीले दाबीबमोजिम नै दुई भागको एक भाग अंश पाउने र मुस्ताङ दरबार बन्डा नलाग्ने ठहर गरेकोमा यस अदालत संयुक्त इजलासले तीन अंशियार कायम गरी वादीले तीन भागको एक भाग अंश पाउने र उक्त मुस्ताङ दरबारसमेत बन्डा लाग्ने ठहर्‍याएको

देखिँदा प्रस्तुत मुद्दामा मुख्यरूपमा यिनै विषयहरूमा केन्द्रित रही विवेचना गरी निष्कर्षमा पुग्नुपर्ने देखिन आयो।

४. सर्वप्रथम वादी प्रतिवादीबीच मिति २०१७।९।१० मा घरसारमा बन्डापत्र खडा गरी छुट्टिई भिन्न भई सोबमोजिम आ-आफ्ना नाममा जग्गा दर्ता गरी भोग बिक्री व्यवहार गरी आएको हुँदा वादीलाई अंश दिनुपर्ने होइन भनी यी पुनरावेदक प्रतिवादीले लिएको जिकिरसम्बन्धमा हेर्दा, प्रतिवादीले बन्डा भइसकेको भनी मिति २०१७।९।१० को बन्डापत्रको फोटोकपी पेस गरेकोमा सो फोटोकपीमा उल्लिखित व्यहोरालाई वादीले अस्वीकार गरेको देखिन्छ। प्रतिवादीले उल्लेख गरेको उक्त बन्डापत्रको सक्कलै प्रति पेस गर्न अदालतबाट पटकपटक आदेश हुँदासमेत सोको सक्कल प्रति पेस हुन सकेको देखिँदैन। लिखतको सक्कल प्रति पेस हुन नसकेको अवस्थामा फोटोकपीको आधारमा मात्र उक्त लिखत वादीबाट सनाखत गराउन मिल्ने हुँदैन। प्रतिवादीले उक्त बन्डापत्र लिखतबमोजिमका जग्गा अंशियारहरूले आ-आफ्ना नाममा दर्ता गराएको भनी जिकिर लिए पनि वादीका नाममा कुनै जग्गा दर्ता भएको देखिएको छैन। प्रतिवादीले सो बन्डापत्रबमोजिमका जग्गा वादीले आफ्ना नाममा दर्ता नगराई आफ्ना छोरीहरू छिमी डोलकर र कर्साङ्ग लवाङका नामबाट ७ नं. फाँटवारी भरी छोरीहरूका नाममा दर्ता गराएको र निजहरूले केही जग्गाहरू अन्य व्यक्तिहरूलाई बिक्री वितरण हक हस्तान्तरणसमेत गरेकोले अंशबन्डाको ३० नं. बमोजिम व्यवहार प्रमाणबाट अंशबन्डा भइसकेको भनी जिकिर लिए पनि वादीका छोरीहरूका नाममा रहेका जग्गा वादीले अंशबापत प्राप्त गरेका पैतृक सम्पत्ति हुन् भनी प्रतिवादीले पुष्टि गर्न सकेको देखिँदैन भने मिसिल संलग्न अन्य कागज प्रमाणबाट पनि सो कुरा पुष्टि हुन सकेको देखिँदैन।

५. मुलुकी ऐनमा मिति २०३४।९।२७ मा भएको सातौं संशोधनबाट संशोधित अंशबन्डाको ३० नं. मा अंशियारहरूबीच भएको अंशबन्डा लिखत रजिस्ट्रेसन नभएमा कानूनी मान्यता नपाउने तर उक्त संशोधन हुनुभन्दा अगाडिकाको हकमा बन्डापत्र खडा गरी वा नगरी घरसारमा नरम गरम मिलाई अचल अंशबन्डा गरी छुट्टिई आफ्नो हिसाब भागशान्तिबमोजिम लिई पाई दाखिल खारेज गराइसकेको वा बन्डाबमोजिम आफ्नो आफ्नो भागको अचल छुट्टाछुट्टै भोग बिक्री व्यवहार गरेकोमा व्यवहार प्रमाणबाट बन्डा भइसकेको मानिने कानूनी व्यवस्था रहेको देखिन्छ। उक्त कानूनी व्यवस्थाबमोजिम व्यवहार प्रमाणबाट अंशबन्डा भइसकेको कुराको पुष्टि हुनका लागि बन्डा पाउने अंशियारका भागमा बन्डामा परेको सम्पत्ति नरम गरम मिलेको हुनुका साथै सोबमोजिम आ-आफ्ना नाममा दर्ता नामसारी, दाखिल खारेज तथा भोग बिक्री व्यवहार भएको कुरा देखिनु पर्ने हुन्छ। उक्त कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा हेर्दा प्रस्तुत मुद्दाका प्रतिवादीले अंशबन्डा भइसकेको भनी जिकिर लिए पनि अंशियारमध्येका वादीका नाममा कुनै जग्गा दर्ता नै रहेको नदेखिएको तथा वादीका छोरीहरूका नाममा दर्ता भएका जग्गा वादीले अंशबापतमा प्राप्त गरी निजहरूका नाममा राखिएका पैतृक सम्पत्ति हुन् भन्ने कुरा पुष्टि हुन नसकेको अवस्थाका केवल प्रतिवादीको मौखिक कथन र अनुमानका आधारमा मात्र वादीले अंश प्राप्त गरिसकेको भनी निष्कर्षमा पुग्न न्यायोचित हुने देखिएन।

६. यसैसम्बन्धमा पुष्करप्रसाद वाग्ले विरूद्ध राधदेवी वाग्ले उपाध्यायसमेत भएको अंशचलन मुद्दा (ने.का.प. २०६६, अंक ९, नि.नं. ८२२७) मा प्रतिपादित नजिर सिद्धान्त प्रस्तुत मुद्दामा सान्दर्भिक हुने देखिन्छ। उक्त मुद्दामा "अंशबन्डाको ३० नं. को प्रयोग र प्रयोजनका लागि विवादको स्वरूप, सम्पत्तिको

प्रकृति एवं वादी प्रतिवादीहरूको व्यवहार नै निर्णायक तत्त्व हुन् । यस कानूनले व्यवहार प्रमाणबाट बन्डा भएको मानिने सुनिश्चित आधार नदिई केवल केही निर्णायक तत्त्वहरूको परिधि मात्र तोकिदिएको छ। यही परिधिको सीमाभित्र रही प्रत्येक मुद्दाको वस्तुस्थिति र सबुद प्रमाणको मूल्याङ्कन गर्दै न्यायकर्ताले न्यायिक निष्कर्ष निकाल्नु पर्ने हुन्छ । ... व्यवहार प्रमाण एवं आचरणबाट बन्डा भएको कुरा अंशियारले स्वीकार्ने माध्यम लिखत, आपसी व्यवहार, आपसी कारोबार, अलगअलग वासस्थान र समयको अस्वाभाविक अन्तराल हुन् । ती तत्त्वमध्ये एक वा एकभन्दा बढी अवस्थाको विद्यमानताले अंशबन्डाको ३० नं. को आवश्यकता पूरा गर्दछ । यस कसीमा जति बढी तत्त्वलाई प्रमाणले अंगिकार गर्दछ त्यति बढी व्यवहार प्रमाणबाट अंशबन्डा भइसकेको कुरामा विश्वस्त हुन अदालतसमक्ष हुन पुग्दछ" भनी अंशबन्डाको ३० नं. को कानूनी व्यवस्था र त्यसको प्रयोगका सम्बन्धमा विस्तृत विवेचना भई सिद्धान्त प्रतिपादन भएको देखिन्छ । उक्त प्रतिपादित सिद्धान्तबमोजिम पनि प्रस्तुत मुद्दाका वादी प्रतिवादीहरू व्यवहार प्रमाणबाट छुट्टिई भिन्न भइसकेको भन्ने कुरा कुनै लिखत प्रमाण, आपसी व्यवहार, कारोबार आदिसमेतबाट स्थापित हुने सकेको देखिँदैन।

७. उपर्युक्तबमोजिम विवेचित आधार कारण र प्रतिपादित सिद्धान्तसमेतबाट यी पुनरावेदक प्रतिवादीले अंशबन्डा भइसकेको भनी जिकिर लिएको २०१७ सालको लिखतको सक्कल प्रति पेस हुन नसकेको, वादीका नाममा कुनै जग्गा दर्ता नै नरहेको, वादीका छोरीहरूका नाममा दर्ता रहेका जग्गा वादीले अंशबापत प्राप्त गरेका पैतृक सम्पत्ति हुन् भन्ने कुरा पुष्टि हुन नसकेको तथा वादी प्रतिवादीहरूबीच आपसी व्यवहार, कारोबार भएको कुरा मिसिल प्रमाणबाट पुष्टि हुन नसकेको यस्तो अवस्थामा वादी प्रतिवादीहरूबीच अंशबन्डा भइसकेको भनी ठहर निर्णय गर्नु न्यायोचित हुने नदेखिँदा वादीले प्रतिवादीबाट अंश पाउने नै देखिन आयो।

८. अब वादी प्रतिवादीहरू कति अंशियार रहेछन् र वादीले कति भाग अंश पाउने हो भन्नेसम्बन्धमा विचार गर्दा, मूल पुर्खा ओङगल जिम्बा पलवर विष्टका तीन भाइ छोरामा जेठा वादी डिकी डोलकरका पति स्वर्गीय आङगुन वाङदी पलवर, माहिला चराङ स्याण्टुङ विष्ट र कान्छा प्रतिवादी मुस्ताङ्गी राजा झिम्मी पलवर विष्ट रहेकोमा माहिला चराङ स्याण्टुङ गृहस्थ जीवन त्याग गरी औतारी लामा भएकोले निजले अंश पाउने अवस्था नरहेकोले दुई भागको एक भाग अंश पाउँ भन्ने वादी दाबी रहेको देखिन्छ। पेटबोलीबाट देखिएका निज चराङ स्याण्टुङले अ.बं. १३९ नं. बमोजिम अदालतमा उपस्थित भई बयान गर्दा मैले धर्मकर्म पूजापाठ गर्ने सामानलगायत चराङ ढावको खेतसमेत पूजाको लागि प्राप्त गरेको, म लामा भएकोले अब अंश चाहिँदैन, कानूनले अंश पाउनु पर्ने भए पनि मैले जो पाउने पाई सकेकाले अब पाउनु पर्ने छैन भनी उल्लेख गरेको देखिन्छ। निजले आफ्नो उक्त बयानमा जेठी श्रीमतीबाट १ छोरा र कान्छी श्रीमतीबाट १ छोरी रहेको भनी उल्लेख गरे पनि निजहरूको अस्तित्व र पहिचान स्पष्टरूपमा खुलाउन सकेको देखिँदैन । यसरी निज चराङ स्याण्टुङले आफूले पाउने कुरा पाइसकेकोले अंश पाउन बाँकी छैन भनी बयान गरी अंशहक परित्याग गरेको देखिएको तथा निजले आफ्ना श्रीमती छोरा छोरीहरू छन् भने पनि निजहरूको पहिचान र अस्तित्व स्पष्टरूपमा खुलाउन नसकेको अवस्थामा अहिले नै यसै मुद्दाबाट निजहरूको पनि अंश छुट्याउनु उचित हुने देखिँदैन। अंशसम्बन्धी हक नैसर्गिक हक रहेको र पति पिताले अंशहरू परित्याग गर्दैमा श्रीमती छोरा छोरीको अंश हकसमेत समाप्त हुन नसक्ने हुँदा वादीका माहिला देवर चराङ स्याण्टुङ्गका

श्रीमती छोरा छोरीहरू रहेका भए र निजहरूले अंशमा दाबी गरेमा सोही बखत निजहरूको अंश हकका सम्बन्धमा ठहर इन्साफ हुने नै भएकोले अहिले नै निजहरूको अंशहक सम्बन्धमा केही बोलिरहनु उचित हुने नदेखिँदा हाल वादी प्रतिवादीहरू दुई अंशियार रहेकोमा तीन अंशियार कायम गरी वादीले तीन भागको एक भाग अंश पाउने ठहऱ्याएको यस अदालत संयुक्त इजलासको फैसला सो हदसम्म मिलेको देखिन आएन।

९. अब वादीले के कुन सम्पत्तिबाट अंश पाउने हो भन्नेसम्बन्धमा विचार गर्दा, प्रतिवादी मुस्ताङ्गी राजा झिम्मी पलवर विष्टले पेस गरेको तायदातीमा उल्लेख भएको लोमान्थाङ्ग गा.वि. स. वडा नं. १(ख) कि.नं. ३ को जग्गा र सो जग्गामा बनेको मुस्ताङ दरबार र ऐ. कि.नं. १८ मा बनेको घरसमेतका सम्बन्धमा वादी स्वयंले आफ्नो फिरादमा तपाइँ राजा हुनुभएकोले दरबारमा तपाई नै बस्नुहोस् तर हामीलाई पनि खाने बस्ने व्यवस्था हुने गरी घर जग्गा दिनुहोला भन्दा तिमीहरूलाई केही दिन्न भनेकोले फिराद गर्न आएकी छु भनी उल्लेख गरेको देखिन्छ । त्यस्तै मिसिल संलग्न प्रमाणबाट उक्त दरबार ऐतिहासिक महत्त्वको देखिएको र सो कुरामा वादी प्रतिवादीबीच विवाद रहेको पनि देखिँदैन । यसप्रकार उक्त मुस्ताङ दरबारमा वादी स्वयंले दाबी नै नगरेको र उक्त दरबारको ऐतिहासिक, पुरातात्त्विक तथा सांस्कृतिक स्वरूप यथावत्‌रूपमा संरक्षण गरी राख्नु उपयुक्त हुने देखिएकोले अंशियारहरूबीच बन्डा गर्नु उचित हुने देखिएन । त्यस्तै तायदाती फाँटवारीमा उल्लिखित मुस्ताङ जिल्ला, चाराङ १(ख) कि.नं. ५९१ को जग्गामा बनेको गुम्बा घरसमेत धार्मिक स्थलको रूपमा रहेको देखिन्छ। त्यस्तो धार्मिक स्थलको रूपमा रहेको गुम्बामा आफ्नो धार्मिक आस्थाअनुसार सर्वसाधारण जो सुकैले धार्मिक उपासना गर्न पाउने हुन्छ । यसरी सार्वजनिकरूपमा प्रयोग हुने धार्मिक स्थलको रूपमा रहेको गुम्बालाई व्यक्तिगत सम्पत्ति मानी अंशियारहरूबीच विभाजन गर्नु धार्मिक र सांस्कृतिक दृष्टिकोणबाट समेत उचित हुने देखिएन।

१०. काठमाडौं महानगरपालिका वडा नं. ७ को कि.नं. ७ को जग्गा र सो जग्गामा बनेको घरका सम्बन्धमा हेर्दा, उक्त जग्गा डेरामा बस्ने मुस्ताङ्गी राजाले तत्कालीन श्री ५ महाराजाधिराजमा बिन्तीपत्र चढाई हुकुम प्रमांगीबमोजिम तत्कालीन श्री ५ को सरकार, गृह मन्त्रालयबाट रकम भुक्तानी गरी जीवनकालमा अरू व्यक्तिलाई बेच्न नपाउने सर्तसहित मुस्ताङ्गी राजालाई खरिद गरिदिएको देखिन्छ । उक्त जग्गामा बनेको घर पैतृक सम्पत्तिको लगानीमा निर्माण भएको भन्ने आधारसमेत वादीले देखाउन सकेको पाइँदैन। यसरी उक्त जग्गा पैतृक सम्पत्ति नरही राज्यकोषबाट सर्तबन्देजसहित मुस्तङ्गी राजालाई किनिदिएको देखिएको र सो जग्गामा बनेको घरमा आफ्नोसमेत लगानी वा योगदान रहेको छ भन्ने कुरा वादी पक्षले प्रमाणद्वारा पुष्टि गर्न नसकेको अवस्थामा सो घर जग्गासमेत बन्डा लाग्ने देखिन आएन।

११. अतः माथि प्रकरण प्रकरणमा विवेचित आधार कारणबाट वादी प्रतिवादीहरूबीच अंशबन्डा भइसकेको भन्ने कुरा पुष्टि हुन नआएको, वादी प्रतिवादीहरू हाल दुई अंशियार रहेको देखिएकोमा पुनरावदेन अदालत, बागलुङले गरेको फैसला केही उल्टी गरी तीन अंशियार कायम गरी वादीले तीन भागको एक भाग अंश पाउने र प्रतिवादीको तायदातीमा उल्लिखित मुस्ताङ जिल्ला लोमान्थाङ गा.वि.स. वडा नं. १ (घ) कि.नं. ३ मा बनेको मुस्ताङ दरबार र ऐ. कि.नं. १८ मा बनेको घरसमेत बन्डा लाग्ने ठहऱ्याएको हदसम्मको यस अदालत संयुक्त इजलासको मिति २०६६।११।४ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई उक्त कि.नं. ३ र १८ मा बनेको मुस्ताङ दरबार तथा घर, मुस्ताङ चराङ १(ख) कि.नं. ५९१ मा बनेको गुम्बा तथा काठमाडौं महानगरपालिका वडा

नं. ७ को कि.नं. ७ को जग्गा र सो जग्गामा बनेको घरसमेत बन्डा लाग्ने प्रकृतिको नदेखिँदा तीबाहेक प्रतिवादीको तायदातीमा उल्लिखित सम्पत्तिबाट वादीले दुई भागको एक भाग अंश पाउने ठहर्छ । अरूमा तपसिलबमोजिम गर्नू ।

तपसिल

१. माथि ठहर खण्डमा लेखिएबमोजिम यस अदालत संयुक्त इजलासको फैसला केही उल्टी भई मुस्ताङ जिल्ला, लोमान्थाङ गा.वि.स. वडा नं. १(घ) कि.नं. ३ र १८ मा बनेको मुस्ताङ दरबार तथा घर, चराङ १(ख) कि.नं. ५९१ मा बनेको गुम्बा र काठमाडौं महानगरपालिका वडा नं. ७ को कि.नं. ७ को जग्गा र सो जग्गामा बनेको घरबाहेक प्रतिवादीको तायदातीमा उल्लिखित सम्पत्तिबाट वादीले दुई भागको एक भाग अंश पाउने ठहरेकाले यस अदालत संयुक्त इजलासको फैसलाको तपसिल खण्डको देहाय १ को लगत कायम नरहने हुँदा सोबमोजिमको लगत राखिएको भए कट्टा गरी उपर्युक्त सम्पत्तिबाहेक प्रतिवादीको तायदातीमा उल्लिखित सम्पत्तिबाट कानूनबमोजिम वादीलाई दुई भागको एक भाग अंश छुट्याई दिनु भनी मुस्ताङ जिल्ला अदालतमा लेखी पठाइदिनू ।

२. पुनरावेदन अदालत, बागलुङको फैसलाबमोजिम वादीले प्रतिवादीबाट गरी पाउने ठहरेको कोर्ट फी रू.२५२०।९७ प्रतिवादीले पुनरावेदन गर्दा यस अदालतको र.नं. ४२९७९ मिति २०५७।४।३० मा धरौटी राखेको देखिँदा उक्त धरौटी रकम कानूनबमोजिम प्रत्यर्थी वादीलाई खर्च लेखिदिनु भनी यस अदालतको लेखा शाखालाई जानकारी दिनू । यस अदालत संयुक्त इजलासको तपसिल खण्डको देहाय २ बमोजिम केही गरिरहनु नपर्ने हुँदा सोबमोजिमको लगत राखिएको भए कट्टा गरी दिनु भनी मुस्ताङ जिल्ला अदालतमा लेखी पठाइदिनू ।

३. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी नियमानुसार मिसिल बुझाइदिनू ।

उक्त रायमा हामी सहमत छौं ।
न्या.सुशीला कार्की
न्या.गोपाल पराजुली

इजलास अधिकृत : सन्तोषप्रसाद पराजुली
इति संवत् २०७२ साल फागुन ६ गते रोज ५ शुभम् ।

## निर्णय नं.९६२५

सर्वोच्च अदालत, पूर्ण इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
फैसला मिति : २०७२।९।९।५
०६५-NF-००६१

मुद्दा : लिखत दर्ता बदर

पुनरावेदक / वादी : काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २२ बस्ने तिर्थरत्न तुलाधर

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० बस्ने मंगलमान प्रजापति

- **कसको नाममा रैकर परिणत हुने भन्ने मुद्दाको अन्तिम निर्णय हुन बाँकी भई मुद्दा विचाराधीन रहेको अवस्थामा सो तथ्यलाई छली विवादित जग्गा आफ्नो नाममा एकलौटी दर्ता गरी सो दर्ताको आधारमा लिखत गरी हक हस्तान्तरण गरेको हुँदा सो कार्य दूषित भई त्यस्तो दर्ता तथा लिखत वैध हुन र त्यस्तो लिखतले वैधता प्राप्त गर्न सक्ने हुँदैन। त्यस्तो दूषित क्रियाबाट गरेको लिखतको हक हस्तान्तरणबाट प्रतिवादीहरूको हक कायम रही रहन र वादीको हक समाप्त हुन नसक्ने।**
- **दूषित क्रियाबाट तहगत लिखतको माध्यमबाट हक हस्तान्तरण गर्दै गएपनि सो कार्य गैरकानूनी, प्रभावहीन र अमान्य प्रकृतिको भएकोले प्रारम्भदेखि नै बदरभागी हुने हुँदा त्यस्तो दूषित दर्ता र लिखत हक हस्तान्तरणको विषयमा विवाद उठेमा दूषित लिखत दर्ता बदर गराउन हदम्याद बाधक हुन्छ भन्न पनि मिल्दैन।**

(प्रकरण नं.८)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् अधिवक्ताहरू उद्धव के.सी. र सुरज अधिकारी

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू हरिहर दाहाल र श्याम खरेल

अवलम्बित नजिर :

- ने.का.प. २०४२, असार, नि.नं.२३२०, पृ.३१८
- ने.का.प. २०५२, माघ, नि.नं.६०९६, पृ.९२१
- ने.का.प. २०६०, नि.नं.७१६६, पृ.५८
- ने.का.प. २०६६, कात्तिक, नि.नं.८१९०, पृ.११२९

सम्बद्ध कानून :

- मुलुकी ऐन, लेनदेन व्यवहारको ४० नं.
- जग्गा पजनीको १७ नं.
- जग्गा मिच्नेको १८ नं.

सुरू तहमा फैसला गर्नेः

मा. जिल्ला न्यायाधीश श्री वेदराम पोखरेल

पुनरावेदन तहमा फैसला गर्नेः

मा. न्यायाधीश श्री विनोदप्रसाद ढुङ्गेल

मा. न्यायाधीश श्री बोधरीराज पाण्डे

सर्वोच्च अदालत संयुक्त इजलासमा फैसला गर्नेः

मा. न्यायाधीश श्री शारदाप्रसाद पण्डित

मा. न्यायाधीश श्री राजेन्द्रकुमार भण्डारी

फैसला

**स.प्र.न्या.कल्याण श्रेष्ठ :** न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१)(ख) बमोजिम पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान भई पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः

पूर्णानन्द बज्राचार्य र पिता भीमलाल तुलाधरको संयुक्त नाममा पोता लगत नं. ७१ मा संयुक्त दर्ता भएको काठमाडौं जिल्ला काठमाडौं नगरपालिका वडा नं.२९ (क) कि.नं.१९८ को ज.रो.१२-१३-० धोबीखोला वारिपारिको जग्गा मोही मंगलमान प्रजापतिले रैकर परिणत गरिपाउँ भनी २०३४।२।७ मा मालपोत कार्यालय, काठमाडौंमा निवेदन दिएकोमा हामीहरूले प्रतिवाद गरेका थियौं। सो निवेदनउपर कारवाही चल्दा सो कि.नं.१९८ को जग्गा मोही मंगलमान प्रजापतिका नाममा रैकर परिणत गरी दर्ता गरिदिने गरी मालपोत कार्यालय, काठमाडौंबाट मिति २०३८।७।५ मा निर्णय भएको थियो। मालपोत कार्यालय, काठमाडौंबाट भएको सो निर्णयउपर हामीले जिल्ला कार्यालय, काठमाडौंमा पुनरावेदन गरेकोमा मोही मंगलमान प्रजापतिका नाममा

रैकर परिणत गरी दर्ता गर्ने भनी मालपोत कार्यालय, काठमाडौंबाट भएको सो निर्णय बदर गरी कि.नं.१९८ को जग्गा पिता भिमलालसमेतको नाममा रैकर परिणत भई दर्तासमेत हुने ठहरी जिल्ला कार्यालय, काठमाडौंबाट मिति २०४५।४।१९ मा फैसला भएको थियो । उक्त फैसलाउपर पुनरावेदन गर्न अनुमति पाउँ भनी मोहीको तत्कालीन मध्यमाञ्चल क्षेत्रीय अदालतमा निवेदन परेकोमा अनुमति दिन नमिल्ने भनी मिति २०४५।५।२४ मा आदेश भएको थियो । जिल्ला कार्यालय, काठमाडौंको मिति २०४५।४।१९ मा फैसला कानूनविपरीत भएको भनी मोही मंगलमान प्रजापतिले सर्वोच्च अदालतमा २०४५ सालको रिट नं.९७७ को उत्प्रेषणसमेतको रिट निवेदन दिएकोमा सो रिट निवेदन खारेज हुने ठहरी सर्वोच्च अदालतबाट मिति २०४७।५।२४ मा फैसला भई प्रतिवादीले गराएको दर्ताको वैधता शून्य हुन गएको छ ।

यसरी हामी वादी प्रतिवादीबीच रैकर परिणत दर्तासम्बन्धी मुद्दा परेकोमा पुनरावेदन तहबाट अन्तिम निर्णय नहुँदै कि.नं.१९८ को जग्गा निज प्रतिवादीले आफ्नो नाममा दर्ता गरी कित्ताकाट गरी कायमी कि.नं. ३७६ को ज.रो. ५-१२-३ मध्ये कि.का.गरी कायमी कि.नं.३७७ को १-४-० जग्गा मिति २०३९।७।१ मा मोही मंगलमान प्रजापतिले दिवाकरमान शेरचनलाई र.नं.२५७३ बाट हालैदेखिको बकसपत्रको लिखत गरी हक हस्तान्तरण गरेको कुरा मिति २०४७।१२।५ मा नक्कल लिई जानकारी पाएकोले उक्त लिखत बदर गर्न मुलुकी ऐन, लेनदेन व्यवहारको ४० नं., जग्गा पजनीको १७ नं. र जग्गा मिच्नेको महलको १८ नं. बमोजिम यो फिराद गरेको छु ।

अतः रैकर परिणत दर्तासम्बन्धमा मुद्दा परी अन्तिम निर्णय नहुँदै मुद्दा विचाराधीन रहेको अवस्थामा साबिक कि.नं.१९८ कित्ताकाट भई विभिन्न कित्ता कायम भएकामध्ये कि.नं. कि.नं.३७७ को १-४-० जग्गा मिति २०३९।७।१ मा मोही मंगलमान प्रजापतिले दिवाकरमान शेरचनलाई र.नं.२५७३ बाट हालैदेखिको बकसपत्रको लिखत गरी हक हस्तान्तरण गरेको हुँदा उक्त लिखतको दुई भागको एक भाग बदर गरी मेरो नाममा दर्ता गरिपाउँ भन्ने व्यहोराको तिर्थरत्न तुलाधरको फिराद दाबी ।

कि.नं.१९८ को जग्गा रैकर परिणत दर्ता सम्बन्धमा कारवाही चल्दा मोहीका नाममा रैकर परिणत गरिदिए हुन्छ भनी जग्गाधनीले बयान गरेका छन् । उक्त बयानपछि मोहीका नाममा रैकर परिणत गरिदिए हुन्छ भन्ने कुरा भूल भयो जग्गा रैकर नै रहेछ भनी जग्गाधनीले निवेदन गरेका हुन् । जग्गाधनीले कहिले मन्जुरी बयान गर्ने कहिले इन्कार गर्ने गरेको कारणबाट मोहीका नाममा रैकर परिणत हुने गरी मालपोत कार्यालय, काठमाडौंबाट मिति २०३८।७।५ मा निर्णय भएको हो । उक्त निर्णयउपर परेको पुनरावेदनमा जिल्ला कार्यालय, काठमाडौबाट मिति २०४५।४।१९ मा अन्तिम निर्णय भएको छ । उक्त निर्णयउपर पुनरावेदनको अनुमति पाउँ भनी तत्कालीन मध्यमाञ्चल क्षेत्रीय अदालतमा निवेदन गरेकोमा निवेदन दरपीठ भएकोले अन्य वैकल्पिक उपचार नभएकोले सर्वोच्च अदालतमा रिट दायर गरेको हुँ । मिति २०४५।४।१९ मा अन्तिम निर्णय भएको मितिले म्यादभित्रै फिराद गर्नुपर्नेमा ३ वर्षपछि परेको फिराद हदम्याद विहीन छ । अर्कोतर्फ मालपोत कार्यालय, काठमाडौंको मिति २०३८।७।५ को निर्णयबमोजिम कि.नं.१९८ को जग्गा मेरो नाममा रैकर परिणत दर्ता भई मेरो हक हुन आएको जग्गामध्ये कित्ताकाट गरी २०३९।७।१ मा दिवाकरमान शेरचनलाई र.नं.२५७३ बाट हालैदेखिको बकसपत्रको लिखत गरी दिएको हुँ । २०३९।७।१ को लिखत बदर गर्न २ वर्षभित्र २०४१।६।३० सम्ममा फिराद गर्नुपर्नेमा नक्कल सारेको मिति कायम गरी दायर भएको फिराद हदम्यादभित्र छैन । जिल्ला कार्यालय, काठमाडौंबाट मिति २०४५।४।१९ मा निर्णय हुँदा मोहीले रैकर परिणत दर्ता गरिपाउँ भनी दिएको निवेदनमा तारेख

गुजारेको अवस्थामा डिसमिस नगरी मोहीकै नाममा रैकर परिणत दर्ता हुने ठहर गरेको मालपोत कार्यालय, काठमाडौंको निर्णय नमिलेको भनी बदर भएको छ । तर त्यसरी निर्णय गर्दा प्रमाणको विवेचना गरिएको छैन । विवादित लिखत बदर माग गर्न हदम्याद नहुँदा जग्गा तहगतरूपमा हस्तान्तरण भई पर्खाल घरसमेत निर्माण भइसकेका हुँदा वादी दाबी खारेज गरिपाउँ भन्ने मंगलमान प्रजापतिको प्रतिउत्तर पत्र ।

वादीले दाबी गरेको जग्गा मैले मंगलमान प्रजापतिबाट मिति २०३९।७।१ मा हालैको बकसपत्र गरी लिई उक्त जग्गा वृजरानी हमाललाई मिति २०४४।९।२० मा राजीनामा गरी दिएको हुँ । उक्त जग्गामा हाल घर निर्माण भइसकेको छ । जग्गा मिच्नेको १८ नं. र जग्गा पजनीको १७ नं. को सहारा लिएर हदम्याद कायम गर्न खोजे पनि घर बनाउनेको महलको म्यादभित्र फिराद परेको छैन । अर्कोतर्फ यी वादी र पूर्णानन्दले सोही जग्गामा अलगअलग दाबी गरेका छन् तर कसको कति जग्गामा हक हुने हो त्यो प्रस्ट छैन । यसकारण हदम्याद नघाई दायर भएको फिराद खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको दिवाकरमान शेरचनको प्रतिउत्तर पत्र ।

यसै लगाउको वादी माणिकलाल र प्रतिवादी मंगलमान प्रजापति भएको दे.नं. ३४४/७३९ को निर्णय बदर र दे.नं. २६९४ को वादी पूर्णानन्द बज्राचार्य र प्रतिवादी मंगलमान प्रजापतिसमेत भएको बकसपत्र बदर मुद्दामा विवेचित आधार प्रमाणबाट वादी दाबीको लिखतमा वादीको हक जति बदर हुने ठहर्छ भन्ने काठमाडौं जिल्ला अदालतको मिति २०५४।३।१९ को फैसला ।

दुई थरी वादीले दुई थरीबाट हक देखाई तथा हदम्याद नाघी दायर भएको फिराद खारेज गर्नुपर्नेमा वादी दाबीबमोजिम हुने ठहर गरेको काठमाडौं जिल्ला अदालतको फैसला मिलेको नहुँदा बदर गरिपाउँ भन्ने प्रतिवादी मंगलमान प्रजापतिको पुनरावेदन अदालत, पाटनमा परेको पुनरावेदन पत्र ।

यसमा यसै लगाउको फौ.पु.नं. २०४ को जालसाजी मुद्दामा विवादको र.नं.२५७३ को हालैदेखिको बकसपत्र लिखत जालसाज ठहरी आज यसै इजलासबाट फैसला भएकोसमेत आधारबाट विवादको र.नं.२५७३ को हालैदेखिको बकसपत्र वादीको हक जतिमा बदर हुने ठहर गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०५४।३।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, पाटनको मिति २०५७।१२।८ को फैसला ।

विवादको जग्गामा विपक्षीहरूको हक कायम हुने ठहर्‍याई जिल्ला कार्यालय काठमाडौंबाट मिति २०४५।४।१९ मा फैसला भए पनि मैले उक्त जग्गा विभिन्न व्यक्तिहरूलाई लिखत पारित गरिदिएको र उक्त जग्गामा निजहरूले घर कम्पाउन्ड निर्माण गरी भोग गरी आएका छन् । लिखत भएको मितिले कानूनको म्यादभित्र फिराद गर्नुपर्नेमा हदम्याद नघाई दायर भएको फिरादका आधारमा लिखत बदर हुने ठहर गरेको सुरू तथा पुनरावेदन अदालतको फैसला मिलेको नहुँदा मुद्दा दोहोर्‍याई पाउँ भन्ने व्यहोराको प्रतिवादी मंगलमान प्रजापतिको निवेदन पत्र ।

यसै लगाउको नि.नं.४२२२ को जालसाजी मुद्दाको निवेदनमा न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) (क) र (ख) को आधारमा मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान भएको हुँदा लगाउको प्रस्तुत निवेदन पनि साथै राखी निर्णय गर्नुपर्ने हुँदा प्रस्तुत निवेदनमा पनि न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) (क) र (ख) अन्तर्गत मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गरिदिएको छ भन्ने यस अदालतको मिति २०५९।४।१० को आदेश ।

यिनै वादी प्रतिवादी भएको यसै लगाउको फौ.पु.नं. २८०७ को जालसाजी मुद्दामा आज यसै इजलासबाट वादीले जालसाजी घोषित गरिपाउँ भनी दाबी गरेको मिति २०३९।७।१ मा पारित भएको

र.नं.२५७३ को लिखत जालसाजी नठहरी हदम्यादको आधारमा फिराद खारेज हुने ठहरी फैसला भएकोले सोही मुद्दामा विवेचित आधार प्रमाणबाट प्रस्तुत मुद्दामा पनि मिति २०३९।७।१ मा प्रतिवादीहरू बीच पारित भएको हालैदेखिको बकसपत्र लिखत बदर गर्न मिति २०४८।४।१२ मा फिराद पत्र लिई आएकोलाई लेनदेन व्यवहारको ४० नं., जग्गा पजनीको १७ नं., र जग्गा मिच्नेको १८ नं. को हदम्यादभित्रको मान्न मिलेन । यसरी कानूनले तोकेको हदम्याद नघाई फिराद परेको अवस्थामा मुलुकी ऐन, अ.बं. १८० नं. बमोजिम फिराद खारेज गर्नु पर्नेमा इन्साफ गरी वादी दाबीको लिखत बदर हुने ठहर गरेको काठमाडौ जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०५७।१२।८ को फैसला मिलेको नदेखिँदा उल्टी भई फिराद खारेज हुने ठहर्छ भन्ने यस अदालतको संयुक्त इजलासको मिति २०६३।४।२२ को फैसला।

विवादित कि.नं.१९८ को जग्गा मंगलमान प्रजापतिका नाममा मिति २०३८।७।५ मा रैकर परिणत गरी मालपोत कार्यालय, काठमाडौंबाट निर्णय भएकोमा मालपोत कार्यालय, काठमाडौंबाट भएको सो निर्णय बदर गरी पाउन जिल्ला कार्यालय, काठमाडौंमा पुनरावेदन गरेकोमा जिल्ला कार्यालय, काठमाडौंबाट मालपोत कार्यालय, काठमाडौंको सो निर्णय बदर हुने ठहर्‍याई मिति २०४५।४।१९ मा फैसला भएको थियो। उक्त फैसला बदर गरिपाउँ भनी विपक्षीले सर्वोच्च अदालतमा २०४५ सालको रिट नं.९७७ दायर गरेकोमा सर्वोच्च अदालतको मिति २०४७।५।२४ को फैसलाले सो रिट निवेदन खारेज गरी विपक्षीको दाताका नामको कि.नं.१९८ को जग्गा दर्ता बदर भई सो दर्ता शून्य अवस्थामा रहेको छ । दर्ताको वैधता शून्य रहेको अवस्थामा पनि कि.नं.१९८ कित्ताफोड गरी अन्य व्यक्तिलाई हक हस्तान्तरण गरिएको रहेछ । यसरी हक हस्तान्तरण गरिएको कुरा मिति २०४८।४।२१ मा नक्कल सारेपछि जानकारी हुन आएकोले कानूनको म्यादभित्रै फिराद दायर गरेकोमा हदम्यादभित्रको नभएको भनी फिराद खारेज हुने ठहर गरेको सर्वोच्च अदालतको संयुक्त इजलासको फैसला मिलेको छैन।

यसरी मालपोत कार्यालय, काठमाडौंले मोही मंगलमान प्रजापतिका नाममा रैकर परिणत गर्ने गरी मिति २०३८।७।५ मा गरेको निर्णयउपर पुनरावेदन परी जिल्ला कार्यालय, काठमाडौंबाट मालपोत कार्यालयको सो निर्णय बदर हुने ठहरी मिति २०४५।४।१९ मा फैसला भएकोमा जिल्ला कार्यालय, काठमाडौंको सो फैसलाउपर विपक्षीको सर्वोच्च अदालतमा रिट परी उक्त रिटसमेत मिति २०४७।५।२४ मा खारेज भई विपक्षीको दर्ता स्वतः शून्य भएको छ। विवादित जग्गामा मुद्दा परी विचाराधीन रहेको अवस्थामा नै काठमाडौं जिल्ला काठमाडौं नगरपालिका वडा नं. २९(क) साबिक कि.नं.१९८ कित्ताकाट गरी कायमी कि.नं. ३७६ को ज.रो. ५-१२-३ मध्ये कि.का. गरी कायमी कि.नं.३७७ को १-४-० जग्गा मिति २०३९।७।१ मा मोही मंगलमान प्रजापतिले दिवाकरमान शेरचनलाई र.नं.२५७३ बाट हालैदेखिको बकसपत्रको लिखत गरी हक हस्तान्तरण गरेको कार्य दूषित छ।

अतः रैकर परिणतसम्बन्धमा मुद्दा विचाराधीन रहेकै अवस्थामा जग्गा हक हस्तान्तरण गरेको कार्य दूषित रहेको हुँदा सो दूषित दर्ता तथा लिखत बदर मागदाबीलाई हदम्याद नाघेको भनी फिराद खारेज गरेको सर्वोच्च अदालतको संयुक्त इजलासको फैसलामा विभिन्न मुद्दामा प्रतिपादित सिद्धान्तविपरीत भएबाट न्याय प्रशासन ऐन, २०४८ को दफा १२ (१) (ख) बमोजिम मुद्दा पुनरावलोकन गरी हेरिपाउँ भन्ने वादी तिर्थरत्न तुलाधरको निवेदनपत्र।

मालपोत कार्यालय, काठमाडौंबाट २०३८।७।५ मा रैकर परिणत गर्ने निर्णय भएको, सो निर्णयउपर जिल्ला कार्यालयमा उजुर परेकोमा

२०३८।७।५ मा रैकर परिणत हुने ठहरी भएको निर्णय २०४५।४।१९ मा बदर भएको भन्ने निवेदन भएकोमा मालपोत कार्यालय, काठमाडौंको २०३८।७।५ को निर्णयसहितको मिसिल र जिल्ला कार्यालय, काठमाडौंको २०४५।४।१९ को निर्णय मिसिल नभेटाए पनि २०४५ सालको रिट नं.९७७ मा उल्लेख भएको व्यहोराबाट २०३८।७।५ मा रैकर परिणत हुने ठहरी भएको निर्णय जिल्ला कार्यालयको २०४५।४।१९ को निर्णयबाट बदर हुने ठहरी निर्णय भएको तथ्य स्थापित देखिन आयो।

मोही मंगलमान प्रजापतिका नाममा रैकर परिणत हुने ठहरी २०३८।७।५ मा निर्णय भएउपर सोको पुनरावेदन जिल्ला कार्यालयमा परी पुनरावेदन विचाराधीन रहेको अवस्थामा २०३९।७।१ मा दिवाकरमान शेरचनलाई हक हस्तान्तरण गरेको देखिँदा मुद्दा पर्दा पर्दैको अवस्थामा हक हस्तान्तरण गरी दर्ता गराएको कार्य संवत् २०५१ सालको रिट नं.२४१० निवेदक कुँवरसिंह के.सी. विरूद्ध गृह मन्त्रालयसमेत ने.का.प.२०५२,अंक १०, नि.नं.६०९६, पृष्ठ ९२१ मा "मुद्दा चल्दाचल्दैको अवस्थामा अदालतको विचाराधीन विषय विपरीत असर पर्ने गरी गरेको लिखत व्यवहारलाई मान्यता दिन नमिल्ने" भन्ने र संवत् २०५४ सालको दे.पु.नं. ४२२३ पुनरावेदक प्रतिवादी दुधनाथ भण्डारीसमेत विरूद्ध विपक्षी वादी पदमकुमारी खरेल भएको लिखत बदर नामसारी मुद्दामा "हकै नभएको व्यक्तिले गरी दिएको लिखत स्वतः दूषित भई उक्त लिखतको अस्तित्व नै शून्य अवस्थामा रहन जाने हुन्छ। दूषित लिखतको आधारबाट भएको दर्तासमेत दूषित नै हुने हुँदा सो दूषित दर्ताको आधारमा भएका अन्य बिक्री एवं दर्ता पनि दूषित भई शून्य अवस्थामा रहनुको अतिरिक्त प्रभावहीन पनि हुन जाने हुन्छ" भन्ने सिद्धान्त प्रतिपादन भइरहेको परिप्रेक्ष्यमा प्रस्तुत मुद्दामा भएको यस अदालतको मिति २०६३।४।२२ को फैसला न्याय प्रशासन ऐन, २०४८ को दफा १२ (१)(ख) को आधारमा पुनरावलोकनयोग्य हुँदा पुनरावलोकनको निमित्त अनुमति प्रदान गरिदिएको छ भन्ने यस अदालतको पूर्ण इजलासको मिति २०६५।११।१६ को आदेश।

नियमबमोजिम पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादीतर्फबाट विद्वान् अधिवक्ताहरू श्री उद्धव के.सी. र श्री सुरज अधिकारीले विवादित कि.नं.१९८ को जग्गा मोही मंगलमान प्रजापतिका नाममा रैकर परिणत गरी दर्ता गर्न मेरो पक्षको मन्जुरी रहेको अवस्था होइन। मोही मंगलमान प्रजापतिले आफैँले रैकर परिणतमा निवेदन दिई तारेखमा रहेको अवस्थामा तारेख गुजारी कानूनबमोजिम थमाई पाउने म्याद व्यतीत गरेको अवस्थामा त्यसरी तारेख गुजार्ने पक्षका हितमा हुने गरी मालपोत कार्यालय, काठमाडौंबाट निर्णय भएकोले मेरो पक्षले चुनौती दिई पुनरावेदन गरेकोमा मालपोत कार्यालय, काठमाडौंको सो निर्णय कानूनविपरीतको भएबाट उक्त निर्णय बदर हुने ठहरी जिल्ला कार्यालयबाट भएको निर्णय अन्तिम भई विवादित मूल स्रोत कि.नं.१९८ को जग्गा वादीको हक कायम हुन आएको अवस्था छ। तर रैकर परिणतसम्बन्धी मुद्दा विचाराधीन रहेकै अवस्थामा प्रतिवादीहरूले विवादित जग्गा दर्ता गरी तहगतरूपमा हस्तान्तरण गरेको हुँदा त्यस्तो लिखत बदर गर्नुपर्नेमा फिराद दाबी नै खारेज हुने ठहर गरेको यस अदालतको संयुक्त इजलासको फैसला मिलेको छैन भनी बहस प्रस्तुत गर्नुभयो।

प्रत्यर्थी प्रतिवादीहरूका तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री हरिहर दाहाल र श्री श्याम खरेलले रैकर परिणत दर्ता तथा लिखत मितिबाट कानूनले निर्दिष्ट गरेको हदम्याद २ वर्षभित्र फिराद दिनुपर्नेमा उक्त हदम्याद व्यतीत गरी नक्कल सारेको मितिलाई हदम्याद कायम गरी फिराद दायर भएको हुँदा हदम्यादको अभावमा फिराद खारेज हुने ठहर गरेको यस अदालतको संयुक्त इजलासको फैसला

मिलेको हुँदा बदर हुनुपर्ने अवस्था छैन भनी बहस प्रस्तुत गर्नुभयो।

दुवैतर्फका विद्वान् कानून व्यवसायीहरूले आ-आफ्नो पक्षको तर्फबाट प्रस्तुत गर्नुभएको तार्किक बहस सुनी मिसिल अध्ययन गरी हेर्दा यस अदालतको संयुक्त इजलासको फैसला मिलेको छ छैन सोही विषयको निरूपण गर्नुपर्ने देखिन आयो।

पूर्णानन्द बज्राचार्य र म तिर्थरत्न तुलाधरका पिता भीमलाल तुलाधरका नाममा पोता लगत नं. ७१ मा संयुक्त दर्ता भएको काठमाडौं जिल्ला काठमाडौ नगरपालिका वडा नं.२९ (क) कि.नं.१९८ को जग्गा मोही मंगलमान प्रजापतिको नाममा रैकर परिणत गरी दर्ता गरी दिने भनी मालपोत कार्यालय, काठमाडौंबाट मिति २०३८।७।५ मा भएको निर्णय बदरका लागि जिल्ला कार्यालय, काठमाडौंमा पुनरावेदन गरेकोमा मोही मंगलमान प्रजापतिका नाममा रैकर परिणत दर्ता गर्ने गरी मालपोत कार्यालय, काठमाडौंबाट भएको निर्णय बदर हुने ठहरी जिल्ला कार्यालय, काठमाडौबाट मिति २०४५।४।१९ मा फैसला भएकोमा रैकर परिणत दर्ता सम्बन्धमा मुद्दा परी अन्तिम निर्णय नहुँदै मुद्दा विचाराधीन रहेको अवस्थामा साबिक कि.नं.१९८ को जग्गा मोही मंगलमानले दर्ता गरी सो जग्गा विभिन्न कित्तामा कित्ताकाट गरी कायमी कि.नं. ३७६ को ज.रो. ५-१२-३ मध्ये कि.का. गरी कायमी कि.नं.३७७ को १-४-० जग्गा मिति २०३९।७।१ मा र.नं.२५७३ को हालैदेखिको बकसपत्रको लिखतबाट मोही मंगलमान प्रजापतिले दिवाकरमान शेरचनलाई हक हस्तान्तरण गरेको लिखत २ खण्डको १ खण्ड बदर गरी दर्ता गरिपाउँ भन्ने वादी दाबी भएकोमा वादीको हक जति लिखत बदर हुने ठहर गरी काठमाडौं जिल्ला अदालतबाट फैसला देखिन्छ । काठमाडौं जिल्ला अदालतबाट भएको सो फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट फैसला भएकोमा पुनरावेदन अदालत, पाटनबाट भएको सो फैसला उल्टी गरी वादीको फिराद दाबी खारेज हुने ठहर्‍याई यस अदालतको संयुक्त इजलासबाट फैसला भएको पाइन्छ। यस अदालतको संयुक्त इजलासबाट भएको सो फैसला पुनरावलोकन गरिपाउँ भनी वादीको निवेदन परेकोमा मुद्दा पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान भई प्रस्तुत मुद्दा निर्णयार्थ पेस हुन आएको पाइयो।

२. निर्णयतर्फ विचार गर्दा पूर्णानन्द बज्राचार्य र वादी तीर्थरत्न तुलाधरका पिता भीमलालका नाममा पोता लगत नं. ७१ मा संयुक्त दर्ता भएको काठमाडौं नगरपालिका वडा नं.२९ (क) कि.नं.१९८ को ज.रो.१२-१३-० जग्गा मोही मंगलमान प्रजापतिले रैकर परिणत गरिपाउँ भनी २०३४।२।७ मा मालपोत कार्यालय, काठमाडौंमा निवेदन दिएकोमा सो कार्यालयबाट २०३८।७।५ मा रैकरमा परिणत गर्ने गरी निर्णय भएको र सो निर्णयउपर जग्गाधनीको तर्फबाट जिल्ला कार्यालय, काठमाडौंमा पुनरावेदन परेकोमा मालपोत कार्यालयको उक्त निर्णय बदर भई वादीका नाममा रैकर परिणत दर्ता हुने ठहरी सो कार्यालयबाट २०४५।४।१९ मा निर्णय भएको भन्ने तथ्यमा विवाद भएन। जिल्ला कार्यालय, काठमाडौंको २०४५।४।१९ को निर्णयउपर पुनरावेदन गरी पाउन अनुमति पाउँ भनी परेको निवेदनमा तत्कालीन मध्यमाञ्चल क्षेत्रीय अदालतबाट पुनरावेदनको अनुमति दिन नमिल्ने भनी मिति २०४५।५।२४ मा निवेदन दरपीठ भएको तथ्यमा समेत विवाद भएन। यसरी पुनरावेदनको अनुमति प्राप्त गर्न नसकेपछि जिल्ला कार्यालय काठमाडौंको सो मिति २०४५।४।१९ को निर्णय बदर गरिपाउँ भनी मोही मंगलमान प्रजापतिले यस अदालतमा २०४५ सालको रिट नं. ९७७ दायर गरेकोमा सो रिट निवेदन खारेज हुने ठहरी यस अदालतबाट २०४७।५।२४ मा आदेश भएको तथ्य पनि प्रमाणमा आएको मिसिलबाट देखिन आएको छ।

३. कि.नं.१९८ को जग्गा रैकर परिणत

गरिपाउँ भनी मोही मंगलमान प्रजापतिले २०३४।२।७ मा निवेदन दिई कारवाही चलेकोमा मिति २०३८।७।५ मा मोहीका नाममा रैकर परिणत दर्ता गर्ने निर्णय भएकोमा मालपोत कार्यालयको उक्त निर्णयउपर यीनै वादीको पुनरावेदन परी पुनरावेदनको निर्णय हुन बाँकी भई मुद्दा विचाराधीन रहेको अवस्थामा नै मंगलमान प्रजापतिले उक्त कि.नं.१९८ को जग्गा आफ्नो नाममा दर्ता गरी कित्ताकाट गरी कायमी कि.नं. ३७७ को जग्गा मिति २०३९।७।१ मा र.नं.२५७३ को हालैदेखिको बकसपत्रको लिखत गरी दिवाकरमान शेरचनलाई हक हस्तान्तरण गरेको देखिन्छ। मिति २०३८।७।५ को मालपोत कार्यालय, काठमाडौंको निर्णयउपर कानूनको म्यादभित्र जग्गाधनीको पुनरावेदन परी मालपोत कार्यालयको मिति २०३८।७।५ को निर्णय तथा सो निर्णयका आधारमा मोही मंगलमानले गराएको रैकर परिणतसमेत बदर हुने ठहरी जिल्ला कार्यालय काठमाडौंबाट मिति २०४५।४।१९ मा निर्णय भएको छ र सो निर्णय नै अन्तिम रहेको अवस्था छ। विवादित जग्गाको विषयमा भएको रैकर परिणत दर्ताको अन्तिम निर्णय नहुँदै मुद्दा विचाराधीन रहेकै अवस्थामा गरिएका तहगत हक हस्तान्तरणको लिखतउपर चुनौती दिई वादीले प्रस्तुत फिराद दायर गरेको देखिन्छ।

४. मुद्दा विचाराधीन रहेकै अवस्थामा विवादित जग्गाको लिखत गरी तहगत रूपमा गरिएको हक हस्तान्तरणले वैधता प्राप्त गर्न सक्छ वा सक्दैन भन्ने प्रश्न विचारणीय हुन आएको छ। मुद्दा विचाराधीन रहेकै अवस्थामा गरिएका दर्ता तथा तहगत हक हस्तान्तरण गरिएको लिखतको वैधताको विषयमा के हुने भन्ने सम्बन्धमा यस अदालतबाट विभिन्न मुद्दामा सिद्धान्त प्रतिपादन भईसकेका छन्। यस परिप्रेक्ष्यमा यस अदालतबाट प्रतिपादित सिद्धान्तका पूर्व दृष्टान्तहरूसमेत उल्लेख हुनु सान्दर्भिक हुन आएको छ।

५. "दूषित दर्ता बदर गराउन हदम्याद बाधक नहुने" (ने.का.प. २०६०, नि.नं. ७१६६, पृष्ठ ५८, ईश्वरी भोमी विरूद्ध गणेशलाल खड्गी मुद्दा दर्ता बदर), "मुद्दा चल्दा चल्दैको अवस्थामा अदालतको विचाराधीन विषयविपरीत असर पर्ने गरी गरेको लिखत व्यवहारलाई मान्यता दिन नमिल्ने" (ने.का.प. २०५२, अंक १०, नि.नं.६०९६, पृष्ठ ९२१) र "हकै नभएको व्यक्तिले गरी दिएको लिखत स्वतः दूषित भई उक्त लिखतको अस्तित्व नै शून्य अवस्थामा रहन जाने हुन्छ। दूषित लिखतको आधारबाट भएको दर्तासमेत दूषित नै हुने हुँदा सो दूषित दर्ताको आधारमा भएका अन्य बिक्री एवं दर्ता पनि दूषित भई शून्य अवस्थामा रहनुको अतिरिक्त प्रभावहीन पनि हुन जाने" (२०५४ सालको दे.पु.नं. ४२२३, पुनरावेदक दुधनाथ भण्डारीसमेत विरूद्ध पदमकुमारी खरेल, मुद्दाः लिखत बदर नामसारी) "जग्गाको स्वामी नै नरहेको व्यक्तिले गरेको हक हस्तान्तरणलाई वैध मान्न नसकिने । छलकपट, जालसाज, कृत्रिम आधार, नक्कली प्रमाण, आपसी मिलोमतो र सार्वजनिक सम्पत्तिमा कब्जा जस्ता माध्यमबाट भएका दर्ताबाट कसैको हक प्राप्त नहोस् भन्ने नै दूषित दर्ताको मूल मर्म हो। बिना स्रोत, बिना आधार र स्रोत लिखत वा प्रमाणको प्रतिकूल हुन पुगेका दर्तालाई पनि दूषित दर्ताकै दर्जामा राख्नुपर्ने हुन्छ। यस्ता कार्यले समयसीमाका कारणले मान्यता पाउने स्थिति नरहोस् भनेर नै दूषित दर्ता बदर गराउन हदम्याद नलाग्ने सिद्धान्त कायम भएको हो। जुन कुरा प्रत्यक्षरूपमा सम्भव छैन, त्यो परोक्षरूपमा पनि सम्भव हुन नहुने। मूल स्रोतका अतिरिक्त त्यो स्रोतबाट उब्जेका अन्य लिखतहरू पनि अदालतकै निर्णयबाट शून्यमा परिणत भइसकेको अवस्थामा स्रोतका सबै कडीहरू धरासायी भएको स्पष्ट स्थिति हुँदाहुँदै पनि पछिल्लो लिखतलाई परोक्ष रूपमा सदर मानिदिनु न्यायसंगत नहुने। "(ने.का.प. २०६६ कार्तिक, नि.नं. ८१९०, पृष्ठ ११२९, पूर्ण इजलास) "मुद्दा चल्दा चल्दैको अवस्थामा आफ्नो नाममा गराएको दर्ता दूषित दर्ता देखिएकोले

कानूनी मान्यता प्राप्त गर्न सक्ने स्थितिको नदेखिने ।" (ने.का.प. २०४२ आषाढ, नि.नं. २३२०, पृष्ठ ३१८)

६. यस अदालतबाट प्रतिपादन भएका उपरोक्त सिद्धान्तका पूर्व दृष्टान्तहरू अध्ययन गरी हेर्दा कुनै जग्गाका विषयमा दुई पक्षहरूबीच विवाद सिर्जना भई त्यस विवादले मुद्दाको रूप धारण गरी न्याय निरूपणको लागि विवाद लिई अदालत प्रवेश गरेको अवस्थामा मुद्दाको अन्तिम निर्णय हुनु अगावै मुद्दा विचाराधीन रहेको अवस्थामा विवादित जग्गाको एक पक्षले त्यस्तो विवादित जग्गा आफ्नो नाममा दर्ता गरी अन्य व्यक्तिलाई हक हस्तान्तरण गरे गराएमा त्यस्तो दर्ता र लिखत दूषित हुने भई सो बदरमा दाबी गर्न हदम्याद बाधक नहुने भन्ने सिद्धान्त स्थापित भएको देखिन आएको छ। प्रस्तुत विवादमा समेत रैकर परिणत मुद्दा विचाराधीन रहेकै अवस्थामा मंगलमान प्रजापतिले विवादित जग्गा आफ्नो नाममा एकलौटी दर्ता गरी अन्य व्यक्तिहरूमा तहगत हक हस्तान्तरण गरेको देखिएको हुँदा उपरोक्त प्रतिपादित सिद्धान्तहरू प्रस्तुत विवादमा आकर्षित हुने देखियो।

७. यसरी दाबीको जग्गाको मूल स्रोत कि.नं.१९८ को जग्गा भएको र सो कि.नं.१९८ को जग्गाका सम्बन्धमा यीनै वादी प्रतिवादीबीच रैकर परिणतसम्बन्धी मुद्दा परी सो मुद्दा विचाराधीन रही रहेको अवस्थामा विवादित जग्गा हक हस्तान्तरण हुने गरी बकसपत्रको लिखत भएको देखिएको तथा सो रैकर परिणतको अन्तिम किनारा हुनु अगावै भएको लिखत बदर गर्न लेनदेन व्यवहारको ४० नं., जग्गा पजनीको १७ नं., र जग्गा मिच्नेको १८ नं. को हदम्याद व्यतित भएको भन्ने प्रतिवादीको जिकिर र यस अदालतको संयुक्त इजलासको फैसलासमेत माथि उल्लिखित कानूनी सिद्धान्तसमेतको अनुकूल देखिन आएन।

८. कसको नाममा रैकर परिणत हुने भन्ने मुद्दाको अन्तिम निर्णय हुन बाँकी भई मुद्दा विचाराधीन रहेको अवस्थामा सो तथ्यलाई छली विवादित जग्गा आफ्नो नाममा एकलौटी दर्ता गरी सो दर्ताको आधारमा लिखत गरी हक हस्तान्तरण गरेको हुँदा सो कार्य दूषित भई त्यस्तो दर्ता तथा लिखत वैध हुन र त्यस्तो लिखतले वैधता प्राप्त गर्न सक्ने हुँदैन। त्यस्तो दूषित क्रियाबाट गरेको लिखतको हक हस्तान्तरणबाट प्रतिवादीहरूको हक कायम रही रहन र वादीको हक समाप्त हुन सक्दैन। त्यस्तो दूषित क्रियाबाट तहगत लिखतको माध्यमबाट हक हस्तान्तरण गर्दै गएपनि सो कार्य गैरकानूनी, प्रभावहीन र अमान्य प्रकृतिको भएकोले प्रारम्भदेखि नै बदरभागी हुने हुँदा त्यस्तो दूषित दर्ता र लिखत हक हस्तान्तरणको विषयमा विवाद उठेमा दूषित लिखत दर्ता बदर गराउन हदम्याद बाधक हुन्छ भन्न पनि मिल्दैन। यसकारण कसैले प्राप्त गरेको जग्गाको मूल स्रोतको प्राप्ति नै कानूनविपरीतको छ भने त्यसपछि तहगतरूपमा हक हस्तान्तरण हुँदै गएका लिखतलाई पनि दूषित लिखतको अर्थमा ग्रहण गर्नुपर्ने हुन्छ। हकको मूल स्रोत नै वैधानिक नभएको स्थितिमा त्यस्तो अवैधानिक स्रोतको आधारमा तहगत रूपमा हक हस्तान्तरण हुँदै गएका लिखतहरूको अस्तित्व पनि शून्य नै हुन जाने हुन्छ।

९. यसको अतिरिक्त यीनै वादीले प्रतिवादी मंगलमान प्रजापति र दिवाकरमान शेरचनउपर दायर गरेको ०६५-NF-००६२ को जालसाजी मुद्दामा रैकर परिणत मुद्दा विचाराधीन रहेको अवस्थामा मंगलमान प्रजापतिले दिवाकरमान शेरचनलाई कि.नं. ३७७ को जग्गा र.नं.२५७३ बाट मिति २०३९।७।१ मा हालैदेखिको बकसपत्र गरी दिएको कारणबाट वादीको हक मेटिन गएको हुँदा उक्त क्रिया जालसाजी घोषित हुने ठहरी आज यसै इजलासबाट फैसला भईसकेको छ।

१०. अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादी गणेश कुमारी शाहीका दाता मंगलमान प्रजापतिले प्राप्त गरेको साबिक स्रोत कि.नं.१९८ को जग्गा दर्ताले वैधता प्राप्त गर्न नसकी

बदर भएको अवस्थामा निज दिवाकरमान शेरचनले मंगलमान प्रजापतिबाट मिति २०३९।७।१ मा र.नं.२५७३ बाट पारित गरी लिएको कि.नं. ३७७ को जग्गाको हालैदेखिको बकसपत्रको लिखत वादीको हक जति बदर भई वादीको नाममा दर्तासमेत हुने ठहर्छ । दाबीबमोजिम लिखत बदर हुने ठहर गरेको काठमाडौं जिल्ला अदालतको मिति २०५४।३।१९ को फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको २०५७।१२।८ को फैसला सदर हुने ठहर गर्नुपर्नेमा उल्टी गरी फिराद दाबी खारेज हुने ठहर गरेको यस अदालतको संयुक्त इजलासको मिति २०६३।४।२२ को फैसला मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ । वादी दाबीबमोजिम वादीको हक जति लिखत बदर हुने ठहर गरेको काठमाडौं जिल्ला अदालतको मिति २०५४।३।१९ को फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको २०५७।१२।८ को फैसला मिलेकोले सदर हुने ठहर्छ । अरूमा तपसिलबमोजिम गर्नू ।

तपसिल

माथि ठहरखण्डमा लेखिएबमोजिम यस अदालतको संयुक्त इजलासको मिति २०६३।४।२२ को फैसला उल्टी भई वादी दाबीबमोजिम वादीको हक जति लिखत बदर हुने ठहर्‍याएको काठमाडौं जिल्ला अदालतको मिति २०५४।३।१९ को फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको २०५७।१२।८ को फैसला सदर हुने ठहरी फैसला भएको हुँदा यस अदालतको संयुक्त इजलासको फैसलाको तपसिल खण्ड कार्यान्वयन गर्नु नपर्ने भएकोले काठमाडौं जिल्ला अदालतको मिति २०५४।३।१९ को फैसलाबमोजिम काठमाडौं जिल्ला काठमाडौं नगरपालिका वडा नं.२९ (क) कि.नं.३७७ को जग्गाको वादीको हकजति निजको नाममा दर्ताको लागि सम्बन्धित मालपोत कार्यालयमा लेखी पठाई फैसला कार्यान्वयन गर्नु भनी काठमाडौं जिल्ला अदालतमा लेखी पठाउनू .......................१

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू ...................................२

उक्त रायमा हामी सहमत छौं ।
न्या.गोविन्दकुमार उपाध्याय
न्या.जगदीश शर्मा पौडेल

इजलास अधिकृतः विश्वनाथ भट्टराई
इति संवत् २०७२ साल पुस ९ गते रोज ५ शुभम् ।

## निर्णय नं.९६२६

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय
फैसला मिति : २०७२।५।१४।२
०६८-CR-०८२८

मुद्दा: नागरिकता

पुनरावेदक / वादी : नेपाल सरकार
विरूद्ध
प्रत्यर्थी / प्रतिवादी : जिल्ला बर्दिया गुलरिया न.पा. वडा नं. १२ बस्ने मन्साराम भुर्जीसमेत

- **वस्तुतः कुनै पनि देशको नागरिकताको प्रमाणपत्र भनेको नागरिक र राज्यबीचको कानूनी सम्बन्धको आधार र प्रमाण देखाउने आधारभूत लिखतको रूपमा रहेको हुन्छ । नागरिक र राज्यको सम्बन्धलाई स्थापित**

**गर्ने यस्तो प्रमाणपत्रको प्राप्ती एवं समाप्तीका आधारहरू अत्यन्तै संवेदनशील विषय हुन्छन् । यही संवेदनशीलतालाई मनन गरी विधायिकाले नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी नेपाली नागरिकबाट हटाउने आदेश दिने अधिकार सरकारको कुनै मन्त्रालय वा विभागलाई प्रत्यायोजन नगरी नेपाल सरकार मन्त्रिपरिषद्मा नै निहित रहने व्यवस्था गरेको भन्ने उल्लिखित ऐनको व्यवस्थाबाट स्पष्ट हुन आउँछ । यसरी नागरिकताको समाप्तिको संवेदनशीलता र महत्त्वलाई दृष्टिगत गरी ऐनमा नै सो अधिकार प्रत्यायोजन गर्न नमिल्ने किटानी व्यवस्था भएको देखिन आउने ।**

(प्रकरण नं.६)

- **नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ अनुसार प्रधानमन्त्रीको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुने तथा सो धाराको उपधारा (४) बमोजिम मन्त्रिपरिषद्मा आवश्यकताअनुसार उपप्रधानमन्त्री र अन्य मन्त्रीहरू रहने व्यवस्था भएबाट कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा २(झ) को प्रकरण (ङ) को व्यवस्थासमेतको सन्दर्भमा हेर्दा नेपाल सरकार भन्ने शब्दले प्रधानमन्त्रीको अध्यक्षतामा गठित मन्त्रीहरूको सामुहिक अस्तित्वलाई जनाउने भन्ने देखिन आउँछ । उल्लिखित व्यवस्थाबाट कुनै एकजना मन्त्री नेपाल सरकारको अङ्ग भएपनि त्यसले नेपाल सरकारको पूर्ण अस्तित्वलाई जनाउन सक्ने देखिएन । यस अवस्थामा अधिकार प्रत्यायोजन गरिएकोमा बाहेक कुनै एक मन्त्रीको निर्णयलाई नेपाल सरकारको निर्णय मान्न नमिल्ने ।**

(प्रकरण नं.७)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता सुरेन्द्र थापा

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ताहरू गोविन्द शर्मा बन्दी र मधुर पाठक

अवलम्बित नजिर :

- ने.का.प. २०६६ असोज, नि.नं.८१७८, पृ.१०३३

सम्बद्ध कानून :

- नागरिकता ऐन, २०६३ को दफा १४(१), २०(१)
- कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा २(झ), प्रकरण (ङ)
- नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८

सुरू फैसला गर्ने :

गृह मन्त्रालय

पुनरावेदन तहमा फैसला गर्ने :

माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ

माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा

फैसला

**स.प्र.न्या.कल्याण श्रेष्ठ :** पुनरावेदन अदालत, पाटनको मिति २०६८।२।२५ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पुनरावेदन परेको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः

गुलरिया न.पा. वडा नं. १२ बस्ने रामलाल भुर्जीको छोरा मन्साराम भुर्जी, बैजनाथ भुर्जी र चेतराम भुर्जीसमेतले मिति २०६३।११।१० र १४ गतेको

नागरिकता टोलीलाई झुक्याई निजहरू नेपालमा नजन्मिएका र मतदाता नामावलीमा नाम नभएको, ५/६ वर्ष पहिले मात्र भारतबाट नेपालमा आएका मानिसहरूले दलालहरूलाई रूपैयाँ दिई नागरिकता बनाएकोले नागरिकता बदर गरी सजाय पाउँ भन्ने व्यहोराको मिति २०६४।१।१६ को गोप्य जाहेरी।

घर कर रसिद, परिचयपत्र, बाबु आमाको नागरिकता र मतदाता नामावली तथा भूमिसुधारको लगतमा नाम छैन। मेरो जन्म कसको घर जग्गामा भएको हो थाहा छैन। जन्म मितिसम्म छ, मेरो स्थायी बसोबास र जन्मघरसम्बन्धी खास प्रमाण छैन। आमा बाबु भारतको पृथीपुरवाबाट आएको हो। भारतको जग्गा जमिन बिक्री गरी सकिएको छ भन्ने चेतराम भुर्जीको मिति २०६४।२।३० को बयान।

हामीहरूका बाबुआमा भारत पृथीपुरवाबाट नेपालमा आई जग्गा खरिद गरी भिनाजु बाबुरामका नाउँमा पास गराएको सो जग्गामा मेरो जन्म भएको हो। जन्म कहिले भएको हो थाहा छैन। घर कर रसिद, परिचयपत्र, बाबु आमाको नागरिकता र मतदाता नामावली तथा भूमिसुधारको लगतमा नाम छैन। भारतको घर जग्गामा हाम्रो हिस्सा छैन। ठूला बाबुको हक भोग चलन छ। नेपालको प्रमाणको हकमा जन्मदर्तासम्म गराएको छु भन्ने व्यहोराको मन्साराम भुर्जीको २०६४।२।६ को बयान।

मेरो बाबु आमा भारत पृथीपुरवाबाट नेपाल आई ७ कट्ठा जग्गा खरिद गरेको १० वर्ष जति भयो। भिनाजु बाबुरामको नाममा पास गरी त्यसैमा घरजम गरिबसेको छु। मेरो जन्म कुन जग्गामा भएको हो थाहा छैन। घर कर, रसिद, परिचयपत्र, मतदाता नामावली आदि कुनै ठाउँमा मेरो नाम छैन। जन्मदर्तासम्म छ भन्ने व्यहोराको बैजनाथ भुर्जीको मिति २०६४।२।३ को बयान।

मन्साराम, चेतराम, बैजनाथको जन्म भारत पृथीपुरवामा भएको हो। ५/६ वर्षदेखि नेपालमा आई बसेका हुन्। नेपालको जन्म होइन। कोही नेपालमा कोही भारतको घरमा रहने बस्ने गरेका छन्। स्वास्नी र छोराछोरी भारत मै छन् भन्ने वर्ष ५५ का लक्षीराम लोनिया, वर्ष ७० का सत्यनारायण ठाकुर, वर्ष ६५ का काशी लोध, वर्ष ६० का खेलावन पासी, वर्ष ६० का सुमई लोध र वर्ष ४० का घिराउ अहिरको २०६४।५।२ को बयान।

रामलाल भुर्जी अं. ४० वर्ष पहिले पृथीपुरवाबाट नेपालमा आएर रामचन्द्र श्रीवास्तवको जग्गा खरिद गरी बसेका छन्। निजका ५ जना छोराहरू नेपाल मै जन्मेका हुन् भन्ने हिरालाल यादवको मिति २०६४।५।५ को बयान।

रामलाल भुर्जी पृथीपुरवाबाट आफ्नो ५ वटा छोराका साथ नेपाल आई रामचन्द्र श्रीवास्तवको जग्गा खरिद गरेर बसेका छन्। निजका छोराहरूको जन्म नेपालमा भएको होइन भन्ने वर्ष ६० की चमेलिया लोनियाको बयान।

सोही व्यहोरासँग मिल्ने वर्ष ४० का क्षेत्रपाल लोनियाको २०६४।६।२ को बयान।

मन्साराम भुर्जी, बैजनाथ भुर्जी र चेतराम भुर्जीको जन्म भारत जिल्ला बहराइच पृथीपुरवामा भएको र २० वर्षदेखि नेपालमा गुलरिया नगरपालिका १२ पदमपुरमा बसी रहेका छन् भन्ने व्यहोराको जिल्ला प्रहरी कार्यालय, बर्दियाको २०६४।६।७ को प्रतिवेदन।

निजहरू ३ नै जनाको जन्म मैले आँखाले देखिन। निजहरूको बाबुआमा भारतबाट आएको भए पनि निजहरू गुलरिया नगरपालिका १२ पदमपुरमा बसिरहेका छन्। निजहरूको जन्म दर्ता र घर कर रसिद जस्ता प्रमाणका आधारमा नागरिकता पाउनलाई सिफारिस गरेको हुँ भन्ने व्यहोराको बेचनलाल यादव र सोही व्यहोराको सियामिया चमारनीको २०६४।६।१७ को कागज।

नागरिकताको सिफारिस माग गर्दा निजहरूले

स्पष्ट प्रमाण पेस गर्न नसकेकोले निर्देशिकाअनुसार नगरपालिकाले सर्जमिनको लागि सिफारिस गरी पठाएको हो भन्ने गुलरिया नगरपालिकाको जवाफ।

चेतराम भुर्जीको २०३८।२।८ मा जन्म भएको भन्ने द.नं. १०४ मिति २०५८।२।३ को तथा मन्साराम भुर्जीको मिति २०३६।४।२ मा जन्म भएको हो भन्ने द.नं. १०३ मिति २०५८।२।३ को र बैजनाथ भुर्जीको २०३९।१०।४ मा जन्म भएको हो भन्ने द.नं. १०५ मिति २०५८।२।३ को जन्म दर्ता प्रमाण पत्र। उक्त जन्मदर्ता तथा अनुसूची ५ सर्जमिन र अनुसूची ६ सनाखतका आधारमा नागरिकता टोलीबाट मिति २०६३।११।४ मा चेतराम भुर्जीले नं. ६५३००१/१४७३, मन्साराम भुर्जीले ६५३००१/११९६ र बैजनाथ भुर्जीले ६५३००१/११९५ नम्बरका नागरिकता प्रमाणपत्र प्राप्त गरेका देखिएको।

यो मुद्दाको प्रारम्भिक छानबिन गर्दा भारत जिल्ला बहराइचअन्तर्गत पृथीपुरवा गाउँमा जन्म घर भएका भारतीय नागरिक रामलाल भुर्जीका ३ छोराहरू मन्साराम भुर्जी, चेतराम भुर्जी र बैजनाथ भुर्जीले नागरिकता टोलीमा भीड भएको मौका छोपी भारतको जन्म घरलाई ढाँटी नेपालमा जन्म भएको हो भनी नागरिकता प्राप्त गरेको र हाम्रा बुबाले भिनाजु बाबुराम भुजुवाका नाउँमा जग्गा खरिद गरी घर बनाई बसेको सो जग्गामा हाम्रो जन्म भएको हो भनी बयान गरेकोमा बाबुरामको नाममा २०३६।८।९ मा जग्गा पास भएको प्रमाण पेस भएको र निजहरूको जन्म मिति सोभन्दा पहिलेको भएकोले निजहरूले नेपाल नागरिकता नियमावली, २०६३ को अनुसूची ५ र ६ मा झुठ्ठा व्यहोराको सर्जमिन र सनाखत गराई जन्मदर्ताको आधारमा जन्मसिद्ध नेपाली नागरिकता प्राप्त गर्न सफल भएको। निज ३ जनाको बयान तथा कार्यालयबाट बुझिएका मानिस र सनाखत कागज, सर्जमिनकर्ताहरूसमेतको बयानले निजहरू नेपाली नागरिकता प्राप्त गर्नसक्ने हैसियतको व्यक्ति नभएको भन्ने कुराको पुष्टि भएकोले नेपाल नागरिकता ऐन, २०६३ को दफा १४ र २१ बमोजिम कारवाहीका लागि सक्कल कारवाही मिसिल फाइल थान १ र निज ३ जनाको नागरिकता प्राप्तिसम्बन्धी अनुसूचीसहितको सक्कल फाइल थान ३ यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ भन्ने बर्दिया जिल्ला प्रशासन कार्यालय, बर्दियाको पत्र।

भारतीय नागरिक मन्साराम भुर्जी, चेतराम भुर्जी र बैजनाथ भुर्जीले झुठ्ठा विवरण दिई बर्दिया जिल्ला गुलरिया नगरपालिका वडा नं. १२ को स्थायी ठेगाना देखाई बाबुको नाम थर रामलाल भुर्जी, नागरिकताको किसिम जन्मसिद्धको विवरण राखी क्रमशः मिति २०६३।११।१० (ना.प्र.नं. ६५३००१/११९६), मिति २०६३।११।१४ (ना.प्र.नं. ६५३००१/१४७३) र मिति २०६३।११।१०(ना.प्र.नं. ६५३००१/११९५) मा लिएको नेपाली नागरिकताको प्रमाणपत्र नेपाल नागरिकता ऐन, २०६३ को दफा १४ को उपदफा (१) बमोजिम "कुनै विदेशी व्यक्तिले झुठ्ठो विवरण वा बयान दिई नेपाली नागरिक हो भनी झुक्याई नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको कुरा प्रमाणित हुन आएमा नेपाल सरकारले निजको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी निजलाई नेपाली नागरिकबाट हटाउने आदेश दिनेछ" भन्ने उल्लेख भएअनुसार भारती नागरिक विपक्षी मन्सारामसमेतको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी निजलाई नेपाली नागरिकबाट हटाउने निर्णय गरिएको छ भन्नेसमेत व्यहोराको मिति २०६५।१२।३० मा गृह मन्त्रालयको निर्णय।

हामी पुनरावेदकहरूको माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्रीबाट मिति २०६५।१२।३० मा हाम्रो नेपाली नागरिकता प्रमाणपत्र रद्द गरी हामीहरूलाई नेपाली नागरिकबाट हटाउने भनी भएको आदेश प्रत्यक्षरूपमा नेपाली नागरिकता ऐन, २०६३ को दफा ४(१) र १४(१) र नेपाल नागरिकता

नियमावली, २०६३ को नियम ४(१)(क)(ख), (२)(३)(१)(क)(ख) समेतका कानूनी त्रुटिपूर्ण भई बदरभागी हुँदा मिति २०६५।१२।३० को गृह मन्त्रालयको निर्णय बदर गरी मेरो नेपाली नागरिकता प्रमाणपत्र बदर नहुने, यथावत् रहने गरिपाउँ भन्नेसमेत मन्साराम भुर्जीसमेतको पुनरावेदन अदालत, नेपालगञ्जमा परेको पुनरावेदन पत्र।

यसमा स्पष्ट आधार, प्रमाण उल्लेख नगरी पुनरावेदकहरूलाई नेपाली नागरिकताबाट हटाउने गरी भएको निर्णय प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने हुँदा अ.बं. २०२ नं. बमोजिम पुनरावेदन सरकारी वकिल कार्यालयलाई पेसीको सूचना दिई पेस गर्नु भन्ने मिति २०६६।८।२८ को पुनरावेदन अदालत, नेपालगञ्जको आदेश।

गृह मन्त्रालयको निर्णयउपर पुनरावेदन सुन्ने अधिकार न्याय प्रशासन ऐन, २०४८ को दफा ८ ले यस अदालतको क्षेत्राधिकारभित्र नभई पुनरावेदन अदालत, पाटनको क्षेत्राधिकारभित्रको देखिँदा हाजिर रहेका पक्षहरूलाई पुनरावेदन अदालत, पाटनको तारेख तोकी मिसिलसमेत पठाई दिनु भन्ने पुनरावेदन अदालत, नेपालगञ्जको २०६६।१०।१० को आदेशानुसार प्रस्तुत मुद्दा पुनरावेदन अदालत, पाटनमा दर्ता भएको।

यसमा प्रस्तुत मुद्दा पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०६६।१०।११ को आदेशबाट सो अदालतको क्षेत्राधिकारभित्रको नभई यस अदालतको क्षेत्राधिकारअन्तर्गतको देखिएको भन्दै सरी आएकोबाट यस अदालतमा पुनरावेदन दर्ता भएको देखियो। यसरी यस अदालतको क्षेत्राधिकार ग्रहण गरेपश्चात् नागरिकताको प्रमाण पत्र रद्द गर्ने गरेको नेपाल सरकारको निर्णय मिलेको छ वा छैन भनी हेर्नु पर्ने भई हेर्दा के कुन आधारमा पुनरावेदकहरूले लिएको नागरिकताको प्रमाणपत्र रद्द हुने भनी निर्णयमा आधार प्रमाण उल्लेख गर्नुपर्नेमा सो नगरेको नेपाल सरकारको निर्णय प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिँदा अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम छलफलको प्रयोजनार्थ पुनरावेदन सरकारी वकिल कार्यालय, पाटनलाई सूचना दिई पेस गर्नु भन्ने मिति २०६८।२।१० को पुनरावेदन अदालत, पाटनको आदेश।

प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीहरूले झुट्ठा विवरण पेस गरी नेपाली नागरिकताको प्रमाणपत्र लिएका हुन् वा होइनन् भन्ने प्रश्न सम्बन्धमा निर्णय गर्ने साधिकार निकाय मन्त्रिपरिषद्‌बाट न्यायिक मनको प्रयोग गरी निर्णय भएको अवस्था नभएकोले विवादको तथ्यमा प्रवेश गरी पुनरावेदनको रोहमा अहिले विचार गर्न पनि मनासिब भएन। त्यसैले अब यसमा पुनरावेदक विदेशी व्यक्ति हुन् वा होइनन्, निजहरूले झुट्ठा विवरण पेस गरी वा झुट्ठा बयान दिई नेपाली नागरिक हो भनी झुक्याई नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गरेका हुन् वा होइनन् भन्नेसमेतका आवश्यक सबै सान्दर्भिक प्रश्नहरूको निरूपण गर्न जे जो बुझ्नुपर्छ बुझी, आवश्यक प्रक्रिया पूरा गरी कानूनबमोजिम निर्णय गर्नु भनी तारेखमा रहेका पुनरावेदकहरूलाई तारेख तोकी सुरू मिसिल नेपाल सरकार (मन्त्रिपरिषद् सचिवालय) मा पठाइदिनु भन्ने पुनरावेदन अदालत, पाटनको मिति २०६८।२।२५ को फैसला।

पुनरावेदन अदालतको फैसलामा चित्त बुझेन। नागरिकता नियमावली, २०६३ को नियम १२ ले नागरिकताको प्रमाण पत्र रद्द गर्ने अधिकार सम्बन्धित जिल्ला प्रशासन कार्यालय र गृह मन्त्रालयलाई प्रदान गरेको छ। नागरिकता रद्द गर्ने विषय नेपाल सरकारको क्षेत्राधिकारभित्रकै विषय भई सरकारको कार्यक्षेत्रको सबै विषयमा मन्त्रिपरिषद्‌बाटै निर्णय हुनुपर्छ भन्न न त सम्भव छ न त व्यवहारिक नै हुन्छ। सरकारले आफ्नो कार्यलाई व्यवहारिक बनाउन जारी भएको नेपाल सरकार (कार्य सम्पादन) नियमावलीबमोजिम

सम्बन्धित मन्त्रालयबाट भएका कार्यहरू नेपाल सरकारबाट सम्पादन भएका मानिन्छ । नागरिकता रद्द गर्ने अधिकार नेपाल सरकारबाट प्रत्यायोजित भएर अन्य अधिकारीले प्रयोग गरेको नभई नेपाल सरकारको उपप्रधानमन्त्री तथा गृह मन्त्रीबाट उक्त नियमावलीबमोजिम आफ्नो कार्यक्षेत्रभित्रको विषयमा गरिएको निर्णयलाई क्षेत्राधिकारविहीन भन्न नमिल्ने भएकोले पुनरावेदन अदालतको निर्णय त्रुटिपूर्ण हुँदा उल्टी गरिपाउँ भन्ने वादी नेपाल सरकारको यस अदालतमा परेको पुनरावेदन पत्र।

यसमा नागरिकता नियमावली, २०६३ को नियम १२ ले कसैले झुट्ठा विवरण दिई नेपाली नागरिकताको प्रमाणपत्र लिएको प्रमाणित हुन आएमा नागरिकता भएको प्रमाणपत्र रद्द गर्ने अधिकार सम्बन्धित जिल्ला प्रशासन कार्यालय र गृह मन्त्रालयलाई प्रदान गरेको अवस्थामा प्रतिवादीहरूले प्राप्त गरेको नेपाली नागरिकताका प्रमाण पत्र रद्द गरी नेपाली नागरिकताबाट हटाउने गरी गृह मन्त्रालयबाट मिति २०६५।१२।३१ मा भएको निर्णयमा क्षेत्रात्मक त्रुटि भनी कानूनबमोजिम निर्णय गर्न मन्त्रिपरिषद् सचिवालयमा पठाउने गरी पुनरावेदन अदालत, पाटनबाट भएको २०६८।२।२५ को फैसला फरक पर्न सक्ने देखिँदा अ.बं. २०२ नं. बमोजिम विपक्षी झिकाई आएपछि पेस गर्नु भन्ने यस अदालतको मिति २०७०।४।३० को आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनसहितको मिसिल अध्ययन गरियो। पुनरावेदकतर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री सुरेन्द्र थापाले जिल्ला प्रशासन कार्यालय र गृह मन्त्रालयलाई नागरिकताको प्रमाणपत्र रद्द गर्ने अधिकार छ । नेपाल सरकारले निर्णय गर्ने सबै विषयहरू मन्त्रिपरिषद्बाट निर्णय हुँदैनन् । नेपाल सरकार (कार्य विभाजन) नियमावलीबमोजिम सम्बन्धित मन्त्रालयको कार्यक्षेत्रभित्र रहेर गरिएका निर्णयहरू नेपाल सरकारको निर्णय मानिन्छ । यस अवस्थामा गृह मन्त्रीको हैसियतमा नागरिकता रद्द गर्ने निर्णय पनि नेपाल सरकारको निर्णय भएकोले सो निर्णयमा अधिकारक्षेत्रको कुनै त्रुटि छैन । पुनरावेदन अदालतले गृह मन्त्रीबाट भएको निर्णय बदर गरेको फैसला त्रुटिपूर्ण भएकोले उल्टी हुनुपर्छ भन्नेसमेत बहस गर्नुभयो।

प्रत्यर्थी प्रतिवादीतर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री गोविन्द शर्मा बन्दी र श्री मधुर पाठकले नागरिकता ऐन, २०६३ को दफा २० को प्रतिबन्धात्मक वाक्यांशले नागरिकता रद्द गरी नेपाली नागरिकबाट हटाउने निर्णय नेपाल सरकारले नै गर्नुपर्ने एवं सो अधिकार प्रत्यायोजन हुनै नसक्ने व्यवस्था छ। नेपाल सरकार भन्नाले मन्त्रिपरिषद्लाई जनाउने भनी कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा २(झ) को प्रकरण (ङ) मा व्यवस्था छ। उल्लिखित कानूनी व्यवस्थाबमोजिम नागरिकता रद्द गर्ने विषयमा गृह मन्त्रीको अधिकारक्षेत्र नै नहुँदा पुनरावेदन अदालतले गृह मन्त्रीको निर्णय बदर गरी मन्त्रिपरिषद् पुनः निर्णय गर्ने भनी मन्त्रिपरिषद्मा पठाएको फैसला कानूनसम्मत भएकोले सोही फैसला सदर हुनुपर्छ भन्नेसमेत बहस गर्नुभयो।

उक्त बहससमेत सुनी प्रस्तुत मुद्दामा प्रत्यर्थी प्रतिवादीहरूको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गर्ने उपप्रधान तथा गृह मन्त्रीको मिति २०६५।१२।३१ को निर्णयमा अधिकारक्षेत्रको त्रुटि भएको भनी बदर गरी कानूनबमोजिम निर्णय गर्न नेपाल सरकार मन्त्रिपरिषद् सचिवालयमा पठाउने गरी पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मिलेको छ वा छैन र वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्ने हो वा होइन भन्ने निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा प्रतिवादीहरू गैरनेपाली नागरिक भएकोमा झुट्ठा विवरण पेस गरी नेपाली नागरिकताको प्रमाणपत्र लिएको हुँदा लिएको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी नेपाली

नागरिकबाट हटाउने भनी उपप्रधानमन्त्री एवं गृह मन्त्रीले मिति २०६५।१२।३१ मा गरेको निर्णय अधिकारक्षेत्रको त्रुटि भएको भन्ने आधारमा बदर गरी सो विषयमा निर्णय गर्न नेपाल सरकार मन्त्रिपरिषद् सचिवालयमा पठाउने भनी पुनरावेदन अदालत, पाटनबाट भएको निर्णयउपर वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पुनरावेदन परी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको रहेछ ।

३. यस सम्बन्धमा प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजात अवलोकन गर्दा प्रत्यर्थी प्रतिवादी भारतीय नागरिक भएकोमा झुट्ठा विवरण पेस गरी नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको भन्ने आधारमा नेपाल नागरिकता ऐन, २०६३ को दफा १४(१) बमोजिम प्रतिवादीले प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी निजलाई नेपाली नागरिकबाट हटाउने भनी मिति २०६५।१२।३१ मा उपप्रधानमन्त्री एवं गृह मन्त्रीबाट निर्णय भएको पाइन्छ । पुनरावेदन अदालत, पाटनले गृह मन्त्रीलाई नागरिकताको प्रमाणपत्र रद्द गरी नेपाली नागरिकबाट हटाउने अधिकार नभएको भनी यो विषयमा निर्णय गर्न पाउने साधिकार निकाय मन्त्रिपरिषद्मा पुनः निर्णय गर्न पठाउने गरी फैसला भएको सन्दर्भमा सर्वप्रथम प्रस्तुत मुद्दामा गृह मन्त्रालयबाट भएको निर्णय अधिकारक्षेत्रविहीन छ वा छैन भन्ने प्रश्न सम्बन्धमा नै विवेचना हुन मनासिब देखिन आएको छ ।

४. उल्लिखित प्रश्नको निरूपणको लागि कुनै विदेशी व्यक्तिले झुट्ठा विवरणका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको अवस्थामा निजको सो प्रमाणपत्र रद्द गरी निजलाई नेपाली नागरिकबाट हटाउने आदेश दिने अधिकार प्रचलित नेपाल कानूनले कुन निकायलाई प्रदान गरेको छ र त्यस प्रकारको आदेश दिने अधिकार कानूनले नेपाल सरकारका गृह मन्त्रीलाई प्रदान गरेको छ वा छैन भन्ने सम्बन्धमा निम्न लिखित कानूनी व्यवस्थाको उल्लेखन हुन सान्दर्भिक देखिन्छः-

१. नेपाल नागरिकता ऐन, २०६३ को दफा १४ को उपदफा (१) :

कुनै विदेशी व्यक्तिले झुट्ठो विवरण वा बयान दिई नेपाली नागरिक हो भनी झुक्याई नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको कुरा प्रमाणित हुन आएमा नेपाल सरकारले निजको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी निजलाई नेपाली नागरिकबाट हटाउने आदेश दिनेछ ।

२. नेपाल नागरिकता ऐन, २०६३ को दफा २०

(१) नेपाल सरकारले यस ऐनबमोजिम आफूलाई प्राप्त अधिकार नेपाल सरकारको कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

तर दफा १४ बमोजिम नेपाली नागरिकबाट हटाउने अधिकार प्रत्यायोजन हुने छैन ।

३. कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा २(झ) को प्रकरण (ङ) :

नेपाल सरकार भन्नाले "२०६३ साल जेठ ४ गतेदेखि गरिएको वा गरिनु पर्ने कुनै कामको सम्बन्धमा नेपाल अधिराज्यको संविधान, २०४७ प्रतिनिधिसभाको घोषणा २०६३ तथा अन्य कानूनबमोजिम नेपाल अधिराज्यको कार्यकारिणी अधिकार प्रयोग गर्ने मन्त्रिपरिषद्लाई सम्झनुपर्छ ।"

५. उल्लिखित कानूनी व्यवस्थाको अध्ययन गर्दा नेपाल नागरिकता ऐन, २०६३ को दफा १४(१) बमोजिम नेपाली नागरिकताको प्रमाण पत्र रद्द गरी नेपाली नागरिकबाट हटाउने आदेश दिने अधिकार नेपाल सरकारलाई मात्र भएको भन्ने कुरामा विवाद

छैन । सोही ऐनको दफा २० ले नेपाल सरकारलाई प्रदान गरेको यो अधिकार प्रत्यायोजन गर्नमा बन्देज लगाएको हुँदा नेपाल सरकारले नै नेपाली नागरिकताको प्रमाणपत्र रद्द गर्ने र नेपाली नागरिकबाट हटाउने आदेश दिनुपर्ने बाध्यात्मक व्यवस्था भएको पाइन्छ । कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा २(झ) को प्रकरण (ङ) को व्यवस्थाअनुसार वर्तमान अवस्थामा नेपाल सरकार भन्नाले मन्त्रिपरिषद् हो भन्ने देखिन्छ। उल्लिखित कानून व्यवस्थाको समग्रतामा हेर्दा नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी नेपाली नागरिकबाट हटाउने आदेश दिने अधिकार मन्त्रिपरिषद्मा रहेको र अरू कुनै निकाय वा पदाधिकारीलाई सो अधिकार प्रत्यायोजन गर्न नहुने वा नसकिने अधिकार हो भन्ने प्रस्ट छ।

६. वस्तुतः कुनै पनि देशको नागरिकताको प्रमाणपत्र भनेको नागरिक र राज्यबीचको कानूनी सम्बन्धको आधार र प्रमाण देखाउने आधारभूत लिखतको रूपमा रहेको हुन्छ । नागरिक र राज्यको सम्बन्धलाई स्थापित गर्ने यस्तो प्रमाणपत्रको प्राप्ती एवं समाप्तीका आधारहरू अत्यन्तै संवेदनशील विषय हुन्छन् । यही संवेदनशीलतालाई मनन गरी विधायिकाले नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी नेपाली नागरिकबाट हटाउने आदेश दिने अधिकार सरकारको कुनै मन्त्रालय वा विभागलाई प्रत्यायोजन नगरी नेपाल सरकार मन्त्रिपरिषद्मा नै निहित रहने व्यवस्था गरेको भन्ने उल्लिखित ऐनको व्यवस्थाबाट स्पष्ट हुन आउँछ । यसरी नागरिकताको समाप्तिको संवेदनशीलता र महत्त्वलाई दृष्टिगत गरी ऐनमा नै सो अधिकार प्रत्यायोजन गर्न नमिल्ने किटानी व्यवस्था भएको देखिन आउँछ।

७. नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ अनुसार प्रधानमन्त्रीको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुने तथा सो धाराको उपधारा (४) बमोजिम मन्त्रिपरिषद्मा आवश्यकताअनुसार उपप्रधानमन्त्री र अन्य मन्त्रीहरू रहने व्यवस्था भएबाट कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा २(झ) को प्रकरण (ङ) को व्यवस्थासमेतको सन्दर्भमा हेर्दा नेपाल सरकार भन्ने शब्दले प्रधानमन्त्रीको अध्यक्षतामा गठित मन्त्रीहरूको सामुहिक अस्तित्वलाई जनाउने भन्ने देखिन आउँछ । उल्लिखित व्यवस्थाबाट कुनै एकजना मन्त्री नेपाल सरकारको अङ्ग भएपनि त्यसले नेपाल सरकारको पूर्ण अस्तित्वलाई जनाउन सक्ने देखिएन । यस अवस्थामा अधिकार प्रत्यायोजन गरिएकोमा बाहेक कुनै एक मन्त्रीको निर्णयलाई नेपाल सरकारको निर्णय मान्न मिल्ने हुँदैन । माथि उल्लेख भएको नेपाल नागरिकता ऐन, २०६३ को दफा २० को उपदफा (१) ले नेपाल सरकारले उक्त ऐनबमोजिम प्राप्त अधिकार नेपाल सरकारको कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सक्ने भए पनि सोको प्रतिबन्धात्मक वाक्यांशले दफा १४(१) बमोजिम नेपाली नागरिकबाट हटाउने अधिकार मन्त्रालय, विभाग वा कार्यालयमा प्रत्यायोजन हुन सक्ने देखिँदैन । यस अवस्थामा ऐनद्वारा नै यस अधिकारलाई प्रत्यायोजन गर्न नमिल्ने अधिकारको रूपमा किटानी व्यवस्था गरिएको हुनाले मन्त्रिपरिषद्ले यो अधिकार गृहमन्त्रीलाई प्रत्यायोजन गरेको छ कि भनी त्यसतर्फ अरू थप विचार गरी रहनु आवश्यक र सान्दर्भिकसमेत देखिन आएन।

८. यस्तै प्रश्न समावेश भएको नेपाल कानून पत्रिका २०६६, अंक ६ निर्णय नं. ८१७८, पृष्ठ १०३३ मा प्रकाशित नागरिकता मुद्दामा यस अदालतबाट “प्रचलित कानूनले निर्णय गर्ने अधिकार नदिएको विषयमा नभएको अधिकार प्रयोग गरी गरिने कार्यको परिणाम स्वभावतः शुन्य हुन्छ। नेपाल सरकारले ग्रहण गर्नुपर्ने क्षेत्राधिकार ग्रहण गरी नेपाल सरकारका गृह मन्त्रीलाई नागरिकताको प्रमाण पत्र बदर गर्ने अधिकार रहे भएको कानूनतः देखिन नआएको अवस्थामा सो विवादको निरूपणको विषय अधिकारप्राप्त मन्त्रिपरिषद्मा पेस नगरी निजले प्रत्यर्थीको

नागरिकताको प्रमाणपत्र बदर गर्ने गरेको निर्णयले वैधानिकता प्राप्त गर्न सक्ने देखिएन" भनी सिद्धान्त प्रतिपादन भएको सन्दर्भमा वादीको पुनरावेदन जिकिर र यस अदालतबाट भएको विपक्षी झिकाउने आदेशसँग सहमत हुन सकिएन।

९. तसर्थ माथि उल्लिखित कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादित भएको उल्लिखित सिद्धान्तसमेतको आधारमा प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीहरूले झुट्ठा विवरण पेस गरी नेपाली नागरिकताको प्रमाणपत्र लिएका हुन् वा होइनन् भन्ने प्रश्न सम्बन्धमा निर्णय गर्ने साधिकार निकाय मन्त्रिपरिषद्बाट न्यायिक मनको प्रयोग गरी निर्णय भएको अवस्था नभएकोले विवादको तथ्यमा प्रवेश गरी विचार गर्न नमिल्ने भएकोले अब यी प्रतिवादी विदेशी व्यक्ति हुन् वा होइनन्, निजहरूले झुट्ठा विवरण पेस गरी वा झुट्ठा बयान दिई नेपाली नागरिक हो भनी झुक्याई नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गरेका हुन् वा होइनन, भन्नेसमेतका आवश्यक सबै सान्दर्भिक प्रश्नहरूको निरूपण गर्न जे जो बुझ्नुपर्छ बुझी, आवश्यक प्रक्रिया पूरा गरी कानूनबमोजिम निर्णय गर्नु भनी प्रतिवादीहरूलाई तारेख तोकी सुरू मिसिल नेपाल सरकार (मन्त्रिपरिषद् सचिवालय) मा पठाई दिने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।२।२५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.बैद्यनाथ उपाध्याय

इजलास अधिकृत : विश्वनाथ भट्टराई
इति संवत् २०७२ साल भदौ १४ गते रोज २ शुभम्।

## निर्णय नं.९६२७

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
आदेश मिति : २०७२।१२।२।३
०६८-WO-०७३१

मुद्दा : परमादेश

निवेदक : अनिता सापकोटाकी छोरी काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३२ घट्टेकुलो काठमाडौं बस्ने सज्दा सापकोटासमेत

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत

- **संविधान तथा कानूनले नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरिरहेका व्यक्तिहरूले आमाको नामबाट नागरिकता प्राप्त गर्न सक्ने भनी व्यवस्था गरिसकेको अवस्थामा बाबु विदेशी वा स्वदेशी हो भन्ने प्रश्न उठाई संविधान र कानूनबमोजिम नागरिकता प्राप्त गर्ने योग्यता पुगेका व्यक्तिहरूलाई नागरिकताको प्रमाणपत्र दिन इन्कार गरी नागरिकता विहीन बनाउनु कानूनअनुकूलको कार्य मान्न नसकिने।**

(प्रकरण नं.७)

- **नेपाली नागरिक बाबु वा आमाबाट नेपालको कुनै भू–भागमा जन्मिएको व्यक्तिले त्यही जिल्लाबाट नेपालको**

**नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने अधिकार राख्दछ। नागरिक नभई कसैले पनि यो देशको राजनीतिक तथा नागरिक अधिकार प्रयोग गर्न, अचल सम्पत्ति प्राप्त गर्न, कुनै चुनावमा भाग लिने वा मतदान गर्ने अधिकार वा नेपाली नागरिकले मात्र प्रयोग गर्न पाउने कुनै पनि हक तथा अधिकार प्रयोग गर्न पाउने हुँदैन। नेपाल राज्यमा जन्मेको कारण नेपाली नागरिक हुन योग्यता पुगेपछि र आवश्यक रीत पुर्‍याई कानूनमा तोकिएको ढाँचामा आवेदन गरेपछि सहज र सरल तरिकाले नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने प्रत्येक योग्यता पुगेको व्यक्तिको अधिकार हो। तर कानूनबमोजिमको न्यूनतम प्रक्रिया पुर्‍याई नागरिकता प्राप्तिको लागि आवेदन परेको अवस्थामा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको आधारमा नागरिकता जस्तो संवेदनशील प्रश्नमा सौहार्द्रतापूर्वक सहयोग गर्नुपर्नेमा यस्तो र त्यस्तो बहाना गरी नागरिकताको प्रमाणपत्र दिन इन्कार गरी विपक्षीहरूले निवेदकहरूलाई झुलाउने कार्य गरेको पाइँदा यस्तो कार्यलाई जिम्मेवारपूर्ण एवम् कानूनसम्मत कार्य मान्न नसकिने।**

(प्रकरण नं.९)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ताहरू मीरा ढुङ्गाना र सुष्मा गौतम

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्यामकुमार भट्टराई

अवलम्बित नजिर :

- ने.का.प. २०६८ जेठ, नि.नं.८५५७

सम्बद्ध कानून :

- नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२)(ख)

आदेश

**न्या.ओमप्रकाश मिश्र** : नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा धारा १०७(२) बमोजिम यसै अदालतको अधिकारक्षेत्रभित्र पर्ने प्रस्तुत रिट निवेदनको सङ्क्षिप्त तथ्य यसप्रकार छः-

नागरिकताको अधिकार व्यक्तिको अत्यन्तै महत्त्वपूर्ण अधिकार हो र यो यस्तो दस्तावेज हो, जसले व्यक्तिको पहिचान दिन्छ। कुनै पनि व्यक्तिले राज्यद्वारा प्रदान गरिने अधिकारप्राप्त गर्ने आधार भनेको नै नागरिकता हो। व्यक्तिको नैसर्गिक अधिकारको रूपमा रहेको नागरिकता नभएको व्यक्तिको न पहिचान नै हुन्छ न राज्यद्वारा प्रदान गरिने अधिकार प्राप्तिको अवसर नै प्राप्त हुन सक्दछ। तर हामी निवेदकहरू सज्दा सापकोटा र असिम सापकोटा नागरिकताबाट वञ्चित गरिएका व्यक्ति हौं। हामीहरूको जन्म आमा अनिता सापकोटा र पिता शमिम सिद्धकीबाट क्रमशः मिति २०४४।३।१४ र मिति २०५०।११।४ मा भएको हो। मिति २०५३।८।६ गते हाम्रा पिताले आमालाई छाडी पुर्खौली घर बारा जिल्ला डुमखान भन्ने ठाउँमा जानु भई हामीहरूको कुनै खोजखबर नगर्नुभएको र हामीहरूले खोजखबर गर्दासमेत निज पितालाई फेला पार्न सकिएन। निज पिताले हामीहरूलाई आफ्नो घर परिवारसँग भेटघाट गराउने र परिचय गराउनेसमेत नगरी बेपत्ता हुनु भएको हुँदा बाबुको नामबाट हामीले नागरिकता प्राप्त गर्न असम्भव भई हामीलाई लालनपालन र शिक्षा दिक्षा दिँदै आउनुभएकी आमा अनिता सापकोटाको नामबाट हामीले हाम्रो पहिचान लिन चाहीँ नागरिकताको सिफारिसको लागि काठमाडौं महानगरपालिका वडा नं. ३२ मा मिति

२०६८।८।६ मा निवेदन दिएका र सो वडाका वडा सचिवले नागरिकता प्रमाणपत्रका लागि अनुसूची १ को फाराममा सिफारिस दिनुभएको थियो । तत्पश्चात् मिति २०६८।८।७ मा हामीहरूले सो सिफारिससहित नागरिकता प्रमाणपत्र प्राप्तिका लागि जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा निवेदन दिएकोमा हामीहरूको निवेदनसमेत दर्ता नगरी कुनै पनि कागजात नै नहेरी नागरिकता पाउन नसक्ने भन्ने मौखिक जानकारी दिँदै निवेदन फिर्ता गरेको र पुनः २०६८।९।१३ मा समेत हामीहरूले दिएको निवेदन दर्ता गर्न इन्कार गरेको हुँदा हामी नेपालमै जन्मिएका र नेपालमै बसोबास गरी पढ्दै आएका नेपाली नागरिकका छोराछोरीलाई आफ्नै देशमा आफ्नो पहिचानको अधिकारबाट वञ्चित गराई राज्यविहीन अवस्थामा बाँच्न बाध्य गराइएको हुँदा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ (२) अनुसार यो निवेदन गर्न आएका छौं।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२)(ख), नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (१) तथा नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम (१) बमोजिमको प्रक्रिया पूरा गरी आमाको नामबाट नागरिकता प्राप्तिका लागि निवेदन दिएकोमा निवेदनसमेत दर्ता नगरी आमाको नामबाट नागरिकता दिन नमिल्ने भनी विपक्षीले दिएको उक्त मौखिक आदेशले हाम्रो पहिचान नै लोप हुने अवस्था पैदा भएको र हामी जीवनभर राज्यविहीन अवस्थामा बाँच्न बाध्य हुनुपर्ने अवस्था भएको हुनाले कानूनबमोजिम आमाको नामबाट नागरिकता दिनु भनी परमादेशलगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाऊँ।

पहिचानको अधिकारको सम्बन्धमा हाम्रो संवैधानिक र कानूनी व्यवस्थाका अलावा मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र (UDHR), १९४८ को धारा १५ ले प्रत्येक व्यक्तिलाई नागरिकताको अधिकार छ । कुनै पनि व्यक्तिलाई मनोमानी ढङ्गले निजको नागरिकताको अधिकारबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था गरेको छ भने नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR), १९६६ को धारा २४(२) ले प्रत्येक शिशुलाई जन्मेपछि दर्ता गरिने तथा निजको नाम राखिनेछ भन्ने तथा उपधारा (३) मा राष्ट्रियता प्राप्त गर्ने शिशुको अधिकार हुन्छ भन्ने व्यवस्था गरेको छ । त्यस्तै महिला विरूद्ध हुने सबै प्रकारका भेदभावहरू उन्मूलन गर्ने महासन्धि (CEDAW)), १९७९ को धारा ९(२) ले पक्ष राष्ट्रहरूले बालबालिकाको, राष्ट्रियताको सम्बन्धमा महिलालाई पुरूषसरह समान अधिकार प्रदान गर्नेछ भन्ने व्यवस्था गरेको छ । बाल अधिकारसम्बन्धी महासन्धि (CRC), १९८९ को धारा ७(१) मा बालबालिकालाई जन्मनासाथ दर्ता गरिनेछ । बालबालिका जन्मिएपछि आफ्नो राष्ट्रियताको अधिकार पाउनेछन् भन्ने व्यवस्था छ ।

नेपाल पक्ष राष्ट्र भई अनुमोदन गरिएका माथि उल्लिखित सबै महासन्धिहरूबाट सिर्जना भएको दायित्वलाई नेपालले बिना कुनै आरक्षण स्वीकार गरिसकेको छ। नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१) मा नेपालले अनुमोदन गरेको सन्धि नेपालको राष्ट्रिय कानूनसरह लागू हुनेछ भनी स्पष्ट व्यवस्था गरिएको छ। तर नागरिकता प्रदान गर्ने अधिकारीको पितृसत्तात्मक सोच र व्यवहार भएकाले हामी निवेदकहरूले आमाको नामबाट नागरिकता प्राप्त गर्न नसकी हाम्रो संवैधानिक हक, पहिचान पाउने हक, उच्च शिक्षा प्राप्त गर्ने हक, रोजगारीको हक, रोजेको व्यवसाय गर्न पाउने हक, स्वतन्त्रतापूर्वक विचार गर्न पाउने हक, बासस्थान छनौट गर्न पाउने हक र अन्तर्राष्ट्रिय कानूनअन्तर्गत हाम्रो समानताको हक, राष्ट्रियताको हकबाट वञ्चित भएका छौँ। अतः विपक्षीहरूको नाममा हामी पीडित निवेदकहरूलाई आमाको नामबाट नागरिकता दिनु दिलाउनु भन्ने साथै देशमा रहेका अन्य हामीजस्ता पीडितको हकमा समेत सम्मानित

अदालतबाट व्याख्या हुने गरी परमादेशलगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाऊँ । साथै यो अत्यन्त संवेदनशील र सार्वजनिक सरोकारको विषयको मुद्दा भएको हुनाले प्रस्तुत रिट निवेदनलाई अग्राधिकारमा राखी सुनुवाई गरिपाउँ भन्नेसमेत व्यहोराको सज्दा सापकोटासमेतको संयुक्त रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने आधार र कारण भए यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूका नाममा सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नू । साथै प्रस्तुत रिट निवेदनको विषयवस्तु र गाम्भीरतालाई मध्यनजर राख्दा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ५ (क) बमोजिम अग्राधिकार प्रदान गरी दिएको छ भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०६७।११।२ को आदेश ।

विपक्षी रिट निवेदकले यस कार्यालयको के कस्तो काम, कारवाही वा निर्णयबाट निवेदकको के कस्तो संवैधानिक तथा कानूनी हक अधिकारको हनन् भएको हो भन्ने निवेदनमा स्पष्टरूपमा उल्लेख गर्न नसकेको अवस्थामा छैन । नागरिकता प्राप्ति र समाप्तिका सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ एवम् नेपाल नागरिकता ऐन र नियमावलीमा निर्धारित विधि, प्रक्रिया र कार्यविधि पूरा गरी अख्तियारप्राप्त अधिकारी वा निकायका समक्ष निवेदन दिएमा नागरिकता प्रदान गर्नुपर्ने कानूनी कर्तव्य भएका निकाय वा पदाधिकारीले आफ्नो सो कानूनी कर्तव्यबाट पन्छिन सक्ने हुँदैन । कानूनी कर्तव्य पालना गर्नुपर्ने कुनै पदाधिकारीले आफ्नो कानूनी कर्तव्य पालना गर्न इन्कार गरेको अवस्थामा सरोकारवाला व्यक्तिले सो पदाधिकारीउपर प्रचलित नेपाल कानूनबमोजिम सजायका लागि तोकिएको अधिकारीसमक्ष उजुरी दिन सक्ने नै हुन्छ । तर कानूनी कर्तव्य पालना गराउनका लागि यी निवेदकहरूले तोकिएको अधकारीसमक्ष उजुरी गरेको देखिएन । यो कार्यालय संविधान तथा नागरिकता ऐन एवम् नियमावलीको अधीनमा रही नेपालको नागरिकता प्राप्त गर्न योग्य सबै व्यक्तिले नेपालको नागरिकता पाउने संवैधानिक हकको संरक्षण गर्दै उपभोगको सुनिश्चितता प्रदान गर्ने कुरामा प्रतिबद्ध रहेको छ । यसै प्रयोजनका लागि निवेदक सविना दमाईसमेत विरूद्ध यस कार्यालयसमेत विपक्षी भएको संवत् २०६७ सालको रिट नं. ०७०३ को परमादेश निवेदनमा सम्मानित अदालतबाट मिति २०६७।११।१५ मा भएको आदेशबमोजिम निवेदिका सविना दमाईलाई आमाको नामबाट कानूनबमोजिम नेपालको नागरिकता प्रदान गर्न तथा नेपाली नागरिक आमाबाट नेपालमा जन्मेको बालबालिकाले आमाको नामबाट नागरिकता माग्न आएमा नेपाल नागरिकता ऐन, २०६३ र ऐ. नियमावलीको रीत र कार्यविधि पूरा गरी आमाको नामबाट सहज तरिकाले नागरिकताको प्रमाणपत्र उपलब्ध गराउन देशव्यापीरूपमा सबै प्रमुख जिल्ला अधिकारीका नाममा परिपत्र जारी गरी मिति २०६८।३।६ को पत्रबाट गृह मन्त्रालयमा लेखी पठाई सकिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ ।

आमाको नामबाट नागरिकता प्रदान गर्न सम्मानित अदालतबाट भएको पूर्व आदेशबमोजिम नेपाली नागरिक आमाबाट नेपालमा जन्मेको बालबालिकाले आमाको नामबाट नागरिकता माग्न आएमा नेपाल नागरिकता ऐन तथा नियमावलीको रीत र कार्यविधि पूरा गरी आमाको नामबाट सहज तरिकाले नागरिकताको प्रमाणपत्र उपलब्ध गराउन सबै प्रमुख जिल्ला अधिकारीका नाममा परिपत्र पठाइसकिएको भन्ने प्रत्यर्थी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको र निवेदकहरूका बाबु स्वदेशी वा विदेशी के हो एकिन नभएको एवम् बाबुआमाको विवाह दर्ता

नभएको साथै नागरिकता ऐन र नियमावलीबमोजिम पुर्‍याउनु पर्ने रीत नपुर्‍याएको हुँदा नागरिकता नदिएको भन्ने जिल्ला प्रशासन कार्यालय, काठमाडौंको तर्फबाट प्रमुख जिल्ला अधिकारी रत्नराज पाण्डेयको लिखित जवाफ।

रिट निवेदकहरूलाई नेपाली नागरिकता प्रमाणपत्र दिने वा नदिने भन्ने सम्बन्धमा यस मन्त्रालयबाट कुनै निर्णय एवम् आदेश भएको नहुँदा प्रस्तुत रिट खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको गृहमन्त्रालयको तर्फबाट ऐ. का सचिव सुशल जङ्गबहादुर राणाको लिखित जवाफ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी आज यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा निवेदकहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री मीरा ढुङ्गाना र श्री सुष्मा गौतमले निवेदकहरू नेपाली नागरिक अनिता सापकोटाका छोरा छोरी भन्नेमा विवाद नरहेको र निजहरूका बाबु शमिम सिद्धिकी बेपत्ता भएको हुँदा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२) (ख), नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) को व्यवस्थाअनुसार यी निवेदकहरू वंशजको आधारमा नेपालको नागरिक भएको हुँदा नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३(३) को प्रक्रिया पूरा गरी निवेदकहरूले विपक्षी काठमाडौं जिल्ला प्रशासन कार्यालयमा आमाको नामबाट नागरिकता पाउनका लागि निवेदन दिएकोमा विपक्षी प्रमुख जिल्ला अधिकारीको मौखिक आदेशअनुसार यी निवेदकहरूलाई नागरिकताको प्रमाणपत्र नदिई निवेदकहरूलाई नागरिकताविहीन र राज्य विहीनताको अवस्थामा पुर्‍याई नागरिकता पाउने संवैधानिक हकलगायत नागरिकको नाताले पाउने कानूनी हकसमेतबाट वञ्चित गरेकाले निवेदकहरूलाई आमाको नामबाट नागरिकताको प्रमाणपत्र दिनु भनी परमादेशको आदेश एवम् निजहरूजस्ता अन्य पीडित व्यक्तिलाई आमाको नामबाट नागरिकता दिनु भन्ने व्याख्या गरी विपक्षीहरूको नाममा आवश्यक आदेश जारी गरिपाउँ भन्ने बहस गर्नुभयो।

विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराईले आमाको नामबाट नागरिकता दिनु भन्ने मार्गनिर्देश भइसकेको छ। प्रस्तुत मुद्दामा बाबुको नाम उल्लेख भएको अवस्था हुँदा जिल्ला प्रशासन कार्यालयले असजिलो महसुस गरेको भए पनि सरकारको तर्फबाट सविना दमाईको मुद्दासमेतको सन्दर्भमा आमाको नामबाट नागरिकता प्रदान गर्ने विषयमा सरकार कटिबद्ध रही सबै जिल्ला प्रशासन कार्यालयहरूमा परिपत्रसमेत गरिसकेको हुँदा प्रस्तुत रिट खारेज हुनुपर्छ भन्ने बहस प्रस्तुत गर्नुभयो।

निवेदक तथा प्रत्यर्थीहरूको तर्फका विद्वान्हरूले प्रस्तुत गर्नु भएको बहससमेत सुनी मिसिल संलग्न कागजातहरूको अध्ययन गर्दा प्रस्तुत मुद्दामा निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने हो, होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा निवेदकहरूले नेपाली नागरिक आमा अनिता सापकोटाको नामबाट नागरिकता पाउनका लागि नागरिकता ऐन तथा नियमावलीमा भएको व्यवस्थाबमोजिम काठमाडौं महानगरपालिका ३२ नं. वडा कार्यालयबाट सिफारिस लिई प्रत्यर्थी जिल्ला प्रशासन कार्यालयमा नागरिकता प्रमाणपत्रका लागि निवेदन दिएकोमा निवेदन दर्तासमेत नगरी मौखिक रूपमा नागरिकता प्राप्त गर्न नसक्ने भनी फर्काएका हुँदा निवेदकहरूलाई आमाको नामबाट नेपालको नागरिकता दिनु भनी प्रत्यर्थीहरूका नाममा परमादेशलगायत उपयुक्त आदेश जारी गरिपाउँ भन्ने मुख्य निवेदन माग रहेको पाइयो। आमाको नामबाट नागरिकता प्रदान गर्न सम्मानित अदालतबाट भएको पूर्वआदेशबमोजिम नेपाली नागरिक आमाबाट नेपालमा जन्मेको बालबालिकाले आमाको नामबाट नागरिकता माग्न आएमा नेपाल नागरिकता ऐन तथा नियमावलीको

रित र कार्यविधि पूरा गरी आमाको नामबाट सहज तरिकाले नागरिकताको प्रमाणपत्र उपलब्ध गराउन सबै प्रमुख जिल्ला अधिकारीका नाममा परिपत्र पठाई सकिएको भन्ने प्रत्यर्थी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको र निवेदकहरूका बाबु स्वदेशी वा विदेशी के हो एकिन नभएको एवम् बाबु आमाको विवाह दर्ता नभएको साथै नागरिकता ऐन र नियमावलीबमोजिम पुर्‍याउनु पर्ने रित नपुर्‍याएको हुँदा नागरिकता नदिएको भन्ने जिल्ला प्रशासन कार्यालय, काठमाडौंको लिखित जवाफ रहेको देखिन्छ।

३. यसमा निवेदकहरूमध्ये सज्दा सापकोटा मिति २०४४।३।१४ मा र असिम सापकोटा मिति २०५०।११।४ मा काठमाडौं महानगरपालिका वडा नं. ३२ बस्ने नेपाली नागरिक अनिता सापकोटाका छोरा छोरी भएको र निजहरूका पिता शमिम सिद्धिकी २०५३।८।६ देखि निजहरूको सम्पर्कमा नआई बेपत्ता रहेको भन्ने निवेदन व्यहोरा तथा मिसिल संलग्न काठमाडौं महानगरपालिका वडा नं. ३२ कार्यालयबाट प्राप्त सर्जमिनबाट देखिन्छ। उक्त सर्जमिन व्यहोरामा २०४१।३।५ मा बारा जिल्ला डुमरवान गाउँ विकास घर बताउने शमिम सिद्धिकीसँग निवेदकहरूकी आमा अनिता सापकोटाको विवाह भएको, रिट निवेदकहरूको जायजन्म भएपछि मिति २०५३।८।६ मा निवेदकहरूका पिता आफ्नो घर जाने भनी काठमाडौंबाट हिंडी फर्की नआएका र खोजखबर गर्दासमेत पत्ता लाग्न नसकेको भन्ने व्यहोरा उल्लेख भएको पाइन्छ । रिट निवेदकहरूकी आमा अनिता सापकोटाले वंशजको आधारमा जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट मिति २०४१।१।२१ मा नागरिकता प्रमाणपत्र नं. १४७०/७७३० को नागरिकता प्राप्त गरेको भन्नेसमेत खुलाएको हुँदा निवेदकहरूकी आमा वंशजको आधारमा नेपाली नागरिक रहे भएकोमा विवाद देखिएन।

४. नागरिकता सम्बन्धमा हाम्रो संविधान तथा कानूनमा रहेको व्यवस्थाको सम्बन्धमा हेर्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ को उपधारा (१) मा अन्तरिम संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिकता प्राप्त गरिसकेको व्यक्ति र नेपालको नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरू नेपालको नागरिक हुने व्यवस्था रहेको छ भने उपधारा (२) मा अन्तरिम संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोबास भएको र वंशजको आधारमा नेपालको नागरिकता प्राप्त व्यक्ति एवम् कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक भएमा त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक हुने व्यवस्था भएको देखिन्छ। नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा कुनै व्यक्तिको जन्म हुँदा निजको बाबु वा आमा नेपालको नागरिक भएमा त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुने व्यवस्था भएको पाइन्छ भने दफा ८ मा संविधान र कानूनबमोजिम नेपालको नागरिक हुन योग्यता पुगेको व्यक्तिले नागरिकताको प्रमाणपत्र प्राप्तिका लागि अवलम्बन गर्नुपर्ने कार्यविधि निर्धारण गरेको पाइयो। नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम (१) अनुसार वंशजको नाताले नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्न निम्नानुसार हुनुपर्ने व्यवस्था गरेको देखिन्छः-

(१) १६ वर्ष उमेर पुगेको हुनुपर्ने;

(२) बाबु वा आमा वा आफ्नो वंशतर्फका तीन पुस्ताभित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने; र

(३) गाउँ विकास समिति वा नगरपालिकाले जन्मस्थान र नाता खुल्ने गरी सिफारिस गरिदिएको जन्मदर्ता प्रमाणपत्र दिएको हुनुपर्ने।

उक्त नियमावलीको अनुसूची १ मा नेपालको नागरिक हुन योग्यता पुगेको व्यक्तिले नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्न तोकिएको अधिकारीसमक्ष निवेदन पेस गर्नुपर्ने गरी निवेदनको

ढाँचासमेत तोकेको पाइयो।

५. नागरिकताको प्रमाणपत्र प्राप्त गर्न उल्लिखित संवैधानिक र कानूनी व्यवस्थाअनुसार बाबु वा आमामध्ये कुनै एक नेपाली नागरिक व्यक्तिबाट नेपालमा जन्मेको जुनसुकै व्यक्ति नेपालको नागरिकता प्राप्त गर्न योग्य हुने देखिन्छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२) को खण्ड(ख) मा "बाबु र आमा" नभनी स्पष्ट शब्दमा "बाबु वा आमा" भनी नेपाली नागरिकताका सम्बन्धमा आमालाई पनि बाबुकै जत्तिको अधिकार र स्थान दिएको हुँदा बाबु वा आमामध्ये कुनै एक मात्र नेपालको नागरिक भएपनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्नसक्ने नै देखियो।

६. प्रस्तुत मुद्दामा रिट निवेदकहरूको नागरिकता प्राप्तिको लागि संविधान र कानूनले तोकेको योग्यता नपुगेको भनी विपक्षीहरूले भन्न सकेको अवस्थासमेत पाइएन। केवल बाबु नेपाली वा विदेशी के हो भन्ने नखुलेको र आमा र बाबुको विवाह दर्ता भएको नदेखिएको एवम् नागरिकता प्राप्तिका लागि तोकिएको कार्यविधि पूरा नगरेको भन्ने आधारमा नेपालको नागरिकताको प्रमाणपत्र प्रदान नगरेको भन्ने प्रत्यर्थी जिल्ला प्रशासन कार्यालयको लिखित जवाफबाट देखिन्छ। तर के कस्तो कार्यविधि पूरा नगरेको भनी विपक्षीहरूको लिखित जवाफ कानूनमा आधारित रही सम्पूर्ण तथ्य खुलाउन सकेको पनि देखिएन । आमा अनिता सापकोटाले वंशजको आधारमा प्राप्त गरेको नेपालको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि एवम् काठमाडौं महानगरपालिका ३२ नं. वडा कार्यालयले गरेको सर्जमिन मुचुल्कासहित अनुसूची फाराम भरी निवेदकहरू नागरिकताको प्रमाणपत्र प्राप्तिका लागि जिल्ला प्रशासन कार्यालयसमक्ष गएको भन्ने कुरा मिसिल संलग्न अनिता सापकोटाको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा काठमाडौं महानगरपालिका ३२ नं. वडा कार्यालयबाट भएको सर्जमिन मुचुल्का र अनुसूची १ नं. अनुसार भरेको फारामबाट प्रमाणित गरिरहेको अवस्था छ। यसबाट निवेदकहरूले नागरिकताका लागि पेस गरेको निवेदनमा कानूनबमोजिमको प्रक्रिया पूरा गर्न नसकेको भन्ने विपक्षी जिल्ला प्रशासन कार्यालयको भनाई आफैँमा खण्डित भइरहेको पाइन्छ।

७. जहाँसम्म निवेदकहरूका बाबु विदेशी वा स्वदेशी के हो भन्ने आधारमा नागरिकताको प्रमाणपत्र नदिएको भन्ने विपक्षीको भनाइलाई हेर्दा संविधान तथा कानूनले नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरिरहेका व्यक्तिहरूले आमाको नामबाट नागरिकता प्राप्त गर्नसक्ने भनी व्यवस्था गरिसकेको अवस्थामा बाबु विदेशी वा स्वदेशी हो भन्ने प्रश्न उठाई संविधान र कानूनबमोजिम नागरिकता प्राप्त गर्ने योग्यता पुगेका व्यक्तिहरूलाई नागरिकताको प्रमाणपत्र दिन इन्कार गरी नागरिकताविहीन बनाउनु कानूनअनुकूलको कार्य मान्न सकिएन । बाबु विदेशी वा स्वदेशी नखुलेको भनी निवेदकहरूलाई नागरिकता नदिनु नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३(१), (२) र धारा २०(१) समेतको विरूद्ध हुन जान्छ । उक्त धारा १३(१) मा सबै नागरिक कानूनको दृष्टिमा समान हुने भन्ने र उपधारा (२) मा लिङ्गको आधारमा कुनै नागरिकलाई भेदभाव गर्न नपाउने भन्ने व्यवस्था रहेको देखिन्छ। त्यस्तै धारा २०(१) मा महिला भएकै कारणले मात्र महिलालाई कुनै प्रकारको भेदभाव गर्न नपाइने भनी मौलिक हकको रूपमा स्वीकार गरिसकेको अवस्थामा निवेदकहरूकी आमा अनिता सापकोटा नेपालको नागरिक भन्ने कुरा निजको नेपालको नागरिकताको प्रमाणपत्रबाट प्रमाणित हुँदाहुँदै बाबु विदेशी वा स्वदेशी भन्ने नखुलेको आधार देखाई नेपालको नागरिकताको प्रमाणपत्र जारी नगरेको विपक्षीहरूको कार्यले महिला भएकै आधारमा निवेदकहरूकी आमामाथि विभेद गरेको भन्नेसमेत देखिँदा विपक्षीहरूको सो कार्य संवैधानिक

व्यवस्थालाई परास्त गर्ने प्रकृतिको देखिएको छ।

८. आमाको नामबाट नागरिकता प्राप्त गर्नसक्ने भन्ने सम्बन्धमा यस अदालतबाट प्रतिपादित सिद्धान्तलाईसमेत हेर्नुपर्ने हुन्छ । यस विषयमा सविना दमाईसमेत विरूद्ध विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (ने.का.प. २०६८ अङ्क २, निर्णय नं. ८५५७) को मुद्दामा व्यापक र विस्तृत व्याख्या भइसकेको छ । उक्त मुद्दामा "तोकिएको अधिकारीले संविधान, कानून र मानव अधिकारसम्बन्धी Covenant नबुझेर वा कानूनको गलत तर्क र अर्थ गरेर कुनै नागरिक नागरिकताको प्रमाणपत्र पाउनबाट वञ्चित हुन सक्दैन। नागरिकताको प्रमाणपत्र प्राप्त गर्न कठिनाई (Hardship) को सामना गर्नुपर्ने कुरा स्वीकार्य हुन सक्दैन ... बाबु वा आमामध्ये कुनै एक मात्र नेपालको नागरिक भए पनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्नसक्छ भन्ने सिद्धान्त प्रतिपादन भएको छ।

९. उल्लिखित संवैधानिक एवम् कानूनी व्यवस्था तथा नजिर सिद्धान्तअनुसार नेपाली नागरिक बाबु वा आमाबाट नेपालको कुनै भू–भागमा जन्मिएको व्यक्तिले त्यही जिल्लाबाट नेपालको नागरिकताको प्रमाण पत्र प्राप्त गर्ने अधिकार राख्दछ। नागरिक नभई कसैले पनि यो देशको राजनीतिक तथा नागरिक अधिकार प्रयोग गर्न, अचल सम्पत्ति प्राप्त गर्न, कुनै चुनावमा भाग लिने वा मतदान गर्ने अधिकार वा नेपाली नागरिकले मात्र प्रयोग गर्न पाउने कुनै पनि हक तथा अधिकार प्रयोग गर्न पाउने हुँदैन। नेपाल राज्यमा जन्मेको कारण नेपाली नागरिक हुन योग्यता पुगेपछि र आवश्यक रीत पुर्‍याई कानूनमा तोकिएको ढाँचामा आवेदन गरेपछि सहज र सरल तरिकाले नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने प्रत्येक योग्यता पुगेको व्यक्तिको अधिकार हो। तर कानूनबमोजिमको न्यूनतम प्रक्रिया पुर्‍याई नागरिकता प्राप्तिको लागि आवेदन परेको अवस्थामा यस अदालतबाट प्रतिपादित उक्त सिद्धान्तसमेतको आधारमा नागरिकता जस्तो संवेदनशील प्रश्नमा सौहार्द्रतापूर्वक सहयोग गर्नुपर्नेमा यस्तो र त्यस्तो बहाना गरी नागरिकताको प्रमाणपत्र दिन इन्कार गरी विपक्षीहरूले निवेदकहरूलाई झुलाउने कार्य गरेको पाइयो। यस्तो कार्यलाई जिम्मेवारपूर्ण एवम् कानूनसम्मत कार्य मान्न सकिँदैन।

१०. अतः निवेदकहरूकी आमाको नाममा नेपालको नागरिकता रहेको र निजहरूका बाबु बेपत्ता भएकाले आमाको नामबाट नागरिकता प्रदान गर्न कुनै बाधा नरहेको र यस विषयमा यस अदालतबाट यस अघि पनि परमादेश जारी भएकोमा सबै जिल्ला प्रशासन कार्यालयहरूलाई परिपत्रसमेत भइसकेको भन्ने देखिए पनि निवेदकहरूलाई आमाको नामबाट नागरिकता प्रदान नगरिएको कार्य न्यायसम्मत नरहेकाले निजहरूलाई आमाको नामबाट अविलम्ब नागरिकता प्रदान गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने ठहर्छ।

११. साथै सविना दमाईको उल्लिखित नजिरको सर्वमान्य कार्यान्वयनका लागि मन्त्रिपरिषद्बाट परिपत्र गरिसकेको भन्ने विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफमा खुलाइएको र बहसको क्रममा सरकारी पक्षका सहन्यायाधिवक्ताले नागरिकता दिने सम्बन्धमा सरकार सधैं सकारात्मक रहेको भन्ने खुलाउनु भएको अवस्था रहे पनि आमाको नामबाट नागरिकता पाउन नसकेको भनी पटक पटक निवेदन प्रस्तुत भएबाट निवेदकहरूले अनाहकमा झन्झट व्यहोर्न परिरहेको अवस्था अद्यापि विद्यमान रहेको कुरा यो अदालतले महसुस गरेको छ। आमाको नामबाट नागरिकता लिनु पर्ने अवस्था स्वयम्मा एउटा कठिन अवस्था रहेको हुँदा यसप्रति नकारात्मक सोच राख्ने हो भने सीमान्तीकृत महिलालाई थप असुविधा पर्न जाने देखिन्छ। तसर्थ प्रस्तुत मुद्दामा भएको आदेश र सविना दमाईको मुद्दामा भएको आदेशको भावनाअनुरूप यस्तो परिस्थितिका

मुद्दाहरूमा अनावश्यक झण्झट नगरी नागरिकता पाउनु पर्ने अवस्थामा सहजै आमाको नामबाट नागरिकता दिन दिलाउन यस सम्बन्धमा कुनै गुनासो रहन नदिन गुनासो सुन्ने संयन्त्र गृह मन्त्रालयअन्तर्गत नै खडा गरी अनुगमनसमेत गर्ने व्यवस्था मिलाउनु भनी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेशसमेत जारी हुने ठहर्छ । यो आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिई प्रस्तुत रिट दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गर्नू ।

उक्त रायमा सहमत छु ।
स.प्र.न्या.कल्याण श्रेष्ठ

इजलास अधिकृत : इन्दिरा शर्मा
इति संवत् २०७२ साल चैत २ गते रोज ३ शुभम् ।

## निर्णय नं.९६२८

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
आदेश मिति : २०७२।१२।१।२
०६७-WO-०९१८

मुद्दा : उत्प्रेषण / परमादेश

निवेदक : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १९ नरदेवी बस्ने कृष्णशरण मास्के

विरूद्ध

विपक्षी : नेपाल सरकार, रक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत

- **सैनिक सेवामा कार्यरत निवेदकले पशु स्वास्थ्य औषधि उत्पादन आयोजना शाखामा गरेको सेवा अवधिको ७५ प्रतिशत अवधि जोडी निवृत्तिभरण पाउँ भनी दाबी गरेकै आधारमा कुनै पनि कानूनले त्यस्तो नोकरी अवधि जोड्न मिल्ने भनी नबोलेको अवस्थामा सो सेवा अवधिलाई जोड्न मिल्ने भनी अर्थ गर्नु कानूनसम्मत नहुने ।**

(प्रकरण नं.८)

- **सैनिक सेवा नियमावलीमा अन्यत्र सरकारी सेवामा गरेको अस्थायी सेवा अवधिलाई निवृत्तिभरणको प्रयोजनका लागि जोड्न पाउने गरी व्यवस्था नभएको अवस्थामा त्यसरी कानूनमै नभएको व्यवस्थाअनुसार कानूनविपरीतको त्रुटिपूर्ण निर्णय गरी अन्यत्र गरेको सेवा अवधिको ७५ प्रतिशत अवधि जोडी यी निवेदकलाई पेन्सनपट्टा दिने कार्यलाई कानूनअनुसार भएको कार्य मान्न नमिल्ने ।**

(प्रकरण नं.९)

- **कानूनविपरीतको निर्णयले वैधतासमेत प्राप्त नगर्ने भई त्यस्तो निर्णय सधैँ कानूनविपरीत नै हुने हुँदा जहिलेसुकै सच्याउन सकिने नै हुन्छ । यस्तो अवस्थामा सैनिक अभिलेखालयबाट भूलवस यी रिट निवेदकले अन्यत्र गरेको अस्थायी सेवाको ७५ प्रतिशत सेवा अवधि जोडी पेन्सनपट्टा दिई भएको निर्णय कानून प्रतिकूलको भन्ने थाहा भएपछि सो निर्णयलाई सोही अभिलेखालयबाट सच्याई यी निवेदकलाई पेन्सनपट्टा दिन नमिल्ने गरी भएको पछिल्लो निर्णयलाई गैरकानूनी भन्न नमिल्ने ।**

(प्रकरण नं.१०)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ताद्वय शम्भुराज आचार्य र रामचन्द्र आचार्य
विपक्षीका तर्फबाट : सहन्यायाधिवक्ता कृष्णजिवी घिमिरे, विद्वान् अधिवक्ताद्वय डा. महेन्द्रजङ्ग शाह र मनदबहादुर कार्की
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- निजामती सेवा नियमावली, २०५० को नियम १२३

आदेश

**न्या.ओमप्रकाश मिश्र :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा धारा १०७(२) बमोजिम यसै अदालतको अधिकारक्षेत्रभित्र पर्ने प्रस्तुत रिट निवेदनको सङ्क्षिप्त तथ्य यसप्रकार छ:-

म निवेदकले मिति २०२५।६।२५ मा शाही नेपाली सेनामा क्लर्क अमल्दार पदमा नियुक्ति भई कार्यरत रहेकोमा मिति २०३६।७।१६ मा राजीनामा दिई उपदान लिई अवकाश लिएको थिएँ । २०३८।१०।६ देखि २०४७।१०।१४ सम्म जिल्ला केन्द्रीय पशु स्वास्थ्य औषधि उत्पादन आयोजना शाखा, त्रिपुरेश्वरमा रा.प. अनं. तृतीय पदमा अस्थायीरूपमा कार्यरत रहेको र पुनः मिति २०४७।१०।१४ बाट ग्यारिजन गणमा भर्ना भई सेवा गर्दै आएको थिएँ । यसै अवस्थामा साबिकको सेवा अवधि, अस्थायीको पचहत्तर प्रतिशत र हालको सेवा अवधि जोडी निवृत्तिभरणको लागि सेवा अवधि पुगेमा निवृत्तिभरण पाउने भन्ने जानकारी पाएकाले मेरो सुरू सेवा अवधि ११ वर्ष १ महिना ११ दिन, अस्थायी सेवा अवधिको ७५ प्रतिशतले हुने ६ वर्ष ९ महिना ९ दिन र तत्काल बहाल रहेको ग्यारिजन गणको सेवा अवधि १ वर्ष ६ महिना १ दिन गरी जम्मा १९ वर्ष ४ महिना १८ दिन सेवा अवधि कायम गरी राजीनामा दिएकोमा मेरो राजीनामा मिति २०४९।४।१५ मा स्वीकृत भएकाले मैले साबिकमा पाएको उपदानबापतको रू. २१४४.९८ रकम फिर्ता गरी मलाई निवृत्तिभरण दिइएको थियो । तत्पश्चात् मैले नियमितरूपमा नेपाल बैंक शाखा कार्यालय, भूगोलपार्कबाट निवृत्तिभरण बुझ्दै आएकोमा २०५१ साल आषाढमा उक्त बैंकमा निवृत्तिभरणको रकम लिन जाँदा मलाई कोष तथा लेखा नियन्त्रक शाखामा पेन्सनपट्टासहित जान मौखिक जानकारी दिइयो । म सैनिक अभिलेखालयमा मेरो पेन्सनको बारेमा बुझ्न जाँदा पेन्सनको प्रक्रिया मिलाउनु पर्ने भएकाले पट्टा छाडेर जान भनिएकाले निवृत्तिभरण प्रमाणपत्र कार्यालयमा नै राखियो । त्यसपछि सैनिक अभिलेखालयमा पेन्सनपट्टा फिर्ता पाउन अनुरोध गर्दा प्रक्रिया मिलेपछि खबर गर्छौं भन्ने मौखिक जवाफ दिँदै हालसम्म मेरो पेन्सनपट्टा खिचेर मलाई निवृत्तिभरण दिन नपर्ने कारणसमेतको सूचना दिएकाले विपक्षीहरूको उक्त कार्यले मेरो नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ (१), १८, १९ समेतद्वारा प्रदत्त हकहरूमा आघात पुगेकाले मेरो उक्त हकको प्रचलनका लागि अन्य वैकल्पिक कानूनी उपचारको मार्ग नभएकाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम यो निवेदन लिएर उपस्थित भएको छु ।

विपक्षीहरूसँग मेरो पेन्सन नियमित पाउन अनुरोध गर्दा सैनिक अभिलेखालयले पेन्सनको कागजपत्र मिलाउन निवेदनसहित आउनु भनी मौखिक जानकारी दिएकाले मिति २०५०।१२।१० मा निवेदन पेस गरे पनि कुनै जानकारी नपाएपछि मिति २०५३।२।९, २०५३।३।२५ र २०६३।६।३० मा पुनः निवेदन दिएकोमा सो निवेदनउपर कारवाही गर्दा मन्त्रिपरिषद्ले निर्णय गर्नुपर्ने भएकाले रक्षा मन्त्रीको नाममा सम्बोधन गरी निवेदन दिन लगाइएकाले मिति २०६५।८।३० मा रक्षा मन्त्रीसमक्षसमेत निवेदन पेस गरेको थिएँ । तत्पश्चात् पनि कुनै जानकारी नपाएकाले पुनः विपक्षी प्रधान सेनापतिसमक्ष तथा

कल्याणकारी योजना निर्देशनालयमा समेत निवेदन दिएकोमा हालसम्म मेरो निवेदनउपरको कारवाहीको बारेमा कुनै जानकारी पनि नदिएको र निवृत्तिभरण नपाउनाको कारणसमेत उपलब्ध गराइएको छैन। यसरी मेरो निवृत्तिभरण प्रमाणपत्र खिच्नु र एक पटक निर्णय भई दिएको सेवा सुविधाबाट वञ्चित हुनु पर्नाको कारण नदिई म निवेदकले खाईपाई आएको निवृत्तिभरणबाट वञ्चित गरेको विपक्षीहरूको उक्त कार्य संविधानविपरीत हुँदा म निवेदकलाई साबिकदेखि दिँदै आएको निवृत्तिभरण नियमित दिनु दिलाउनु भनी विपक्षीहरूका नाममा उत्प्रेषण परमादेशलगायत उपयुक्त आदेश जारी गरिपाऊँ। साथै प्रस्तुत मुद्दाको अन्तिम किनारा नभएसम्म निवृत्तिभरण यथावत् दिनु भनी प्रत्यर्थीहरूका नाममा अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत व्यहोराको कृष्णशरण मास्केको रिट निवेदन।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने आधार र कारण भए यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूका नाममा सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नु भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०६७।१२।१६ को आदेश।

नेपाली सेना (निवृत्तिभरण, उपदान र अन्य सुविधा) नियमावली, २०३३ मा चौधौं संशोधन (२०६०।१।१८) हुनुपूर्व प्रचलनमा रहेको उक्त नियमावलीको नियम ३(१) अनुसार नेपाली सेनाका हुद्दा (हवल्दार) दर्जा र सोदेखि मुन फालवर्ससम्मलाई सोह्र वर्ष सेवा अवधि पूरा भएपछि अवकाश प्राप्त गरेको मितिदेखि निवृत्तिभरण दिइने व्यवस्था रहेकोमा रिट निवेदक कृष्णशरण मास्के मिति २०२५।६।५ मा अमल्दार दर्जामा भर्ना भई मिति २०३६।७।१७ सम्म ११ वर्ष १ महिना ११ दिन सेवा गरी राजीनामा दिई सेवाबाट अलग भएका, निज पुनः मिति २०४७।१०।१४ मा नेपाली सेनाको ग्यारिजन गणमा सिपाहीमा भर्ना भएकामा १ वर्ष ६ महिना १ दिन सेवा गरी २०४९।४।१५ बाट राजीनामा दिई सेवाबाट अलग भएका हुँदा निजको दुवैतर्फको सेवा अवधि जोड्दासमेत १२ वर्ष ७ महिना १२ दिनमात्र सेवा अवधि पुगेको र प्रचलित सैनिक ऐन नियममा निवृत्तिभरण प्रयोजनका लागि अन्य सरकारी सेवामा गरेको अस्थायी सेवा अवधि जोड्नेसम्बन्धी कानूनी प्रावधान नभएकाले निजले अन्यत्र गरेको सेवा अवधि जोडी निवृत्तिभरण दिन नमिल्ने हुँदा निजले सैनिक सेवामा प्रचलित कानूनअनुसार निवृत्तिभरण प्राप्त गर्ने सेवा अवधि नै पूरा नगरी सेवाबाट अलग भएको कारण निवृत्तिभरण प्राप्त गर्ने कानूनी आधार नभएकाले रिट खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्रधान सेनापती, नेपाली सेना जङ्गी अड्डा, कार्यरथी विभाग (प्राड विवाक), कल्याणकारी योजना निर्देशनालय र सैनिक अभिलेखालय, भद्रकालीस्थानको तर्फबाट प्राड उपरथी विए कुमार शर्माको संयुक्त लिखित जवाफ र सोही मिलान व्यहोराको नेपाली सेना कोष तथा लेखा नियन्त्रक शाखा जङ्गी अड्डाको तर्फबाट लेखा प्रमुख सेनानी रमेशचन्द्र न्यौपानेको लिखित जवाफ।

नेपाली सेनामा सेवा गरेबापत पाउनु पर्ने निवृत्तिभरणलगायतका कार्य सैनिक अभिलेखालय र रक्षा लेखा नियन्त्रक कार्यालयले गर्ने व्यवस्था नेपाली सेना (निवृत्तिभरण, उपदान र अन्य सुविधा) नियमावली, २०३३ ले गरेको हुँदा अधिकारप्राप्त निकायबाट के कस्तो कारवाही गरे भन्ने विषयमा सम्बन्धित निकायबाट पेस हुने जवाफबाट प्रस्ट हुने नै छ। यस मन्त्रालयबाट निवेदकको कानूनी तथा संवैधानिक हकमा आघात पुर्‍याउने कुनै कार्य नभएको हुँदा रिट खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको रक्षा मन्त्रालयका सचिव नवीनकुमार घिमिरेको लिखित जवाफ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री शम्भुराज आचार्य तथा श्री रामचन्द्र आचार्यले हाम्रा पक्ष २०२५ मा नेपाली सेनामा भर्ना भई ११ वर्ष १ महिना ११ दिन सेवा गरी उपदान लिई सेवा छाडेपछि पशु स्वास्थ्य औषधि उत्पादन आयोगमा अस्थायीरूपमा ९ वर्ष १० दिन काम काम गरेका र तत्पश्चात् पुनः नेपाली सेना ग्यारिजन गणमा नियुक्त भई १ वर्ष ६ महिना १ दिन काम गरेका हुन् । निजले नेपाली सेनामा काम गरेको सेवा अवधिमा नेपाल सरकारको अन्यत्र सेवा गरेको अवधिको ७५ प्रतिशतले हुने अवधि ६ वर्ष ९ महिना ९ दिन जोड्दा निजको सेवा अवधि १९ वर्ष ४ महिना १८ दिन पुगेको आधारमा निजलाई पेन्सनमा बस्न सक्ने जानकारी दिएअनुसार पहिले लिएको उपदान फिर्ता गराई मिति २०४९।४।१५ देखि राजीनामा स्वीकृत गरी पेन्सन पट्टा दिइएको थियो । २०४९ सालदेखि हाम्रा पक्षले पेन्सन लिँदै आएकामा २०५१ सालमा नेपाल बैंक लि. मा पेन्सन लिन जाँदा निजलाई कुनै जानकारी नै नदिई पेन्सन पट्टा खिचेर राखी खाईपाई आएको सेवा सुविधाबाट सुनुवाईको मौकासमेत निदई वञ्चित गरी पटकपटक निवृत्तिभरण पाउने भनी मौखिकरूपमा आश्वासन दिँदै झुक्याएकाले विपक्षीको उक्त कार्य गैरकानूनी हुँदा रिट जारी हुनुपर्ने भनी बहस प्रस्तुत गर्नुभयो ।

प्रत्यर्थी नेपाल सरकारको तर्फबाट उपस्थित सहन्यायाधिवक्ता श्री कृष्णजिवी घिमिरेले कानूनविपरीतको निर्णयले कुनै हक सिर्जना नगर्ने हुँदा उही निकायले पहिले गरेको गैरकानूनी निर्णय आफैँले परिवर्तन गर्न पाउने भनी अदालतबाट व्याख्या भई सिद्धान्तसमेत प्रतिपादन भएको हुँदा पनि कानून ऐनअनुसार सेवा अवधि नै नपुगेका व्यक्तिलाई निवृत्तिभरण दिने भनी पहिले भएको गैरकानूनी निर्णय कायम रहन नसक्ने हुँदा रिट खारेज हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

त्यस्तै प्रत्यर्थीमध्येका नेपाली सेना जङ्गी अड्डासमेतको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय डा. महेन्द्रजङ्ग शाह तथा श्री मदनबहादुर कार्कीले निवृत्तिभरण दिने कार्यालयबाट निवृत्तिभरण दिने निर्णय भई सोही कार्यालयबाट दिन नमिल्ने भनी निर्णय गरेको छ । नेपाली सेनामा १६ वर्ष सेवा अवधि नपुगी कुनै पनि दर्जाको कर्मचारीले पेन्सन पाउने कानूनी व्यवस्था नभएको साथै अन्यत्र सरकारी सेवामा गरेको अस्थायी सेवा अवधि जोडेर पेन्सन पाउन सक्ने भन्ने कानूनी व्यवस्थासमेत रहेको छैन । विपक्षीको सेवा अवधि जोडिने भनी भूलवस निर्णय भएको हुँदा सो थाहा पाएपछि उक्त गल्तीबस भएको निर्णयलाई कानूनी व्यवस्थाअनुसार सच्याई विपक्षी रिट निवेदकको नेपाली सेनामा सेवा अवधि १६ वर्ष नपुगेको भन्ने प्रस्ट भई रहेको हुँदा निजले पेन्सन नपाउने निर्णय भएको हो । निजको पट्टा खोसिएपछि निजले पाउने उपदानसमेत लिइसकेको अवस्था हुँदा रिट खारेज हुनुपर्ने भनी बहस प्रस्तुत गर्नुभयो ।

पक्ष तथा विपक्षको तर्फका विद्वान् कानून व्यवसायीहरूले प्रस्तुत गर्नुभएको बहस सुनी मिसिल संलग्न कागजातहरू अध्ययन गरी हेर्दा रिट निवेदकलाई पहिले पेन्सनपट्टा पाउने भनी निर्णय गरी दिएको पेन्सन पट्टा पुनः सोही निकायबाट दिन नमिल्ने भनी निर्णय गरी फिर्ता लिन मिल्ने हो होइन र निवेदन मागबमोजिम रिट जारी हुने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने हुन आयो ।

२. निर्णयतर्फ विचार गर्दा म नेपाली सेनाको क्लर्क अमलदार पदमा नियुक्ति भई ११ वर्ष १ महिना ११ दिन काम गरी राजीनामा गरेपश्चात् ९ वर्ष ९ दिन जिल्ला केन्द्रीय पशु स्वास्थ्य औषधि उत्पादन आयोजनामा अस्थायी सेवामा रही काम गरेको र पुनः नेपाली सेनाको ग्यारिजन गणमा रही १ वर्ष ६ महिना १ दिन काम गरेको हुँदा मैले गरेको अस्थायी सेवाको ७५

प्रतिशतले हुने सेवा अवधि ६ वर्ष ९ महिना ९ दिनसमेत जोडी मेरो जम्मा नोकरी अवधि १९ वर्ष ४ महिना १८ दिन भएकाले २०४९ सालदेखि निवृत्तिभरणमा अवकास लिई २०५१ सालसम्म निवृत्तिभरण बुझ्दै आएकोमा मलाई सुनुवाईको मौका नै नदिई मैले साबिकदेखि खाईपाई आएको सुविधाबाट वञ्चित हुने गरी मेरो पेन्सनपट्टा खिचेर राखेको विपक्षीहरूको कार्य उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने मुख्य रिट निवेदन रहेछ। अन्यत्र गरेको सेवा अवधि जोडी पेन्सन पाउन सक्ने कानूनी व्यवस्था नभएको र सैनिक सेवामा १६ वर्ष सेवा अवधि पूरा गरेको अवस्थामा मात्र पेन्सन पाउन सक्ने व्यवस्था भएकाले विपक्षीको निवृत्तिभरण प्राप्त गर्ने सेवा अवधि नै पूरा नगरी सेवाबाट अलग भएको हुँदा रिट खारेज गरिपाउँ भन्ने प्रधान सेनापति नेपाली सेना जङ्गी अड्डासमेतको तर्फबाट लिखित जवाफ परेको देखिन्छ।

३. यसमा यी रिट निवेदकले २०२५।६।५ देखि २०३६।७।१६ सम्म नेपाली सेनाको क्लर्क अमलदार पदमा रही कार्य गरेको, मिति २०३८।१०।६ देखि २०४७।१०।१४ सम्म केन्द्रीय पशु स्वास्थ्य केन्द्र औषधि उत्पादन आयोजनामा रा.प.अनं. तृतीय पदमा रही अस्थायी सेवा गरेको र २०४७।१०।१४ देखि २०४९।४।१५ सम्म नेपाली सेनाको ग्यारिजन गणमा रही सेवा गरेको भन्नेमा विवाद देखिएन। यी निवेदकले केन्द्रीय पशु स्वास्थ्य केन्द्र औषधि उत्पादन आयोजनामा अस्थायीरूपमा गरेको सेवा अवधिको ७५ प्रतिशत सेवा अवधि जोडिने भनी मिति २०४७।११।२५ मा नेपाली सेना सैनिक अभिलेखालयबाट जारी गरिएको पत्रबाट देखिन्छ। सोही आधारमा यी निवेदकले निवृत्तिभरण पाउने गरी दिएको राजीनामा मिति २०४९।४।१५ बाट स्वीकृत गरी निजलाई नेपाली सेना अभिलेखालयबाट पेन्सनपट्टा प्रदान गरिएको भन्ने देखिन आयो।

४. नेपाली सेनामा कार्यरत कर्मचारीहरूको निवृत्तिभरण पाउने समयावधिको सम्बन्धमा रहेको कानूनी व्यवस्थालाई हेर्दा सैनिक सेवा नियमावली, २०६९ को नियम ८०(१)(ग) मा "फ्लोअर्स र सोभन्दा माथि हुद्दासम्मका सैनिक व्यक्तिले १६ वर्ष" वा सोभन्दा बढी अवधिसम्म सेनामा सेवा गरेपछि निवृत्तिभरण पाउने भन्ने देखिन आयो। ऐ. को उपनियम (५) मा "नेपाली सेनाको कुनै पदमा रही उपदान प्राप्त गरी वा नगरी अवकाश प्राप्त गरेको व्यक्तिपछि नेपाली सेनाको कुनै सेवामा पुनः नियुक्ति भएमा निजले पछि गरेको सेवा अवधिमा अघि गरेको सेवा अवधि जोड्दा निवृत्तिभरण पाउने अवधि पुग्ने रहेछ भने उपदान प्राप्त गरेको भए सो उपदान फिर्ता गरी निवृत्तिभरण पाउने छ" भन्ने र ऐ. उपनियम (६) मा "साधारण सेवातर्फका सैनिक व्यक्ति ग्यारिजन समूहमा सेवा गर्न आएमा निजले पहिले गरेको सेवा अवधिसमेत जोडी निवृत्तिभरण पाउनेछ" भन्ने व्यवस्था रहेको छ। त्यस्तै यी निवेदकले अवकाश लिएको समयमा तत्काल प्रचलनमा रहेको नेपाली सेना (निवृत्तिभरण, उपदान र अन्य सुविधा) नियमावली, २०३३ मासमेत निवृत्तिभरणका लागि १६ वर्ष सेवा अवधि पूरा गरेको हुनुपर्ने भन्ने व्यवस्था भएको पाइन्छ। यस्तो अवस्थामा यी निवेदकले सैनिक सेवामा पहिले गरेको सेवा अवधि र पछिल्लो समयमा पुनः ग्यारिजन गणमा रही गरेको सेवा अवधि जोड्दा १६ वर्ष पुगेको अवस्थामा निजले सो कानूनी व्यवस्थाअनुसार निवृत्तिभरण पाउने नै देखिन आयो। तर उक्त दुवै नियमावलीमा अन्यत्र सरकारी सेवा गरेको अवधिलाई निवृत्तिभरणको प्रयोजनको लागि जोड्न सक्ने भन्ने व्यवस्था भएको पाइएन।

५. यी निवेदकले औषधि उत्पादन आयोजनामा गरेको अस्थायी सेवा अवधि जोडिने भनी सैनिक अभिलेखालयबाट पत्र जारी भए पनि उक्त पत्रमा कुन कानूनको आधारमा उक्त सेवा अवधि जोडिएको हो खुलाउन सकेको पाइँदैन। रिट निवेदन व्यहोराबाटसमेत सो खुल्न नसकेको हुँदा कानूनमा

व्यवस्था नै नभएको अवस्थामा यी निवेदकले अन्यत्र गरेको अस्थायी नोकरी अवधिलाई जोडेर यी निवेदकलाई पेन्सनपट्टा दिइएको भन्ने देखियो।

६. निजामती सेवा नियमावली, २०५० को नियम १२३ अनुसार यी निवेदकको अस्थायी सेवाको ७५ प्रतिशत सेवा अवधि जोडिएको भनी निवेदकका कानून व्यवसायीले बहसको क्रममा व्यक्त गर्नु भएकाले निजामती सेवा नियमावलीले के कस्तो अवस्थामा के कुन प्रयोजनका लागि अस्थायीरूपमा गरेको सेवा अवधि जोड्न सकिने गरी व्यवस्था गरेको रहेछ भन्ने सम्बन्धमा हेर्नुपर्ने देखियो। सो नियमावलीको नियम १२३ (१) मा निजामती कर्मचारीले गरेको अस्थायी सेवा अवधि जोड्न सक्ने गरी व्यवस्था गरेको पाइन्छ। ऐ. नियमावलीको नियम १२३ (१) को खण्ड (ग) अनुसार राजपत्र अनङ्कित श्रेणी र परिचर पदमा गरेको अस्थायी सेवा अवधिबापत ७५ प्रतिशत सेवा अवधि जोड्न सक्ने भन्ने व्यवस्था रहे पनि सो सेवा अवधि बढुवा प्रयोजनका लागि मात्र जोड्न सक्ने भन्ने देखिई उक्त नियमावलीले निवृत्तिभरण प्रयोजनका लागि अस्थायी सेवा अवधिलाई जोड्न सक्ने भनी कहीँकतै उल्लेख गरेकोसमेत पाइएन।

७. अब निजामती सेवा नियमावलीमा भएका सेवा अवधि जोड्नेलगायतका प्रावधानहरू सैनिक सेवाका कर्मचारीहरूका हकमा आकर्षित हुन सक्छन् सक्दैनन् भन्ने सम्बन्धमा समेत हेर्नुपर्ने हुन्छ। नेपालको संविधानले सैनिक सेवालाई निजामती सेवाबाट अलग गरेको हुँदा सो नियमावली सैनिक सेवाअन्तर्गतका कर्मचारीहरूको हकमा आकर्षित हुनसक्ने अवस्था देखिँदैन । निजामती कर्मचारीलाई प्रदान गरिएको सेवा सुविधाअनुसारकै सेवा सुविधा सैनिक सेवाका कर्मचारीहरूलाई पनि प्रदान गर्दा न्यायोचित नै हुने देखिए पनि निजामती कर्मचारीको सेवाको प्रकृति र सैनिक कर्मचारीहरूको सेवाको प्रकृतिसमेत फरक रहेको, यी दुईवटा सेवालाई नेपालको संविधानले नै अलग गरी यी सेवाहरूको गठन विधिसमेत फरकफरक रहेको अवस्थामा निजामती सेवाका कर्मचारीहरूलाई निजामती सेवा ऐन नियमद्वारा प्रदान गरिएका सेवा सुविधाहरू सैनिक सेवाका कर्मचारीहरूमा स्वतः आकर्षित हुन्छन् भन्न मिल्ने हुँदैन । समान अवस्थाका व्यक्तिहरूबीच भिन्न व्यवहार गर्नु समन्याय तथा समानताको सिद्धान्त प्रतिकूल हुन जाने हुन्छ । यस सिद्धान्तअनुसार सैनिक सेवामा कार्यरत कर्मचारीहरूमध्ये कुनै एउटालाई एक प्रकारको सुविधा र सोही अवस्था र हैसियतको अर्कोलाई भिन्न सुविधा प्रदान गरेको अवस्थामा समानबीच भएको असमान व्यवहार मान्न सकिन्छ। तर निजामती सेवा र सैनिक सेवाको कार्य प्रकृति तथा गठन विधिसमेत फरक रहेको हुँदा निजामती सेवा ऐन तथा नियमावलीमा भएको व्यवस्था सैनिक सेवामा आकर्षित हुने देखिएन।

८. यस्तो अवस्थामा सैनिक सेवामा कार्यरत यी निवेदकले पशु स्वास्थ्य औषधि उत्पादन आयोजना शाखामा गरेको सेवा अवधिको ७५ प्रतिशत अवधि जोडी निवृत्तिभरण पाउँ भनी दाबी गरेकै आधारमा कुनै पनि कानूनले त्यस्तो नोकरी अवधि जोड्न मिल्ने भनी नबोलेको अवस्थामा सो सेवा अवधिलाई जोड्न मिल्ने भनी अर्थ गर्नु कानूनसम्मत हुँदैन।

९. जहाँसम्म सैनिक अभिलेखालयका प्रमुख सेनानिपतिको निर्णयद्वारा यी निवेदकले अन्यत्र सरकारी सेवामा रही गरेको अस्थायी नोकरी अवधि जोडिएकोमा पुनः सोही अभिलेखालयका प्रमुख सेनानिपतिद्वारा नै सेवा अवधि जोड्न निमल्ने भनी निर्णय गर्न कानूनको सिद्धान्तविपरीत हुने भनी बहसको क्रममा उठाइएको विषयतर्फ हेर्दा सो अभिलेखालयले भूलवस सेवा अवधि जोडी पेन्सनपट्टा दिएको त्रुटिपूर्ण कार्यलाई सच्याई निजले पेन्सन नपाउने भनी निर्णय गरिएको भन्ने बहसको क्रममा प्रत्यर्थीका कानून व्यवसायीले व्यक्त गर्नु भएको पाइन्छ । सैनिक सेवा नियमावलीमा अन्यत्र सरकारी सेवामा गरेको अस्थायी

सेवा अवधिलाई निवृत्तिभरणको प्रयोजनका लागि जोड्न पाउने गरी व्यवस्था नभएको अवस्थामा त्यसरी कानूनमै नभएको व्यवस्थाअनुसार कानूनविपरीतको त्रुटिपूर्ण निर्णय गरी अन्यत्र गरेको सेवा अवधिको ७५ प्रतिशत अवधि जोडी यी निवेदकलाई पेन्सनपट्टा दिने कार्यलाई कानूनअनुसार भएको कार्य मान्न मिल्ने हुँदैन।

१०. कानूनविपरीत भएको निर्णयलाई सच्याउन मिल्ने भन्ने सम्बन्धमा सर्वोच्च अदालतबाट मेनका हमाल विरूद्ध सामान्य प्रशासन मन्त्रालयसमेत भएको (२०६६-WO-०२७०) को उत्प्रेषणयुक्त परमादेशसमेतमा "कानूनविपरीतको निर्णयबाट अधिकारको सिर्जना हुँदैन" भनी बोलेको समेतको सन्दर्भलाई हेर्नुपर्ने हुन्छ। कानूनविपरीतको निर्णयले वैधतासमेत प्राप्त नगर्ने भई त्यस्तो निर्णय सधैँ कानूनविपरीत नै हुने हुँदा जहिलेसुकै सच्याउन सकिने नै हुन्छ। यस्तो अवस्थामा सैनिक अभिलेखालयबाट भूलवस यी रिट निवेदकले अन्यत्र गरेको अस्थायी सेवाको ७५ प्रतिशत सेवा अवधि जोडी पेन्सनपट्टा दिई भएको निर्णय कानून प्रतिकूलको भन्ने थाहा भएपछि सो निर्णयलाई सोही अभिलेखालयबाट सच्याई यी निवेदकलाई पेन्सनपट्टा दिन नमिल्ने गरी भएको पछिल्लो निर्णयलाई गैरकानूनी भन्न मिलेन।

११. रिट निवेदकले मिति २०३८।१०।६ देखि २०४७।१०।१४ सम्म जिल्ला केन्द्रीय पशु स्वास्थ्य औषधि उत्पादन आयोजनामा अस्थायी सेवा गरेको अवधि सेवामा जोडी पाउँ भनी मिति २०४७।११।१७ मा दरखास्त गरेकामा शाही नेपाली सैनिक अभिलेखालयको मिति २०४७।११।२५ को पत्रबाट निजले गरेको अस्थायी सेवा अवधिको ७५ प्रतिशत सेवा अवधि जोडिने भन्ने निर्णय भएको भन्ने कुरामा विवाद देखिएन। सो निर्णयबमोजिम रिट निवेदकले मिति २०४९।११।२५ देखि निवृत्तिभरण प्राप्त गर्दै आएकोमा २०५१ साल आषाढ महिनामा निजको पेन्सनपट्टा खिचिएको भन्ने देखिन्छ। वस्तुतः रिट निवेदकले निवृत्तिभरण पाउने हो वा होइन, निजको अन्यत्र सेवा गरेको अवधि जोड्न कानूनबमोजिम मिल्ने हो वा होइन भन्ने जस्ता कुराहरूको बारेमा कानूनी व्यवस्थाको अध्ययन गरी कानूनबमोजिम निर्णय गर्नुपर्ने दायित्व भएका व्यक्तिले कानूनमा नै व्यवस्था नभएको सुविधा पाउने गरी गरेको निर्णय कानूनीरूपमा त्रुटिपूर्ण भई त्यस्तो निर्णयले कानूनी मान्यता प्राप्त गर्न सक्ने देखिएन। यद्यपि अख्तियारप्राप्त अधिकारीको निर्णयबमोजिम नै निवृत्तिभरण पाएका कर्मचारीलाई दिइएको सुविधाबाट वञ्चित गर्दा त्यस्तो कर्मचारीको हकमा समेत अन्याय पर्न जाने हुँदा अब आइन्दा यस किसिमको त्रुटिपूर्ण निर्णय गरी दिग्भ्रमित गर्ने कार्य नगर्नु नगराउनु भनी सम्बन्धित निर्णय गर्ने अधिकारीलाई सचेत गराउन लेखी पठाउने ठहर्छ।

१२. तसर्थः माथि विवेचित तथ्य, कानूनी व्यवस्था तथा आधार कारणसमेतबाट निवेदकको निवृत्तिभरण पाउने सेवा अवधि नै नपुगेको अवस्था हुँदा कानूनविपरीतको निर्णयले हक सिर्जना गर्न नसक्ने अवस्था भएको र कानूनविपरीत भएका निर्णय जुनसुकै बखत सच्याउन सक्ने नै हुँदा प्रस्तुत निवेदन खारेज हुने ठहर्छ। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनू।

उक्त रायमा सहमत छु।
स.प्र.न्या.कल्याण श्रेष्ठ

इजलास अधिकृतः इन्दिरा शर्मा
इति संवत् २०७२ साल चैत १ गते रोज २ शुभम्।

## निर्णय नं.९६२९

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
आदेश मिति : २०७२।६।७।५
०६९-WO-०६००

मुद्दा : उत्प्रेषण

रिट निवेदक : सप्तरी जिल्ला राजविराज नगरपालिका वडा नं. १ बस्ने देवकी देवीको मु.स.गर्ने बुधराम यादवको वारेस भई आफ्नो हकमा समेत ऐ.ऐ. बस्ने बलराम यादव

विरूद्ध

विपक्षी : पुनरावेदन अदालत, राजविराजसमेत

- **परिवारको मुख्य व्यक्ति आमाले घर व्यवहार चलाउनका लागि लिएको ऋण यी विपक्षीले समेत व्यहोर्नु पर्ने हुँदा निजको नाममा बकसपत्रबाट प्राप्त भएको सम्पत्तिबाट असुल हुन नसक्ने भन्नु कानूनविपरीत हुने देखिन्छ । अदालतको अन्तिम फैसलाबाट सावाँ ब्याज भरी पाउने वादीको हक स्थापित भइसकेको स्थितिमा बिगो भरिदिनु पर्ने दायित्वबाट विपक्षीले उन्मुक्ति पाउँछ भन्न नमिल्ने ।**

(प्रकरण नं.५)

रिट निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता किरण गुप्ता
विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता चन्द्रबहादुर सापकोटा
सम्बद्ध कानून :
अवलम्बित नजिर :

आदेश

**न्या.देवेन्द्र गोपाल श्रेष्ठ :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा धारा १०७ को उपधारा (२) बमोजिम यसै अदालतको अधिकारक्षेत्रभित्र पर्ने प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छः-

हाम्रो आमा देवकी देवी यादवसँग विपक्षी समतोलियादेवी यादवले मिति २०५२।४।१५ मा रू.७४,५००/- कर्जा लिई भाखाभित्र सावाँ ब्याज नतिरेकोले सप्तरी जिल्ला अदालतमा लेनदेन मुद्दा चली उक्त अदालतबाट मिति २०६१।२।१० मा वादीले प्रतिवादीबाट सावाँ ब्याज भरी पाउने ठहरी भएको फैसलाउपर प्रतिवादीको पुनरावेदन अदालत, राजविराजमा पुनरावेदन परेकोमा तहाँबाट समेत सप्तरी जिल्ला अदालतको फैसला सदर भई अन्तिम भएको छ । समयमा ऋण नतिरेको हुँदा आमा देवकी देवीले ऋण रकम असुलउपर गर्नका लागि विपक्षीउपर मुद्दा गर्छु भन्ने अभिव्यक्ति दिएपछि निजले आफ्नो एकासगोलकी अविवाहित नाबालक १५ वर्षकी छोरी विपक्षी राजकुमारी यादवलाई आफ्नो नाउँको सप्तरी जिल्ला चनौरा पडेरिया वडा नं. ७ को कि.नं. ८०२, ८०४ ऐ.ऐ. वडा नं. ८ को कि.नं. ८२२, ८२८, ८३०, ८३४ र ८२६ समेतका जग्गाहरू अर्को जिल्लाको मालपोत कार्यालय, सिराहाबाट मिति २०५७।४।२५ मा हालैदेखिको बकसपत्र गरिदिनु भएको रहेछ । यसरी बकसपत्रबाट सम्पत्ति हस्तान्तरण भए तापनि एकासगोलको अंशियारका नाममा रहेको सम्पत्ति सगोलमानै रहने हुन्छ ।

प्रतिवादी समतोलिया देवी यादवउपर लेनदेन मुद्दा दायर गरी निजका नाउँमा रहेको जग्गा रोक्का गरिपाउँ भनी दिएको निवेदनअनुसार विवादित कि.नं. ८०४ समेत जग्गा सप्तरी जि.अ.बाट मिति २०५७।७।३० मा दाखिल खारेज कारवाही रोक्का राख्ने आदेश भएकोले राजकुमारी देवीका नाममा

दाखिल खारेज भएको छैन। अदालतको फैसलाअनुसार प्रतिवादीबाट सावाँ ब्याज र कोर्ट फीसमेत भराई पाउँ भनी दिएको निवेदनअनुसार प्रतिदीलाई सावाँ ब्याज बुझाउन दिएको समयमा रकम नबुझाएकोले निजको नाउँमा रहेको जग्गा लिलाम हुँदा पहिलो पटक मिति २०६९।२।१७ मा कसैले सकार नगरेकोले दोस्रो पटक मिति २०६९।३।२५ मा लिलाम हुँदा विपक्षी समतोलिया देवीको दिदीको छोरा गोविन्दप्रसाद यादवले चनौरा पडेरिया गा.वि.स. वडा नं. ७ को कि.नं. ८०४ क्षेत्रफल ०-१-२ जग्गा रू.१,५५,०००/- मा लिलाम सकार गर्नुभएको थियो । यसरी विपक्षी गोविन्दप्रसाद यादवले लिलाम साकार गरी सोबापत धरौटी रकम दाखिल गरेकोले दाखिल खारेज पुर्जी गोविन्दप्रसाद यादवलाई दिने र निजले राखेको धरौटी रकम फिर्ता पाउँ भनी वादीको निवेदन परेका बखत वादीलाई फिर्ता दिने भनी तहसिल शाखाबाट मिति २०६९।३।२१ मा निर्णय भएको थियो । लिलामउपर कसैको उजुरी नपरेको हुँदा लिलामसम्बन्धी निर्णय अन्तिम भएर रहेको छ ।

विपक्षी राजकुमारी यादवले लिलाम भएको उक्त जग्गा रोक्का फुकुवा गरिपाउँ भनी सप्तरी जिल्ला अदालत तहसिल शाखामा निवेदन दिएकोमा बिगो भरी भराउको लागि रोक्का रहेको जग्गा फुकुवा गर्न मिलेन भनी भएको तहसिलदारको आदेशउपर विपक्षीको जिल्ला न्यायाधीशसमक्ष निवेदन परेकोमा मिति २०६९।०२।१९ मा तहसिलदारबाट भएको आदेश बदर गरी रहन परेन भनी आदेश भएको थियो । सो आदेशउपर विपक्षी राजकुमारी यादवको पुनरावेदन अदालतसमक्ष अ.बं. १७ नं. को निवेदन परेकोमा उक्त अदालतबाट मिति २०६९।८।८ मा सप्तरी जिल्ला अदालतबाट भएको मिति २०६९।२।१९ को आदेश बदर गरी निवेदन मागबमोजिम रोक्का फुकुवा गरिदिनु भनी आदेश भएको छ । पुनरावेदन अदालतबाट भएको उक्त आदेशबाट निवेदकको नेपालको अन्तरिम संविधान, २०६३ द्वारा प्रदत्त कानूनको समान संरक्षणको हक, सम्पत्तिसम्बन्धी हक हनन् हुनुको साथै मुलुकी ऐन, दण्ड सजायको महलको २६ नं. ६१ नं. समेतविपरीत आदेश भएको हुँदा उक्त गैरकानूनी आदेश बदर गरी पाउन सम्मानित अदालतसमक्ष यो निवेदन लिई उपस्थित भएको छु ।

अदालतबाट भएको फैसलाबमोजिम बिगो भरी भराउको लागि भएको लिलाम अन्तिम भएर बसेको छ । लिलाम बदरतर्फ कसैको दाबी नभएको अवस्थामा १२ वर्षअघि गरिएको रोक्का फुकुवा गरी भइसकेको लिलामबदर हुने असर दिई गरेको आदेश त्रुटिपूर्ण भई बदर भागी छ । विपक्षीले आफूले खाएको ऋण नतिर्ने उद्देश्यले आफ्नो नामको जायजेथा बकसपत्र गरिदिएको हो । ऋण नतिर्ने बद्नियतले अर्को जिल्लाबाट लिखत पारित गरेपनि दाखिल खारेज नामसारी नभएको अवस्थामा निवेदकको उक्त जग्गामा हक कायम भएको मान्न मिल्दैन । लिलाम सकार गर्ने गोविन्दप्रसाद यादवले थैली जम्मा गरिसकेको हुँदा निजका नाउँमा जग्गा नामसारी गर्ने र बिगो रू.१,५३,२५२।४० वादीलाई फिर्ता दिने सप्तरी जिल्ला अदालत तहसिल शाखाको मिति २०६९।३।३१ को निर्णयविपरीत रोक्का रहेको जग्गा फुकुवा गर्ने पु.वे.अ. राजविराजको त्रुटिपूर्ण आदेशबाट मैले बिगो भरि भराई लिन नपाउने अवस्था सृजना भएको छ । कानूनबमोजिम सम्पन्न भएको लिलाम बदर नभई अन्य कुनै बाटोबाट रोक्का फुकुवा गरी मेरो बिगो भरिभराउको कार्य रोक्न मिल्दैन ।

तसर्थ पुनरावेदन अदालत, राजविराजको मिति २०६९।८।८ को आदेश उत्प्रेषणको आदेशले बदर गरी लिलाम सकार गर्ने गोविन्दप्रसाद यादवले दाखिल गरेको रकम मेरो बिगोबापत मलाई दिनु भनी सप्तरी जिल्ला अदलतउपर परमादेशको आदेश जारी गरिपाऊँ । साथै प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्म लिलामबापत प्राप्त रकम र लिलाम

भएका जग्गाहरू यथास्थितिमा राख्नु भनी विपक्षीका नाउँमा अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्ने रिट निवेदन।

यसमा के कसो भएको हो ? निवेदनको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? यो आदेश प्राप्त भएको मितिले बाटाका म्यादबाहेक १५(पन्ध्र) दिनभित्र विपक्षी नं. १, २ र ३ हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत तथा अन्य विपक्षीहरूका हकमा आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पठाउनु भनी प्रस्तुत आदेश र रिट निवेदनको एकप्रति नक्कल साथै राखी सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू।

निवेदकले अन्तरिम आदेशसमेतको माग गरेको सम्बन्धमा विचार गर्दा पुनरावेदन अदालतको मिति ०६९।८।८ को आदेश कार्यान्वयन भए अदालतको अन्तिम फैसलाबाट हकाधिकार सिर्जना भएका यी निवेदकलाई अपुरणीय क्षति पुग्न जाने भएबाट प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नलागेसम्म पुनरावेदन अदालतको मिति ०६९।८।८ को आदेश कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरूको नाउँमा अन्तरिम आदेश जारी गरिदिएको छ भन्ने यस अदालतबाट मिति २०६९।९।२७ मा भएको आदेश।

बिगो भरी भराउमा रहेको जग्गा फुकुवा गरिपाउँ भनी राजकुमारी यादवले निवेदन दिएकोमा तहसिलदारबाट मिति २०६८।१२।१९ मा फुकुवा गर्न मिलेन भनी गरेको आदेश बेरीतको नदेखिँदा कानूनबमोजिम गर्नु भन्ने मिति २०६९।२।१९ मा यस अदालतबाट आदेश भएको थियो । सो आदेशउपर विपक्षीको पुनरावेदन अदालत, राजविराजसमक्ष अ.बं. १७ नं. को निवेदन परेकोमा सप्तरी जि.अ. बाट रोक्का फुकुवा नगर्ने गरी भएको मिति २०६९।२।१९ को आदेश बदर गरिदिएको छ। निवेदन मागबमोजिम जग्गा फुकुवा गरी दिनु भनी मिति २०६९।८।८ मा भएको आदेशअनुसार मिति ०६९।८।२२ मा जग्गा फुकुवा भइसकेको छ । फैसला कार्यान्वयनको सिलसिलामा तेस्रो व्यक्तिले मिति २०६९।३।२५ मा धरौट राखी लिलाम सकार गरेकोमा धनीले धरौटको रकम फिर्ता पाउन निवेदन माग भइरहेको तथा जग्गा लिलाम सकार गर्नेले दा.खा. पाउन माग गरेको निवेदन विचाराधीन रहेको भन्नेसमेत व्यहोराको सप्तरी जिल्ला अदालतको लिखित जवाफ।

निवेदक एवं विपक्षी समतोलीया देवी यादवनीसमेत भएको लेनदेन बिगो मुद्दामा रोक्का राखिएको राजविराज नगरपालिका वडा नं. ७ कि.नं. ८०२ को जग्गा निवेदिका राजकुमारी यादवको नाउँमा मिति २०५७।४।२५ मा हालैको बकसपत्रबाट आएको देखिएको छ । बकसपत्र वालाको मन्जुरीबेगर रोक्का राख्न वा लिलामी जस्ता अन्य काम गर्न नमिल्ने हुनाले निवेदन मागबमोजिम जग्गा फुकुवा गर्नुपर्नेमा नगर्ने गरी सप्तरी जिल्ला अदालतबाट भएको आदेश बदर हुने गरी मिति २०६९।८।८ मा यस अदालतबाट आदेश भएको देखिन्छ । यस अदालतको आदेशबाट निवेदकको संविधान तथा कानून प्रदत्त हक अधिकारमा आघात पुगेको अवस्था नहुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, राजविराजको लिखित जवाफ।

म राजकुमारी यादवले रिट निवेदकसँग ऋण नलिएको नखाएको अवस्थामा विपक्षीहरूले मिलेमतो गरी कपाली तमसुक बनाई मेरो नामको जग्गा रोक्का राख्ने र लिलाम गर्ने कार्य गैरकानूनी छ । मैले उक्त जग्गा मिति ०५७।४।२५ मा हालैको बकसपत्र लिखत पास गरी प्राप्त गरेको, सोपश्चात् मिति २०५७।५।१ मा लेनदेन मुद्दा दायर गरेबाट मेरो लिखत नै जेठो भएकोले साहुको ऋण असुल गर्न मिल्दैन । म लिखित जवाफकर्ता गोविन्द यादवले उक्त जग्गाको लिलाम डाक सकार गरेको र उक्त रोक्का जग्गा नै फुकुवा भइसकेको हुँदा त्यस्तो जग्गा लिलाम गर्ने कार्य स्वतः

बदरभागी हुने भएकोले मलाई विपक्षी बनाउनु पर्ने होइन । पु.वे.अ.बाट रोक्का फुकुवा गर्ने आदेश कानूनसम्मत नै रहेकोले गैरकानूनी र तथ्यहीन रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षी राजकुमारी यादव र गोविन्दप्रसाद यादवको संयुक्त लिखित जवाफ।

विपक्षी समतोलीया देवी यादवले यस अदालतबाट जारी भएको म्याद मिति २०६९।१०।३ मा आफैँले बुझी म्यादभित्र लिखित जवाफ पेस गरेको देखिएन।

नियमबमोजिम दैनिक पेसी सुचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत निवेदनमा निवेदकतर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री किरण गुप्ताले जिल्ला अदालतको फैसलाबमोजिम प्रतिवादीले वादीलाई बुझाउनु पर्ने बिगोबापत जग्गा लिलाम भई फैसला कार्यान्वयन भइसकेको छ । यसरी अदालतबाट भएको फैसला कार्यान्वयनलाई निस्तेज पार्ने गरी भएको पुनरावेदन अदालतको आदेश बदर हुनुपर्छ भनी र विपक्षी सरकारी निकायका तर्फबाट उपस्थित महान्यायाधिवक्ताको कार्यालयका विद्वान् सहन्यायाधिवक्ता श्री चन्द्रबहादुर सापकोटाले विवादित जग्गाको स्वामित्व राजकुमारी देवीको नाममा आइसकेको छ। लेनदेन मुद्दाको फिराद पर्नु अगावै प्राप्त भएको सम्पत्तिबाट ऋण भरी भराउ हुन सक्दैन। तसर्थ जग्गावालाको मन्जुरीबेगर निजको जेथाबाट ऋण असुलउपर हुन नसक्ने हुँदा निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

विद्वान् अधिवक्ताहरूको बहस सुनी मिसिल अध्ययन गरी हेर्दा यसमा निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा देवकी देवी यादवको मु.स. गर्ने बलराम यादव वादी समतोलिया देवी प्रतिवादी भएको लेनदेन मुद्दामा वादीले प्रतिवादीबाट सावाँ ब्याज भराइ पाउने ठहरी सप्तरी जिल्ला अदालतबाट भएको फैसला पुनरावेदन अदालत, राजविराजबाट समेत सदर भई अन्तिम भएर रहेको देखिन्छ । अदालतबाट भएको फैसलाअनुसार बिगो भरी भराउ सम्बन्धमा कारवाही भई प्रतिवादी समतोलिया देवीको नामको जिल्ला सप्तरी चनौरा पडरिया गा.वि.स. वडा नं. ७ कि.नं. ८०४ को क्षे.फ. ०-१-२ जग्गा लिलाम भई मिति २०६९।३।२५ मा विपक्षीमध्येका गोविन्दप्रसाद यादवले रू. १,५५,०००।- मा लिलाम सकार गरेको हुँदा दाखिल खारेज पुर्जी गोविन्दप्रसाद यादवलाई र लिलाम भई धरौटी रहेको रकम पाउँ भनी वादीको निवेदन परेका बखत वादीलाई दिने भनी तहसिलदारबाट मिति २०६९।३।३१ मा निर्णय भएको देखिन्छ।

३. यसरी लिलाम भइसकेको उक्त विवादित कि.नं. ८०४ लगायतका जग्गाहरू मिति २०५७।४।२५ मा हालैको बकसपत्रद्वारा आफ्नो हकस्वामित्वमा आएको भनी विपक्षी समतोलियादेवी कि एकाघरकी छोरी राजकुमारी देवीले रोक्का फुकुवा गर्न माग गरी दिएको निवेदनमा "निवेदकले फुकुवा माग गरेको जग्गाको दाखिल खारेज दर्ता नहुने गरी रोक्का रहेकोले उक्त आदेश कायम रहेसम्म जग्गा फुकुवा गर्न मिलेन" भनी तहसिलदारबाट आदेश भएको देखिन्छ । उक्त आदेश बदर गरिपाउँ भनी जिल्ला न्यायाधीशसमक्ष निवेदन परेकोमा जिल्ला न्यायाधीशबाट तहसिलदारकै आदेश सदर भएउपर विपक्षीको पुनरावेदन अदालत, राजविराजमा अ.बं. १७ नं. को निवेदन परी उक्त अदालतबाट बकसपत्रवालाको मन्जुरीबेगर लिलाम गर्न वा रोक्का राख्न नमिल्ने भनी जिल्ला अदालतबाट भएको मिति २०६९।२।१९ को आदेश बदर गरेको देखियो। यसरी प्रस्तुत निवेदनमा विपक्षी समतोलिया देवीले खाएको ऋण निजको छोरीलाई मिति २०५७।४।२५ मा दिएको बकसपत्रको सम्पत्तिबाट असुलउपर हुन सक्ने वा नसक्ने भन्ने प्रश्न

अन्तरनिहित भएको पाइयो ।

४. विपक्षी समतोलिया देवीले निवेदकको आमा देवकी देवीसँग मिति २०५२।४।१५ मा कपाली तमसुक गरी लिएको ऋणको सावाँ ब्याज भरी पाउने ठहरी फैसला भएको भन्नेमा विवाद देखिँदैन । विपक्षी समतोलिया देवीले आफ्नो नामको जग्गा मिति २०५७।४।२५ मा छोरी राजकुमारी यादवलाई बकसपत्र गरी दिएको देखिन्छ । लेनदेन मुद्दाको फिराद पर्नु अगावै बकसपत्रको लिखतबाट प्राप्त सम्पत्तिबाट बिगो असुलउपर गर्न मिल्दैन भनी विपक्षीले जिकिर लिएको पाइन्छ । आफूले लिएको ऋण दायित्वलाई छल्ने उद्देश्यले नाबालक छोरीको नाममा मिति २०५७।४।२५ मा बकसपत्रबाट सम्पत्ति हस्तान्तरण गरेको भए तापनि बकसपत्र मितिभन्दा अगावै अर्थात मिति २०५२।४।१५ मा भएको लेनदेन कारोबारबाट मुद्दाको उठान भएको देखिएकोले विपक्षीले लिएको जिकिर स्वीकारयोग्य देखिँदैन । निवेदककी आमा देवकी देवी यादव र विपक्षी समतोलियादेवीबीच चलेको लेनदेन मुद्दाको कारणबाट मिति २०५७।७।३० देखि नै विवादित जग्गा रोक्का रही बकसपत्रबाट हकप्राप्त गरेकी विपक्षी राजकुमारी यादवको नाममा दाखिल खारेज हुन नसकेको देखिन्छ । समयमा ऋण नतिरेको कारण लेनदेन मुद्दा दिन्छु भनी वादीले भनेपश्चात ऋण तिर्ने आफ्नो दायित्वबाट उम्कने उद्देश्यले विपक्षी समतोलिया देवीले नाबालक छोरीको नाममा बकसपत्र गरी दिएकोले निजका नाममा अब कुनै सम्पत्ति बाँकी रहेको देखिँदैन । आफ्नो नामको सम्पत्ति छोरीको नाममा बकसपत्र गरिदिएको भए तापनि रितपूर्वकको बन्डापत्र खडा भई आमाछोरी छुट्टिभिन्न भएको भन्ने देखिएको छैन । प्रमाण ऐन, २०३१ को दफा ६(क) अनुसार अन्यथा प्रमाणित नभएसम्म एकाघरसँगका अंशियारमध्ये जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्नुपर्ने हुँदा सगोलका अंशियारको नाममा बकसपत्र गरिदिएको विवादित सम्पत्ति सगोलमानै रहेको मान्नुपर्ने हुन आयो ।

५. ऋण लिएको समय अर्थात् मिति २०५२।४।१५ देखि बकसपत्र गरिदिएको अवस्थासम्म आमाछोरी सगोलका अंशियार रहेको देखिँदा मुलुकी ऐन, दण्ड सजायको महलको २६ नं. अनुसार सगोलको ऋण तिर्नु पर्ने दायित्व विपक्षी राजकुमारी यादवले समेत वहन गर्नुपर्ने हुन्छ । परिवारको मुख्य व्यक्ति आमाले घर व्यवहार चलाउनका लागि लिएको ऋण यी विपक्षीले समेत व्यहोर्नु पर्ने हुँदा निजको नाममा बकसपत्रबाट प्राप्त भएको सम्पत्तिबाट असुल हुन नसक्ने भन्नु कानूनविपरीत हुने देखिन्छ । अदालतको अन्तिम फैसलाबाट सावाँ ब्याज भरी पाउने वादीको हक स्थापित भइसकेको स्थितिमा बिगो भरिदिनु पर्ने दायित्वबाट विपक्षीले उन्मुक्ति पाउँछ भन्न मिल्दैन । ऋण खाँदा सगोलमा रहेकी विपक्षी राजकुमारी यादवको सम्पत्तिबाट बिगो असुलउपर हुन नसक्ने भनी दायित्वमुक्त गरी दिने हो भने अदालतबाट भएको लेनदेन मुद्दाको फैसला निस्प्रयोजित हुने देखिन्छ । विवादित जग्गा मिति २०६९।३।२५ मा लिलाम भइसकेको, उक्त लिलामउपर कसैको उजुर नपरेको अवस्था हुँदा लिलाम कार्य अन्तिम भएर रहेको देखिन्छ । यसरी लिलाम भइसकेको तथ्यलाई अनदेखा गरी रोक्का फुकुवा गर्नेगरी भएको पुनरावेदन अदालतको आदेशबाट फैसला कार्यान्वयननै निष्प्रभावी हुनगएको देखिन्छ । अदालतले आदेश गर्दा आफ्नो फैसला कार्यान्वयनलाई नै निष्क्रिय हुने गरी गर्न उचित हुँदैन ।

६. तसर्थ माथि विवेचित आधार कारणबाट विवादित कि.नं. ८०४ को क्षे.फ. ०-१-२ जग्गा वादीले भरिपाउने ठहरेको बिगो असुलउपरका लागि मिति २०६९।३।२५ मा लिलाम भई विपक्षीमध्येका गोविन्दप्रसाद यादवले लिलाम सकार गरी वादीले

भरिपाउने बिगो रकम धरौटसमेत राखिसकेको, उक्त लिलाम कानूनविपरीत भयो भनी लिलाम बदरतर्फ कसैको उजुर नपरी अन्तिम भई फैसला कार्यान्वयन भइसकेको अवस्थामा अप्रासंगिक कुरा उठाई जिल्ला अदालतबाट विवादित जग्गाको रोक्का फुकुवा गर्न मिलेन भनी कानूनबमोजिम भएको मिति २०६९।२।१९ को आदेश बदर गरी रोक्का फुकुवा गर्नु भनी गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६९।८।८ को आदेश त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिई दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
स.प्र.न्या.कल्याण श्रेष्ठ

इजलास अधिकृत : सुरेशराज खनाल
इति संवत् २०७२ साल असोज ७ गते रोज ५ शुभम् ।

## निर्णय नं.९६३०

सर्वोच्च अदालत,संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा
फैसला मिति : २०७२।१०।१८।२

मुद्दाः प्रश्नपत्रको गोपनीयता भङ्ग गरी भ्रष्टाचार गरेको

०७१–CR–०११५
पुनरावेदक / वादी : अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत ऋषिराम दवाडीको प्रतिवेदनले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / वादी : तेज बहादुर लिम्बूको छोरा कालिमाटीस्थित जिलेट आवासिय उच्च मा.वि.का प्रिन्सिपल नेत्रबहादुर लिम्बूसमेत

०७१–CR–०२७३
पुनरावेदक / प्रतिवादी : जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं.७ कुमारीगाल बस्ने हिरा बस्नेतको छोरा बिनोद बस्नेतसमेत

विरूद्ध

प्रत्यर्थी / वादी : अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत ऋषिराम दवाडीको प्रतिवेदनले नेपाल सरकार

०७१–CR–०२८१
पुनरावेदक / प्रतिवादी : ओमप्रकाश सुवेदीको छोरा जिलेट आवासिय उच्च मा.वि. का लेखापाल नरेन्द्र सुवेदी

विरूद्ध

प्रत्यर्थी / वादी : अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत ऋषिराम दवाडीको प्रतिवेदनले नेपाल सरकार

०७१–CR–०३०१
पुनरावेदक / प्रतिवादी : काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १४ रविभवनमा बस्ने कृष्णप्रसाद अधिकारीको छोरा रूद्र अधिकारी

विरूद्ध

प्रत्यर्थी / वादी : अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत ऋषिराम दवाडीको प्रतिवेदनले नेपाल सरकार

- **दोहोरो खतराको सिद्धान्तले मूलतः एउटै व्यक्तिका विरूद्धमा उही कसुरमा पहिले नै**

कारवाही भई सजाय पाइसकेको वा सफाई पाइसकेको अवस्थामा उक्त कसुरमा दुईपटक मुद्दा चलाउन र सजाय गराउनलाई रोक्दछ। दोहोरो खतराको सिद्धान्त यस आधारमा पूर्व निर्णयसँग सम्बन्धित देखिन्छ। दोहोरो खतराको सिद्धान्त आकर्षित हुनका लागि मुख्यरूपमा सक्षम निकायबाट निर्णय भएको हुनुपर्ने, निर्णय अन्तिम भएको हुनुपर्ने र त्यस्तो निर्णय स्वच्छ सुनुवाई गरी अन्तिमसमेत भएको हुनुपर्ने।

- नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ को उपधारा (६) ले कुनैपनि व्यक्ति विरूद्ध अदालतमा एकै कसुरमा एकपटक भन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन भन्ने व्यवस्था गरेको देखिन्छ भने वर्तमान नेपालको संविधानको धारा २० को उपधारा (६) ले त्यसलाई निरन्तरता दिएको पाइने।

(प्रकरण नं.१२)

- राज्यको मूल कानून संविधानले नै दोहोरो खतराको सिद्धान्तलाई फौजदारी न्यायको हकका रूपमा प्रत्याभूत गरेको परिप्रेक्ष्यमा त्यसलाई आत्मसात् गरी न्याय निरूपण गरिनुपर्दछ यसलाई अन्यथा गर्न सकिँदैन। यद्यपी मुद्दाको तथ्यगत अवस्था एक खालको हुने र तथ्यगत अवस्थाको विश्लेषण नगरी सैद्धान्तिक र तथ्यगत अवस्थालाई एकैचोटी विश्लेषण नगरी कसुरदारलाई कसरी उन्मुक्ति मिल्दछ भनी निष्कर्षमा पुग्न खोज्नु फौजदारी न्यायको सिद्धान्तकै खिलाफ हुन जाने।
- न्यायको दुरूपयोग नहोस् र एउटै कसुरमा दुईपटक खतरामा रहनु नपरोस भन्ने अभिप्रायले यस्तो संवैधानिक मान्यताको विकास भएको हो । मुद्दाका आ-आफ्नै विशिष्टता हुने गर्दछन्। दण्डहीनताले प्रसय नपाओस् अपराधी सजायको दायरामा आउन सकोस् र कुनैपनि व्यक्तिविना कारण दुईपटक खतरामा नपरोस् भन्ने सम्बन्धमा न्यायकर्ता सदैव सचेत रहनुपर्ने।

(प्रकरण नं.१३)

- मुद्दाको समग्र तथ्यको विश्लेषण गर्दा कसैले कानूनद्वारा निषिद्ध आपराधिक कार्य गरेको अवस्थामा त्यस्तो कार्यलाई अलग / अलग कानूनले अलग / अलग अपराध मान्दछ भने त्यसलाई एउटै कसुर मानेर एउटा मात्र कानूनअन्तर्गत कारवाही गर्नुपर्ने भनी आपराधिक क्रियालाई सीमित तुल्याउन नमिल्ने।
- भ्रष्टाचार निवारण ऐन, २०५९ को कुनै पनि व्यक्ति विरूद्ध अदालतमा एकै कसुरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन भन्ने कुरा अर्थात् दोहोरो खतराको सिद्धान्त कुनै एक कसुरमा उही व्यक्तिउपर मुद्दा चलाई निर्णय भइसकेकोमा सोही कसुरको सम्बन्धमा पुनः कारवाही चलाउन रोक लगाउने सन्दर्भमा आकर्षित हुने हो। विवादको विषयमा एकै प्रतिवादीबाट भएको कार्यको लागि दुई छुट्टाछुट्टै ऐनअन्तर्गतको कसुरमा छुट्टाछुट्टै अनुसन्धान तहकिकात गरी मुद्दा चलाउन र अदालतबाट निर्णय गर्न यस सिद्धान्तले रोक लगाएको देखिँदैन । यसबाट एउटै क्रियाबाट अलगअलग ऐनअन्तर्गतमा कसुरसमेत भएमा अलगअलग मुद्दा

**चलाउन र सजाय गर्ने बाधा हुने अवस्था नदेखिने।**

(प्रकरण नं.१४)

वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता ज्ञानप्रसाद भूसाल

प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ताहरू अर्जुन खनाल र विद्वान् अधिवक्ता चेतनाथ घिमिरे, विद्वान् अधिवक्ता टिकाराम भट्टराई, चेतनाथ घिमिरे, टिकाराम भट्टराई, डा. भिमार्जुन आचार्य, गोपी शर्मा सुवेदी

अवलम्बित नजिर :

- ने.का.प. २०६९, नि.नं.८८७४, पृ.१२३८

सम्बद्ध कानून :

- भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३

फैसला

**न्या.चोलेन्द्र शमशेर ज.ब.रा. :** विशेष अदालत ऐन, २०५९ को दफा १७ बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

तथ्य खण्ड

उच्च माध्यमिक शिक्षा परिषद्द्वारा २०६८ सालमा सञ्चालित कक्षा–१२ को भौतिकशास्त्र विषयको प्रश्नपत्र निर्धारित समय अगावै बाहिरिएको भन्ने सम्बन्धमा गठित छानबिन समितिले "प्रश्नपत्रको गोपनीयता भंग गर्ने कार्यमा संलग्न व्यक्तिहरूलाई सजाय हुन उपयुक्त देखिई जिलेट आवासिय उ.मा.वि.कालिमाटी केन्द्रका केन्द्राध्यक्ष नेत्रबहादुर लिम्बू–१, ऐ.का सहायक केन्द्राध्यक्ष झापा जिल्ला तोपगाछी गा.वि.स.वडा नं.७ घर भई हाल रविभवन काठमाडौं डेरा गरी बस्ने जिलेट आ.उ.मा.वि. कालिमाटीका Coordinator भई हाल थुनामा रहेका रूद्र अधिकारी–१, सर्लाही जिल्ला हरिपुर गा.वि.स.घर भई हाल काठमाडौं भोटेवहाल डेरा गरी हाल थुनामा रहेको वर्ष–२४ को नरेन्द्र सुवेदी–१, काठमाडौं जिल्ला भद्रवास गा.वि.स. वडा नं.३ घर भई हाल थुनामा रहेको वर्ष–२३ को सन्तोष कुँइकेल–१, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका–७ कुमारीगाल टुसाल घर भई हाल थुनामा रहेको वर्ष–२१ को बिनोद बस्नेतसमेत जना–५ मध्ये ४ जना थुनामा रहेका र केन्द्राध्यक्ष नेत्रबहादुर लिम्बू थुना बाहिर रहेको हुँदा निज केन्द्राध्यक्षलाई समेत गिरफ्तार गरी शिक्षा ऐन, २०२८ को दफा १७(१)क बमोजिमको माग दाबी लिई मुद्दा चलाउनका लागि सिफारिस गरेको र उक्त मुद्दाबाट छुटीजाने स्थिति भएमा अभियुक्तमध्येका केन्द्राध्यक्ष नेत्रबहादुर लिम्बू–१, रूद्र अधिकारी–१ र लापरवाहीपूर्ण कार्यमा संलग्न पर्यवेक्षक तिर्थराज बराल–१ समेत जना–३ सार्वजनिक पदधारण गरेका व्यक्ति भएको हुँदा निजहरूको कार्य र संलग्नता एकिन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ को कसुरमा ऐ.ऐनको दफा १२ बमोजिम उक्त कार्यमा संलग्न व्यक्तिहरूको कार्यबाट परिषद्लाई पुग्न गएको हानि–नोक्सानी रकम रू.६९,००,०००।- (अक्षरेपी उनान्सत्तरी लाख) समेत निजहरूबाट असुलउपर गराई लिने माग दाबी लिई मुद्दा चलाउनका लागि यस आयोगमा पठाउन उच्च माध्यमिक शिक्षा परिषद्लाई सिफारिससहितको प्रतिवेदन बुझाएको हुँदा परीक्षा सञ्चालक समितिको निर्णयानुसार आवश्यक कारवाहीका लागि अनुरोध छ भन्नेसमेत व्यहोराको उच्च माध्यमिक शिक्षा परिषद्को प.सं.०६७/०६८ च.नं.३५३८ मिति २०६८/२/८ को पत्रसाथ अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा प्रतिवेदनसहितको उजुरी दर्ता भएको।

उच्च माध्यमिक शिक्षा परिषद्बाट मिति २०६८।१।१९ देखि ऐ.३० गतेसम्म सञ्चालन भएको कक्षा १२ को भौतिक शास्त्र विषयको प्रश्नपत्र परीक्षा सञ्चालन अगावै बाहिरिएको विषयमा महानगरीय प्रहरी

परिसर हनुमानढोकाबाट शिक्षा ऐन, २०२८ अन्तर्गत छानबिन भइरहेको र सो कार्यमा संलग्न व्यक्तिहरू प्रहरी हिरासतमा रहेको भन्ने बुझिन आएको हुँदा निज प्रतिवादीहरू रूद्र अधिकारी, नरेन्द्र सुवेदी, सन्तोष कुइँकेल र बिनोद बस्नेतसमेत चार जनालाई आयोगमा उपस्थित गराई दिनहुन भनि मिति २०६८/२/१९ च.नं.१७६४ को पत्रमार्फत लेखी पठाएकोमा सो महानगरीय प्रहरी परिसरले मिति २०६८/२/२५ च.नं.८८३२ को पत्रसाथ निजहरूलाई आयोगमा उपस्थित गराइएको।

उच्च माध्यमिक शिक्षा परिषद्द्वारा कक्षा–१२ को लागि मिति २०६८/१/१९ गतेदेखि परीक्षा सञ्चालन हुने परीक्षाको लागि जिलेट आवासिय उच्च मा.वि.परीक्षा केन्द्र तोकिएको।

उक्त परीक्षा केन्द्रको लागि उच्च माध्यमिक शिक्षा परिषद्को च.नं.४७६ मिति २०६८/१/६ को पत्रद्वारा सोही मा.वि.का प्राचार्य नेत्रबहादुर लिम्बूलाई केन्द्राध्यक्ष तथा परिषद्को च.नं.९७८ मिति २०६८/१/८ को पत्रद्वारा रिचमण्ड एकेडेमी उ.मा.वि.का तीर्थराज बराललाई पर्यवेक्षक नियुक्त गरिएको।

परीक्षा केन्द्रका केन्द्राध्यक्षबाट सोही जिलेट आ.उ.मा.वि.का इन्चार्ज रूद्र अधिकारीलाई मिति २०६८/१/१९ मा सहायक केन्द्राध्यक्ष तोकिएको।

उच्च माध्यमिक शिक्षा परिषद्को मिति २०६७/१२/२२ को पत्रद्वारा २०६८/१/१९ देखि २।२२ सम्म सञ्चालन हुने परीक्षाको लागि परीक्षा पूर्व गोप्य सामानहरू पुर्‍याउन तथा प्रश्नपत्र नजिकको सुरक्षा निकायमा सुरक्षितसाथ राख्ने व्यवस्था गर्न गृह मन्त्रालयका सचिवसमक्ष अनुरोध गरिएको र सोअनुसार गृह मन्त्रालयबाट पाँचवटै क्षेत्रीय प्रशासन कार्यालय तथा प्रहरी प्रधान कार्यालयबाट क्षेत्रीय प्रहरी कार्यालयहरूमा सञ्चार तथा परिपत्र गरिएको।

उच्च माध्यमिक शिक्षा परिषद्बाट विभिन्न सुरक्षा निकायलाई पत्र लेखी संलग्न लिखतअनुसारका गोप्य सामग्री सुरक्षित तवरले राखी दिनुहुन र Routine अनुसार सम्बन्धित परीक्षाको दिन बिहान ६.३० बजेपछि परीक्षा केन्द्रमा पुर्‍याउनको लागि केन्द्रका केन्द्राध्यक्षसाथ सुरक्षाकर्मी पठाई दिन अनुरोध गरिएको र परिषद्ले उपलब्ध गराएको प्रश्नपत्र बुझी लिने भरपाईको नमुनामा परीक्षा मिति, विषय एवं कोड नं. र प्रश्नपत्र बुझिलिने केन्द्राध्यक्षको नाम उल्लेख भएको।

परिषद्ले सम्पूर्ण परीक्षा केन्द्रका केन्द्राध्यक्षहरूलाई परीक्षा सञ्चालन सम्बन्धमा मिति २०६८।१।२ मा दिएको निर्देशनमा सुरक्षा निकायबाट परीक्षाको दिन प्रश्नपत्रहरू सुरक्षाकर्मीका साथ ल्याउनुहुन एवं परीक्षाको दिन बिहान ६.३० बजेपछि मात्र केन्द्राध्यक्ष र सुरक्षाकर्मीसहित तीनजनाको रोहवरमा प्रश्नपत्र खोल्नु हुनका लागि भनी परिषद्बाट जारी परीक्षासम्बन्धी निर्देशिका, २०६८ को बमोजिम निर्देशित गरिएको।

हिरासतमा रहेका रूद्र अधिकारी, सन्तोष कुइकेल, नरेन्द्र सुवेदी र बिनोद बस्नेतहरूको मोवाइल नम्बरबाट प्रश्नपत्र बाहिरिएको भनिएका दिनमा कहाँकहाँ फोन सम्पर्क भएको हो सो बारे नेपाल टेलिकमबाट कल डिटेल लिइएको।

उच्च माध्यमिक शिक्षा परिषद्का परीक्षा शाखाको गोप्य शाखामा कार्यरत उपसचिव कृष्णप्रसाद शर्मा, शाखा अधिकृत कृष्णप्रसाद घिमिरे, शाखा अधिकृत निर्मलकुमार सुवेदी, कम्प्युटर सहायक सुवास सापकोटा तथा कार्यालय सहयोगी मित्रबहादुर कार्कीसमेतलाई उपस्थित गराई बाहिरिएको भनिएको मिति २०६८।१।२१ गते सञ्चालित भौतिकशास्त्र विषयको प्रश्नपत्रको नमूना भिड्छ वा भिड्दैन भनी हस्तलिखित लिइएको।

प्रस्तुत विषयमा संलग्न देखिएका जिलेट आ.उ.मा.वि. का प्रिन्सिपल नेत्रबहादुर लिम्बू, पेन्टागन कलेजका विद्यार्थी युवराज शाही, न्यू समिट उ.मा.वि.का बिर्ख महत, क्याम्ब्रीज कलेजका संजय चौधरी,

सेन्टजेभियर्स कलेजका सुयोग श्रेष्ठ, युनिभर्सल कलेजका सिद्धान्त भुजेल, प्राइम कलेजका आयुष मानन्धर र क्यास्पियन कलेजका संजित जैसवाल, जेभियर्स इन्टरनेशनल कलेजका मदन बस्नेत र नेत्रबहादुर बुढासमेतलाई आयोगमा उपस्थित गराउन पत्राचार भएकोमा निजहरू उपस्थित हुन नआएको।

परिषद्बाट सञ्चालन हुने कक्षा–१२ को भौतिकशास्त्र, कम्प्युटर साइन्स र होटेल म्यानेजमेन्ट लगायतका विषयका प्रश्नपत्र परीक्षा अगावै बाहिरिएको सम्बन्धमा केन्द्रीय अपराध अनुसन्धान व्यूरोले जिलेट कलेजका Coordinator एवं सहायक केन्द्राध्यक्ष रूद्र अधिकारी, ब्राइटल्याण्ड कलेजका शिक्षक एवं जिलेट कलेजको लेखामा काम गर्ने नरेन्द्र सुवेदी, का.जि. भद्रवास ३ बस्ने सन्तोष कुइकेल र का.जि.का.म.न.पा. वडा नं. ७ बौद्ध टुसाल बस्ने बिनोद बस्नेतलाई पक्राउ गरी अनुसन्धान गर्दा जिलेट कलेजको परीक्षा केन्द्रको लागि उच्च माध्यमिक शिक्षा परिषद्द्वारा पठाइएका प्रश्नपत्रहरू सुरक्षित साथ राखिएको स्थान महानगरीय प्रहरी वृत्त, कालिमाटीबाट लिई नरेन्द्र सुवेदीलाई दिएको, नरेन्द्र सुवेदीले सन्तोष कुइकेललाई दिएको र सन्तोष कुइकेलले विनोद बस्नेतमार्फत विभिन्न व्यक्तिलाई बेचेको कुरा उल्लेख गरेको र सोही व्यहोराको टेप रेकर्ड (सिडी) समेत परिषद्बाट प्राप्त हुन आएको।

सो कार्यमा संलग्न रूद्र अधिकारी, नरेन्द्र सुवेदी, सन्तोष कुइकेल, बिनोद बस्नेत, केन्द्राध्यक्ष नेत्रबहादुर लिम्बू र विवेक बस्ने समेतका उपर महानगरीय प्रहरी परिसर हनुमानढोकाबाट अनुसन्धान भई निजहरू उपर शिक्षा ऐन,२०२८ को दफा १७(१) क. बमोजिमको कसुरमा कारवाही हुन काठमाडौं जिल्ला अदालतमा मिति २०६८।२।२३ मा मुद्दा दायर गरिएको।

आरोपित प्रतिवादीहरू रूद्र अधिकारी, नरेन्द्र सुवेदी, सन्तोष कुइकेल तथा विनोद बस्नेतको फोनको कल विवरण नेपाल टेलिकमबाट माग गर्दा मिति २०६८ साल वैशाख २० गतेदेखि ऐ. वैशाख २२ गतेसम्म निजहरूबीच एक अर्कामा फोन सम्पर्क भएको देखिएको।

बाहिरिएको भनिएको कक्षा–१२ को भौतिकशास्त्रको हस्तलिखित प्रश्नहरूका सम्बन्धमा उच्च माध्यमिक शिक्षा परिषद्का गोप्य शाखामा काम गर्ने उपसचिव कृष्ण प्रसाद शर्मा, शा.अ.कृष्णप्रसाद घिमिरे तथा शा.अ.निर्मलकुमार सुवेदी तथा का.स.मित्रबहादुर कार्की एवं का.स.सुभाष सापकोटासमेतका कर्मचारीहरूलाई आयोगमा बोलाई प्रश्नपत्रको हरफ लेख्न लगाई निजहरूको हस्ताक्षर संकलन गरिएको।

म शिक्षक पेसा गर्दछु । जिलेट उ.मा.वि. कालिमाटी र ज्वाला मा.वि.कालिमाटीमा कार्यरत छु । जिलेट उ.मा.वि.मा विगत ८ वर्षदेखि कार्यरत छु। हाल म बिहान ६ बजेदेखि दिउँसो १ बजेसम्म कार्य गर्दछु । म त्यहाँ अर्थशास्त्र र अंग्रेजी विषय अध्यापन गराउँदछु । ज्वाला मा.वि.मा १.३० देखि ४.०० बजेसम्म अध्यापन गर्दछु। त्यहाँ म विगत १० वर्षदेखि कार्यरत छु। म त्यहाँ अर्थशास्त्र र अंग्रेजी विषय अध्यापन गराउँदछु। कक्षा–१२ को २०६८ वैशाख १९ देखि ३० सम्मको परीक्षामा मलाई सहायक केन्द्राध्यक्षको जिम्मेवारी दिनुका साथै निरीक्षकहरूलाई सहयोग पुर्‍याउने, परीक्षार्थीका गतिविधि अवलोकन गर्ने जिम्मेवारी दिएको थियो। मलाई परीक्षाका दिन प्रश्नपत्र राखिएको बाकसको चाबी केन्द्राध्यक्षसँग हुने हुँदा केन्द्राध्यक्षले चाबी मलाई दिनुहुन्थ्यो र म कालिमाटी प्रहरी वृत्तमा गई बिहान ६.३० बजे आफ्नो परीक्षा केन्द्रको बाकस खोली ६ वटा लाहाछापसहितको प्रश्नपत्रको पोका झिकी सही प्रश्नपत्रको पोका हो वा होइन जाँचको लागि प्रहरीलाई देखाएर बुझाई प्रमाणित गराई सकेपछि आवश्यक मुचुल्का तयार गरी प्रहरीको निगरानीमा परीक्षा केन्द्रमा आई प्रश्नपत्रको पोका र चाबी

केन्द्राध्यक्षलाई बुझाउने गर्दथेँ भन्नेसमेत व्यहोराको निज प्रतिवादी रूद्र अधिकारीले यस आयोगसमक्ष गरेको बयान कागजबाट देखिन्छ भने निजले शिक्षा ऐनअन्तर्गतको मुद्दामा अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा मिति २०६८।१।२१ गते भौतिकशास्त्र विषयको परीक्षा थियो । म र नरेन्द्र सुवेदी भई ऐ.२० गते प्रश्नपत्र लिन जाँदा प्रहरीले थाहा नपाउने गरी कालिमाटी प्रहरी वृत्तमा रहेको उक्त प्रश्नपत्र निकाली लगेको हो र सो प्रश्नपत्र २० गते बेलुका नै नरेन्द्र सरलाई दिएको थिएँ। ऐ.२१ गते प्रश्नपत्र लिन जाँदा २२ गतेको कम्प्युटर साइन्सको प्रश्नपत्र ल्याएको हो। उक्त प्रश्नपत्र त्यसैदिन नै नरेन्द्र सरलाई दिएको थिएँ । म आफैँले पनि संजय चौधरी भन्ने विद्यार्थीलाई रू.१०,०००।- मा फिजिक्सको प्रश्नपत्र दिएको थिएँ भन्नेसमेत व्यहोरा उल्लेख गरी प्रतिवादी रूद्र अधिकारीले आयोगसमक्ष गरेको बयान।

म जिलेट कलेजमा लगभग १ वर्षदेखि कार्यरत छु। म मिति २०६८।१।१९ देखि २०६८।१।३० सम्म बिहानको समयमा कलेजमा नै थिएँ र त्यसपछिको समयमा पनि काठमाडौंमा नै थिएँ । जिलेट कलेजमा Capitol Hill College र Camellia College को Centre परेको थियो । परीक्षार्थी थोरै भएको दिनमा BBS 1st Year र BBS 2nd Year को कक्षा सञ्चालन हुन्थ्यो । कलेजको परीक्षासँग मेरो कुनै पनि सम्बन्ध रहँदैन तर कलेजमा नै भएको हुनाले अह्राएको काम साधारण काम गरेको हुँ। मैले दुई पटक प्रश्नपत्र बुझेको हुँ तर मलाई कुन विषयको र कुन मितिको भन्ने कुरा याद छैन । मैले बिहान ६.१५–६.३० बीचको समयमा प्रश्नपत्र कालिमाटीस्थित प्रहरी कार्यालयबाट सम्पूर्ण अभिलेख दर्ता गरी प्रहरीको सुरक्षामा प्रश्नपत्र कलेजभित्र पुर्‍याई केन्द्राध्यक्षलाई बुझाएको हुँ । उक्त प्रश्नपत्र ल्याउँदा म एक्लै थिएँ भन्नेसमेत व्यहोराको निज प्रतिवादी नरेन्द्र सुवेदीले यस आयोगसमक्ष दिएको बयान कागजबाट देखिन्छ भने निजले शिक्षा ऐनअन्तर्गतको मुद्दामा अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा कक्षा १२ को परीक्षाको प्रश्नपत्र महानगरीय प्रहरी वृत्त, कालिमाटीमा राखिने भएकोले परीक्षा अगावै प्रश्नपत्र लिन जाने जिम्मेवारी रूद्र अधिकारीको थियो । मिति२०६८।१।२०गते बेलुका रूद्र अधिकारीले मलाई भेटी होटल म्यानेजमेन्ट र फिजिक्स विषयको प्रश्नपत्र मेरो साथमा छ खरिद गर्ने विद्यार्थीहरू जम्मा गरी बिक्री गर्नु र आएको रकम बाँडी खानुपर्छ भनेका थिए निजले प्रश्नपत्रको टाउको भाग छोपिएका चार थान प्रश्नपत्रहरूको फोटोकपी उपलब्ध गराएकोमा मैले रू.१५,०००। मा सन्तोषलाई बिक्री गरेको थिएँ भन्नेसमेत व्यहोरा उल्लेख गरी प्रतिवादी नरेन्द्र सुवेदीले आयोगसमक्ष गरेको बयान।

म का.जि.भद्रवास–३ मा बस्दछु। म मालपोत कार्यालय, चावहिलमा साधारण राजीनामा पासको लिखतहरू लेख्ने गर्दछु। बिनोदको घर कुमारीगालमा हो । म बिनोद बस्नेतलाई चिन्दछु । प्रश्नमा जसलाई प्रहरी भनेर सम्बोधन गरिएको छ । उहाँहरूलाई म चिन्दिन साधारण पहिरनमा आएर एक्कासी मलाई उठाएर कसैको व्यक्तिगत घरमा लगेर यातना दिने काम सुरू भयो। तीन दिनसम्म उक्त व्यक्तिगत घरमा यातना दिई कुनै अपरिचित व्यक्तिलाई बोलाई फोटो खिची तीन दिनपछि मात्र प्रहरीमा बुझाइयो र उक्त अपरिचित व्यक्तिले पठाएको बयानलाई नै हनुमाढोकामा सारी जबरजस्ती सहिछाप गराइयो। उच्च माध्यमिक शिक्षा परिषद्‌बाट गठित छानबिन समितिको निर्णय हामी माथि छैन। मैले पनि उक्त निर्णय पढेको थिएँ तर त्यसमा मैले नचिनेको व्यक्तिहरू तीनजनाको नाम उल्लेख छ। उक्त निर्णयमा नचिनेको तीनजना व्यक्तिको नाम लेखिँदा पनि मलाई किन अख्तियारले समायो म छक्क परेको छु जुन आरोप म माथि लगाइयो त्यो सरासर झुठा हो। यसमा मेरो कुनै संलग्नता छैन म निर्दोष छु भन्नेसमेत व्यहोराको निज सन्तोष कुइकेलले यस आयोगसमक्ष गरेको बयान कागजबाट देखिन्छ भने निजले शिक्षा

ऐनअन्तर्गतको मुद्दामा अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा नरेन्द्र सुवेदी मेरो दाई नाताको मान्छे हुन् निजले कक्षा १२ को प्रश्नपत्र आउट हुँदैछ तिमीले विद्यार्थीहरूसँग सम्पर्क गरी रकम उठाउनु म तिमीलाई प्रश्नपत्र उपलब्ध गराउँछु भनेका थिए । तसर्थ मैले बिनोद बस्नेतसँग सम्पर्क गरी निजलाई फिजिक्स, होटेल म्यानेजमेन्ट र कम्प्युटर साइन्सको प्रश्नपत्र आउट हुने जानकारी गराई नरेन्द्र सुवेदीबाट प्रश्नपत्रको फोटोकपी प्राप्त गरेपछि मैले रू.२५ हजारमा बिनोद बस्नेतलाई बिक्री गरेको हुँ भने नरेन्द्र सुवेदीलाई १५ हजार रूपैयाँ दिएको थिए भन्नेसमेत व्यहोरा उल्लेख गरी प्रतिवादी सन्तोष कुइकेलले आयोगसमक्ष गरेको बयान।

म हाल न्यूटन कलेजमा BBS मा अध्ययन गर्दैछु । म मिति २०६८।१।१९ देखि काठमाडौं थिएँ। सन्तोष कुइकेल मेरो साथीको दाई हो । मैले अपराध अनुसन्धान व्यूरोमा सन्तोषबाट प्रश्नपत्रहरू लिई साथी तथा भाइका साथीहरूलाई पैसा लिई दिएको भन्ने गलत हो। मैले यस्तो केही बयान दिएको छैन। कक्षा १२ को भौतिकशास्त्रको प्रश्न आउट हुनुमा मेरो कुनै संलग्नता छैन भन्नेसमेत व्यहोराको निज प्रतिवादी बिनोद बस्नेतले यस आयोगमा गरेको बयान कागजबाट देखिन्छ भने निजले शिक्षा ऐनअन्तर्गतको मुद्दामा अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा सन्तोष कुइकेल मेरो चिनजानका मानिस हुन्। निजले मलाई २०६८।१।२१ गतेको कक्षा १२ को फिजिक्स र होटल म्यानेजमेन्ट विषयको प्रश्नपत्र आउट हुँदैछ तिम्रा सम्पर्कमा कक्षा १२ का विद्यार्थीहरू भएमा निजहरूबाट रकम जम्मा गर्नु, म प्रश्नपत्र उपलब्ध गराउँछु भनेका थिए। मैले पेन्टागन कलेजका युवराज र गोल्डेनगेट कलेजका बाबुराम भन्ने विद्यार्थीसँग सम्पर्क गरी प्रत्येकसँग १०।१० हजार लिई सन्तोष कुइकेलबाट प्राप्त गरेको प्रश्नपत्रको फोटोकपी निजहरूलाई दिएको थिएँ भन्नेसमेत व्यहोरा उल्लेख गरी प्रतिवादी बिनोद बस्नेतले आयोगसमक्ष गरेको बयान।

मेरो स्थायी घर धनकुटा जिल्ला कुरूले तिनुपा ४ बासपानी हो । अस्थायी ठेगाना काठमाडौं जिल्ला का.म.न.पा. ३५ कोटेश्वर हो। म कलंकीस्थित रिचमण्ड एकेडेमी उच्च मा.वि.मा पढाउने काम गर्छु। मिति २०६८ साल वैशाख १९ गतेदेखि ३० गतेसम्म उ.मा.शि.प.बाट सञ्चालित परीक्षामा कालिमाटीस्थित जिलेट आ.वा.उ.मा.वि.परीक्षा केन्द्रको लागि म पर्यवेक्षकको रूपमा खटिई गएको थिएँ। सधैँजसो म बिहान ६.४५ बजेतिर मात्र परीक्षा केन्द्रमा पुग्ने गरेको हुँदा म पुग्नु पूर्व नै प्रश्नपत्र खोलीसकेको हुन्थ्यो, मैले प्रश्नपत्र खोल्दा उपस्थित नहुने भएकोले सही गरेको छैन । उच्च माध्यमिक शिक्षा परिषद्बाट सञ्चालित कक्षा १२ को उक्त परीक्षामा मिति २०६८ साल वैशाख २१ गते सञ्चालन भएको भौतिकशास्त्र विषयको प्रश्नपत्र बाहिरिएको सम्बन्धमा मलाई केही थाहा थिएन । पछि सञ्चार माध्यमबाट थाहा भएको हो। म प्रश्नपत्र बाहिर ल्याउने काममा कतै पनि संलग्न भएको छैन भन्नेसमेत व्यहोराको उक्त परीक्षा केन्द्रका पर्यवेक्षक तिर्थराज बरालले आयोगसमक्ष गरेको बयान देखिन्छ भने यसै व्यहोरा उल्लेख गरी निजले उक्त प्रश्नपत्र बाहिरिएको सम्बन्धमा गठित छानबिन समितिसमक्ष प्रतिवादी तिर्थराज बराल बयान गरेको।

म महानगरीय प्रहरी वृत्त, कालिमाटीको प्रबन्ध शाखामा रही एक्लै काम गरी रहेको छु। सो शाखाको मुख्य काम हातहतियार रेखदेख गर्ने जिन्सी सामानहरू रेखदेख गर्ने हो। उक्त भण्डारको मेन ढोकाको साँचो मेरो जिम्मामा रहन्छ। उक्त शाखामा हातहतियारबाहेक अन्य कुनै सामान राख्नु परेको खण्डमा राख्ने गरेको छ। प्रश्नपत्र राख्न आउँदा कहिले २ दिन पहिला कहिले १ दिन अगाडि नै लिएर राख्ने गरेको छ। सम्बन्धित परीक्षा केन्द्रका केन्द्राध्यक्षहरूले परीक्षाको दिन मसँग रहेको भरपाईमा प्रश्नपत्रहरू बुझी लाने गरेका छन् । मिति २०६८।१।२१ गतेको भौतिकशास्त्र विषयको

प्रश्नपत्र मलाईसमेत झुक्याई सो जिलेट कलेजका रूद्र अधिकारीले अघिल्लो दिननै लगेका रहेछन् पछि २३ गतेको प्रश्नपत्र लिन नआउँदा के भयो भनी बुझ्दा सो दिनको समेत प्रश्नपत्र २२ गते नैं लगिसकेका रहेछन् तर निजले मैले बिहानमात्र प्रश्नपत्र लगेको भनी मसँग रहेको भरपाईमा सही गरेका थिए र कक्षा १२ को भौतिकशास्त्र विषयको प्रश्नपत्र बाहिरिएको सम्बन्धमा मलाई मिति २०६८/२/१ गते मात्र थाहा भएको हो भन्नेसमेत व्यहोराको प्रहरी वृत्त, कालिमाटीका प्रहरी हवल्दार गुप्तबहादुर क्षेत्रीले बयान गरेको देखिन्छ भने निजले उक्त प्रश्नपत्र बाहिरिएको सम्बन्धमा गठित छानबिन समितिसमक्ष पनि सोही व्यहोरा उल्लेख गरी बयान गरेको।

म महानगरीय प्रहरी वृत्त, कालिमाटीमा मिति २०६७/१२/१४ देखि कार्यरत छु। म कार्यरत कार्यालयमा अधिकृत स्तरका ११ जना र ७५ जना जवान दर्जाका प्रहरीहरू कार्यरत छन्। उक्त मितिमा आफ्नो कार्यालयका साथै जिम्मेवार क्षेत्रहरूमा गस्ती पेट्रोलिङ र चेकिङ गरेको छु। भण्डार शाखाको ढोका चाबी शाखामा खटिएका कर्मचारीसँगै रहने हुँदा अन्य कर्मचारीसमेत भित्र पसी जानसक्ने स्थिति रहँदैन भन्नेसमेत व्यहोराको बुझिएका व्यक्ति प्रहरी नायब उपरीक्षक भिमप्रसाद ढकालले आयोगसमक्ष गरिदिएको कागज।

दोलखा जिल्ला भिमेश्वर नगरपालिका वडा नं.१ चरिकोट तारथली स्थायी घर भई हाल म मदन भण्डारी मेमोरियल कजेलमा कक्षा–१२ मा पढिरहेको छु। हाम्रो कक्षा १२ को परीक्षा २०६८।१।१९ गतेदेखि ऐ.२९ गतेसम्म भएको थियो। उक्त परीक्षामा भौतिकशास्त्र विषयको प्रश्नपत्र परीक्षा अगावै नै बाहिरिएको थियो। उक्त प्रश्नपत्र मैले रातको १० बजे पाएको थिएँ। हामीले पाएको प्रश्नपत्र र उक्त परीक्षाको दिन आएको प्रश्नपत्र समान रहेछ। मैले रू.५०००/- दिएर प्रश्नपत्र पाएको थिए उक्त ५०००/- सौर्य इन्टरनेशनलका १४ जना विद्यार्थी र बाहिरका केही विद्यार्थीबाट उठाएर दिएका थियौं। प्रश्नपत्र आउट गर्नमा मेरो संलग्नता छैन भन्नेसमेत व्यहोराको बुझिएका व्यक्ति विद्यार्थी एकराज सापकोटाले आयोगसमक्ष गरिदिएको कागज।

मेरो स्थायी ठेगाना दोलखा जिल्ला, माटी हो र अस्थायी ठेगाना काठमाडौं, सिनामंगल गैरीगाउँ हो। म कक्षा ११ र १२ मा सौर्य इन्टरनेशनल कलेजमा पढ्थेँ। हाम्रो परीक्षा वैशाख १९ गतेबाट सुरू भई वैशाख महिनाकै ३० गते समाप्त भएको थियो। भौतिकशास्त्रको परीक्षा मैले २१ गते दिएको थिएँ। सुरूमा त साथीहरूले प्रश्नपत्र आउट हुने कुरा गर्दा मलाई विश्वास लाग्दैनथ्यो। तर पछि एक साथीले प्रश्नपत्र आउट गर्ने र उसलाई रकम चाहिएको कुरा हामीलाई भनेको हुनाले हामीले रकम उठाएर उसलाई दियौं र प्रश्नपत्र अघिल्लो दिनको रातमा होस्टेलमा आएको थियो जुन परीक्षाको दिनमा सोधिएको प्रश्नपत्रसँग मेल खाएको थियो। अघिल्लो रात हामीले करिब १० बजे प्रश्नपत्र प्राप्त गरेका थियौं र उक्त प्रश्नपत्र मलाई उपलब्ध गराउने साथीको नाम एकराज सापकोटा हो जसले मदन र नेत्र बुढाबाट प्राप्त गरेको थियो म होस्टेलका अरू विद्यार्थी र एकराजले सो प्रश्नको लागि रकम दिएका थियौं। मदन गौरीघाट, चाबहिल बस्ने र जेभियर इन्टरनेशनलमा अध्ययनरत साथी हो। हामीले रू.५०००।– उठाएर दिएका थियौं। हामीलाई प्रश्नपत्र ल्याई दिने मदन र नेत्र बुढा हुन् जसले जेभियर इन्टरनेशनलमा अध्ययन गरेका थिए। उनीहरू पनि परीक्षार्थी नै थिए। मलाई उक्त प्रश्नपत्र परीक्षाको प्रश्नसँग मिलेकोमा रमाइलो लागेको थियो। उक्त प्रश्नपत्र आउटको विषयमा मेरो केही सम्बन्ध छैन र मलाई कुनै कारवाही हुनुहुँदैन भन्नेसमेत व्यहोराको बुझिएका व्यक्ति विद्यार्थी विष्णु विक्रम थापाले आयोगमा गरेको कागज।

मेरो स्थाई ठेगाना प्युठान खैरा–७ र अस्थाई ठेगाना किर्तिपुर पाँगा हो। मैले NIST College मा M.SC मा Microbiology

पढाउँछु। त्यस्तै मैले SAAN International College मा Biotechnology ग्रुपलाई Biochemistry पढाउँछु। मैले एक वर्ष पहिले साथीहरूको सहयोगमा www.edusanjal.com नाम गरेको educational website सञ्चालन गरेको छु । उक्त परीक्षा दिने विद्यार्थीबाट प्रश्न पत्र प्राप्त गरेको अघिल्लो दिन राति ११.३० देखि १२.०० बजेतिर फोनबाट Question paper out भएको आफ्नो साथीहरूले भनेर थाहा पाएका रहेछन्। मसँग Question को Answer सोध्ने बेलामा मैले प्रश्नपत्रको बारेमा थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको सो Website का सञ्चालक बुझिएका व्यक्ति टंकेश्वर आचार्यले आयोगसमक्ष गरेको कागज।

मैले परीक्षा नियन्त्रकको जिम्मेवारी २०६७ साल मङ्सिर १६ गतेदेखि सुरू गरेको हो । प्रश्नपत्र निर्माणको सिलसिलामा नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना गरी ३ तहमा सुरक्षा व्यवस्था गरिएको हुन्छ । सबै कुरा CCTV को निगरानीमा रहने हुँदा प्रेसबाट कुनै सूचना सार्वजनिक हुन सक्ने अवस्था रहँदैन। काठमाडौं उपत्यकाको हकमा प्रश्नपत्रका पोका प्रेसमा नै राखिन्छ र परीक्षा सुरू हुनुभन्दा एक/दुई दिन अगाडि परीक्षा केन्द्रको नजिकको प्रहरी चौकीमा राखिन्छ । हामीले दिएको निर्देशनमा सम्बन्धित केन्द्रका केन्द्राध्यक्षले सुरक्षाकर्मीकासाथ बुझी लैजान निर्देशित गरिएको हुन्छ । सो कुरा प्रश्नपत्र बुझिलिने भरपाईमा समेत उल्लेख हुन्छ। परीक्षा बिहान ७.०० बजे सुरू हुने हुँदा प्रश्नपत्र परीक्षाका दिन बिहान ६.३० बजेपछि मात्र केन्द्राध्यक्ष र सुरक्षाकर्मीसहित कम्तीमा ३ जनाको रोहवरमा खोल्न निर्देशन दिइएको हुन्छ भन्नेसमेत व्यहोराको उच्च माध्यमिक शिक्षा परिषद्का नियन्त्रक दुर्गाप्रसाद अर्यालले आयोगसमक्ष गरेको कागज।

म मिति २०६७।६।१८ देखि हालसम्म परिषद्मा कार्यरत छु । सो परिषद्मा उपाध्यक्षको काम नीति निर्माणमा सहयोग गर्ने, शैक्षिक गतिविधि हेर्ने, पाठ्यक्रमसम्बन्धी आदि हुन् । परिषद्ले नेपाल सरकारसँग समन्वय गरी विभिन्न प्रहरी केन्द्रहरूमा प्रहरीको जिम्मामा प्रश्नपत्र राख्ने व्यवस्था गरेको छ। परिषद्ले सुरक्षाका तीनै अंग जनपद, शसस्त्र र आर्मीसँग सहकार्य गरी प्रश्नपत्र छपाई देखि लिएर पुर्‍याउनेसम्ममा सहकार्य गर्दछ। परिषद्बाट सञ्चालित कक्षा–१२ को भौतिकशास्त्र विषयको प्रश्नपत्र बाहिरिएको सम्बन्धमा छानबिन समिति गठन गरी प्रतिवेदन अ.दु.अ.आ. र CIB मा पठायौं । परिषद्को घाटा नोक्सानी दोषीबाट असुलउपर होस् भन्ने भनाई छ भन्नेसमेत व्यहोराको उच्च माध्यमिक शिक्षा परिषद्का उपाध्यक्ष डा.हेमकुमार मिश्रले आयोगसमक्ष गरेको कागज।

म २०६७ साल आश्विन १८ देखि उच्च माध्यमिक शिक्षा परिषद्को सदस्य सचिवमा कार्यरत छु। परीक्षा सञ्चालन समितिको सदस्य र परिषद्को सदस्य–सचिवको हैसियतले परीक्षा व्यवस्थितरूपले सञ्चालन गर्न सहयोग गर्ने मेरो भूमिका रहन्छ। विगत २।३ वर्ष अगाडिबाटै रूद्र अधिकारीले प्रश्नपत्र आउट गराएको भन्ने बयानबाट विगत वर्षहरूमा नै यो खोजी, अनुसन्धान गरेको भए यो वर्ष यस्तो हुँदैनथ्यो होला। हामीले यो घटना दबाउनभन्दा पत्ता लगाउन पहल गर्यौं र सफल भइयो। जसले गर्दा १ गतेबाट नैं सञ्चालन भएको ११ गतेको परीक्षा अति मर्यादितरूपले चल्यो भन्नेसमेत व्यहोराको उच्च माध्यमिक शिक्षा परिषद्का सदस्य–सचिव भीमलाल गुरूङले आयोगसमक्ष गरेका कागज।

२०५४ सालमा सो विद्यालय स्थापना गरी सोही बेलादेखि म संस्थापक प्रिन्सिपल छु। सिद्धान्त भुजेल नाम गरेको विद्यार्थी सो कलेजको स्नातक तह (BBS) प्रथम वर्षमा अध्ययनरत छन्। सिद्धान्त भुजेलले चावहिलबाट ल्याई सो हस्त लिखित भौतिकशास्त्रको प्रश्नपत्र कलेजका DI तथा VP हुँदै मैले पाएँ। परीक्षा सञ्चालन भएपछि Original Question Paper सँग भिडाउँदा मिलेकाले करिब ७.३ तिर

परीक्षा नियन्त्रकलाई फोन गरी सो जानकारी दिए। केही समयपछि नियन्त्रक आई DI विकास बलामी, VP रमाकान्त मिश्र र छात्र सिद्धान्त भुजेलसमेतलाई मेरो कोठामा राखी यथार्थ कुरा सुनाइयो र सो हस्तलिखित प्रश्नपत्रको PC पनि दिइयो। म स्वयंले २०६८ वैशाख २१ गते युनिभर्सल कलेज केन्द्रको भौतिकशास्त्र विषयको प्रश्नपत्र कमलपोखरी प्रहरी चौकीबाट बुझेको थिएँ। अन्य सत्यतथ्यका आधारमा गल्ती गर्ने सजायको भागी हुनुपर्छ भन्नेसमेत व्यहोराको युनिभर्सल कलेजका प्रिन्सिपल डा.शिवदत्त ज्ञवालीले आयोगसमक्ष गरेका कागज।

म उक्त कलेजमा कार्यरत भएको लगभग १४–१५ वर्ष जति भयो। विकास वलामी र सिद्धान्त भुजेललाई चिन्दछु। उच्च माध्यमिक शिक्षा परिषद्द्वारा सञ्चालित कक्षा १२ को परीक्षाको दिन बिहान हाम्रा विद्यार्थी सिद्धान्त भुजेलमार्फत अनुशासन प्रमुखबाट हस्तलिखित प्रश्नपत्र उपलब्ध गराइएको थियो, मलाई विश्वास लागेको थिएन किनभने यस्ता हल्लाहरू हुने गर्छन् र प्रश्नपत्रको पोका खोलिएपछि हुबहु मिल्न गएकोले मैले तुरुन्त केन्द्राध्यक्षलाई सोको जानकारी गराएको थिएँ भन्नेसमेत व्यहोराको युनिभर्सल कलेजका भाइस प्रिन्सिपल रमाकान्त मिश्रले आयोगसमक्ष गरेको कागज।

म विगत केही वर्षदेखि युनिभर्सल कलेजको अनुशासन शिक्षकको रूपमा कार्यरत रही आएको छु। मिति २०६८।१।२१ बिहान म कार्यरत रहेको कलेजमा BBS मा अध्ययन गर्ने छात्र सिद्धान्त भुजेल कलेजको गेटबाट भित्र पस्दा दाई मैले आज सञ्चालन हुने भौतिकशास्त्र विषयको प्रश्नपत्र पाएको छु भनी देखाएकोले उक्त प्रश्नपत्र अरू कुनै विद्यार्थीले पाउन नसकून् र यसबाट कुनै अप्रिय घटनासमेत नहोस् भनी मैले निजबाट हस्तलिखित फोटोकपी गरेको अवस्थाको प्रश्नपत्र लिई तुरुन्त कलेजको भाइस प्रिन्सिपल रमाकान्त सरलाई दिएको हुँ भन्नेसमेत व्यहोराको विकास बलामीले आयोगसमक्ष गरेको कागज।

म २०६७।२।३ देखि महानगरीय प्रहरी वृत्त कालिमाटीमा महिला प्र.ज.को पदमा कार्यरत छु। उक्त २१ गते सञ्चालन भएको भौतिकशास्त्र विषयको परीक्षा भएको दिनमा जिलेट उच्च माध्यमिक विद्यालयमा मेरो ड्युटी थिएन। २२ गते सञ्चालन भएको कम्प्युटर विज्ञान र २३ गते सञ्चालन भएको नेपाली विषयको दिनमा उक्त जिलेट आवासीय उ.मा.वि.मा मेरो ड्युटी थियो। २०६८।१।२३ Ref. २२।०६८ को प्रश्नपत्र खोल्दा उत्तर पुस्तिका र प्याकिङ गर्दाको मुचुल्कामा मैले हस्ताक्षर गरेको छु मेरो नामसँग भएको हस्ताक्षर मेरो हो भन्नेसमेत व्यहोराको महानगरीय प्रहरी वृत्त कालिमाटीमा कार्यरत महिला प्र.ज. विष्णुमाया दाहालले अनुसन्धानको क्रममा आयोगसमक्ष गरेको कागज।

म महानगरीय प्रहरी वृत्त कालिमाटीमा २०६७।२।२६ देखि कार्यरत छु। म मिति २०६८।१।२१ गतेका दिन सञ्चालन भएको भौतिकशास्त्र विषयको परीक्षामा जिलेट उ.मा.वि.कालिमाटीमा ड्युटीमा खटेको थिएन। मेरो ड्युटी मिति २०६८।१।२३ गतेका दिन नेपाली विषयको परीक्षामा मात्र जिलेट उ.मा.वि. कालिमाटीमा थियो। उक्त मा.वि.को Ref. नं.२२।०६८ मिति २०६८।१।२३ गतेको पत्रमा भएको मुचुल्कामा मेरो हस्ताक्षर छ र नामसँगको हस्ताक्षर पनि मेरै हो। मुचुल्कामा त्यसरी सही गर्नु हुन्न थियो, तर केन्द्राध्यक्षले केही हुन्न भनी मिति २०६८।१।२३ गते हस्ताक्षर गराएको हो भन्नेसमेत व्यहोराको महानगरीय प्रहरी वृत्त, कालिमाटीका प्र.ज.सुनिल थापाले अनुसन्धानको क्रममा आयोगसमक्ष गरेको कागज।

म जिलेट आवासीय उच्च माध्यमिक विद्यालयको राउन्ड गार्डको रूपमा कक्षा १२ को परीक्षाको सिलसिलामा कार्यरत रहेको थिएँ। परीक्षा मर्यादित बनाउनको लागि विद्यार्थीहरूलाई आग्रह गर्ने र उत्तर पुस्तिका वितरण गर्ने कार्य गरेको थिएँ।

आयोगबाट देखाइएको मिति २०६८।१।१९ देखि ऐ.२३ गतेसम्म प्रश्नपत्र खोलिएको र उत्तरपुस्तिका बन्द गरिएको मुचुल्कामा भएको दस्तखत मेरो होइन भन्नेसमेत व्यहोराको खगेन्द्रप्रसाद संग्रौलाले आयोगसमक्ष गरिदिएको कागज।

म जिलेट आ.उ.मा.वि.मा सञ्चालन भएको कक्षा १२ को परीक्षामा निरीक्षकको रूपमा संलग्न भएको थिएँ। म प्रायजसो सधैँ उपस्थित भई प्रश्नपत्र खोल्ने र उत्तरपुस्तिका बन्द गर्ने कार्यमा संलग्न थिएँ तर आयोगबाट देखाइएको प्रश्नपत्र खोल्ने र उत्तर पुस्तिका संकलन र प्याकिङ गर्ने मुचुल्कामा भएको सही मेरो होइन भन्नेसमेत व्यहोराको उमेश सापकोटाले आयोगसमक्ष गरेको कागज।

प्रश्नपत्र प्राप्त गरेका भनिएका युनिभर्सल कलेज, मैतिदेवीका छात्र सिद्धान्त भुजेललाई प्रहरी तथा सोही कलेजमार्फत २४ घण्टाभित्र उपस्थित हुन लेखी पठाइएकोमा निज फरार रहेको देखिएको।

उच्च माध्यमिक शिक्षा परिषद्बाट कक्षा १२ को लागि मिति २०६८।१।१९ देखि सञ्चालन गरिएको परीक्षाको लागि उक्त परिषद्द्वारा जिलेट आवासिय उच्च मा.वि.लाई परीक्षा केन्द्र तोकी सोही मा.वि.का प्राचार्य नेत्रबहादुर लिम्बूलाई केन्द्राध्यक्ष नियुक्ति गरिएको र निज केन्द्राध्यक्षबाटै सोही कलेजका Coordinator रूद्र अधिकारीलाई मिति २०६८।१।१९ मा सहायक केन्द्राध्यक्ष तोकिएको देखिन्छ भने उच्च माध्यमिक शिक्षा परिषद्बाट रिचमण्ड एकेडेमी उ.मा.वि.का तीर्थराज बराललाई पर्यवेक्षकमा नियुक्त गरिएको।

उच्च माध्यमिक शिक्षा परिषद्को मिति २०६७।१२।२२ को पत्रद्वारा २०६८।१।१९ देखि ऐ.जेठ २२ गतेसम्म सञ्चालन हुने परीक्षाको सम्बन्धित केन्द्रको प्रश्नपत्रहरू नजिकको प्रहरी चौकीमा पठाइएकोमा सो प्रश्नपत्रहरू परीक्षा केन्द्रका नजिकको सुरक्षा निकायमा सुरक्षितसाथ राख्ने व्यवस्था गर्न परिषद्बाट सम्बन्धित सुरक्षा निकायलाई उपलब्ध गराइएको प्रश्नपत्र बुझाउने भरपाईको नमुनामा परीक्षा मिति, विषय एवं कोड नं. र प्रश्नपत्र बुझिलिने केन्द्राध्यक्षको नामसमेत उल्लेख भएको देखिन्छ। परिषद्ले सम्पूर्ण परीक्षा केन्द्रका केन्द्राध्यक्षहरूलाई परीक्षा सञ्चालन सम्बन्धमा मिति २०६८।१।२ मा दिएको निर्देशनमा सुरक्षा निकायबाट परीक्षाको दिन प्रश्नपत्रहरू सुरक्षाकर्मीका साथ ल्याउनुहुन एवं उक्त दिन बिहान ६.३० बजेपछि मात्र केन्द्राध्यक्ष र सुरक्षाकर्मीसहित तीनजनाको रोहवरमा प्रश्नपत्र खोल्नु हुनका लागि भनी परीक्षासम्बन्धी निर्देशिका, २०६८ बमोजिम निर्देशित गरिएको।

उच्च माध्यमिक शिक्षा परिषद्द्वारा गठित छानबिन समितिसमक्ष Universal कलेजका छात्र सिद्धान्त भुजेलले गरेको बयानमा मिति २०६८ साल वैशाख २१ गते बिहान ६.३० बजे म मित्रपार्क अगाडि मानिसको भिड लागि कक्षा–१२ को Physics विषयको प्रश्नपत्र आउट भएको अवस्थामा सोको फोटोकपी बाँडिरहेको देखी आफूले पनि एकप्रति सो फोटोकपी प्राप्त गरी सो प्रश्नपत्र मेरो कलेजका अनुशासन शिक्षक विकास बलामीलाई दिएको हुँ भनी कागज गरेको देखिन्छ भने निजले आफूले कक्षा १२ को भौतिकशास्त्र विषयको प्रश्नपत्र सिद्धान्त भुजेलबाट प्राप्त गरी भाइस प्रिन्सिपल रमाकान्त मिश्रलाई दिएको हुँ भनी उल्लेख गरेको देखिन्छ। रमाकान्त मिश्रले आफूले मिति २०६८।१।२१ गते अन्दाजी बिहान ६.४५ बजेतिर प्रश्नपत्र शिक्षक विकास बलामीमार्फत प्राप्त गरी सक्कल प्रश्नपत्रसँग हुबहु मिलेको देखिएकोले सोको जानकारी परीक्षा नियन्त्रकलाई गराएको र परीक्षा नियन्त्रक उपस्थित भएपछि सम्पूर्ण जानकारी गराएको थिएँ भनी कागज गरेको पाइन्छ।

प्रतिवादी रूद्र अधिकारीले मुद्दाको अनुसन्धानको सिलसिलामा सरकारी वकिलसमक्ष गरेको बयान एवं केन्द्रीय अनुसन्धान ब्युरोमा स्वीकार गरेअनुसार मिति २०६८।१।२१ गतेको फिजिक्स

विषयको प्रश्नपत्र २० गते नै म र नरेन्द्र सुवेदी भई महानगरीय प्रहरी वृत्त, कालिमाटीबाट प्रहरीले थाहा नपाउने गरी झिकी लगेकोमा मैले सो प्रश्नपत्रहरू २० गते बेलुका नरेन्द्र सरलाई दिएको हुँ र म आफैले पनि संजय चौधरीलाई रू.१० हजारमा उक्त प्रश्नपत्र बेचेको थिएँ भनी उल्लेख गरेका अर्का प्रतिवादी नरेन्द्र सुवेदीले रूद्र अधिकारीले २०६८।१।२० गते बेलुका मलाई भेटी फिजिक्स र होटेल म्यानेजमेन्ट विषयका कक्षा १२ का प्रश्नपत्रहरू मसँग रहेका छन् विद्यार्थीहरू खोजी बिक्री गर्नु भनेकाले मैले सन्तोष कुइकेलसँग सम्पर्क गरी निज सन्तोष कुइकेललाई रू.१५ हजारमा बिक्री गरेका, अर्का प्रतिवादी सन्तोष कुइकेलले नरेन्द्र सुवेदीले कक्षा १२ को प्रश्नपत्र आउट हुँदै छ, तिमीले विद्यार्थीसँग सम्पर्क गरी पैसा उठाउनु, म तिमीलाई प्रश्नपत्र उपलब्ध गराउँछु भनेका थिए र सोहीअनुसार मैले बिनोद बस्नेतसँग सम्पर्क गरी प्रश्नपत्र आउट हुँदैछ भनेको थिएँ, पछि नरेन्द्र सुवेदीबाट प्राप्त हुनासाथ मैले उक्त प्रश्नपत्रको फोटोकपी रू.२५ हजारमा बिनोद बस्नेतलाई बिक्री गरेको हुँ भनी उल्लेख गरेको, बिनोद बस्नेतले बयानमा मैले सन्तोष कुइकेलबाट प्रश्नपत्र बुझीलिई युवराजलगायतका व्यक्तिहरूलाई बेचेको हुँ भनी उल्लेख गरेको र नेपाल टेलिकमबाट प्राप्त निजहरूको फोनको कल विवरणमा मिति २०६८।१।२० गतेदेखि ऐ.वैशाख २२ गतेको समयावधिभित्र यी प्रतिवादीहरूबीच पटकपटक फोन सम्पर्कसमेत भएको र यिनीहरू एकअर्कासँग पूर्व परिचितसमेत भएको देखिँदा उक्त भौतिकशास्त्र विषयको प्रश्नपत्र सोही परीक्षा केन्द्रबाट नै निर्धारित समय अगावै बाहिरिएको कुरा स्पष्टरूपमा पुष्टि हुन आएको हुँदा र परिषद्बाट दिएको निर्देशनपत्र विपरीत परीक्षा हुने दिन बिहान ६.३० बजेपश्चात भण्डारबाट झिकी रूजु गरी भरपाई गरी केन्द्राध्यक्षलाई प्रश्नपत्र बुझाउनु पर्नेमा महानगरीय प्रहरी वृत्त, कालिमाटीका प्र.ह. गुप्तबहादुर क्षेत्रीले सो जिम्मेवारी पूर्णरूपमा पालना नगरी बिना पत्र बिना अधिकारका सहायक केन्द्राध्यक्ष रूद्र अधिकारी तथा नरेन्द्र सुवेदीसमेतलाई बुझाएको भरपाईबाट देखिएको, पर्यवेक्षक तिर्थराज बरालले आफ्नो जिम्मेवारीलाई बेवास्ता गरी परीक्षा हुने दिन निर्धारित समयभन्दा पछिमात्र पुग्ने र आफ्नो जिम्मेवारी पूरा नगरेको, आरोपित व्यक्तिहरूको केन्द्रीय अनुसन्धान ब्युरोमा भएको बयानको सिडी, जिलेट आवासिय उच्च मा.वि. परीक्षा केन्द्रको लागि प्राप्त प्रश्नपत्रहरू खोलिएको खामलगायतका महानगरीय प्रहरी वृत्त, कालिमाटीबाट प्रश्नपत्रहरू बुझाएको भरपाई तथा रजिस्टरलगायतका कागजातहरू समेतको आधारमा तथा प्रतिवादीहरू केन्द्रीय अनुसन्धान ब्युरोमा एवं शिक्षा ऐन, २०२८ अन्तर्गतको कसुरमा अनुसन्धान अधिकारीसमक्ष साबितसमेत भएको देखिँदा प्रतिवादीहरू नेत्रबहादुर लिम्बू, रूद्र अधिकारी, तिर्थराज बराल, गुप्तबहादुर क्षेत्री, नरेन्द्र सुवेदी, सन्तोष कुइकेल र बिनोद बस्नेतसमेतको मिलेमतोमा भौतिकशास्त्र विषयको प्रश्नपत्र निर्धारित समय अगावै बाहिरिएको तथ्य स्थापित हुन आयो। तसर्थ आफूलाई तोकिएको जिम्मेवारीअन्तर्गत आफू केन्द्राध्यक्ष भएको परीक्षा केन्द्रको लागि प्राप्त प्रश्नपत्रहरू उच्च माध्यमिक शिक्षा परिषद्को निर्देशन एवं सो परिषद्बाट जारी गरिएको परीक्षासम्बन्धी निर्देशिका, २०६८ तथा नियुक्तिपत्र साथ दिइएका निर्देशनविपरीत बिना अधिकारका व्यक्तिलाई प्रहरी कार्यालयमा राखिएका प्रश्नपत्रहरू बुझ्न लगाई सो प्रश्नपत्र बाहिर्‍याउने कार्यमा प्रत्यक्ष संलग्न रहेको देखिँदा बिना अधिकारका सहायक केन्द्राध्यक्ष रूद्र अधिकारी एवं कर्मचारी नरेन्द्र सुवेदीलाई बुझाएको देखिएको र सोही प्रश्नपत्र मध्ये ऐ.वैशाख २१ गतेको भौतिकशास्त्र विषयको प्रश्नपत्र बाहिरिएको कारण उक्त परीक्षा रद्द भई पुनः परीक्षा गर्नु पर्दा रू.६९,००,०००/- (उनान्सत्तरी लाख) हानि नोक्सानीसमेत हुन गएको तथ्य स्थापित हुन आई निज प्रतिवादीहरूबाट भ्रष्टाचार निवारण ऐन, २०५९

को दफा १३, १७ र ३ को कसुर गरेको देखिन आयो। अतः उपर्युक्त प्रश्नपत्र निर्धारित समय अगावै बाहिर्याउने कार्यमा संलग्न अभियुक्तहरूमध्ये नेत्रबहादुर लिम्बू–१, रूद्र अधिकारी–१, तिर्थराज बराल–१ तथा गुप्तबहादुर क्षेत्री–१ उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३, १७ र ३(१) को खण्ड (ज) को कसुरमा सोही दफा १३, १७ र ३(१) को खण्ड (ज) बमोजिम सजाय हुन तथा सोही कार्यमा प्रत्यक्ष संलग्न रहेका अन्य अभियुक्तहरू नरेन्द्र सुवेदी–१, सन्तोष कुइकेल–१ तथा बिनोद बस्नेत–१ उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३, १७ र ३(२) को कसुरमा ऐ.दफा १३, १७ र ३(१) को खण्ड (ज) बमोजिम सजाय गरी पाउन र सो प्रश्नपत्र बाहिरिएको कारण उच्च माध्यमिक शिक्षा परिषद्को हानि नोक्सानी हुन गएको बिगो रू.६९,००,०००।– (उनान्सत्तरी लाख) निज सबै प्रतिवादीहरूबाट ऐ.दफा १७ बमोजिम सो परिषद्लाई दिलाई भराई पाउनसमेतको माग दाबी लिई दायर भएको आरोपपत्र।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा मैले आफ्नै हातले आफ्नो बयान कागज लेखी सही छाप गरेको हुँ । मैले सन्तोष कुइकेलबाट प्रश्नपत्र फोटोकपी गराई बेचेको छैन । आफूले पनि कुनै नगद तिरी कसैसँग लिएको पनि छैन । मउपरको आरोप झुट्ठा हो भन्ने प्र.विनोद बस्नेतले विशेष अदालत, काठमाडौंसमक्ष गरेको बयान।

प्रतिवादी नरेन्द्र सुवेदी र विनोद बस्नेतलाई चिन्छु । विनोदलाई चिनेको २–३ महिना भयो । यीबाहेक अरू कसैसँग मेरो चिनजान पनि छैन। सन्दीप कुइँकेल मेरो भाइ भएकोले चिनजान छ । सम्पर्क हुन्थ्यो। मलाई पक्राउ गर्नेले प्रश्नपत्रको फोटोकपी हुबहु सारिएको कागज देखाए, मैले सारेको होइन । प्रश्नपत्र बाहिरिएको विषयमा मलाई केही पनि थाहा भएन। अरू व्यक्तिहरूले लेखाएको कागजप्रति मेरो कुनै प्रतिक्रिया छैन । प्रस्तुत मुद्दामा मेरो कुनै संलग्नता नभएकोले अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्ने संतोष कुइकेलले विशेष अदालत, काठमाडौंसमक्ष गरेको बयान।

प्रश्नपत्रको गोपनीयता भंग गर्ने काम मैले गरेको होइन । अनुसन्धानमा मलाई निरन्तर यातना दिएर तयार पारिएको कागजमा सही गर्न लगाएको हो। वास्तवमा हाम्रो कलेजबाट प्रश्न बाहिरिएको पनि होइन। मैले प्रश्न Out गर्ने र नरेन्द्र सुवेदी भन्नेलाई बिक्री गरेको आरोप झुट्ठा हो भन्ने रूद्र अधिकारीले विशेष अदालत, काठमाडौंसमक्ष गरेको बयान।

प्रहरी वृत्त, कालीमाटीको प्रबन्ध शाखामा १४ वटा केन्द्रको प्रश्नपत्र राखी सोको वितरण गर्ने जिम्मेवारीमा म थिएँ। केन्द्रअनुसार आआफ्नो केन्द्रको बाकसको साँचो पनि सोही केन्द्रका केन्द्राध्यक्ष र सहायक केन्द्राध्यक्षसँग हुन्छ । मिति २०६८।१।२१ गते भौतिक शास्त्र विषयको प्रश्न कसरी Out भयो थाहा भएन तर रूद्र अधिकारीले नै आफूले हामीलाई झुक्याई आँखा छली प्रश्नपत्र लिएर गएको भनी बयान दिएपछि बल्ल प्रश्नपत्र के कसरी Out भएको भन्ने थाहा पाएँ भनी प्र.गुप्तबहादुर क्षेत्रीले विशेष अदालत, काठमाडौंसमक्ष गरेको बयान।

उक्त दिन कक्षा –१२ को प्रश्नपत्र Out म जुन केन्द्रको अध्यक्ष थिएँ। त्यो केन्द्रबाट भएको होइन । कुन केन्द्रबाट कसले कसरी Out गरे थाहा भएन । प्रश्नपत्र सधैं जसो प्रहरी सुरक्षासाथ समयमा नै रूद्र अधिकारीले नै लिई आउनुभयो र समयमा नै परीक्षा सुचारू भयो। मेरो केन्द्रबाट बाहिरिएको नै छैन। म उपरको आरोप झुट्ठा हो। म निर्दोष छु। सफाई पाउँ भन्ने प्र.नेत्रबहादुर लिम्बूले विशेष अदालत, काठमाडौंसमक्ष गरेको बयान।

मिति २०६८।१।२१ गतेको भौतिक शास्त्र विषयको प्रश्नपत्र मैले Out गरे मलाई थाहा भएन। यसमा कुनै पनि किसिमले मेरो संलग्नता छैन। उक्त मितिमा बाटो जामका कारण म अलि ढिलो नै पुगें। म पुग्नु

अगावै नै प्रश्नपत्र ल्याउने र खुलाउने कार्य भइसकेकोले म पूर्ण निर्दोष छु । आरोपबाट सफाई पाउँ भन्ने प्र. तीर्थराज बरालको विशेष अदालत, काठमाडौंसमक्ष गरेको बयान ।

पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल प्रतिवादीहरू रूद्र अधिकारी र प्र.विनोद बस्नेत, नरेन्द्र सुवेदी, सन्तोष कुईकेलबाट जनही नगद रू.धरौट १५ हजारको दरले वा सो बराबरको जेथा जमानत दिए लिई प्रतिवादीहरूलाई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने मिति २०६८।४।५ गतेको विशेष अदालत, काठमाडौंको आदेश ।

पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल प्रतिवादी गुप्तबहादुर क्षेत्रीबाट रू.५ हजार नगद धरौट लिई मुद्दा पुर्पक्ष गर्नु भनी मिति २०६८।६।१ गतेको विशेष अदालत, काठमाडौंको आदेश ।

पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल प्रतिवादी नेत्रबहादुर लिम्बूबाट रू.१५ हजार नगद वा सो बराबरको जेथा जमानत दिए लिई मुद्दाको पुर्पक्ष गर्नु भन्ने मिति २०६८।७।३ गतेको विशेष अदालत, काठमाडौंको आदेश ।

पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल प्रतिवादी तिर्थराज बरालबाट रू.१५ हजार वा सो बराबरको जेथा जमानत दिए लिई मुद्दाको पुर्पक्ष गर्नु भन्ने मिति २०६८।७।१६ गतेको विशेष अदालत, काठमाडौंको आदेश ।

यसमा वादी पक्षका साक्षी महान्यायाधिवक्ताको कार्यालयमार्फत र प्रतिवादीको साक्षी प्रतिवादीमार्फत बकपत्रको लागी झिकाई पेस गर्नु भन्नेसमेत व्यहोराको मिति २०६८।८।२२ गतेको विशेष अदालत, काठमाडौंको आदेश ।

यसमा मिति २०६८।८।२२ गतेको आदेशानुसारको वादी पक्षका साक्षी उपस्थित भएको नदेखिँदा वादीका साक्षीहरू र उच्च माध्यमिक शिक्षा परिषद्द्वारा गठित छानबिन समितिका संयोजक एवं सदस्यहरूलाई समेत महान्यायाधिवक्ताको कार्यालयमार्फत उपस्थित गराई बकपत्र गराउन पेस गर्ने भन्ने मिति २०६९।११।१३ गतेको विशेष अदालत, काठमाडौंको आदेश ।

वादी पक्षका साक्षी र उच्च माध्यमिक शिक्षा परिषद्द्वारा गठित छानबिन समितिको संयोजक एवं सदस्यहरूलाई समेत बुझ्ने आदेश भएकोमा वादी पक्षबाट उपस्थित गराएको नदेखिँदा र उल्लिखित व्यक्तिहरू नबुझी नहुने देखिएकोले विशेष अदालत, २०५९ को दफा ७(ख) बमोजिम पक्राउ पुर्जीसमेत जारी गरी उपस्थित गराई प्रतिवादीको रोहवरमा बुझ्न पेस गर्नु भन्ने मिति २०६९।१२।२६ गतेको विशेष अदालत, काठमाडौंको आदेश ।

आरोपपत्रको पृष्ठ १६ को अन्त्यमा बाहिरिएको भनिएको भौतिक शास्त्र विषयको प्रश्नपत्रको फोटोकपीको हस्तलिखित प्रतिसँग परिषद्को गोप्य शाखामा काम गर्ने कर्मचारीहरूको हस्तलिखित लिपि तथा अक्षरहरू भिडाउँदा एकअर्कामा मिलेको नपाइएको भन्ने उल्लेख भएको प्रतिवादी नरेन्द्र सुवेदीसमेतबाट बयान लिने क्रममा बाहिरिएको भनिएको प्रश्नपत्रको केही अनुच्छेदको नमुना हस्ताक्षर लेखाएको देखिएकोमा उल्लिखित गोप्य शाखाका कर्मचारीहरूको हस्तलिखित लिपि तथा अक्षरहरू बाहिरिएको भनिएको प्रश्नपत्रसँग कुन प्रक्रियाबाट भिडाइएको हो त्यसरी भिडाइएको प्रतिवेदन मिसिल संलग्न प्रमाणमा नदेखिएकोले र प्रतिवादीहरूवाट नमुना स्वरूप लेखाइएको अनुच्छेदको हस्ताक्षर, हस्ताक्षर जाँच गर्ने विशेषज्ञवाट जाँच गराउने कार्य भए नभएको सम्बन्धमा अनुसन्धानकर्ता अख्तियार दुरूपयोग अनुसन्धानमा सोधी हस्ताक्षर जाँच गर्ने विशेषज्ञबाट जचाइएको भए कुन विशेषज्ञबाट गराएको हो सोसमेत खुलाई जाँच गराएको प्रतिवेदनसमेत झिकाई पेस गर्नु भन्ने मिति २०७०।७।७ गतेको विशेष अदालत, काठमाडौंको आदेश ।

प्रस्तुत मुद्दाको सम्बन्धमा नमुना हस्ताक्षर गराउने कार्य भए नभएको बारेमा स्पष्ट जवाफ माग भएकोमा सो मुद्दासँग सम्बन्धित आरोपित व्यक्तिको आयोगबाट विशेषज्ञमार्फत हस्ताक्षर जाँच परीक्षणको लागि पठाइएको फायल अभिलेखबाट नदेखिएको भन्नेसमेत व्यहोराको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको च.नं. १०६७ मिति २०७०।१०।१४ को जवाफ।

प्र.रूद्र अधिकारी र प्र.नरेन्द्र सुवेदीसँग चिनजान छ। साथी हो। मिति २०६८।१।१९ गतेको भौतिक शास्त्र विषयको परीक्षाको प्रश्नपत्र परीक्षा अगावै यी प्रतिवादीहरूले बाहिर निकालेको होइन। निजहरू निर्दोष छन्। तीन जनाको रोहवरमा प्रहरी कर्मचारीसमेत भई प्रश्न ल्याई रोहवरमा नै खोली परीक्षा सञ्चालन भएकोले केही गल्ती भएको छैन। सिलबन्दी प्रश्नपत्र ल्याई सबैको रोहवरमा खोलेकोले निजहरूमाथि झुट्टा आरोप छ भन्ने प्रतिवादी रूद्र अधिकारी र नरेन्द्र सुवेदीका साक्षी रवि न्यौपानेले गरेको बकपत्र।

प्र.तीर्थ राज बरालबाट प्रश्न पत्रको गोपनीयता भंग भएको छैन निजको केन्द्रबाट पनि Out भएको होइन निज पुग्नुअघि नै नियमानुसार कर्मचारीले प्रश्न खुलाइसकेकोले निजमाथिको आरोप झुट्टा हो भन्ने प्र. तीर्थ बरालको साक्षी राजन प्र.गुरागाईको बकपत्र।

प्र.विनोद बस्नेत र म एकै ठाउँमा बस्छौं। कोठा फरक हो। निजले प्रश्नपत्रको गोपनीयता भंग गरेको होइन। Out गरेर बिक्री पनि गरेको छैन। निज निर्दोष छन भन्ने निजका साक्षी संदीप शर्माले गरेको बकपत्र।

प्र.गुप्तबहादुर क्षेत्रीको प्रश्न Out गर्नमा कुनै संलग्नता छैन। केन्द्राध्यक्षले खटाएको कर्मचारीले नै प्रश्नपत्र आफैँ लैजाने गरेकोमा निजको कुनै बदनियत छैन। हाकिमको अनुमतिले कोठाको र बाकसको चाबी दिई स.के.अ.ले आफै. प्रश्न लाने गरेको हो निगरानी गर्ने काम निज गुप्तबहादुरको हो भन्ने निजका साक्षी शम्भुकुमार गिरीले गरेको बकपत्र।

प्र.नरेन्द्र सुवेदी र म एउटै कलेजको कर्मचारी हुँ, जिलेट कलेजको कर्मचारीको नाताले मिति २०६८।१।१९ बिहान ७ बजेदेखि नै ऊ र मसँगै थिएँ। निजले प्रश्न Out गरेको छैन, निर्दोष छन्। आरोपपत्र झुट्टा छ भन्ने प्र.नरेन्द्र सुवेदीको साक्षी भला विक्रम सिंहले गरेको बकपत्र।

प्र.संतोष कुइकेल र मसँगै हुन्छौं। निज मिति २०६८।१।१९ गते साँझदेखि २० गतेसम्म निज कान्छा मामाको घर जोरपाटीमा थिएँ। प्रश्नपत्र Out गर्नमा यिनको कुनै संलग्नता छैन भन्ने प्र.संतोषका साक्षी रमेश बुढाथोकीको बकपत्र।

प्र.रूद्र अधिकारीलाई म राम्ररी चिन्दछु। निजले सबै कर्मचारी र प्रहरी कर्मचारीको रोहवरमा प्रश्न ल्याई सिलबन्दी प्रश्न नै खोलेकोले निजबाट प्रश्न Out भएको छैन भन्ने मलाई विश्वास लाग्छ भनी निजका साक्षी सुरेश थापाको बकपत्र।

म प्रश्नपत्र बाहिरिएको विषयमा त्रि.वि.बाट गठित छानबिन समितिको सदस्य थिएँ। प्रतिवेदन पनि दिएको छु, सही गरेको छु। प्रतिवेदन ठीक साँचो छ, प्रश्न Out भएर प्राप्त गर्ने विद्यार्थीहरूले दिएको स्रोत र जानकारीका आधारमा प्र.विनोद बस्नेतले प्रश्नपत्र बिक्री गर्ने गरेको र खरिद गर्ने गरेको विषय प्रतिवेदनमा सम्पूर्ण उल्लेख गरेको छु, भनी दिपकराज सुवेदीले गरेको बकपत्र।

म होस्टेल नजिकको कोठामा बस्थें। Physics विषयको प्रश्नपत्र साथीसँग छ लिने भए पैसा लिएर आउनु भनेर जेभियर इन्टरनेशनल कलेजमा पढ्ने नेत्र बुढा र उसका साथीहरूले राति फोन गरेपछि होस्टेलका १४ जना साथीसहित म पनि ५/५ हजार रकम जम्मा गरेर राति ११ बजे हातले लेखेको फोटोकपी पायौं। प्रश्न नमिले रकम फिर्ता हुने सर्त भयो। सबै प्रश्न मिल्यो। आयोगसमक्षको बयान पनि ठीक छ, मेरै हो। साँचो छ। आफैँले लेखेर दिएको छु

भन्ने नेपाल सरकारको तर्फबाट एकराज सापकोटाले गरेको बकपत्र।

प्रश्नपत्र बाहिरको विषयमा गठित छानबिन समितिमा म पनि सदस्य थिएँ। प्रतिवेदन मसमेत भई बुझाएको छु। सबै व्यहोरा प्रतिवेदनमा उल्लेख छ भन्ने वादी नेपाल सरकारको तर्फबाट रहेका गणेशबहादुर ऐरको बकपत्र।

छानबिन समितिको सदस्यको रूपमा म पनि काम गरेको थिएँ। सबै व्यहोरा प्रतिवेदनमा उल्लेख गरिसकेको छु। विनोद बस्नेत सो बखत हिरासतमा सोही विषयमा रहेकोले निजको बयान र प्रहरीमा भएको कागजात माग गरी निजको हकमा र अन्य धेरै व्यक्तिहरूलाई स्वयं बोलाई अनुसन्धानात्मक प्रतिवेदन बुझाएको छु भन्नेसमेत व्यहोरा नेपाल सरकारका तर्फबाट डिल्लीराम सिग्देलको बकपत्र।

प्रश्नपत्र बाहिरिएको विषयमा गठित छानबिन समितिको सदस्यको हैसियतले प्रतिवेदन मसमेत भई बुझाई सही गरेको छु। गोपनीयता भंग गर्ने व्यक्तिहरू पहिचान गरिएको र प्रतिवेदन दिएको छु। प्रतिवेदनमा उल्लेख भएबमोजिम व्यक्तिहरू विरूद्ध मुद्दा पनि चलाइएको र सजायको मागदाबी लिइएको छ। विनोद बस्नेत प्रहरी हिरासतमा रहेको हुँदा नियमले निजको बयान प्रत्यक्ष लिन नसकेपनि Video Clip र निजले गरेका बयानसमेतका अन्य कागज आधारबाट निजसमेत दोषी रहेको ठहर गरी प्रतिवेदन बुझाएको छु भन्नेसमेत समितिका सदस्य सानुराज पोखरेलसमेतले गरिदिएको बकपत्र।

प्रतिवेदनमा लेखिएको व्यहोरा ठीक छ। दस्तखत मेरो हो। प्रतिवेदनमा प्रश्नपत्रको अवस्था बारेमा स्पष्ट पारिएको छ। उक्त प्रतिवेदनले उपलब्ध गराएका व्यक्तिहरूको बयान, सि.डि. विद्यार्थी र उक्त विद्यालयका प्रिन्सिपल, सञ्चालक समितिका अध्यक्षहरूको बयानको आधारमा सिफारिस गरेको हो भन्ने व्यहोराको अनुपकुमार श्रेष्ठले गरेको बकपत्र।

प्रश्नपत्रको गोपनीयता भंग गरेको विषयमा उच्च माध्यमिक शिक्षा परिषद्‌द्वारा गठित छानबिन समितिमा म सदस्य थिएँ। प्रश्नपत्रको अवस्था बारेमा प्रतिवेदन प्रस्ट उल्लेख गरी प्रतिवेदन दिएको छु भन्नेसमेत ओमप्रकाश सिंहको बकपत्र।

मैले आयोगसमक्ष गरेको बयान साँचो छ। आफैँले लेखेको छु। परीक्षाको अघिल्लो रात Physics विषयको प्रश्नपत्रको फोटोकपी प्राप्त गरेको छु। जेभियर इन्टरनेशनल कालो पुलमा अध्ययन गर्ने नेत्र बुढा र उसको साथी मदनमार्फत प्राप्त गरेको हो। हामी होस्टेलमा बस्ने १४ जनाले ५।५ हजारका दरले जम्मा पारी नेत्र बुढालाई दिएका हौं। प्रश्न नमिले पूरै पैसा फिर्ता हुने सर्त थियो भन्नेसमेत व्यहोराको नेपाल सरकारको तर्फबाट साक्षी विष्णुविक्रम थापाको बकपत्र।

प्रतिवादी रूद्र अधिकारीले २०६८ साल वैशाख १९ गतेदेखि ऐ.३० गतेसम्म सञ्चालन भएको कक्षा बाह्रको परीक्षाको क्रममा २०६८।१।२१ मा सञ्चालन भएको भौतिक शास्त्र विषयको प्रश्नपत्र परीक्षा हुनुपूर्व नै बाहिर (Question out) गरी प्रश्नपत्रको गोपनीयता भंग गर्ने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ अन्तर्गतको कसुर गरेको ठहर्छ र सो ठहरेकोले प्रतिवादी रूद्र अधिकारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिम कैद महिना।६। (छ) र जरिवाना रू १०,०००।– (दश हजार) हुने तथा प्रतिवादी नरेन्द्र सुवेदी, सन्तोष कुइकेल र विनोद बस्नेतले प्रतिवादी रूद्र अधिकारीले बाहिर ल्याएको प्रश्नपत्रलाई मतियार भई विभिन्न विद्यार्थीहरूलाई बिक्री गर्ने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को कसुर गरेको ठहर्छ। सो ठहरेकोले प्रतिवादी नरेन्द्र सुवेदी, सन्तोष कुइकेल र विनोद बस्नेतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ र २२ बमोजिम जनही कैद महिना।३। (तीन महिना) र जरिवाना रू. ५०००।– (पाँच हजार) हुने तथा प्रतिवादी नरेन्द्र सुवेदी सन्तोष कुईकेल, विनोद

बस्नेत राष्ट्रसेवक भन्ने नदेखिएकोले निजहरूउपर राष्ट्रसेवकलाई आकर्षित हुने भ्रष्टाचार निवारण ऐन, २०५९ को ३(१)(ज) र १७ बमोजिमको सजाय हुन नसक्ने तथा प्रतिवादी नेत्रबहादुर लिम्बू, तिर्थराज बराल र गुप्तबहादुर क्षेत्रीउपरको आरोपपत्रमा लिएको दाबी पुग्न नसक्ने भई निजहरूले सफाई पाउने ठहर्छ भन्नेसमेत व्यहोराको विशेष अदालत, काठमाडौंको फैसला।

प्रतिवादी नेत्रबहादुर लिम्बू जिलेट उ.मा.वि. परीक्षा केन्द्रमा केन्द्राध्यक्षको जिम्मेवारी सम्हालेको देखिन्छ भन्ने प्रतिवादी तिर्थराज बराल पर्यवेक्षकको रूपमा रहेको र प्रतिवादी गुप्तबहादुर क्षेत्री सुरक्षाकर्मीको रूपमा प्रश्नपत्र राखिएको बाकसको सुरक्षा जिम्मेवारी लिएको अवस्था छ । यसरी हेर्दा प्रश्नपत्र राखिएको बाकसको ताला खोली प्रश्नपत्र बाहिर्याउने कार्यमा उल्लिखित जिम्मेवारी लिई बसेका प्रतिवादीहरूको संलग्नतालाई अस्वीकार गरी सफाई दिने गरी निर्णय भएको अवस्था छ सो मिलेको देखिँदैन। प्रतिवादीहरू रूद्र अधिकारी, नरेन्द्र सुवेदी, सन्तोष कुँइकेल र विनोद बस्नेतको हकमा अभियोग मागदाबीभन्दा कम सजाय हुने गरी निर्णय गरिएको अवस्था छ । उल्लिखित प्रतिवादीहरूमध्ये रूद्र अधिकारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिमको कसुर पुष्टि हुने तथा प्रतिवादीहरूमध्ये नरेन्द्र सुवेदी, सन्तोष कुइकेल र विनोद बस्नेतको हकमा राष्ट्रसेवक नभएकोले ऐ. को दफा २२ बमोजिम कसुर ठहर गरी बिगोको हकमा सो दाबी कानूनसम्मत नरहेको भनी लिइएको निर्णयाधारलाई विचार गरी हेर्दा उल्लिखित प्रतिवादीहरूले प्रश्नपत्रको गोपनीयता भंग गरी भ्रष्टाचार गरेको कुरामा अदालत सहमत भएकै अवस्था रहेको छ। मिति २०६८।१।२१ मा सञ्चालन हुने फिजिक्स विषयको प्रश्नपत्र २० गते नै बाहिर ल्याई रातारात फोन सम्पर्क गरी रू. ५०००, १००००, १५००० र २५००० सम्ममा बिक्री वितरण गरी उक्त विषयको प्रश्नपत्र बाहिरिएको कारण उक्त परीक्षा रद्द भई पुनः परीक्षा गर्नु पर्दा नेपाल सरकारको रू. ६९,००,०००।– हानि नोक्सानीसमेत भएको अवस्था छ । उक्त हानि नोक्सानीलाई बिगो कायम गरी भ्र.नि.ऐन, २०५९ को दफा १७ र ३(१)(ज) समेतको आधारमा सजाय गरिनुपर्नेमा ऐ.को दफा १३ को आधार लिई र दफा २२ को मतियारको आधार लिई सजाय गर्दा प्रतिवादीबाट नेपाल सरकारलाई गराएको हानि नोक्सानीको बिगो असुलउपर गराउने ठहर गर्नुपर्नेमा उल्लिखित प्रतिवादीहरूलाई उन्मुक्ति दिने गरी गरिएको निर्णय त्रुटिपूर्ण हुँदा बदरभागी छ। सुरू अदालतको फैसलाले लापरवाही र बद्नियतसाथ प्रश्नपत्रको गोपनीयता भंग गर्नेहरूबाट नेपाल सरकारलाई भएको हानि नोक्सानी असुलउपर नहुने अवस्था सिर्जना भएकोले प्रस्तुत फैसला गम्भिर त्रुटिपूर्ण हुँदा बदर गरी अभियोग मागदाबीबमोजिम माथि विरूद्ध खण्डमा उल्लिखित प्रतिवादीहरूलाई सजाय गरी बिगोसमेत ठहर गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पर्न आएको पुनरावेदन पत्र।

सर्वप्रथम प्रतिवादीको बयानलाई प्रमाणमा लिनको लागि सो बयान अधिकारप्राप्त अधिकारीले गराएको हो होइन, सो बयान मैले दाबी लिएअनुसार मेरो इच्छाविपरीत छ छैन र बयानलाई अन्य सबुद प्रमाणले समर्थन गर्छ कि गर्दैन भन्ने कुरा निर्णय गर्दा विचार पुर्‍याउनु पर्ने हुन्छ। यस सन्दर्भमा उक्त उद्धरण गरिएको बयान मलाई केन्द्रीय अनुसन्धान व्युरो र पछि प्रहरीले लेखेको बयानसँग धेरै किसिमले फरक छ । त्यसमा पनि केन्द्रीय अनुसन्धान ब्युरो मुद्दा चलाउने प्रयोजनको लागि बयान लिने अधिकारप्राप्त अधिकारी होइन । यस अतिरिक्त म प्रतिवादी रहेको शिक्षा ऐन, २०२८ अन्तर्गत काठमाडौं जिल्ला अदालतमा चलाइएको मुद्दामा महानगरीय प्रहरी परिसर काठमाडौं, अ.अ. तथा कारवाही शाखाका प्र.ना.उ. लालमणी आचार्यले च.नं. २०६७।०६८ मिति २०६८।२।१

को पत्रबाट प्रहरी निरिक्षक विष्णुहरि कोइरालालाई अनुसन्धान अधिकृत तोकिएको पाइन्छ । सो मुद्दामा निजबाहेक अरू कसैलाई अनुसन्धान अधिकृत तोकिएको पाइँदैन । म पुनरावेदकलाई निज विष्णुहरि कोइरालाले बयान लिएका छैनन, होइनन् । मलाई अनुसन्धान अधिकारी नै नतोकिएका कृष्णप्रसाद पंगेनीले बयान लिएका छन् । यसरी कानूनले अधिकारै नभएको व्यक्तिले लिएको बयानलाई प्रमाण लिन र सो आधारमा मुद्दा चलाउन मिल्ने होइन । बयान स्वतन्त्र प्रमाणबाट पुष्टि हुनुपर्दछ । सम्मानित विशेष अदालतबाट विवेचना हुन र प्रमाणको मुल्याङ्कन हुन सकेको पाइँदैन । प्रश्नपत्र प्रहरीको हतियार राख्ने कोठामा अन्य १३ वटा केन्द्रसमेत जम्मा १४ वटा केन्द्रको प्रश्नपत्र राखिएको र सो कोठाको ताला त्यसको रेखदेख गर्ने प्रहरी हवल्दारको जिम्मा रहेको पाइन्छ । यसरी निजसँग रहेको प्रश्नपत्र बिहानको ६.३० बजेको सबै केन्द्रका प्रतिनिधिहरूले आ-आफ्नो केन्द्रको बाकसको सम्बन्धित दिनको प्रश्नपत्र हेरी प्रहरीबाट रूजु गराई प्रहरीसँग साथ लागि परीक्षा केन्द्र पुर्‍याई केन्द्राध्यक्षलाई बुझाई केन्द्राध्यक्षले साक्षीहरूको रोहवरमा खोल्ने व्यवस्था भएअनुरूप नियमितरूपमा प्रश्नपत्र ल्याउने व्यवस्था भएबमोजिम ल्याई परीक्षा सञ्चालन भएको हो । प्रश्नपत्र ल्याउँदा सँगसाथ रहेका परीक्षा केन्द्रका प्रतिनिधि र मसँगै जिलेट उच्च माध्यमिक विद्यालयसम्म प्रश्नपत्र लिई आउने कुनै पनि प्रहरी कर्मचारीलगायत कसैलाई पनि मैले बाहिर ल्याएको भनिएको प्रश्नपत्रको बारेमा सोधिएको छैन । केवल सह अभियुक्त बनाइएका प्रहरी हवल्दार गुप्तबहादुर क्षेत्रीको भनाइलाई आधार लिइएको छ जुन मिलेको छैन । मिति २०६८।१।२१ को फिजिक्स र होटल मेनेजमेन्टको प्रश्नपत्र मसँगै मुद्दा चलाइएका नरेन्द्र सुवेदीले बुझी लिएको देखिन्छ । हरेक दिन प्रश्नपत्र परीक्षा केन्द्रलाई बुझाउँदा प्रहरी कार्यालयभित्रै प्रहरी हवल्दार आफैँले रूजु गरी केन्द्रबाट बुझ्न आउने मानिसलाई बुझेको भरपाईमा सही गरी बुझाउने गरेको थियो । २०६८।१।२० मा नै प्रहरीलाई झुक्याई प्रश्नपत्र लगेको भन्ने सम्पूर्ण मिथ्या हो । प्रश्नपत्रको गोपनीयता भंग भएको भनी विभिन्न व्यक्ति तथा विद्यार्थीहरूले फेला पारेको कक्षा १२ को परीक्षामा सोधिएको Physics विषयको प्रश्नपत्र मुद्रण गरिएको अर्थात् छापिएको प्रश्नपत्र हुने गर्छ । तर प्रमाण लागि पेस भएको प्रश्नपत्र हस्तलिखित रहेको पेस भएको छ । सो प्रश्नपत्र हामीमध्ये कसैले वा मैले हस्तलिखित गरेको भए मेरो हस्ताक्षरसँग मेल खाने हुन्थ्यो । हस्ताक्षर हामी कुनै पनि प्रतिवादीको हस्ताक्षरसँग मिलेको अवस्था छैन । म पुनरावेदकले ल्याएको २०६८।१।२० गतेको प्रश्नपत्र जिलेट मा.वि.मा रहेको परीक्षा केन्द्रमा पुर्‍याई केन्द्राध्यक्ष नेत्र लिम्बूलाई दिएको र ऐ. २१ गतेको प्रश्नपत्र नरेन्द्र सुवेदीले लिई आएको भन्ने कुरा प्रश्नपत्र बुझेको र केन्द्रमा खोलिएको भरपाई मुचुल्का आदिबाट स्थापित भइरहेको छ । छानबिन समितिको प्रतिवेदनमा उल्लिखित तथ्यहरूको बारेमा विवेचना भएको पाइँदैन । सो प्रतिवेदनमा एउटा केन्द्रका Physics विषयको प्रश्नपत्र अर्कै केन्द्रका प्रतिनिधिले लगेको र महानगरीय प्रहरी प्रभाग ललितपुर, तथा महानगरीय प्रहरी परिसर जावलाखेल ललितपुरमा छानबिन समितिका संयोजक अनुपकुमार श्रेष्ठ र सदस्य ओमप्रकाश कुमार सिंहले जानकारी लिँदा मिति २०६८।१।२१ गते रातिको समयमा निस उच्च माध्यमिक विद्यालयको सम्पूर्ण प्रश्नपत्रको थैलो परीक्षा सञ्चालन हुने प्रारम्भकै दिन खोलेको भनी मुचुल्का गरी सिलबन्दी लाहाछाप लगाएको पाइएको उल्लेख छ । मैले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐनअन्तर्गतको मुद्दामा आरोपमा पूर्ण इन्कारी रही बयान दिएको छु । सो बयानलाई फैसला गर्दा बेवास्ता गरिएको छ । मैले अदालतमा र अख्तियार दुरूपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृतसमक्ष गरेको बयानलाई महानगरीय प्रहरी वृत्त, कालिमाटीमा

रहेको प्रश्नपत्र बुझेको भरपाईसमेतले पुष्टि गरिरहेको छ। तसर्थ विशेष अदालत, काठमाडौंको फैसला उल्टी गरी अभियोग दाबीबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी रूद्र अधिकारीको यस अदालतमा परेको पुनरावेदन पत्र।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४(६) मा कुनै व्यक्ति विरूद्ध एकै कसुरमा दोहोरो मुद्दा चलाइने छैन भनी संवैधानिकको मौलिक हकमा कानूनी व्यवस्था रहेको छ। संविधानमा रहेको मौलिक हकलाई समेत असर पर्ने गरी सोही विषयमा पुनः अनुसन्धान गरी मुद्दा दायर गर्न नसकिने कुरा संविधानले संरक्षणसमेत गरेको छ । विवादको विषयवस्तु एकै रहेको कुरा अभियोग पत्रबाटसमेत समर्थित रहेको छ । प्रस्तुत मुद्दामा आकर्षित नहुने जिकिर नजिर सिद्धान्त र तथ्य फरक रहेको नजिरलाई उद्धृत गरी भएको फैसला आफैँमा त्रुटिपूर्ण भई बदरभागी रहेको छ । शिक्षा ऐन, २०२८ र भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत मुद्दा चलाउन सकिने भए कुनै एक उपचारको बाटो अवलम्बन गर्नुपर्नेमा मुद्दाको रूप र परिणाम हेर्दै एकै विषयमा पटकपटक फरक ऐनबमोजिम मुद्दा चलाई कारवाही गर्न नमिल्ने भएको हुँदा विशेष अदालत, काठमाडौंको फैसला त्रुटिपूर्ण छ। हस्तलिखित फोटोकपी गरिएको भौतिक शास्त्रको प्रश्नपत्र र सक्कल प्रश्नपत्र हुबहु मिलेको आधारले मात्र मलाई कसुर कायम कदापी हुन सक्दैन । हस्तलिखित प्रश्नपत्र मबाट बरामद भई को कसको हस्तलिखित रहेको भन्ने कुरा अनुसन्धानको क्रममा परीक्षणसमेत गरी सो कुरा अभियोगसाथ दाखिलसमेत नगरेको हुँदासमेत म पुनरावेदक निर्दोष रहेको कुराको पुष्टि हुन्छ। अनुसन्धानको क्रममा सबुत प्रमाणको अभावमा स्वेच्छाविपरीत भएका बयानहरूको आधारमा मात्र आरोप लगाइएको अवस्था छ । प्रश्नपत्र आउट हुनु र अपराध गरेको सप्रमाण पुष्टि हुनु अलगअलग कुराहरू हुन। म पुनरावेदक नरेन्द्र सुवेदी राष्ट्र सेवक कर्मचारीसमेत नरहेको र प्रश्नपत्र संरक्षक गर्ने गरी सोको जिम्मेवारीसमेतको अख्तियारी नभएको र एक निम्नस्तरको प्राइभेट कर्मचारी मात्र रहेको अवस्थामा मलाई प्रश्न पत्र आउट गरेको भन्न कदापी मिल्दैन । तसर्थ विशेष अदालतको फैसला उल्टी गरी सफाई पाउने गरी फैसला गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी नरेन्द्र सुवेदीको यस अदालतमा पर्न आएको पुनरावेदन पत्र।

सर्वप्रथम हामी पुनरावेदकहरू विनोद बस्नेत र सन्तोष कुइकेलसमेतलाई प्रश्नपत्र बाहिरिएको भनी शिक्षा ऐन, २०२८ अन्तर्गत काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भई सो मुद्दामा फैसलासमेत भइसकेको अवस्था छ। प्रस्तुत मुद्दामा समेत सोही मुद्दाको अनुसन्धानका प्रमाणका आधारमा मुद्दा चलाइएको अवस्था रहेको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४(६) मा कुनै व्यक्ति विरूद्ध एकै कसुरमा दोहोरो मुद्दा चलाइने छैन भनी संवैधानिकको मौलिक हकमा कानूनी व्यवस्था रहेको छ। संविधानमा रहेको मौलिक हकलाई समेत असर पर्ने गरी सोही विषयमा पुनः अनुसन्धान गरी मुद्दा दायर गर्न नसकिने कुरा संविधानले संरक्षणसमेत गरेको छ। शिक्षा ऐन २०२८ र भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत मुद्दा चलाउन सकिने भए कुनै एक उपचारको बाटो अवलम्बन गर्नुपर्नेमा मुद्दाको रूप र परिणाम हेर्दै एकै विषयमा पटकपटक ऐनबमोजिम मुद्दा चलाई कारवाही गर्न नमिल्ने भएको हुँदा विशेष अदालत, काठमाडौंको फैसला त्रुटिपूर्ण छ।

हस्तलिखित फोटोकपी गरिएको भौतिक शास्त्रको प्रश्नपत्र र सक्कल प्रश्नपत्र हुबहु मिलेको आधारले मात्र कसुर कायम कदापी हुन सक्दैन । हस्तलिखित प्रश्नपत्र को कसबाट बरामद भई को कसको हस्तलिखित रहेको भन्ने कुरा अनुसन्धानको क्रममा परीक्षणसमेत गरी सो कुरा अभियोग साथ दाखिल गर्नुपर्ने हुन्छ। प्रश्नपत्रको फोटोकपी सक्कलसँग हुबहु

मिलेको र म पुनरावेदकले नरेन्द्र सुवेदीलाई चिनेको र विनोद बस्नेतले सन्तोष कुइकेललाई चिनेको भन्ने मात्र आधार र कारणबाट हामीहरूलाई आरोप लगाउन मिल्दैन। प्रश्नपत्र आउट हुनु र अपराध गरेको सप्रमाण पुष्टि हुन अलगअलग कुराहरू हो। प्रश्नपत्र हामीहरूको समेतको मिलेमतोबाट आउट गरेको कुरा अनुमानको आधारमा तर्क गर्न मिल्दैन।

नरेन्द्र सुवेदीबाट सन्तोष कुइकेलले प्रश्नपत्र खरिद गरी लिई सोही प्रश्न पत्र विनोद बस्नेतलाई बिक्री गरेको र विनोद बस्नेतले पेन्टागन कलेजका युवराजसमेतलाई बिक्री गरेको अनुसन्धानको बकपत्रलाई आधार बनाई हामीहरूलाई सजाय तथा जरिवाना गर्ने गरी फैसला भएको छ। हामीहरूले सो कुरा अदालतमा बयान गर्दा इन्कारी बयान गरी आफ्नो व्यहोरा स्पष्ट खुलाइसकेको र अनुसन्धानको क्रममा नभएको कुरालाई निराधाररूपमा सुरक्षा निकाय तथा सोको सुरक्षा गर्ने दायित्व भएकाहरू आफूहरू बच्नको लागी हामीउपर अभियोग दाबी गरेको प्रस्ट छ। प्रश्नपत्र खरिदकर्ता विष्णु विक्रम र एकराज सापकोटाले नेत्र बुढा र मदनले हामीसँग प्रश्नपत्र छ भनी भनेकाले हामीहरूले मिली १०।१० हजारमा लिएको भनी बकपत्र गरेको भनी पुनरावेदन सन्तोष कुइकेलको प्रतिवादीमध्येको नरेन्द्र सुवेदीसँग चिनजान भएको र म विनोद बस्नेतको सन्तोष कुइकेलसँग चिनजान मात्र भएको आधारले आरोप लगाउन कदापी मिल्दैन।

हामी प्रतिवादीहरू राष्ट्र सेवक कर्मचारीसमेत नरहेको र हामी पुनरावेदकहरू प्रश्नपत्र संरक्षक गर्ने गरी सोको जिम्मेवारीसमेत नभएको अवस्था र हामीहरू प्रश्नपत्र बाहिरिएको विषयको परीक्षार्थीसमेत नभएकोमा हामीहरूउपर शिक्षा ऐन, २०२८ अन्तर्गत उपर मुद्दा चलाइसकेपछि सोही विषयमा पुनः भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम मुद्दा चलाई कारवाही गर्न मिल्दैन । तसर्थ उक्त विशेष अदालतको फैसला उल्टी गरी अभियोग दाबीबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको सन्तोष कुइकेल र विनोद बस्नेतले यस अदालतमा चढाएको पुनरावेदन पत्र।

नियमबमोजिम दैनिक मुद्दा पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री ज्ञानप्रसाद भूसालले प्रतिवादीहरूले प्रश्नपत्रको गोपनीयता भंग गरेकोमा सामूहिक जिम्मवारी लिनुपर्दछ । प्रतिवादीहरूको आपसी मिलेमतोबाट प्रश्नपत्रको गोपनीयता भंग गरेको देखिन्छ। उच्च माध्यमिक शिक्षा परिषद्बाट सञ्चालित २०६८ सालको फिजिक्स विषयको प्रश्नपत्र मिति २०६८।१।२१ गते परीक्षा हुनु अगावै मिति २०६८।१।२० गतेको राति नै प्रश्नपत्र फोटोकपी गरी बिक्री वितरण गरेको देखिन्छ। निजहरूले प्रश्नपत्रको गोपनीयता भंग गरेको तथ्य मौकामा कागज गर्ने व्यक्तिहरूको कागज व्यहोरा, प्रतिवादीहरूले मौकामा गरेको बयान व्यहोरा र छानबिन समितिको प्रतिवेदन र छानबिन समितिका सदस्यहरूले अदालतमा आई गरिदिएको बकपत्र, प्रश्नपत्र खरीद गर्ने १४ जना विद्यार्थीहरूमध्ये एकराज सापकोटासमेतले अदालतमा आई गरिदिएको बकपत्रबाट पुष्टि हुन आएको देखिन्छ। प्रश्नपत्रको गोपनीयता कायम राख्नुपर्ने प्रतिवादीहरूको दायित्व रहेको देखिन्छ। प्रतिवादीमध्येका नेत्रबहादुर लिम्बू जिलेट स्कूलका प्रिन्सिपल र परीक्षाको केन्द्राध्यक्ष रहेको देखिन्छ भने प्रतिवादी तिर्थराज बराल पर्यवेक्षकको ड्युटीमा खटिएका परीक्षाको मर्यादा र आफूलाई तोकिएको जिम्मेवारी र सर्तहरूको पालना नगरेको स्पष्ट छ । सुरक्षाकर्मीको रूपमा जिम्मेवारी पाएका गुप्तबहादुरसमेतको मिलेमतोमा प्रश्नपत्रहरू परीक्षा अगावै बिक्री वितरण गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र १३ बमोजिमको कसुर गरी सार्वजनिक सम्पत्ति नोक्सानी गरेको अवस्थामा प्रतिवादी नेत्रबहादुर लिम्बू तिर्थराज बराल र प्रतिवादी गुप्तबहादुर क्षेत्रीलाई आरोपित कसुरबाट सफाई दिने

ठहर्‍याएको विशेष अदालत, काठमाडौंको फैसला उल्टी गरी वादी नेपाल सरकारको आरोपपत्र तथा पुनरावेदन जिकिरबमोजिम गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

प्रतिवादी रूद्र अधिकारीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री अर्जुन खनाल र विद्वान् अधिवक्ता चेतनाथ घिमिरेले अनुसन्धान नै अधुरो छ। CBI ले गराएको बयानका आधारमा मुद्दा चलेको छ। यी प्रतिवादी रूद्र अधिकारीसहित आठ जनालाई शिक्षा ऐन, २०२८ को दफा १७ बमोजिम कारवाही भइसकेको अवस्था छ। एउटै कसुरमा दुईपटक मुद्दा चलाइने र सजाय गरिने छैन भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्तविपरीत प्रतिवादीहरूलाई मुद्दा चलाइएको छ र सोही आधारमा प्रतिवादीहरूलाई सजाय ठहर गरिएको छ तसर्थ विशेष अदालत, काठमाडौंको फैसला उल्टी गरी प्रतिवादी रूद्र अधिकारीलाई सफाई दिलाई पाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

प्रतिवादी नरेन्द्र सुवेदीको तर्फबाट विद्वान् अधिवक्ता टिकाराम भट्टराईले विनोद बस्नेतको तर्फबाट विद्वान् अधिवक्ता श्री चेतनाथ घिमिरेले यी प्रतिवादी रूद्र अधिकारीसमेत ८ जनाउपर यसै विषयमा प्रश्नपत्र गोपनीयता भंग गरेको विषयलाई लिएर शिक्षा ऐन, २०२८ अन्तर्गतको कसुरमा नेपाल सरकारकै तर्फबाट अभियोग लगाई मुद्दा चली सजायसमेत भइसकेकोले एउटै कसुरमा एउटै व्यक्तिलाई दुईपटक मुद्दा चलाई सजाय गर्न दोहोरो खतराको सिद्धान्तसमेतले नमिल्ने भएकोले अभियोग दाबी खारेज हुनुपर्छ। नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४(६) ले यो मौलिक हक प्रत्येक नागरीकलाई प्रदान गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत सजाय हुनुपर्ने होइन। मेरो पक्षको हस्तलिखितवाट प्रश्नपत्र बाहिरिएको छैन। नेत्र बुढा र विष्णु विक्रमले कुन प्रतिवादीबाट प्रश्नपत्र बुझेको हो खुल्न सकेको छैन। मेरो पक्ष रहेको केन्द्रको स्कूलबाट प्रश्न बाहिरिएको छैन। त्यसको कुनै एकिन र ठोस प्रमाण छैन। शंकाको सुविधा अभियुक्तले पाउनुपर्छ भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो।

प्र.नरेन्द्र सुवेदीको तर्फबाट विद्वान् अधिवक्ता श्री टिकाराम भट्टराई तथा विद्वान अधिवक्ता डा. भिमार्जुन आचार्यले एउटै कसुरमा दुईपटक सजाय गर्न मिल्दैन। मेरो पक्ष राष्ट्रसेवक कर्मचारी पनि होइन। राष्ट्रसेवक नभएको कारणले मेरो पक्षको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ आकर्षित हुने होइन। जुन प्रश्नपत्रको गोपनीयता भंग भयो भनिएको छ जुन प्रश्नपत्र लिनको लागि मेरो पक्ष कालिमाटी प्रहरीमा गएकै छैन। शिक्षा ऐनअन्तर्गत काठमाडौं जिल्ला अदालतमा मुद्दा चलिसकेपछि पुनः भ्रष्टाचार ऐनअन्तर्गत मुद्दा चलाइएको अवस्था हुँदा दोहोरो खतराको सिद्धान्तको संवैधानिक मान्यताका विपरीत एकै कसुरमा दुइपटक मुद्दा चलाउन र सजाय गर्न मिल्दैन। प्रस्तुत विषयमा शिक्षा ऐनअन्तर्गत कारवाही भइसकेपछि पुनः भ्रष्टाचारमा सजाय गरेको मिलेको छैन। मेरो पक्ष निर्दोष भएकाले विशेष अदालतको फैसला उल्टी गरी सफाई दिनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

प्रतिवादी विनोद बस्नेतको तर्फबाट विद्वान् अधिवक्ता श्री गोपी शर्मा सुवेदीले प्रश्नपत्र गोपनीयता भंग भएको भन्ने विषयमा शिक्षा ऐन, २०२८ अन्तर्गत काठमाडौं जिल्ला अदालतमा मुद्दा चली सो मुद्दा फैसलासमेत भइसकेको छ। नेपालको संविधानको धारा २० ले एउटै व्यक्तिलाई एउटै कसुरमा दुईपटक मुद्दा चलाइने र सजाय गरिने छैन भन्ने व्यवस्थासमेत रहेको छ। प्रस्तुत मुद्दामा एकपटक जाहेरी लिइसकेपछि मुद्दाको रूप विचार गरी भ्रष्टाचारमा कारवाही पुनः अगाडि बढाइएको अवस्था हो। त्यसैगरी हस्तलिखित प्रश्नपत्र भइसकेपछि कसको हस्ताबाट लेखिएको हो सो कुरा विशेषज्ञबाट जाँच गराई स्पष्ट गर्नुपर्नेमा हचुवाका भरमा अभियोजन पक्षले अभियोग लगाएको अवस्था हुँदा आरोपित कसुरबाट मेरो पक्ष विनोद बस्नेतले सफाई पाउनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

दुवैतर्फका विद्वान् कानून व्यवसायीहरूको उल्लिखित बहस तथा मिसिल संलग्न पुनरावेदन पत्र तथा विशेष अदालतको फैसलासहितका मिसिल कागज प्रमाणका आधारमा देहायका विषयमा निर्णय दिनुपर्ने देखियो।

(१) प्रश्नपत्रको गोपनीयता भंग भएको हो होइन ?
(२) प्रश्नपत्रको गोपनीयता भंग गर्ने कार्यमा यी प्रतिवादीहरूको संलग्नता छ छैन ?
(३) शिक्षा ऐनअन्तर्गत कारवाही भइसकेपछि भ्रष्टाचार ऐनअन्तर्गतको कसुरमा सजाय गर्नु मिल्ने हो होइन ?
(४) विशेष अदालत, काठमाडौंको फैसला मिलेको छ छैन ?

२. सर्वप्रथम प्रश्न नं. १ को सम्बन्धमा विचार गर्दा यी प्रतिवादीरू उपर उच्च माध्यमिक शिक्षा परिषद्बाट कक्षा १२ को लागि मिति २०६८।१।१९ देखि सञ्चालन गरिएको परीक्षाको लागि उक्त परिषद्द्वारा जिलेट आवासीय उच्च मा.वि.लाई परीक्षा केन्द्र तोकि नेत्रबहादुर लिम्बूलाई केन्द्राध्यक्ष, रूद्र अधिकारीलाई सहायक केन्द्राध्यक्ष, तीर्थराज बराललाई पर्यवेक्षकमा नियुक्त गरिएको र सो परीक्षा केन्द्रको प्रश्नपत्रहरू नजिकको प्रहरी चौकीमा पठाइएकोमा सुरक्षितसाथ राख्ने व्यवस्था गरी सुरक्षा निकायलाई उपलब्ध गराईएको प्रश्नपत्र बुझाउने र भरपाई गरी प्रश्नपत्र बुझिलिने गरी सम्पूर्ण परीक्षा केन्द्रका केन्द्राध्यक्षहरूलाई परीक्षा सञ्चालन सम्बन्धमा मिति २०६८।१।२ मा दिएको निर्देशनमा सुरक्षा निकायबाट परीक्षाको दिन प्रश्नपत्रहरू सुरक्षाकर्मीका साथ ल्याउनुहुन एवं उक्त दिन बिहान ६.३० बजेपछि मात्र केन्द्राध्यक्ष र सुरक्षाकर्मीसहित तीनजनाको रोहवरमा प्रश्नपत्र खोल्नु हुनका लागि भनी निर्देशित गरिएको र सो कुरा परीक्षासम्बन्धी निर्देशिका, २०६८ मा समेत उल्लेख भएको तर सोअनुसार जिलेट उ.मा.वि. परीक्षा केन्द्रको लागि केन्द्राध्यक्ष नेत्रबहादुर लिम्बूले आफू उपस्थित नभई सहायक केन्द्राध्यक्ष रूद्र अधिकारी तथा लेखामा काम गर्ने नरेन्द्र सुवेदीमार्फत बुझ्न लगाई परिषद्बाट प्राप्त निर्देशनको पालनासमेत नगरी सिलबन्दी प्रश्नपत्रका खामहरू बुझे, बुझाएको साथै बझ्ने क्रममा प्रतिवादी रूद्र अधिकारी र नरेन्द्र सुवेदीले प्रहरी कर्मचारीलाई झुक्याई मिति २०६८।१।२१ गतेको फिजिक्स विषयको प्रश्नपत्र २० गते नै प्रहरीले थाहा नपाउने गरी झिकी लगेकोमा पछि परीक्षा हुनु अगावै रातारात मान्छेहरू बोलाई फोन सम्पर्क गरी रू.५, १०, १५ र २५ हजार सम्ममा बिक्री वितरण गरी भौतिकशास्त्र विषयको प्रश्नपत्र बाहिरिएको कारण उक्त परीक्षा रद्द भई पुनः परीक्षा गर्नु पर्दा सरकारको रू.६९,००,०००।- (उनान्सत्तरी लाख) हानि नोक्सानीसमेत हुन गएकोले उपरोक्त प्रश्नपत्र निर्धारित समय अगावै बाहिर्‍याउने कार्यमा संलग्न अभियुक्तहरूमध्ये नेत्रबहादुर लिम्बू–१, रूद्र अधिकारी–१, तिर्थराज बराल–१ तथा गुप्तबहादुर क्षेत्री–१ उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३, १७ र ३(१) को खण्ड (ज) को कसुरमा सोही दफा १३, १७ र ३(१) को खण्ड (ज) बमोजिम सजाय हुन तथा सोही कार्यमा प्रत्यक्ष संलग्न रहेका अन्य अभियुक्तहरू नरेन्द्र सुवेदी–१, सन्तोष कुइकेल–१ तथा बिनोद बस्नेत–१ उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३, १७ र ३(२) को कसुरमा ऐ.दफा १३, १७ र ३(१) को खण्ड (ज) बमोजिम सजाय गरी पाउन र सो प्रश्नपत्र बाहिरिएको कारण उच्च माध्यमिक शिक्षा परिषद्को हानि नोक्सानी हुन गएको बिगो रू.६९,००,०००।– (उनान्सत्तरी लाख) निज सबै प्रतिवादीहरूबाट ऐ.दफा १७ बमोजिम सो परिषद्लाई दिलाई भराई पाउनसमेतको माग दाबी लिई आरोपपत्र दायर भएकोमा विशेष अदालत, काठमाडौंबाट प्रतिवादी रूद्र अधिकारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिम कैद महिना।६। (छ) र जरिवाना रू. १०,०००।–(दश हजार) हुने र प्रतिवादी नरेन्द्र सुवेदी,

सन्तोष कुइकेल र विनोद बस्नेतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ र २२ बमोजिम जनही कैद महिना ।३। (तीन महिना) र जरिवाना रू. ५०००।– (पाँच हजार) हुने र बिगोसमेतको अरू आरोपपत्रको दाबी पुग्न नसक्ने तथा प्रतिवादी नेत्रबहादुर लिम्बू, तिर्थराज बराल र गुप्तबहादुर क्षेत्रीले अभियोग दाबीबाट सफाई पाउने ठहर्‍याई भएको फैसलाउपर वादी नेपाल सरकार तथा रूद्र अधिकारी, विनोद बस्नेत, सन्तोष कुईकेलको तर्फबाट विशेष अदालतको फैसला उल्टी गरिपाउँ भनी पुनरावेदन पत्र दायर गरी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको देखिन्छ।

३. उच्च माध्यमिक शिक्षा परिषद्बाट मिति २०६८।१।१९ देखि ऐ.३० गतेसम्म सञ्चालन भएको कक्षा १२ को भौतिक शास्त्र विषयको प्रश्नपत्र परीक्षा सञ्चालन अगावै बाहिरिएको विषयमा महानगरीय प्रहरी परिसर, हनुमानढोकाबाट शिक्षा ऐन, २०२८ अन्तर्गत छानबिन भइरहेको र सो कार्यमा संलग्न व्यक्तिहरू प्रहरी हिरासतमा रहेको भन्ने बुझिन आएको हुँदा निज प्रतिवादीहरू रूद्र अधिकारी, नरेन्द्र सुवेदी, सन्तोष कुइकेल र बिनोद बस्नेतसमेत चार जनालाई आयोगमा उपस्थित गराई दिनहुन भनि मिति २०६८/२/१९ च.नं.१७६४ को पत्रमार्फत लेखी पठाएकोमा सो महानगरीय प्रहरी परिसरले मिति २०६८/२/२५ च.नं.८८३२ को पत्रसाथ निजहरूलाई आयोगमा उपस्थित गराइएको देखिन्छ।

४. उच्च माध्यमिक शिक्षा परिषद्द्वारा कक्षा–१२ को लागि मिति २०६८/१/१९ गतेदेखि परीक्षा सञ्चालन हुने परीक्षाको लागि जिलेट आवासिय उच्च मा.वि.परीक्षा केन्द्र तोकिएको देखिन्छ भने उक्त परीक्षा केन्द्रको लागि उच्च माध्यमिक शिक्षा परिषद्को च.नं.४७६ मिति २०६८/१/६ को पत्रद्वारा सोही मा.वि.का प्राचार्य नेत्रबहादुर लिम्बूलाई केन्द्राध्यक्ष तथा परिषद्को च.नं.९७८ मिति २०६८/१/८ को पत्रद्वारा रिचमण्ड एकेडेमी उ.मा.वि.का तीर्थराज बराललाई पर्यवेक्षक नियुक्त गरिएको परीक्षा केन्द्रका केन्द्राध्यक्षबाट सोही जिलेट आवासिय उच्च माध्यमिक विद्यालयका इन्चार्ज रूद्र अधिकारीलाई मिति २०६८/१/१९ मा सहायक केन्द्राध्यक्ष तोकिएको मिसिलबाट देखिन आएको छ।

५. मिति २०६८।१।१९ देखि ऐ.३० गतेसम्म १२ कक्षाको परीक्षा सञ्चालन भएकोमा भौतिक शास्त्र विषयको मिति २०६८।१।२१ गते परीक्षा भएको देखिन्छ । भौतिक शास्त्रको परीक्षा हुनु अगावै उक्त भौतिक शास्त्रको प्रश्नपत्र खरिद गर्ने विष्णु विक्रम थापा र एकराज सापकोटा रहेको देखिन्छ। परीक्षाको अघिल्लो रात भौतिक शास्त्रको प्रश्न पत्र फोटोकपीमा प्राप्त भएको हो । उक्त प्रश्न पत्र जेभियर इन्टरनेशनल कलेज कालोपुलमा अध्ययन गर्ने नेत्र बुढा र मदनमार्फत प्राप्त गरी पाँच हजारमा लिएको हो। यदि प्रश्न नमिलेमा रकम फिर्ता गर्ने भनेकोमा भोलिपल्ट प्रश्न पुरै मिलेकोले रकम फिर्ता पाइएन भनी विष्णु विक्रम थापा र एकराज सापकोटाले गरेको कागज व्यहोराबाट देखिन्छ।

६. प्रश्नपत्र बाहिरिएकोमा छानबिन समिति गठन गरी प्रतिवेदन पेस गर्नका लागि तोकिएकोमा संयोजक तथा सदस्यहरूले पनि प्रश्न पत्र बाहिरिएको हो भनी प्रतिवेदन दिएको र निजहरूले सो प्रतिवेदन व्यहोरा समर्थन गरी बकपत्रसमेत गरिदिएको अवस्था मिसिलबाट देखिन्छ । युनिभर्सल कलेज मैतिदेवीमा अध्ययनरत छात्र सिद्धान्त भुजेलले २०६८ साल वैशाख २१ गते बिहान ६.३० बजे कलेज आउँदै गर्दा पशुपति कलेज मित्रपार्क अगाडि मानिसको भिड देखी जाँदा भौतिक शास्त्र विषयको प्रश्नपत्र आउट भएको फोटोकपी बाँडेको अवस्थामा प्रश्नपत्र कलेजमा लिई आई अनुशासन शिक्षक विकास बलामीलाई दिएको, विकास बलामीले आफ्नो कलेजको भाइस प्रिन्सिपल रमाकान्त मिश्रालाई दिएको, रमाकान्त मिश्राले कलेजका प्रिन्सिपल डा.शिवदत्त ज्ञवालीलाई दिएकोमा उक्त हस्तलिखित फोटोकपी प्रश्नपत्र मिलेकोले उच्च

माध्यमिक शिक्षा परिषद्का परीक्षा नियन्त्रकलाई जानकारी गराएको भनि आ–आफ्नो व्यहोरा खुलाई कागज गरेको देखिन्छ । उक्त हस्तलिखित फोटोकपी गरिएको भौतिक शास्त्रको प्रश्नपत्र र सक्कल प्रश्नपत्र हुबहु मिलेको भन्ने कुरामा विवादसमेत देखिँदैन । प्रतिवादीहरूले प्रश्नपत्र परीक्षा हुन अगावै बाहिरिएको होइन भनि स्पष्टरूपमा लेखाउन सकेकोसमेत देखिँदैन । विभिन्न घटनाक्रमहरूबाट प्रश्नपत्रको गोपनीयता भंग भएको पुष्टि भएको देखिन्छ ।

७. अब प्रश्नपत्रको गोपनीयता भंग गर्ने कार्यमा यी प्रतिवादीहरूको के कस्तो संलग्नता छ भन्ने दोस्रो प्रश्नका सम्बन्धमा विचार गर्दा अब प्रतिवादीहरूमध्ये रूद्र अधिकारी नरेन्द्र सुवेदी, सन्तोष कुइकेल, विनोद बस्नेतको हकमा विचार गर्दा, प्रस्तुत मुद्दाका प्रतिवादीहरूमध्ये राष्ट्रसेवकउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३, १७, ३(१) को कसुरमा र राष्ट्रसेवक बाहेकका प्रतिवादीहरू उपर सोही ऐनको दफा ३(२) अन्तर्गतको कसुरमा सोही ऐनको दफा १३, १७ र ३(१)(ज) अनुरूप सजाय गरी सबै प्रतिवादीहरूबाट बिगो असुलउपर समेत गरिपाउँ भन्ने अभियोग माग दाबी लिएको देखिन्छ । प्रतिवादी रूद्र अधिकारी अनुसन्धानको क्रममा र अदालतमा समेत बयान गर्दा प्रतिवादी आफू प्रहरी वृत्तमा कालिमाटीमा प्रश्नपत्र लिन गएको भएपनि प्रश्नपत्र नरेन्द्र सुवेदीलाई बिक्री गर्न नदिएको आफू खटिएको केन्द्रबाट प्रश्नपत्र बाहिरिएको होइन र आफूले प्रश्नपत्र बाहिर ल्याउने out गर्ने कुनै कार्य गरेको होइन भन्ने र अर्का प्रतिवादी नरेन्द्र सुवेदीले आफू जिलेट उच्च माध्यमिक विद्यालयका लेखापाल भएको र परीक्षा बारेमा कुनै सहभागी नहुने प्रश्नपत्र गोपनीयताको सवालमा आफ्नो संलग्नता नभएको भन्ने र प्र.सन्तोष कुइकेलले नरेन्द्र सुवेदीबाट प्रश्नपत्र लिएको भन्ने झुठा हो, प्रश्नपत्र बाहिरिएको सम्बन्धमा थाहा छैन भन्ने र अर्का प्रतिवादी विनोद बस्नेतले सन्तोष कुइकेलबाट प्रश्नपत्र फोटोकपी गरेबापत रकम लिएको छैन । मैले प्रश्नपत्र कसैलाई बेचेको हैन, सबै कुरा झुठा हुन् भनि कसुरमा इन्कार रही बयान गरेको पाइन्छ । यिनै प्रतिवादीहरूले शिक्षा ऐन, २०२८ अन्तर्गतको मुद्दामा अनुसन्धानको क्रममा अधिकारप्राप्त अधिकारीसमक्ष र केन्द्रीय अनुसन्धान ब्युरोमा कागज गर्दा प्रतिवादी रूद्र अधिकारीले मिति २०६८।१।२१ गतेको फिजिक्स विषयको प्रश्नपत्र २० गते म र नरेन्द्र सुवेदी भई महानगरीय प्रहरी वृत्त, कालीमाटीबाट प्रहरीले थाहा नपाउने गरी झिकी लगेकोमा, मैले उक्त प्रश्नपत्र २० गते बेलुका नरेन्द्र सरलाई दिएको र आफैँले संजय चौधरीलाई १० हजारमा बिक्री गरेको हुँ भनि उल्लेख गरेका छन् त्यसै गरी अर्का प्रतिवादी नरेन्द्र सुवेदीले रूद्र अधिकारीले मिति २०६८।१।२० गते बेलुका भेटी मसँग फिजिक्स र होटल म्यानेजमेन्ट विषयको कक्षा १२ को प्रश्नपत्र छ, विद्यार्थी खोजी बिक्री गर्नु भन्नु भएकोले सन्तोष कुइकेलसँग सम्पर्क राखी रूद्र अधिकारीले दिएको प्रश्नपत्र सन्तोष कुइकेललाई १५ हजारमा बिक्री गरेको हुँ भनि उल्लेख गरेको र अर्का प्रतिवादी सन्तोष कुइकेलले आफूले नरेन्द्र सुवेदीबाट प्रश्नपत्र लिई विनोद बस्नेतलाई रू.२५ हजारमा बिक्री गरेको भनि र विनोद बस्नेतले सन्तोष कुइकेलबाट प्रश्नपत्र लिई युवराजलगायत विभिन्न विद्यार्थीलाई बिक्री गरेको भनि बयान गरेको पाइन्छ । यी प्रतिवादीहरूमध्ये रूद्र अधिकारी कक्षा १२ को परीक्षा केन्द्र जिलेट उच्च माध्यमिक विद्यालयको सहायक केन्द्राध्यक्ष रहेको, निजले मिति २०६८/१/१९ देखि सञ्चालित १२ कक्षाको परीक्षाको प्रश्नपत्र प्रहरी वृत्त, कालिमाटीमा लिन गई बुझी ल्याउने गरेको कुरा मिसिल संलग्न प्रश्नपत्र बुझेको रजिष्टरबाट देखिनुका साथै प्रश्नपत्र लिन जाने गरेको कुरा स्वयंले स्वीकार गरेकोसमेत पाइन्छ । प्रहरी वृत्त, कालिमाटीमा राखिएको प्रश्नपत्रको रेखदेख जिम्मा लिने प्रहरी हवल्दार गुप्तबहादुर क्षेत्रीले जिलेट परीक्षा केन्द्रबाट प्रश्नपत्र लिन सहायक केन्द्राध्यक्ष

रूद्र अधिकारी आउने गरेकाले बुझाउने गरेको र निजले केन्द्रीय अनुसन्धान ब्युरोमा प्रहरीलाई झुक्याई प्रश्नपत्र लगेको भनेकाले प्रश्नपत्र झुक्याई लगेको रूद्र अधिकारीकै बयानवाट थाहा पाएको भनि अदालतमा समेत बयान गरेको देखिन्छ । यी प्रतिवादीहरूले शिक्षा ऐन, २०२८ अन्तर्गतका मुद्दामा अनुसन्धानको क्रममा र केन्द्रीय अनुसन्धान ब्यूरोमा गरेको कागजमा भौतिक शास्त्रको प्रश्नपत्र निर्धारित परीक्षा मितिभन्दा अगावै प्र. रूद्र अधिकारीले नरेन्द्र सुवेदीलाई बिक्री गर्न दिएको र नरेन्द्र सुवेदीले सन्तोष कुइकेललाई दिएको, सन्तोषले विनोद बस्नेतलाई बिक्री गरी विनोदले युवराजसमेतका विभिन्न विद्यार्थिहरूलाई बिक्री गरेको भनि बयान गरेको देखिएकोमा प्रश्नपत्र खरिद गर्ने विष्णु विक्रम तथा एकराज सापकोटाले भौतिक शास्त्र विषयको प्रश्नपत्र परीक्षा हुनु अघिल्लो रात जोभियर इन्टरनेशनल कालोपुलमा अध्ययनरत नेत्र बुढा र उसको साथी मदनले हामीसँग भौतिक शास्त्रको प्रश्नपत्रको फोटोकपी छ भनेकोले हामीले होस्टलमा बस्ने साथीहरू मिली ५/५ हजारमा लिएको भनि बकपत्र गरेको पाइएबाट प्रतिवादी विनोद बस्नेतले प्र.सन्तोष कुईकेलबाट प्रश्नपत्र प्राप्त गरी विभिन्न विद्यार्थीहरूलाई बिक्री गरेको भन्ने भनाई पुष्टि भइरहेको देखिन्छ।

८. सहायक केन्द्राध्यक्ष तोकिएका प्रतिवादी रूद्र अधिकारी प्रतिवादी जिलेट उच्च माध्यमिक विद्यालयका कार्यरत शिक्षक प्र.नरेन्द्र सुवेदी सोही जिलेट उ.मा.वि.का लेखाका कर्मचारी रहेका, निज नरेन्द्रको सानीआमाको छोरा सन्तोष कुइकेल र निजको साथी विनोद बस्नेत भन्ने कुरा मिसिलबाट देखिन आएको हुँदा नदेखिएबाट यी प्रतिवादीहरू एक आपसका चिनजानका व्यक्ति भन्ने देखिन्छ । यी प्रतिवादीहरूले शिक्षा ऐनअन्तर्गतको मुद्दाको अनुसन्धानको क्रममा गरेको बयानसमेतलाई प्र.रूद्र अधिकारीले प्रश्नपत्र प्रहरी वृत्तमा बुझी ल्याउने गरेको भनि प्रश्न पत्र बुझेको रजिष्टरबाट देखिन्छ भने प्रतिवादी रूद्र अधिकारीले मिति २०६८।१।२१ गतेको फिजिक्स विषयको प्रश्नपत्र २० गते म र नरेन्द्र सुवेदी भई महानगरीय प्रहरी वृत्त, कालीमाटीबाट प्रहरीले थाहा नपाउने गरी झिकी लगेकोमा, मैले उक्त प्रश्नपत्र २० गते बेलुका नरेन्द्र सरलाई दिएको र आफैले संजय चौधरीलाई १० हजारमा बिक्री गरेको हुँ भनि उल्लेख गरेको देखिन आएको छ । त्यसै गरी अर्का प्रतिवादी नरेन्द्र सुवेदीले रूद्र अधिकारीले मिति २०६८।१।२० गते बेलुका भेटी मसँग फिजिक्स र होटल म्यानेजमेन्ट विषयको कक्षा १२ को प्रश्नपत्र छ, विद्यार्थी खोजी बिक्री गर्नु भन्नु भएकोले सन्तोष कुइकेलसँग सम्पर्क राखी रूद्र अधिकारीले दिएको प्रश्नपत्र सन्तोष कुइकेललाई १५ हजारमा बिक्री गरेको हुँ भनि उल्लेख गरेको र अर्का प्रतिवादी सन्तोष कुइकेलले आफूले नरेन्द्र सुवेदीबाट प्रश्नपत्र लिई विनोद बस्नेतलाई रू.२५ हजारमा बिक्री गरेको भनि र विनोद बस्नेतले सन्तोष कुइकेलबाट प्रश्नपत्र लिई युवराजलगायत विभिन्न विद्यार्थीलाई बिक्री गरेको भनि बयान गरेको पाइन्छ । कालिमाटी वृत्तका प्रहरी हवल्दारसमेत रहेका प्रतिवादी गुप्तबहादुर क्षेत्रीले अदालतसमेतमा गरेको बयान, विष्णुविक्रम थापा र एकराज सापकोटा तथा जाँचबुझ समितिका संयोजक तथा सदस्यसमेतको बकपत्रबाट समेत प्रश्नपत्र बाहिरिएको कुरामा विवाद नदेखिएको र उक्त बाहिरिएको प्रश्नपत्र हुबहु मिलेको देखिएसमेतबाट प्रश्नपत्र बाहिरिएको पुष्टि भएको देखिँदा प्रतिवादीहरूको उक्त बयानलाई अन्यथा भन्न मिलेन । अतः प्र.रूद्र अधिकारीले भौतिकशास्त्रका प्रश्नपत्र परीक्षा अगावै प्रहरीसमेतलाई झुक्याई ल्याई प्रतिवादी नरेन्द्र सुवेदीलाई प्राप्त गराई प्र.नरेन्द्र सुवेदी सन्तोष कुइकेल तथा विनोद बस्नेतले विभिन्न विद्यार्थीहरूलाई बिक्री गरेको भन्ने देखिन आयो।

९. प्रस्तुत मुद्दाका प्रतिवादीहरूमध्ये राष्ट्रसेवकउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३, १७, ३(१) को कसुरमा र राष्ट्रसेवक

बाहेकका प्रतिवादीहरूउपर सोही ऐनको दफा ३(२) अन्तर्गतको कसुरमा सोही ऐनको दफा १३, १७ र ३(१)(ज) अनुरूप सजाय गरी सबै प्रतिवादीहरूबाट बिगो असुलउपर समेत गरिपाउँ भन्ने अभियोग माग दाबी लिएको देखिन्छ। उक्त दाबी लिइएको दफा १७ मा राष्ट्रसेवकले आफ्नो ओहदाको वा सोसम्बन्धी कर्तव्य पालन गरी नेपाल सरकारको वा सार्वजनिक संस्थाको सम्पत्ति लापरवाही वा हिनामिना वा हानि नोक्सानी वा दुरूपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा निजलाई कसुरको मात्राअनुसार उक्त दफा ३ बमोजिम सजाय र त्यस्तो हानि नोक्सानी वा दुरूपयोग वा मासेमा वा मास्न दिएको सम्पत्ति पनि निजबाट असुलउपर गर्ने व्यवस्था गरेको देखिन्छ। यसरी दफा १७ मा कुनै राष्ट्रसेवकले नेपाल सरकारको वा सार्वजनिक संस्थाको, सम्पत्ति, लापरवाही वा हिनामिना हानि नोक्सानी, दुरूपयोग गरी मासेमा वा निजी प्रयोगमा लगाएमा निजलाई उल्लिखित दफा ३(१) को देहाय खण्ड (क) देखि (झ) सम्ममा उल्लेख भएको बिगोको आधारमा हुने कैदको सजाय गरी हानि नोक्सानी भएको सार्वजनिक संस्थाको सम्पत्ति असुलउपर गर्ने व्यवस्था गरेको पाइन्छ।

१०. त्यसैगरी प्रश्नपत्रको गोपनीयता भंग गर्ने कार्य फौजदारी कसुर हुने व्यवस्था भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ ले गरेको पाइन्छ। उक्त कानूनी व्यवस्था हेर्दा सरकारी निकाय वा सार्वजनिक संस्थाबाट सञ्चालन गरिने परीक्षाको प्रश्नपत्र नियमित समयभन्दा अगावै अधिकारप्राप्त अधिकारीले विशेष परिस्थिति रहेको कारण जनाई खोलेमा वा खोल्न लगाएमा बाहेक कुनै राष्ट्र सेवकले आफू वा अरू कुनै व्यक्तिले गैरकानूनी लाभ पुर्‍याउने बदनियतले कुनै प्रकारले त्यस्तो प्रश्नपत्रको गोपनीयता भंग गरेमा वा गर्न लगाएमा वा परीक्षाको परिणाममा फेरबदल गरेमा वा गराएमा त्यस्तो राष्ट्रसेवकलाई ३ महिनादेखि १ वर्षसम्म कैद र पाँच हजारदेखि दश हजारसम्म जरिवाना हुने भन्ने व्यवस्था गरेको पाइन्छ। प्रस्तुत मुद्दामा २०६८ सालको १२ कक्षाको परीक्षा जिलेट उच्च मा.वि.केन्द्रमा २०६८/१/१९ देखि ३० सम्म सञ्चालित परीक्षाको मिति २०६८/१/२१ गते हुने भौतिक शास्त्रको प्रश्नपत्र अघिल्लो दिन नै बाहिरिएको कुरामा विवाद नरहेको र उक्त प्रश्नपत्र माथि विवेचना गरिएअनुरूप निर्धारित परीक्षा मितिभन्दा अगावै जिलेट उच्च मा.वि.को सहायक केन्द्राध्यक्ष रूद्र अधिकारीले प्रहरी वृत्तमा राखिएको भौतिकशास्त्रको प्रश्नपत्र प्रहरीलाई झुक्याई अघिल्लो दिन नै लिई आई प्रश्नपत्र बाहिर्‍याउने कार्य गरेको र उक्त प्रश्नपत्र बाहिर्‍याउने कार्यमा सहयोग गरी विभिन्न विद्यार्थीहरूमा बिक्री वितरणको कार्यमा प्रतिवादीहरू नरेन्द्र सुवेदी, सन्तोष कुइकेल, विनोद बस्नेत संलग्न रहे भएको कुरा पुष्टि भइरहेको स्थितिमा राष्ट्रसेवकका हैसियतमा कार्यरत प्रतिवादी रूद्र अधिकारीले निर्धारित समयभन्दा अगावै आफूलाई गैरकानूनी लाभ प्राप्त गर्ने बद्नियतले प्रश्नपत्रको गोपनीयता भंग गरेको पुष्टि हुन आएकोले निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ को कसुर गरेको देखियो।

११. अन्य प्रतिवादीहरू नरेन्द्र सुवेदी, सन्तोष कुईकेल, विनोद बस्नेत राष्ट्रसेवक भन्ने नदेखिएकोले निजहरूउपर राष्ट्रसेवकलाई आकर्षित हुने भ्रष्टाचार निवारण ऐन, २०५९ को ३(१)(ज) र १७ बमोजिमको सजाय हुन सक्ने अवस्था नदेखिएको तर प्रश्नपत्र विभिन्न विद्यार्थीहरूलाई बिक्री वितरण गरी बाहिर्‍याउने कार्यमा प्र.रूद्र अधिकारीलाई सहयोग गरेको पुष्टि हुन आएबाट निजहरूले ऐ.ऐनको दफा २२ अनुसारको कसुर गरेको देखिन आयो।

१२. शिक्षा ऐनअन्तर्गत कारवाही भइसकेपछि भ्रष्टाचार ऐनअन्तर्गतको कसुरमा सजाय गर्नु दोहोरो खतराको सिद्धान्तविपरीत हुन्छ हुन्छ हुँदैन भन्ने तेस्रो प्रश्नका सम्बन्धमा विचार गर्दा प्रतिवादीहरू तर्फका विद्वान् कानून व्यवसायीहरूले बहसको

क्रममा र पुनरावेदनमा प्रतिवादीहरूले लिएको मुख्य जिकिरसमेत यही रहेको देखिन्छ । यस सम्बन्धमा दोहोरो खतराको सिद्धान्तको सैद्धान्तिक पक्षमा समेत केहि प्रस्ट हुनु जरूरी देखिन्छ । दोहोरो खतराको सिद्धान्तले मूलतः एउटै व्यक्तिका विरूद्धमा उही कसुरमा पहिले नै कारवाही भई सजाय पाइसकेको वा सफाई पाइसकेको अवस्थामा उक्त कसुरमा दुईपटक मुद्दा चलाउन र सजाय गराउनलाई रोक्दछ। दोहोरो खतराको सिद्धान्त यस आधारमा पूर्व निर्णयसँग सम्बन्धित देखिन्छ । दोहोरो खतराको सिद्धान्त आकर्षित हुनका लागि मुख्यरूपमा सक्षम निकायबाट निर्णय भएको हुनुपर्ने, निर्णय अन्तिम भएको हुनुपर्ने र त्यस्तो निर्णय स्वच्छ सुनुवाई गरी अन्तिमसमेत भएको हुनुपर्दछ। यस सम्बन्धमा मुद्दा दायर हुँदा बहाल रहेको नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ को उपधारा (६) ले कुनैपनि व्यक्ति विरूद्ध अदालतमा एकै कसुरमा एकपटक भन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन भन्ने व्यवस्था गरेको देखिन्छ भने वर्तमान नेपालको संविधानको धारा २० को उपधारा (६) ले त्यसलाई निरन्तरता दिएको पाइन्छ।

१३. राज्यको मूल कानून संविधानले नै दोहोरो खतराको सिद्धान्तलाई फौजदारी न्यायको हकका रूपमा प्रत्याभूत गरेको परिप्रेक्ष्यमा त्यसलाई आत्मसात् गरी न्याय निरूपण गरिनुपर्दछ यसलाई अन्यथा गर्न सकिँदैन। यद्यपी मुद्दाको तथ्यगत अवस्था एक खालको हुने र तथ्यगत अवस्थाको विश्लेषण नगरी सैद्धान्तिक र तथ्यगत अवस्थालाई एकैचोटी विश्लेषण नगरी कसुरदारलाई कसरी उन्मुक्ति मिल्दछ भनी निष्कर्षमा पुग्न खोज्नु फौजदारी न्यायको सिद्धान्तकै खिलाफ हुन जान्छ । दोहोरो खतराको सिद्धान्तले भन्न खोजेको पनि त्यो होइन । न्यायको दुरूपयोग नहोस् र एउटै कसुरमा दुईपटक खतरामा रहनु नपरोस् भन्ने अभिप्रायले यस्तो संवैधानिक मान्यताको विकास भएको हो। मुद्दाका आ-आफ्नै विशिष्टता हुने गर्दछन् । दण्डहीनताले प्रसय नपाओस् अपराधी सजायको दायरामा आउन सकोस र कुनैपनि व्यक्ति विना कारण दुईपटक खतरामा नपरोस् भन्ने सम्बन्धमा न्यायकर्ता सदैव सचेत रहनुपर्दछ।

१४. प्रस्तुत मुद्दाको समग्र तथ्यको विश्लेषण गर्दा कसैले कानूनद्वारा निषिद्ध आपराधिक कार्य गरेको अवस्थामा त्यस्तो कार्यलाई अलग–अलग कानूनले अलग / अलग अपराध मान्दछ भने त्यसलाई एउटै कसुर मानेर एउटा मात्र कानूनअन्तर्गत कारवाही गर्नुपर्ने भनी आपराधिक क्रियालाई सीमित तुल्याउन मिल्दैन। प्रस्तुत मुद्दामा तथ्यगत अवस्थाको विश्लेषण गर्दा प्रश्नपत्रको गोपनीयता भंग गरेको कसुरमा प्रतिवादीहरू नेत्रबहादुर लिम्बूसमेतलाई शिक्षा ऐन, २०२८ को दफा १७(१) (क) बमोजिम सजाय माग दाबी लिई काठमाडौं जिल्ला अदालतमा मुद्दा चलाइएको र तीनै प्रतिवादीहरूमध्येका समेतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३, १७, ३(१) (ज) को सजाय मागदाबी लिई प्रस्तुत मुद्दा चलाएको देखिन्छ। शिक्षा ऐन, २०२८ को दफा १७ मा के कस्तो कानूनी व्यवस्था छ भन्ने सम्बन्धमा उक्त कानूनी व्यवस्थालाई मध्यनजर गर्नुपर्ने हुन्छ।

१७. दण्ड सजायः

(१क) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्‍याएमा त्यस्तो व्यक्तिलाई ....कसुरको मात्रा हेरी एकलाख रूपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछः–

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृतिबेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा । (१ख) उपदफा (१) र (१क) बमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारीउपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐनबमोजिम विभागीय सजाय गरिनेछ ।

भन्ने व्यवस्था गरेको देखिन्छ । उपरोक्त कानूनी व्यवस्था प्रश्नपत्रको गोपनीयता भंग गर्ने वा सो कार्य गर्न सहयोग पुर्‍याएमा कसुरको मात्रा हेरी एकलाख रूपैयाँसम्म जरिवाना हुने व्यवस्था गरेको देखिन्छ । उपरोक्त कानूनी व्यवस्थाकै आधारमा प्रतिवादी नेत्रबहादुर लिम्बूसमेतलाई काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरिएको र त्यसै विषयमा भ्रष्टाचार ऐनअन्तर्गतसमेत मुद्दा चलाइएकोले दोहोरो खतराको सिद्धान्त आकर्षित हुन्छ भन्ने नै पुनरावेदक प्रतिवादीहरूको मुख्य पुनरावेदन जिकिर रहेको देखिन्छ । सो सम्बन्धमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९ मा भएको कानूनी व्यवस्थालाई समेत मध्यनजर गर्नुपर्ने देखिन्छ । उक्त ऐनले भ्रष्टाचारसम्बन्धी मुद्दमा विशेष व्यवस्था गरी प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए पनि यस ऐनअन्तर्गत दायर हुने वा भएको मुद्दामा देहायको कुरामा देहायबमोजिम हुने भनि (क) देखि (ङ) सम्म विभिन्न व्यवस्था गरेको पाइन्छ । सो व्यवस्था गरिएअनुरूप खण्ड (क) मा कुनै राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिले भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कसुर मानिने कुनै काम गरेको वा त्यस्तो काम गर्ने सिलसिलामा अन्य प्रचलित कानूनबमोजिम कसुर मानिने कुनै कामसमेत गरेको रहेछ भने निजउपर अन्य प्रचलित कानूनबमोजिम छुट्टै मुद्दा चलाउन बाधा नपर्ने भन्ने व्यवस्था रहेको देखिन्छ । उपरोक्त कानूनी व्यवस्थाबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को कुनै पनि व्यक्ति विरूद्ध अदालतमा एकै कसुरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन भन्ने कुरा अर्थात् दोहोरो खतराको सिद्धान्त कुनै एक कसुरमा उही व्यक्तिउपर मुद्दा चलाई निर्णय भइसकेकोमा सोही कसुरको सम्बन्धमा पुनः कारवाही चलाउन रोक लगाउने सन्दर्भमा आकर्षित हुने हो । विवादको विषयमा एकै प्रतिवादीबाट भएको कार्यको लागी दुई छुट्टाछुट्टै ऐनअन्तर्गतको कसुरमा छुट्टाछुट्टै अनुसन्धान तहकिकात गरी मुद्दा चलाउन र अदालतबाट निर्णय गर्न यस सिद्धान्तले रोक लगाएको देखिँदैन । यसवाट एउटै क्रियाबाट अलगअलग ऐनअन्तर्गतमा कसुरसमेत भएमा अलगअलग मुद्दा चलाउन र सजाय गर्ने बाधा हुने अवस्था देखिँदैन । यसै सन्दर्भमा महेश चापागाईसमेत विरूद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दामा "दोहोरो खतराको सिद्धान्तले मूलतः उही कसुरमा पहिले नै कारवाई भई सजाय पाइसकेको वा सफाई पाइसकेको अवस्थालाई इंगित गर्दछ । यस आधारमा यो सिद्धान्त पूर्व निर्णयसँग सम्बन्धित देखिन्छ । यो सिद्धान्त आकर्षित हुनका लागि मुख्यरूपमा सक्षम निकायबाट निर्णय भएको हुनुपर्ने, निर्णय अन्तिम भएको हुनुपर्ने र त्यस्तो निर्णय स्वच्छसमेत हुनुपर्ने भनि यस अदालतबाट (ने.का.प.२०६९ नि.नं.८८७४ पृष्ठ१२३८) सिद्धान्तसमेत स्थापित भइसकेको देखिन्छ। प्रस्तुत मुद्दामा मिति २०६८।१।१९ देखि ३० सम्म १२ कक्षाको परीक्षा सञ्चालन भएकोमा जिलेट उच्च माध्यमिक विद्यालय केन्द्रबाट भौतिक शास्त्रको विषयको प्रश्नपत्र निर्धारित परीक्षा मितिभन्दा अगावै बाहिरिएको सम्बन्धमा उक्त परीक्षा केन्द्रका सम्बन्धित पदाधिकारीहरू तथा त्यस कार्यसँग संलग्न व्यक्तिहरू उपर प्रश्नपत्र गोपनीयता भंग गर्ने कार्य शिक्षा ऐन, २०२८ अन्तर्गतको कसुरमा अनुसन्धान तहकिकात गरी अभियोगपत्र काठमाडौं जिल्ला अदालतमा दायर

गरेको र राष्ट्रसेवकसमेतले रकम लिनु दिनु गरी आफ्नो पदिय हैसियतको दुरूपयोग गरी भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसुरजन्य कार्य भएको भनि प्रस्तुत मुद्दा दायर गरिएको पाइन्छ।

१५. उपरोक्त पृष्ठभूमिमा प्रश्नपत्रको गोपनीयता भंग गरेको कार्य शिक्षा ऐन, २०२८ र भ्रष्टाचार निवारण ऐन, २०५९ को परिभाषित अपराधअन्तर्गत कसुर गरेको देखिएबाट छुट्टाछुट्टै ऐनअन्तर्गत अनुसन्धान तहकिकात गरी प्रतिवादीहरू उपर छुट्टाछुट्टै मुद्दा दायर गर्न बाधा उत्पन्न गरेको देखिँदैन। यी प्रतिवादीहरूले प्रश्नपत्र गोपनीयता भंग गरेको कार्य शिक्षा ऐन, २०२८ अन्तर्गतको कसुरमा मुद्दा चलाइएकोमा निज प्रतिवादीहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसुरसमेत गरेको विषयमा छुट्टै मुद्दा चलाइएको अवस्था देखिँदा प्रस्तुत मुद्दामा दोहोरो खतराको सिद्धान्त आकर्षित हुन सक्दैन । शिक्षा ऐनअन्तर्गतको मुद्दामा अभियोग लगाई फैसलासमेत भइसकेकोमा यस भ्रष्टाचार मुद्दामा कारवाही गर्न मिल्दैन भनि पुनरावेदक प्रतिवादीहरूले पुनरावेदन पत्रमा उठाएको जिकिर तथा प्रतिवादीहरूका तर्फबाट रहनु भएका विद्वान् अधिवक्ताहरूले बहसको क्रममा उठाएको बहस जिकिरसँग सहमत हुन सकिएन।

१६. प्रतिवादीहरूमध्येका नेत्रबहादुर लिम्बू, तिर्थराज बराल र प्र.ह.गुप्तबहादुर क्षेत्रीको हकमा विचार गर्दा, नेत्रबहादुर लिम्बू मिति २०६८/१/१९ देखि ३० सम्म सञ्चालित कक्षा १२ को परीक्षाको जिलेट उच्च मा.वि. केन्द्रको केन्द्राध्यक्ष र तिर्थराज बराल उक्त परीक्षा केन्द्रको पर्यवेक्षकको रूपमा नियुक्ति भएको देखिन्छ। यी प्रतिवादीहरू प्रहरी वृत्त, कालिमाटीमा परीक्षाको प्रश्नपत्र लिन गएको नदेखिएको र उक्त प्रश्नपत्रहरू रूद्र अधिकारीले बुझी लाने गरेको देखिन्छ । निज रूद्र अधिकारीले भौतिक शास्त्रको प्रश्नपत्र निर्धारित परीक्षा मितिभन्दा अघिल्लो दिन नै प्रहरीलाई झुक्याई लिई आई प्रश्नपत्र बाहिर्याएको भन्ने शिक्षा ऐनअन्तर्गतको मुद्दामा अनुसन्धानको सिलसिलामा र केन्द्रीय अनुसन्धान ब्युरोमा कागज गर्दा स्वीकारै गरी कागज गरेको देखिन आएको छ । प्रतिवादी नेत्रबहादुर लिम्बू र तिर्थराज बरालले अनुसन्धानको क्रममा र अदालतमा सममेत कसुरमा इन्कार रहेको देखिन्छ अर्का प्रतिवादी प्रहरी हवल्दार गुप्तबहादुर क्षेत्री कार्यरत प्रहरी वृत्त, कालिमाटीमा प्रश्नपत्र राखिएको वाकसको तालाको चाबी स्वयं केन्द्राध्यक्षकै तर्फबाट लगाई राखिएको भन्ने देखिन्छ भने उक्त प्रश्नपत्र लिन आउने जिम्मेवार व्यक्तिको साथमा रहेको चाबीले प्रश्नपत्र राखेको बाकसको ताल्चा खोली निर्धारित विषयको प्रश्नपत्र लिई भरपाई गरी लाने गरेको देखिन्छ। प्रश्नपत्र विगतदेखि नै रूद्र अधिकारीले लैजाने गरेको र त्यसरी प्रश्नपत्र राखेको बाकसको ताला खोली प्रश्नपत्र लैजाने क्रममा प्रतिवादी गुप्तबहादुर क्षेत्रीलाई झुक्याई भौतिक शास्त्रको प्रश्नपत्र निर्धारित मितिभन्दा अघिल्लो दिन नै रूद्र अधिकारीले लिई गएको भन्ने निज रूद्र अधिकारीले अनुसन्धानका क्रममा स्वीकार गरेको तथ्य मिसिलबाट पुष्टि हुन्छ। त्यसरी प्रश्नपत्र अघि नै लैजान दिने कार्यमा यी प्रतिवादी गुप्तबहादुर क्षेत्रीसमेत संलग्न थिए भनि निज प्र.रूद्र अधिकारीले भन्न सकेको पाइँदैन भने सो कुरा प्रतिवादी गुप्तबहादुर क्षेत्रीको बयानबाट समेत देखिँदैन। रूद्र अधिकारीले गुप्तबहादुरको मिलेमतोमा लगेको नभई प्रहरीसमेतलाई झुक्याई प्रश्नपत्र लगेको उल्लेख गरेकोसमेत देखिन्छ । त्यसैगरी प्रतिवादी गुप्तबहादुरले अभियोग दाबीको कसुरमा पूर्णतः इन्कार रही बयान गरेको र सो कुरा रूद्र अधिकारीको बयानले समेत निजको इन्कारी बयान पुष्टि हुन आएको देखिन्छ । यसप्रकार प्रतिवादीहरू नेत्रबहादुर लिम्बू, तीर्थराज बराल तथा गुप्तबहादुर क्षेत्री प्रश्नपत्रको गोपनीयता भंग गर्ने कार्यमा संलग्नता थियो भन्ने कुरा कहीँ कतैबाट शंकारहित तवरबाट पुष्टि हुन आएको देखिएन।

१७. आरोपपत्रमा मागदाबी लिएको बिगोका

सम्बन्धमा विचार गर्दा प्रस्तुत कसुर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ अन्तर्गतको ठहर भएको देखिन्छ भने उक्त दफा १३ मा रहेको कानूनी व्यवस्थाले बिगोको सम्बन्धमा कुनै व्यवस्था गरेको देखिँदैन । उक्त कानूनी व्यवस्थालाई हेर्दा सरकारी निकाय वा सार्वजनिक संस्थाबाट सञ्चालन गरिने परीक्षाको प्रश्नपत्र निर्धारित समयभन्दा अगावै अधिकारप्राप्त अधिकारीले विशेष परिस्थिति परेको कारण जनाई खोलेमा वा खोल्न लगाएमा बाहेक कुनै राष्ट्रसेवकले आफू वा अरू कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुर्‍याउने बदनियतले कुनै पनि प्रकारले त्यस्तो प्रश्नपत्रको गोपनीयता भंग गरेमा वा गर्न लगाएमा वा परीक्षाको परिणाममा फेरबदल गरेमा वा गर्न लगाएमा त्यस्तो राष्ट्रसेवकलाई तीन महिनादेखि एक वर्षसम्म कैद र पाँच हजार रूपैयाँदेखि दश हजार रूपैयाँसम्म जरिवाना हुनेछ भन्ने व्यवस्था गरेको पाइन्छ । प्रथम दृष्टिमै उक्त दफा १३ को कानूनी व्यवस्थाले कसुर गर्ने व्यक्तिबाट बिगो भरिभराउ गर्ने सम्बन्धमा कुनै कुरा बोलेको नदेखिँदा बिगोतर्फको वादी नेपाल सरकारको दाबी पुग्न सक्ने देखिँदैन।

१८. अब विशेष अदालत, काठमाडौंले गरेको फैसला मिलेको छ छैन तथा पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न सक्ने हो होइन भन्ने भन्ने अन्तिम अन्तिम प्रश्नका सम्बन्धमा विचार गर्दा प्रतिवादी रूद्र अधिकारीले २०६८ साल वैशाख १९ गते देखि ऐ.३० गतेसम्म सञ्चालन भएको कक्षा बाह्रको परीक्षाको क्रममा २०६८।१।२१ मा सञ्चालन भएको भौतिक शास्त्र विषयको प्रश्नपत्र परीक्षा हुनुपूर्व नै बाहिर (Question out) गरी प्रश्नपत्रको गोपनीयता भंग गर्ने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ अन्तरगतको कसुर गरको ठहरेकाले प्रतिवादी रूद्र अधिकारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिम कैद महिना ।६। (छ) र जरिवाना रू.१०,०००।– (दश हजार) हुने तथा प्रतिवादी नरेन्द्र सुवेदी, सन्तोष कुइकेल र विनोद बस्नेतले प्रतिवादी रूद्र अधिकारीले बाहिर ल्याएको प्रश्नपत्रलाई मतियार भई विभिन्न विद्यार्थीहरूलाई बिक्री गर्ने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को कसुर गरेको ठहरी प्रतिवादी नरेन्द्र सुवेदी, सन्तोष कुइकेल र विनोद बस्नेतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ र २२ बमोजिम जनही कैद महिना ।३। (तीन महिना) र जरिवाना रू.५०००।– (पाँच हजार) हुने तथा प्रतिवादी नरेन्द्र सुवेदी सन्तोष कुईकेल, विनोद बस्नेत राष्ट्रसेवक भन्ने नदेखिएकोले निजहरू उपर राष्ट्रसेवकलाई आकर्षित हुने भ्रष्टाचार निवारण ऐन, २०५९ को ३(१)(ज) र १७ बमोजिमको सजाय हुन नसक्ने तथा प्रतिवादी नेत्रबहादुर लिम्बू, तिर्थराज बराल र गुप्तबहादुर क्षेत्रीउपरको आरोपपत्रमा लिएको दाबी पुग्न नसक्ने भई निजहरूले सफाई पाउने ठहर्‍याएको विशेष अदालत, काठमाडौंको मिति २०७१/१/२३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकार तथा प्रतिवादी रूद्र अधिकारी, नरेन्द्र सुवेदी, सन्तोष कुईकेल तथा विनोद बस्नेतको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी नियमानुसार मिसिल अभिलेख शाखामा बुझाइदिनू।

उक्त रायमा सहमत छु।
स.प्र.न्या.कल्याण श्रेष्ठ

इजलास अधिकृत : रामप्रसाद बस्याल
इति संवत् २०७२ साल माघ १८ गते रोज २ शुभम्।

## निर्णय नं.९६३१

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
फैसला मिति : २०७२।५।३१।५
०७०-CR-०७३२

मुद्दाः हातहतियार खरखजाना ।

पुनरावेदक / वादी : प्रहरी प्रतिवेदनको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला सप्तरी, पातो गा.वि.स. वडा नं. ६ बस्ने अरविन्दकुमार पण्डित

- **वस्तुतः एउटै मुद्दाका सहअभियुक्तले सुरू फैसलाउपर दायर गरेको पुनरावेदनमा विपक्षी झिकाउने आदेश भई नेपाल सरकारको तर्फबाट सुनुवाईमा बहससमेत गरी सकेपछि पनि उक्त मुद्दाको सुरू फैसलाको जानकारी प्राप्त नभएको भन्न मिल्ने हुँदैन। एउटै मुद्दाको सुरू फैसलाउपर एउटा प्रतिवादीको तर्फबाट परेको पुनरावेदनमा विपक्षी झिकाउने आदेश भई वादी नेपाल सरकारको तर्फबाट बहस गरी सो मुद्दा मिति २०६७।३।१५ मा फैसला भइसकेपछि त्यसको ९ महिना ३ दिन पछि मिति २०६७।१२।१८ मा पुनरावेदन अदालतमा दायर भएको पुनरावेदन पत्रलाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६ बमोजिम तोकिएको पुनरावेदन गर्ने हदम्यादभित्र परेको भन्न मिल्ने नदेखिने।**

(प्रकरण नं.५)

पुनरावेदक / वादीका तर्फबाट :
प्रत्यर्थी / प्रतिवादीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- मुलुकी ऐन, अ.बं.१८० नं.
- सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६

सुरू फैसला गर्नेः
प्र.जि.अ. श्री भोलाप्रसाद शिवाकोटी
पुनरावेदन अदालतमा फैसला गर्नेः
मा. मुख्य न्यायाधीश श्री केशरीराज पण्डित
मा. न्यायाधीश श्री विष्णुदेव पौडेल

फैसला

**न्या.जगदीश शर्मा पौडेल :** पुनरावेदन अदालत, पाटनको मिति २०७०।२।१२ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम प्रतिवादीको तर्फबाट यस अदालतमा पुनरावेदन परेको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः-

बालकहरू हराएको हुँदा खोजतलास गरिपाउँ भनी मिति २०६५।८।१ मा हराएका नाबालक आशिष मानन्धरका बाबु श्रीप्रसाद मानन्धर र रितेष रौनियारका बाबु विनोद रौनियारले दिनुभएको सूचना।

मिति २०६५।८।११ का दिन का.जि. महादेवस्थान गा.वि.स. वडा नं. ४ को गुमाल चौकी सामुदायिक जंगलमा खोजतलासको क्रममा २ वटा लासहरू फेला परेको र सो लास भएको ठाउँ नजिक

गोली थान १ समेत फेला परेको भन्ने बरामदी मुचुल्का।

फेला परेका लासहरू आफ्ना नाबालक छोराहरू आशिष मानन्धर र रितेष रौनियारको भएको र निजहरूलाई कर्तव्य गरी मारेकोले कारवाही गरिपाउँ भनी विनोद रौनियार र श्रीप्रसाद मानन्धरको जाहेरी।

का.जि.का.म.न.पा. वडा नं. १५ स्वयम्भुमा चन्द्रदेव पण्डितले सञ्चालन गरेको सिमेन्टको रिङ पसलमा राजेन्द्र पण्डितले देखाएको स्थानमा कटुवा पेस्तोल थान १ र गोलीको खोका थान १ समेत बरामद भएको भन्ने मिति २०६५।८।१८ को बरामदी मुचुल्का र प्रतिवादी राजेन्द्र पण्डितलाई पक्राउ गरी प्रारम्भिक सोधपुछका क्रममा आशिष मानन्धर र रितेष रौनियारको हत्या वीरेन्द्रकुमार पण्डित, दीपक मेहता र मसमेत भई गरेको भनेको हुँदा बरामदी सामानसहित राजेन्द्र पण्डितलाई पक्राउ गरी प्रतिवेदनसाथ बरामदी मुचुल्का पेस भएको।

प्रतिवादीहरू राजेन्द्र पण्डित, वीरेन्द्रकुमार पण्डित र दिपक मेहताले हामीहरूका नाबालक छोराहरूलाई एकान्तस्थलमा लगी हत्या गरेकोले निजहरूलाई कानूनबमोजिम कारवाही गरिपाउँ भन्ने विनोद रौनियार र श्रीप्रसाद मानन्धरको मिति २०६५।८।१८ को जाहेरी।

मेरो भिनाजु नाता पर्ने सप्तरी गोविन्दपुरका अरविन्द पण्डितसँग रू.३०००।– दिने सर्तमा रू.२०००।– दिई १ थान कटुवा पेस्तोल र ३ थान गोली लिई काठमाडौं आएकोले मैले सो बोकी रिङ पसलमा बसेको अवस्थामा मेरो साथी मृतक रितेष रौनियाले माला बनाउन १ थान गोली मागेकोले मैले निजलाई दिएको, रितेषको मोबाइल मैले किनेकोमा सोको रकम पनि दिन बाँकी रहेकोमा मसँग विपक्षी सधैंजसो पैसा माग्ने र नदिएमा बन्दुक बोकी हिँड्ने गरेको कुरा अन्यलाई बताई दिने धम्की दिने गरेको हुँदा निजलाई मारेमा सो रकम पनि तिर्नु नपर्ने र हतियारबारे पनि चिन्ता लिनु नपर्ने ठानी साथी वीरेन्द्रकुमार पण्डितलाई आफ्नो उद्देश्य बताएपछि सो कामको लागि दीपक मेहताको समेत सहयोग लिने सल्लाह गरी रितेषलाई मोबाइलको पैसा लिन आउ भनी बोलाउँदा निज अर्का साथी आशिष मानन्धर पनि सँगै आएकोले थानकोट चौकीभन्दा माथिको जंगलमा लगी पेस्तोल निकाली रितेषलाई हान्दा गोली पड्किएन, पछि पुनः पड्कियो तर कसैलाई लाग्यो लागेन थाहा भएन, पछि गोली लोड गरी फायर गर्नु पर्‍यो भनी लोड गर्दा खोका ननिस्किई गोली सोही ठाउँमा खसी हराएको, मसँगै गएका साथी वीरेन्द्रकुमार पण्डित र दिपक मेहतासमेत भई आशिष र रितेशलाई खुकुरीसमेतले प्रहार गरी मारेको र हतियार मैले स्वयम्भु पसल छेउमा ल्याई गाडेको अवस्थामा बरामदी भएको भन्ने अनुसन्धानका क्रममा राजेन्द्र पण्डितले गरेको बयान।

मैले आफ्नो सुरक्षार्थ भारतबाट रू. १२०० मा खरिद गरेको पेस्तोल र सशस्त्र प्रहरीमा काम गर्दा बनाएको गोली थान ३ मेरो साला नाता पर्ने राजेन्द्र पण्डितले मागेको हुँदा बरामदी पेस्तोल र गोलीसमेत मैले नै राजेन्द्र पण्डितलाई दिएको हो, त्यसरी हातहतियार खरखजाना राख्ने इजाजत लाइसेन्स छैन भनी प्रतिवादी अरविन्द पण्डितले मिति २०६५।९।१६ मा अनुसन्धानका क्रममा गरेको बयान।

प्रतिवादीहरू अरविन्द पण्डित, राजेन्द्र पण्डित, वीरेन्द्र पण्डित र दीपक मेहताले हातहतियार तथा खरखजाना ऐन, २०१९ को दफा ३(२) र दफा ५(१) अनुसारको कसुर गरेकोले सोही ऐनको दफा २०(२) अनुसारको सजाय गरिपाउँ भन्ने अभियोग पत्र।

प्रतिवादी राजेन्द्र पण्डितलाई म चिन्दिन । निज मेरो साला नाताको पनि होइन, मैले भारतबाट हतियार आफ्नो घरमा ल्याई राखी राजेन्द्र पण्डितलाई दिएको छैन, होइन । प्रहरीले मलाई जबरजस्ती मन्जुरीबिना सहि गराएको हो, प्रस्तुत घटनाका

विषयमा मलाई केही थाहा छैन भन्ने अरविन्दकुमार पण्डितले जिल्ला प्रशासन कार्यालयमा गरेको बयान।

बरामदी हतियार र गोलीबारे मलाई केही थाहा छैन, यस मुद्दाका अन्य प्रतिवादीहरू कसैलाई पनि म चिन्दिन, रितेष रौनियार र आशिष मानन्धरलाई हत्या गरेका विषयमा अनुसन्धानका क्रममा पक्राउ गरेको हो। मैले बिना इजाजतको पेस्तोल र गोली राख्ने प्रयोग गर्ने काम गरेको छैन भन्ने प्रतिवादी राजेन्द्र पण्डितको बयान।

प्रतिवादीहरू राजेन्द्र पण्डित, वीरेन्द्र पण्डित र दीपक मेहताले बिना इजाजतको पेस्तोल प्रयोग गर्न साथमा लिई बोकी हिँड्ने काम गरी हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र दफा ५(१) अनुसारको कसुर गरेको ठहर्छ। सोही ऐनको दफा २० को उपदफा २ अनुसार फरार प्रतिवादी वीरेन्द्रकुमार पण्डित र दीपक मेहतालाई रू.६०,०००।– (साठी हजार) जरिवाना र ३ वर्ष कैद जनहीका दरले हुन्छ, प्रतिवादी राजेन्द्र पण्डितका हकमा हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ५(१) अनुसार कसुर गरेको ठहर्दा सोही ऐनको दफा २०(२) अनुसार ३ वर्ष कैद र रू.६०,०००।– जरिवाना हुन्छ। प्रतिवादी अरविन्दका हकमा यी प्रतिवादीले यसरी बिना इजाजतको अवैध पेस्तोल र गोली आफ्नो साथमा राख्ने काम गरेको भन्ने कुरा पत्यार हुन सक्ने अवस्था नदेखिएकोले सफाई पाउने ठहर्छ भन्नेसमेत व्यहोराको सुरू जिल्ला प्रशासन कार्यालय, काठमाडौंको मिति २०६६।३।२४ को फैसला।

अवैध हातहतियारसम्बन्धी कसुरमा सजाय भएका प्रतिवादी राजेन्द्र पण्डितले देखाएको स्थानबाट हतियार बरामद भएको पेस्तोल र गोलीका खोकासमेत यी प्रतिवादी अरविन्द पण्डितसँग खरिद गरेको भनी राजेन्द्र पण्डितले निज प्रतिवादी अरविन्द पण्डितलाई कसुरमा पोल गरेकोमा मौकाको बयान निज अरविन्द पण्डित साबित रहेकोमा निजलाई सफाई दिने गरी भएको सुरू जिल्ला प्रशासन कार्यालयको फैसला नमिलेको हुँदा उल्टी गरी अभियोग दाबीबमोजिम गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन अदालत, पाटनमा परेको पुनरावेदन पत्र।

बरामद भएको पेस्तोल र गोली अरविन्द पण्डितबाट लिएको हो भनी प्रतिवादी राजेन्द्र पण्डितले प्रहरीमा बयान गरेको र निजलाई सजाय भएकोमा आरोपित कसुरमा प्रहरीमा साबित भएका प्रतिवादी अरविन्द पण्डितलाई सफाई दिएको फैसला प्रमाण ऐन, २०३१ को दफा ३, ५४ को त्रुटिको प्रश्नमा फरक पर्ने देखिँदा छलफलका लागि अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी नेपाल सरकारको हकमा पुनरावेदन सरकारी वकिल कार्यालय, पाटनलाई जानकारी गराई नियमानुसार गरी पेस गर्नु भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, पाटनको २०६९।३।१३ को आदेश।

मिति २०६७।१२।१८ मा दायर भएको प्रस्तुत मुद्दाको पुनरावेदन पत्र सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६ ले तोकेको म्याद र कानूनन सो म्याद थमाउन पाउने अवधि नघाई दर्ता भएको यो पुनरावेदन पत्रबाट मुद्दाको तथ्यमा प्रवेश गरी निर्णय दिई रहन पर्ने भएन। तसर्थ प्रस्तुत पुनरावेदन पत्र अ.ब. १८० नं. बमोजिम खारेज हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, पाटनको मिति २०७०।२।१२ को फैसला।

पुनरावेदन अदालतको फैसलामा चित्त बुझेन। जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट मिति २०६६।३।२४ मा भएको फैसलाउपर पुनरावेदन गर्ने म्याद मिति २०६७।११।२० मा प्राप्त गरेकोमा म्यादभित्र पुनरावेदन परेकोमा अर्का प्रतिवादीको सोही मुद्दामा परेको पुनरावेदनमा विपक्षी झिकाउने आदेश हुँदा प्राप्त भएको सूचना र सुनुवाई हुँदा सरकारी वकिलको

बहसमा उपस्थित भएको भन्ने आधार लिई पुनरावेदन खारेज गरेको पुनरावेदन अदालत, पाटनको फैसला त्रुटिपूर्ण भएकोले उल्टी गरी अभियोग दाबीबमोजिम गरिपाउँ भन्ने वादी नेपाल सरकारको यस अदालतमा परेको पुनरावेदन पत्र।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनसहितको मिसिल अध्ययन गरियो। प्रस्तुत मुद्दामा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६ बमोजिमको म्याद व्यतित गरी पुनरावेदन पत्र दर्ता भएको आधारमा अ.बं. १८० नं. बमोजिम पुनरावेदन पत्र खारेज हुने ठहराएको पुनरावेदन अदालत, पाटनको फैसला मिलेको छ वा छैन र वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. प्रस्तुत मुद्दामा पुनरावेदन अदालत, पाटनको मिति २०७०।२।१२ को फैसला हेर्दा यसै मुद्दाका सहअभियुक्तले मिति २०६६।४।२५ मा सो अदालतमा दायर गरेको पुनरावेदनमा मिति २०६७।१।१४ मा प्रत्यर्थी झिकाउने आदेश भई पुनरावेदन सरकारी वकिल कार्यालय, पाटनलाई मिति २०६७।१।२९ मा सोको जानकारी दिई मिति २०६७।३।१५ को सो मुद्दाको पेसीमा उक्त कार्यालयको शाखा अधिकृतले वादी नेपाल सरकारको प्रतिनिधित्व गरी सोही मिति २०६७।३।१५ मा उक्त मुद्दा फैसला भएको र एउटै मुद्दाको सुरू फैसलाउपर एउटा प्रतिवादीको तर्फबाट परेको पुनरावेदनमा सुरू फैसला सदर हुनुपर्ने हो भनी वादी पक्षबाट प्रतिनिधित्व भइसकेपछि त्यसको ८ महिनापछि मात्र यो मुद्दाको सुरु फैसलाको जानकारी पाएको भनी मिति २०६७।१२।१८ मा दायर भएको पुनरावेदन पत्र सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६ को म्याद र कानूनत: सो म्याद थमाउन पाउने अवधिसमेत व्यतित गरी दर्ता भएकोले मुद्दाको तथ्यभित्र प्रवेश नगरी अ.बं. १८० नं. बमोजिम पुनरावेदन खारेज हुने ठहराई फैसला गरेको देखिन्छ।

३. उक्त फैसलाउपर वादी नेपाल सरकारले यस अदालतमा पुनरावेदन गर्दा सुरू फैसला गर्ने जिल्ला प्रशासन कार्यालयबाट मिति २०६६।३।२४ को फैसलाउपर २०६७।११।२० मा मात्र पुनरावेदनको म्याद प्राप्त भई सोही मितिबाट म्यादभित्र पुनरावेदन दर्ता गराएकोमा सोही मुद्दामा अर्का प्रतिवादी राजेन्द्र पण्डितको पुनरावेदनमा विपक्षी झिकाउने आदेश भई मुद्दा सुनुवाई हुँदा सरकारी वकिलको उपस्थित रहेको भन्ने आधारमा सोही मितिदेखि पुनरावेदनको हदम्याद गणना गरी पुनरावेदन खारेज गर्ने ठहराएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण भएको भन्ने जिकिर लिएको पाइन्छ।

४. यस सम्बन्धमा प्रस्तुत मुद्दाको तथ्यगत अवस्थाको बारेमा मिसिल संलग्न कागजात हेर्दा पुनरावेदन सरकारी वकिल कार्यालय, पाटनबाट पुनरावेदन अदालत, पाटनमा दायर गरिएको प्रस्तुत मुद्दाको पुनरावेदन पत्रमा प्रतिवादीमध्येका अरविन्द पण्डितलाई सफाई दिने गरी मिति २०६६।३।२४ मा जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट भएको फैसलाको जानकारी मिति २०६७।११।२० मा प्राप्त गरी पुनरावेदन पत्र दायर गरिएको भन्ने उल्लेख भएको पाइन्छ । सोही मुद्दामा जिल्ला प्रशासन कार्यालय, काठमाडौंको फैसलाउपर सहअभियुक्त राजेन्द्र पण्डितले मिति २०६६।४।२५ मा पुनरावेदन अदालत, पाटनमा पुनरावेदन दायर गरी सो अदालतबाट मिति २०६७।१।१४ मा विपक्षी झिकाउने आदेश हुँदा पुनरावेदन सरकारी वकिल कार्यालय, पाटनलाई मिति २०६७।१।२९ मा पुनरावेदन पत्रको प्रतिलिपिसहित पेसीको जानकारी दिइएको देखिन्छ। मिति २०६७।३।१५ मा उक्त मुद्दाको सुनुवाईमा उक्त

कार्यालयको तर्फबाट उपस्थित शाखा अधिकृतले बहस गर्नु भई सोही मिति २०६७।३।१५ मा उक्त मुद्दा सो अदालतबाट फैसला भएको देखिन्छ।

५. वस्तुतः एउटै मुद्दाका सहअभियुक्तले सुरू फैसलाउपर दायर गरेको पुनरावेदनमा विपक्षी झिकाउने आदेश भई नेपाल सरकारको तर्फबाट सुनुवाईमा बहससमेत गरी सकेपछि पनि उक्त मुद्दाको सुरू फैसलाको जानकारी प्राप्त नभएको भन्न मिल्ने हुँदैन । एउटै मुद्दाको सुरू फैसलाउपर एउटा प्रतिवादीको तर्फबाट परेको पुनरावेदनमा विपक्षी झिकाउने आदेश भई वादी नेपाल सरकारको तर्फबाट बहस गरी सो मुद्दा मिति २०६७।३।१५ मा फैसला भइसकेपछि त्यसको ९ महिना ३ दिनपछि मिति २०६७।१२।१८ मा पुनरावेदन अदालतमा दायर भएको पुनरावेदन पत्रलाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६ बमोजिम तोकिएको पुनरावेदन गर्ने हदम्यादभित्र परेको भन्न मिल्ने देखिएन । यस अवस्थामा कानूनबमोजिम तोकिएको म्याद र थाम्ने थमाउने अवधिसमेत व्यतित गरी परेको वादी नेपाल सरकारको उक्त पुनरावेदन पत्रबाट मुद्दाको तथ्यमा प्रवेश गरी निर्णय गर्नुपर्ने अवस्था नभएको भनी अ.बं. १८० नं. बमोजिम पुनरावेदन खारेज हुने ठहराएको पुनरावेदन अदालतको फैसला मनासिब देखिन आयो।

६. तसर्थ उक्त आधार र कारणसमेतबाट वादी नेपाल सरकारको पुनरावेदन पत्र सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६ बमोजिमको म्याद र कानूनबमोजिम थाम्ने थमाउने अवधिसमेत व्यतित गरी दायर भएको देखिएकोले उक्त पुनरावेदन अ.बं. १८० नं. बमोजिम खारेज हुने ठहराएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।२।१२ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। फैसलाको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिई प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू।

उक्त रायमा सहमत छु।
स.प्र.न्या.कल्याण श्रेष्ठ

इजलास अधिकृत : विश्वनाथ भट्टराई
इति संवत् २०७२ साल भदौ ३१ गते रोज ५ शुभम्।

## निर्णय नं.९६३२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
फैसला मिति : २०७२।१०।१०।१
०७०-CR-००४६

मुद्दा : झुठा शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको

पुनरावेदक / वादी : अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत मनीषकुमार सिंहको प्रतिवेदनले नेपाल सरकार

विरूद्ध

विपक्षी / प्रतिवादी : नेपाल टेलिकम दुरसञ्चार कार्यालय महेन्द्रनगरमा इन्जिनियर पदमा कार्यरत प्रेमबहादुर जी कुँवर भन्ने प्रेमबहादुर कुँवर

- **प्रतिवादीले Higher School स्तरको प्रमाणपत्र प्राप्त गरेको Central Board of Higher Education, New Delhi संस्था Council of Boards of School Education in India र Ministry of HRD बाट मान्यता दिइएको संस्थाहरूको सूचीमा नभएको भनी उल्लेखसम्म गरिएको देखिन्छ। तर, उक्त संस्था नै नक्कली, झुट्टा रहेको र पहिलेदेखिनै अस्तित्वमा नभएको भनी उल्लेख गर्नसकेको देखिएको छैन। यसबाट उक्त संस्था नक्कली वा झुट्टा नभई मान्यता नदिइएको भन्नेसम्मको स्थिति रहेको पाइयो। नक्कली प्रमाणपत्रको कसुर हुन आफूले हासिल नगरेको योग्यता हासिल गरेको छु भनी झुट्टा शैक्षिक योग्यताको प्रमाणपत्र पेस गर्नुपर्ने हुन्छ। यहाँ प्रतिवादीले हासिल गरेको शैक्षिक योग्यता झुट्टा हो भन्ने स्पष्ट भनाई नभई शैक्षिक योग्यताको प्रमाणपत्र जारी गर्ने संस्थाले मान्यता नपाएको भन्नेसम्मको अवस्था छ। संस्थाले मान्यता नपाएको भन्ने आधारमा मात्र प्रतिवादीले पेस गरेको प्रमाणपत्रलाई झुट्टा भनी अदालतले अनुमान गरी भ्रष्टाचारको कसुरदार मान्न न्यायोचित नहुने।**

(प्रकरण नं.५)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता अर्जुनप्रसाद कोइराला

विपक्षी / प्रतिवादीका तर्फबाट :

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२, २९
- भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१)

सुरू फैसला गर्ने अदालत :

मा.न्या. श्री केदारप्रसाद चालिसे

मा.न्या. श्री भुपेन्द्रप्रसाद राई

फैसला

**न्या.बैद्यनाथ उपाध्याय :** विशेष अदालत ऐन, २०५९ को दफा १७ बमोजिम विशेष अदालत, काठमाडौंको मिति २०६९।१२।२२ को फैसलाउपर वादी अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तर्फबाट पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार रहेको छः-

नेपाल टेलिकमअन्तर्गत शाखा कार्यालय, महेन्द्रनगरमा कार्यरत इन्जिनियर प्रेमबहादुर कुँवरसमेतको प्रमाणपत्र छानबिनको लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा प्राप्त हुन आएको।

निज इन्जिनियर प्रेमबहादुर कुँवरले The Central Board of Higher Education, New Delhi भारतबाट प्राप्त गरेको हाई स्कुल परीक्षा उत्तीर्ण गरेका प्रमाणपत्रहरू सक्कली हुन्, होइनन् भन्ने सम्बन्धमा उच्च मा.शि.परिषद् भक्तपुरमार्फत The Central Board of Higher Education, New Delhi लाई लेखी पठाइएकोमा केन्द्रीय माध्यामिक शिक्षा बोर्ड (Central Board of Secondary Education, CBSE) नयाँ दिल्ली भारतको सन् ११।३।२०१० को पत्रबाट The Central Board of Higher Education, New Delhi नामको बोर्ड अस्तित्वमै नरहेको (Fake Board) भन्नेसमेतको अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा जवाफ प्राप्त हुन आएको पत्र मिसिल सामेल रहेको।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६८।४।२४ मा उच्च माध्यमिक शिक्षा

परिषद्, भक्तपुरलाई The Central Board of Higher Education, New Delhi अस्तित्व रहे नरहेको एकिन जानकारी दिन भनी लेखिएकोमा उक्त परिषद्को मिति २०६८।५।२६ को पत्रमार्फत भारतको आधिकारिक संस्था Central Board of Secondary Education (CBSE), New Delhi ले The Central Board of Higher Education, New Delhi आधिकारिक नभएको सो संस्थाको भारतमा अस्तित्वमा नरहेकोले समकक्षता प्रदान गर्ने प्रश्नै नरहेको भन्ने व्यहोरा खुलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा जानकारी प्राप्त हुन आएको पत्र मिसिल सामेल रहेको।

यसै गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६८।६।३ मा मान्यता तथा समकक्षता निर्धारण समितिको सचिवालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरलाई The Central Board of Higher Education, New Delhi संस्था एवं ती संस्थाबाट जारी प्रमाणपत्रहरूलाई मान्यता दिइएको छ, छैन? भनी सोधिएकोमा उक्त केन्द्रको मिति २०६८।६।२५ को पत्रबाट हालसम्म भएका मान्यता तथा समकक्षता निर्धारणसम्बन्धी निर्णयहरूको सूचीमा समेत उक्त बोर्ड समावेश नभएको व्यहोरा उल्लेख भई अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा जानकारी प्राप्त हुन आएको पत्र मिसिल सामेल रहेको।

मेरो नाम प्रेमबहादुर कुँवर हो। म दूर सञ्चार कार्यालय महेन्द्रनगरमा इन्जिनियर पदमा कार्यरत छु। बयानको क्रममा देखाइएका प्रमाणपत्रका फोटोकपीहरू मेरै हुन्। उक्त प्रमाणपत्र नियुक्ति एवं बढुवा प्रयोजनको लागि २०३६ सालतिर दरखास्त फारामसाथ आफ्नो कार्यालयमा पेस गरेको थिएँ। सनाखत गरिदिएको छु। मेरो प्रमाणपत्र नेपालको एस.एल.सी. सरह हो। त्यसको समकक्षता मैले गराएको छैन। मैले प्राप्त गरेको प्रमाणपत्र जारी गर्ने The Central Board of Higher Education, New Delhi लाई नेपालबाट हालसम्म मान्यता प्राप्त भएको देखिएन। मैले प्राइभेट परीक्षा दिएर शारदा कलेज मुम्बईबाट पास गरेको हुँ। मैले प्रमाणपत्र प्राप्त गरी कार्यालय पेस गर्नुअघि नेपालबाट त्यसको समकक्षता गराउनु पर्ने थियो, गरिन, त्यही नै मेरो भूल भयो। कार्यालयले पनि समकक्षता बेगरको प्रमाणपत्र लिई दियो। मेरो प्रमाणपत्र नक्कली हैन। केही समय पाऊँ, नेपाल सरकारको मान्यताको प्रमाणपत्र पेस गर्ने कोसिस गर्नेछु भन्नेसमेत व्यहोराको प्रतिवादी प्रेमबहादुर जी कुँवरले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

नेपाल टेलिकमअन्तर्गत दूर सञ्चार कार्यालय महेन्द्रनगर शाखामा इन्जिनियर पदमा कार्यरत प्रेमबहादुर कुँवरले आउट साइट टेक्निसियन पदमा सेवा प्रवेश गर्दा पेस गरेको The Central Board of Higher Education, New Delhi बाट जारी भएको वर्ष १९७७ क्रमाङ्क ११९० को हाई स्कुल उत्तीर्णको शैक्षिक योग्यताको प्रमाणपत्रहरू भारतमा अस्तित्वमै नरहेको र नेपालबाट समेत मान्यता नपाएको बोर्डबाट जारी भएको भनी लेखी आएको आधारमा उक्त हाई स्कुलको प्रमाणपत्र झुट्टा देखिन आएकोले निजले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसुर गरेको देखिँदा निजलाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२, २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम जरिवाना र कैदको सजाय हुन माग दाबी लिइएको छ भन्नेसमेत व्यहोराको विशेष अदालतमा दायर भएको आरोपपत्र।

प्रतिवादी प्रेमबहादुर जी कुँवर भन्ने प्रेमबहादुर कुँवर विशेष अदालतबाट जारी भएको म्यादमा उपस्थित भई मैले New Delhi को The Central Board of Higher Education ले सञ्चालन गरेको बम्बई सेन्टरबाट प्राइभेट परीक्षार्थीको रूपमा सन् १९७७ मा एस.एल.सी. (हाई स्कुल तह) उत्तीर्ण गरेको हुँ। मैले

२०३५ सालदेखि २०३६ सालसम्म टेलिकम बेसिक स्पेशल (इन्टरनल, एक्सटर्नल) तालिम लिएको छु । २०३६ सालमा नेपाल दूर सञ्चार संस्थानको केन्द्रीय कार्यालयबाट आउटसाइट टेक्निसियन पदमा अस्थायी नियुक्ति भएकोमा २०३७।४।१ मा सोही पदमा स्थायी नियुक्त भएँ । हाल नेपाल टेलिकमको सातौँ तहको इन्जिनियर पदमा कार्यरत छु । म नियुक्त भएको सुरू पदमा एस.एल.सी. सरहको शैक्षिक योग्यता आवश्यक पर्दथ्यो । मैले सुरू नियुक्ति हुँदा उक्त बोर्डबाट उत्तीर्ण भएको हाई स्कुल परीक्षाको प्रमाणपत्र पेस गरेको थिएँ। मैले परीक्षा दिएको बोर्ड दिल्ली राज्य सरकारबाट सन् १९५६ मा मान्यता प्राप्त बोर्ड हो। आरोपपत्रमा उल्लेख भएको उक्त बोर्ड भारतमा अस्तित्वमा नै नरहेको भन्ने व्यहोरा पूर्णतया झुट्टा हो । अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा गरेको बयान मेरो स्वेच्छाले गरेको होइन । मैले प्राप्त गरेका प्रमाणपत्रहरू सक्कली हुन्। उक्त प्रमाणपत्र प्राइभेट परीक्षार्थीको रूपमा फाराम भरी प्रवेशपत्र प्राप्त गरी परीक्षामा सामेल भई परीक्षा उत्तीर्ण गरी प्राप्त गरेको हो । आरोपपत्र कपोकल्पित र झुट्टा हो । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मेरो उक्त प्रमाणपत्रहरूका सम्बन्धमा The Central Board of Higher Education, New Delhi मा सोधी सोही संस्थाबाट आएको जवाफका आधारमा नक्कली भनेको छ। जुन कुरा सरासर गलत छ। मलाई निराधार आरोपपत्रका आधारमा सजाय हुनुपर्ने होइन। आरोपपत्रबाट सफाइ पाउँ भन्नेसमेत व्यहोराको विशेष अदालतमा मिति २०६९।५।१३ मा गरेको बयान।

निजले प्राप्त गरेको प्रमाणपत्र प्रदान गर्ने संस्था सेन्ट्रल बोर्ड अफ हायर एजुकेसन न्यू दिल्ली अस्तित्वमा छ, छैन? भए प्रतिवादीको प्रमाणपत्र प्रमाणीकरण गराई जवाफ पठाई दिनु भनी आजै बयानसाथ प्रतिवादीले पेस गरेको कागजातको फोटोकपी साथै राखी उच्च माध्यामिक शिक्षा परिषद्, सानोठिमी भक्तपुरलाई लेखी पठाउनु भनी विशेष अदालतबाट मिति २०६९।५।१३ मा भएको आदेशबमोजिम उच्च माध्यामिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरको च.नं.आ.१७५ मिति २०६९।१०।१९ को पत्रसाथ संलग्न भारतीय विद्यालय शिक्षा बोर्ड मण्डल (Council of Board of School in India) Delhi को Ref. No. COBSE/c.99/2011, Date-28 December 2012 को पत्रको प्रमाणित प्रतिलिपि मिसिल सामेल रहेको।

प्रस्तुत मुद्दामा प्रतिवादीले पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्रको सम्बन्धमा यस अदालतबाट भएको आदेशबमोजिम उच्च माध्यामिक शिक्षा परिषद्, सानोठिमीको पत्रसाथ संलग्न भई यस अदालतमा प्राप्त हुन आएको Councils of Boards of School Education in India को पत्रबाट प्रतिवादीको प्रमाणपत्र झुट्टा हो भनी लेखी आएको नभई प्रतिवादीले प्रमाणपत्र प्राप्त गरेको भनेको संस्था Central Board of Higher Education, New Delhi उक्त Council of Boards of School Education in India को सदस्यता लिने संस्थाको list मा नभएको तथा भारत सरकारको Ministry of HRD द्वारा मान्यता दिइएको संस्थाहरूको सूचीमा समेत नभएको भनी लेखी आएकोसम्म देखिँदा प्रतिवादीले प्रमाणपत्र प्राप्त गरेको भनेको संस्था नै नक्कली हो भनी लेखी नआएको हुँदा उक्त संस्था नक्कली वा झुट्टा नभई मान्यता नदिएकोसम्मको अवस्था विद्यमान देखियो । मान्यता प्राप्त नहुनु र झुट्टा भन्ने कुरा फरक फरक कुरा हुन् । मान्यता प्राप्त नभएको भन्ने आधारमा मात्र प्रतिवादीले पेस गरेको प्रमाणपत्रलाई झुट्टा भन्न मिल्ने देखिएन । तसर्थ, प्रतिवादी प्रेमबहादुर जी कुँवर भन्ने प्रेमबहादुर कुँवरले सफाइ पाउने ठहर्छ भन्नेसमेत व्यहोराको विशेष अदालत, काठमाडौंको मिति २०६९।१२।२२ को फैसला।

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा बयानको क्रममा देखाइएका प्रमाणपत्रका प्रतिलिपि मेरै हुन् । उक्त प्रमाणपत्रहरू नियुक्ति एवं

बढुवा प्रयोजनको लागि २०३६ सालतिर दरखास्त फारामसाथ आफ्नो कार्यालयमा पेस गरेको छु भनी स्वीकार गरेको छ । पेस भएका प्रमाणपत्रहरू जारी गर्ने निकाय The Central Board of Higher Education, New Delhi लाई नेपालको निरीक्षण समितिको सचिवालय पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरले मान्यताप्राप्त समकक्षता निरीक्षणसम्बन्धी निर्णयहरूको सूचीमा समावेश नगरिएको भनी जवाफ पठाएको अवस्थामा प्रतिवादीलाई अभियोग माग दाबीबाट सफाइ दिने गरी विशेष अदालत, काठमाडौंबाट भएको फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरी सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पर्न आएको पुनरावेदन पत्र ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस भएको प्रस्तुत मुद्दाको पुनरावेदन संलग्न मिसिल अध्ययन गरी पुनरावेदक वादी तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री अर्जुनप्रसाद कोइरालाले प्रतिवादी प्रेमबहादुर कुँवरले बयानको क्रममा देखाइएका प्रमाणपत्र २०३६ साल तिर दरखास्त फारामसाथ नियुक्तिका लागि पेस गरेको हुँ भनी स्वीकार गरेको छ । उक्त प्रमाणपत्र जारी गर्ने निकाय The Central Board of Higher Education, New Delhi लाई नेपालको पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुरले मान्यता प्राप्त समकक्षता निरीक्षणसम्बन्धी निर्णयहरूको सूचीमा समावेश नगरिएको भनी जवाफ पठाएको आधार र कारणबाट ती प्रमाणपत्र नक्कली र झुट्टा भएको मानी प्रतिवादीलाई कसुरदार ठहर गर्नुपर्नेमा आरोपबाट सफाइ दिएको विशेष अदालतको फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरिपाउँ भनी गर्नुभएको बहस सुनियो ।

प्रतिवादी प्रेमबहादुर कुँवरले नेपाल टेलिकमअन्तर्गत आउट साइट टेक्निसियन पदमा सेवा प्रवेश गर्दा पेस गरेको The Central Board of Higher Education, New Delhi बाट जारी भएको वर्ष १९७७ क्रमाङ्क ११९० को High School उत्तीर्णको शैक्षिक योग्यताको प्रमाणपत्र भारतमा अस्तित्वमा नै नरहेको तथा नेपालको शैक्षिक बोर्डबाट समेत मान्यता नपाएको कारण झुट्टा देखिन आएकोले निजले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२, २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसुर गरेको देखिँदा निजलाई ऐ. ऐनबमोजिम सजाय गरिपाउँ भनी वादीले आरोपपत्रमा दाबी लिएको पाइन्छ । प्रतिवादीले पेस गरेको प्रमाणपत्र नक्कली नै हो भन्ने तथ्य प्रमाणित हुन नसकेको भनी भ्रष्टाचारको कसुरबाट सफाइ पाउने गरी विशेष अदालतबाट भएको फैसलाउपर अस्तित्व नै नरहेको बोर्डबाट जारी भएको प्रमाणपत्र पेस गरेको अवस्थामा पनि कसुरदार कायम नगरी सफाइ दिने ठहर गरेको विशेष अदालतको फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरिपाउँ भनी वादीले पुनरावेदनमा जिकिर लिएको पाइन्छ ।

विद्वान् उपन्यायाधिवक्ताको बहस एवं पुनरावेदन जिकिरसमेतलाई दृष्टिगत गरी झुट्टा शैक्षिक प्रमाणपत्र पेस गरी भ्रष्टाचारको कसुर गरेको भन्ने आरोपबाट प्रतिवादीले सफाइ पाउने ठहर गरी विशेष अदालतबाट भएको फैसला मिलेको छ, छैन र पुनरावेदन जिकिरबमोजिम हुने हो, होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

२. यसमा निर्णयतर्फ विचार गर्दा, प्रतिवादी प्रेमबहादुर कुँवरले अधिकारप्राप्त अधिकारी तथा विशेष अदालतसमक्ष समेत बयान गर्दा प्रमाणपत्र झुट्टा भन्ने कसुरमा इन्कारी रही सन् १९७७ मा प्राइभेट परीक्षार्थीको हैसियतले The Central Board of Higher Education, New Delhi को बम्बई परीक्षा केन्द्रबाट परीक्षा दिई माध्यामिक स्तरको प्रमाणपत्र प्राप्त गरेको हो । सो बोर्ड दिल्ली राज्य सरकारबाट सन् १९५६ मा मान्यता प्राप्त बोर्ड हो भनी जिकिर लिएको पाइन्छ । The Central Board of Higher Education, New Delhi बाट जारी भएको उक्त

प्रमाणपत्रका सम्बन्धमा अनुसन्धानका क्रममा उच्च माध्यामिक शिक्षा परिषद्, सानोठिमी भक्तपुरमार्फत पत्राचार गर्दा भारतको Central Board of Secondary Education (CBSE) ले उक्त The Central Board of Higher Education, New Delhi अस्तित्वमा नै नरहेको भनी जवाफ पठाएको देखिन आउँछ।

३. विशेष अदालतबाट प्रमाण संकलनका क्रममा नेपालको उच्च माध्यामिक शिक्षा परिषद्, सानोठिमी भक्तपुरमार्फत सोधपुछ गर्दा Council of Boards of Education, in India Delhi ले Ref. no. CBSE/C.99/2011 मिति 28 December of 2012 को पत्रमार्फत जवाफ पठाउँदा "On verification of the records maintained in COBSE office, we find that the name of the Central Boards of Higher Education, New Delhi does not appear in the list of members of COBSE nor in the list of recognized board of school Education of the ministry of HRD, Govt. of India. Therefore, the certificates issued by the Central Board of Higher Education, New Delhi cannot be given equivalence of for employment in Central state government organization or for pursuing higher studies" भनी उल्लेख भएको देखिन्छ । उक्त तथ्यले प्रतिवादीले High School तहको शैक्षिक योग्यता हासिल गरेको The Central Board of Higher Education, New Delhi भन्ने संस्था Council of Boards of School Education in India र भारतको Ministry of HRD बाट मान्यता पाएको संस्थाहरूको सूचीमा नभएको, उक्त संस्थाबाट जारी भएको प्रमाणपत्रहरूलाई केन्द्रीय तथा राज्य सरकारको सेवाको लागि मान्यता प्रदान नगरिएको र उच्च अध्ययनको लागि पनि अनुमति नदिइएको भनी उल्लेख गरेको देखिन आयो । तर, भारतको Council of Boards of School Education ले अस्तित्वमा नै नरहेको भनी आरोपपत्रमा उल्लेख गरेअनुसार The Central Board of Higher Education, New Delhi लाई हुँदै नभएको नक्कली संस्था हो भनी उल्लेख गर्न सकेको पाइँदैन।

४. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) मा "कुनै व्यक्तिले राष्ट्रसेवकको ओहदा पाउने वा सो ओहदामा बहाल रहने वा कुनै हैसियत, लाभ वा सुविधा पाउने उद्देश्यले शैक्षिक योग्यता, नाम, तीन पुस्ते, उमेर, जात, थर, ठेगाना, नागरिकता वा योग्यता वा अन्य कुनै कुराको झुट्टा विवरण दिएमा वा सोसम्बन्धी झुट्टा प्रमाणपत्र पेस गरेमा निजलाई कसुरको मात्राअनुसार ६ महिना देखि १ वर्षसम्म कैद वा दश हजार रूपैयाँदेखि बीस हजार रूपैयाँसम्म जरिवाना हुनेछ" भनी कानूनी व्यवस्था गरेको पाइन्छ । उक्त कानूनी व्यवस्थाले झुट्टा शैक्षिक योग्यताको प्रमाणपत्रसम्बन्धी भ्रष्टाचारको कसुर हुन लाभ वा सुविधा पाउने उद्देश्यले राष्ट्रसेवकले शैक्षिक योग्यता, नाम, तीन पुस्ते, उमेर, जात, थर, ठेगाना, नागरिकता वा योग्यता वा अन्य कुनै कुराको झुट्टा विवरण दिएको वा झुट्टा प्रमाणपत्र पेस गरेको हुनुपर्ने देखिन्छ।

५. यहाँ प्रतिवादीले Higher School स्तरको प्रमाणपत्र प्राप्त गरेको Central Board of Higher Education, New Delhi संस्था Council of Boards of School Education in India र Ministry of HRD बाट मान्यता दिइएको संस्थाहरूको सूचीमा नभएको भनी उल्लेखसम्म गरिएको देखिन्छ। तर, उक्त संस्था नै नक्कली, झुट्टा रहेको र पहिलेदेखि नै अस्तित्वमा नभएको भनी उल्लेख गर्नसकेको देखिएको छैन। यसबाट उक्त संस्था नक्कली वा झुट्टा नभई मान्यता नदिइएको भन्नेसम्मको स्थिति रहेको पाइयो । नक्कली प्रमाणपत्रको कसुर हुन आफूले

हासिल नगरेको योग्यता हासिल गरेको छु भनी झुट्टा शैक्षिक योग्यताको प्रमाणपत्र पेस गर्नुपर्ने हुन्छ । यहाँ प्रतिवादीले हासिल गरेको शैक्षिक योग्यता झुट्टा हो भन्ने स्पष्ट भनाई नभई शैक्षिक योग्यताको प्रमाणपत्र जारी गर्ने संस्थाले मान्यता नपाएको भन्नेसम्मको अवस्था छ। संस्थाले मान्यता नपाएको भन्ने आधारमा मात्र प्रतिवादीले पेस गरेको प्रमाणपत्रलाई झुट्टा भनी अदालतले अनुमान गरी भ्रष्टाचारको कसुरदार मान्न न्यायोचित हुने देखिएन।

६. तसर्थ, प्रतिवादी प्रेमबहादुर कुँवरले Higher School स्तरको नक्कली झुट्टा शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी भ्रष्टाचारको कसुर गरेको भन्ने आरोपबाट सफाइ पाउने ठहराई विशेष अदालत, काठमाडौंबाट मिति २०६९।१२।२२ मा भएको फैसला मिलेको हुँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.देवेन्द्र गोपाल श्रेष्ठ

इजलास अधिकृत : कपिलमणि गौतम
इति संवत् २०७२ साल माघ १० गते रोज १ शुभम्।

## निर्णय नं.९६३३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
फैसला मिति : २०७२।६।१२।३
०६९-CR-००१६

मुद्दा : जबरजस्ती करणी

पुनरावेदक / वादी : जिल्ला सुनसरी खनार गा.वि.स. वडा नं.५बस्ने राजेश कुमार (परिवर्तित नाम) को जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला सुनसरी खनार गा.वि.स.वडा नं.५ बस्ने राजु सरदार

- **क्षतिपूर्तिबापतको रकम निर्धारण गर्दा अपनाउनु पर्ने मनासिब मात्रासम्म फरक पर्नसक्ने तर क्षतिपूर्ति नै भराउनु नपर्ने भनी उक्त कानूनी व्यवस्थाको विश्लेषण र व्याख्या गर्न मिल्ने पनि हुँदैन । त्यस्तो क्षतिपूर्तिको निर्धारण गर्दा प्रतिवादीको उमेर, चलअचल सम्पत्ति वा आर्थिक अवस्थाले निर्धारण गर्ने नभई पीडितलाई पुग्न गएको शारीरिक, मानसिक अवस्था तथा कसुरको गम्भिर्यताका आधारमा निर्धारण हुने हुन्छ । क्षतिपूर्तिको मुख्य उद्देश्य पीडितको पूर्वावस्थाको प्राप्तिको समिपसँग सम्बन्धित हुने ।**

(प्रकरण नं.७)

- **बालबालिकासम्बन्धी ऐन, २०४८ ले नाबालकलाई कैद सजायमा छुट दिएको**

**ब्यवस्थालाई जबरजस्ती करणीको अपराधमा पीडकबाट पीडितलाई क्षतिपूर्ति भराउने कुरालाई पनि सजायकै रूपमा लिई छुट प्राप्त गर्दछ भन्ने अर्थ गर्न नमिल्ने।**

- **बालबालिकासम्बन्धी ऐनको व्यवस्थाले नाबालक प्रतिवादीलाई सजायमा केही छुट दिएकै आधारमा जबरजस्ती करणीको अपराधमा पीडित हुने बालिकाले पाउने मुनासिब क्षतिपूर्तिको हकबाट वञ्चित हुनु पर्ने भनी सो कानूनी व्यवस्थाको संकुचित अर्थ गर्दा बालबालिकाको अधिकारमा संकुचन आउन सक्ने सम्भावना रहन्छ। यसबाट पीडकले सजायमा छुट पाउने तर पीडितले क्षतिपूर्तिसमेत नपाउने अवस्थाको सृजना हुन गई बालबालिकाको सर्वोत्तम हितको लागि बनाएको बालबालिकासम्बन्धी ऐनको एकांकी र एकतर्फी व्याख्या गर्न मिल्ने पनि नहुने।**

(प्रकरण नं.८)

- **फैसलाबाट भरी पाउने ठहर गरेको क्षतिपूर्तिको रकम पीडितले प्राप्त गर्न नसकेमा ऐनको क्षतिपूर्ति भराउने उद्देश्यमा नै प्रश्नचिह्न लाग्ने हुन्छ। असक्षम तथा बालबालिकाहरूको संरक्षक अन्ततोगत्वा राज्य नै रहने parens patriae को सिद्धान्तसमेत रहेको परिप्रेक्ष्यमा यस्ता नाबालकबाट अपराध पीडितले प्राप्त गर्ने रकम राज्यको तर्फबाट उपलब्ध गराउँदा संविधानले बालबालिकाहरूलाई प्रत्याभूत गरेका हक अधिकारहरूको सम्मान हुन जाने तथा बालबालिकाहरूको सर्वोत्तम हित सुब्यवस्थित गराउन जारी भएका कानूनहरूको पनि उपयुक्त र प्रभावकारी सम्बोधन हुने देखिन्छ। यसरी जबरजस्ती करणी मुद्दामा पीडितले भरी पाउने ठहरेको क्षतिपूर्तिको रकम पीडक नाबालक वा असक्षम रहेको अवस्थामा पनि निजबाट नै भराउनु पर्ने भनी ऐनको संकुचित अर्थ गर्दा पीडितको क्षतिपूर्ति प्राप्त गर्ने हक कुण्ठित हुन जाने हुँदा सोसमेतलाई मध्यनजर गरी कानूनद्वारा तोकिएको क्षतिपूर्तिको रकम नेपाल सरकारबाट उपलब्ध गराउन उपयुक्त र न्यायसम्मतसमेत देखिने।**

(प्रकरण नं.१०)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता हरिशङ्कर ज्ञवाली

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट :

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- मुलुकी ऐन, जबरजस्ती करणीको १ नं., ऐ.३(१)
- बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३)

सुरू फैसला गर्ने :

जिल्ला न्यायाधीश श्री बालकृष्ण उप्रेती

पुनरावेदन तहमा फैसला गर्ने :

माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ

माननीय न्यायाधीश श्री शिवनारायण यादव

फैसला

**न्या.बैद्यनाथ उपाध्याय** : न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) अनुसार अदालतको क्षेत्राधिकारभित्रको रही दायर हुन आएको प्रस्तुत मुद्दाको तथ्य एवं निर्णय यसप्रकार रहेको छः-

मिति २०६६/१२/११ गते मेरो घरका ठूला मान्छेहरू घर बाहिर रहेको, नाबालिका छोरी

आशाकुमारी (परिवर्तित नाम) आफ्नै घरमा खेलिरहेको अवस्थामा प्रतिवादीले छोरीलाई बोलाई आफू बस्ने गरेको घरमा लगी जबरजस्ती करणी गरेको र सो कुरा छोरीमार्फत मेरो श्रीमतीले थाहा पाई मलाई भनेकोले मैले प्रतिवादीको घरमा गई उक्त कुराभन्दा प्रतिवादी र निजको भिनाजु नाताका मोहन सरदारले यो कुरा कसैलाई नभन्नु म तिम्रो छोरी जिम्मा लिन्छु भन्दै फकाई फुल्याई छोरीको उपचारको लागि भारत लानुपर्छ भन्दै म तथा मेरी छोरीलाई भारत लगी उपचार गराई भारतमै राखेकोमा म भारतबाट भाग्न सफल भई आज निज प्रतिवादीउपर आवश्यक कारवाही गरिपाउँ भन्ने राजेशकुमारको जाहेरी दरखास्त।

जि. सुनसरी खनार गा.वि.स. वडा नं. ५ स्थित राजु सरदार बस्ने गरेको भुइँतले घरको दक्षिणतर्फ कोठामा रहेको विस्तारामा पीडितलाई प्रतिवादीले जबरजस्ती करणी गरेको भन्ने घटनास्थल मुचुल्का।

मिति २०६६/१२/११ गते म घर नजिकै गाउँ घरका केटाकेटीसँग खेल्दै प्रतिवादी राजु सरदारको घरनजिक पुग्दा निज प्रतिवादी कोठामा टि.भि. हेर्दै बसिरहेको थिए। मैले झ्यालबाट चियाएर टि.भि. हेर्दा निज प्रतिवादीले मलाई समाई कोठामा छिराई टि.भि. को आवाज ठूलो बनाई निजको विस्तारामा सुताई मेरो सुरूवाल खोली गाला सुम्सुम्याउँदै निजले लगाएको पेन्ट खोली निजको लिङ्ग मेरो योनिमा घुसार्दै माथि चढि धकेल्दा मलाई पीडा भई रून कराउन थाल्दा मेरो गालामा निजले नङ्ग्राई घाउसमेत पारेको र केही छिन हल्लिएपछि मेरो रूवाईको कारण निजले छाडिदिए। पछि म घर गई उक्त कुरा आमालाई भनेकी हुँ भन्ने व्यहोराको पीडित आशाकुमारी (परिवर्तित नाम) को अनुसन्धानको क्रममा भएको कागज।

प्रतिवादी राजु सरदार मेरो सालो नाताका मानिस हुन्। निज सानैदेखि मेरो घरमा बस्दै आएका थिए। मिति २०६६/१२/११ गते सदा झैं म काम गर्न गएको अवस्थामा श्रीमतीसमेत हाट गएको र घरमा निज राजुमात्र थिए। साँझको समयमा म घर आउँदा जाहेरवाला र निजको श्रीमती मेरो घरमा आई राजुले मेरी छोरीलाई जबरजस्ती करणी गरी घाइते बनाएको भनी सुनाएपछि मैले निज राजु सरदारको खोजी गर्दा निज आमाको घरतर्फ गइसकेको र पीडितको भनाईसमेतबाट निज प्रतिवादीले पीडितउपर जबरजस्ती करणी गरेको थाहा पाएको हुँ। निजले उक्त कार्य गरेकोमा मलाई विश्वास लाग्छ भन्नेसमेत व्यहोराको बुझिएका मोहन सरदारको अनुसन्धानको क्रममा भएको कागज।

मिति २०६६/१२/११ गते मेरो श्रीमान् काम गर्न गएको र म पनि बिजुलीको बिल तिर्न गएकी थिएँ। ११ बजेतिर घर फर्की आउँदा छोरी आशाकुमारीलाई नदेखेकोले खोजी गर्दा प्रतिवादी राजु सरदारको घरतर्फबाट हातमा सुरूवाल बोकी रूँदै आएको देखी सोधपुछ गर्दा आफूलाई राजु सरदारले निजको कोठामा लगि जबरजस्ती करणी गरेको कुरा बताएको र छोरीको योनि हेर्दा रगतसमेत आएको देखिएकोले निज प्रतिवादीले पीडितउपर जबरजस्ती करणी गरेको प्रस्ट भएको हो भन्नेसमेत व्यहोराको पीडितको आमा सीता सरदारको अनुसन्धानको क्रममा भएको कागज।

मिति २०६६/१२/११ गते दिउँसो भिनाजु नाताका मोहन सरदार काममा गएको, निजकी श्रीमती र केटाकेटीसमेत घरमा नभएकोले म टि.भि. हेरिरहेको थिएँ। यस्तैमा पीडित झ्यालनजिक आई चियाएर टि.भि. हेरेको देखी आज यसलाई जबरजस्ती करणी गर्छु भन्ने सोची निजलाई टि.भि. हेर्न आइज भन्दै ईसारा गरेपश्चात् पक्री झ्यालैबाट भित्र तानी खाटमा सुताई करणी गर्न दे भन्दा निजले नमानेपछि निजलाई गाली गलौज धाक धम्की तथा फकाउँदै योनिमा हातको औंला पसाउँदा करणी गर्न इच्छा भई निजलाई जबरजस्ती करणी गरेको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी राजु सरदारको अधिकारप्राप्त अधिकारीसमक्ष

भएको बयान।

मिति २०६६/१२/११ गते प्रतिवादी राजु सरदारले पीडित आशाकुमारीलाई प्रतिवादीको कोठामा झ्यालबाट टि.भि. हेरी रहेको अवस्थामा झ्यालबाटै पीडितलाई तानी कोठाको खाटमा सुताई जबरजस्ती करणी गरेको कुरा सुनी थाहा पाएको हो भन्नेसमेत व्यहोराको कमल सरदारसमेतले लेखाई दिएको वस्तुस्थिति मुचुल्का।

मिसिल संलग्न जाहेरी दर्खास्त, घटनास्थल मुचुल्का, प्रतिवादीको बयान, पीडितको स्वास्थ्य परीक्षण रिपोर्ट, पीडितको कागज, बुझिएका मानिसहरू एवं वस्तुस्थिति मुचुल्काका मानिसहरूको भनाइसमेतका आधार प्रमाणहरूबाट प्रतिवादी राजु सरदारले पीडित आशाकुमारी (नाम परिवर्तित) लाई जबरजस्ती करणी गरेको पुष्टि हुन आई निजले जबरजस्ती करणीको महलको दफा १ र ३(१) नं. को कसुर गरेको प्रमाणित भएको हुँदा निजलाई ऐ. महलको ३(१) नं. बमोजिम सजाय गरी ऐ.१० नं. बमोजिम पीडितलाई प्रतिवादीबाट उचित क्षतिपूर्ति दिलाई भराई पाउनका साथै प्रतिवादी राजु सरदारको उमेर १५ वर्षको भन्ने बयान र जन्मदर्तासमेतबाट देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम हुन मागदाबी लिई पेस भएको अभियोग पत्र।

जाहेरवालालाई चिन्दिन । जाहेरवालाको मेरो आमासँग झगडा परेको कारणले मलाई फसाउन जाहेरी दिएका हुन् । मैले पीडितलाई केही गरेको छैन। केटीलाई निजको आमा बाबुले सिकाई केटीले आफैँ योनिमा औला पसाई रगत आई घाउ भएको हुन सक्छ । अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान कुट्छ होला भनी डरले गरेको हुँ। वस्तुस्थिति मुचुल्काका मानिसहरूले किन त्यसो भने मलाई थाहा छैन। मलाई अभियोग दाबीबमोजिम सजाय हुने होइन भन्नेसमेत व्यहोराको प्रतिवादीले अदालतमा गरेको बयान।

नाबालकको घटना अगाडि पछाडिको शारीरिक, मानसिक तथा संवेगात्मक अवस्था पारिवारिक पृष्ठभूमी, साथी सङ्गत हुर्काइएको इतिहास, बालकको आवश्यकता, चाहना, आर्थिक अवस्था, समाज र परिवारको बालकप्रतिको दृष्टिकोण र घटनाबाट सृजित तत्कालिन अवस्थाको साथै मिसिल संलग्न तथ्य प्रमाणहरूको मनोवैज्ञानिक पक्षको अध्ययन गर्दा निजको उमेर परिपक्क नभई सकेको, परिवारमा आमा छोरा मात्र रहेको, आमा असक्त भएकोले भिनाजुसँग बस्दै आएको, निम्न आर्थिक अवस्थाका कारण रिलाइन्स उद्योगमा काम गर्दै आएको देखिन्छ । निजको जिज्ञासा एवं कैतुहलताको कारण यो घटना घटेको देखिन्छ । नाबालकमा सामाजिक तथा कानूनी मर्यादा पालना गर्दै आफ्नो अध्ययन पूरा गरी सामान्य नागरिकसरह भविष्यमा निर्माण गर्ने प्रवल इच्छा भएको कारण निज बालकलाई उचित वातावरणमा अध्ययन गराई सुनौलो भविष्य निर्माण गरी अगाडि बढ्ने अवसर दिनु सान्दर्भिक देखिन्छ भन्ने व्यहोराको बाल मनोविज्ञ छत्रमणि न्यौपानेको राय प्रतिवेदन।

प्रतिवादीले बालिकामाथि जबरजस्ती करणी गरेको देखिन्छ। यसबाट बाल बिज्याईं गर्नुपर्ने मुख्य कारणको रूपमा परिवार तथा समाजबाट अपहेलित हुनु, गरिब हुनु, माया ममता नपाउनु, आर्थिक पक्ष कमजोर हुनु, नैतिक शिक्षाको कमी समष्टिगतरूपमा हेर्दा सबै पक्ष कमजोर भएकै कारण यस्तो परिस्थिति सृजना भएको भन्नेसमेत व्यहोराको समाजसेवी जया पोखरेलको राय।

७ वर्षकी पीडितको स्वास्थ्य परीक्षण गराउँदा कन्या जाली च्यातिएको भनी वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट प्रतिवेदन प्राप्त हुनुको साथै वारदातको अवस्थामा लगाएको सुरूवाल परीक्षण गर्न पठाइएकोमा "मानव वीर्य" पाइएको भनी केन्द्रीय प्रहरी विधी विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदन मिसिल

सामेल रहेकोसमेतका प्रमाणबाट प्रतिवादीले आशा कुमारी (परिवर्तित नाम) लाई जबरजस्ती करणी गरेको ठहर्छ । प्रतिवादी १४ वर्षको नाबालक देखिएकोले निजलाई जबरजस्ती करणीको महलको ३(१) नं. ले हुने सजायमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा १३(१) नं.ले हुने सजायको बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम आधा ५ वर्ष कैदको सजाय हुने ठहर्छ भन्नेसमेत व्यहोराको सुनसरी जिल्ला अदालतको मिति २०६७/१०/६/५ को फैसला।

मुलुकी ऐन, जबरजस्ती करणीको महलको १० नं. मा जबरजस्ती करणी गरेको ठहरेमा अदालतले त्यस्तो महिलालाई भएको शारीरिक वा मानसिक क्षति विचार गरी मनासिब ठहराएबमोजिमको क्षतिपूर्ति कसुरदारबाट भराई दिनुपर्नेछ भन्ने कानून व्यवस्थाको विद्यामानतामा प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति भराई रहनु परेन भनी गरिएको सुरू फैसला कानूनी त्रुटि रहेकोले बदर गरी प्रतिवादीबाट पीडितलाई उचित क्षतिपूर्तिसमेत दिलाई पाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको पुनरावेदन पत्र।

प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेमा अदालतसमक्ष इन्कार रहे तापनि मौकामा साबित रही बयान गरेको र मौकाको साबितीलाई पुष्टि हुने गरी आफूलाई प्रतिवादीले जबरजस्ती करणी गरेको भनी किटानीरूपमा तथ्ययुक्त तबरले पीडित आसा कुमारी (नाम परिवर्तित) ले अदालतसमक्ष बकपत्र गरिदिएको समेतका आधारमा प्रतिवादी राजु सरदारले पीडितलाई जबरजस्ती करणी गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. बमोजिमको कसुरगरेको ठहर्‍याई सोही महलको ३(१) नं. बमोजिम हुने सजायमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम आधा ५ (पाँच) वर्ष कैदको सजाय हुने र प्रतिवादीले मौकामा र अदालतमा समेत बयान गर्दा ५ धुर घडेरी रहेको र आफ्नो मजदुरीबाट आय आर्जनसमेत गर्दै आएको तथ्यलाई स्वीकार गरेबाट अभियोग मागदाबीबमोजिम पीडितलाई उचित क्षतिपूर्ति दिलाई भराई दिनुपर्ने भनी लिएको जिकिरको हकमा विचार गर्दा ५ धुर जग्गा प्रतिवादीको छ भन्ने कुरा मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि हुन नआउनुको अतिरिक्त १५ वर्षको नाबालक प्रतिवादीले आफ्नो जिविका चलाउनको लागि मजदुरीको काम गर्ने गरेको र निजको आफ्नो वासस्थान नभएको कारणले गर्दा आफ्नो दिदी भिनाजुको घरमा बस्न बाध्य भएको देखिन आएको स्थितिमा यी प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति भराई दिनु औचित्यहीन देखिँदा सो पुनरावेदन जिकिर पुग्न नसकी क्षतिपूर्तितर्फको अभियोग दाबी पुग्न नसक्ने ठहर्‍याई सुरू सुनसरी जिल्ला अदालतबाट मिति २०६७/१०/६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८/७/१ को फैसला।

यसमा प्रतिवादी राजु सरदारले पीडितउपर जबरजस्ती करणी गरेको तथ्य स्थापित भई कसुर कायम भई सजायसमेत भइसकेको अवस्था पीडितलाई अनिवार्यरूपमा क्षतिपूर्ति भराई दिनुपर्ने कानूनी व्यवस्थाको विपरीत आर्थिक आर्जन गर्न नसक्ने भन्ने आधारमा क्षतिपूर्ति भराउन नपर्ने गरी भएको फैसला त्रुटिपूर्ण छ। क्षतिपूर्तिको निर्धारण प्रतिवादीको आर्थिक आर्जन गर्न सक्ने नसक्ने आधारमा निर्धारण हुने नभई पीडितलाई पुगेको शारीरिक, मानसिक, मनोवैज्ञानिक एवं सामाजिक जीवनको विभिन्न पक्षमा परेको असरलाई आधार मानी निर्धारण हुनुपर्दछ । अतः जबरजस्ती करणी ठहर गरी पीडितले क्षतिपूर्ति नपाउने ठहर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८/७/१ को फैसला न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)(क)(ख) बमोजिम दोहोर्‍याई हेरिपाउँ भन्ने वादी नेपाल सरकारको यस अदालतमा परेको निवेदन।

यसमा जबरजस्ती करणीको महलको १० नं. बमोजिम पीडित महिलाको शारीरिक र मानसिक क्षति विचार गरी क्षतिपूर्ति भराई दिने बाध्यात्मक कानूनी व्यवस्था भएकोमा कानूनमा उल्लेख नभएको प्रतिवादीको आर्थिक अवस्था विचार गरी क्षतिपूर्ति नभराउने ठहर्‍याएको पुनरावेदन अदालत, विराटनगरको फैसला मुलुकी ऐन, जबरजस्ती करणीको महलको १० नं. को व्याख्यात्मक त्रुटि विद्यमान हुनुका साथै यस अदालतबाट ने.का.प. २०६७ अंक ११ नि.नं.५४९४ पृष्ठ ८१०२ को फैसलाबाट प्रतिपादन भएको सिद्धान्तसमेत प्रतिकूल रहेकोले न्याय प्रशासन ऐन, २०४८ दफा १२(१)(क)(ख) बमोजिम मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गरिएको छ भन्ने यस अदालतको मिति २०६९/३/३१ को आदेश।

नियमबमोजिम पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनसहितका सुरू मिसिल अध्ययन गरी पुनरावेदक नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री हरिशङ्कर ज्ञवालीले जबरजस्ती करणीको कसुर स्थापित भई सजायसमेत भइसकेको अवस्थामा पीडितले प्राप्त गर्ने क्षतिपूर्तिको निर्धारण गर्दा प्रतिवादीको सम्पत्ति वा आयआर्जनका आधारमा नभई पीडितलाई पुग्न गएको मानसिक, मनोवैज्ञानिक, सामाजिक तथा शारीरिक क्षति र असरलाई आधार मानी क्षतिपूर्तिको निर्धारण गरिनु पर्दछ । कसुरदार बालबालिका भएको कारणले मात्र पीडित क्षतिपूर्ति पाउने हकबाट वञ्चित हुनुपर्ने होइन। अतः पीडितलाई मनासिब क्षतिपूर्तिसमेत भराउनु पर्दछ भनी गर्नुभएको बहससमेत सुनियो।

उपरोक्त बहस तथा प्रस्तुत पुनरावेदन पत्रसहितका मिसिल संलग्न कागजातहरूको अध्ययन गरी हेर्दा यसमा जबरजस्ती करणीको वारदात ठहर भई प्रतिवादीलाई सजायसमेत निर्धारण भइसकेपछि पीडकबाट पीडितलाई क्षतिपूर्ति भराई दिनुपर्ने हो होइन ? क्षतिपूर्ति भराउनु नपर्ने गरी पुनरावेदन अदालत, विराटनगरको फैसला मिलेको छ छैन? सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा प्रतिवादी राजु सरदारले नाबालिकालाई घरमा खेलिरहेको अवस्थामा आफ्नो कोठामा बोलाई जबरजस्ती करणी गरेको वारदात पुष्टि भइरहेको हुँदा प्रतिवादी राजु सरदारलाई मुलुकी ऐन, जबरजस्ती करणीको १ र ३(१) नं. को कसुरमा ऐ. ३(१) नं. बमोजिम सजाय गरी ऐ. १० नं. बमोजिम प्रतिवादीबाट पीडितलाई क्षतिपूर्तिसमेत दिलाई पाउन माग दाबी लिई अभियोगपत्र दायर भएको पाइन्छ।

३. प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा मिति २०६६/१२/११ गते घरमा कोही नभएको, आफू टि.भी. हेरेर बसिरहेको अवस्थामा १२ बजेको समयमा छिमेकी जाहेरवालाकी छोरी आशा कुमारी (परिवर्तित नाम) झ्यालबाट चियाएर टि. भी. हेरिरहेको अवस्थामा निजलाई करणी गर्ने इच्छा भई टि.भी. को आवाज ठूलो बनाई झ्यालबाट नै पीडितलाई तानेर कोठामा ल्याएँ। कोठाको खाटमाथि उत्तानो पारी पीडितलाई सुताई निजले लगाएको सुरूवाल पूरै खोली निजको योनि हातले खेलाई दिँदा मेरो पनि लिङ्ग उत्तेजित भएकोले आफूले लगाएको पेन्ट र कट्टु आधा खोली उत्तेजित लिङ्ग योनिमा छिराउँदा आधासम्म लिङ्ग योनिभित्र छिर्‍यो । उनी चिच्याइन् । टि.भी. को आवाज ठूलो भएकोले निजको आवाज बाहिर सुनिएन। मैले २/३ पटक आफ्नो लिङ्गलाई पीडितको योनि तथा तिघ्रामा घर्षण गरेपछि वीर्य खस्यो । विस्तरामा पनि उक्त वीर्य लाग्यो। त्यसपछि पीडित रूँदै घरतर्फ गएकी हुन् भनी वारदातको सिलसिलेवार वर्णन गरी बयान गरिदिएको पाइन्छ।

४. निजको उक्त साबिती सीता सरदारले गरिदिएको घटना विवरण कागज, पीडिताले गरेको मौकाको कागजसमेतबाट पुष्टि भइरहेको देखिन्छ । अदालतसमक्षको बयानमा प्रतिवादी

आरोपित कसुरमा पूर्णत इन्कारी रही बयान गरेको भए तापनि निजको उक्त इन्कारी पुष्टि हुन सकेको देखिँदैन । पीडितको सुरूवालमा "Human semen was detected" भनी परीक्षण प्रतिवेदनमा उल्लेख भएको र मौकाको प्रतिवादीको साबितीलाई पुष्टि हुने गरी आफूलाई प्रतिवादीले जबरजस्ती करणी गरेको भनी किटानी र तथ्ययुक्त तवरले पीडित आशा कुमारीले अदालतसमक्ष बकपत्रसमेत गरिदिएको पाइन्छ । प्रतिवादीलाई जबर्जस्ती करणी जस्तो संगीन अपराधको आरोप लगाउनुपर्ने अन्य कुनै कारण रहेको भनी प्रतिवादीले जिकिर लिन तथा मिसिल संलग्न प्रमाण कागजातहरूबाट अन्यथा प्रमाणित हुन सकेको अवस्थासमेत देखिँदैन ।

५. उपरोक्त तथ्य तथा मिसिल संलग्न प्रमाण कागजातहरूबाट प्रतिवादी राजु सरदारले पीडित नाबालक आशाकुमारीलाई जबरजस्ती करणी गरेको कसुर अपराध पुष्टि हुन आएकोले निजलाई मुलुकी ऐन, जबरजस्ती करणीको १ नं. बमोजिमको कसुरमा ऐ. ३(१) नं. बमोजिम सजाय हुनुपर्नेमा वारदात मितिमा निजको उमेर १५ वर्षको मात्र देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम ५ वर्ष कैदको सजाय हुने ठहर गरी पुनरावेदन अदालत, विराटनगरले गरेको फैसलालाई अन्यथा भन्नुपर्ने देखिँदैन । उक्त फैसलामा प्रतिवादीले पुनरावेदनसमेत नगरी चित्त बुझाई बसेको देखिँदासमेत सो सम्बन्धमा केही विचार गरिरहनु परेन ।

६. अब प्रतिवादीलाई जबरजस्ती करणीको कसुर कायम भई सजाय भइसकेको अवस्थामा पीडितालाई मुलुकी ऐन, जबरजस्ती करणीको १० नं. बमोजिम मनासिब क्षतिपूर्ति पीडकबाट भराई दिनुपर्ने भन्ने पुनरावेदन जिकिरको सम्बन्धमा विचार गर्दा त्यस्तो क्षतिपूर्ति पीडित महिलालाई पुग्न गएको शारीरिक वा मानसिक क्षति विचार गरी मनासिब ठहराएबमोजिम कसुरदारबाट भराई दिनुपर्ने देखिन्छ । क्षतिपूर्तिको निर्धारण गर्दा कसुरको गम्भीर्यता, कसुरदारबाट पीडित व्यक्तिको मृत्यु भइसकेको रहेछ भने निजमा आश्रित नाबालक छोराछोरी भए निजहरूलाई पर्न गएको पीडासमेत विचार गरी निर्धारण गर्नुपर्ने हुन्छ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । यसबाट जबरजस्ती करणीको वारदातमा कसुरदार कायम भएको अवस्थामा प्रतिवादीबाट अनिवार्यरूपले पीडितलाई क्षतिपूर्ति भराई दिनुपर्दछ भन्ने उक्त कानूनको उद्देश्य रहेको देखिन्छ ।

७. त्यस्तो क्षतिपूर्ति बापतको रकम निर्धारण गर्दा अपनाउनु पर्ने मनासिब मात्रासम्म फरक पर्नसक्ने तर क्षतिपूर्ति नै भराउनु नपर्ने भनी उक्त कानूनी व्यवस्थाको विश्लेषण र व्याख्या गर्न मिल्ने पनि हुँदैन । त्यस्तो क्षतिपूर्तिको निर्धारण गर्दा प्रतिवादीको उमेर, चलअचल सम्पत्ति वा आर्थिक अवस्थाले निर्धारण गर्ने नभई पीडितलाई पुग्न गएको शारीरिक, मानसिक अवस्था तथा कसुरको गम्भिर्यताका आधारमा निर्धारण हुने हुन्छ । क्षतिपूर्तिको मुख्य उद्देश्य पीडितको पूर्वावस्थाको प्राप्तिको समिपसँग सम्बन्धित हुन्छ ।

८. बालबालिकासम्बन्धी ऐन, २०४८ ले नाबालकलाई कैद सजायमा छुट दिएको ब्यवस्थालाई जबरजस्ती करणीको अपराधमा पीडकबाट पीडितलाई क्षतिपूर्ति भराउने कुरालाई पनि सजायकै रूपमा लिई छुट प्राप्त गर्दछ भन्ने अर्थ गर्न मिल्दैन । बालबालिकासम्बन्धी ऐनको व्यवस्थाले नाबालक प्रतिवादीलाई सजायमा केही छुट दिएकै आधारमा जबरजस्ती करणीको अपराधमा पीडित हुने बालिकाले पाउने मुनासिब क्षतिपूर्तिको हकबाट वञ्चित हुनुपर्ने भनी सो कानूनी व्यवस्थाको संकुचित अर्थ गर्दा बालबालिकाको अधिकारमा संकुचन आउन सक्ने सम्भावना रहन्छ । यसबाट पीडकले सजायमा छुट पाउने तर पीडितले क्षतिपूर्तिसमेत नपाउने अवस्थाको सृजना हुन गई बालबालिकाको सर्वोत्तम हितको लागि

बनाएको बालबालिकासम्बन्धी ऐनको एकाङ्की र एकतर्फी व्याख्या गर्न मिल्ने पनि हुँदैन ।

९. जबरजस्ती करणीको वारदातमा कसुरदार ठहर भई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ बमोजिम नाबालकको हकमा सजायमा छुट वा कमी गर्ने गरेको तर कसुरदारबाट पीडितलाई भराई दिनुपर्ने क्षतिपूर्तिको हकमा छुट दिने व्यवस्था उक्त ऐनले गरेको देखिँदैन । प्रतिवादी नाबालक रहेको भन्ने आधारमा पीडितले प्राप्त गर्ने क्षतिपूर्तिबाट उन्मुक्ति दिने अवस्था उक्त ऐनले गरेको देखिँदैन । तसर्थ क्षतिपूर्ति भराई दिन नपर्ने ठहराई पुनरावेदन अदालत, विराटनगरबाट २०६८।७।१ मा भएको फैसला केही उल्टी भई पीडित नाबालिका परिवर्तित नाम आशा कुमारीलाई रू. १०००००/- (एक लाख) क्षतिपूर्ति भराई दिने ठहर्छ ।

१०. प्रस्तुत मुद्दाको सन्दर्भमा पीडक स्वयम् नाबालक रहेको देखिन्छ । निजको र परिवारको समेत पर्याप्त चल अचल सम्पत्ति रहेको देखिँदैन । प्रतिवादी स्थानीय फ्याक्ट्रिमा काम गर्ने कामदार रहेकोसमेतबाट क्षतिपूर्तिको रकम प्रतिवादीबाट असुलउपर हुन सक्ने अवस्था देखिँदैन । फैसलाबाट भरी पाउने ठहर गरेको क्षतिपूर्तिको रकम पीडितले प्राप्त गर्न नसकेमा ऐनको क्षतिपूर्ति भराउने उद्देश्यमा नै प्रश्नचिह्न लाग्ने हुन्छ । असक्षम तथा बालबालिकाहरूको संरक्षक अन्ततोगत्वा राज्य नै रहने parens patriae को सिद्धान्तसमेत रहेको परिप्रेक्षमा यस्ता नाबालकबाट अपराध पीडितले प्राप्त गर्ने रकम राज्यको तर्फबाट उपलब्ध गराउँदा संविधानले बालबालिकाहरूलाई प्रत्याभूत गरेका हक अधिकारहरूको सम्मान हुन जाने तथा बालबालिकाहरूको सर्वोत्तम हित सुब्यवस्थित गराउन जारी भएका कानूनहरूको पनि उपयुक्त र प्रभावकारी सम्बोधन हुने देखिन्छ । यसरी जबरजस्ती करणी मुद्दामा पीडितले भरी पाउने ठहरेको क्षतिपूर्तिको रकम पीडक नाबालक वा असक्षम रहेको अवस्थामा पनि निजबाट नै भराउनु पर्ने भनी ऐनको संकुचित अर्थ गर्दा पीडितको क्षतिपूर्ति प्राप्त गर्ने हक कुण्ठित हुन जाने हुँदा सोसमेतलाई मध्यनजर गरी कानूनद्वारा तोकिएको क्षतिपूर्तिको रकम नेपाल सरकारबाट उपलब्ध गराउन उपयुक्त र न्यायसम्मतसमेत देखिन्छ । तसर्थ पीडित आशा कुमारीले भरी पाउने ठहरेको क्षतिपूर्तिबापतको रू. एक लाख नेपाल सरकारको तर्फबाट उपलब्ध गराउन सम्बन्धित निकायमा लेखी पठाउनु । अरूमा तपसिलबमोजिम गर्नू ।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादीलाई कैद सजाय गरेको हदसम्म पुनरावेदन अदालत, विराटनगरको फैसला सदर भई पीडितलाई क्षतिपूर्ति नभराउने हदसम्म केही उल्टी भई नेपाल सरकारबाट पीडितलाई रू. १,००,०००/- (एक लाख) क्षतिपूर्ति भराई दिने ठहरी फैसला भएकोले सो रकम भराई पाउँ भनी पीडितको दरखास्त परे नेपाल सरकारबाट भराई दिनु भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाई दिनू ........................................................१

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ..................................२

उक्त रायमा सहमत छु ।
न्या.जगदीश शर्मा पौडेल

इजलास अधिकृत (शा.अ.) : तीर्थराज भट्टराई
इति संवत् २०७२ साल असोज १२ गते रोज ३ शुभम् ।

## निर्णय नं.९६३४

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
आदेश मिति : २०७२।९।८।४
०६९-WO-०२३८

मुद्दा : उत्प्रेषण / परमादेश

निवेदक : जिल्ला कपिलवस्तु दुविया गा.वि.स. वडा नं.३ घर भई हाल जिल्ला स्वास्थ्य कार्यालय, कपिलवस्तुमा कार्यरत विष्णुप्रसाद पौडेलसमेत

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को, कार्यालय, काठमाडौंसमेत

- **अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ मा आयोगको क्षेत्राधिकार सम्बन्धमा व्यवस्था गरिएको छ, जसमा उजुरीउपर अनुसन्धान र तहकिकात गरी मुद्दा दायर गर्ने व्यवस्था छ भने दफा ६ मा सार्वजनिक संस्थामा भएको अनुचित कार्यको सम्बन्धमा छानबिन गरी कारवाही गर्ने व्यवस्था समेटिएको छ । दफा ८ मा अनुचित कार्यसम्बन्धी उजुरी र दफा ११ मा विभागीय कारवाहीसम्बन्धी व्यवस्था गरिएको छ । त्यसैगरी दफा १२ मा विभागीय कारवाहीको लागि लेखी पठाउने तथा दुष्परिणाम सच्याउने आदेश दिन सकिने भन्ने व्यवस्था रहेको देखिन्छ। तर निवेदकहरूले कानूनसम्मतरूपले प्राप्त गरेको पदस्थापना बदर गराउने आदेश दिन सक्ने व्यवस्था उक्त ऐनमा कहिँकतै रहेभएको नदेखिने।**

(प्रकरण नं.२)

- **राज्यका हरेक निकायहरूबाट भएका काम कारवाही र निर्णयहरू कानूनसम्मत रूपमा सम्पन्न हुनुपर्दछ । त्यस्ता निकायबाट सम्पन्न भएका काम कारवाही तथा निर्णयहरूको कानूनी आधार र औचित्यतासमेत पुष्टि भएको हुनुपर्दछ । कानूनी आधार र औचित्य पुष्टि नहुने काम कारवाही तथा निर्णयहरूले बैधता प्राप्त गर्न नसक्ने।**
- **अख्तियारप्राप्त व्यक्ति वा निकायले गरेको निर्णयमा निजले उक्त अधिकारको स्वेच्छाचारीरूपमा प्रयोग गरेको वा प्रस्ट आधार र कारण नखुलाई निर्णय गरेको अवस्थामा बाहेक त्यस्तो निर्णयको वैधानिकतामा प्रश्न उठाउन मिल्ने देखिँदैन। कानूनले कुनै विषयमा निर्णय गर्ने अधिकार कुनै पदाधिकारी वा निकायलाई प्रदान गर्दछ भने त्यस्तो विषयमा निर्णय गर्ने अधिकारको प्रयोग स्वतन्त्ररूपले त्यस्तो अधिकारी वा निकायले प्रयोग गर्न सक्ने नै हुन्छ । कानूनप्रदत्त अधिकारको प्रयोगको सम्बन्धमा अन्य निकायको नियन्त्रण वा निर्देशन वाञ्छनीय हुन नसक्ने।**

(प्रकरण नं.३)

- **निवेदकहरूको पदस्थापनको सम्बन्धमा साधिकार निकायबाट भएको निर्णयलाई विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कुनै कानूनमा आधारित नभई आफ्नो क्षेत्राधिकारसमेतको बेवास्ता गरी मनोगतरूपमा निर्देशन जारी गरेको देखिँदा त्यस्तो क्षेत्राधिकारविहीन निर्देशनका**

**आधारमा निवेदकहरूलाई एक पटक पदस्थापन गरिसकेको विषयलाई सोही निकायले पुनरावलोकन गरी निजहरूको रोजगारीको हकमा असर पर्ने गरी प्राकृतिक न्यायको सिद्धान्तविपरीत सुनुवाईको मौकासमेत प्रदान नगरी निजहरूको पदस्थापना बदर गर्ने विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य सेवा विभागबाट भएको निर्णय तथा सोही निर्णयका आधारमा भएका पत्राचारहरू कानूनसम्मत रहेको भनी मान्न मिल्ने नदेखिने।**

(प्रकरण नं.४)

- **एक पटक विभागीय निर्णयबाट पदस्थापना भई सेवा सुविधा प्रदान गरी कामकाज गरी आएका निवेदक सि.अ.हे.ब.हरूलाई कानूनबमोजिमको आधार र कारणबिना प्रदान गरिसकेको हक र सुविधालाई कटौती गर्दा उचित आधार र कारण खुलाउनै पर्ने हुन्छ। त्यस्तो प्राप्त गरिसकेको सेवा सुविधाको कटौती गर्ने निर्णयमा निजहरूको मन्जुरी लिएको वा असर पर्ने पक्षलाई पर्याप्त सुनवाईको अवसरसमेत प्रदान गरेको हुनुपर्दछ र त्यसरी सुनवाईको मौका दिइएको थियो भन्ने स्पस्ट देखिनु पर्ने।**

(प्रकरण नं.५)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता शेरबहादुर के.सी. तथा विद्वान् अधिवक्ता रामचन्द्र पौडेल

विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता राम घिमिरे

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४, ६, ८, ११
- स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ख

आदेश

**न्या.जगदीश शर्मा पौडेल :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२, १०७(२) नं. बमोजिम परेको प्रस्तुत निवेदनको संक्षिप्त विवरण यसप्रकार छः-

हामी निवेदक तत्कालीन श्री ५ को सरकारको निर्णयबमोजिम निजामती सेवा ऐन, २०४९ को दफा ३ र ४ बमोजिम राजपत्र अनङ्कित (प्रा.) द्वितीय श्रेणी अ.हे.व. पदमा सेवा प्रवेश गरी कार्यरत रहेका कर्मचारीहरू हौं। हाम्रो तहअनुसारको पदनाम दिन इन्कार गरिएकोमा मिति २०६२।५।२१, मिति २०६३।१२।२९ मा सम्मानित सर्वोच्च अदालतबाट एवम् मिति २०६४।८।१२ समेतको पुनरावेदन अदालत, पाटनको फैसलापश्चात् मात्र मिति २०६४।३।११, मिति २०६४।१०।२, मिति २०६४।१०।३ देखि सिनियर अ.हे.व. को पदनाम दिएको भए पनि सोअनुरूपको जिम्मेवारी र हैसियत नदिई पाँचौं तहमा नै काम लगाई राखिएको हुँदा हामी निवेदकहरूले प्राप्त पदनामअनुसारको पदमा पदस्थापन गरी पदीय हैसियत र जिम्मेवारीसमेत उपलब्ध गराई पाउँ भनी विभिन्न समयमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागसमक्ष अनुरोध गरेकोले मिति २०६५।४।७ को नेपाल सरकार माननीय मन्त्रिस्तरको निर्णयानुसार नेपाल स्वास्थ्य सेवाका सहायक छैटौ तहको सि.अ.हे.व. पदमा पदस्थापन भई कार्यरत रही आएका थियौं। यस्तैमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६५।९।९ को पत्रबाट लेखी आएको भनी विपक्षी स्वास्थ्य सेवा

विभागको मिति २०६९।४।३२ को निर्णयानुसार हामीलाई सि.अ.हे.व. पदमा गरिएको पदस्थापन बदर गरिएको हुँदा हाम्रो पद स्वतः अ.हे.ब. (पदनाम) कायम भएको व्यहोराको स्वास्थ्य सेवा विभागले मिति २०६९।५।६ मा निर्णय गरी मिति २०६९।५।८ गते गरेको पत्राचार गैरकानूनी एवम् गैर संवैधानिक भएकाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) अन्तर्गत यो रिट निवेदन लिई उपस्थित भएका छौं।

विपक्षी स्वास्थ्य सेवा विभागको मिति २०६९।५।८ को च.नं. ३८३, ३८९, ३७७, १८५, ३८२, ३८४, ३८७ को पत्रहरू र उक्त पत्रमा उल्लिखित विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६५।९।९ को पत्रलगायत सोसम्बन्धी निर्णय तथा अन्य काम कारवाहीहरू नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १३, १८, २७, ३० तथा स्वास्थ्य सेवा ऐन, २०५३, स्वास्थ्य सेवा नियमावली, २०५५, (तेस्रो संशोधन) २०६९ एवम् सम्मानित सर्वोच्च अदालतबाट ने.का.प. २०६६ नि.नं. ८२३५ पृ.१५८७ मा प्रतिपादित नजिर सिद्धान्तविपरीत भएकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२/१०७(२) बमोजिम विपक्षीहरूका उपरोक्त कार्यहरू उत्प्रेषणको आदेशले बदर गरी निवेदकहरूलाई पूर्ववत् स्थानमा पदस्थापन गरी सेवा गर्न दिनु भनी परमादेशलगायत जो चाहिने उपयुक्त आज्ञा, आदेश वा पुर्जी जारी गरिपाऊँ । साथै प्रस्तुत विषयमा तत्काल अन्तरिम आदेश जारी नगरेको अवस्थामा विपक्षीहरूको गैरकानूनी कार्यले निरन्तरता पाई हामी निवेदकलाई विना आधार कारण सेवारत स्थानबाट हट्नुपर्ने भई सुविधा सन्तुलनको दृष्टिले हामीहरूलाई अपूरणीय क्षति पुग्ने भएकोले विपक्षी स्वास्थ्य सेवा विभागका उपरोक्त पत्रहरू हाल कार्यान्वयन नगर्नु, नगराउनु भनी विपक्षीका नाउँमा अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्ने व्यहोराको विष्णुप्रसाद पौडेलसमेतको रिट निवेदन।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने हो, होइन ? आदेश जारी हुनु नपर्ने आधार कारण भए सोसमेत खुलाई यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूको नाउँमा सूचना पठाई लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू। साथै अन्तरिम आदेशको छलफलको निमित्त मिति २०६९।५।२७ को तारेख तोकी विपक्षीलाई सूचना दिई पेस गर्नु भन्ने यस अदालतको मिति २०६९।५।२९ को आदेश।

निवेदकहरूलाई मिति २०६५।४।७ को नेपाल सरकार (मन्त्री स्तर) तथा स्वास्थ्य सेवा विभागको विभिन्न मितिको निर्णयअनुसार सि.अ.हे.व. पदनाम दिई सोही पदमा पदस्थापनसमेत गरिएको र निजहरूले सोही समयदेखि पदनामबमोजिमको कामकाज गरी आएकोमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६५।९।९ को पत्रबाट लेखी आएको भनी नेपाल सरकार (मन्त्री स्तर) को मिति २०६९।४।३२ को निर्णयबाट सि.अ.हे.व. पदमा गरिएको पदस्थापन बदर गरिएको र सि.अ.हे.व. पदलाई जनस्वास्थ्य निरीक्षक (पदनाम) पद कायम गरिएको भनी स्वास्थ्य सेवा विभागको मिति २०६९।५।८ को पत्रबाट देखिएको छ। त्यसरी, निवेदकहरू एक पटक विभागीय निर्णयबाट पदस्थापन भई कामकाज गरी आएकोमा कानूनबमोजिमको कारण र आधारबिना निजहरूलाई सुनुवाइको मौकासमेत नदिई प्राप्त गरी सकेको हक र सुविधालाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको करिब ४ वर्षअघिको निर्णय र पत्रको आधारमा ४ वर्षपश्चात् बदर गर्ने गरेको मिति २०६९।४।३२ को निर्णयबाट निवेदकहरूलाई सुविधा सन्तुलन (Balance of Convenience) को दृष्टिबाट मर्का पर्नसक्ने देखिँदा यो रिटको निर्णय नभएसम्म

स्वास्थ्य सेवा विभागको मिति २०६९।५।८ को पत्र र सोमा उल्लिखित नेपाल सरकार (मन्त्री स्तर) को मिति २०६९।४।३२ को निर्णयसमेत कार्यान्वयन नगर्नु / नगराउनु भनी प्रत्यर्थीहरूको नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ, आदेशबमोजिम गर्नु भनी विपक्षीहरूलाई आदेशको जानकारी दिई अरूमा नियमानुसार गर्नु भन्ने यस अदालतको मिति २०६९।५।२७ को आदेश।

रिट निवेदकहरूलाई मिति २०६५।४।७ को नेपाल सरकार (मन्त्री स्तर) को निर्णयबाट १५ जना सि.अ.हे.व. को व्यक्तिगत निवेदनको आधारमा भएको पदस्थापन अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६५।९।९ को पत्रबाट बदर गर्न लेखी आएकोले नेपाल सरकार (मन्त्री स्तर) को मिति २०६९।४।३२ मा निर्णय भई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट लेखी आएको हुँदा यस विभागले निर्णय गरी निवेदकहरूको पदस्थापन बदर गरेको हो। अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएको निर्णय तथा आदेशलाई यस विभागले मान्नुपर्ने भन्ने बाध्यात्मक व्यवस्था भएको हुँदा सो निर्णय कार्यान्वयन गरिएको हो। स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १७ मा पदस्थापन गर्न शैक्षिक योग्यता, तालिम र अनुभवको आधार मापदण्ड सम्बन्धमा, ऐन संशोधनका लागि व्यवस्थापिका संसदमा पेस भएको र पदस्थापनसम्बन्धी कार्य पदपूर्तिसँग अन्तरसम्बन्धित हुने र माथिल्लो तहको जिम्मेवारीसमेत प्राप्त गर्ने देखिँदा समान तहका अन्य कार्मचारीहरूलाई अवसरबाट वञ्चित गराउँदा वृत्ति विकासको समग्र प्रक्रियामा नै नकारात्मक असर पर्ने देखिन्छ। साथै अदालतले कानूनी प्रक्रिया पूरा गरी पदस्थापन गर्नु भनी आदेश दिएको अवस्थामा पदस्थापनसम्बन्धी निश्चित कानूनी प्रक्रिया एवं कार्यविधि बनाई अन्यलाई पनि समान अवसर दिनुपर्ने देखिएको हुँदा यस विभाग र मन्त्रालयबीच छलफल भई रहेकोले नयाँ कानून आएपछि यस सम्बन्धमा आवश्यक निर्णय लिइने नै हुँदा हाललाई रिट खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको स्वास्थ्य सेवा विभागको लिखित जवाफ।

रिट निवेदकहरूलाई जिल्ला स्वास्थ्य कार्यालय, रसुवाका तत्कालीन प्रमुखले विभागको सहमति नलिई पदस्थापन गरेको कार्य नियमसङ्गत भएको देखिएन। उक्त पदस्थापन कार्यहरू प्रचलित ऐन, नियम विभागीय आदेश र अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विगतको निर्देशनविपरीत भएकोले सो पदस्थापन बदर गरी पदस्थापनको निर्णयमा संलग्न डाक्टरहरूउपर विभागीय कारवाही गर्न लेखी पठाउने भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६८।१२।८ च.नं.१३३५ को पत्रबाट निर्णय कार्यान्वयन गर्न लेखी आएकोले उक्त पदस्थापन बदर गर्न स्वास्थ्य सेवा विभागमार्फत जिल्ला स्वास्थ्य कार्यालय, रसुवामा लेखि पठाएको हो। स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १७ मा पदस्थापन गर्न शैक्षिक योग्यता, तालिम र अनुभवको आधार मापदण्ड सम्बन्धमा ऐन संशोधनका लागि व्यवस्थापिका संसदमा पेस भएको र पदस्थापनसम्बन्धी कार्य पदपूर्तिसँग अन्तर सम्बन्धित हुने र माथिल्लो तहको जिम्मेवारीसमेत प्राप्त गर्ने देखिँदा समान तहमा अन्य कर्मचारीहरूलाई अवसरबाट वञ्चित गराउँदा वृत्ति विकासको समग्र प्रक्रियामा नै नकारात्मक असर पर्ने देखिँदा अदालतले कानूनी प्रक्रिया पूरा गरी पदस्थापन गर्नु भनी आदेश दिएको अवस्थामा पदस्थापनसम्बन्धी निश्चित कानूनी प्रक्रिया एवं कार्यविधि बनाएर मात्र अन्यलाई पनि समान अवसर दिनुपर्ने भएकोले यस सम्बन्धमा आवश्यक निर्णय लिइने नै हुँदा हाललाई रिट खारेज गरिपाउँ भन्ने व्यहोराको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको मिति २०६९।६।११ को लिखित जवाफ।

यस आयोगमा मिति २०६५।५।२४ मा

भ्रष्टाचार विरोधी देशभक्त नागरिकको नामबाट अख्तियार दुरूपयोग गरेकोमा छानबिन तथा कारवाही गरिपाउँ भनी दिएको निवेदनबाट नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयअन्तर्गत ९०० सि.अ.हे.व. लाई पदनाम दिइएकोमा तीमध्ये केही पदस्थापन भई अधिकांशको पदस्थापन हुन बाँकी देखिन्छ। पदस्थापन गर्न मापदण्ड बनाउनेतर्फ उचित कदम नचालेको कारण थोरै दरबन्दीमा पदस्थापन गराउन चलखेल बढेको जानकारी हुन आएको र १५ जना सि.अ.हे.व.को पदस्थापन गर्न स्वास्थ्य मन्त्री गिरिराजमणि पोखरेलले तोकआदेश गरेको कारण विभागबाट एकमुष्ठरूपमा टिप्पणी उठाई मिति २०६५।४।७ मा पदस्थापन स्वीकृत गरिएकोले छानबिन गरी कारवाही गरिपाउँ भन्ने निवेदन यस आयोगमा परेकोले सो सम्बन्धमा स्वास्थ्य सेवा विभागबाट प्रतिक्रियासहित निर्णय फाइल मगाई हेर्दा, स्वास्थ्य सचिवले करिब १३०० जना सि.अ.हे.व.को पदस्थापन सम्बन्धमा स्पष्ट नीति बनाई पदस्थापन गरिनु पर्ने भनी माननीय मन्त्रीज्यूसमक्ष टिप्पणी फाइल पेस गरेकोमा सो सम्बन्धमा केही निर्णय नगरी १५ जना व्यक्तिहरूले पदस्थापन गरिपाउँ भनी दिएको निवेदनमा पदस्थापन गर्ने भनी आदेश दिई सोही आधारमा स्वास्थ्य सेवा विभागले पदस्थापनको निर्णय गरेको देखिँदा हचुवा र अनियमित तवरबाट भएको पदस्थापन निर्णय बदर गर्न र सबै सि.अ.हे.व. लाई समेट्ने गरी निश्चित तथा स्पष्ट नीति बनाई पदस्थापन गर्ने सम्बन्धमा निर्णय गर्न लेखी पठाउने भनी मिति २०६५।९।२ मा निर्णय भई च.नं. ६२० मिति २०६५।९।९ को पत्रबाट लेखी पठाइएको हो।

यस आयोगबाट व्यक्तिगत निवेदनको आधारमा पदस्थापन नगरी समग्र सि.अ.हे.व. हरूको पदस्थापन सम्बन्धमा स्पष्ट नीति नियम बनाई समान आधारमा पदस्थापन गर्न निर्देशन दिइएको हो। रिट निवेदकहरूको पदस्थापन बदर गर्ने निर्णय गर्दा पूर्वाग्रही भएर गरिएको पनि होइन। निवेदकहरूले नै समानताको हक उल्लङ्घन भएको भनी गरिएको जिकिरसमेतलाई मनन गरी यस आयोगबाट निर्णय भएको हो । उक्त स्तरवृद्धिअनुसार पदस्थापन नभएको अवस्थामा घटी सुविधा हुने र पदस्थापन भएमा बढी सुविधा प्राप्त हुने भन्ने पनि निवेदन व्यहोराबाट खुल्न आएको छैन । पदस्थापन नभएको कारणबाट उक्त पदअनुसारको कार्य गर्न नपाएको भन्ने अवस्था पनि देखिँदैन । खाइपाई आएको सुविधामा पनि कुनै तात्त्विक असर पर्ने अवस्था देखिँदैन। यस स्थितिमा आफूसरह स्वास्थ्य सेवा ऐन र नियममा भएको कानूनी व्यवस्थाबमोजिम बढुवा र स्तरवृद्धि भएका करिब १३०० सि.अ.हे.व.को पदस्थापन गर्ने सम्बन्धमा स्पष्ट नीति नेपाल सरकारले बनाई समान आधारमा पदस्थापन गर्नु गराउनु भनी निर्देशन दिने यस आयोगबाट निर्णय भएको र सोही निर्णय विरूद्ध रिट निवेदन दायर गरिएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोगको लिखित जवाफ।

विपक्षी निवेदकले दाबी लिनु भएको विषयमा यस कार्यालयको के कस्तो संलग्नता रही यस कार्यालयलाई विपक्षी बनाउनु भएको हो ? सोको कुनै आधार र कारण निवेदनमा उल्लेख गरिएको छैन । विवादको विषयवस्तुसँग कुनै सम्बन्ध नै नरहेको र संविधान तथा कानूनबमोजिम पूरा गर्नुपर्ने के, कुन दायित्व पूरा नगरेको कारण यस कार्यालयलाई प्रत्यर्थी बनाउनु परेको हो भन्ने आधारभूत तथ्य नै स्थापित हुन नसकेको प्रस्तुत निवेदन प्रथम दृष्टिमा नै खारेजभागी छ । नेपाल सरकार राज्यका सबै काम, कारवाही, निर्णय र गतिविधि कानूनमा आधारित रही सम्पादन हुनुपर्दछ भनी कानूनी राज्यको अवधारणाप्रति पूर्ण प्रतिबद्ध रहेको छ । परन्तु, विपक्षी निवेदकले दाबी लिनुभएको विषय यस कार्यालयबाट सम्पादन नभई माननीय स्वास्थ्य मन्त्री स्तरीय निर्णयका आधारमा भएको निवेदक स्वयम्ले स्वीकार गर्नुभएको अवस्थामा

सो कार्यका लागि यस कार्यालयलाई समेत जिम्मेवार मानी रिट निवेदन दिन मिल्ने हुँदैन। यस कार्यालयसँग पूर्णतः असम्बन्धित विषयका सन्दर्भमा प्रस्तुत लिखित जवाफमा केही उल्लेख गरिरहनु परेन। अतः उपरोक्त आधार र कारणसमेतबाट यस कार्यालयलाई विपक्षी कायम गरेको हकमा सम्म रिट निवेदन खारेजभागी हुँदा खारेज गरिपाउँ भन्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट पेस भएको लिखित जवाफ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको मिति २०६५।४।७ र मिति २०६९।४।३२ को निर्णयसम्बन्धी फाइल झिकाई पेस गर्नु भनी यस अदालतबाट मिति २०७०।८।९।१ मा भएको आदेशबमोजिम पटकपटक यस अदालतबाट उक्त फाइल पठाउनु भनी पत्र लेखिएकोमा सो फाइल वा जवाफसमेत स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट प्राप्त हुन नआएकोले सोही कारणबाट रिट निवेदनमा निर्णय गर्न बाधा परिरहेको हुँदा आजको ७ दिनभित्र उक्त निर्णय फाइल पठाउनु र नपठाए सम्बन्धित कर्मचारीलाई र मन्त्रालयका सचिवसमेतलाई न्याय प्रशासन ऐन, २०४८ को दफा २९ बमोजिम जरिवाना भई आउने भनी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई लेखी फाइल प्राप्त भए फाइलसाथ र फाइल नपठाए जरिवाना तोक्ने प्रयोजनार्थ पेस गर्नु भन्ने यस अदालतको मिति २०७२।१।९ को आदेश।

नियमबमोजिम पेस हुन आएको प्रस्तुत मुद्दामा निवेदकहरूका तर्फबाट विद्वान् अधिवक्ता श्री शेरबहादुर के.सी. तथा विद्वान् अधिवक्ता श्री रामचन्द्र पौडेलले नेपाल सरकार मन्त्रिस्तरको मिति २०६५।४।७ को निर्णयले निवेदकहरूलाई स्वास्थ्य सेवा विभागको निर्णयबमोजिम सिनियर अ.हे.व. पदमा पदनाम दिई पदस्थापन गरी कामकाजसमेत गरिआएको अवस्थामा कानूनबमोजिमको आधार र कारणबिना सो पदनाम बदर गरी अ.हे.व. पद जनस्वास्थ्य निरिक्षक (पदनाम) कायम गरिएको छ। निवेदकहरूलाई एक पटक प्राप्त गरिसकेको हक र सुविधाबाट वञ्चित गर्दा निवेदकहरूलाई न्यूनतमरूपमा दिइनु पर्ने सुनवाईको मौकासमेत दिएको छैन। अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई मन्त्रिस्तरको ४ वर्षअगाडिको निर्णय बदर गर्ने क्षेत्राधिकार रहँदैन। अत: निवेदकहरूको पदनाम खोस्ने गरी भएको काम कारवाही बदर हुनुपर्दछ भनी गर्नुभएको बहस सुनियो।

विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री राम घिमिरेले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गतको सि.अ.हे.व.पदमा रहेका व्यक्तिहरूलाई पदस्थापन गर्न सचिवस्तरबाट एकमुस्ट टिप्पणी पेस भएकोमा सोमा कुनै निर्णय नगरी पदस्थापन गरिपाउँ भनी दिएका १५ जनाको व्यक्तिगत निवेदनबमोजिम पदस्थापन गर्ने मन्त्रिस्तरको निर्णय भएकोले समग्र सि.अ.हे.व. हरूको स्पस्ट निति नियम बनाई एकमुष्ट पदनाम दिई पदस्थापन गर्नको लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निर्देशन दिएको हो। निवेदकहरूप्रति कुनै पूर्वाग्रह राखिएको छैन। समानताको हकलाई प्रत्याभूत गर्न यस्तो निर्णय भएको हो। यो निर्णयबाट विपक्षीको स्तर वृद्धिमा कुनै असर परेको पनि छैन। खाईपाई आएको सुविधामा घटिबढी भएको जिकिर पनि छैन। अत: समान तहका सबैको पदस्थापन गराउन स्पस्ट निति बनाई समान आधारमा पदस्थापन गर्नु भनी दिएको निर्देशनबाट निवेदकको संविधान प्रदत्त हकमा आघात पुगेको अवस्था नहुँदा रिट निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको बहस सुनियो। दुवै पक्षबाट प्रस्तुत भएको बहस जिकिर सुनी मिसिल सामेल निवेदन तथा लिखित जवाफसमेत अध्ययन गरी हेर्दा निवेदन मागबमोजिम रिट जारी हुने हो होइन ? सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. विपक्षी मध्येको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको लिखित जवाफ हेर्दा ९०० जति सि.अ.हे.व.हरूलाई पदनाम दिएको र अधिकांशको

पदस्थापन नभएकोमा निस्चित मापदण्ड बनाई पदस्थापनसम्बन्धी काम गर्न मिति २०६५।९।९ को पत्रबाट लेखिपठाएको थियो। तर निवेदकहरू समेतका १५ जना व्यक्तिहरूले व्यक्तिगतरूपमा पदस्थापन गरिपाउँ भनी दिएको निवेदनका आधारमा पदस्थापन गरिएकोले निजहरूसरहका अन्य सि.अ.हे.ब.हरूको पदस्थापना गर्ने सम्बन्धमा स्पस्ट निति बनाई सोही आधारमा पदस्थापन गर्नु गराउनु भनी निर्देशन दिइएको हो भन्ने व्यहोरा रहेको देखिन्छ। विपक्षी आयोगले निर्णय गर्दा लिइएका आधारहरू के कस्ता रहेका छन् उल्लेख गर्नसकेको देखिँदैन। आफ्नो निकायबाट निर्णय भएको भनी लिखित जवाफमा उल्लेख भए तापनि त्यस्तो निर्णयको प्रतिलिपि पेस हुन सकेको अवस्था देखिँदैन। निर्णय गर्दा के कुन कानूनको आधारमा गरिएको हो सोको पुष्टि गर्नुपर्नेमा सो सम्बन्धमा मौन रहेको देखिन्छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ मा आयोगको क्षेत्राधिकार सम्बन्धमा व्यवस्था गरिएको छ, जसमा उजुरीउपर अनुसन्धान र तहकिकात गरी मुद्दा दायर गर्ने व्यवस्था छ भने दफा ६ मा सार्वजनिक संस्थामा भएको अनुचित कार्यको सम्बन्धमा छानबिन गरी कारवाही गर्ने व्यवस्था समेटिएको छ। दफा ८ मा अनुचित कार्यसम्बन्धी उजुरी र दफा ११ मा विभागीय कारवाहीसम्बन्धी व्यवस्था गरिएको छ। त्यसैगरी दफा १२ मा विभागीय कारवाहीको लागि लेखी पठाउने तथा दुष्परिणाम सच्याउने आदेश दिन सकिने भन्ने व्यवस्था रहेको देखिन्छ। तर निवेदकहरूले कानूनसम्मतरूपले प्राप्त गरेको पदस्थापना बदर गराउने आदेश दिन सक्ने व्यवस्था उक्त ऐनमा कहिँकतै रहेभएको देखिँदैन।

३. राज्यका हरेक निकायहरूबाट भएका काम कारवाही र निर्णयहरू कानूनसम्मत रूपमा सम्पन्न हुनुपर्दछ। त्यस्ता निकायबाट सम्पन्न भएका काम कारवाही तथा निर्णयहरूको कानूनी आधार र औचित्यतासमेत पुष्टि भएको हुनुपर्दछ। कानूनी आधार र औचित्य पुष्टि नहुने काम कारवाही तथा निर्णयहरूले बैधता प्राप्त गर्न सक्दैनन्। अख्तियारप्राप्त व्यक्ति वा निकायले गरेको निर्णयमा निजले उक्त अधिकारको स्वेच्छाचारीरूपमा प्रयोग गरेको वा प्रस्ट आधार र कारण नखुलाई निर्णय गरेको अवस्थामा बाहेक त्यस्तो निर्णयको वैधानिकतामा प्रश्न उठाउन मिल्ने देखिँदैन। कानूनले कुनै विषयमा निर्णय गर्ने अधिकार कुनै पदाधिकारी वा निकायलाई प्रदान गर्दछ भने त्यस्तो विषयमा निर्णय गर्ने अधिकारको प्रयोग स्वतन्त्ररूपले त्यस्तो अधिकारी वा निकायले प्रयोग गर्न सक्ने नै हुन्छ। कानूनप्रदत्त अधिकारको प्रयोगको सम्बन्धमा अन्य निकायको नियन्त्रण वा निर्देशन वाञ्छनीय हुन सक्दैन।

४. निवेदकहरूको पदस्थापनको सम्बन्धमा साधिकार निकायबाट भएको निर्णयलाई विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कुनै कानूनमा आधारित नभई आफ्नो क्षेत्राधिकारसमेतको बेवास्ता गरी मनोगतरूपमा निर्देशन जारी गरेको देखियो। त्यस्तो क्षेत्राधिकारविहीन निर्देशनका आधारमा निवेदकहरूलाई एक पटक पदस्थापन गरिसकेको विषयलाई सोही निकायले पुनरावलोकन गरी निजहरूको रोजगारीको हकमा असर पर्ने गरी प्राकृतिक न्यायको सिद्धान्तविपरीत सुनुवाईको मौकासमेत प्रदान नगरी निजहरूको पदस्थापना बदर गर्ने विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य सेवा विभागबाट भएको निर्णय तथा सोही निर्णयका आधारमा भएका पत्राचारहरू कानूनसम्मत रहेको भनी मान्न मिल्ने देखिएन।

५. एक पटक विभागीय निर्णयबाट पदस्थापना भई सेवा सुविधा प्रदान गरी कामकाज गरी आएका निवेदक सि.अ.हे.ब.हरूलाई कानूनबमोजिमको आधार र कारणबिना प्रदान गरिसकेको हक र सुविधालाई

कटौती गर्दा उचित आधार र कारण खुलाउनै पर्ने हुन्छ। त्यस्तो प्राप्त गरिसकेको सेवा सुविधाको कटौती गर्ने निर्णयमा निजहरूको मन्जुरी लिएको वा असर पर्ने पक्षलाई पर्याप्त सुनवाईको अवसरसमेत प्रदान गरेको हुनुपर्दछ र त्यसरी सुनवाईको मौका दिइएको थियो भन्ने स्पस्ट देखिनु पनि पर्दछ।

६. स्वास्थ्य सेवा ऐन, २०५३ को चौथो संसोधन मिति २०७०।१२।१२ मा भएको देखिन्छ। उक्त संसोधनले स्वास्थ्य सेवा ऐन, २०५३ मा दफा ९ख थप गरी पदस्थापना सम्बन्धमा विशेष व्यवस्था गरेको छ । जसअनुसार यो दफा प्रारम्भ हुनुअघि स्तरवृद्धि वा तहमिलान भएका तर स्तरवृद्धि वा तहमिलान भएको पदमा उक्त ऐनको दफा १७ को उपदफा ३ बमोजिम गरी पदस्थापना भई नसकेका कर्मचारीहरूको लागि मन्त्रालयले पुल दरबन्दी सृजना गरी सो पुल दरबन्दीमा त्यस्ता कर्मचारीलाई पदस्थापना गर्ने छ भन्ने व्यवस्था भएको देखियो । यसरी संशोधित ऐनले समेत निवेदकहरूले पदनाम प्राप्त गरेकोमा हालको संसोधन (चौथो संशोधन) समेतले प्राप्त पदनामले वैधानिकता प्राप्त गरेको देखिन्छ । त्यस्तै पदनाम पाउन बाँकी रहेका सि.अ.हे.व.हरूले समेत ऐनको उक्त संशोधीत व्यवस्थाबाट पदस्थापन भई पदनाम पाएको अवस्था छ।

७. प्रस्तुत मुद्दामा निवेदकहरूलाई अधिकारप्राप्त निकाय नेपाल सरकार, माननीय मन्त्रिस्तरबाट मिति २०६५।४।७ मा भएको निर्णय र स्वास्थ्य सेवा विभागको विभिन्न मितिका निर्णयबमोजिम सि.अ.हे.व. पदनाम दिई सोही पदमा पदस्थापनसमेत गरिएको र सोही समयबाट कामकाजसमेत गरी आएको अवस्था देखियो। त्यसरी कामकाज गरी आएको अवस्थामा कुनै आधार र कारण नखुलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६५।९।९ को पत्र अनुसार भनी आफैँले चार वर्षअगाडि गरेको निर्णयलाई बदर गरी माननीय मन्त्रिस्तरबाट मिति २०६९।४।३२ मा निर्णय गर्नुपर्नाको औचित्य पुष्टि गर्न सकेको देखिन आएन । एक पटक निर्णय गर्ने र बिना आधार सोही निर्णयलाई उल्टाउँदै जाने हो भने निर्णय गर्नुको औचित्य नै समाप्त हुन जान्छ । वैधानिकरूपमा भएका निर्णयहरूको पुनरावेदन सुन्ने वा त्यस्तो निर्णय बदर गर्न कानूनद्वारा नै स्पस्ट क्षेत्राधिकार सुम्पेको हुनुपर्दछ । हचुवाको भरमा कानूनद्वारा स्थापित तोकिएको क्षेत्राधिकार उपयोग गर्ने वैधानिक निकायको निर्णय प्रतिकूलका काम कारवाहीहरू गर्न कानूनले छुट दिएको मान्न मिल्दैन । प्रस्तुत मुद्दाको सन्दर्भमा पदनामबाट नै वञ्चित हुने अवस्था सृजना भएबाट त्यस्तो निर्णयलाई कानूनबमोजिम भएको वा वैधानिक निर्णय रहेछ भनी मान्न मिलेन।

८. अतः नेपाल सरकार माननीय मन्त्रिस्तरको मिति २०६९।४।३२ को निर्णयमा कानूनसम्मत आधार र निर्णय बदर गर्नुको औचित्यता पुष्टि गराउन नसकेको अवस्थामा निवेदकहरूको पदस्थापना बदर गर्ने विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट मिति २०६९।४।३२ मा भएको निर्णय र सोका आधारमा विपक्षी स्वास्थ्य सेवा विभागबाट मिति २०६९।५।१ मा भएको निर्णय तथा मिति २०६९।५।८ को पत्रसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। अब माननीय मन्त्रिस्तरको मिति २०६५।४।७ को निर्णयबमोजिम विपक्षी स्वास्थ्य सेवा विभागबाट निवेदकहरूलाई नेपाल स्वास्थ्य सेवाको अधिकृत छैटौं तह सिनियर अ.हे.व. पदमा पदस्थापन गर्ने गरिएको निर्णय तथा सोसम्बन्धी पत्रबमोजिम भएको निवेदकहरूको पदस्थापना यथावत् कायम राख्नु भनी विपक्षीहरूका नाममा परमादेश जारी गरिदिएको छ। प्रस्तुत रिट जारी भएको सूचना महान्यायाधिवक्ताको कार्यालयमार्फत

विपक्षीहरूका नाममा लेखी पठाई दायरीको लगत कट्टा गरी नियमानुसार मिसिल बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या.जगदीश शर्मा पौडेल

इजलास अधिकृत (शा.अ.) : तीर्थराज भट्टराई
इति संवत् २०७२ साल पुस ८ गते रोज ४ शुभम् ।

## निर्णय नं.९६३५

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोपाल पराजुली
माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय
आदेश मिति : २०७२।१०।१४।५
०७१-WO-०५६७

मुद्दा : उत्प्रेषण / परमादेश

निवेदक : का.जि.का.म.न.पा.वडा नं. २१ मजिपाट बस्ने मैया रञ्जितकार

विरूद्ध

विपक्षी : पुनरावेदन अदालत, पाटनसमेत

- **अ.बं.१७ नं. को रोहमा पुनरावेदन अदालतले गरेको आदेश परिवर्तन गर्ने अधिकारक्षेत्र माथिल्लो अदालतले सैद्धान्तिक विचलन वा कानूनको घोर उल्लङ्घन भएको अवस्थामा बाहेक प्रयोग गर्नु उपयुक्त हुँदैन । वस्तुत: मातहत अदालतमा परेका मुद्दाको काम कारवाहीमा म्याद नाघेको वा बेरीत भएको वा कार्यविधि कानूनको त्रुटि गरी आदेश गरेको स्पष्ट देखिएमा अदालतले बदर गर्नसक्ने हो । न्यायिक मनको प्रयोग गरी गरेको आदेश बदर गर्दा कार्यान्वयनयोग्य फैसलामा पर्ने प्रभावलाई पनि अदालतले सदैव ध्यान राख्नु पर्ने हुन्छ । अदालतको अन्तिम फैसला कुनै पनि हालतमा कार्यान्वित हुनपर्दछ भन्ने कुरामा विवाद हुन नसक्ने ।**

(प्रकरण नं.६)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता श्यामनारायण श्रेष्ठ
विपक्षीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता कृष्णप्रसाद सापकोटा र विद्वान् अधिवक्ता तिलप्रसाद गौतम
अवलम्बित नजिर :
सम्बद्ध कानून :

आदेश

**न्या.गोपाल पराजुली :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ को उपधारा (२) बमोजिम यस अदालतमा दायर भएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छ :

विपक्षी मणिन्द्रलालले मिति २०५७।६।१३, मिति २०५७।१२।९ मा रू.५,००,०००।– (पाँच लाख), रू.५,००,०००।– (पाँच लाख) गरी रू.१०,००,०००।– (दश लाख रूपैयाँ) र मिति २०६०।१२।६ मा रू.२५,००,०००।- (पच्चिस लाख रूपैयाँ) समेत जाहेरवाला विपक्षी कृष्णप्रसाद शिवाकोटीको परिवार विदेश पठाई दिनसमेत लागेकोमा विदेश नपठाई दिएकाले कारवाही गरी पाउन विपक्षी

कृष्णप्रसाद शिवाकोटीसमेतको जाहेरीले विपक्षी मणिन्द्रलाल रञ्जितकार प्रतिवादी भएको वैदेशिक रोजगार ठगी मुद्दा वैदेशिक रोजगार न्यायाधिकरणमा दायर भएको रहेछ । निजले सो मुद्दा अनुसन्धानको सिलसिलामा धादिङ जिल्ला गजुरी गा.वि.स. वडा नं. ४ (ग), कि.नं. १८५, १८८, १२४ र १२५ का जग्गा जेथा जमानत राखी तारेखमा बसेका रहेछन् । सो मुद्दामा वैदेशिक रोजगार न्यायाधिकरणले मिति २०६८।८।२० मा विपक्षी मणिन्द्रलाल रञ्जितकारबाट जाहेरवालाले बिगो र हर्जनासमेत जम्मा रू.५२,२३,०००।– (बाउन्न लाख तेइस हजार रूपैयाँ) भरी पाउने ठहर्‍याई फैसला गरेको रहेछ । जाहेरवालाले सो बिगोमाथि उल्लिखित जेथा जमानत राखेको जग्गा, मेरो हक भोगमा आउने का.जि.का.म.न.पा. वडा नं २१, कि.नं. २१२१, ०-०-१-३ क्षेत्रफल जग्गा र सो जग्गामा बनेको घर लिलाम गरी भराई पाउन विपक्षी काठमाडौं जिल्ला अदालतमा दरखास्त दिएपश्चात् कारवाहीको क्रममा मलाई ७ दिने सूचना आएकाले अदालतमा उपस्थित भई कि.नं. २१२१ को जग्गा र घर मेरो एकलौटी हो । मणिन्द्रलाल मिति २०६०।३।२ मा अंश लिई छुट्टी भिन्न भएका मानिस हुन् । कि.नं. २१२१ को जग्गा र घरबाट लिलाम हुनुपर्ने होइन भनी निवेदन गरेकोमा सो अदालतले धादिङ जिल्ला गजुरी गा.वि.स. अन्तर्गतका ४ कित्ता जग्गामा कारवाही नचलाई कि.नं. २१२१ को घर र जग्गा मात्र लिलाम गर्न मिति २०७१।३।२३ गते सूचना प्रकाशन गरेकोले तत्काल रोक्का राखी पाउन निवेदन गरेकी थिएँ ।

मेरो निवेदनउपरको कारवाहीमा विपक्षी फैसला कार्यान्वयन अधिकारीले कि.नं. २१२१ को घर, जग्गा र जेथाबाट भराउन मिल्ने नमिल्ने सम्बन्धमा अडबड परेको भनी इजलाससमक्ष पेस भई इजलासबाट फैसला कार्यान्वयन अधिकारीले नै निर्णय गर्ने क्षेत्राधिकार हो भनी आदेश भएपश्चात् फैसला कार्यान्वयन अधिकारीले मिति २०७१।६।१ मा सोही मेरो घर जग्गाबाट लिलाम प्रक्रिया अगाडि बढाउने भनी आदेश भयो । सो आदेशउपर गरेको मुलुकी ऐन दण्ड सजायको महलको ६१ नं बमोजिमको निवेदनमा विपक्षी काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।७।१४ मा फैसला कार्यान्वयन अधिकारीको आदेश सदर गरेको छ । सो आदेश पनि बदर गरी पाउन अ.बं. १७ नं बमोजिम गरेको निवेदनमा पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।९।३ मा सो घर जग्गामध्ये २ भागमध्ये १ भाग मणिन्द्रलाल रञ्जितकारको भागबाट बिगो भरी भराउसम्बन्धी कारवाही अगाडि बढाउन आदेश भएको थियो ।

पुनरावेदन अदालतको उक्त आदेश पनि सो हदसम्म मिलेको छैन । किनभने हामीहरूबीच २०६० सालमा नै अंशबन्डा भइसकेको छ । सगोलको अंशियारमध्ये मुख्यले व्यवहार चलाउन लिएको ऋण होइन । छुट्टि भिन्न भएका मणिन्द्रलालले व्यक्तिगतरूपमा गरेको कामको परिणाम स्वरूप उत्पन्न दायित्वमा अन्यको सम्पत्तिबाट भराउन मिल्दैन । अन्य सगोलका अंशियारले पनि उपभोग गरेको छ भने मात्र गोश्वारा धनबाट व्यहोर्ने हो । मुलुकी ऐन लेनदेन व्यवहारको ८ र ९ नं. ले पनि सोही कुराको प्रत्याभूति गरेको छ । ने.का.प. २०५७, भाद्र, पृष्ठ ४४० मा सिद्धान्त पनि प्रतिपादन भएको छ । त्यसैगरी दण्डसजायको महलको २६ नं. मा पनि ऐनबमोजिम जरिवाना कैदबापत जायजात गर्दा कसुरदारको अंशबाट मात्र पुगेसम्मको असुल गरी लिनु पर्दछ भन्नेसमेत कुराको सीमा तोकिएको छ । विवादित जग्गा मेरो श्रीमान् अमृतलालको नाममा छ । विपक्षी मणिन्द्रलाल रञ्जितकार मिति २०६०।३।२ मा आफ्नो अंश भागबापतको रकम लिई अंश छोडपत्र गरिसकेका छन् । निज श्रीमान्को मिति २०६५।२।१९ मा परलोक भइसकेको छ ।

निजको परलोकपश्चात् उक्त जग्गा र घर मेरो एकलौटी हक भोगको हो । सो जग्गामा मुलुकी ऐन अपुतालीको महलको २ र ६ नं. अनुसार सो सम्पत्तिमा

मेरो एकलौटी हक लाग्छ । मेरो एकलौटी हक भोगको जग्गामा छुट्टी भिन्न नभएको र मानो जोडिएको पारित लिखतको अभावमा निजले खाए मासेको दायित्व मेरो जग्गा र घरबाट भराउन मिल्दैन । ने.का.प. २०५३, फाल्गुण, पृष्ठ ८०७ मा प्रकाशित सिद्धान्तले पनि छुट्टी भिन्न भएका मणिन्द्रलालको दायित्व मबाट लिन मिल्दैन । कानूनी व्यवस्था र प्रतिपादित सिद्धान्त अनुसार मेरो सम्पत्तिबाट बिगो असुल हुन सक्दैन। सबै प्रकारले पहिले नै छुट्टि भिन्न भइसकेका मानिसलाई अब मेरो नामको जग्गा र घरबाट आधा लिलाम गर्नुपर्दछ भन्न मिल्दैन । छुट्टी भिन्न भएपछि मानो जोडिएको छैन्। मणिन्द्रलालले पहिले नै आफ्नो अंश लिइसकेका छन । पुनरावेदन अदालत, पाटनको आदेशबमोजिम आधाबाट मणिन्द्रलालको बिगो भरी भराउ गर्दा मेरो संविधान प्रदत्त स्वन्तन्त्रता, समानता र साम्पत्तिक हकमा आघात पुग्न जान्छ। त्यसमा पनि मुद्दामा पुर्पक्ष गर्दा जेथा जमानत राखेको जग्गाबाट असुलउपर गर्नेतर्फ कारवाही अगाडि नबढाई सो कि.नं.२१२१ को जगा र घरबाट नै असुलउपर गर्न कारवाही अगाडि बढाउने विपक्षीहरूको कार्य बद्नियतपूर्ण र दुषित छ।

अत: मेरो एकलौटी हक भोगको जग्गाबाट छुट्टि भिन्न भएका व्यक्तिको बिगो असुलउपर गर्ने गरी भएको विपक्षी काठमाडौं जिल्ला अदालतको फैसला कार्यान्वयन अधिकारीको मिति २०७१।६।१ को आदेश सदर गर्ने सो अदालतको मिति २०७१।७।१४ मा भएको आदेश केही बदर गरी दुई भाग लगाई मणिन्द्रलालको भागबाट लिलाम हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।९।३ मा भएको आदेशले मेरो नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ र १९ प्रदत्त अधिकारमा आघात पुगेको हुँदा पुनरावेदन अदालत, पाटनको मिति २०७१।९।३ को आदेश सो हदसम्म र जग्गा रोक्का राख्ने आदेश नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम उत्प्रेषणको आदेशले बदर गरी उक्त जग्गा फुकुवा गरी दिनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरिपाऊँ । साथै काठमाडौं जिल्ला अदालतले लिलामको लागि पटकपटक सूचना प्रकाशन गरी मिति २०७१।८।११ को लिलामी कारवाही स्थगित भएको र पुनरावेदन अदालत, पाटनको मिति २०७१।९।३ को आदेशबमोजिम विपक्षीहरूले अब पुनः आधा जग्गामा लिलाम प्रक्रिया अगाडि बढाउन सक्ने सम्भावना रहेकोले प्रस्तुत रिट निवेदनको अन्तिम टुंगो नलागेसम्म कि.नं. २१२१ को जग्गा र घर लिलाम नगर्नु, नगराउनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरिपाउँ भन्नेसमेत व्यहोराको रिट निवेदन।

यसमा विपक्षीहरूबाट १५ दिनभित्र लिखित जवाफ मगाउनू। अन्तरिम आदेश सम्बन्धमा दुवै पक्षको छलफल सुनी निष्कर्षमा पुग्नु उपयुक्त हुने देखिएकोले अन्तरिम आदेश सम्बन्धमा छलफलको लागि मिति २०७१।१०।२० को पेसी तोकी सोको जानकारी निवेदक तथा विपक्षीहरूलाई दिनु भन्ने व्यहोराले मिति २०७१।१०।९ मा आदेश भई अन्तरिम आदेशको छलफल नभई यस अदालतबाट मिति २०७२।२।१७ मा पूर्ण सुनुवाईको लागि पेस गर्नु भन्ने आदेश भएको देखिन्छ।

निवेदिकाको छोरा मणिन्द्रलाल रञ्जितकारउपर दायर भएको वैदेशिक रोजगार ठगी मुद्दामा जाहेरवाला विपक्षी कृष्णप्रसाद र शोभा शिवाकोटीले निज प्रतिवादीबाट बिगो र हर्जानासमेत रू. ५२,२३,०००।– भराई लिन पाउने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६८।८।२० मा फैसला भएकोले जाहेरवालाहरूले बिगो असुलीको लागि दाबीको कि.नं. २१२१ को जग्गा, घर र धादिङ जिल्ला गजुरी गा.वि.स. अन्तर्गतका जग्गा देखाई दरखास्त दिएको र प्रतिवादीले सो फैसलाउपर पुनरावेदन नगरी मुद्दा अन्तिम भएर बसेको देखियो । जाहेरवालाहरूले प्रतिवादीले रकम बुझी

लिएपछि मात्र अंशको लिखत गरेको भनी लेखाई दिएको एवं जायजात मुचुल्का, पञ्चकिर्ते मूल्याङ्कन र पहिलो पटक लिलामी सूचना प्रकाशन हुँदासम्म निवेदिकाले कुनै उजुर नगरी अन्तिम अवस्थामा आएर कारवाही रोकी पाउन निवेदन दिएकोसमेतका सन्दर्भबाट ठहरेको बिगो भराउने प्रयोजनका लागि लिलामी प्रक्रिया रोक्न नमिल्ने भनी फैसला कार्यान्वयन अधिकारीबाट मिति २०७१।६।१ मा भएको आदेश मुलुकी ऐन, अ.बं.६१ नं. को रोहमा यस अदालतबाट मिति २०७१।७।१४ मा सदर भई अ.बं. १७ नं. बमोजिम पुनरावेदन अदालतबाट मिति २०७१।९।३ मा २ भागमध्ये मैया रञ्जितकारको भाग परसारी मणिन्द्रलालको भागबाट बिगो भरी भराउको कारवाही गर्नु भनी भएको आदेशले निवेदिकाको संवैधानिक र कानूनी हकमा असर नपर्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराले विपक्षी काठमाडौं जिल्ला अदालतको तर्फबाट पेस भएको लिखित जवाफ।

निवेदिका र विपक्षी मणिन्द्रलाल रंञ्जितकार आमा छोरा हुन्। प्रतिवादी मणिन्द्रलाल रञ्जितकारबाट हामीहरूले बिगो र हर्जनासमेत गरी रू. ५२,२३,०००।– (बाउन्न लाख तेइस हजार रूपैयाँ) भराई लिन पाउने गरी मिति २०६८।८।२० मा वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला कार्यान्वयनको क्रममा प्रतिवादीले जेथा जमानत राखेको जग्गा र निजको भाग लाग्ने जग्गासमेत देखाई काठमाडौं जिल्ला अदालतमा दरखास्त गरेको हो। निवेदिकाले उक्त कि.नं. २१२१ को जग्गा र घर आफ्नो एकलौटी हो भन्ने जिकिर गरेको भए तापनि प्रतिवादी मणिन्द्रलाल नै घरको मुख्य भई व्यवहार गरेबाट छुट्टी भिन्न भएको पुष्टि नहुने हुँदा मणिन्द्रलाल रञ्जितकारको पिता अमृतलाल रञ्जितकारको नाममा दर्ता रहेको सो कि.नं. २१२१ को जग्गा र घरबाट बिगो भरी पाउन दरखास्त दिएको हो। उक्त बिगो तिर्नु बुझाउनु पर्ने दायित्व मुलुकी ऐन, लेनदेन व्यवहारको ८, ९ र दण्डसजायको महलको २६ नं. बमोजिम निवेदिकाले पनि बहन गर्नुपर्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षी कृष्णप्रसाद शिवाकोटी र शोभा शिवाकोटीको तर्फबाट पेस भएको लिखित जवाफ।

फैसला कार्यान्वयन अधिकारीबाट मिति २०७१।६।१ मा भएको आदेश सदर गर्ने काठमाडौं जिल्ला अदालतको मिति २०७१।७।१४ को आदेश मिलेको नदेखिएकोले कि.नं. २१२१ को जग्गा र घर २ भाग गरी निवेदिकाको भाग पर सारी मणिन्द्रलाल रञ्जितकारको भागबाट वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६८।८।२० मा भएको फैसला कार्यान्वयन गर्नु भनी यस अदालतबाट मिति २०७१।९।३ मा भएको आदेशमा कुनै त्रुटि नभएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, पाटनको तर्फबाट पेस भएको लिखित जवाफ।

विपक्षी मणिन्द्रलाल रञ्जितकारको तर्फबाट लिखित जवाफ परेको देखिएन।

यसमा वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६८।८।२० मा फैसला भएको मिसिल र ऐ. मुद्दा कार्यान्वयनको सन्दर्भमा काठमाडौं जिल्ला अदालतमा चलन चलाई पाउने निवेदन परी बिगो भराउको विचाराधीन मिसिल अवलोकनार्थ साथै राखी नियमानुसार पेस गर्नु भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०७१।११।१० को आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनको मिसिल संलग्न रहेका सक्कल कागजातहरूको अध्ययन गरी निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री श्यामनारायण श्रेष्ठले विवादित जग्गा र घर निवेदिका मैया रञ्जितकारको एकलौटी हक भोग र स्वामित्वको जग्गा हो। विपक्षी मणिन्द्रलाल रञ्जितकार निवेदिका र निवेदिकाको श्रीमान्‌बाट मिति २०६०।३।२ मा अंश

भरपाई पारित गराई भिन्न बसेको अवस्थामा निजले गरेको कार्यबाट उत्पन्न बिगो र हर्जना तिर्ने बुझाउने दायित्व निवेदिकाको हुँदैन । मानो जोडिएको पारित लिखतको अभावमा २ भाग लगाउँदा मुलुकी ऐन, लेनदेन व्यवहारको ८ र ९ नं. को कानूनी व्यवस्थाको प्रतिकूल भई बदरयोग्य हुन्छ । विपक्षी कृष्णप्रसाद शिवाकोटी र शोभा शिवाकोटीले लिखित जवाफमा विपक्षी मणिन्द्रलाल रञ्जितकार घरको मुख्य भई व्यवहार गरी आएका छन भन्ने कुरा उल्लेख गरेको भए तापनि त्यो कहीँ कतैबाट पुष्टि हुन सकेको छैन । मिति २०६०।३।२ मा पारित अंशबन्डाको लिखतबाट छुट्टि भिन्न भएपछि पुनः मानो जोडिएको लिखतको अभावमा निवेदिकाको एकलौटी हक भोगको सम्पत्तिबाट बिगो भराउने कारवाही अगाडि बढाउँदा निवेदिकाको संविधान प्रदत्त साम्पत्तिक अधिकारमा आघात पर्ने हुँदा फैसला कार्यान्वयन अधिकारीबाट मिति २०७१।६।१ मा भएको आदेश सदर गर्ने काठमाडौं जिल्ला अदालतको मिति २०७१।७।१४ को आदेश र पुनरावेदन अदालत, पाटनको मिति २०७१।९।३ मा कि.नं. २१२१ को जग्गा र घर २ भाग गरी मैया रञ्जितकारको १ भाग पर सारी फैसला कार्यान्वयन गर्नु भनी भएको आदेश सो हदसम्म बदर हुनुपर्दछ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो ।

विपक्षी कृष्णप्रसाद, शोभा शिवाकोटीको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद सापकोटा र विद्वान् अधिवक्ता श्री तिलप्रसाद गौतमले निवेदिकाले कि.नं. २१२१ को जग्गा र घरबाट छुट्टि भिन्न भएका छोराले तिर्नु बुझाउनु पर्ने दायित्वमा लिलाम हुन नसक्ने भनी जिकिर लिएको भए तापनि हाम्रो पक्षले फैसलाले ठहरेको बिगो भरी भराउको लागि काठमाडौं जिल्ला अदालतमा दरखास्त गरी जायजात मुचुल्का, पञ्चकिर्ते मूल्याङ्कन भई लिलामको चरणमा रोक्का राख्न निवेदन दिएको अवस्थामा लिलाम प्रक्रियालाई रोक्का राख्न मिल्दैन । लिलाम प्रक्रिया रोक्का राखेमा फैसला निस्प्रयोजन हुन्छ । फैसला कार्यान्वयन नभएमा पक्षले पाएको न्यायको अनुभूति सार्थक हुन सक्दैन । वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।८।२० को फैसलाउपर मणिन्द्रलालले पुनरावेदन नगरी स्वीकार गरेको देखिन्छ । मणिन्द्रलालले मिति २०६०।३।२ मा अंशबापतको रकम लिएको देखिएको भएपनि निजले सो लिखत पारित हुनुभन्दा पहिलादेखि नै जाहेरवालाहरूबाट रकम लिएको देखिन्छ । त्यस्तो अवस्थामा कि.नं. २१२१ को जग्गा र घरलाई २ भाग गरी मणिन्द्रलालको भागबाट बिगो असुलउपर गर्नु भनी पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।९।३ मा भएको आदेशमा कुनै त्रुटि नभएको हुँदा सो आदेश सदर भई वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।८।२० को फैसला कार्यान्वयन हुनुपर्दछ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो ।

उपर्युक्तबमोजिमको बहस सुनी निवेदन मागदाबीबमोजिमको आदेश जारी हुनुपर्ने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा निवेदिकाको का.जि.का.म.न.पा. वडा नं. २१ अन्तर्गतको कि.नं. २१२१ को ०-०-१-३ क्षेत्रफल जग्गा र सो जग्गामा बनेको घर मेरो निर्विवाद हक भोगको हो । उक्त घर र जग्गाबाट छुट्टि भिन्न भएका व्यक्तिको दायित्वको बिगो र हर्जनासमेत असुलउपर गर्न मिल्दैन । जाहेरवाला कृष्णप्रसाद र शोभा शिवाकोटीले वैदेशिक रोजगार मुद्दामा ठहरेको बिगो असुलउपर गर्न धादिङ जिल्ला गजुरी गा.वि.स. ४(ग), कि.नं. १८५, १८८, १२४, १२५ र उक्त कि.नं. २१२१ को जग्गा र घरसमेत देखाएको अवस्थामा उल्लिखित अन्य जग्गाबाट असुलउपर गर्न कारवाही अगाडि नबढाई सोही मेरो नामको जग्गा र घरबाट छुट्टी भिन्न भएका छोराले तिर्नुपर्ने बिगोमा कारवाही अगाडि बढाउने गरी भएको जिल्ला अदालतको आदेश प्रथमतः मुलुकी ऐन,

लेनदेन व्यवहारको ८, ९ र दण्डसजायको महलको २६ नं. को विपरीत छ। द्वितीयत: विपक्षी पुनरावेदन अदालत, पाटनले गरेको आदेशमा ऐ. अपुतालीको महलको २ र ६ नं. को त्रुटि छ। पुनरावेदन अदालतले मेरो एकलौटी नाममा कायम हुने जग्गा २ भाग लगाउन मिल्दैन । मणिन्द्रलालले अंश लिई सकेको हुँदा पुनरावेदन अदालत, पाटनको मिति २०७१।९।३ को आदेश सो हदसम्म उत्प्रेषणको आदेशले बदर गरी पूरै जग्गा फुकुवा गरी दिनु भनी परमादेशको आदेश गरिपाउँ भन्नेसमेत व्यहोराले निवेदन दिएको देखिन्छ।

३. कृष्णप्रसाद शिवाकोटीसमेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी मणिन्द्रलाल रञ्जितकार भएको वैदेशिक रोजगार ठगी मुद्दामा वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६८।८।२० मा प्रतिवादी मणिन्द्रलाल रञ्जितकारलाई रू.३,००,०००।– (तीनलाख रूपैयाँ) जरिवाना, जाहेरवालाहरूले फिर्ता लिएको रू.१८,०००।– (अठार हजार रूपैयाँ) कट्टा गरी बाँकी रू.३४,८२,०००।– (चौंतिस लाख बयासी हजार रूपैयाँ) र सोको ५० प्रतिशतले हुने हर्जना रू.१७,४१,०००।– (सत्र लाख एकचालिस लाख रूपैयाँ) समेत रू. ५२,२३,०००।– (बाउन्न लाख तेइस हजार रूपैयाँ) भराई पाउने ठहर्छ भन्ने व्यहोराले फैसला भएको तथ्यमा विवाद छैन। उक्त फैसलाउपर विपक्षी प्रतिवादी मणिन्द्रलालले पुनरावेदन नगरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको मिति २०६८।८।२० को फैसला अन्तिम भएर बसेको देखिन्छ।

४. अन्तिम भएर बसेको फैसला कार्यान्वयनयोग्य हुन्छ । आफूले भरी पाउने बिगो जाहेरवाला कृष्णप्रसाद शिवाकोटीसमेतले प्रतिवादी मणिन्द्रलाल रञ्जितकारले वैदेशिक रोजगार ठगी मुद्दा अनुसन्धान क्रममा जेथा जमानत राखेको धादिङ जिल्ला गजुरी गा.वि.स. वडा नं. ४ (ग), कि.नं. १८५, १८८, १२४, १२५ का जग्गा, प्रतिवादीका बुबा अमृतलाल रञ्जितकारको नाममा कायम रहेको का.जि.का.म.न.पा. वडा नं. २१ कि.नं. २१२१ को जग्गा र सो जग्गामा बनेको घरबाट भराई पाउन विपक्षी काठमाडौं जिल्ला अदालतमा मिति २०६९।५।५ मा मुलुकी ऐन, दण्ड सजायको ४२ नं. बमोजिम दरखास्त दिएको देखिन्छ। उक्त दरखास्तको कारवाहीको क्रममा काठमाडौं जिल्ला अदालतका फैसला कार्यान्वयन अधिकारीबाट सोही मितिमा फैसला कार्यान्वयन गर्नु भनी आदेश भई जायजात मुचुल्का, पञ्चकिर्ते मूल्याङ्कन भई पहिलो पटक लिलाम सकार नभएपछि दोस्रो पटक लिलामको लागि सूचना प्रकाशन भएपश्चात् सो लिलामी सूचना रोक्का राख्न निवेदिकाले निवेदन दिएपछि फैसला कार्यान्वयन अधिकारीबाट मिति २०७१।६।१ मा निवेदिकाको श्रीमान् अमृतलालको नामको उक्त कि.नं.२१२१ को जग्गा र घरबाट ठहरेको जाहेरवालाहरूको बिगो भराउने प्रयोजनको लागि लिलामी कारवाही रोक्न मिलेन भन्नेसमेत व्यहोराले आदेश गरेको देखिन्छ।

५. उक्त आदेश बेरीतको भनी निवेदिकाले गरेको ६१ नं. को निवेदनमा काठमाडौं जिल्ला अदालतबाट सदर भएको देखिन्छ । उक्त आदेश पनि बदर गरी पाउन परेको अ.बं. १७ नं. को निवेदनमा पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।९।३ मा विवादित जग्गा प्रतिवादी मणिन्द्रलाल रञ्जितकारको बाबु अमृतलाल रञ्जितकारको नाममा रहेको र निजको मिति २०६५।२।१९ मा मृत्यु भएको देखिएको, निवेदन मैया रञ्जितरकार प्रतिवादी मणिन्द्रलाल रञ्जितकारको आमा भएको देखिएको तथा वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।८।२० को फैसलाअनुसार जाहेरवाला कृष्णप्रसाद शिवाकोटीसमेतले प्रतिवादी मणिन्द्रलाल रञ्जितकारबाट बिगो भराई पाउने ठहर भएको देखिएको हुँदा निवेदन दाबीको घर जग्गाको दुई भागको एक भाग निवेदक मैया रञ्जितकारको भागबाट पनि बिगो भरी

भराउ गर्ने गरी भएको काम कारवाही सो हदसम्म बेरीतको देखिन आयो । अतएव: निवेदन दाबीको कि.नं. २१२१ को घर जग्गाको दुई भागको एक भाग निवेदक मैया रञ्जितकारको भागबाट पनि कृष्णप्रसाद शिवाकोटीसमेतको बिगो भरी भराउ गर्ने गरी भएको काम कारवाही सदर गर्ने गरेको त्यस अदालतको मिति २०७१।७।१४ को आदेश सो हदसम्म बदर गरिदिएको छ । अब निवेदन दाबीको कि.नं. २१२१ को घर जग्गामध्ये दुई भागको १ भाग निवेदक मैया रञ्जितकारको भाग परसारी फैसलाअनुसार प्रतिवादी मणिन्द्रलालको भागबाट बिगो भराउसम्बन्धी कारवाही गर्नुहोला भन्ने व्यहोरा उल्लेख भएको छ ।

६. सुरू अदालतले गरेको आदेश बेरीतको भए पुनरावेदन अदालतले अ.बं. १७ नं. को रोहमा उपयुक्त आदेश जारी गर्ने सक्ने तथ्यमा विवाद छैन । अ.बं.१७ नं. को रोहमा पुनरावेदन अदालतले गरेको आदेश परिवर्तन गर्ने अधिकारक्षेत्र माथिल्लो अदालतले सैद्धान्तिक विचलन वा कानूनको घोर उल्लङ्घन भएको अवस्थामा बाहेक प्रयोग गर्नु उपयुक्त हुँदैन । वस्तुत: मातहत अदालतमा परेका मुद्दाको काम कारवाहीमा म्याद नाघेको वा बेरीत भएको वा कार्यविधि कानूनको त्रुटि गरी आदेश गरेको स्पष्ट देखिएमा यस अदालतले बदर गर्नसक्ने हो । न्यायिक मनको प्रयोग गरी गरेको आदेश बदर गर्दा कार्यान्वयनयोग्य फैसलामा पर्ने प्रभावलाई पनि यस अदालतले सदैव ध्यान राख्नुपर्ने हुन्छ । अदालतको अन्तिम फैसला कुनै पनि हालतमा कार्यान्वित हुनपर्दछ भन्ने कुरामा विवाद हुन सक्दैन ।

७. कि.नं. २१२१ को जग्गा अमृतलाल रञ्जितकारको नाममा भएको तथ्यमा विवाद छैन । प्रस्तुत विवादमा निवेदिकाले मेरो एकलौटी हक भोगमा आउने जग्गा घरबाट छुट्टी भिन्न भएका छोराले बुझाउनु पर्ने बिगोमा लिलाम गर्न नमिल्ने जिकिर लिएको देखिन्छ । वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।८।२० को फैसलाउपर पुनरावेदन नपरी मुद्दा अन्तिम भएर बसेको देखिन्छ । वैदेशिक रोजगार ठगी मुद्दाका जाहेरवाला कृष्णप्रसाद र शोभा शिवाकोटीले निवेदिकाको पति अमृतलाल रञ्जितकारको नामको कि.नं. २१२१ को जग्गा बाहेक धादिङ जिल्ला गजुरी गा.वि.स. अन्तर्गतको कि.नं. १८५, १८८, १२४, १२५ का जग्गाहरू देखाई मिति २०६९।५।५ मा काठमाडौं जिल्ला अदालतमा बिगो भरी भराउको लागि दरखास्त दिएपछि प्रतिवादी मणिन्द्रलाल रञ्जितकारको नाममा जारी भएको म्याद घर दैलोमा टाँस भएकोमा मणिन्द्रलाल रञ्जितकार अदालतमा उपस्थित भएको देखिएन । फैसलाबमोजिम जाहेरवालाको बिगो भरी भराउको लागि निज विपक्षी मणिन्द्रलाल रञ्जितकार आफैँ सक्रिय हुनुपर्ने हो ।

८. विवादित जग्गाबाट जाहेरवाला विपक्षी कृष्णप्रसाद र शोभा शिवाकोटीले बिगो भरी भराउको लागि निवेदन दिएपश्चात् मिति २०७०।११।२५ मा जायजात मूल्याङ्कन र मिति २०७१।१।८ मा पञ्चकिर्ते मूल्याङकन भएको भन्ने कुरा प्रमाणमा आएको २०६९ सालको बिगो नं. १/२२४ को मुद्दाबाट देखिन आएको छ । सोपश्चात् मिति २०७१।२।२२ मा पहिलो पटक लिलामी हुने भनी सूचना प्रकाशित गरी घर र जग्गामा सूचना टाँस तामेल भई मिति २०७१।२।२२ मा डाक लिलाम हुँदा कसैले लिलाम नसकारेकाले मिति २०७१।३।२३ मा दोस्रो पटक डाक लिलाम हुने गरी सूचना प्रकाशन भएको देखिन्छ । त्यसरी जायजात मुचुल्का, पञ्चकिर्ते मूल्याङ्कन र पहिलो लिलामी सूचना निवेदिका बस्दै आएको विवादित जग्गा र घरमा तामेल टाँस भएको र सो दिन लिलाम हुन नसकेपछि काठमाडौं जिल्ला अदालतले मिति २०७१।३।१ मा मिति २०७१।३।२३ मा दोस्रो पटक डाक लिलाम हुने निर्णय भएपश्चात् मिति २०७१।३।२२ मा लिलाम कार्य रोक्का गरी पाउन निवेदन दिएको देखिन्छ । त्यसपछि मिति २०७१।८।११ मा पनि लिलामी कारवाही हुने

गरी प्रकाशित सूचना स्थगित भएको कुरा निवेदनबाट देखिन आउँछ।

९. उक्त निवेदन र प्रस्तुत रिट निवेदनसमेतमा निवेदिकाले छुट्टि भिन्न भएको छोराको तिर्नुपर्ने बिगोमा मेरो हकमा आउने जग्गाबाट बिगो असुलउपर हुन नसक्ने भनी उल्लेख गरेको देखिन्छ । मिसिल संलग्न रहेको अंश छोडपत्रको कागजमा निजले मिति २०६०।३।२ मा अंश छोडपत्र गरेको देखिए तापनि मणिन्द्रलालले वैदेशिक रोजगार ठगी मुद्दाका जाहेरवालामध्ये शोभा शिवाकोटीबाट सो मितिभन्दा अगावैदेखि अर्थात् मिति २०५७।६।१३ मा रू. ५,००,०००।– (पाँच लाख रूपैयाँ), अर्का व्यक्ति सुनिल शिवाकोटीबाट मिति २०५७।१२।९ मा रू.५,००,०००।– (पाँच लाख रूपैयाँ) र जाहेरवाला कृष्णप्रसाद शिवाकोटीबाट मिति २०६०।१२।६ मा रू.२५,००,०००।– (पच्चीस लाख रूपैयाँ) समेत गरी रू.३५,००,०००।– (पैंतीस लाख रूपैयाँ) लिएको देखिन्छ । यसरी अंश छोडपत्र गर्नुभन्दा पहिला पनि कागज गरी शोभा शिवाकोटी र सुनिल शिवाकोटीबाट रू.१०,००,०००।– (दश लाख रूपैयाँ) र सोभन्दा पछि लिएको रू.२५,००,०००।– (पच्चीस लाख रूपैयाँ) समेत बिगो वैदेशिक रोजगार ठगी मुद्दामा बिगो कायम भई वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला अन्तिम भई यथावत कायम रहेको देखिन आयो । यसरी विपक्षी मणिन्द्रलाल रञ्जितकारले निजको बुबा अमृतलालको जीवनकालमा सगोलमा रहेको समयमा लेनदेन कारोबार गरेको देखिँदा अमृतलालको नाममा कायम रहेको कि.नं. २१२१ को जग्गा र घरलाई दुई भाग लगाई दुई भागमध्ये निवेदिका मैया रञ्जितकारको भाग पर सारी विपक्षी मणिन्द्रलाल रञ्जितकारको भागबाट मात्र वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।८।२० को फैसला कार्यान्वयन गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।९।३ मा भएको आदेश त्रुटिपूर्ण देखिन आएन । तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

उक्त आदेशमा सहमत छु ।
न्या.गोविन्दकुमार उपाध्याय

इजलास अधिकृत : भीमबहादुर निरौला
इति संवत् २०७२ साल माघ १४ गते रोज ५ शुभम् ।

## निर्णय नं.९६३६

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपकराज जोशी
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
आदेश मिति : २०७३।२।२६।४
०७०-WO-०७४५

विषय : परमादेश

रिट निवेदक : न्याय तथा अधिकार संस्था नेपाल (जुरी-नेपाल) र आफ्नो हकमा समेत अधिवक्ता श्यामकुमार विश्वकर्मासमेत

विरूद्ध

प्रत्यर्थी : सम्माननीय प्रधानमन्त्री, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत

- **जातीय भेदभाव रोकथामको सम्बन्धमा महत्त्वपूर्ण व्यवस्था रहेको सबै प्रकारको जातिय भेदभाव उन्मुलन**

**गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्ध, १९६५ लाई नेपालले अनुमोदन गरेको हुँदा उक्त महासन्धिका व्यवस्थालाई राष्ट्रिय परिवेशमा कार्यान्वयनको लागि नेपालमाथि दायित्व थप भएको देखिन्छ । नेपालले अन्तराष्ट्रिय सन्धि, महासन्धि र प्रोटोकलहरूलाई अनुमोदन गरेपश्चात् सन्धि ऐन, २०४७ को दफा ९ अनुसार उक्त सन्धि महासन्धि नेपाल कानूनसरह लागू हुने विद्यमान कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा उक्त महासन्धि सिधै नेपाल कानूनसरह लागू हुनसक्ने पनि देखिन्छ । यस्तो महासन्धिमा उल्लिखित आफूले स्वीकार गरेका व्यवस्था कार्यान्वयन गर्न स्थानीयरूपमा राष्ट्रिय कानूनसमेत आवश्यक हुने परिप्रेक्ष्यमा नेपालले जातीय भेदभाव र छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ सम्बन्धी विशेष कानूनी व्यवस्था गरेको देखिन्छ । नेपाल अधिराज्यको संविधान २०४७, नेपालको अन्तरिम संविधान २०६३ र वर्तमान नेपालको संविधानमा समेत जातीय भेदभाव र छुवाछुत विरूद्धको हकलाई मौलिक हकको रूपमा राखी संवैधानिक मान्यता प्रदान गरिएको देखिँदा अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूपको दायित्व पूरा गर्नका लागि समेत छिटो नियमावलीको तर्जुमा हुनु आवश्यक देखिन्छ । जातीय भेदभाव तथा छुवाछुतसम्बन्धी ऐन तर्जुमा भएको पाँच वर्षको अवधि व्यतित भइसकेको अवस्थामा पनि नेपाल सरकारका तर्फबाट नियमावली तर्जुमा नभएको कार्यलाई अनुचित विलम्ब नै मान्नुपर्ने ।**

(प्रकरण नं.७)

- **वर्तमान समाज २१ औं शताब्दीमा प्रवेश गरिसकेको अवस्थामा दासयुगीन कुसंस्कार र कुरीति तथा समाजलाई विभाजित गरी मानव-मानवका बीच अनुचित भिन्नता ल्याउने सबै प्रकारका जातीय भेदभावलाई संविधानले नै निषेधित कार्यको रूपमा राखेको देखिन्छ । यसरी संविधानमा उल्लिखित व्यवस्था कार्यान्वयनको लागि तर्जुमा भएको जातीय विभेद र छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ को सहज कार्यान्वयनको लागि आवश्यक नियमावलीको तर्जुमा लामो समयसम्म हुन नसक्दा उक्त ढिलाइका कारण संवैधानिक व्यवस्थाको कार्यान्वयनमा नै परोक्षरूपमा असर पर्ने जाने देखिन्छ । ऐनमा उल्लिखित व्यवस्थाको वास्तविकरूपमा कार्यान्वयन गर्नका लागि आवश्यक नियमावली तर्जुमाको विषयलाई विभिन्न बहानामा ढिलाई गरिरहनु संवैधानिक तथा कानूनी आवश्यकताको रोहमा समेत उचित मान्न नसकिने ।**

(प्रकरण नं.९)

रिट निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता राजुप्रसाद चापागाई, खुशीप्रसाद थारू र शशि बस्नेत

प्रत्यर्थीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्यामकुमार भट्टराई

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- सबै प्रकारको जातीय भेदभाव उन्मुलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५
- सन्धि ऐन, २०४७ को दफा ९
- जातीय भेदभाव र छुवाछुत (कसुर र सजाय) ऐन, २०६८

- नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३(१), १३(३), १४, १६, २४(१), २४(२), २४(३), २४(४), २४(५), २५५, २५६, २५७

आदेश

**न्या.दीपकराज जोशी :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा १०७(२) बमोजिम यस अदालतको क्षेत्राधिकारअन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छ।

हामी निवेदक र निवेदकहरूले प्रतिनिधित्व गरेको संस्था प्रचलित ऐन कानूनहरूको प्रभावकारी कार्यान्वयनको निमित्तसमेत आवश्यकताबमोजिम विभिन्न स्तरमा बहस, छलफल र वकालत गर्दै कानूनी शासनको प्रत्याभूतिको लागि राज्यलाई सघाउ पुर्‍याउँदै आइरहेको सचेत नागरिकहरू र संस्था हौं। कानूनीरूपमा नेपालमा जातीय भेदभावको अन्त्य मुलुकी ऐनले २०२० साल भदौ १ गतेदेखि नै गरेको भए पनि जातीय भेदभाव र छुवाछुतलाई अपराध घोषणा नगरेको कारणले आज आधा शताब्दीसम्म पनि नेपालमा जातीय भेदभाव र छुवाछुत कायमै रहेको छ। जसले गर्दा अन्तर्राष्ट्रिय मानव अधिकार, संविधान तथा प्रचलित कानूनद्वारा प्रद्धत्त अधिकारहरूको अभ्यास तथा उपभोगमा बाधा उत्पन्न भएको छ। जातीय भेदभाव र छुवाछुतको कारणले प्रचलित नेपाल कानूनले तोकेका सम्पूर्ण दायित्व चाहिँ भेदभाव र छुवाछुत पीडितले अन्यसरह पूरा गर्नुपर्ने तर तिनै कानूनले दिएका अधिकार चाहिं समानरूपमा अभ्यास र उपभोग गर्न नपाएको अवस्था विद्यमान रहेको छ। जातीय भेदभाव र छुवाछुतबाट पीडितहरूको दृष्टिकोणबाट नेपालका संविधानहरूले प्रदान गरेका समानताको अधिकार तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालले गरेको प्रतिबद्धता केवल कागजी प्रतिबद्धतामा मात्र सीमित हुन पुगेका छन्। जातीय भेदभाव तथा छुवाछुत अमानवीय, निन्दनीय कार्य भएको हुनाले त्यसलाई निर्मूल गर्ने उद्देश्यका साथ जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ ऐन निर्माण भएको हो। उक्त ऐनले जातीय भेदभाव र छुवाछुतलाई हाल कानूनीरूपमा नै दण्डनीय कसुरको कोटीमा राखेको भए पनि, नेपाली समाजमा उक्त कार्य अद्यापि हुँदै आइरहेको छ। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ ले समानताको हक, धारा १४ ले जातीय भेदभाव तथा छुवाछुत विरूद्धको हकको प्रत्याभूति गरी सबै नागरिक समान हुने र जातीय भेदभाव तथा छुवाछुतको कार्यलाई दण्डनीय बनाउने कुरालाई अधिकारकै रूपमा प्रत्याभूति गरेको छ। नेपाल पक्ष राष्ट्र भएका विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूले जातीयताको आधारमा गरिने कुनै पनि भेदभाव तथा बहिष्करणलाई पूर्णत: निषेध गरेका छन्। खासगरी जातीय विभेद विरूद्धको महासन्धि, १९६५ ले जातजाति, वंश, पेसा, समुदायका आधारमा हुने भेदभाव उन्मूलन गर्नुपर्ने व्यवस्था गरी नेपाललाई जातीय भेदभाव तथा छुवाछुतको व्यवहारको उन्मूलन, निराकरण, नियन्त्रण गरी जातीय भेदभाव तथा छुवाछुतको प्रताडना भोगिरहेका पीडितहरूको संरक्षण गर्नुपर्ने दायित्व सृजना गरेका छन्। त्यस्ता अन्तर्राष्ट्रिय कानूनी दायित्वहरूको प्रभावकारी कार्यान्वयन गर्नु विपक्षीहरूको संवैधानिक दायित्वको रूपमा रहेको छ। साथै, सम्मानित सर्वोच्च अदालतबाट जातीय भेदभाव तथा छुवाछुतका सम्पूर्ण पक्षलाई सम्बोधन गर्ने गरी एक छुट्टै कानून निर्माण गर्न सरकारका नाममा निर्देशात्मक आदेश जारीसमेत भइसकेको हो (२०६१ सालको रिट नं. ४६, फैसला मितिः २०६२।१।८)।

जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ ले जातीय विभेद तथा छुवाछुतजन्य कार्य आफैँ गर्ने तथा अरू मार्फत गराउन कुरालाई मात्रै निषेध गरिएको नभएर त्यस भेदभाव

तथा छुवाछुतजन्य निषेधित कार्यलाई समर्थन गर्ने, दुरूत्साहन गर्ने वा उक्सार्ने कार्यलाई समेत वर्जित गरी दण्डनीय बनाइएको छ। त्यसबाहेक, यस ऐनको दफा ४ अन्तर्गत जातीय भेदभाव तथा छुवाछुतका निषेधित आधारहरूको सूची पनि प्रस्टसँग उल्लेख गरिएको छ। त्यस्ता निषेधित आधारहरूमा प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जात, जाति, वंश, समुदाय वा पेसा पर्दछन्। यीमध्ये कुनै पनि आधारमा यदि कसैले कसैउपर कुनै विभेदजन्य काम गरे वा गराएमा जातीय भेदभाव तथा छुवाछुत गरेको मानिने व्यवस्था गरेको छ। त्यसैगरी यस ऐनले गरेको अर्को महत्त्वपूर्ण कुरा के छ भने यसले सार्वजनिक तथा निजी दुवै स्थललाई कानूनको दायराभित्र ल्याएको छ। कसैले कुनै पनि व्यक्तिलाई ऐनले निषेध गरेका कुनै पनि आधारमा सार्वजनिक वा निजी स्थानमा जातीय भेदभाव वा छुवाछुतजन्य कार्य गरेको अवस्थामा ऐनअन्तर्गत फौजदारी दण्डको भागिदार बन्नुपर्ने व्यवस्था छ। प्रस्तुत ऐन प्रचलनमा आएको पनि तीन वर्ष बित्नै लागेको छ। तथापि नेपाली समाजमा जातीय भेदभाव तथा छुवाछुतका अपराधको संख्या घट्नुका साटो परिमार्जित शैलीमा बढिरहेका छन्। नेपाली जनता खास गरी जातीय भेदभाव तथा छुवाछुतको मार खेपिरहेका दलित समुदायहरूले आफूहरू विरूद्ध हुने गरेका जातीय भेदभाव तथा छुवाछुतको अपराध प्रचलित कानूनको कार्यान्वयनपश्चात् क्रमशः घट्दै जाने तथा उन्मूलन हुने आशा लिएका थिए। तर व्यवहारमा त्यसो हुन सकिरहेको छैन।

प्रस्तुत ऐनको कसैले उल्लङ्घन गरी कसैले कसुर गरेको खण्डमा ऐनको व्यवस्था कार्यान्वयन गर्नको लागि नियमावलीको अनिवार्यता ऐनको दफा ५ को संरचनाबाट स्पष्ट छ। ऐनको दफा ५(१) मा ऐनबमोजिमको कुनै कसुर भएमा वा हुन लागेमा प्रहरीमा उजुर गर्न, उपदफा (३) ले प्रहरीले कानूनबमोजिम त्यस्ता कसुरजन्य कार्यलाई कारवाही नगरेमा राष्ट्रिय दलित आयोगमा उजुरी दिन र राष्ट्रिय दलित आयोगले कारवाही गर्न लेखी पठाउनसमेत नियमावलीको अनिवार्यता रहेको छ। अर्थात् नियमावलीबिना ऐनबाट निषिद्ध कार्यलाई कारवाही गराउनको लागि कारवाही चाल्न नै रोकिएको छ र नियमावलीको अभावले गर्दा उजुरी दिने व्यक्ति, उजुरी लिई कारवाही गर्ने तथा गराउने निकायसमेत सबैको हात बाँधिएको अवस्था रहेको हुनाले गर्दा संविधान, अन्तर्राष्ट्रिय मानव अधिकार कानूनहरू तथा स्वयम् ऐनकै कार्यान्वयन रोकिएको छ। नियमावली तर्जुमा नगर्ने विपक्षीको कार्य सार्वजनिक सरोकारको विषयसमेत भएकाले गर्दा यो निवेदन लिएर उपस्थित भएका छौं।

विधायिकाले तत्काल लागू हुने गरी ऐन बनाइसकेपछि त्यसलाई विधायिकाको मनसायबमोजिम लागू गराउने दायित्व विपक्षी नेपाल सरकार मन्त्रिपरिषद्को हो। त्यसैले लागू भएको मितिदेखि नै कार्यान्वयनयोग्य बनाउनको लागि ऐनको उद्देश्यबमोजिम नियमावली बनाउनेलगायतका अन्य संरचना तयार गर्ने कर्तव्य विपक्षीको हो। अतः छुवाछुत तथा जातीय भेदभाव जस्तो निकृष्ट आपराधिक कार्यको समाजबाट उन्मूलन गरी सामाजिक न्याय तथा समानताको अधिकार प्रबर्द्धन गर्नको लागि नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) अन्तर्गत १ महिनाको समयावधिभित्रै जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ लाई कार्यान्वयन गर्नको लागि नियमावली जारी गर्नु र कार्यान्वयनमा ल्याउनु भनी परमादेशको आदेश जारी गरिपाउँ भन्नेसमेत व्यहोराको रिट निवेदन श्याम विश्वकर्मासमेतको तर्फबाट पेस भएको रिट निवेदन।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? यो आदेश प्राप्त भएको मितिले बाटाको म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भनी रिट निवेदनको एकप्रति नक्कल

साथै राखी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत सबै विपक्षीहरूलाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई पठाइदिनू। लिखित जवाफ परेपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नू । साथै विषयको प्रकृति हेर्दा छिटो निर्णय गर्नुपर्ने देखिँदा अग्राधिकार दिई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको आदेश।

जातीय भेदभाव तथा छुवाछुत जस्तो सामाजिक अपराधलाई निरूत्साहन गरी समाजमा सबै जात जाति, वर्ग र समुदायबीच आपसी सामान्जस्यता एवं समानता कायम गर्न नेपाल सरकार सदैव प्रतिबद्ध रहेकोले सो उद्देश्यको लागि प्रस्तुत ऐन ल्याइएको हो । ऐनको कार्यान्वयनको लागि नियमावली बनाउने विषयमा समेत नेपाल सरकार संवेदनशील रहेको र यस सम्बन्धमा नेपाल सरकारले सम्बद्ध सबै पक्षसँग परामर्श गरी नियमावली बनाउने सम्बन्धमा पहल गरिरहेको हुँदा मसमेतलाई विपक्षी बनाई दायर गरिएको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको कानून न्याय संविधान सभा तथा संसदीय मामिला मन्त्रीको तर्फबाट पेस भएको लिखित जवाफ।

जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ लाई कार्यान्वयन गर्नको लागि सो ऐनअन्तर्गत नियमावली बनाउनु पर्ने विषयमा नेपाल सरकार संवेदनशील रहेको र सो विषयमा नियमावली बनाउने सम्बन्धमा सम्बन्धित निकायबाट अनुरोध हुँदाका बखत यस मन्त्रालयबाट आवश्यक कारवाही हुने नै भएकाले बिना आधार यस मन्त्रालयलाई विपक्षी बनाई पेस भएको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको कानून न्याय संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको तर्फबाट सचिव भेषराज शर्माले पेस गरेको लिखित जवाफ।

जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ को प्रस्तावनामा उल्लिखित मूल उद्देश्य र कानूनी व्यवस्थाको कार्यान्वयनलगायत जात, जाति, वर्ण, समुदाय वा पेसाका आधारमा हुने छुवाछुत तथा भेदभावको अन्त्यका लागि विभिन्न निकायहरूबाट भए गरेका काम कारवाहीको अनुगमन, सुपरीवेक्षण तथा समन्वय गर्न र यससम्बन्धमा समय समयमा सम्बद्ध निकायहरूलाई आवश्यक निर्देशन गर्नका लागि निश्चित संयन्त्रको निर्माणका लागि जातीय भेदभाव तथा छुवाछुत अन्त्य तथा दलितहरूको अधिकार प्रवर्द्धन संयन्त्र, २०६८ जारी भई कार्यान्वयनको क्रममा रहेको छ । उक्त जातीय भेदभाव तथा छुवाछुत अन्त्य तथा दलितहरूको अधिकार प्रवर्द्धन संयन्त्र, २०६८ मा संविधानसभामा प्रतिनिधित्व गर्ने प्रमुख पाँच राजनीतिक दलका तर्फबाट दलित वर्गको प्रतिनिधित्व गर्न प्रधानमन्त्रीबाट तोकिएका पाँचजना सदस्यहरू, राष्ट्रिय दलित आयोगका अध्यक्ष र गैरसरकारी क्षेत्रमा दलित उत्थान, जातीय भेदभाव तथा छुवाछुत अन्त्यका लागि क्रियाशील रहेका संघसंस्थामध्येबाट प्रधानमन्त्रीले तोकेका तीनजना सदस्य रहने व्यवस्था छ । त्यसैगरी नेपाल सरकारका मुख्यसचिवको संयोजकत्वमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयका सचिव उपसंयोजक रहनुका साथै राष्ट्रिय योजना आयोग, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय दलित आयोगका सचिवहरू तथा नेपाल सरकारका विषयसम्बद्ध निकायका सचिवहरू सदस्य रहेको जातीय भेदभाव तथा छुवाछुतको अन्त्यसम्बन्धी केन्द्रीय निर्देशक समितिका साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गतको जातीय भेदभाव तथा छुवाछुत अन्त्यका लागि समन्वय एकाईसमेतको स्थापना भई काम गर्दै आएको छ । स्थानीय स्तरमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जातीय भेदभाव तथा छुवाछुतको अन्त्यसम्बन्धी जिल्ला समन्वय समिति र गाउँ विकास समिति र नगरपालिकामा जातीय भेदभाव तथा छुवाछुतसम्बन्धी स्थानीय निगरानी केन्द्रहरूको स्थापना भई सञ्चालनमा रहेका छन् ।

जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ लाई कार्यान्वयन गर्न नेपाल सरकारले विभिन्न संयन्त्रहरू बनाई आवश्यक कार्य गर्दै आएकोमा सो ऐनको कार्यान्वयन गर्ने कुनै काम नै नभएको भन्ने रिट निवेदकको भनाई तथ्यमा आधारित रहेको देखिँदैन । जहाँसम्म सो ऐनलाई कार्यान्वयन गर्न नियमावली बन्नुपर्ने भनी रिट निवेदकले माग गर्नुभएको छ, ऐनको प्रभावकारी कार्यान्वयनको लागि नियमावलीको आवश्यकता पर्नेमा कुनै विवाद हुन सक्तैन । उक्त ऐनको दफा १६ मा नेपाल सरकारलाई ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक नियम बनाउन सक्ने अधिकार प्रदान गरेको छ । उक्त व्यवस्थाअन्तर्गत ऐनको कार्यान्वयनलाई थप सशक्त तुल्याउन सो ऐनले दिएको अधिकार प्रयोग गरी नियमावली बनाउन नेपाल सरकार सदैव प्रतिवद्ध रहेको र सो सम्बन्धमा आवश्यक अध्ययन र प्रक्रिया पूरा गरी नियमावली जारी गरिनेमा सम्मानित अदालतलाई विश्वास दिलाउन चाहन्छु । तसर्थ यससम्बन्धमा रिट निवेदकको मागबमोजिम सम्मानित अदालतबाट आदेश जारी हुनुपर्ने अवस्था छैन, रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा स्वयम् प्रधानमन्त्रीसमेतको तर्फबाट पेस भएको लिखित जवाफ ।

नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत रिट निवेदनमा रिट निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री राजुप्रसाद चापागाई, श्री खुशीप्रसाद थारू र श्री शशि बस्नेतले ऐनको तर्जुमा भएको लामो समयसम्म नियम तर्जुमा नहुँदा ऐनको उद्देश्य नै पराजित हुन जाने र जातीय भेदभाव र छुवाछुतको कसुरमा उजुरी दिन पीडित नागरिकलाई समस्या पर्ने अवस्था हुँदा यथाशीघ्र नियमावली तर्जुमाको लागि मागबमोजिम आदेश जारी हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो । त्यसैगरी विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराईले नेपाल सरकार नियमावली तर्जुमा गर्ने प्रक्रियामा रहेको र सबै कार्यविधिगत प्रक्रिया पूरा गरी नियम तर्जुमा हुन केही समय लाग्ने हुँदा तत्कालै मागबमोजिम आदेश जारी गरिरहनुपर्ने आवश्यकता छैन । समयक्रमसँगै निवेदकको माग पूरा हुने गरी नियमावली तर्जुमा हुने नै हुँदा रिट निवेदन खारेज हुनुपर्दछ भनी प्रस्तुत गर्नुभएको बहससमेत सुनियो ।

मिसिलसाथ संलग्न रिट निवेदन तथा पेस भएको लिखित जवाफ अध्ययन गरी, विद्वान् कानून व्यवसायीहरूले प्रस्तुत गर्नुभएको बहस जिकिर सुनी निर्णयतर्फ विचार गर्दा निवेदकले उठाएको नियमावली तर्जुमाको विषयमा मागबमोजिम परमादेशको आदेश जारी हुने हो, होइन ? निर्णय दिनुपर्ने देखियो ।

२. यसमा जातीय भेदभाव तथा छुवाछुतलाई निन्दनीय कार्यको रूपमा लिई त्यसलाई निर्मूल गर्ने उद्देश्यले जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ सालमा निर्माण भएपनि उक्त ऐनको कार्यान्वयनको लागि आवश्यक नियमावलीको तर्जुमा हालसम्म नगरी ऐनको व्यवस्था कार्यान्वयनमा नेपाल सरकारका तर्फबाट अनुचित बिलम्ब गरेको हुँदा नियमावली जारी गरी कार्यान्वयनमा ल्याउन परमादेशको आदेश माग गरी निवेदन पेस भएकोमा विपक्षी कानून न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतको तर्फबाट पेस भएको लिखित जवाफमा सरकार नियमावली बनाउनेसम्बन्धमा संवेदनशील रहेको, सम्बद्ध सरोकारवाला सबैसँग परामर्श गरी नियमावली बनाउने पहल भइरहेको, विस्तृत अध्ययनपश्चात् ऐनको उद्देश्य पूरा हुने गरी नियमावली जारी गरिने नै हुँदा अनावश्यक शंका गरी निवेदन दायर गर्नु र सोही निवेदनको आधारमा आदेश जारी गरिरहनुको औचित्य छैन, रिट निवेदन खारेज

हुनुपर्दछ भनी लिखित जवाफ पेस भएको देखिन्छ।

३. रिट निवेदकले उठाएको विषयका सम्बन्धमा विपक्षी लिखित जवाफकर्ताको तर्फबाट रिट निवेदनका सम्बन्धमा आफूले नियमावली तर्जुमा गरी नसकेको भएपनि उठान गरिएको विषयको संवेदनशीलतालाई विचार गरी नियमावली तर्जुमा गर्ने प्रक्रियामा नेपाल सरकार रहेको भनी नियमावली तर्जुमा गर्नेसम्बन्धी आफूउपर रहेको दायित्व स्वीकार गरी लिखित जवाफ पेस गरेको देखिँदा प्रस्तुत विषयमा नियमावली तर्जुमाको आवश्यकता र तर्जुमामा हुन गएको ढिलाइका सम्बन्धमा सम्बन्धित रही रिट निवेदनउपर विचार गर्नुपर्ने देखियो। जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६८ साल जेष्ठ १८ गतेका दिन प्रमाणीकरण भएको देखिन्छ। उक्त ऐनको प्रस्तावनामा "प्रत्येक व्यक्तिको अधिकार र मानवीय मर्यादामा समान हुने सिद्धान्तलाई आत्मसात् गर्दै प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज वा अन्य कुनै नाममा जात, जाति, वर्ण, समुदाय वा पेसाका आधारमा छुवाछुत तथा भेदभाव नहुने अवस्था सिर्जना गरी प्रत्येक व्यक्तिको समानता, स्वतन्त्रता र सम्मानपूर्वक बाँच्न पाउने अधिकारको संरक्षण गर्न तथा कुनै पनि स्थानमा गरिने छुवाछुत, बहिष्कार, प्रतिबन्ध, निष्कासन, अवहेलना वा त्यस्तै अन्य मानवता विरोधी भेदभावजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई क्षतिपूर्तिको व्यवस्था गरी सर्वसाधारणबीच सु-सम्बन्ध सुदृढ गरी राष्ट्रिय एकता अक्षुण्ण राखी समतामूलक समाजको सिर्जना गर्ने सम्बन्धमा समयानुकूल व्यवस्था गर्न" भनी ऐन तर्जुमा गर्नाको मुख्य उद्देश्य उल्लेख भएको पाइन्छ। ऐनको प्रस्तावनामा राखिएको उक्त उदेश्यले व्यापक दायरा समेटेको र जातीय विभेद र छुवाछुतलाई मानवताविरोधी भेदभावजन्य कार्य मानी दण्डात्मक बनाएको देखिन्छ। ऐनले जातीय भेदभाव र छुवाछुतको सम्बन्धमा सारभूत व्यवस्था गरेको भएपनि ऐनको उद्देश्यअनुरूपको अन्य व्यवस्था समावेश हुन नसकेको अवस्थालाई मध्यनजर गर्दै ऐनको दफा १६ मा नियम बनाउनसक्ने व्यवस्थाअन्तर्गत ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले नियम बनाउन सक्ने भन्ने व्यवस्था उल्लेख भएको देखिन्छ। यसरी हेर्दा ऐनको बृहत्तर उद्देश्यको रूपमा रहेको प्रस्तावनाको मूल मर्मलाई कार्यान्वयन गर्ने महत्त्वपूर्ण उपागमको रूपमा नियमावली नै रहेको भन्ने देखिन आउँछ। यसरी ऐन कार्यान्वयनको महत्त्वपूर्ण औजारको रूपमा रहेको नियमावली तर्जुमाको लागि सरकारको महत्त्वपूर्ण जिम्मेवारी भएपनि सो जिम्मेवारी नेपाल सरकारको तर्फबाट पूरा भएको देखिँदैन। ऐनको तर्जुमा भएको मिति २०६८ सालदेखि रिट निवेदन दायर भएको मिति २०७१ सालसम्म नियमावली तर्जुमा नभएको र यस अदालतबाट जारी भएको कारण देखाउ आदेशपश्चात् पेस भएको लिखित जवाफमा नियमावली तर्जुमा गर्नुपर्ने आफ्नो दायित्व भएको र नियमावली निर्माण गर्न लागि परेको भनी लिखित जवाफ पेस गरेको भए तापनि सो मितिले हालसम्म पुनः दुई वर्षको समयावधि व्यतित भइसकेकोमा नेपाल सरकारको तर्फबाट बहसको क्रममा उपस्थित विद्वान् सहन्यायाधिवक्ताले नियमावलीको तर्जुमा गर्ने कार्य यो यस्तो चरणमा पुगेको भनी बहस जिकिर पेस गर्न सकेको नदेखिँदा नियमावली तर्जुमा गर्ने कार्यलाई नेपाल सरकारले आवश्यकताको क्रममा राखेको देखिन आएन।

४. नियमावली तर्जुमाको आवश्यकताका सम्बन्धमा विचार गर्दा ऐन अर्थात् मुख्य कानूनको निर्माण विधायिका अर्थात् संसदबाट हुने गर्दछ। संसद्को कार्यक्षेत्र व्यापक भएको हुँदा कानून निर्माणको क्रममा समयाभावको कारण सबै विषय समेट्ने गरी ऐनमा नै सबै कुरा राख्न सम्भव हुँदैन, कतिपय ऐन कार्यान्वयनका यस्ता विशिष्ट पक्ष पनि हुन्छन् जुन कुरा विज्ञको सहयोगमा ऐनको उद्देश्यको पूर्ण प्राप्तिका लागि विधायिकी अधिकार कार्यपालिकीय अंगमा

प्रत्यायोजित गरिएको हुन्छ । ऐन कार्यान्वयनको वास्तविक आवश्यकता पूरा गर्ने मनसायले ऐनमा रहेको खालीपन नियमावलीमा विविध किसिमको व्यवस्था गरी पूर्ति गर्ने गरिन्छ । यस अर्थमा ऐनको पूर्णता भनेको नै कार्यविधिगत संरचनासहितको नियमावलीको तर्जुमा हो । ऐनमा सारभूतरूपमा मुख्य कानूनी व्यवस्था उल्लेख हुने र नियमावली ऐनको मर्मअनुरूपको उद्देश्य पूरा गर्ने मनसायले कानूनमा रहेको छिद्रता पूरा गर्नको लागि तर्जुमा गरिने हुँदा ऐनको कार्यान्वयनमा नियमको आवश्यकता महत्त्वपूर्ण मानिन्छ । ऐनले नै नियमावलीको परिकल्पना गरेको अवस्थामा जबसम्म नियमावली तर्जुमा हुँदैन तबसम्म ऐनले पूर्णता प्राप्त गरेको भनी मान्न सकिँदैन । प्रस्तुत जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐनको दफा १६ ले ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले नियमावली बनाउन सक्ने भनी परिकल्पना गरेको देखिँदा उक्त ऐनको उद्देश्य परिपूर्ति हुने गरी नियमावलीको तर्जुमा आवश्यकताको रोहमा महत्त्वपूर्ण देखिन आयो ।

५. समाजमा व्याप्त जातीय भेदभाव तथा छुवाछुतको परम्परागत मान्यतालाई समाजबाट सम्पूर्णरूपमा निर्मूल गर्नका लागि दण्डको प्रावधानसहित ऐनको तर्जुमा भएकोमा विवाद देखिँदैन । समाजमा धर्म संस्कृतिको आडमा, परम्पराको जगेर्ना गर्ने नाममा एकै समाजका मानिसहरूका बीचमा असमानता र भेदभाव दर्साउने छुवाछुत जस्तो निन्दनीय र निकृष्ट कार्यलाई दण्डनीय बनाई फौजदारी अपराधको रूपमा सूचीकृत गरेको हुँदा जातीय भेदभाव र छुवाछुत कसुरको गम्भीरता कति रहेको छ त्यसको सहजै अनुमान गर्न सकिन्छ । यस्तो कसुरमा संलग्न व्यक्तिलाई सजाय दिएर मात्र सामाजिक कलंकको रूपमा रहेको जातीय भेदभाव र छुवाछुतलाई समाजबाट पूर्णरूपमा अन्त्य गर्न नसकिने अवस्थालाई नजरअन्दाज गर्न सकिँदैन । यसको लागि कसुरको गम्भीरता र त्यसले समाजमा ल्याएको विभाजन, त्यसको वर्तमान र भावी पुस्तामा पर्ने असर, जातीय विभेद र छुवाछुतको कसुरमा सजाय पाएमा कसुरदारको सामाजिक प्रतिष्ठामाथि पर्न जाने असरसमेतका बारेमा व्यापकरूपमा प्रचार प्रसार गरी सामाजिक रोगको रूपमा रहेको प्रस्तुत अपराधको मूल जरो उखेल्न प्रयत्नशील रहनुपर्ने देखिन्छ । जुन कुरा ऐनमा व्यवस्थित सीमित कानूनी दायराबाट मात्र सम्भव हुने देखिँदैन । जसको लागि ऐनले परिकल्पना गरेको दफा १६ को व्यवस्थाअनुरूपको कार्य सम्पन्न भई ऐनको उद्देश्यअनुरूपका क्रियाकलाप सञ्चालन हुनु आवश्यक देखिन्छ । त्यसैगरी जातीय भेदभावबाट पीडित नागरिकले सो कार्य गर्ने पीडकउपर उजुरी दिन, सो उजुरी दर्ता गर्न, मुद्दाको अनुसन्धान गर्न, मुद्दा हेर्ने अधिकारी र कार्यविधि निर्धारण गर्न तथा जातीय भेदभाव र छुवाछुत अपराधका सम्बन्धमा निगरानी राख्नेलगायतका अन्य विविध विषय सम्बद्ध फारमको व्यवस्था पनि नियममार्फत गर्नुपर्ने देखिन्छ । उल्लिखित व्यवस्थाको अभावमा ऐनको प्रयोगमा पीडित पक्षलाई सहजता हुने देखिँदैन । यसरी नियमावलीको अभावमा समाजमा जातीय भेदभाव र छुवाछुतको क्रियाकलाप गर्ने पीडकउपर कानूनी कारवाहीको प्रक्रिया सुरू गर्नमा नै पक्षलाई असहज अवस्था सिर्जना हुने देखिँदा पीडकउपर उजुरी दर्ता भई पीडितले न्याय प्राप्त गर्ने ऐनको बृहत्तर उद्देश्यको परिपूर्तिमा नै अवरोध हुन जाने देखिन्छ । यसर्थ जतीय भेदभाव र छुवाछुतवाट पीडित नागरिकलाई कानूनी उपचारमा सरलताका लागिसमेत नियमावली तर्जुमाको आवश्यकता महत्त्वपूर्ण रहेको देखिन्छ ।

६. सबै प्रकारको जातीय भेदभाव उन्मुलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५ - संयुक्त राष्ट्र संघबाट प्रस्तावमार्फत ग्रहण भई अनुमोदनको लागि खुल्ला भएकोमा नेपालले ३० जनवरी १९७१ मा सम्मिलन गरेको देखिँदा अन्तर्राष्ट्रिय कानूनको रूपमा रहेको उक्त महासन्धिलाई नेपालले स्वीकार

गरेको देखिन्छ । जातीय भेदभाव उन्मूलन गर्ने महत्त्वपूर्ण अन्तर्राष्ट्रिय प्रयासको रूपमा प्रस्तुत महासन्धि कोशेढुङ्गाको रूपमा रहेको देखिन्छ। यस महासन्धिअन्तर्गत रहेको समितिले सबै किसिमको जातीय भेदभावलाई उन्मूलन गर्न पक्ष राष्ट्रहरूलाई महत्त्वपूर्ण सिफारिसहरू गर्ने हुँदा महासन्धिलाई स्वीकार गरेको पक्ष राष्ट्रको हैसियतले नेपालसमेत त्यसको कार्यान्वयन गर्नुपर्ने महत्त्वपूर्ण सदस्यको रूपमा रहेको देखिन्छ। यस महासन्धिले जातीय भेदभाव र छुवाछुतको सम्बन्धमा देहायअनुसारको महत्त्वपूर्ण व्यवस्था गरेको देखिन्छ :

धारा १(१) मा "राजनीतिक, आर्थिक सामाजिक, सांस्कृतिक वा अन्य क्षेत्रमा मानव अधिकार र मौलिक स्वतन्त्रताहरू समान आधारमा मान्यता पाउने, उपभोग गर्ने र अभ्यास गर्ने कुरालाई कमजोर र प्रभावहीन तुल्याउने उद्देश्य एवं असर राखी जाति वर्ण वा जातीय वा राष्ट्रिय उत्पत्तिमा आधारित कुनै पनि प्रकारको भेदभाव, बहिष्कार, नियन्त्रण वा प्राथमिकता सम्झनुपर्दछ।" भनी जातीय भेदभावको परिभाषा गरेको देखिन्छ।

धारा २(१) मा पक्ष राज्यहरूले जातीय भेदभावको निन्दा गर्दछन् र कुनै पनि प्रकारको जातीय भेदभाव उन्मूलन गर्न तथा सबै जातिहरूबीच समझदारी अभिवृद्धि गर्न बिना विलम्ब सबै प्रकारका समुचित उपाय अपनाउन प्रतिज्ञा गर्दछन्।

धारा २(१)(क) व्यक्तिहरू, व्यक्तिको समूह वा संस्थाहरू विरूद्ध जातीय भेदभावको कुनै कार्य वा व्यवहारमा संलग्न नहुने तथा राष्ट्रिय एवं स्थानीय निकाय एवं संस्थाहरूले यो दायित्वअनुरूप काम गर्ने कुराको सुनिश्चित गर्ने,

धारा २(१)(ख) – कुनै व्यक्तिहरू वा संगठनद्वारा जातीय भेदभावयुक्त कार्यक्रमको आयोजना, प्रतिरक्षा वा समर्थन नगर्ने,

धारा २(१)(ग) – सबै तहका सार्वजनिक नीतिहरूको पुनरावलोकन गर्न प्रभावकारी उपाय अपनाउने र जातीय भेदभावको सिर्जना गर्ने वा यसलाई कायम राख्ने कानूनहरू संशोधन गर्ने,

धारा २(१)(घ) - कुनै व्यक्ति, समूह वा संगठनद्वारा गरिएका जातीय भेदभावको अन्त्य गर्न र निषेध गर्न उपयुक्त उपाय अवलम्बन गर्ने,

धारा २(१)(ङ) – उपयुक्ततालाई हेरी जातीय विभाजनलाई बल पुर्‍याउने कुनै पनि क्रियाकलापलाई निरूत्साहित गर्ने,

धारा ६ – भेदभावजन्य कार्यको परिणाम स्वरूप व्यहोर्नुपर्ने क्षतिका लागि राष्ट्रिय न्यायालयबाट पर्याप्त र न्यायोचित क्षतिपूर्ति तथा सन्तुष्टि प्राप्त गर्ने अधिकार सुनिश्चित गर्न प्रतिज्ञा गर्ने गरी यस महासन्धिका पक्ष राष्ट्रलाई आफूले गरेको प्रतिज्ञालाई सम्भव भएसम्मका सबै राष्ट्रिय प्रयासबाट परिपालना गर्नुपर्ने गरी दायित्वहीन गराएको देखिन्छ।

७. जातीय भेदभाव रोकथामको सम्बन्धमा महत्त्वपूर्ण व्यवस्था रहेको यस महासन्धि नेपालले अनुमोदन गरेको हुँदा उक्त महासन्धिका व्यवस्थालाई राष्ट्रिय परिवेशमा कार्यान्वयनको लागि नेपालमाथि दायित्व थप भएको देखिन्छ। नेपालले अन्तर्राष्ट्रिय सन्धि, महासन्धि र प्रोटोकलहरूलाई अनुमोदन गरेपश्चात् सन्धि ऐन, २०४७ को दफा ९ अनुसार उक्त सन्धि महासन्धि नेपाल कानूनसरह लागू हुने विद्यमान कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा उक्त महासन्धि सिधै नेपाल कानूनसरह लागू हुनसक्ने पनि देखिन्छ।

यस्तो महासन्धिमा उल्लिखित आफूले स्वीकार गरेका व्यवस्था कार्यान्वयन गर्न स्थानीयरूपमा राष्ट्रिय कानूनसमेत आवश्यक हुने परिप्रेक्ष्यमा नेपालले जातीय भेदभाव र छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ सम्बन्धी विशेष कानूनी व्यवस्था गरेको देखिन्छ। नेपाल अधिराज्यको संविधान २०४७, नेपालको अन्तरिम संविधान २०६३ र वर्तमान नेपालको संविधानमा समेत जातीय भेदभाव र छुवाछुत विरूद्धको हकलाई मौलिक हकको रूपमा राखी संवैधानिक मान्यता प्रदान गरिएको देखिँदा अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूपको दायित्व पूरा गर्नका लागि समेत छिटो नियमावलीको तर्जुमा हुनु आवश्यक देखिन्छ। जातीय भेदभाव तथा छुवाछुतसम्बन्धी ऐन तर्जुमा भएको पाँच वर्षको अवधि व्यतित भइसकेको अवस्थामा पनि नेपाल सरकारका तर्फबाट नियमावली तर्जुमा नभएको कार्यलाई अनुचित विलम्ब नै मान्नुपर्ने देखियो।

८. नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावना तथा विभिन्न धाराहरूमा छुवाछुत र जातीय विभेद विरूद्धको अधिकारको संवैधानिक प्रत्याभूति गरेको देखिन्छ। जुन अधिकार जातीय विभेद र छुवाछुत विरूद्धको कोशेढुङ्गाको रूपमा रहेको छ। संविधानको प्रस्तावनाको दोस्रो प्रकरणमा जातीय समस्यालाई समाधान गर्न भन्ने शब्द उल्लेख भएको, धारा १२(१) मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हकको व्यवस्था भएको, धारा १३(१) मा समानताको हकअन्तर्गत सबै नागरिक कानूनको दृष्टिमा समान हुने व्यवस्था रहेको, धारा १३(३) मा राज्यले नागरिकका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग उत्पत्ति, भाषा वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव नगर्ने गरी अधिकार प्रत्याभूत गरेको देखिन्छ। धारा १४ मा छुवाछुत तथा जातीय भेदभाव विरूद्धको देहायका विशेष व्यवस्था गरिएको देखिन्छ।

१. कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेसाका आधारमा कुनै पनि किसिमको छुवाछुत तथा जातीय भेदभाव गरिने छैन। यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुनेछ र पीडित व्यक्तिले कानूनद्वारा निर्धारण भएबमोजिमको क्षतिपूर्ति पाउनेछ।
२. कुनै पनि व्यक्तिलाई जात जातिको आधारमा सार्वजनिक प्रयोगमा रहेका सुविधा वा उपयोगका कुराहरू प्रयोग गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा धार्मिक कार्य गर्नबाट वञ्चित गरिने छैन।
३. कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो सेवा, सुविधा वा वस्तु कुनै खास जात, जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु सेवा वा सुविधा कुनै खास जात, जातिको व्यक्तिलाई मात्र बिक्री वितरण गरिने छैन।
४. कुनै जात, जाति वा उत्पत्तिका व्यक्ति वा व्यक्तिहरूको समूहको उच नीच दर्साउने, जात जातिको आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहराउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन।
५. उपधारा (२), (३) र (४) विपरीतको कार्य कानूनबमोजिम दण्डनीय हुनेछ।

९. माथि उल्लिखित संवैधानिक व्यवस्थामा जातीय भेदभाव र छुवाछुतविरूद्ध कार्यलाई दण्डनीय बनाई पीडितले कानूनबमोजिम क्षतिपूर्ति पाउने विषयलाई समेत मौलिक अधिकारको रूपमा व्यवस्थित गरेको देखिन्छ। वर्तमान समाज २१ औं शताब्दीमा प्रवेश गरिसकेको अवस्थामा दासयुगीन कुसंस्कार र कुरीति तथा समाजलाई विभाजित गरी मानव-मानवका बीच अनुचित भिन्नता ल्याउने सबै प्रकारका जातीय

भेदभावलाई संविधानले नै निषेधित कार्यको रूपमा राखेको देखिन्छ । यसरी संविधानमा उल्लिखित व्यवस्था कार्यान्वयनको लागि तर्जुमा भएको जातीय विभेद र छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ को सहज कार्यान्वयनको लागि आवश्यक नियमावलीको तर्जुमा लामो समयसम्म हुन नसक्दा उक्त ढिलाइका कारण संवैधानिक व्यवस्थाको कार्यान्वयनमा नै परोक्षरूपमा असर पर्ने जाने देखिन्छ। ऐनमा उल्लिखित व्यवस्थाको वास्तविकरूपमा कार्यान्वयन गर्नका लागि आवश्यक नियमावली तर्जुमाको विषयलाई विभिन्न बहानामा ढिलाई गरिरहनु संवैधानिक तथा कानूनी आवश्यकताको रोहमा समेत उचित मान्न सकिँदैन।

१०. वर्तमान नेपालको संविधानले जातीय भेदभावका सम्बन्धमा अन्तरिम संविधानमा व्यवस्था भएको भन्दा परिष्कृत व्यवस्था गरेको देखिन्छ । संविधानको प्रस्तावनामा सबै प्रकारको जातीय छुवाछुतको अन्त्य गर्ने प्रतिबद्धता व्यक्त गर्दै भाग ३ मौलिक हक र कर्तव्यअन्तर्गत धारा १६ मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक सुरक्षित गरिएको छ । त्यसैगरी धारा २४ मा छुवाछुत तथा भेदभाव विरूद्धको हकसम्बन्धी विशेष मौलिक हकको व्यवस्था गरिएको छ जसअन्तर्गत

> २४(१) मा कुनैपनि व्यक्तिलाई निजको उत्पत्ति जात जाति समुदाय पेसा व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी वा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गरिने छैन।
>
> २४(२) मा कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन।
>
> २४(३) मा उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच वा नीच दर्साउने, जात, जाति वा छुवाछुतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछुत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन।
>
> २४(४) मा जातीय आधारमा छुवाछुत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन।
>
> २४(५) यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछुत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानूनबमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

धारा २५५ देखि २५७ सम्म राष्ट्रिय दलित आयोगसम्बन्धी व्यवस्था गरी छुवाछुत, उत्पीडन र विभेदको अन्त्य गर्न नीतिगत कानूनी र संस्थागत सुधार तथा दलित हितसँग सरोकार राख्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्ने अधिकारसहित संवैधानिक अंगको मान्यता प्रदान गरेको देखिन्छ । यस अर्थमा वर्तमान संविधानको प्रस्तावना र मौलिक हकसम्बन्धी विषेश व्यवस्था र जातीय भेदभाव र छुवाछुतको अन्तका लागि विशेष संवैधानिक आयोगको व्यवस्था गरेको परिवेशमा जातीय भेदभाव र छुवाछुतको अन्त गरी संवैधानिक व्यवस्थाको कार्यान्वयनको लागिसमेत कार्यविधिगत व्यवस्थासहितको नियमावलीको अपरिहार्यता अझ बढेर गएको देखिन्छ।

११. जातीय भेदभाव र छुवाछुत (कसुर र सजाय) ऐनको प्रस्तावनामा उल्लिखित –"प्रत्येक व्यक्तिको अधिकार र मानवीय मर्यादा....." बृहत्तर उद्देश्यको परिपूरणको लागि नियमावलीको तर्जुमाबाहेकको अन्य कुनै विकल्प रहेको देखिँदैन । नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय जसले नियमावली तर्जुमा गरी ऐनको सहज कार्यान्वयनमा सहयात्री हुनुपर्ने हो सोही निकायको लिखित जवाफमा जातीय भेदभाव तथा छुवाछुत अन्त्य तथा दलितहरूको अधिकार प्रवर्द्धन सयन्त्र, २०६८ जारी गरेको, जातीय भेदभाव तथा छुवाछुतको अन्त्यसम्बन्धी केन्द्रीय निर्देशक समिति, जिल्ला समन्वय समिति र स्थानीय निगरानी केन्द्रको स्थापना गरी सञ्चालनमा रहेको भनी जिकिर लिएको भएपनि प्रस्तुत रिट निवेदनसँग सम्बन्धित ऐनको दफा १६ अनुसार नियमावली बनाउनेसम्बन्धी मुख्य कार्य तर्जुमाको यो यस्तो चरणमा रहेको भनी जवाफ फिराएको देखिँदैन। नेपाल सरकारको तर्फबाट नियमावली तर्जुमा गरिएको यस्तो कार्यलाई अनुचित विलम्ब नै मान्नुपर्ने देखिन्छ। ऐन निर्माण भएको लामो समयसम्म पनि नेपाल सरकारका तर्फबाट नियमावली तर्जुमा गर्न लागि रहेको भनी जवाफ मात्र पेस भएको तर नियमावली तर्जुमाको लागि सार्थक प्रयास भएको नदेखिएको अवस्थामा नियमावली तर्जुमाको लागि सरकार प्रयत्नशील रहेको भनी मान्न सकिएन। यसरी ऐनको कार्यान्वयनको लागि ऐनले नै महसुस गरेको महत्त्वपूर्ण कानूनी व्यवस्था नियमावलीको तर्जुमा लामो समयसम्म नहुँदा ऐनको सहज कार्यान्वयन र ऐन प्रयोग गर्न खोज्ने जातीय भेदभाव र छुवाछुतबाट पीडित नेपाली नागरिकलाई पर्न जाने असुविधासमेतलाई विचार गर्दा निवेदकको माग दाबीबमोजिमको आदेश जारी हुने नै देखियो।

१२. तसर्थ माथि विभिन्न प्रकरणमा विवेचित आधार र कारण तथा नियम तर्जुमाको आवश्यकताको रोहमा गरिएको विश्लेषणबाट जातीय भेदभाव र छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ को सहज कार्यान्वयनको लागि तत्काल नियमावलीको तर्जुमा हुनु आवश्यक रहेको देखिँदा ऐनको प्रस्तावनाले परिलक्षित गरेको उद्देश्यअनुरूपका विषयसमेत समावेश हुने गरि प्रस्तुत आदेशको जानकारी प्राप्त भएको मितिले तीन महिनाभित्र जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) नियमावली तर्जुमा गर्नु भनी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। प्रस्तुत आदेशको जानकारीका लागि महान्यायाधिवक्ताको कार्यालयमार्फत प्रत्यर्थीहरूलाई आदेशको प्रतिलिपि पठाइदिनू। साथै समय तोकि नियमावली तर्जुमाको लागि जारी गरिएको यो आदेश कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेस गर्नका लागि यस अदालतको अनुगमन तथा निरिक्षण महाशाखा र फैसला कार्यान्वयन निर्देशनालयलाई समेत आदेशको जानकारी पठाई मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या.देवेन्द्र गोपाल श्रेष्ठ

इजलास अधिकृत : चन्द्रप्रकाश तिवारी
इति संवत् २०७३ साल जेठ २६ गते रोज ४ शुभम्।

## निर्णय नं.९६३७

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
फैसला मिति :२०७२।११।३।२

मुद्दाः- कर्तव्य ज्यान

०६८-CR-०६७९

पुनरावेदक / प्रतिवादी : नुवाकोट जिल्ला बेतिनी गा.वि.स. वडा नं. ८ घर भई हाल कारागार कार्यालय नुवाकोटमा थुनामा रहेको वर्ष २४ को सिरलामा तामाङ

विरूद्ध

प्रत्यर्थी / वादी : तोकपेन तामाङको जाहेरीले नेपाल सरकार

०६८-CR-०६८०

पुनरावेदक / प्रतिवादी : नुवाकोट जिल्ला बेतिनी गा.वि.स. वडा नं. ८ घर भई हाल कारागार कार्यालय नुवाकोटमा थुनामा रहेको वर्ष २४ को सिरलामा तामाङ

विरूद्ध

प्रत्यर्थी / वादी : तोकपेन तामाङको जाहेरीले नेपाल सरकार

- **झिना मसिना कुरा निकालेर गम्भीर कसुरको सजायबाट उम्किन सक्ने गरी कानूनको व्याख्या हुन सक्दैन । खुकुरी जस्तो घातक हतियारले घाँटी जस्तो संवेदनशील ठाउँमा पटकपटक प्रहार गर्ने कार्यबाट मृतकको ज्यान लिने यी प्रतिवादीको मनसाय स्पष्ट प्रमाणित छ। मृतकको अत्यन्त बीभत्स र क्रुर हत्या भएको छ । यस्तो हत्या (murder) मा अ.बं. १८८ नं. को प्रयोग हुनै नसक्ने।**

(प्रकरण नं.४)

- **मृतकको शरीरबाट गहना निकाली लगेको भन्ने प्रतिवादीको साबितिबाट अभियोगदाबीको मुलुकी ऐन चोरीको महलको १२ नं. को कसुर पनि स्थापित भएको छ । यसमा ज्यानसम्बन्धीको महलबमोजिम ठूलो सजाय भइसकेपछि चोरीको महलको सजाय गर्न मिल्दैन भन्ने तर्कमा कुनै कानूनी बल छैन । यो कुरा फैसला कार्यान्वयन हुने बेलामा मुलुकी ऐन दण्ड सजायको महलबमोजिम तय हुने कुरा देखिन्छ। यसबाट फैसलामा हुने ठहर प्रभावित हुन नसक्ने हुँदा प्रतिवादीको यो पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।**

(प्रकरण नं.५)

प्रतिवादीका तर्फबाट :
वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता सोमकान्त भण्डारी
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१), १४ नं.
- मुलुकी ऐन, चोरीको महलको १२ नं.

सुरू फैसला गर्ने :
मा. जिल्ला न्या. श्री मोहनकृष्ण खनाल

पुनरावेदन तहमा फैसला गर्ने :

मा. न्यायाधीश श्री ठाकुर प्रसाद शर्मा
मा. न्यायाधीश श्री विश्वम्भर श्रेष्ठ
मा. न्यायाधीश श्री तेजबहादुर के.सी.
मा. न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई

फैसला

**न्या.गोविन्दकुमार उपाध्याय :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यस अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छ :

नुवाकोट जिल्ला, बेतिनी गा.वि.स. वडा नं. ८ ढोडेनीस्थित पूर्व सोम्दा खोला, पश्चिम गाउवती खोल्सा, उत्तरमा तोकपेन तामाङको घर, दक्षिणमा साइला तामाङको घर यति चार किल्लाभित्र रहेको मृतक साइली तामाङको घर, उक्त घरभित्र भुइँ तल्लामा मृतक साइली तामाङनीको टाउको पूर्वपट्टि छुट्टिएको अवस्थामा र बाँकी गिंड पश्चिमपट्टि कोल्टो अवस्थामा रहेको लासको दायाँ र बायाँ साइडमा २।२ सानो ढुंगा रहेको बायाँ कान च्यातिएको, बायाँ हातको बुढी औंला नेर काटिएको भन्ने ८४ वर्षीय मृतकको मिति २०६६।८।२५ को घटनास्थल लासजाँच मुचुल्का ।

म काठमाडौं र भाइ विदेश भारततर्फ गई मृतक आमा साइली तामाङ छुट्टै घरमा एक्लै बस्नुभएकोमा मिति २०६६।८।२३ को दिन दिउँसोभरी वल्लोपल्लो घरका र छरछिमेकीका मानिसहरूले घरमा देखेको आमालाई सोको भोलिपल्ट २४ को दिन बिहानको अं. १० बजेको समयमा सधैँजसो म छुट्टिई बसेको हिँडेर अं. ९/१० मिनेटमा पुग्ने मेरो घरमा नआउनुभएकोले मेरो छोरा छेसो तामाङ हजुर आमाको घरमा जाँदा घरको भुइँ तलामा रगतपच्छे भई लडिरहेको अवस्थामा देखी दगुर्दै आई छरछिमेकीका घरमा गई मेरो हजुरआमा आफ्नो घरको भुइँ तलामा रगतपच्छे भई लडिरहनुभएको छ भनी पछि छरछिमेकका मानिसहरू घटनास्थल आमाको घरमा भित्र गई हेर्दा रगतपच्छे भई मृत्यु भइसकेको अवस्थामा देखी छरछिमेकका मानिसहरूले र आफ्नो नातेदारहरूले मलाई काठमाडौंमा तपाइँको आमालाई मारी राखेको छ तुरून्त घरमा आउनुस् भनी खबर गरेकोले सोही मङ्सिर २५ को दिन प्रहरीले त्रिशुली अस्पतालमा पोस्टमार्टमको लागि ल्याइसकेको थाहा पाएअनुसार त्रिशुली अस्पतालमा नै सरासर आई मुर्दा घरमा राखेको देखिएको । मेरी सौतेनी आमा साइली तामाङको धारिलो हतियारबाट टाउको र शरीर छुट्याएको अवस्थामा भेटिएकोले उक्त कार्य गर्ने नुवाकोट जिल्ला बेतिनी गा.वि.स. वडा नं. ८ बस्ने वर्ष ३५ को सेलपोन तामाङ ऐ.ऐ. बस्ने वर्ष २२ को सिरलामा तामाङ, ऐ.ऐ. बस्ने वर्ष ४० को चतुर तामाङ र ऐ.ऐ. बस्ने वर्ष १८ को शंकर तामाङ हुनसक्ने भएकोले निजहरूलाई पक्राउ गरी छानबिन एवं कारवाही गरिपाउँ भन्ने तोकपेन तामाङको मिति २०६६।८।२६ को जाहेरी दरखास्त ।

Adult female dead body brought for postmortem examination. Head separated from the body due to cut with sharp objects. Incised wound dorsam of palm. Bloodstained cloth. गर्धन छिनाल्ने गरी लागेको चोटको कारणले मृत्यु भएको भन्ने व्यहोराको मृतक साइली तामाङको मिति २०६६।८।२६ को शव परीक्षण प्रतिवेदन ।

मिति २०६६।८।२३ को दिन म जाहेरवाला पेसाको लागि काठमाडौंतर्फ गएको र मेरो कान्छी आमा भिन्दै बसी रहेको अवस्थामा सोही मितिमा विपक्षी अपराधी सिरलामा तामाङले मेरो सहोदर कान्छी आमालाई उक्त घरको भुइँ तलामा हातहतियारले टाउको छिनाली हत्या गरेको छ भन्ने कुरा मलाई सोको भोलिपल्ट मिति २०६६।८।२४ मा अं. बिहान १० बजेको समयमा जानकारी हुन आएकोले साइली तामाङलाई सिरलामा तामाङले घाँटीमा खुकुरीले

काटी हत्या गरी सुनका गरगहनासमेत लुटी लगेको हुँदा निजलाई पक्राउ गरी कानूनबमोजिम कारवाही गरिपाउँ भन्ने तोकपेन तामाङको मिति २०६६।९।१२ को किटानी जाहेरी।

नुवाकोट जिल्ला, बेतिनी गा.वि.स. वडा नं. ८ स्थित ढोडेनी भन्ने स्थानको पूर्वतर्फ गोल्फु भन्ज्याङ जाने बाटो, पश्चिम नयाँ गाउँ जाने बाटो, उत्तर तोकपेन तामाङको बारी र दक्षिणमा ढोडेनी खोला यति चार किल्लाभित्र रहेको साइली तामाङको एक तल्ले घर उक्त घरको मझेरीको कुनामा बिँडसहितको १ फिट ५ इन्च लम्बाइ भएको काठको बिँड तथा दापसहितको फलामे खुकुरी थान १ र सिरलामा तामाङको शरीर तलासी गर्दा निजको पाइन्टको खल्तीमा रातो पत्थर भएको सुनको ढुंग्री थान २ सुनको फुली थान १ घाँटीमा लगाउने सुनको तिलहरी थान १ बरामद भएको भन्ने व्यहोराको मिति २०६६।९।१२ को बरामदी मुचुल्का।

मिति २०६६।८।२३ मा म आफ्नो घर जिल्ला नुवाकोट बेतिनी गा.वि.स. वडा नं. ८ दोडेनी गाउँमा थिए। उक्त दिनमा मेरो घर गाउँमा मेरै छिमेकी तोकलामा तामाङको छोराको छेवर थियो। उक्त छेवरको कार्यमा मेरो घर परिवारलाई समेत निम्तो गरेका थिए। उक्त दिनमा म दिउसो आफ्नो घरमा भएको गाई भैंसीलाई घाँसपात गरी दिउँसो अं. १५.०० बजेको समयमा निज तोक लामा तामाङको घर छेवर भएको ठाउँमा गएको थिएँ। निजको घरमा गाउँका ५।७ जना अन्य मानिसहरू पनि थिए। म त्यहाँ पुगेपछि केही समय म पनि निज तोक लामाको घरमा कुराकानी गरी बसैँ। सोपछि निजका घरमा गएका मानिसहरू आ-आफ्नो घरतर्फ गए र तोक लामा निजको सासुससुरासमेतका मानिसहरू मसमेत कुराकानी गरी बस्यौं। तोक लामाको ससुरा छरपेन कान्छाले मलाई काँचको बटुकामा एक बटुका रक्सी दिए। मैले कुराकानी गर्दै बिस्तारै एक माना जति रक्सी खाएँ। रक्सी खाई सकेपछि म त्यहाँबाट आफ्नो घर जाने क्रममा ऐ. स्थान बस्ने राम सिंह तामाङको घर हुँदै आफ्नो घरतर्फ जाने क्रममा अं. १७.३० बजेको समयमा म मृतक साइली तामाङको घरनजिकमा पुग्दा निजको घरमा शंकर तामाङ बसेका रहेछन्। शंकर तामाङले मलाई देखेपछि ए सिर लामा तिमी एकछिन यता आउ भनी बोलाएपछि म पनि मृतक साइली तामाङको घरमा गएँ। केही समय म, शंकर तामाङ र साइली तामाङसमेत कुराकानी गरी केही समय बसेपछि शंकर तामाङ म गोठमा जानुपर्नेछ जान्छु भनी गए। म र साइली तामाङ निजकै घरमा कुराकानी गरी बसेपछि साइली तामाङले एक कचौरा जाँड मलाई दिइन्। मैले उक्त जाँड खाँदै बसी निज साइली तामाङसँग कुराकानी गरी बसेको थिएँ। सोपछि निज साइली तामाङले आफ्नै भाषामा मलाई अपशब्द प्रयोग गरी गालीगलौज गर्न लागिन् र म अं. ३५/४० मिनेट जति त्यहाँ बस्दा निज मृतक साइली तामाङले मलाई नराम्रो शब्दहरू प्रयोग गरी एकहोरो गालीगलौज गरिन्। मैले निजलाई हजुरआमा मलाई गालीगलौज नगर भनी पटकपटक भन्दा निजले मानिनन् र मलाई गालीगलौज गर्न छाडिनन्। मैले पनि रक्सी जाँड खाएको थिएँ। निजले मलाई पटक-पटक गाली गरेपछि मलाई पनि रिस उठ्यो। मैले आफ्नो कम्मरमा बाँधेको पेटीमा एउटा खुकुरी बाँधेको भिरेको थिएँ। मृतक साइली तामाङले एउटा लाठीले मलाई हिर्काउन लागिन् र मैले पनि तैंले मलाई हिर्काउँदा मैले तँलाई हिर्काउन सक्दिन भनी मलाई रिस उठेर थाम्न नसकेपछि मैले आफूले बोकेको खुकुरी निकाली निज साइली तामाङलाई ३।४ पटक घाँटीमा प्रहार गरेँ। निज कराउँदै भुइँमा ढलिन् र कराइन्। केही समय म सोही ठाउँमा बसे। निज कराउन चल्न छाडेपछि अब मैले बुढीलाई मारी हाले निजले लगाएको सुन गहनासमेत लैजान्छु भनी निजले कानमा लगाएको ढुंग्री एक जोर, नाकमा लगाउने रातो पत्थर भएको फुली एक र घाँटीमा लगाउने सुनको तिलहरी निकाली आफ्नो घरमा गई बसेँ। मृतक साइली तामाङलाई मैले मिति

२०६६।८।२३ मा निजकै घरमा खुकुरी प्रहार गरी म एक्लैले मारेको हो भन्ने व्यहोराको प्रतिवादी सिरलामा तामाङको मिति २०६६।९।१४ को प्रहरीमा गरेको बयान।

मैले मिति २०६६।८।२४ मा गाउँको ब्रतबन्धमा जाँदा उक्त कार्यक्रममा निज साइली तामाङ नआएपछि किन आइनन् भनी गाउँका मानिसले बुझ्न पठाउँदा निजलाई काटी मारेको अवस्थामा निजकै नातिले देखेपछि हारगुहार गर्दै आएपछि मात्र निज साइली तामाङलाई मारेको कुरा थाहा भयो । निज साइली तामाङ छोरा बुहारीसँग छुट्टै घरमा एक्लै बस्दै आइरहेकी थिइन्। त्यस्तो हल्ला भएपछि सो ब्रतबन्धमा भेला भएका हामी सबै गाउँबासी उक्त घटना घटेको स्थानमा गई हेर्दा निजको ज्यान र टाउको अलग पारी काटी मारेको अवस्थामा मैले पनि देखेको हो । निज वृद्धा साइली तामाङलाई त्यस प्रकारले बीभत्सरूपले काटी हत्या गर्ने सिरलामा तामाङ नै हो भन्ने व्यहोराको मिति २०६६।९।१६ मा रामसिंह तामाङले प्रहरीमा गरेको कागज।

मैले मिति २०६६।८।२४ मा गाउँको ब्रतबन्धमा गएको थिएँ । साइली तामाङलाई घरभित्र नै काटी मारेको छ रे भन्ने कुरा सोही स्थानमा गाउँका मानिसले हल्ला खल्ला गरेपछि सुनी थाहा पाएको हुँ। उक्त घटनाको बारेमा थाहा पाएपछि म पनि उक्त घटनास्थलमा गई हेर्दा साइली तामाङको घाँटी काटी दुई टुक्रा पारी मारी राखेको लास घरको मजेरीमा देखेको हुँ भन्ने व्यहोराको मिति २०६६।९।१६ मा सेल्फेन तामाङले प्रहरीमा गरेको कागज।

मिति २०६६।८।२४ मा गाउँको ब्रतबन्धमा गएको थिएँ । सोही बखतमा हिजो राति साइली तामाङलाई काटी घरभित्र नै लास रहेको छ रे भन्ने कुरा गाउँघरमा हल्ला भएपछि सुनी थाहा पाएको हुँ। उक्त साइली तामाङको घरमा गई हेर्दा घरको भुइँतल्लामा निज साइली तामाङको ज्यान एकातिर टाउको एकातिर भएको काटेर मारेको अवस्थामा मैले पनि देखेको हो । निज साइली तामाङलाई त्यस्तो बीभत्स तरीकाले घाँटी छिनाली उक्त हत्या गर्ने सिरलामा तामाङ नै हो भन्ने व्यहोराको मिति २०६६।९।२० मा शंकर तामाङले प्रहरीमा गरेको कागज।

मिति २०६६।८।२३ मा अं. १७.३० बजेको समयमा मेरो आमा साइली तामाङलाई सिरलामा तामाङले घाँटीमा खुकुरीले काटी हत्या गरी सुनको गरगहनासमेत लुटी लगेको भन्ने व्यहोराको जाहेरी दरखास्त परी अनुसन्धान हुँदा मिति २०६६।८।२३ मा अं. १७.३० बजेको समयमा म जाहेरवालाको आमा साइली तामाङको घरमा गएको थिएँ । निज साइली तामाङले मलाई एक कचौरा जाँड खान दिई र मलाई निजले गालीगलौज गरेपछि मैले रिस थाम्न नसकी आफूले कम्मरपेटीमा बाँधेको धारिलो हतियार खुकुरी निकाली निज साइली तामाङलाई ३।४ पटक घाँटीमा प्रहार गरेपछि निजको मृत्यु भएको हो । उक्त घटनामा अन्य कोही कसैको संलग्नता छैन। म एक्लैले मादक पदार्थ नशाको सुरमा खुकुरी प्रहार गरी मृतक साइली तामाङलाई मारी निजले लगाएको सुनको गरगहनासमेत लुटी लगेको हुँ भनी प्रतिवादी बयानमा साबितै देखिन्छ। म मिति २०६६।८।२३ मा आफ्नो घरमा थिएँ। सोको भोलिपल्ट मिति ०६६।८।२४ मा गाउँकै मान्छेको ब्रतबन्धको कार्यक्रम थियो । म पनि सोही कार्यक्रम गएको थिएँ । आफ्ना छोरा बुहारीसँग छुट्टिएर एक्लै बसेकी साइली तामाङलाई काटी मारेको अवस्थामा निजकै नातिले देखी हाल गुहार गर्दै आएपछि निज साइली तामाङलाई मारिएको कुरा थाहा भयो । त्यसपछि सो ब्रतबन्ध कार्यक्रममा भेला भएका हामी सबै गाउँ बासी उक्त घटना घटेको स्थानमा गई हेर्दा साइली तामाङको ज्यान र टाउको अलग पारी काटी मारेको अवस्थामा देखेको र त्यसरी बीभत्सरूपले काटी हत्या गर्ने सिरलामा तामाङसमेतका मानिसहरूले गरिदिएको मिल्दो जुल्दो व्यहोराको कागजबाट प्रतिवादी

सिरलामा तामाङले धारिलो जोखमी हतियार खुकुरी प्रहार गरी बीभत्सरूपमा हत्या गरी मृतकले लगाएको सुनको गहनासमेत लिई गएको भन्ने पुष्टि भएको हुँदा प्रतिवादीको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीत १३(१) नं. बमोजिम तथा चोरीको महलको १ नं. विपरीत ४ नं. बमोजिम बिगो रू. १८,३८१।– चोरी गरेको कसुर अपराध देखिएको हुँदा निज प्रतिवादी सिरलामा तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम तथा मुलुकी ऐन चोरीको महल १२ नं. बमोजिम सजाय हुन र चोरीको महलको १०(३) नं. बमोजिम पीडितको हकवालालाई प्रतिवादीले चोरी गरी लगेको धनमाल सुनको गरगहनाहरू फिर्ता दिलाई भराई पाउँ भन्ने व्यहोराको अभियोग दाबी।

उक्त वारदात मितिका दिन म आफ्नो घरबाट आफ्नै गोठमा ३ बजेतिर गएको थिएँ। गोठमा गई बस्तुभाउहरू बाँधी, घाँस पानी गरी तोकलामा तामाङको छोराको छेवरमा गएको थिएँ र खुकुरी पनि साथमा लिई गएको थिएँ। म छेवर घरबाट रक्सी खाएर निस्कि राम सिंहको घरमा जान लागेको बेलामा मृतक साइली तामाङको घर बाटैमा पर्थ्यो र शंकर तामाङ त्यही मृतकको घरमा बसी राखेको रहेछ । मलाई आउनु भनेर शंकर तामाङले बोलाएपछि म त्यही घरमा गए र जाँड छानेर राखेको रहेछ। आधी कचौरा जाँड त्यहाँ खाएँ र मृतक साइली तामाङले नचाहिँदो अपशब्दहरू बोली गाली गर्‍यो र मलाई पिटनु पर्‍यो भनी लट्ठी दाउराहरू खोज्न थाल्यो र मैले पनि हान्न सक्छ नि भनेर मैले भनेँ र मलाई रक्सी लागेको थियो। मैले पनि लट्ठीले हान्न पर्‍यो भनी लठीले हान्छु भन्दा मेरो पासमा भएको खुकुरीले मृतकलाई हानी मृतक बेहोस भयो वा छिन्यो मर्‍यो। मैले फर्केर पनि हेरिँन र म त्यहाँबाट रामसिंहको घरमा घिउको सिसि लिनु थियो। लिएर म आफ्नै घरमा गएँ र भोलिपल्ट आमाको घेवाको लागि सामान लिन भनी भिनाजुले बोलाएको थियो । काठमाडौंमा भिनाजुको डेरा नक्सालमा गएँ र सामान केही पनि ल्याएन। भोलिपल्टै घरमा आइरहेको अवस्थामा समुन्द्रटारमा आइपुग्दा मृतक साइली तामाङको लास बोकेर ल्याइरहेको रहेछ र मलाई त्यहाँबाट गाउँलेले र प्रहरीले सोधपुछको लागि ल्याएको हो र निज मृतक साइली तामाङको मृत्यु भएको थाहा पाएको हुँ। गहनाको हकमा अरू मानिसले लिएर जान्छ भनी म आफैँले सुनको गहना लिएर गएको हुँ। जाहेरी दरखास्त सत्य साँचो हो भनी प्रतिवादी सिरलामा तामाङको मिति २०६६।१०।५ को सुरू अदालतमा आई गरेको बयान।

प्रतिवादी सिरलामा तामाङले मेरो सानीआमा साइली तामाङलाई खुकुरी प्रहार गरी हत्या गरेको हो। अरू कोहीले गरेको होइन र मिति २०६६।८।२६ मा दिएको जाहेरीको व्यहोरा मैले दिएको हो जाहेरीमा लागेको सहिछाप मेरो हो प्रतिवादीलाई हदैसम्म सजाय गरिपाउँ भन्ने व्यहोराको मिति २०६७।३।१३ मा जाहेरवाला तोकपेन तामाङले सुरू अदालतमा आई गरेको बकपत्र।

प्रतिवादी सिरलामा तामाङले साइली तामाङलाई खुकुरी प्रहार गरी मारेको हो भनी बुझिएका मानिस सेल्फोन तामाङले मिति २०६७।३।१३ मा सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादी सिरलामा तामाङले साइली तामाङलाई खुकुरी प्रहार गरी हत्या गरेको हो र मैले प्रहरीमा गरेको कागजको व्यहोरा ठीक हो त्यसमा लागेको सहीछाप मेरो हो भनी बुझिएका मानिस भुइमान तामाङले मिति २०६७।३।१३ मा सुरू अदालतमा आई गरेको बकपत्र।

मैले मिति २०६६।९।२२ मा गरेको कागज व्यहोरा पढिबाची सुनाउँदा सुनिपाए कागजमा लेखिएको व्यहोरा ठीक हो लागेको सहीछाप मेरो हो अरू कुरा मलाई थाहा छैन भनी बुझिएका मानिस चतुरमान तामाङले मिति २०६७।३।१३ मा सुरू

अदालतमा आई गरेको बकपत्र।

मैले गरेको कागज व्यहोरा पढिबाची सुनाउँदा सुनी पाएँ कागजमा लेखिएको व्यहोरा ठीक हो लागेको सहीछाप मेरो हो भनी बुझिएका मानिस शंकर तामाङले मिति २०६७।३।१३ मा सुरू अदालतमा आई गरेको बकपत्र।

प्रतिवादी सिरलामा तामाङले साइली तामाङलाई खुकुरी प्रहार गरी मारेको हो । मैले प्रहरीमा गरेको कागजको व्यहोरा ठीक छ सहीछाप मेरो हो भनी बुझिएको मानिस रामहरी तामाङले मिति २०६७।३।१३ मा सुरू अदालतमा आई गरेको बकपत्र।

यसमा प्रतिवादी सिरलामा तामाङले साइली तामाङलाई खुकुरीले घाँटी छिनाली हत्या गरी निजले लगाएको गरगहनासमेत लुटी लगेको प्रतिवादीको सो कार्य ज्यानसम्बन्धीको महलको १ नं. विपरीत १३(१) नं. तथा चोरीको महलको १ नं. विपरीत ४ नं. बमोजिम बिगो रू. १८,३८१।– चोरी गरेको हुँदा चोरीको महलको १२ नं. बमोजिम सजाय हुन र ऐजनको १०(३) नं. बमोजिम पीडित हकवालालाई चोरीको गहना सामान फिर्ता दिलाई पाउँ भन्नेसमेत अभियोगदाबी भएकोमा प्रस्तुत मुद्दामा प्रतिवादीले मृतकलाई खुकुरी प्रहार गरी भागेकोमा अधिकारप्राप्त अधिकारी तथा यस अदालतमा आई बयान गर्दा खुकुरी प्रहार गरेकोमा समेत साबित भएको देखिन्छ । जाहेरवाला एवं बुझिएका मानिससमेतले प्रतिवादीकै खुकुरी प्रहारको कारणबाट मृतकको मृत्यु भएको भन्ने कुरा लेखाई दिएको र पोष्टमार्टम रिपोर्टमा Head separated from the body due to cut with sharp objects भनी लेखिएकोसमेत आधार प्रमाणबाट प्रतिवादीले अभियोग दाबीबमोजिम कसुर गरेको ठहर्छ। सो कसुरमा निजलाई ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्छ र चोरीतर्फ रू. १८,३८१।– को धनमालसमेत चोरी गरेको ठहर्छ । अभियोग दाबीबमोजिम प्रतिवादीले रू. १८,३८१।– चोरी गरेको देखिए पनि जन्मकैदको सजाय हुने ठहरेकोले चोरीमा सजाय गर्न परेन । सर्वस्वसहितको सजाय चर्को पर्ने देखिँदा जन्मकैदको सजाय हुन अ.बं. १८८ नं. बमोजिमको राय पेस गरेको सुरू नुवाकोट जिल्ला अदालतको मिति २०६७।३।३० को फैसला।

मबाट आवेगमा हुन पुगेको कसुरको बारेमा पश्चाताप भएको, घटनाको यथार्थ विवरण बताई न्याय सम्पादनमा सहयोग पुर्‍याएको, घटनाको कार्यमा कुनै योजना नभएको हाल कैद भुक्तान गर्दै सुधारोन्मुख अवस्थामा रहेको हुँदा ज्यानसम्बन्धीको महलको १४ नं. अनुसार सजाय हुनुपर्नेमा सर्वस्वसहित जन्मकैद गर्ने गरी भएको सुरूको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी न्याय पाउँ भन्ने प्रतिवादी सिरलामा तामाङको पुनरावेदन अदालत, पाटनमा दायर भएको पुनरावेदन पत्र।

पुनरावेदक प्रतिवादी सिर लामाले बृद्धा माइली तामाङलाई खुकुरीले घाँटीमा प्रहार गरी घाँटी छिनाली कर्तव्य गरी मारी निज मृतकले लगाएको सुनका गहना दाबीबमोजिम चोरी गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी सिरलामा तामाङलाई ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने र सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहरेकोले चोरीतर्फ थप सजाय गरिरहन परेन। बिगो पीडितले बुझी सकेको हुँदा भराई रहन परेन भनी सुरू नुवाकोट जिल्ला अदालतबाट मिति २०६७।३।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्तैन। चोरी गर्ने नियतले एक्लै घरमा भएकी ८४ वर्षकी वृद्धाको घाँटीमा खुकुरी प्रहार गरी घाँटी छिनाली हत्या गरी निजले लगाएको सुनका गहनाहरू चोरी गरी लगेको देखिन आएकोले मृतक माइली तामाङको हत्या भवितव्य हो कि भन्न सकिने

अवस्था देखिन आएन। अतः सुरू जिल्ला अदालतले प्रतिवादीलाई जन्मकैदको सजाय हुनुपर्ने भनी अ.बं. १८८ नं. बमोजिम व्यक्त गरेको रायसँग सहमत हुन नसकेको हुँदा कम सजाय हुनुपर्ने भनी अ.बं. १८८ नं. अनुसारको राय व्यक्त गरेका छैनौं भन्ने पुनरावेदन अदालतको मिति २०६७।११।३ मा भएको फैसला।

प्रतिवादीउपरको किटानी जाहेरी, मौकामा र अदालतमा समेत प्रतिवादी कसुरमा साबित रहेको, पोष्टमार्टम रिपोर्ट र बुझिएका मानिसको भनाइसमेतबाट प्रतिवादीले मृतक साइली तामाङको घाँटी छिनाली निजको साथमा रहेको सुनका गहनाहरू चोरी लगेको भन्ने पुष्टि भएको साथै सुरू फैसलाले स्वीकारी रहेको अवस्थामा सर्वस्वसहित जन्मकैद र चोरीको बिगोबमोजिम जरिवाना गर्नुपर्नेमा त्यसो नगरी चोरीतर्फ सजाय नगरेको साथै सर्वस्वसहित जन्मकैद चर्को पर्ने भन्दै जन्मकैदको राय दिएको नमिलेको हुँदा सुरू फैसला उल्टी गरी अभियोग दाबीबमोजिम प्रतिवादीलाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन अदालत, पाटनमा दायर भएको पुनरावेदन।

प्रतिवादीलाई चोरीको कसुर ठहर भएपछि बिगोबमोजिम जरिवाना गर्नुपर्नेमा जाहेरवालाले बिगो फिर्ता लगी सकेको भनी जरिवानातर्फ केही नबोली भएको सुरूको फैसला विचारणीय देखिँदा अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ को प्रयोजनार्थ प्रत्यर्थी थुनामा रहेको देखिँदा निजलाई वादी नेपाल सरकारको पुनरावेदन पत्रको नक्कलसमेत राखी पेसीको जानकारी दिई नियमानुसार पेस गर्नु भन्ने व्यहोराको पुनरावेदन अदालत, पाटनको मिति २०६८।१।१३ को आदेश।

नेपाल सरकारको पुनरावेदनमा राय व्यक्त गरेको सुरू इन्साफ नमिलेको भन्नेउपर यस अदालतबाट फौ.पु.नं. ०३६६ को मुद्दामा राय व्यक्त गरेको कुरालाई अस्वीकार गरी ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद भएकोले सोतर्फ केही गरिरहनु परेन। जहाँसम्म सुरू फैसलामा चोरीतर्फ केही गरिरहन परेन भनेको छ सोतर्फ हेर्दा सर्वस्वसहित जन्मकैद भएपछि ठूलो सजायमा सानो सजाय गाभिने कुरा सजाय कार्यान्वयनको चरणमा विचार गरिने कुरा हो। फैसलाको चरणमा कुन कुन कानूनअन्तर्गत अभियोग लगाइएको छ र सो अभियोगदाबी पुग्छ पुग्दैन सो हेर्नुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीले साइली तामाङको हत्यामात्र नगरी निजले लगाएका सुनका गहनासमेत चोरी लुटी लगेकोमा साबित भई अदालतमा बयान गरेकोसमेत देखियो। तसर्थ मृतकलाई मारी निजको साथमा रहेको सुनका गरगहनासमेत चोरी लगेकोले चोरीको कसुर स्थापित हुने नै देखिन्छ। बिगो रू. १८,३८१।– बराबरको धनमाल जाहेरवालाले फिर्ता लगेपछि सो बिगोबमोजिम जरिवानासमेत गर्नुपर्नेमा सो नगरेकोसमेत सुरू इन्साफ मिलेको देखिएन। अतः सुरू नुवाकोट जिल्ला अदालतबाट मिति २०६७।३।३० मा प्रतिवादी सिरलामा तामाङलाई ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरी अ.बं. १८८ नं. बमोजिम जन्मकैदको सजाय हुन राय व्यक्त गरेकोमा प्रतिवादीको पुनरावेदनमा यस अदालतमा मिति २०६७।११।३ मा सुरू इन्साफ केही उल्टी भई प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने अ.बं. १८८ नं. बमोजिम राय व्यक्त गर्नु नपर्ने ठहर्‍याई फैसला भएकोले सोतर्फ केही बोली रहनु परेन। जाहेरवालाले चोरी भएको बिगो बुझी लगेकोले बिगो नभराउने हदसम्म मिलेकै देखिँदा सो हदसम्म सदर हुने तर चोरी गरेकोमा हुने कैद र जरिवानातर्फ सुरू इन्साफ नमिलेको हुँदा सो हदसम्म केही उल्टी भई प्रतिवादी सिरलामा तामाङले चोरीको महलको १ नं. को कसुर गरी बिगो रू. १८,३८१।– को धनमाल चोरी गरेको देखिँदा सोही महलको १२ नं. बमोजिम

प्रथम पटक चोरी गरेकोले १ महिना कैद र बिगोबमोजिम रू. १८,३८१।– जरिवाना हुने ठहर्छ भन्ने पुनरावेदन अदालतको मिति ०६८।३।२८ मा भएको फैसला।

पुनरावेदन अदालतले अधिकारप्राप्त अधिकारी र अदालतमा कसुरमा साबित भएको भन्ने मुख्य आधार लिएर मलाई हदैसम्मको सजाय गरी गरेको फैसला कानूनसँग असङ्गत रहेको छ । अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयानमा चार पाँच पटक खुकुरी हानेको भनी लेखाइएको बाहेक अन्य व्यहोरा भनेबमोजिम लेखिएको भनी अदालतमा बयान गर्दा घटनाक्रमको बारेमा भएको यथार्थ विवरण खुलाई न्याय सम्पादनमा भरपुर सहयोग पुर्‍याएको छु । घटना घटेको भनिएको दिन आफ्नो घरबाट अन्दाजी तीन बजेतिर गाइवस्तुलाई घाँसपात गर्न भनी गोठमा गएँ। पहाडको ठाउँ, घाँसपात गर्न गाउँबाट गोठमा जाँदा प्राय: सँधैजसो कुनै न कुनै हतियार बोकिने र उक्त दिन मेरो साथमा खुकुरी थियो । घाँसपात गरिसकेपछि म पुनरावेदक गोठबाट सिधै तोकलामा तामाङको छोराको छेवर भएकाले निजको घरमा गएँ । हाम्रो परम्पराअनुसार उक्त कार्यका दिन मदिरा सेवन गरिने भएकाले मैले त्यहाँ बसी रक्सी खाइ केही समयपछि रामसिंहको घरमा जान्छु भनी हिँडे । निजको घर जाने क्रममा बीच बाटैमा मृतक साइली तामाङको घर पर्थ्यो र शंकर तामाङ त्यही बसेको रहेछ । उसले मलाई यता आउ भनी बोलाएपछि म त्यहाँ गएँ । उनीहरूले जाँड छानेर राखेका रहेछन् र मलाई पनि दिएकाले मैले पनि जाँड खाएँ । शंकरले मेरो काम छ भनी जाँड खाएर हिँड्यो । म त्यहीँ बसेर साइली तामाङसँग कुराकानी गर्दैको अवस्थामा निजले मलाई नचाहिँदो अपशब्द प्रयोग गरी गाली गरी मलाई पिटनु पर्‍यो भनी लाठी दाउरा खोज्न थालिन्। मैले पनि हान्न सक्छु नि मलाई नपिट भन्दा भन्दै निजले मलाई पिट्न खोज्दा मैले पनि लट्ठीले हानेँ भनेको रक्सीले मातेको सुरमा साथमा भएको खुकुरीले हान्न पुगेछु । यसरी घटनाको बारेमा भएको यथार्थ विवरणसहित अदालतमा बयान गरी न्याय सम्पादनमा सहयोग पुर्‍याएकोमा उल्टै मलाई हदैसम्मको सजाय गरियो । कुनै पूर्वयोजना नभएको, मनसाय नरहेको, कुनै रिसइवी नभएको, तत्कालको घटनाक्रमबाट रिस उठ्न गई आवेगमा होसहवास ठीक नभएको अवस्था र रक्सीले मातेको अवस्थामा खुकुरी प्रहार हुन गई साइली तामाङको मृत्यु हुन पुगेकोले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. अनुसार १० वर्ष भन्दा बढी सजाय गर्न नमिल्नेमा सोतर्फ कुनै विवेचना नगरी हदैसम्म सजाय गर्ने गरी भएको फैसला मिलेको छैन । पुनरावेदन अदालत, पाटनबाट भएको फैसला उल्टी गरी मेरो पुनरावेदन मागबमोजिम गरिपाउँ भन्ने व्यहोराको प्रतिवादीको यस अदालतमा दायर भएको पुनरावेदन पत्र।

मलाई सर्वस्वसहित जन्मकैद भइसकेपछि चोरीतर्फ पनि थप सजाय गर्नुले राज्यले मलाई जसरी भए पनि अपराधमा क्रियाशील बनाउन लागि परेको छ नकि कारागारमा राखेर सुधार गरी बाँकी जीवन समाज र परिवार उपयोगी बनाउन । त्यसैले मलाई उपल्लो हदमा सजाय भइसकेको हुनाले थप सजाय गर्ने गरी गरेको त्रुटिपूर्ण फैसला बदर गरिपाऊँ । मबाट आवेगमा हुन पुगेको कसुरको बारेमा पश्चाताप भएको, न्याय सम्पादनका क्रममा घटनाको यथार्थ विवरण बताएर सहयोग पुर्‍याएको, घटना घटाउने कार्यमा कुनै योजना नभएको, हाल कारागारमा रही कैद भुक्तान गर्दै सुधारोन्मुख अवस्थामा रहेको, मानव अधिकार मैत्रीका हिसाबले समेत सम्पत्तिहरण गर्नु उपयुक्त हुँदैन । अतः चोरीतर्फ थप सजाय गरेको त्रुटिपूर्ण फैसला बदर गरिपाउँ भन्ने व्यहोराको प्रतिवादीको यस अदालतमा दायर भएको पुनरावेदन पत्र।

यसमा संवत् २०६७ सालको फौ.पु.नं. ०३६६ को मुद्दामा मिति ०६७।११।३ मा भएको फैसलामा सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहरेकोले चोरीतर्फ थप सजाय गरी रहनु परेन भनी

निर्णय भइरहेकोमा नेपाल सरकार पुनरावेदक रहेको ०६७ सालको स.वा.फौ.नं. ०८१२ को सोही मुद्दामा मिति ०६८।३।२८ मा दोस्रो पटक भएको फैसलामा चोरीतर्फ १ महिना कैद र बिगोबमोजिम रू. १८,३८१।– जरिवानासमेत प्रतिवादीबाट भराउने गरी उल्लेख भएको देखिँदा एउटै मुद्दामा एकै अदालतबाट दुई पटक फैसला भई फरकफरक गरेको निर्णय फरक पर्नसक्ने देखिँदा छलफलको लागि अ.बं. २०२ नं. बमोजिम महान्यायाधिवक्ता कार्यालयलाई पेसीको सूचना दिई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७०।१०।२२ को आदेश।

नियमबमोजिम दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाका पुनरावेदकका तर्फबाट मुकरर कानून व्यवसायी आजको पेसीमा अनुपस्थित रहनु भयो तथा प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट विद्वान् उपन्यायाधिवक्ता श्री सोमकान्त भण्डारीले प्रतिवादीउपरको किटानी जाहेरी, मौकामा र अदालतमा समेत प्रतिवादी कसुरमा साबित रहेको, पोष्टमार्टम रिपोर्ट र बुझिएका मानिसको भनाइसमेतबाट प्रतिवादीले मृतक साइली तामाङको घाँटी छिनाली मारी निजको साथमा रहेको सुनका गहनाहरू चोरी लगेको भन्ने पुष्टि भएको अवस्थामा प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र चोरीको १ नं. को कसुरमा सोही महलको १२ नं. बमोजिम प्रथम पटक चोरी गरेकोले एक महिना कैद र बिगोबमोजिम रू.१८,३८१।– जरिवाना हुने ठहरी पुनरावेदन अदालतबाट भएको फैसला सदर कायम रहोस् भनी गर्नुभएको बहस सुनियो।

प्रस्तुत मुद्दाको मिसिलको अध्ययन भयो।

अब यसमा पुनरावेदन अदालतबाट भएको फैसला मिलेको छ छैन निर्णय दिनुपर्ने देखिन आयो।

यसमा प्रतिवादी सिरलामा तामाङले मृतक साइली तामाङलाई धारिलो जोखिमी हतियार खुकुरी प्रहार गरी बीभत्स हत्या गरी मृतकले लगाएको सुनको गहनासमेत लिई गएको हुँदा प्रतिवादी सिरलामा तामाङलाई मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम तथा मुलुकी ऐन चोरीको महलको १२ नं. बमोजिम सजाय गरी चोरीको महलको १०(३) नं. बमोजिम पीडितको हकवालालाई प्रतिवादीले चोरी गरी लगेको धनमाल सुनको गरगहनाहरू फिर्ता दिलाई भराई पाउँ भन्ने प्रतिवादी विरूद्धको अभियोगदाबी रहेको देखिन्छ । प्रतिवादीलाई सुरू जिल्ला अदालतले चोरीको सजायबाट उन्मुक्ति दिएको र ज्यानतर्फ अभियोगदाबी पुग्ने ठहरी भएको फैसला पुनरावेदन अदालतबाट समेत मिति २०६७।११।३ मा सदर भएको सोपछि मात्र प्रतिवादीलाई अभियोग दाबीबमोजिम चोरीतर्फ पनि सजाय हुनुपर्ने भनी वादी नेपाल सरकारले २०६७।१२।२४ मा पुनरावेदन गरेको र त्यसमा पुनरावेदन अदालत, पाटनबाट चोरीतर्फ पनि प्रतिवादीलाई सजाय भई २०६८।३।२८ मा फैसला भएकोले यी प्रतिवादीले दुवै फैसलाउपर अलगअलग पुनरावेदन गरेको दुवै पुनरावेदन प्रस्तुत इजलाससमक्ष निर्णयार्थ पेस भएको पाइयो।

२. निर्णयतर्फ विचार गर्दा यसमा आफूले मृतकको घरमा जानुभन्दा पहिले एक माना जति रक्सी खाएको त्यसपछि मृतकको घरमा पनि एक कचौरा जाँड खाएको र सो समयमा मृतकले प्रतिवादीलाई अपशब्द प्रयोग गरी गाली गलौज गरेको सो नगर्नुस् भन्दा पनि नमानी एकोहोरो गाली गरेकी र लाठीले समेत हिर्काउन लागेबाट रक्सी जाँड खाएको मलाई पनि रिस उठी सो रिस थाम्न नसकी मृतकको घाँटीमा ३-४ पटक खुकुरीले प्रहार गरेको र मृतक कराउन चल्न छाडेपछि निजले कानमा लगाएको ढुंग्री एक जोर, नाकमा लगाएको फुली एक र घाँटीमा लगाएको सुनको तिलहरिसमेत १ लिई गएको भनी आरोपित कसुरमा साबित भई प्रतिवादीले मौकामा बयान गरेको देखिन्छ।

यी प्रतिवादीले अदालतमा गरेको बयानमा पनि आफूले ठाउँ ठाउँमा रक्सी खाएको मृतकले गाली गरेको र आफूलाई कुट्न भनी लट्ठी दाउरा खोज्न थालेको र मलाई रक्सी लागेकोले मैले पनि लट्ठीले हान्न पर्‍यो भनी लट्ठी हान्छु भन्दा खुकुरीले हानेँ । गहनाको हकमा अरू मानिसले लिएर जान्छ भनी म आफैँले सुनको गहना लिएर गएको हो भनी उल्लेख गरेको देखिन्छ । सोही बयानको जवाफ ७ मा आफूले कति पटक मृतकलाई हानेको थाहा नभएको र मौकाको बयानमा लेखेको सबै साँचो हो भनी उल्लेख भएको पाइन्छ । यी प्रतिवादीले गरेको उल्लिखित बयानबमोजिम नै मृतकको गर्धन खुकुरी प्रहारबाट छुट्टिएको मृतकको लासजाँच मुचुल्का र शव परीक्षण प्रतिवेदन रहेको पाइन्छ । प्रतिवादीले मृतकको हत्या गरेको हो भनी जाहेरवाला तथा मौकामा कागज गर्नेहरूले अदालतमा उपस्थित भई मौकाको कागजको समर्थन गरी बकपत्र गरेको देखिन्छ ।

३. माथि उल्लेख भएबमोजिम यी प्रतिवादीले मिति २०६६।८।२३ मा बेलुकीतिर मृतकको घाँटीमा पटकपटक खुकुरी प्रहार गरी मृतकको हत्या गरेको र मृतकले लगाएको गहना फुकाली लगेको भन्ने अभियोगदाबी निर्विवाद प्रमाणबाट प्रमाणित भएको पाइन्छ । यसमा प्रतिवादीले गरेको पुनरावेदन पत्रमा पनि अभियोग दाबीबाट सफाइ पाउने जिकिर नभई प्रस्तुत वारदात मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १४ नं. को वारदात भएकोले १० वर्ष कैद हुनुपर्ने अथवा पूर्व नियोजित वारदात नभई मृतकको कारणले वारदात गरेको सो कसुरमा साबित भई आफूले न्याय सम्पादनमा सहयोग गरेकोले आफूलाई सुधारको मौका प्रदान हुनुपर्ने भनी कम सजायतर्फ राय लाग्नु पर्ने भनी ज्यानतर्फ जन्मकैदको सजाय गरी सकेपछि चोरीमा सजाय थप्न नमिल्ने भनी चोरीमा भएको ठहरमा सम्म चुनौती गरी पुनरावेदन गरेको देखिन्छ ।

४. तर उल्लिखित वारदात घट्दाको अवस्थामा आफू होसहवासमा नरहेको भन्ने प्रतिवादीको जिकिर छैन । अत्यन्त वृद्ध र जिजु बजै भन्नसमेत सुहाउने असहाय मृतकले यी प्रतिवादीलाई लट्ठीले हान्न खोज्दैमा प्रतिवादीले खुकुरी जस्तो घातक हतियारले कुटपिट गर्ने कुराको कुनै पनि औचित्य प्रतिवादीबाट पुष्टि हुन सकेको छैन । यी प्रतिवादीले सहजरूपमा मृतकको घरबाट हिँड्न सक्ने अवस्थाको सदुपयोग गर्नु पर्दथ्यो । झिना मसिना कुरा निकालेर गम्भीर कसुरको सजायबाट उम्किन सक्ने गरी कानूनको व्याख्या हुन सक्दैन । खुकुरी जस्तो घातक हतियारले घाँटी जस्तो संवेदनशील ठाउँमा पटकपटक प्रहार गर्ने कार्यबाट मृतकको ज्यान लिने यी प्रतिवादीको मनसाय स्पष्ट प्रमाणित छ । मृतकको अत्यन्त बीभत्स र क्रुर हत्या भएको छ । यस्तो हत्या (murder) मा अ.बं. १८८ नं. को प्रयोग हुनै सक्तैन । Manslaughtur अथवा culpable homicide को वारदात भएको भए रायतर्फ विचार गर्न सकिन्थ्यो ।

५. त्यसैगरी मृतकको शरीरबाट गहना निकाली लगेको भन्ने प्रतिवादीको साबितिबाट अभियोगदाबीको मुलुकी ऐन, चोरीको महलको १२ नं. को कसुर पनि स्थापित भएको छ । यसमा ज्यानसम्बन्धीको महलबमोजिम ठूलो सजाय भइसकेपछि चोरीको महलको सजाय गर्न मिल्दैन भन्ने तर्कमा कुनै कानूनी बल छैन । यो कुरा फैसला कार्यान्वयन हुने बेलामा मुलुकी ऐन, दण्ड सजायको महलबमोजिम तय हुने कुरा देखिन्छ । यसबाट फैसलामा हुने ठहर प्रभावित हुन नसक्ने हुँदा प्रतिवादीको यो पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

६. अतः प्रतिवादी विरूद्धको ज्यानको अभियोगदाबी पुग्ने ठहर्‍याई उक्त महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने र जाहेरवालाले बिगो बुझी लगेकोले बिगो नभराउने हदसम्म मिलेकै देखिँदा सदर हुने तर चोरीतर्फ भएको सुरू नुवाकोट

जिल्ला अदालतको फैसला नमिलेको हुँदा सो हदसम्म केही उल्टी भई चोरीको महलको १२ नं. बमोजिम १ महिना कैद र बिगोबमोजिम रू. १८,३८१।– जरिवाना हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति ०६८।३।२८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्तैन। प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या.चोलेन्द्र शमशेर ज.ब.रा.

इजलास अधिकृत : गेहेन्द्रराज पन्त
इति संवत् २०७२ साल फागुन ३ गते रोज २ शुभम्।

## निर्णय नं.९६३८

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
आदेश मिति :२०७२।११।२।१
०६९-WO-१३३८

मुद्दा : उत्प्रेषण / परमादेश

निवेदक : कास्की जिल्ला आर्वा विजय गाउँ विकास समिति वडा नं. ४ बस्ने नवराज बरालको श्रीमती वर्ष ४५ की सुकमेल बराल

विरूद्ध

विपक्षी : स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत

- **सार्वजनिक पदाधिकारीले कानूनको त्रुटि गरी निर्णय गरेको र सो निर्णयबाट कुनै व्यक्ति वा नागरिकको संविधानप्रदत्त मौलिक हक हनन् भई वास्तवमा अन्याय परेमा मात्र रिटको अधिकारक्षेत्र आकर्षित हुने अवस्था रहन्छ । यसको लागि निवेदकलाई प्राप्त हक वा सुविधा कानूनले प्रदान गरेको देखिन आवश्यक हुन्छ । कानूनविपरीत वा कानूनले समर्थन नगरेको काम कारवाहीबाट कसैले कुनै अनुचित सुविधा सहुलियत प्राप्त गरेमा र सो कुरा पछिबाट खोसिएमा सो खोसिने कार्यबाट कानूनको त्रुटि भएको वा मौलिक हकको हनन् भएको भन्न नमिल्ने।**
- **कुनै पदमा पदस्थापन हुने कुरालाई कानूनले समर्थन गर्नुपर्छ। पदस्थापन हुनको लागि पदको संख्या खुलाई विज्ञापन माग हुने, त्यसमा योग्यता पुगेका उम्मेदवारबाट दरखास्त पर्ने र परीक्षा आदि हुने एउटा निश्चित प्रक्रिया आवश्यक हुन्छ । यो प्रक्रियाको अवलम्बन खुल्ला र बढुवा दुवैमा गर्नुपर्ने हुन्छ। अर्को किसिमको पदस्थापन भनेको फाइल बढुवा हो जो निजामती सेवा ऐन नियम र अन्य सेवासम्बन्धी कानूनबाट कर्मचारीको उत्प्रेरणाको लागि लागू भएको देखिन्छ । सोबाहेक अरू किसिमले कुनै पदमा कुनै कर्मचारीको पदस्थापन हुन नसक्ने।**

(प्रकरण नं.५)

- **कानूनद्वारा हुनै नसक्ने पदस्थापन बदरबाट**

**निवेदिकाको कानूनी हकको हनन् नभएको कुरामा सफाइको मौका दिनुपर्ने प्राकृतिक न्यायको सिद्धान्त आकर्षित नहुने।**

(प्रकरण नं.६)

निवेदकका तर्फबाट :विद्वान् अधिवक्ता हरि उप्रेती र योगराज बराल

विपक्षीका तर्फबाट :

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८क, दफा ९, दफा १७ को उपदफा (३)

आदेश

**न्या.गोविन्दकुमार उपाध्याय :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा धारा १०७(२) बमोजिम यस अदालतको अधिकारक्षेत्रभित्र पर्ने प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र ठहर यसप्रकार छ :

म निवेदक २०४५।८।६ मा अ.न.मि.रा.प. द्वितीय श्रेणी पदमा नियुक्ति लिई तातोपानी हेल्थ पोष्ट म्याग्दीमा कार्यरत रही २०५४।२।१४ देखि लागू हुने गरी सहायक पाँचौं तहमा तह मिलान गरी झारकोट स्वास्थ्य चौकी मुस्ताङमा कार्यरत रही आएको थिएँ । मैंले २०५९।११।२८ देखि २०६०।२।२८ सम्म Model I महिना र २०६०।७।१८ देखि २०६०।१०।१८ सम्म Model II तीन महिना सि.अ.न.मि. (Senior Auxiliary Nurse Midwives) को तालिम लिई २०६१।८।३० मा प्रमाणपत्र प्राप्त गरेँ। मिति २०६२।११।१७ को पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय पोखराको पत्रबाट रत्ना खड्का र मलाई सि.अ.न.मि. पदनाम दिन सिफारिस भई स्वास्थ्य सेवा विभागको २०६३।३।२५ को पत्रबाट सि.अ.न.मि. पदनाम कायम भएको, २०६३।९।२७ को पत्रअनुसार पब्लिक हेल्थ नर्स पदमा पदस्थापन भई जिल्ला स्वास्थ्य कार्यालय पर्वतमा र २०६४।२।१४ बाट लागू हुने गरी अधिकृत छैठौं पब्लिक हेल्थ नर्स समूहमा स्तरवृद्धि भई हाल जिल्ला स्वास्थ्य कार्यालय, तनहुँमा कार्यरत छु । नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को परिच्छेद ४ मा सरूवा काज र बढुवासम्बन्धी व्यवस्था गरिएको छ। नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम १५(१) मा समूह तथा उपसमूहको लागि न्यूनतम योग्यता तोकिएको तथा नियमावलीको अनुसूची ७ को क्रम संख्या १६ मा पब्लिक हेल्थ नर्सिङको लागि योग्यता तोकिएको छ। सोअनुसार म योग्य रहेकोमा विवाद छैन। तथापि २०६३।९।२७ मा गरिएको पदस्थापन बदर गरी सोही सेवा समुहको सि.अ.न.मि. (पदनाम) छैंठौ तह कायम गरिएको भन्ने व्यहोराको विपक्षी निर्देशनालयको मिति २०७०।३।३ पत्र मलाई २०७०।३।५ बुझाइएको छ । उक्त पत्रमा उल्लेख गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको च.नं. १९०० को पदस्थापन बदर सम्बन्धको २०६९।९।९ को पत्रमा सि.अ.हे.व. पदमा भएका अनियमित पदस्थापनहरू बदर गराउन जानकारी गराइएको भनी पाँचवटा क्षेत्रीय स्वास्थ्य निर्देशनालय तथा स्वास्थ्य सेवा विभाग, टेकुलाई पत्राचार भएको थियो । तर पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, पोखराको २०६९।१२।७ को पत्रअनुसार जिल्ला स्वास्थ्य कार्यालय, क्षेत्रीय अस्पताललाई लेखेको पत्रमा सि.अ.हे.व./हे.अ./प.हे.न. / सि.अ.न.मि. भनी मन्त्रालयको पत्रभन्दा बढी पदहरूको पदस्थापन बदर गराउन सम्मानित सर्वोच्च अदालत तथा पुनरावेदन अदालत, पाटनको आदेशसमेतलाई आधार बनाई नेपाल स्वास्थ्य सेवाको पाँचौ तहको पदमा पदस्थापनसम्बन्धी कार्यविधि, २०६९ जारी भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको मिति २०७०।२।२९ को पत्रानुसार पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयलाई लेखेको

२०७०।२।२९ च.नं. ३७३४ को पत्रानुसार सि.नं. १ का सि.अ.न.मि. सुकमेल बराललगायत सि.नं. १० सम्मका कर्मचारीहरूको पदस्थापन अनियमितता हुँदा बदर गर्ने पत्रबाट मबाहेक अन्य कर्मचारीको पदस्थापन बदर गरिएको छैन । म निवेदकलाई मात्र हाल पदस्थापन गरिएको बदर गर्ने भनी पत्र बुझाइएको छ । मेरो पद के कारणबाट बदर गर्नु परेको हो त्यस विषयमा कुनै जानकारी सम्म नदिई प्राकृतिक न्यायको सिद्धान्तविपरीत पदस्थापन बदर गरेको पत्र संविधानको धारा १३, १८ समेतको विपरीत रहेकोले मन्त्रालयको २०६९।९।९ को पत्र र यस निर्देशनालयको मिति २०६३।९।२७ को निर्णयानुसार तपाईँलाई स्वास्थ्य सेवा/पब्लिक हेल्थ नर्स समूहको सहायक पाँचौ तहबाट सोही सेवा समूहको पब्लिक हेल्थ नर्स (सहायक पाँचौ) तहमा पदस्थापन गरिएको र स्वास्थ्य सेवा विभागको मिति २०६४।४।१० को निर्णयानुसार सोही सेवा समूहको पब्लिक हेल्थ नर्स (अधिकृत छौठौ) तहमा स्तरवृद्धि भई हालसम्म कार्यरत रहँदै आउनुभएकोमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको च.नं. ९१० मिति २०६९।९।१७ को पत्र, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको च.नं. १९०० मिति २०६९।९।९ र च.नं. ७/३७३४ मिति २०७०।२।२९ को पत्रबमोजिम यस निर्देशनालयबाट मिति २०७०।३।३ मा भएको निर्णयानुसार तपाईँलाई मिति २०६३।९।२७ मा गरिएको पदस्थापन बदर गरी सोही सेवा समूहको सि.अ.न.मि. (पदनाम) छैठौं तह कायम गरिएको व्यहोरा जानकारी गराइन्छ भनी मिति २०७०।३।३ को निर्णयसमेत संविधानको धारा १०७(२) बमोजिम उत्प्रेषणलगायत जो चाहिने आज्ञा आदेशबाट बदर गरी निवेदिका हाल कार्यरत पद र कार्यालयमा काम गर्न दिनु भनी परमादेशसमेत जारी गरिपाऊँ । सुविधा र सन्तुलनको हिसाबले प्रस्तुत निवेदनको अन्तिम टुंगो नलागेसम्म म निवेदिकालाई दिएको पदस्थापन बदरको पत्र कार्यान्वयन नगर्नु नगराउनु, निवेदकलाई पूर्ववत् कामकाज गर्न दिनु दिलाउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूको नाउँमा अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्ने व्यहोराको निवेदिकाको रिट निवेदन।

यसमा लिखित जवाफ पेस गर्न र अन्तरिम आदेश सम्बन्धमा २०७०।३।२१ का दिन छलफलका लागि उपस्थित हुन भनी विपक्षीहरूलाई सूचना दिई नियमानुसार पेस गर्नू । उक्त छलफलबाट अन्तरिम आदेश जारी हुने नहुने विषयमा निर्णय नभएसम्म निवेदकलाई पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, पोखराबाट पब्लिक हेल्थ नर्सको पद बदर गरिएको मिति २०७०।३।३ च.नं. ११५८ को पत्र कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरूको नाउँमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ भन्ने यस अदालतको मिति २०७०।३।१४ को आदेश।

यसमा निवेदिकालाई एउटै तहको पब्लिक हेल्थ नर्सबाट सि.अ.न.मि. पदमा पदस्थापन गरिएको कार्यबाट निवेदिकालाई अपूरणीय क्षति पुग्न सक्ने नदेखिएकोले तत्काल अन्तरिम आदेश जारी गर्नुपर्ने नदेखिँदा मिति २०७०।३।१४ मा यस अदालतबाट जारी गरिएको अन्तरिम आदेशलाई निरन्तरता दिइरहनु परेन कानूनबमोजिम गर्नु भन्ने यस अदालतको मिति २०७०।३।२१ को आदेश।

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ (७घ) मा यस दफाबमोजिम माथिल्लो तहमा स्तरवृद्धि भएको कर्मचारीले निज जुन तहबाट स्तरवृद्धि भएको हो सोही तहको काम गर्नुपर्नेछ भन्ने व्यवस्था रहेकोले रिट निवेदकको स्तरवृद्धि भए तापनि निजले साबिक तहकै काम गर्नुपर्ने हुन्छ । नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को तत्कालीन दफा ८ को उपदफा (१) बमोजिम नेपाल स्वास्थ्य सेवाको पाँचौ तहको पदमा खुल्ला र आन्तरिक प्रतियोगिताबाट मात्र पदपूर्ति

हुने व्यवस्था रहेकोले सोबाहेक अन्य कुनै तरिकाबाट पदपूर्ति गर्नसक्ने अवस्था रहँदैन । स्तरवृद्धि भएको कर्मचारीलाई माथिल्लो तहमा स्तरवृद्धि हुनासाथ सोही तहमा पदस्थापन गर्दा ऐनको दफा ९(७घ) को उद्देश्य निष्प्रभावी हुन जान्छ । हालै नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ मा चौथो संशोधन भई दफा ८(१) मा सेवाको पाँचौ तहको रिक्त पदमध्ये १५ प्रतिशत पदमा कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट पदपूर्ति गर्ने व्यवस्था रहेको र सोही ऐनको दफा १७ को उपदफा (३) मा भएको व्यवस्थाअन्तर्गत रिट निवेदकको मागसमेत सम्बोधन हुनसक्ने र ऐनको उल्लिखित व्यवस्थासमेतको कार्यान्वयनका लागि निकट भविष्यमै नेपाल स्वास्थ्य सेवा नियमावली संशोधन हुने र तत्पश्चात् निजहरूको मागसमेत सम्बोधन हुने नै हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंको तर्फबाट ऐ. का सचिवको लिखित जवाफ ।

विपक्षी सुकमेल बराल मिति २०४५।८।६ मा स्वास्थ्य सेवाअन्तर्गत अ.न.मि. पदमा स्थायी नियुक्ति भई कार्यरत रहँदै आएकोमा पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, पोखराको मिति २०६३।९।२७ को निर्णयले सि.अ.न.मि. पदबाट पब्लिक हेल्थ नर्स पदमा पद नै फरक पारी पदस्थापन गरिएको नियमविपरीत छ । पदस्थापन गर्दा लिइनुपर्ने न्यूनतम आधारहरू (अदालतको फैसला/लोकसेवा आयोगको सहमति) मध्ये कुनै पनि प्रक्रिया पुगेको छैन । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको च.नं. १९०० मिति २०६९।९।९ को पत्रमा सम्मानित अदालतको आदेशबाहेक अन्य तवरबाट भएका अनियमित पदस्थापनहरू तीन दिनभित्र बदर गराउन भनी उल्लेख भएको र सोही मन्त्रालयको च.नं. १३७३४ मिति २०७०।२।२९ को पत्रमा मिति २०६९।९।९ को पत्र कार्यान्वयन गर्न पुनः ताकेता भएबमोजिम भएको काम कारवाही कानूनसम्मत रहेकोले झुट्ठा रिट दाबीबाट फुर्सद पाउँ भन्ने एकै व्यहोराको नेपाल सरकार पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, पोखरा तथा त्यसका निमित्त क्षेत्रीय निर्देशकको बेग्लाबेग्लै लिखित जवाफ ।

यसमा यस कार्यालयमा कार्यरत पब्लिक हेल्थ नर्स सुकमेल बराल मिति २०६६ साल जेठ महिनादेखि यस कार्यालयमा कार्यरत रहेको, पश्चिमाञ्चलय क्षेत्रीय स्वास्थ्य निर्देशनालय, पोखराको मिति २०७०।३।३ को निर्णयअनुसार निजको पब्लिक हेल्थ नर्स पद बदर भएको पत्रको बोधार्थ यस कार्यालयमा प्राप्त भएकोमा सर्वोच्च अदालतको मिति २०७० साल आषाढ १४ को अन्तरिम आदेशअनुसार निज यस कार्यालयका हालसम्म कामकाज गर्दै आएको र निजको मौलिक हक हनन् हुने कुनै कारवाही यस कार्यालयबाट नभएको व्यहोरा सम्मानित सर्वोच्च अदालतसमक्ष सादर अनुरोध गर्दछु भन्ने व्यहोराको जिल्ला स्वास्थ्य कार्यालय, तनहुँको लिखित जवाफ ।

स्वास्थ्य सेवा विभाग टेकु, काठमाडौंबाट लिखित जवाफ प्राप्त नभएको ।

नियमबमोजिम दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत निवेदनमा निवेदिकाका तर्फबाट विद्वान् अधिवक्ता श्री हरि उप्रेती र विद्वान् अधिवक्ता श्री योगराज बरालले निवेदिकालाई सि.अ.न.मि. पदनाम दिन सिफारिस भएअनुसार विभागको २०६३।३।२५ को पत्रबाट सि.अ.न.मि. पदनाम कायम भएको र २०६३।९।२७ को पत्रअनुसार पब्लिक हेल्थ नर्स पदमा पदस्थापन गरी जिल्ला स्वास्थ्य कार्यालय, पर्वतमा कार्यरत रहेकोमा सो अवधिमा २०६४।२।१४ बाट लागू हुने गरी स्तरवृद्धि भई अधिकृत छैठौं पब्लिक हेल्थ नर्स समूहमा रही हाल जिल्ला स्वास्थ्य कार्यालय, तनहुँमा कार्यरत रहेको लामो समय अर्थात् ६-७ वर्षपछि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको मिति २०७०।२।२९ को पत्रानुसार

पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयलाई लेखेको २०७०।२।२९ च.नं. ३७३४ को पत्रानुसार सि.नं. १ का सि.अ.न.मि. सुकमेल बराललगायत सि.नं. १० सम्मका कर्मचारीहरूको पदस्थापन अनियमितता हुँदा बदर गर्ने कार्यबाट निवेदिकालाई अन्याय भएको छ। यो वैध अपेक्षाको सिद्धान्तसमेतको विपरीत भएको छ । यसमा अन्य कर्मचारीहरूको पदस्थापन बदर नगरी निवेदिकाको मात्र बदर भएको छ। के कारणबाट पदस्थापन बदर गर्नुपरेको हो त्यस विषयमा कुनै कुरा नखुलाई सफाइको मौका नदिई प्राकृतिक न्यायको सिद्धान्तविपरीत पदस्थापन बदर गरेको विपक्षी मन्त्रालयको २०६९।९।९ को पत्र र २०७०।३।३ को निर्णयसमेत उत्प्रेषण आदेशबाट बदर गरी हाल कार्यरत रहेको पद र कार्यालयमा निवेदिकालाई काम गर्न दिनु भनी विपक्षीको नाममा परमादेशसमेत जारी गरिपाउँ भनी गर्नुभएको बहस सुनियो।

प्रस्तुत मुद्दाको मिसिलको अध्ययन गरियो।

यसमा रिट निवेदिकाको मागबमोजिम आदेश जारी गर्नुपर्ने हो होइन निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा निवेदिकालाई पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, पोखराले २०७०।३।३ मा लेखेको पत्र हेर्दा यस निर्देशनालयको मिति २०६३।९।२७ को निर्णयानुसार तपाईँलाई स्वास्थ्य सेवा/पब्लिक हेल्थ नर्स समूहको सहायक पाँचौ तहबाट सोही सेवा समूहको पब्लिक हेल्थ नर्स (सहायक पाँचौ) तहमा पदस्थापन गरिएको र स्वास्थ्य सेवा विभागको मिति २०६४।४।१० को निर्णयानुसार सोही सेवा समूहको पब्लिक हेल्थ नर्स (अधिकृत छैठौं) तहमा स्तरवृद्धि भई हालसम्म कार्यरत रहँदै आउनुभएकोमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको च.नं. ९१० मिति २०६९।८।१७ को पत्र, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको च.नं. १९०० मिति २०६९।९।९ र च.नं. ७/३७३४ मिति २०७०।२।२९ को पत्रबमोजिम यस निर्देशनालयबाट मिति २०७०।३।३ मा भएको निर्णयानुसार तपाईँलाई मिति २०६३।९।२७ मा गरिएको पदस्थापन बदर गरी सोही सेवा समूहको सि.अ.न.मि. (पदनाम) छैटौं तह कायम गरिएको व्यहोरा जानकारी गराइन्छ भन्ने व्यहोरा रहेको पाइन्छ। पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयको मिति २०७०।३।३ को पत्रभन्दा पहिले सोही निर्देशनालयको २०६९।१२।७ को पत्रमा प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको च.नं. १९०० मिति २०६९।९।९ को प्राप्त पत्रानुसार सम्मानित अदालतको आदेशबाहेक अन्य तवरबाट अनियमित पदस्थापन भएका पदहरू सि.अ.हे.व. /हे.अ./प.हे.न./सि.अ.न.मि. को पदस्थापन बदर गर्न लेखी आएकोले सोअनुसार पदस्थापन भएका कर्मचारी भए सो कर्मचारीहरूको पदस्थापन पत्रको प्रतिलिपिसमेत विवरण यथाशीघ्र यस निर्देशनालयमा उपलब्ध गराई दिन हुन अनुरोध छ भन्ने व्यहोरा उल्लेख भएको पाइन्छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय (कर्मचारी प्रशासन महाशाखा) को २०६९।९।९ पत्रमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको च.नं. ९१० मिति २०६९।८।१७ को पत्रानुसार सम्मानित अदालतको आदेशबाहेक अन्य तवरबाट भएका अनियमित पदस्थापनहरू बदर गर्न गराउन हुन भनी लेखी आएकोले अदालतको आदेशबाहेक अन्य तवरबाट सि.अ.हे.व. पदमा भएका अनियमित पदस्थापनहरू पत्र प्राप्त भएको मितिले ३ (तीन) दिनभित्र बदर गराउन र सोको जानकारी बदर भएको मितिले २४ घण्टाभित्र यस मन्त्रालयलाई गराउनु हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०६९।९।३ को निर्णयानुसार अनुरोध छ भनी उल्लेख भएको पाइन्छ।

३. आफ्नो पदस्थापन बदर हुनु नपर्ने भन्ने सम्बन्धमा निवेदिकाले स्वास्थ्य सेवा विभाग (कर्मचारी प्रशासन महाशाखा) को २०६३।३।२५ को पत्र, तदनुसार पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय,

पोखराले निवेदकलाई लेखेको २०६३।९।२७ को र स्वास्थ्य सेवा विभाग (कर्मचारी प्रशासन महाशाखा) ले २०६४।४।११ मा लेखेको पत्रलाई आधार बनाउनुभएको पाइन्छ । २०६३।३।२५ को पत्रमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९० को खण्ड (क) को (६) अनुसार साबिकको पदनाम अ.न.मि. रहेकोमा हाल सि.अ.न.मि. पदनाम कायम गरिएको तर सेवा समूह स्वास्थ्य/पब्लिक हेल्थ नर्स र तह सहायक पाँचौं नै रहेको देखिन्छ । मिति २०६३।९।२७ को पत्रले पनि सेवा समूह र तह यथावत् राखी निवेदिका सि.अ.न.मि. को पदलाई पब्लिक हेल्थ नर्समा परिवर्तन गरेको देखिन्छ। २०६४।४।११ को पत्रले निवेदिकाको साबिकको पाँचौ तहलाई नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ (संशोधनसहित २०६३) को दफा ९(७क) को खण्ड (छ)(ज) अनुसार ऐ. को दफा ९ को उपदफा ७(घ) बमोजिम जुन तहबाट स्तरवृद्धि भएको हो सोही तहमा कामकाज गर्ने गरी अधिकृत छैठौंमा स्तरवृद्धि गरेको देखिन्छ।

४. प्रस्तुत विवादको चुरो भनेको सि.अ.न.मि. बाट पब्लिक हेल्थ नर्समा पदनाम गरिएको मिति २०६३।३।२७ समेतको कामकारवाही यथावत् रहनुपर्ने भन्ने निवेदिकाको कथन छ भने अदालतको आदेशबाहेक अरू किसिमले पदस्थापन गर्न नमिल्ने हुँदा निवेदिकालाई पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, पोखराले मिति २०६३।९।२७ को निर्णयानुसार सि.अ.न.मि. बाट पब्लिक हेल्थ नर्समा पदस्थापन गरेको स्वतः अवैध रहेको भन्ने विपक्षीहरूको जिकिर देखिन्छ । २०६३।९।२७ को पत्रले पदनाम दिँदा आधार लिएको नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९० मा "श्रेणी र तह मिलान- दफा ८९ बमोजिम निजामती सेवाको स्थायी सेवाबाट यस ऐनबमोजिम गठित नेपाल स्वास्थ्य सेवामा परिवर्तन भई आउने देहायका श्रेणीका कर्मचारीहरू देहायबमोजिमको तहमा मिलान हुनेछन्।" उल्लेख भई सोको खण्ड (क) को देहाय (छ) मा ३ वर्ष सेवा अवधि पूरा भएका द्वितीय श्रेणीदेखि सहायक पाँचौ तहसम्म उल्लेख भएको पाइन्छ। उक्त दफा ९० को खण्ड (क) को देहाय (छ) मा सि.अ.न.मि. ले पब्लिक हेल्थ नर्समा पदस्थापन हुने कुनै कुरा उल्लेख भएको पाइँदैन। उक्त कानून फलाना पदमा काम गरेकोले फलाना पदबाट फलाना पदमा परिवर्तन हुने भन्ने कानून नभई खास श्रेणीमा रही खास सेवा अवधि पूरा गरेका कर्मचारीको के कुन तह हुने भन्ने श्रेणी र तह मिलानसम्बन्धी कानून देखिन्छ। उक्त कानूनको दायराभन्दा बाहिर गई त्यसको दुरूपयोग गरी पदनाम र पदस्थापन नै परिवर्तन गरेको पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, पोखराको मिति २०६३।९।२७ को पत्र कानूनविपरीत देखिन आउँछ।

५. सार्वजनिक पदाधिकारीले कानूनको त्रुटि गरी निर्णय गरेको र सो निर्णयबाट कुनै व्यक्ति वा नागरिकको संविधानप्रदत्त मौलिक हक हनन् भई वास्तवमा अन्याय परेमा मात्र रिटको अधिकारक्षेत्र आकर्षित हुने अवस्था रहन्छ । यसको लागि निवेदकलाई प्राप्त हक वा सुविधा कानूनले प्रदान गरेको देखिन आवश्यक हुन्छ । कानूनविपरीत वा कानूनले समर्थन नगरेको काम कारवाहीबाट कसैले कुनै अनुचित सुविधा सहुलियत प्राप्त गरेमा र सो कुरा पछिबाट खोसिएमा सो खोसिने कार्यबाट कानूनको त्रुटि भएको वा मौलिक हकको हनन् भएको भन्न मिल्दैन। निवेदिकाको ठीक त्यै स्थिति छ। कुनै पदमा पदस्थापन हुने कुरालाई कानूनले समर्थन गर्नुपर्छ । पदस्थापन हुनको लागि पदको संख्या खुलाई विज्ञापन माग हुने, त्यसमा योग्यता पुगेका उम्मेदवारबाट दरखास्त पर्ने र परीक्षा आदि हुने एउटा निश्चित प्रक्रिया आवश्यक हुन्छ। यो प्रक्रियाको अवलम्बन खुल्ला र बढुवा दुवैमा गर्नुपर्ने हुन्छ। अर्को किसिमको पदस्थापन भनेको फाइल बढुवा हो जो निजामती सेवा ऐन नियम र अन्य सेवासम्बन्धी कानूनबाट कर्मचारीको उत्प्रेरणाको

लागि लागू भएको देखिन्छ। सोबाहेक अरू किसिमले कुनै पदमा कुनै कर्मचारीको पदस्थापन हुन सक्तैन। नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८क पदपूर्तिमा बन्देजको अपवादको रूपमा रहेको र दफा ९ स्तरवृद्धिसँग मात्र सम्बन्धित रहेको देखिन्छ। स्तरवृद्धि र पदनाम / पदस्थापन बेग्लाबेग्लै विषय भएको कुरा उक्त दफा ९ को उपदफा ७घ मा "यस दफाबमोजिम माथिल्लो तहमा स्तरवृद्धि भएको कर्मचारीले निज जुन तहबाट स्तरवृद्धि भएको हो सोही तहको काम गर्नु पर्नेछ।" भनी रहेको व्यवस्थाबाट स्पष्ट हुन्छ। यी सबबाट निवेदिकाको पदस्थापनले कानूनी बल पाउन सकेको देखिँदैन।

६. पदस्थापन बदर गर्दा सफाइको मौका नदिएको र आफूसरहको अरू कर्मचारीको पदस्थापन बदर नगरी आफ्नो मात्र पदस्थापन बदर गरेको भेदभावपूर्ण भयो भन्ने निवेदिकाको तर्क देखिन्छ। तर त्यो तर्कले बल पाउनको लागि पनि निवेदिकाको दाबी र अपेक्षा कानूनसम्मत अर्थात् legitimate claim and expectation हुनु आवश्यक हुन्छ। त्यसरी पदस्थापन भएका कर्मचारीहरूको नाम खुलाई निजहरूलाई समेत विपक्षी बनाई निजहरूलाई यसबारे आफ्नो भनाइ राख्ने अवसर दिनुपर्नेमा निवेदिकाबाट सो नभएको यसरी निजहरूको यथार्थ अवस्था स्पष्ट नभएको स्थितिमा निवेदिकाको यो कुरामा भर गरी निवेदिकाको पक्षमा धारणा बनाउन यो इजलास असमर्थ छ। कानूनद्वारा हुनै नसक्ने पदस्थापन बदरबाट निवेदिकाको कानूनी हकको हनन् नभएको यस्तो कुरामा सफाइको मौका दिनुपर्ने प्राकृतिक न्यायको सिद्धान्त आकर्षित नहुने हुँदा निवेदिकाको यो जिकिर पनि मनासिब देखिँदैन।

७. यसै प्रसंगमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ मा चौथो संशोधन भई दफा ८(१) मा सेवाको पाँचौ तहको रिक्त पदमध्ये १५ प्रतिशत पदमा कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट पदपूर्ति गर्ने व्यवस्था रहेको र सोही ऐनको दफा १७ को उपदफा (३) मा भएको व्यवस्थाअन्तर्गत रिट निवेदकको मागसमेत सम्बोधन हुनसक्ने र ऐनको उल्लिखित व्यवस्थासमेतको कार्यान्वयनका लागि निकट भविष्यमै नेपाल स्वास्थ्य सेवा नियमावली संशोधन हुने र तत्पश्चात् निजहरूको मागसमेत सम्बोधन हुने नै हुँदा रिट निवेदन खारेज गरिपाउँ भनी विपक्षी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले लिखितजवाफमा व्यक्त गरेको व्यहोराबाट समेत निवेदिकाले मिति २०७०।३।९ मा प्रस्तुत रिट निवेदन दर्ता गर्दाको अवस्थामा विद्यमान कानूनले निवेदन जिकिरलाई समर्थन गरेको पाइँदैन। उक्त कानून संशोधनपछि निवेदिकाको माग सम्बोधन हुने भन्ने नेपाल सरकारको प्रतिबद्धतामा निवेदिकाले विश्वास गर्नु उचित हुनेछ। विपक्षीले सो प्रतिबद्धता पूरा गर्ने अपेक्षा यो अदालतले पनि राखेको छ। तर तत्कालीन कानूनको परिप्रेक्ष्यमा प्रस्तुत रिटबाट यो अदालत निवेदिकालाई न्यायिक उपचार प्रदान गर्न असमर्थ छ। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। प्रस्तुत निवेदनको दायरी लगतकट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या.चोलेन्द्र शमशेर ज.ब.रा.

इजलास अधिकृत : गेहेन्द्रराज पन्त
इति संवत् २०७२ साल फागुन २ गते रोज १ शुभम्।

## निर्णय नं.९६३९

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
फैसला मिति : २०७३।२।२४।२
०६९-CR-०३८९

मुद्दा : कर्तव्य ज्यान

पुनरावेदक / प्रतिवादी : जिल्ला संखुवासभा, गा.वि.स. सिद्धकाली, वडा नं. ५ घर भई हाल कारागार कार्यालय, संखुवासभामा थुनामा रहेका दानुर्वु शेर्पासमेत

विरूद्ध

प्रत्यर्थी / वादी : ङिमबुटी शेर्पाको जाहेरीले नेपाल सरकारसमेत

- **फौजदारी कसुरमा प्रतिवादीमाथिको अभियोग निसन्देहरूपमा प्रमाणित गर्ने भार वादी पक्षमा निहित रहने हुन्छ । सो कुरा प्रमाण ऐन, २०३१ को दफा २५ मा स्पस्टरूपमा उल्लेख गरेको छ । प्रस्तुत मुद्दामा कसुरमा प्रतिवादीहरूको संलग्नता रहेको भनी पुष्टि हुने निर्विवाद आधारहरू वादी पक्षबाट पेस हुन सकेको देखिँदैन । केवल अभियोग लगाएको आधारमा मात्र कसुर कायम गर्न मिल्दैन र सो गर्नाले न्यायको मकसदसमेत पूरा हुँदैन । प्रमाणको पर्याप्त न्यायिक परीक्षण गरी न्यायिक परीक्षणबाट सत्य तथा सर्वोत्तम प्रमाणका रूपमा स्थापित प्रमाणले कसुरदार रहेको भनी समर्थन गरेमा मात्र कसुरदार कायम गर्न सकिन्छ । अन्यथा कुनै व्यक्तिलाई आरोप लगाएकै आधारमा दोषी प्रमाणित गर्दा ठूलो अन्याय हुन जाने ।**

(प्रकरण नं.५)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् वैतनिक कानून व्यवसायी अधिवक्ता किरणकुमारी गुप्ता
प्रत्यर्थी / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता पुस्कर सापकोटा
अवलम्बित नजिर :
सम्बद्ध कानून :
- प्रमाण ऐन, २०३१ को दफा २५
- मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय ३, १४ नं.

सुरू तहबाट फैसला गर्ने :
मा.जि.न्या. श्री गोपालप्रसाद बास्तोला
पुनरावेदन तहबाट फैसला गर्ने :
मा.न्या. श्री शम्भुबहादुर खड्का
मा.न्या. श्री बिदुरविक्रम थापा

फैसला

**न्या.देवेन्द्र गोपाल श्रेष्ठ :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र भई दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार छ ।

मेरो छोरा पासाङ नुर्वु शेर्पा मिति २०६७।८।२९ गते पेम दोर्ची शेर्पाको घरमा विवाह भएकोले सो विवाहमा जाँदा दानुर्वु शेर्पा, पेम दोर्ची शेर्पा, साङमु शेर्पा, पासाङ शेर्पा, जङमु शेर्पासमेत ७-८ जना मानिसहरूले कुटपिट गरी शरीरमा निलडाम, कानबाट रगत बगिरहेको अवस्थामा घरमा आएर घरबाहिरको सिकुवामा सुतिरहेको थियो । त्यस्तैमा बजियालाई आज नमारी छाड्नु हुँदैन भनी कसैले हातमा लट्ठी र

कसैले ढुङ्गा मुढा बोकेका र दानुर्वुले आफूले बोकी राखेको धारिलो हतियारले टाउको पछाडि काटी लडाए । छोरो लडेपछि मैले "गुहार छोरालाई मार्न लागे" भनी हार गुहार गर्दा अभियुक्तहरू भागेका हुन् । घाइतेलाई उपचार गर्न अस्पताल ल्याउँदा उपचार हुन नसकी मिति २०६७।९।१ गते चैनपुर गा.वि.स. वडा नं. २ स्थित फु दोर्जी शेर्पाको घरमा मृत्यु भएको हो । अभियुक्तहरूलाई पक्राउ गरी कानूनबमोजिम कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको जाहेरवाली डिम्बुटी शेर्पाको मिति २०६७।९।२ को जाहेरी दरखास्त ।

मेरो भतिजो पासाङ नुर्वु शेर्पालाई जाहेरीमा उल्लेख भएका मानिसहरूले घरमा सुतिरहेका अवस्थामा घरभित्रबाट उठाई आँगन सिकुवामा ल्याई दानुर्वु शेर्पाले धारिलो फलामको हतियारले प्रहार गरेका हुन् । रातको अवस्थामा भएकाले के कुन हतियार हो थाहा भएन । अन्य प्रतिवादीहरू पासाङ शेर्पा, जुङ्बु शेर्पा, पेम दोर्ची शेर्पासमेतले लाठी प्रहार गरी घाइते बनाएकोमा उपचार गर्न प्राथमिक स्वास्थ्य चौकी चैनपुरमा ल्याउँदा उपचार हुन नसकी निजको बाटैमा मृत्यु भएको हो भन्नेसमेत व्यहोराको मौकामा कागज गर्ने निम छिरी शेर्पाको मिति २०६७।९।२ को कागज ।

मृतकको मृत्युको कारणको महलमा Intracranial hemorrhage due to physical injury near the head भन्नेसमेत व्यहोराको पोस्टमार्टम रिपोर्ट ।

मिति २०६७।८।२९ गते मेरो कान्छो भाइ लाक्पा हिसी शेर्पाको विवाह भएकोले हाम्रो शेर्पा जातिको रीतिरिवाजअनुसार छिमेकी आफन्तहरूलाई सम्मानपूर्वक खानपिन गराउन तल्लीन थिएँ । नाचगानसमेत भइरहेको थियो । मृतक पासाङ नुर्वु शेर्पाको दानुर्वु शेर्पासँग एक्कासी वादविवाद भई पासाङ शेर्पासमेत ओडपसी पासाङ नुर्वु शेर्पासँग हात मिसामिस भएको देखी आजको दिन यस्तो नगर्नुस् भनी बिन्ती गरी निजहरूलाई आ-आफ्नो घर पठाएको हुँ । सो वाद-विवादलाई लिएर दानुर्वु शेर्पा पासाङ शेर्पा पुन: पासाङ नुर्वु शेर्पाको घरमा गई धारिलो हतियार प्रहार गरी कर्तव्य गरी मारेको हो । सो घटनामा मेरो संलग्नता छैन भन्ने प्रतिवादी प्रेम दोर्ची शेर्पाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

छिमेकी पेम दोर्ची शेर्पाको कान्छो भाइ लाक्पा हिसी शेर्पाको सो दिन विवाह भएको र मलाईसमेत निम्तो भएकाले सो कार्जेमा सघाउ पघाउ गर्दै थिएँ । सोही दिन राति पासाङ नुर्वु शेर्पा र दानुर्वु शेर्पाको वादविवाद हुँदा पासाङ शेर्पासमेत ओड पसी कुटपिट गर्दा बेहुलाको दाजु आई सम्झाई बुझाई गरी आ-आफ्नो घर पठाएका हुन् पछि कोको भई मृतकको घरमा गई धारिलो हतियार प्रहार गरे मलाई थाहा भएन । दानुर्वु शेर्पा र पासाङ शेर्पा घर गाउँ छाडी भागेकाले निजहरूले नै घटना घटाई पासाङ नुर्वु शेर्पाको मृत्यु भएको हो । उक्त घटनामा मेरो संलग्नता छैन भनि प्रतिवादी जङवु शेर्पाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

विवाह घरमा मृतक पासाङ नुर्वु शेर्पासँग मेरो वादविवाद भई कुटपिट सुरू हुँदा विवाहमा भएकामध्ये पासाङ शेर्पा, फुर्दुवा शेर्पा, पेमदोर्ची शेर्पा, दावा शेर्पा, पासाङ तेम्बा शेर्पा र जङबु शेर्पासमेत भई विवाह घरमा पासाङ नुर्वु शेर्पालाई लात्ती तथा मुक्का प्रहार गरी कुटपिट गरेको हो । त्यसपश्चात् विवाहमा आएका पाहुनाहरूले छुट्याएपछि मृतक पासाङ घर गएका थिए । मलाई आमा चकारी गाली गरेकाले रिस थाम्न नसकी साथमा पासाङ शेर्पा र फुर्दुवा शेर्पालाई लिई गई निजकै घर आँगनमा भएको दाउराको चिरपट टिपी, मैले पहिला टाउकोमा प्रहार गरेँ । पासाङले घुँडामा र फुर्दावा शेर्पाले के कहाँ प्रहार गरे थाहा भएन । हामीहरूकै प्रहारबाट मृतकको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी दानुर्वु शेर्पाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको मिति २०६७।९।११ मा गरेको बयान ।

मिति २०६७।८।२९ गते पेमदोर्ची शेर्पाको

भाइ लाक्पाहिसी शेर्पाको विवाह भएकोले गई जाँड रक्सी खाई नाच हेर्दै थिएँ । सोही बखतमा एक्कासी जाहेरवालीको छोरा पासाङ नुर्वु शेर्पा जाँडले मात्तिई दानुर्वु शेर्पालाई जग्गाको विषयमा विवाद झिकी आमा चाकरी गाली गरी कुटपिटसमेत गर्दा हामी विवाहमा भएका पेमदोर्ची शेर्पा, पासाङ तेम्बा शेर्पा, दानुर्वु शेर्पासमेत भई मृतक पासाङ नुर्वु शेर्पालाई कुटपिट गरी घरतर्फ पठाएकोमा पुन: पछि दानुर्वु शेर्पाले मलाई र फुर्दवा शेर्पालाई जाउँ भनी मृतकको घरमा गई चिरपट दाउराले मैले निज मृतकको घुँडा मुनी ३/४ पटक हानेको हुँ। त्यसपछि निज नबोलेपछि मर्‍यो होला भनी त्यहीँ छाडी हामी भागेका हौं । दानुर्वु शेर्पाले निजको टाउको कञ्चटमा चिरपटले प्रहार गरेकोले सोही कारणबाट निजको मृत्यु भएको हो भन्ने व्यहोराको प्रतिवादी पासाङ शेर्पाले मिति २०६७।९।११ गते अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

विवाहमा मलाई निम्तो भएकोले सो दिन साँझबाटै विवाह घरमा थिएँ । साथी दानुर्वु शेर्पालाई पासाङ नुर्वुले अत्यधिक मात्रामा मादक पदार्थ खाई नशामा आमा चकारी गाली गरेकाले मसमेत ओड पसी विवाहमा कुटपिट गरी पेमदोर्ची शेर्पाले छुट्याई आ-आफ्नो घरमा पठाएकोमा सुतिरहेको जाहेरवालीको छोरा पासाङ नुर्वु शेर्पालाई हामी तीन जना भई मृतकको घर आँगनमा रहेको दाउराको चिरपट उठाई निजको जिउ शरीरमा ३/४ पटकसम्म हानेको हुँ। उक्त घटना हामी ३ जनाले घटाएको हौं। अरूको संलग्नता छैन भन्नेसमेत व्यहोराको प्रतिवादी फुर्दवा शेर्पाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

विवाहमा मलाई निम्तो भएकोले सो दिन साँझबाटै म विवाह घरमा थिएँ। जाहेरीमा उल्लिखित मिति, समय र स्थानमा जाहेरवालीको छोरा पासाङ नुर्वु शेर्पा अत्यधिक मात्रामा मादक पदार्थ सेवन गरी दानुर्वु शेर्पासँग झगडा गर्दा पासाङ शेर्पा र फुर्दवा शेर्पासमेत ओड पसी कुटपिट गरी बेहुलाको दाजु पेमदोर्ची शेर्पा र विवाहमा भएका अन्य मानिसहरू भई छुट्याई आ-आफ्नो घर पठाएकोमा जाहेरवालीको छोरा पासाङ नुर्वु शेर्पा घरमा सुती रहेको अवस्थामा दानुर्वु शेर्पाको साथ लागि पासाङ शेर्पा र फुर्दवा शेर्पासमेतले दाउराको चिरपटले संवेदनशील अंग टाउकोमा प्रहार गरी मरणासन्न अवस्थामा पारी भोलिपल्ट उपचार हुन नसकी निजको मृत्यु भएको हो । सो घटनामा अन्य मानिसहरू र मेरो संलग्नता छैन। दानुर्वु शेर्पा, पासाङ शेर्पा र फुर्दवा शेर्पासमेतको कुटपिटबाटै मृतकको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी दावा शेर्पाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको मिति २०६७।९।१८ को बयान।

जाहेरीमा उल्लिखित मिति, समय र स्थानमा जाहेरवालीका छोरा पासाङ नुर्वु शेर्पा अत्यधिक मात्रामा मादक पदार्थ सेवन गरी दानुर्वु शेर्पालाई आमा चकारी गाली गर्दा निजहरूले झगडा गरेका हुन् । झगडामा पासाङ शेर्पा र फुर्दवा शेर्पासमेत ओडपसी कुटपिट गरिरहेकोमा पछि छुट्याई आ-आफ्नो घर पठाएकोमा पुन: प्रतिवादी दानुर्वु, पासाङ र फुर्दवासमेत जाहेरवालीको घरमा गई सुतिरहेको पासाङ नुर्वु शेर्पालाई दाउराको चिरपटले टाउकोमा प्रहार गरेका हुन् । उक्त घटनामा अरूको संलग्नता छैन । मैले पनि निजलाई कुटपिट गरेको होइन भन्ने प्रतिवादी दोर्ची शेर्पाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

मिति २०६७।८।२९ गते मेरो सहोदर कान्छो भाइ लाक्पा हिसी शेर्पाको विवाह भएकोले म विवाह घरमा थिएँ। रातको समयमा शेर्पा जातिको स्याब्रु नाच भइरहेको थियो। त्यस्तैमा मृतकले मादक पदार्थ सेवन गरी दानुर्वु शेर्पासँग झगडा गर्दा पासाङ शेर्पा र फुर्दवा शेर्पा ओड पसी झगडा गर्दा म आत्तिदै कराएकीले मैलेसमेत कुटपिट गरेको भनी जाहेरीवालीले नाम दिएको रहिछिन्। मैले जाहेरवालीको छोरालाई कुटपिट गरेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी फुर्वा साङमु शेर्पाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको

बयान।

विवाह घरमा जाहेरवालीको छोरा पासाङ नुर्वु शेर्पा र दानुर्वु शेर्पा झगडा गर्दा पासाङ शेर्पा र फुर्दवा शेर्पा ओड पसी कुटपिट गर्दा विवाहमा भएका मानिसहरूले छुट्याई पठाएका हुन्। पछि पुन: घरमा गई तीनजनाले जाहेरवालीको छोरा सुतिरहेको अवस्थामा दाउराको चिरपट उठाई कुटपिट गरी टाउकोमा हानी निजको मृत्यु भएको हो। सो घटनामा विवाहमा भएका मानिसहरू र मेरो संलग्नता छैन भन्नेसमेत व्यहोराको प्रतिवादी पासाङ तेम्बा शेर्पाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको मिति २०६७।९।१८ को बयान।

जाहेरवालीको छोरा पासाङ नुर्वु शेर्पा अत्यधिक मात्रामा मादक पदार्थ सेवन गरी दानुर्वु शेर्पालाई ए रण्डीको छोरा, मेरो जग्गा छाड भनी आमा चकारी गाली गरी दानुर्वु शेर्पासँग झगडा पर्दा पासाङ शेर्पा र फुर्दवा शेर्पासमेत ओड पसी कुटपिट गर्दा मेरो कान्छी छोरी हुलमुलमा परेकोदेखि आत्तिदै चर्किलो स्वरले कराएकीले दानुर्वु शेर्पाले बयानमा पोलेका रहेछन्। मैले जाहेरवालीको छोरालाई कुटपिट गरेकी होइन भन्नेसमेत व्यहोराको प्रतिवादी लाक्पा ल्वमु शेर्पाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको मिति २०६७।९।१८ को बयान।

मिति २०६७।८।२९ गते पेमदोर्चीको कान्छो भाइ लाक्पा हिसी शेर्पाको विवाह भएकाले निम्तो मान्न विवाह घरमा गएको थिएँ। विवाहमा मृतक पासाङ नुर्वु शेर्पा र दानुर्वु शेर्पाबीच झगडा हुँदा दानुर्वु शेर्पाले एक्कासी हातपात गर्दा निजसँग भएका पासाङ शेर्पा, फुर्दवा शेर्पाले दानुर्वु शेर्पाको सपोर्ट गरी कुटपिट गर्दा मसमेत भई छुट्याई पछि मृतक पासाङ नुर्वु शेर्पा घरतिर गएका हुन्। मृतकको मृत्यु दानुर्वु शेर्पा, पासाङ शेर्पा र फुर्दवा शेर्पाले कुटपिट गरेको कारणबाट भएको भन्ने सुनेको छु भन्नेसमेत व्यहोराको मौकामा कागज गर्ने काल्ले भन्ने कर्मा शेर्पाको मौकाको कागज।

मिति २०६७।८।२९ गते जाहेरवालीको छोरा सुतिरहेको अवस्थामा दानुर्वु शेर्पा, पासाङ शेर्पा र फुर्दवा शेर्पाले दाउराको चिरपट प्रहार गरी मरणासन्न अवस्थामा पारी भोलिपल्ट उपचारका लागि चैनपुर अस्पताल ल्याउँदा उपचार हुन नसकी निजहरूकै कुटाइबाट मृत्यु भएको हो भन्ने लिङमा शेर्पाले गरेको मौकाको कागज।

मिति २०६७।८।२९ गते म बेहुलाको रूपमा थिएँ। जाहेरीमा उल्लिखित मिति, समय र स्थानमा हल्ला खल्ला भएको सुनी दाजु पेमदोर्ची शेर्पालाई किन झगडा गरे दाजु सम्झाई बुझाई गर्नुहोस् भनि पठाएकोमा केही क्षणमा शान्त भई दानुर्वु शेर्पाले जाहेरवालीको छोरालाई धारिलो हतियार प्रहार गरी मरणासन्न अवस्थामा पारी उपचारका लागि चैनपुर अस्पताल लगेका छन् भन्ने सुनेको हुँ। दानुर्वु शेर्पा मृतककै जग्गामा बसेकाले रिसइवी लिई कर्तव्य गरी मारेको कुरामा विश्वास लाग्छ भन्नेसमेत व्यहोराको मौकामा कागज गर्ने लाक्पा हिसी शेर्पाको कागज।

मिति २०६७।८।२९ गते राति १२:०० बजेको समयमा मृतक पासाङ नुर्वु शेर्पाले दानुर्वु शेर्पालाई विवाह घरमा मेरो जग्गा छोड् भनि आमा चकारी गाली गर्दा दानुर्वु शेर्पाले हात छोडी कुटपिट गर्दा फुर्दवा शेर्पा र पासाङ शेर्पासमेत ओडपसी कुटपिट गरेका हुन् अन्य विवाहमा भएका पेमदोर्ची शेर्पालगायतका मानिसहरूले छुट्याई घर पठाएकोमा निजहरू पुन: जाहेरवालीको घरमा गई पासाङ नुर्वु शेर्पालाई दाउराको चिरपटले संवेदनशील अङ्ग टाउकोमा प्रहार गरी घाइते बनाई भोलिपल्ट चैनपुर अस्पतालमा उपचारमा लाँदा उपचार हुन नसकी सोही दिन साँझ मृत्यु भएको हो। घटनामा ३ जनाभन्दा अरूको संलग्नता छैन। दानुर्वु शेर्पा, पासाङ शेर्पा र फुर्दवा शेर्पालाई हदैसम्मको सजाय दिलाई पाउँ भन्नेसमेत करिब एकै मिलानको लाक्पा शेर्पासमेतका ५ जनाको मिति २०६७।९।२१ को वस्तुस्थिति मुचुल्का।

मिति २०६७।९।१ गते प्रतिवादी दानुर्वु शेर्पा,

पासाङ शेर्पा, फुर्दवा शेर्पा, पेमदोर्ची शेर्पा, दोर्ची शेर्पा, दावा शेर्पा, जङवु शेर्पा, पासाङ तेम्वा शेर्पासमेतको कुटाइबाट मृतकको मृत्यु भएको हुँदा निजहरूलाई सोही मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसार र प्रतिवादी साङमु भन्ने फुर्वा साङमु शेर्पा र वङमु भन्ने लाक्पा ल्वमु शेर्पासमेत वारदातस्थलमा रही ज्यान मार्नमा अरू किसिमसँग मत सल्लाहमा फसी मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १७(३) विपरीतको कसुर गरेको हुँदा निजहरूलाई ऐ. ऐनको १७(३) नं. अनुसार सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको जिल्ला सरकारी वकिल कार्यालय, चैनपुरको मिति २०६७।९।२५ को अभियोग पत्र।

मिति २०६७।८।२९ गते गाउँकै लाक्पा हिसीको विवाह भएको हुँदा मसमेत सो विवाहमा गई नाचगान भई रहेकोमा रातको ११:०० बजेको समयमा म नाची रहेको ठाउँमा मृतक पासाङ नुर्वु शेर्पा आई तँ रण्डीको छोरा मेरो जग्गा छोड् भनी धकेली मलाई २ बक्सिङ हिर्काउँदा मैले पनि निजलाई हात्ती मुड्कीले हिर्काएको हो । सो झगडा विवाहमा आउने निम्तालुहरूले छुट्याई निज मृतक घरतिर लागे । म पनि केहीबेरपछि निजको घर आँगनकै बाटो हुँदै घर जान लाग्दा निजको आँगनमा निज उत्तिसको चिरपट दाउरा लिई लुकी बसेको रहेछ । म निजको आँगनमा पुग्नासाथ मलाई प्रहार गर्न लाग्दा मैले सोही चिरपट खोसी निजको टाउकोमा हान्दा निज भुइँमा लडे । सोपछि मैले निजको शरीरको विभिन्न भागमा प्रहार गरी निजकै आँगनमा छाडी गएकोमा मेरो मोबाइल हराई मोबाइल खोज्न पुन: निजको घरमा जाँदा गाली गलौज गरेकोले फेरी मैले त्यही छाडेको चिरपट दाउराले निजलाई कुटपिट गरेको हो । मृतकको मृत्यु मैले कुटपिट गरेकै कारणबाट मिति २०६७।९।१ गते चैनपुर अस्पतालमा भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी दानुर्वु शेर्पाले सुरू अदालतमा गरेको बयान।

मृतक पासाङ नुर्वु शेर्पाको मृत्यु मिति २०६७।९।१ गते चैनपुर अस्पतालमा भएको हो। मिति २०६७।८।२९ गते गाउँकै लाक्पा हिसी शेर्पाको विवाह भएकोमा म पनि सो विवाहमा आएको थिएँ। रातको अन्दाजी ९:०० बजेको समयमा मृतक र प्रतिवादी दानुर्वुबीच के निहुँमा झगडा भयो मैले आँखाले देखिन। म बिहेको खाना बनाउन लागेको थिएँ। मृतक र प्रतिवादी दानुर्वु झगडा भएपछि मृतक केहीबेर अगाडि र प्रतिवादी दानुर्वु केहीबेर पछाडि घरतर्फ गएका थिए। म विवाहको खाना खुवाई रातको २ बजेको समयमा विवाह घरमा सुत्ने व्यवस्था नभएकोले प्रतिवादी दानुर्वु शेर्पाको घरमा सुत्न जाँदा मृतकले मलाई कुट्न खोजेकोले निज मृतकले नै बोकेको चिरपट दाउरा खोसी मृतकको टाउकोमा समेत हानेको हो । के भयो भनि प्रतिवादी दानुर्वु शेर्पाले भोलिपल्ट भनेको हुँदा सुनेको हुँ । मेरो साथमा फुर्दवा शेर्पासमेत थियो। मैले र फुर्दवा शेर्पाले मृतकलाई कुटपिट गरेको होइन। मृतकको मृत्यु सोही कुटाइको कारणबाट भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी पासाङ शेर्पाले अदालतमा गरेको बयान।

गाउँकै लाक्पा हिसी शेर्पाको विवाह भएको हुँदा मृतक र हामी प्रतिवादीसमेतका छरछिमेक सो विवाह घरमा भेला भई खानपिन गरी, नाचगान भइरहेको अवस्थामा मृतक र प्रतिवादीमध्येका दानुर्वु शेर्पाबीच झगडा भएछ । सो झगडा निम्ता मान्न आउने गाउँलेहरूले छुट्याई मृतकलाई केही अगाडि र प्रतिवादी दानुर्वु मृतकको घरको बाटो हुँदै घरतर्फ जाँदा मृतकले दानुर्वुलाई कुट्न खोज्दा दानुर्वुले मृतकलाई कुटपिट गरे भनि निज दानुर्वुले भन्दा थाहा पाएको हुँ। मृतकलाई मसमेत भई कुटपिट गरेको होइन। मृतकको मृत्यु प्रतिवादी दानुर्वुले नै कुटपिट गरेको कारणबाट भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी फुर्दवा शेर्पाले सुरू अदालतमा गरेको मिति २०६७।९।२६ गतेको बयान।

म मेरो भाइ लाक्पा हिसीको विवाहमा गएको थिएँ। रातको ९:०० बजे खानपिन सकेपछि म निन्द्रा

लागेर सुतेकी हुँ। घटनाको कुरा मैले देखिन। को-कसले कुटेर मृतकको मृत्यु हुन गयो, म जान्दिन भन्नेसमेत व्यहोराको प्रतिवादी फुर्वा साङमु भन्ने सङमुलामु शेर्पाले सुरू अदालतमा गरेको मिति २०६७।९।२६ गतेको बयान।

मृतकको मृत्यु प्रतिवादी दानुर्वु शेर्पाले कुटपिट गरेको निहुँबाट मिति २०६७।९।१ गते चैनपुर अस्पतालमा भएको भन्ने सुनेको हुँ । मिति २०६७।८।२९ गते गाउँकै मेरो बडा बाबुको छोरा लाक्पाहिसी शेर्पाको विवाह हुँदा सो विवाहमा मलाईसमेत निम्तो गरेकोले म पनि गएको थिएँ । रातको ७:०० बजेको समयमा म र बुवा आमासमेत घर गएका हौं। मृतकलाई अरू को-कसले कुटे कुटेन, म वारदातस्थलमा नभएको हुँदा थाहा पाइन । मैले मृतकलाई कुटपिट गरेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी जम्बु शेर्पाले सुरू अदालतमा गरेको मिति २०६७।९।२६ गतेको बयान।

मिति २०६७।८।२९ गते दिनको ३:०० बजेको समयमा गाउँकै लाक्पा हिसी शेर्पाको विवाह भएको हुँदा सो विवाहमा गई विवाह भोज खाई बेलुका ५:०० बजे नै म आफ्नो घर फर्की गएको हुँ । सो दिन मृतक तथा प्रतिवादीहरूसँग मेरो भेट भएन। मैले मृतकलाई कुटपिटसमेत नगरेको हुँदा झुट्टा अभियोग दाबीबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी दावा शेर्पाले सुरू अदालतमा गरेको मिति २०६७।९।२६ गतेको बयान।

मिति २०६७।८।२९ गते बिहान १०:०० बजे परीक्षा दिन गई दिनको १:०० बजे परीक्षा सिद्धिएपछि घरमा आई साथी दोर्ची शेर्पा, दावा शेर्पासँग गाउँकै लाक्पाहिसी शेर्पाको विवाह घरमा आई भोज खाई भोलिपल्ट पनि परीक्षा भएकोले बेलुकी ५:०० बजे नै आफ्नो घर गएका हौं। मृतकलाई मैलेसमेत कुटपिट गरेको होइन, मृतकको मृत्यु मिति २०६७।९।१ गते चैनपुर अस्पतालमा भएको भनि सुनेको हुँ। के भएर भयो भएन भन्नेसमेत व्यहोराको प्रतिवादी पासाङ शेर्पाले सुरू अदालतमा गरेको बयान।

मृतक पासाङ नुर्वु शेर्पाको मृत्यु कसले कसरी गराए थाहा भएन। विवाहमा झगडा भएर मृत्यु भएको भनी सुनेको थिएँ। घटना सम्बन्धमा मलाई केही थाहा भएन भन्नेसमेत व्यहोराको प्रतिवादी लाक्पा ल्वमु शेर्पाले सुरू अदालतसमक्ष गरेको बयान।

मिति २०६७/८/२९ गते बिहानको ८:३० बजे घरबाट स्कुल गई परीक्षा दिई दिनको १:३० बजेतिर घर गएको हुँ । घरमा गई गाउँकै लाक्पा हिसी शेर्पाको विवाहमा भोज खान म मेरो साथी दावा पासाङसमेत तीन जना गई भोज खाई दिनको ३:०० बजे हामी तीनै जना आ-आफ्नो घरतर्फ आएका हौं। मससमेत भई मृतकलाई लात्ती मुड्की प्रहार गरी कुटपिट गरेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी दोर्ची शेर्पाले सुरू अदालतसमक्ष गरेको बयान।

म मेरो भाइको विवाह भएको हुँदा आएका निम्तालुहरूलाई घरभित्र नास्ता खुवाउने कार्यमा लागिरहेको थिएँ । रातिको अं. १०:०० बजेतिर आँगनमा हाम्रो जातीय परम्पराअनुसार शेर्पा नाच चलिरहेको ठाउँमा मृतक पासाङ नुर्वु र प्रतिवादी मध्येका दानुर्वु शेर्पाको के कुन निहुँमा झगडा भएको थाहा भएन। म बाहिर निस्की झगडा नगर भनी कराई पुनः भित्र पाहुनालाई खुवाउने कार्यमा लागेँ। म बाहिर निस्कँदा निज मृतक र प्रतिवादीमध्येका दानुर्वु शेर्पा कुटाकुट गरी आ-आफ्नो घरतर्फ लागिसकेका थिए। सो घटनाबारे अरू मलाई थाहा छैन। मृतक पासाङ नुर्वुको मृत्यु प्रतिवादीमध्येका दानुर्वु शेर्पाले कुटेको कारण उपचार हुन नसकी मिति २०६७।९।१ गते चैनपुर अस्पतालमा मृत्यु भएको भन्ने सुनेको हुँ। मैले देखिनँ, मैले कुनै कसुर नगरेको हुँदा झुट्टा अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी पेमदोर्ची शेर्पाले सुरू अदालतसमक्ष गरेको बयान।

प्रतिवादी दानुर्वु शेर्पाले मेरो छोरालाई कर्तव्य

गरी ज्यान मारेका हुन्। अरू प्रतिवादीहरूलाई त्यतिबेला रिसको झोँकमा आत्तिएर मैले त्यसरी भनेछु। दानुर्वुले मात्रै मारेको हुँदा उसले सजाय पाउनुपर्छ। दानुर्वुले मेरो घरको सिकुवामा आएर सुतेको बेला मारेको हो। मैले आँखाले देखेको हो भन्नेसमेत व्यहोराको जाहेरवाली ङिम्बुटी शेर्पाले सुरू अदालतसमक्ष गरेको बकपत्र।

म घरभित्रै सुतेको थिएँ। बाहिर दानुर्वु शेर्पाको आवाज सुनी बाहिर निस्की हेर्दा मेरै घरको सिकुवामा मृतक पासाङ नुर्वु शेर्पा रगताम्य अवस्थामा देखेको हुँ। निजको मृत्यु मिति २०६७।९।१ गते चैनपुर प्राथमिक स्वास्थ्य केन्द्रमा भएको हो भन्नेसमेत व्यहोराको मौकामा कागज गर्ने निमछिरी शेर्पाले सुरू अदालतसमक्ष गरेको बकपत्र।

मृतक र दानुर्वुबीच झगडा हुँदै थियो। क-कसले कहाँ कुटे थाहा छैन भन्नेसमेत व्यहोराको प्रतिवादीका साक्षी लाक्पा शेर्पाले सुरू अदालतसमक्ष गरेको बकपत्र।

मेरो घरमा मेरो विवाह भोज थियो। त्यहाँ पासाङ नुर्वु शेर्पा र दानुर्वु शेर्पाबीच सामान्य भनाभन भएको सुनेको हुँ। के निहुँमा भएको थाहा भएन। निजहरू दुईजनाबीच मात्र झगडा भएको र मृतक पासाङ नुर्वु शेर्पाको मृत्यु चैनपुर प्राथमिक स्वास्थ्य केन्द्रमा भएको भन्ने सुनेको हुँ र लास देखिनँ भन्नेसमेत व्यहोराको मौकामा कागज गर्ने लाक्पाहिसी शेर्पाले गरेको बकपत्र।

मृतक पासाङ नुर्वु शेर्पाको मृत्यु प्रतिवादीमध्येका दानुर्वु शेर्पाले कुटपिट गरेको कारण उपचारको लागि चैनपुर अस्पताल ल्याउँदा ल्याउँदै मिति २०६७।९।१ गते चैनपुर अस्पतालमा भएको हो भन्नेसमेत व्यहोराको मौकामा कागज गर्ने कोल्टे भन्ने कर्मा शेर्पाले सुरू अदालतसमक्ष गरेको बकपत्र।

मृतक पासाङ नुर्वु शेर्पाको मृत्यु प्रतिवादीमध्येका दानुर्वु शेर्पाले मिति २०६७।८।२९ गते कन्चेटमा हिर्काएको चोटको कारण मिति २०६७।९।१ गते चैनपुर अस्पतालमा भएको हो भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्कामा बस्ने वङदी शेर्पाले सुरू अदालतसमक्ष गरेको बकपत्र।

विवाह घरमा मसमेत गएको थिएँ। रातको ९:०० बजेको समयमा मृतक र प्रतिवादीमध्येका दानुर्वु शेर्पाका बीच के कुन निहुँमा वादविवाद भइरहेको देखेको हुँ। सोपछि आफ्नो घर गएँ, भोलिपल्ट प्रतिवादी दानुर्वु शेर्पाले घरमै गई मृतकलाई कुटपिट गरेको हुँदा उपचारको लागि चैनपुर अस्पताल ल्याउँदा ल्याउँदै मृत्यु भएको हो भन्ने सुनेको हुँ। आँखाले देखिनँ भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्काका लाक्पा शेर्पाले सुरू अदालतसमक्ष गरेको बकपत्र।

मिति २०६७।९।२ गते भएको लास प्रकृति मुचुल्काको व्यहोरा र सहिछाप मेरै हो भन्नेसमेत व्यहोराको लास मुचुल्कामा बस्ने डम्बर श्रेष्ठले सुरू अदालतसमक्ष गरेको बकपत्र।

मिति २०६७।९।२ को लास प्रकृति मुचुल्का मेरै घर चैनपुर-२ मा भएको हो र सोही ठाउँमा बसी सहीछाप गरेकी हुँ भन्नेसमेत व्यहोरा लास प्रकृति मुचुल्कामा बस्ने अंमु शेर्पाले सुरू अदालतसमक्ष गरेको बकपत्र।

मृतक पासाङ नुर्वु शेर्पालाई प्रतिवादीमध्येका दानुर्वु शेर्पाले कुटपिट गरी मारेको भन्ने मैले पछि गाउँ घरमा हल्ला हुँदा सुनी थाहा पाएको हुँ, घटना आँखाले देखिनँ भन्नेसमेत व्यहोराको प्रतिवादीहरूका साक्षी सुनिता शेर्पाले सुरू अदालतमा गरेको बकपत्र।

मिसिल संलग्न कागज प्रमाणहरूहरू तथा मृतकउपर परेको चोटहरूको प्रकृतिसमेत हेर्दा प्रतिवादीहरू दानुर्वु शेर्पा, पासाङ शेर्पा र फुर्दवा शेर्पाले मृतकउपर दाउराले टाउकामा प्रहार गरी मारी मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. विपरीतको कसुर गरेको हुनाले सोही नं. बमोजिम जन्मकैद हुने ठहर्छ। अन्य प्रतिवादीहरू उक्त वारदातमा संलग्न रहेको नदेखिँदा अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ। सुरूमा किटानी जाहेरी दिएर पनि

प्रतिवादीहरूलाई जोगाउने उद्देश्यले अदालतसमेतलाई गुमराहमा पार्न खोजेकोले जाहेरवाली ङिम्वुटी शेर्पालाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २८(२)क बमोजिम रू.२००/- जरिवाना हुने ठहर्छ भन्ने व्यहोराको सुरु संखुवासभा जिल्ला अदालतको मिति २०६८।३।७ को फैसला।

प्रतिवादीहरू सबैको संलग्नता रही मृतकउपर कुटपिट गरी मारेको कुरा मिसिल संलग्न सबुद प्रमाणहरूबाट पुष्टि भइरहेको अवस्थामा समेत प्रतिवादीहरू दानुर्वु शेर्पा, पासाङ शेर्पा र फुर्दवा शेर्पालाई मात्र कसुरदार ठहर्‍याई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर्‍याई सर्वस्वतर्फ केही नबोलिएको र अन्य प्रतिवादीहरूलाई सफाइ दिने ठहर्‍याई सुरू संखुवासभा जिल्ला अदालतबाट मिति २०६८।३।७ मा भएको फैसला त्रुटिपूर्ण छ। अभियोग दाबीबमोजिमका कसुरदार ठहर गरिएका प्रतिवादीहरू दानुर्वु शेर्पा, पासाङ शेर्पा र फुर्दवा शेर्पालाई सर्वस्वतर्फ केही नबोली जन्मकैद मात्रको सजाय गरेकोमा सो हदसम्म बदर गरी सर्वस्वसहित जन्मकैद गरी र अन्य सफाइ पाएका प्रतिवादीहरूलाई पनि अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने व्यहोराको वादी नेपाल सरकारका तर्फबाट पुनरावेदन अदालत, धनकुटामा दायर हुन आएको पुनरावेदन पत्र।

मृतकसँग विवाहमा वादविवाद भई झै-झगडा हुँदा दानुर्वु शेर्पाले कुटपिटसम्म गरेको हो। मानिस मार्ने गरी कुटपिट गरेको होइन। दानुर्वुबाहेकका अन्य प्रतिवादीहरूले मृतकउपर कुटपिटसमेत गरेको होइन। सो कुरालाई जाहेरवालीले अदालतमा आई बकपत्रद्वारा पनि समर्थन हुने गरी बकपत्र गरिदिएकी छन्। आफ्नो छोराको मृत्युमा शोकाकूल रहेकी जाहेरवालीले आफ्नो सत्य तथ्य व्यहोराको अदालतमा गरेको बयानलाई समेत प्रमाणमा नलिई हामी तीनैजना प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिमको कसुरदार ठहर्‍याई सजाय गर्ने गरेको सुरू जिल्ला अदालतको फैसला त्रुटिपूर्ण छ। फौजदारी कानूनमा अपराध प्रमाणित गराउने कार्य अभियोजन पक्षको हो। स्वतन्त्र प्रमाणहरूबाट हामीउपर लगाएको अभियोग प्रमाणित गराउनुपर्नेमा विना आधार कसुरदार ठहर गर्ने गरेको फैसला बदर गरी म दानुर्वु शेर्पालाई कुटपिटसम्मको सजाय गरी तथा हामी पासाङ र फुर्दवालाई पूर्णरूपमा सफाइ दिलाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादीहरू दानुर्वु शेर्पा, पासाङ शेर्पा र फुर्दावा शेर्पाको संयुक्त पुनरावेदन पत्र।

वादी नेपाल सरकारको तर्फबाट प्रतिवादी दानुर्वु शेर्पासमेत उपर पुनरावेदन परेको र सुरूले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैद सजाय गरेकोमा प्रतिवादी पासाङ शेर्पा, दानुर्वु शेर्पा र फुर्दावा शेर्पासमेतको पुनरावेदन परेको देखिँदा दुवै पक्षको पुनरावेदन परेको जानकारी एक अर्कालाई गराई नियमानुसार मुद्दा पेस गर्नू भन्ने मिति २०६८।१०।२ को पुनरावेदन अदालत, धनकुटाको आदेश।

प्रतिवादीहरू दानुर्वु शेर्पा, पासाङ शेर्पा र फुर्दावा शेर्पालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने तथा प्रतिवादीहरू दानुर्वु शेर्पा, पासाङ दोर्ची शेर्पा, जङबु शेर्पा, दोर्ची शेर्पा, दावा शेर्पा, पासाङ तेम्वा शेर्पा, फुर्वा साङमु शेर्पा र लाक्पा ल्हमु शेर्पालाई आरोपित कसुरबाट सफाई पाउने ठहर्‍याई सुरू संखुवासभा जिल्ला अदालतले मिति २०६८।३।७ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्ने मिति २०६९।१।४ को पुनरावेदन अदालत, धनकुटाको फैसला।

प्रतिवादीमध्येको म दानुर्वु शेर्पाले पूर्व रिसइबी मनसाय, योजना बिना तत्काल मृतकले नै मउपर आक्रमण गरेकोले म आवेशमा आई मैले सामान्य उत्तिसको चिरपटले प्रहार गरेको कारणबाट मृतकको

मृत्यु भएको अवस्थामा आवेश प्रेरित मान्न मिलेन भनी अभियोग दाबीबमोजिम सजाय गर्ने गरेको र हामी प्रतिवादीहरू फुर्दावा शेर्पा र पासाङ शेर्पा कसुरमा इन्कार रही गरेको बयान प्रतिवादी दानुर्वु शेर्पाले गरेको बयान, जाहेरी दरखास्त, वादी तथा प्रतिवादीका साक्षीसमेतबाट समर्थित भइरहेको अवस्थामा सबुद प्रमाणको मूल्याङ्कन नगरी हामीसमेतलाई कसुरदार ठहर गरी भएको सुरू फैसला सदर गरी पुनरावेदन अदालतबाट भएको फैसला बदर गरी सफाई पाउँ भनी प्रतिवादीहरूको संयुक्त पुनरावेदन यस अदालतमा परेको देखिन्छ।

यसमा पूर्व रिसइबी नरहेको, जोखिम तथा धारिलो हतियार बरामद हुन नसकेको, प्रतिवादी पासाङको मृतकलाई मार्नमा के भूमिका थियो भन्ने प्रस्ट हुन नसकेकोमा सबै प्रतिवादीहरूलाई समान सजाय गरेको पुनरावेदन अदालत, धनकुटाको मिति २०६९।१।४ को फैसला फरक पर्न सक्ने देखिदा अ. बं. २०२ नं. बमोजिम प्रत्यर्थी झिकाई आएपछि वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नु भन्नेसमेत व्यहोराको यस अदालतबाट भएको आदेश।

नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीहरूका तर्फबाट विद्वान् वैतनिक कानून व्यवसायी अधिवक्ता श्री किरणकुमारी गुप्ताले प्रतिवादीमध्येका दानुर्वु शेर्पा र मृतकबीच विवाहमा झगडा भई दुवै छुट्टिई मृतक आफ्नो घर गएकोमा निज दानुर्वु शेर्पा पनि आफ्नो घर जान सोही बाटो भई जाँदा लुकी छिपी रहेको मृतकले पहिला प्रहार गरेकोमा निज दानुर्वुले आफू बच्न प्रहार गरेको हो। निजहरूबीच कुनै पूर्व रिसइबी थिएन। सांघातिक हतियार पनि केही बरामद भएको छैन। निज साबित रही न्यायिक प्रक्रियालाई समेत सहयोग गरेको अवस्थामा निजलाई ज्यानसम्बन्धीको महलको १४ नं. को कसुरमा सजाय हुनु पर्ने हो। अन्य प्रतिवादीहरू कसुरमा संलग्न रहेको भनी जाहेरीमा उल्लेख भएपनि जाहेरवालाले अदालतसमक्ष बकपत्र गर्दा निजहरूको नाम किटान गर्न सकेको छैन । यी प्रतिवादीहरू अदालतमा इन्कार रही बयान गरेका छन् । यस्तो अवस्थामा निजहरूलाई अभियोग दाबीअनुसार सजाय गर्ने गरी भएको फैसला बदर भई निजहरूले सफाई पाउनु पर्ने हो भनी बहस गर्नुभयो। त्यस्तै प्रत्यर्थी वादी नेपाल सरकारका तर्फबाट विद्वान् उपन्यायाधिवक्ता श्री पुस्कर सापकोटाले अनुसन्धानका क्रममा संकलित प्रमाणहरूबाट सबै प्रतिवादीहरूको कसुरमा संलग्नता रहेको देखिएको, मृतकका शरीरमा लागेका चोटहरू हेर्दा धेरैजनाले धेरै पटक चोट छोडेको देखिन्छ। यस्तो अवस्थामा यी प्रतिवादीहरूलाई अभियोग दाबीअनुसार सजाय हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

यसरी दुवै पक्षको बहससमेत सुनी मिसिल अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा लास जाँच प्रकृति मुचुल्का, पोस्टमार्टम रिपोर्टलगायतका मिसिल संलग्न कागज प्रमाणहरूबाट मृतकको मृत्यु कर्तव्यबाट भएको पुष्टि भइरहेको अवस्थामा निम्न प्रश्नहरूको निरोपण गरी निर्णय गर्नुपर्ने देखियो।

१. मृतकको मृत्युमा यी प्रतिवादीहरूको संलग्नता रहेको छ छैन ? यदि रहेको छ भने को कस्को कस्तो संलग्नता रहेको छ ?
२. यी प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन ? तथा सुरू फैसला सदर हुने ठहरी पुनरावेदन अदालतबाट भएको फैसला मिलेको छ वा छैन ?

यसमा प्रतिवादी दानुर्वु शेर्पा, पासाङ शेर्पा, फुर्दवा शेर्पा, पेमदोर्ची शेर्पा, दोर्ची शेर्पा, दावा शेर्पा, जङ्वु शेर्पा, पासाङ तेम्वा शेर्पासमेतको कुटाइबाट मृतकको मृत्यु भएको हुँदा निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय ३ अनुसार र प्रतिवादी साङमु भन्ने फुर्वा साङमु शेर्पा र वङमु भन्ने

लाक्पा ल्वमु शेर्पासमेत वारदातस्थलमा रही ज्यान मार्नमा अरू किसिमसँग मत सल्लाहमा फसी कसुर गरेको हुँदा निजहरूलाई ऐ.को १७ नं. को देहाय ३ अनुसार सजाय गरिपाउँ भन्ने अभियोगपत्र भएकोमा प्रतिवादीहरू दानुर्वु शेर्पा, पासाङ शेर्पा र फुर्दवा शेर्पालाई ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय ३ बमोजिम जन्मकैद हुने र अन्य प्रतिवादीहरू उक्त वारदातमा संलग्न रहेको नदेखिँदा अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई सुरू संखुवासभा जिल्ला अदालतबाट फैसला भएको पाइन्छ। उक्त फैसलाउपर प्रतिवादीहरू दानुर्वु शेर्पा, पासाङ शेर्पा र फुर्दवा शेर्पालाई मात्र कसुरदार ठहऱ्याई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३नं. को देहाय ३ बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई सर्वस्वतर्फ केही नबोलिएको र अन्य प्रतिवादीहरूलाई सफाइ दिने ठहऱ्याई भएको फैसला त्रुटिपूर्ण भएकाले बदर गरी कसुरदार ठहर गरिएका प्रतिवादीहरूलाई सर्वस्वसहित जन्मकैद गरी र अन्य सफाइ पाएका प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भनी वादी नेपाल सरकारका तर्फबाट र हामी तीनैजना प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय ३ बमोजिमको कसुरदार ठहऱ्याई सजाय गर्ने गरेको सुरू जिल्ला अदालतको फैसला त्रुटिपूर्ण रहेको भनी पुनरावेदन अदालत, धनकुटामा प्रतिवादीहरूको संयुक्त पुनरावेदन पत्र रहेकोमा पुनरावेदन अदालत, धनकुटाबाट सुरू फैसला सदर हुने ठहरी फैसला भएको पाइन्छ । सो फैसलाउपर प्रतिवादीहरूमध्ये दानुर्वु शेर्पाले ज्यानसम्बन्धीको १४ नं. अनुसारको कसुर कायम गरिपाउँ भनी र अन्य प्रतिवादीहरूले सफाई पाउँ भनी यस अदालतमा पुनरावेदन गरेको देखिन्छ।

२. निर्णयका लागि सर्वप्रथम पहिलो प्रश्न मृतकको मृत्युमा यी प्रतिवादीहरूको संलग्नता रहेको छ छैन ? यदि रहेको छ भने को कसको कस्तो संलग्नता रहेको छ ? भन्नेतर्फ विचार गर्दा यी प्रतिवादीहरूसमेतले २०६७।८।२९ गते मेरो छोरा मृतक पासाङ नुर्वु शेर्पासँग झगडा कुटपिट गरी मेरो छोरा घरमा आई सुतिसकेपछि पनि आई निजहरूमध्येका दानुर्वु शेर्पाले आफूले बोकेको धारिलो हतियारले र अन्यले लाठा ढुंगाले प्रहार गरी घाइते बनाएकोमा सोही चोटका कारण निजको उपचारका क्रममा मृत्यु भएको हो भनी ङिमबुटी शेर्पाले जाहेरी दिएको पाइन्छ। सोही व्यहोराको समर्थन हुने गरी निम छिरि शेर्पाले मौकाको कागजमा लेखाइदिएको देखिन्छ । यसरी जाहेरीमा किटानी गरी जाहेरी दिएपनि अदालतमा बकपत्र गर्दा भने जाहेरवाली ङाबुटी शेर्पाले दानुर्वु शेर्पाले मात्र आफ्नो छोरालाई मारेको र अन्य प्रतिवादीउपर रिसको झोकमा मात्र जाहेरी दिएको तथा निजहरूको मार्ने कार्यमा कुनै संलग्नता नरहेको भनी लेखाइदिएको पाइन्छ। टाउको पछाडि बीच भागमा २ इन्च लम्बाई आधा इन्च चौडाइ भएको गहिरो चोट रहेको, छातीमा निल डाम रहेको, नाकबाट रगत बगेको भन्नेसमेत व्यहोराको लास प्रकृति मुचुल्का र पोस्टमार्टम रिपोर्टको मृतकको मृत्युको कारणको महलमा Intracranial hemorrhage due to physical injury near the head भन्ने उल्लेख भएको छ।

३. यी पुनरावेदकमध्येका दानुर्वु शेर्पाले मृतकले रक्सी सेवन गरी विवाह घरमा आफूलाई गाली गरेकाले झगडा र कुटपिटसमेत भएको हो। पछि निज घर गएपछि पहिला गाली गरेको रिस थाम्न नसकी हामी तीनै जना पुनरावेदकहरू निजको घर गई दाउराको चिरपटले मैले टाउकोमा, पासाङ शेर्पाले घुँडामा प्रहार गरेको र फुर्दावा शेर्पाले काहाँ प्रहार गरे थाहा भएन, सोही प्रहारबाट मृत्यु भएको हो भनी अनुसन्धानका क्रममा गरेको बयानमा लेखाएको देखिन्छ । सोही व्यहोराको समर्थन हुने गरी प्रतिवादी पासाङ शेर्पा र फुर्दवा शेर्पाले मौकाको बयानमा लेखाइदिएको पाइन्छ । त्यस्तै मौकामा कागज गर्ने लिङमा शेर्पा,

वस्तुस्थिति मुचुल्काका लाक्पा शेर्पासमेतका व्यक्तिले पनि प्रतिवादीहरूले बयानमा लेखाए जस्तै गरी वारदात भएको हो भनी लेखाइदिएको पाइन्छ । तर प्रतिवादी दानुर्वु शेर्पाले अदालतमा बयान गर्दा विवाहमा मृतक पासाङ नुर्वु शेर्पाले आफूलाई गाली गरी हिर्काएकाले आफूले पनि निजलाई लात्ती मुड्कीले हिर्काएको र पछि निज मृतक घरतिर लागेको आफू पनि केही बेरपछि निजको घरको बाटो हुँदै घर जान लाग्दा निजको आँगनमा निज उत्तिसको चिरपट दाउरा लिई लुकी बसी निजको आँगनमा पुग्नासाथ आफूलाई प्रहार गर्न लागेकाले सोही चिरपट खोसी निजको टाउकोमा हान्दा निज भुँइमा लडेका हुन् । सोपछि निजको शरीरको विभिन्न भागमा प्रहार गरेँ। पछि मेरो मोबाइल हराई मोबाइल खोज्न पुन: निजको घरमा जाँदा गाली गलौज गरेकोले फेरि मैले त्यहीँ छाडेको चिरपट दाउराले निजलाई कुटपिट गरेको हो। आफूले कुटपिट गरेकै कारणबाट निजको मृत्यु भएको हो र अन्य कसैको पनि संलग्नता नरहेको भनी अन्य प्रतिवादीलाई पोल नगरी लेखाइदिएको पाइन्छ। त्यस्तै प्रतिवादी पासाङ शेर्पा र फुर्दवा शेर्पाले अदालतको आफ्नो बयानमा दानुर्वु शेर्पाले अदालतमा लेखाई दिएको व्यहोराको नै समर्थन हुने गरी मृतक र प्रतिवादी दानुर्वुबीच झगडा भएको, झगडापछि मृतक केही बेरअगाडि र दानुर्वु केही बेरपछाडि घरतर्फ गएका, आफू विवाहको खाना खुवाई रातको २ बजेको समयमा दानुर्वु शेर्पाको घरमा सुत्न गएको, भोलिपल्ट मृतकले मलाई कुट्न खोजेकोले निज मृतकले नै बोकेको चिरपट दाउरा खोसी मृतकको टाउकोमा समेत हानेँ भनी दानुर्वुले भनेको, आफूहरूको मृतकलाई कुटपिट गरी मार्नमा कुनै संलग्नता नरहेको भनी लेखाई दिएको पाइन्छ । सुरू अदालतमा सफाई पाएका अन्य प्रतिवादीहरूले पनि अदालतमा बयान गर्दा आफूहरूले घटना नदेखेको र घटनास्थलमा नहुँदा घटनाका बारेमा केही थाहासमेत नभएको भनी लेखाइदिएको पाइन्छ। त्यस्तै वस्तुस्थिति मुचुल्काका लाखा शेर्पालगायतका सरकारी पक्षका गवाहहरूले पनि आफ्नो बकपत्रमा मृतक र दानुर्वु शेर्पाबीच मात्र झगडा भएको सुनेको हो र अन्य कसैको पनि झगडामा संलग्नता थिएन भनी लेखाइदिएको पाइन्छ । यी प्रतिवादीहरूका साक्षी सुनिता शेर्पाले पनि यी प्रतिवादी दानुर्वु शेर्पाले मृतकलाई कुटपिट गरेको भन्ने सुनेको र अन्य प्रतिवादीहरूको कुनै संलग्नता नरहेको भनी बकपत्र गरिदिएको पाइन्छ।

४. यसरी मिसिल संलग्न उपर्युक्तानुसारका कागज प्रमाण हेर्दा मृतकलाई कर्तव्य गरी मार्ने कार्यमा प्रतिवादीहरू पासाङ शेर्पा र फुर्दवा शेर्पाको संलग्नता सम्बन्धमा संकलित प्रमाणहरू एक आपसमा बाझिएको अवस्था विद्यमान देखिन्छ । आफूले अदालतबाहेक अन्यत्र लेखाई दिएको कुरालाई सत्य साबित गर्न अदालतमा पनि सोही कुराको समर्थनमा लेखाई दिनु पर्नेमा जाहेरीमा यी प्रतिवादीहरू २ जनासमेत उपर किटानी भएपनि निजले अदालतमा सो कुराको समर्थन गर्न नसकी केवल रिसको झोकमा मात्र यी प्रतिवादीउपर पोल गरेको भनी लेखाइदिएको पाइन्छ। अन्य मौकामा कागज गर्ने व्यक्तिहरूले पनि अदालतमा यी प्रतिवादीहरूको संलग्नता रहेको देखाउन सकेको छैन। प्रतिवादी दानुर्वु शेर्पाले पनि अदालतमा आफूले कसुर गरेको स्वीकारी यी प्रतिवादीहरूको भने वारदातमा कुनै किसमको संलग्नता नरहेको भनी बयान गरिदिएको पाइन्छ र सोही व्यहोरा यी प्रतिवादीहरू २ जनाबाट समेत समर्थित रहेको छ। प्रमाण ऐन, २०३१ को दफा दफा १८ को अनुसन्धान तथा तहकिकातको सिलसिलामा तयार भएका लिखतमा उल्लेख भएका कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ भन्ने व्यवस्थाबाट पनि मौकामा व्यक्त कुरालाई प्रमाणका रूपमा ग्रहण गर्न सोको समर्थन हुने गरी अदालतमा भन्न सक्नु पर्ने देखिन्छ। यी प्रतिवादीको संलग्नता रहेको भनी अदालतमा भन्न नसकी

संलग्नता नरहेको भनी लेखाएको र अन्य वस्तुगत प्रमाण तथा परिस्थितिजन्य प्रमाणबाट पनि संलग्नता पुष्टि हुन नसकेको अवस्थामा प्रतिवादीहरू पासाङ शेर्पा र फुर्दवा शेर्पाको कसुरमा संलग्नता रहेको भन्न सक्ने देखिँदैन।

५. यी प्रतिवादीहरूले मृतकलाई मार्नु पर्ने कुनै कारण रहेको तथ्यसमेत मिसिलबाट खुल्न आएको देखिँदैन । मिसिल संलग्न प्रमाण कागजहरू एक आपसमा बाझिरहेको अवस्था तथा यी प्रतिवादीको संलग्नताका सम्बन्धमा प्रमाणको परीक्षणका क्रममा अदालतबाट लिएको बयान बकपत्रमा कसैले केही खुलाउन नसकेको अवस्थामा केवल शंकाका भरमा यी प्रतिवादीको कसुरमा संलग्नता रहेको मान्न सकिँदैन । फौजदारी कसुरमा प्रतिवादीमाथिको अभियोग निसन्देहरूपमा प्रमाणित गर्ने भार वादी पक्षमा निहित रहने हुन्छ । सो कुरा प्रमाण ऐन, २०३१ को दफा २५ मा स्पस्टरूपमा उल्लेख गरेको छ । प्रस्तुत मुद्दामा कसुरमा यी प्रतिवादीहरूको संलग्नता रहेको भनी पुष्टि हुने निर्विवाद आधारहरू वादी पक्षबाट पेस हुन सकेको देखिँदैन । केवल अभियोग लगाएको आधारमा मात्र कसुर कायम गर्न मिल्दैन र सो गर्नाले न्यायको मकसदसमेत पूरा हुँदैन । प्रमाणको पर्याप्त न्यायिक परीक्षण गरी न्यायिक परीक्षणबाट सत्य तथा सर्वोत्तम प्रमाणका रूपमा स्थापित प्रमाणले कसुरदार रहेको भनी समर्थन गरेमा मात्र कसुरदार कायम गर्न सकिन्छ । अन्यथा कुनै व्यक्तिलाई आरोप लगाएकै आधारमा दोषी प्रमाणित गर्दा ठूलो अन्याय हुने हुन्छ । तसर्थ यी प्रतिवादीहरू पासाङ शेर्पा र फुर्दवा शेर्पाउपरको अभियोग निर्विवादरूपमा पुष्टि हुने अवस्था नरहेकोले निजहरूलाई अभियोग दाबीअनुसार सजाय गर्ने गरी गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेको देखिँदैन।

६. अर्का प्रतिवादी दानुर्वु शेर्पाको हकमा हेर्दा निजउपर किटानी जाहेरी रहेको र निजको संलग्नता समर्थित हुने गरी जाहेरवालीले अदालतमा समेत बकपत्र गरिदिएको देखिन्छ । यी प्रतिवादी दानुर्वु शेर्पाले आफ्नो संलग्नतासम्बन्धमा जाहेरीको व्यहोराको समर्थनमा तथा कसुरमा स्वीकार रही मौकामा र अदालतमा बयान गरी दिएको पाइन्छ । सहअभियुक्तहरूले समेत निजमात्र कसुरमा संलग्नता रहेको भनी अदालतमा समेत लेखाएको पाइन्छ । साथै मौकामा कागज गर्ने व्यक्तिहरूले यी प्रतिवादीको संलग्नता रहेको भनी लेखाएको र स्वयं प्रतिवादीका साक्षीले पनि यी प्रतिवादीको संलग्नता रहेको भनी सुनेको हुँ भनी संलग्नता नरहेको भनी लेखाउन सकेको पाइँदैन । यी प्रतिवादीले आफ्नो संलग्नतामा कसुर नभएकोले सफाई पाउनुपर्छ भनी कतै स्पस्टरूपमा जिकिर लिनसमेत सकेको पाइँदैन । यस्तो अवस्थामा यी प्रतिवादीबाट नै आपराधिक कार्य भएको देखिन आउँदछ।

७. यसरी प्रतिवादी दानुर्वु शेर्पाबाट आपराधिक कार्य भएको पुष्टि भएको अवस्थामा सो कार्य के कसरी हुन गएको हो ? अर्थात् प्रतिवादीले आफ्नो पुनरावेदन जिकिरमा आफूले गरेको कार्य आवेशप्रेरित हत्याभित्र पर्दछ भनी लिएको जिकिरतर्फ हेर्दा मृतक र प्रतिवादीबीचमा मार्नु पर्नेसम्मको कुनै रिसइबी रहेको देखिँदैन । प्रतिवादीले मार्नलाई कुनै हतियार बोकी गएको, विभिन्न निहुँ खोजेको तथा मार्न कुनै पूर्व तयारी तथा योजना बनाएको अवस्था विद्यमान छैन । यी मृतकले रक्सी खाई प्रतिवादीलाई गाली गलौज गरी पहिला आफैँ आक्रमणसमेत गर्दा यी प्रतिवादी र मृतकको बीचमा विवाहको घरमा झगडा भएकोसम्म स्थापित भएको छ । झगडा अरूले छुट्याई मृतक आफ्नो घरमा गएको अवस्थामा केही पछि प्रतिवादीले पनि आफ्नो घर जान मृतककै घर भएर जानु पर्ने हुँदा प्रतिवादी घर जान भनी मृतकको आँगनमा पुग्दा अकस्मात मृतकले प्रतिवादीउपर आक्रमण गरेको देखिन्छ । यसरी मृतकले आक्रमण

गरेपछि प्रतिवादीलाई रिस उठी त्यहीँ भएको दाउराको चिरपटले हान्दा मृतकको टाउकोमा लागी सोही चोटका कारण मृत्यु भएको मिसिलबाट स्थापित भएको पाइन्छ। अभियोग दाबीमा भनेअनुसार सुतेको मृतकलाई उठाएर ल्याई घातक हतियारले हानेको भन्ने कुरा मिसिलबाट पुष्टि भएको देखिँदैन। मार्नेसम्मको रिसइबी भई घातक हतियारसमेत बोकेको भए विवाह घरमा झगडा हुँदा नै सो हतियार प्रयोग हुनुपर्ने थियो अर्थात् मृतक आफ्नो घर आउना साथै निजको पिछा गरी निज एक्लो मानिसलाई बाटोमा नै प्रहार गर्नु पर्नेमा सो भएको पनि मिसिलबाट देखिँदैन। आरोपित अन्य व्यक्तिहरूको पनि घटनामा कुनै किसिमको संलग्नता नरहेको देखिई सफाई पाइसकेको अवस्थामा मार्नलाई अन्य कसैको सहयोग लिएको पनि देखिँदैन।

८. मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. मा ज्यान मार्नको मनसाय रहेनछ, ज्यान लिनु पर्नेसम्मको इबी पनि रहेनछ, लुकी चोरीकन हानेको रहेनछ, उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिम हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुंगा, लात मुक्का आदिले हान्दा सोही चोटको पिरले ऐनका म्यादभित्र ज्यान मरेमा दश वर्ष कैद गर्नुपर्छ भनी यस्तो हत्यालाई आवेशप्रेरित हत्याको कोटीमा राखेको पाइन्छ। प्रस्तुत मुद्दामा घटना हुँदाको परिस्थिति, परिवेश, बरामद भएको काठको चिरपट जस्ता वस्तुगत प्रमाण, यी प्रतिवादीलगायत अन्य प्रतिवादीहरूले अदालतमा गरिदिएको बयान र अन्य मौकाका व्यक्तिहरूले गरिदिएको बकपत्रको व्यहोरासमेत हेर्दा ज्यानसम्बन्धीको महलको १४ नं. मा उल्लेख भए जस्तै मार्ने मनसाय तथा रिसइबी यी प्रतिवादीमा केही नभएको, लुकी चोरी पनि नहानेको, घातक हतियार पनि प्रयोग नगरी पहिला मृतकले प्रहार गरेको रिस थाम्न नसकी काठको चिरपटले मात्र यी प्रतिवादीले हानेको देखिन्छ। पहिले पनि झगडा भएको भन्ने आधारमा मात्र मार्ने मनसाय रहेको थियो भन्ने अर्थ गर्नु न्यायोचित हुँदैन। यस्तो अवस्थामा यी प्रतिवादी दानुर्वु शेर्पाले ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिमको कसुर गरेको देखिन आएकोमा सोही नं. बमोजिम कसुर ठहर गरी सजाय गर्नुपर्नेमा निज प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय ३ अनुसारको कसुर कायम गरी सोही नं. अनुसार जन्मकैदको सजाय गर्ने गरी भएको फैसला मिलेको देखिँदैन।

९. अतः माथि विवेचित आधार प्रमाणहरूबाट यी प्रतिवादीहरू पासाङ शेर्पा, फुर्दवा शेर्पा र दानुर्वु शेर्पालाई अभियोग दाबीअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय ३ अनुसार जन्म कैदको सजाय गर्ने गरी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, धनकुटाबाट भएको फैसला केही उल्टी भई प्रतिवादीहरू पासाङ शेर्पा र फुर्दवा शेर्पाले अभियोग दाबीबाट सफाई पाउने ठहर्छ र प्रतिवादी दानुर्वु शेर्पाले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. अनुसारको कसुरमात्र गरेको देखिँदा निजलाई १० (दश) वर्षमात्र कैद सजाय हुने ठहर्छ। सो ठहर्नाले अरूमा तपसिलबमोजिम गर्नू।

तपसिल

माथि इन्साफ खण्डमा प्रतिवादीहरू पासाङ शेर्पा र फुर्दवा शेर्पाले अभियोग दाबीबाट सफाई पाउने ठहरी फैसला भएकोले निजहरूलाई सुरू तथा पुनरावेदन अदालतको फैसलाअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय ३ अनुसार जन्म कैदको सजाय भई निज कैदमा समेत रहेको देखिँदा निजहरूलाई कैद मुक्त गरिदिनु भन्ने यस अदालतको संक्षिप्त आदेशानुसार पत्र पठाइसकेको हुँदा अब निजहरूका नामको उक्त जन्म कैदको लगत कट्टा गरी दिनु भनी सुरू संङ्खुवासभा जिल्ला अदालतमा लेखी पठाइदिनू...........................................१

प्रतिवादीमध्येका दानुर्वु शेर्पालाई ऐ. महलको १४ नं.

अनुसार १० (दश) वर्ष कैद सजाय हुने ठहरी फैसला भएकोले सुरू र पुनरावेदनको फैसलाअनुसार निजलाई ऐ. महलको १३ नं. को देहाय ३ अनुसार भएको जन्म कैदको लगत संसोधन गरी १० (दश) वर्षको लगत कायम गरी सोहीअनुसार असुलउपर गर्न सम्बन्धित कारागार कार्यालयमा र निज प्रतिवादीलाई जानकारी दिनु भनी सुरू संङ्खुवासभा जिल्ला अदालतमा लेखी पठाइदिनू ...................................................२
प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू ..............................३

उक्त रायमा सहमत छु।
न्या.चोलेन्द्र शमशेर ज.ब.रा.

इजलास अधिकृत : यदुराज शर्मा
इति संवत् २०७३ साल जेठ २४ गते रोज २ शुभम्।

## निर्णय नं.९६४०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
फैसला मिति : २०७३।१।१५।४

मुद्दा : कर्तव्य ज्यान

०६९-CR-०६५३

पुनरावेदक / प्रतिवादी : जिल्ला काभ्रेपलाञ्चोक उग्रतारा गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल कारागार कार्यालय काभ्रेमा थुनामा रहेका विकास खड्का

विरूद्ध

प्रत्यर्थी / वादी : केदार थापाको जाहेरीले नेपाल सरकार

०६९-CR-०६७१

पुनरावेदक / प्रतिवादी : जिल्ला काभ्रेपलाञ्चोक उग्रतारा गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल कारागार कार्यालय काभ्रेमा थुनामा रहेका सानुभाई भन्ने पूर्णबहादुर खड्का

विरूद्ध

प्रत्यर्थी / वादी : केदार थापाको जाहेरीले नेपाल सरकार

०७०-CR-०२३२

पुनरावेदक / वादी : केदार थापाको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला काभ्रेपलाञ्चोक उग्रतारा गा.वि.स. वडा नं. १ बस्ने कृष्णबहादुर खड्कासमेत

- **हाम्रो कानून प्रणालीमा कसुर गरेको कुरा वादीले शंकारहित तरिकाले पुष्टि हुने प्रमाण अदालतसमक्ष प्रस्तुत गर्न सक्नुपर्छ र ती प्रमाणहरूको अदालतले वस्तुनिष्ट मूल्याङ्कन वा न्यायिक परीक्षण गरी न्याय निरूपण गर्दछ। कसैको भनाइलाई परीक्षण नै नगरी भनेको आधारमा मात्र कसुरदार कायम गर्दा निर्दोष व्यक्ति पनि कसुरदार ठहरिन सक्छ। केही गरी निरपराध व्यक्ति अदालतबाट कसुरदार ठहर हुन गए निजलाई हुन सक्ने अपूरणीय क्षतिको कल्पना पनि गर्न सकिँदैन। त्यस्तोमा निज तथा सिंगो समाजको अदालतप्रति र अन्तमा राज्यप्रति नै ठूलो कुण्ठासमेत उत्पन्न हुन जान्छ। त्यसैले**

**कसुर गरेको भन्नेमा थोरैमात्र पनि शंका देखिएमा कसैलाई पनि कसुरदार ठहराउन नमिल्ने।**

(प्रकरण नं.६)

- **प्रतिवादीहरूमा मार्ने मनसाय थियो थिएन ? यदि थियो भने के कुन हदसम्म थियो ? भनी हेर्नु सान्दर्भिक हुन आउँछ । कुनै पनि कसुरका सम्बन्धमा मनसाय तत्त्वलाई छुट्टै मापन गर्ने कुनै यान्त्रिक विधि छैन। यसलाई आपराधिक कार्य गर्दा गरेका गतिविधि, तत्कालीन परिस्थिति, घटनाको पृष्ठभूमि, कसुरदारको संलग्नता, पीडितलाई पुग्न गएको चोट आदि जस्ता विषय सापेक्ष रही हेर्नुपर्ने।**

(प्रकरण नं.१२)

- **मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५ नं. मा ज्यान लिने इविलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएमा भवितव्य ठहर्छ भन्ने उल्लेख छ । यसबाट भवितव्य हुनलाई ज्यान मार्ने कुनै मनसाय रहेको हुनु हुँदैन र आफूले गरेको कामबाट मानिस मर्ला भन्ने परिणामको ज्ञान पनि यसमा हुँदैन। यस्तो अप्रत्यासित अवस्थामा केही गर्दा घटना घटेको वा मानिस मरेको भएमा मात्र भवितव्य भएको मानिन्छ । यसलाई आकस्मिक घटना वा दुर्घटनाका रूपमा लिइन्छ । त्यसैले भवितव्य हो भन्नलाई वारदात घटाउने मनसाय नभएको, गर्न खोजेको कार्य र त्यसमा प्रयोग भएका साधन वैध रहेको, यस्तो गर्दा वारदातको यस्तो परिणाम आउला भनी नदेखिएको, कार्य गर्न प्रसस्त सावधानी अपनाएको जस्ता कुरा पुष्टि हुन सक्नुपर्ने।**
- **कर्तव्य ज्यान हुन मार्ने मनसाय धेरै अघिदेखि रहेको देखिनु पर्ने भन्ने आवश्यक हुँदैन, घटनाको तत्काल अघि पनि कुनै कारणले इवी तथा मनसाय सृजना भएको हुन सक्छ । त्यस्तै यसमा भएको मासु किनी दिनु भन्नु, नकिनी दिँदा झगडा गर्नु, झगडाकै क्रममा कुटपिट गर्नु र घचेट्नु, घचेटेपछि पनि कुटपिट गर्नु र यसरी गरेका कुटपिटका कारण मृत्यु भई मृत्युका कारकहरूको शृङ्खलाबद्धता रहेको छ । यदि ज्यान मार्ने मनसाय नभएको भए यो शृङ्खलाबद्धताको कतै न कतै क्रमभङ्गता देखिनु पर्ने थियो । यस वारदातमा भएका यस्ता गतिविधि तथा कामलाई कुनै वैध तथा उचित काम र सावधानीपूर्वक गरेको कामका रूपमा पनि लिन सकिँदैन । यस्ता खाले कार्यमा मृत्युको परिणामको पूर्व जानकारी (Forsightness of Consequence) हुने अवस्थाहरू नरहेको मान्न पनि नसकिने।**

(प्रकरण नं.१३)

वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता सोमकान्त भण्डारी

प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ता तुलसी शंकर अधिकारी

अवलम्बित नजिर :

- ने.का.प. २०६९, अङ्क २, पृष्ठ १७१

सम्बद्ध कानून :

- प्रमाण ऐन, २०३१ को दफा २७
- मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय (३)
- मुलुकी ऐन, अ.बं.१८८ नं.

सुरू तहबाट फैसला गर्ने :

मा.जि.न्या. श्री दीपेन्द्र अधिकारी

पुनरावेदन तहबाट फैसला गर्ने :

मा.न्या. श्री टंकबहादुर मोक्तान

मा.न्या. श्री प्रकाशचन्द्र गजुरेल

फैसला

**न्या.देवेन्द्र गोपाल श्रेष्ठ :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र भई दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ।

मिति २०६८।५।७ गते बेलुका ७:३० बजेको समयमा मेरो भाइ अर्जुन थापासमेतलाई पूर्णबहादुर खड्का, विकास खड्कासमेतले कुटपिट गरी सख्त घाइते बनाएकोले हाल निजको काठमाडौंस्थित नर्भिक अस्पतालमा उपचार भइरहेको छ । कानूनबमोजिम कारवाही गरी ज्यानमार्ने उद्योगमा सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको मिति २०६७।५।८ को जाहेरवाला केदार थापाको जाहेरी दरखास्त व्यहोरा।

मिति २०६७।५।७ गते बेलुका मेरो भाइ अर्जुन थापालाई प्रतिवादी पूर्णबहादुर खड्कासमेतले कुटपिट गरी गम्भीर घाइते बनाई भाइको उपचार नर्भिक अस्पतालमा भइरहेकोमा निजको सोही कुटपिटको चोटको कारण मिति २०६७।५।१० गते मृत्यु भएको छ। निज भाइलाई प्रतिवादीहरू पूर्णबहादुर खड्का, विकास खड्का, कृष्णबहादुर खड्का र बच्चु खड्कासमेतले वारदात समयमा कुटपिट गरेको थाहा भएकोले निज अभियुक्तहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलबमोजिम कानूनी कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको मिति २०६७।५।१० को जाहेरवाला केदार थापाको जाहेरी दरखास्त।

मिति २०६७।५।७ गते बेलुका काभ्रेपलाञ्चोक जिल्ला, उग्रतारा जनागाल गा.वि.स. वडा नं.१ स्थित सडकमा रगत जस्तो रातो पदार्थ लागी पानीले पखालेको जस्तो देखिएको स्थानमा अर्जुन थापालाई पूर्णबहादुर खड्कासमेतले कुटपिट गरी घाइते बनाएकोमा स्थानीय मानिसहरूले समेत उपचारको लागि शीरमेमोरियल अस्पताल लिई गएको भन्नेसमेत व्यहोराको मिति २०६७।५।८ को घटनास्थल मुचुल्का।

टाउकोको भाग ब्यान्डेज लगाएको, बायाँ हातको कुहिनाको भित्री भागमा छाला खुइलिएको, सानो घाउसमेत रहेको भन्नेसमेत व्यहोराको मृतक अर्जुन थापाको मिति २०६७।५।१० को लासजाँच प्रकृति मुचुल्का।

Cause of Death मा "Blunt force injuries to head" भन्नेसमेत व्यहोराको मृतक अर्जुन थापाको पोस्टमार्टम प्रतिवेदन।

मिति २०६७।५।७ गते बेलुका का.प.जि., उग्रतारा जनागाल गा.वि.स. वडा नं.१ स्थित अरनिको राजमार्गको सडकमा अर्जुन थापासँग मेरो एक किलो मासु किन्ने विषयमा विवाद परी मसमेतले कुटपिट गरेको हो । रिसको आवेगमा यत्रतत्र पिटिएछ । निज अर्जुन थापाको सोही चोटको कारणले मृत्यु भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी सानुभाइ भन्ने पूर्णबहादुर खड्काले मिति २०६७।५।१८ गते अनुसन्धान अधिकारीसमक्ष गरेको बयान कागज।

वारदातस्थलमा अर्जुन थापालाई पूर्णबहादुर

खड्काले हिर्काएपछि म पनि गई निजलाई काठको लाठीसमेतले हिर्काइ दिएँ । पछि आएका हजुरबा कृष्णबहादुर खड्का, आमा बच्चु खड्कासमेतले के कस्तो गरे थाहा भएन। मसमेत रिसमा थिएँ। मसमेतले अर्जुन थापालाई कुटपिट गरेको कारणले निजको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको मिति २०६७।५।१८ मा अनुसन्धान अधिकारीसमक्ष प्रतिवादी विकास खड्काले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान कागज।

म त मेरो छोराहरू कराएको सुनेर कस्को पिटाइ खाए भनी हतपत उक्त घटनास्थलमा गएको हुँ। मैले हतियार बोकेर गएकी हैन। छोराहरूले एक जनालाई लाती मुक्काले हानिरहेका थिए। निजको नाम अर्जुन थापा भन्ने थाहा भयो। निज अर्जुनको अर्को साथी पनि सामान्य घाइते थिए। मेरो छोराहरूसँग झगडा गर्ने भनेर रिस चाहिँ उठेको हो। छोराहरूको पिटाइले रगतपच्छे भई ढलेकोले मैले केही गरिन। छोराहरू रिस आवेगमा भएकाले छोराहरूलाई पनि रोकिन। छोराहरूसमेतको कुटपिटको कारण निज मृतक अर्जुन थापाको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी बच्चु खड्काले मिति २०६८।५।२० मा अनुसन्धान अधिकारीसमक्ष गरेको बयान कागज।

म लौरो नभई हिंड्न नसक्ने भएकोले लौरोको सहाराले घटनास्थलमा आएको हुँ। बुहारी के कसरी आइन् देखिन। मैले अर्जुन थापालाई हतियारले हिर्काएको छैन। वारदात मिति, समय र स्थानमा नातिहरू पूर्णबहादुर खड्का र विकास खड्काले अर्जुन थापालाई लाती मुक्काले हिर्काइरहेका थिए। मेरा नातिहरूसँग झगडा गर्ने भनी मलाई पनि रिस उठेको थियो। मैले नातिहरूलाई रोक्नु पर्नेमा रोकेन। नातिहरूले हिर्काएको कारण निज घाइते अर्जुन थापाको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी कृष्णबहादुर खड्काको मिति २०६७।५।२० को अनुसन्धान अधिकारीसमक्षको बयान कागज।

मिति २०६७।५।७ गते बेलुका मलगायत अर्जुन थापा र ईश्वर थापा बनेपाबाट घर जाने क्रममा वारदातस्थलमा प्रतिवादीहरू पूर्णबहादुर खड्का, विकास खड्काले एक किलो मासु किन्न भनेकोमा नकिनी दिएकोले अर्जुन थापालाई हिर्काएँ। मसमेतलाई मुक्का प्रहार गरेपछि आएका कृष्णबहादुर खड्कासमेतका प्रतिवादीहरूले अर्जुन थापालाई यत्रतत्र हिर्काएको कारण निज घाइतेको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको मिति २०६८।५।२१ मा नवराज थापाले अनुसन्धान अधिकारीसमक्ष गरेको कागज।

वारदातस्थान, मिति र समयमा प्रतिवादीहरू पूर्णबहादुर खड्का, विकास खड्का, कृष्णबहादुर खड्का र बच्चु खड्कासमेतले अर्जुन थापालाई लौरोले घोची, यत्रतत्र हिर्काइरहेको अवस्थामा मैले देखेको हो। घाइतेलाई गोकर्ण खत्री समेतले उपचारको लागि शीरमेमोरियल लिई गएका थिए। निज घाइतेको सोही चोटको कारण मृत्यु भएको हो भन्नेसमेत व्यहोराको उद्धव राउतले मिति २०६७।५।२७ मा अनुसन्धान अधिकारीसमक्ष गरेको कागज।

मिति २०६७।५।७ गतेका दिन बेलुका ७:३० बजेको समयमा प्रतिवादी पूर्णबहादुर खड्का, विकास खड्का, कृष्णबहादुर खड्का र बच्चु खड्कासमेतले जाहेरवालाको भाइ अर्जुन थापालाई कुटपिट गरी सख्त घाइते बनाइदिएकोले सोही चोटको कारणले निजको मृत्यु मिति २०६७।५।१० गते भएको हो भन्नेसमेत व्यहोराको पुरूषोतम खड्का, हरिशरण खड्कासमेतले मिति २०६७।५।२७ मा अनुसन्धान अधिकारीसमक्ष गरी दिएको करिब एकै मिलानको छुट्टाछुट्टै कागज।

मिति २०६७।५।७ गते बेलुका ७:३०

बजेको समयमा तँ यहीँ भैसेपाटीको मानिस होइनस् भनी प्रतिवादीहरू पूर्णबहादुर खड्का, विकास खड्का, बच्चु खड्का र कृष्णबहादुर खड्कासमेतले अर्जुन थापालाई लौराले हिर्काउने, घोचिदिने, यत्रतत्र लात्ती मुक्कासमेतले हानिरहेको अवस्थामा म पुगी मैले मेरो मान्छेलाई नहिर्काऊ भनी रोकी घाइते अवस्थामा रहेका अर्जुन थापालाई उपचारको लागि शीरमेमोरियल अस्पताल लिई गएको हो । घाइतेको मिति २०६७।५।१० गते नर्भिक अस्पतालमा मृत्यु भएको हो भन्नेसमेत व्यहोराको दीपक खत्रीले मिति २०६७।५।२७ मा अनुसन्धान अधिकारीसमक्ष गरेको कागज।

मिति २०६७।५।७ गते बेलुका ७:३० बजेको समयमा पूर्णबहादुर खड्कासमेत चार जनाले अर्जुन थापा, म र नवराज थापालाई समेत कुटपिट गरेका हुन्। मससमेत कुटाई खाने ३ जना बनेपाबाट घर जाने क्रममा प्रतिवादी पूर्णबहादुर खड्का र विकास खड्काले पहिला हिर्काए, पछि कृष्णबहादुर खड्का र बच्चु खड्काले पनि हिर्काएका हुन् । निजहरूले नै हिर्काएको चोटले उपचार हुन नसकी अर्जुन थापाको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको ईश्वर थापाले मिति २०६७।५।२८ मा गरेको कागज।

मिति २०६७।५।७ गते कृष्णबहादुर खड्का, बच्चु खड्का, पुर्णबहादुर खड्का र विकास खड्कासमेतले अर्जुन थापालाई लाठी, मुक्का, लात्तीले हानी, घोची कुटपिट गरिरहेको अवस्थामा मैले देखी निजहरूबाट कुटपिट गर्न रोकी घाइतेलाई अस्पतालतर्फ लगेको र ऐ.१० गते घाइते अर्जुन थापाको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको गोकर्ण खत्रीको मिति २०६७।६।१ को कागज।

मिति २०६७।५।७ गते बेलुका म काम गर्ने पसल कान्छा लामाको मासु पसलमा थिएँ। सो पसलमा एक जना मानिस आई एक किलो मासु किन्दा रोडमा ४।५ जना गाँइगुई गरिरहेका थिए । एक्कासी मैले चिनेका सानुभाइ भन्ने पूर्णबहादुर खड्काले मेरो दाइलाई कुट्ने भनी अर्जुन थापालाई धकेलेपछि निज सडकमा ढली उठेर भाग्न खोजे । त्यहीबेला विकास खड्काले समाती पछारे। विकास खड्का र पूर्णबहादुर खड्काले ढलेका अर्जुन थापालाई यत्रतत्र हिर्काए। अर्को एक जना मासु किन्ने व्यक्ति क्वाँटी र मासु बोकेर उभिरहेका थिए। त्यसलाई पनि रण्डीको छोरा भनी गालै गालामा र टाउकोमा पूर्णबहादुर खड्काले हिर्काइ घचेडी दिए। एक जना बुढो मान्छे कृष्णबहादुर खड्का र आइमाई मान्छे पछि आएका हुन्। मानिसहरू आई घाइतेलाई उपचारको लागि लिई गएकोमा निज घाइते अर्जुन थापाको मृत्यु भएको सुनी थाहा भयो। निज मृतकको मृत्यु प्रतिवादीहरूको कुटपिटको कारणबाट नै भएको हुँदा निज प्रतिवादीहरूलाई कानूनबमोजिम हदैसम्म कारवाही हुनुपर्छ भन्नेसमेत व्यहोराको नाबालक राजिव लामाले संरक्षक कान्छा लामाको रोहबरमा मिति २०६७।६।१ गते अनुसन्धान अधिकारीसमक्ष गरेको कागज।

वारदातस्थलमा मेरो मासु पसलमा मासु किनी हिँड्न लागेका ईश्वर थापासमेतका ३ जनालाई प्रतिवादी पूर्णबहादुर खड्कासमेतका जना ४ ले कुटपिट गरेको, लौराले घोचिदिएको कारणबाट निज अर्जुन थापाको मृत्यु भएको हो । प्रतिवादीहरूलाई कानूनबमोजिम कारवाही हुनुपर्छ भन्नेसमेत व्यहोराको कान्छा लामाले मिति २०६७।६।१ गते गरेको कागज।

मिति २०६७।५।७ गते बेलुका ७:३० बजेको समयमा पूर्णबहादुर खड्का, विकास खड्का, बच्चु खड्का र कृष्णबहादुर खड्काले कुटपिट गरी सख्त घाइते बनाएको कारण निज अर्जुन थापाको मृत्यु भएको हो। प्रतिवादीहरूलाई कानूनबमोजिम कारवाही

हुनुपर्छ भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्काका मानिसहरू गणेशबहादुर विष्ट, ठाकुर राउत, वसन्तराम राउत, नारायण थापा, ध्रुवबहादुर बस्नेत, केशव विष्ट र माइलो खड्कासमेतले मिति २०६७।६।३ मा अनुसन्धान अधिकारीसमक्ष गरिदिएको कागज।

प्रतिवादीहरू पूर्णबहादुर खड्का, विकास खड्का, कृष्णबहादुर खड्का र बच्चु खड्कासमेत ४ जना प्रतिवादीहरू मिली ज्यानमार्ने कार्य गरी मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. ले निषेधित र १३(३) नं. ले परिभाषित कसुरजन्य कार्य गरेको देखिँदा त्यस्तो कार्य गर्ने प्रतिवादीहरूलाई सोही ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसार सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको मिति २०६७।६।५ गतेको अभियोग मागदाबी।

मिति २०६७ साल भाद्र ३ गतेबाट म ओछ्यान परी खानासमेत ओछ्यानमा खाने गरेकोमा २०६७ साल भाद्र ८ गते बिस्तारै उठी चोटामा आउँदा कृष्णबहादुरको नातिलाई प्रहरीले लगेको भनी सुनी बिस्तारै उठी ईलाका प्रहरी कार्यालय, बनेपामा मोटरसाइकलमा गएकोमा यसैको नाति हो भनी मलाई ईलाका प्रहरी कार्यालय, बनेपाबाट थुनेको हो। २०६७।५।७ गते म आफ्नो घरमा नै छु। मैले अर्जुन थापालाई कुटी घोची मारेको छैन। कसले मार्‍यो थाहा छैन। प्रहरीमा डरत्रासमा पारी म निरक्षर वृद्धले नभनेको व्यहोरामा सहिछाप गराएका हुन्। अरू कागज गर्नेले मलाई किन पोले थाहा छैन भन्नेसमेत व्यहोराको प्रतिवादी कृष्णबहादुर खड्काले अदालतसमक्ष मिति २०६७।६।६मा गरेको बयान।

मिति २०६७।५।७ गतेका दिन म र मेरी श्रीमती शान्ति खड्का क्वाँटीको सामान किन्न भनी पसलमा आएकोमा मैले श्रीमतीलाई पसलमा छाडी अर्को पसलमा हल्का रक्सी खाँदै गर्दा श्रीमती आएपछि दुवै बाहिर निस्क्यौं। त्यहीबेला मोटरसाइकलमा आएका ३ जनाले को हो भनी श्रीमती शान्तिका हात समाई तान्दा मैले समात्ने व्यक्तिलाई ठेलेर श्रीमतीलाई छुट्याई दुवै घर गयौँ। त्यसपछि के भयो थाहा भएन। प्रहरीले व्यहोरा नसुनाई डर त्रासमा पारी कुटपिटसमेत गरी मैले नभनेको व्यहोरामा बिना राजीखुसी सहिछाप गराएको हो। गाउँको रिसइबीको कारण सबै जना मिली परिवारलाई नै फसाउन झुट्ठा कागज गरिदिएका हुन्। मैले मृतक अर्जुन थापालाई कुटे मारेको होइन भनी प्रतिवादी पूर्णबहादुर खड्काले अदालतसमक्ष मिति २०६७।६।६ मा गरेको बयान।

वारदात भएको भनिएको मितिमा म घटनास्थल गएको छैन। मृतकलाई मैले कुटपिट गरेको छैन। कसले गरे थाहा छैन। भोलिपल्ट प्रहरीले मेरा छोराहरू प्रेमबहादुर र पूर्णबहादुरलाई पक्राउ गरेको हो। के विषयमा झगडा भयो थाहा छैन। रिसइवीको कारणले मेरा विरूद्ध लेखाइदिएका हुन्। प्रहरीमा भएको बयान मेरो राजीखुसीले नभई प्रहरी आफैँले तयार गरेका कागजमा सहिछाप गराएका हुन्। मैले कुनै कसुर अपराध गरेको होइन भनी प्रतिवादी बच्चु खड्काले अदालतसमक्ष मिति २०६७।६।६ गते गरेको बयान।

वारदात भएको भनिएको मितिमा म आफ्नै घरमा थिएँ। घटनाको बारेमा थाहा छैन। भोलिपल्ट अर्जुन थापालाई हाम्रो परिवारले मार्‍यो भन्ने हल्ला चाहिँ भयो। मैले मारेको हैन। मेरो विरूद्ध किन जाहेरी भयो थाहा छैन। प्रहरीले सही गर भनेकाले सही गरेको हो। मैले कुटपिट नगरेकोमा किन झुट्ठा लेखाए थाहा छैन। मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी विकास खड्काले अदालतसमक्ष मिति २०६७।६।६ मा गरेको बयान।

जाहेरी दरखास्तमा भएको व्यहोरा सहिछाप मेरो नै हो। उक्त मितिको जाहेरी दरखास्त मैले नै दिएको

हो । मिति २०६७।५।७ गते गाउँले भाइ सुरज थापाले फोन गरी तपाइँको भाइलाई जनागालका मानिसहरूले कुटपिट गरी बनेपा अस्पतालमा राखेको छ भनेका, त्यहाँबाट नर्भिक अस्पतालमा रिफर गरिएकोमा भोलिपल्ट बनेपा आई ज्यानमार्ने उद्योग मुद्दामा २ जना मात्र उपर किटानी जाहेरी दिएकोमा ऐ.१० गते भाइ अर्जुनको उपचारकै क्रममा मृत्यु भएको कारण स्थानीयलाई समेत बुझी चारै जना प्रतिवादीउपर किटानी जाहेरी दिएको हुँ । यी चारै जना प्रतिवादीको कुटाइबाट मेरो भाइको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको जाहेरवाला केदार थापाको अदालतसमक्ष मिति २०६७।९।७ गते भएको बकपत्र ।

अनुसन्धान अधिकारीसमक्ष भएको कागजको व्यहोरा र सहिछाप मेरो नै हो । पढीबाची सुनाउँदा सुनी पाएँ । वारदात मितिमा म बजारबाट घर जाँदै गर्दा घटना भएको स्थानमा मृतक अर्जुन थापा बाटो किनारामा लडिरहेको, बोलाउँदा नबोलेको, टाउकोबाट रगत बगिरहेको कारण गाडी मगाई बनेपा प्रहरी चौकीको गाडीमा अस्पताल पठायौँ । त्यही समयमा विकास, पूर्णबहादुरसमेत हामीसँग झगडा गर्ने भनी कराइरहेका थिए । विकासको हजरबुबा र ममी पनि थिए । हजुरबुबाको हातमा लौरो थियो भन्नेसमेत व्यहोराको हरिशरण खड्काले मिति २०६७।९।१८मा अदालतसमक्ष गरेको बकपत्र ।

वारदात भएको दिन हामी बनेपाबाट किनमेल गरी फर्कंदा बाटामा झगडा परिरहेको, ४ जनाले मृतक अर्जुन थापालाई हानिरहेका थिए । हामी झगडातिर नलागी घर गयौं भन्नेसमेत व्यहोराको ध्रुवबहादुर बस्नेतले मिति २०६७।९।१८ मा अदालतसमक्ष गरेको बकपत्र ।

वारदात समय र मितिमा म घर फर्कंदा भटाभट हिर्काइरहेका थिए । को कसलाई कुटेको थाहा भएन । अँध्यारो हुनाले मान्छे चिनेनौं । भोलिपल्ट २५ किलो भन्ने ठाउँमा अर्जुन थापालाई मारे भन्ने थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको नारायणबहादुर थापाले २०६७।९।१८ मा अदालतसमक्ष गरेको बकपत्र ।

वारदात मितिमा मायोज कारखानाको डिउटीबाट घर जाँदा बाटोमा गोकर्ण खत्री गुहार गुहार गर्दै गरेको सुनेँ । अर्जुन थापा सडकमा लडिरहेको अवस्थामा विकास र पूर्णबहादुरले निजलाई कुटिरहेका थिए । कृष्णबहादुरका हातमा लाठो थियो । बच्चु खड्का पनि त्यहीँ थिइन् । मैले मान्छे मर्ला भनेको हुँ । एम्बुलेन्स बोलायौं तर त्योभन्दा अगाडि नै प्रहरीको गाडी आइसकेको हुँदा अर्जुन थापालाई पठायौं । यी चारै जना प्रतिवादीको कुटाइको चोटको कारणबाट निज मृतकको मृत्यु भएको भाद्र १० गते सुनेको हो । विकास र पूर्णबहादुरले अर्जुनलाई लडाएको देखेको हुँ भन्नेसमेत व्यहोराको उद्धव राउतले मिति २०६७।९।१९ मा अदालतसमक्ष गरेको बकपत्र ।

वारदात मिति, समय र स्थानमा झगडा सुनी म दौडिएँ । पुग्दा मृतक रगतपच्छे भई रोडमा लडेको, नचिनेको मानिसलाई विकास र पूर्णबहादुर पिट्दै गरेका, मानिस मर्छ नपिट भन्दा रिसको झोँकमा तँ पनि मर्लास् भनी दुवैले धम्क्याएका, कृष्णबहादुर र बच्चु खड्का उभिरहेका थिए । कुट्न रोकिएपछि गोकर्ण खत्री आइपुगी एम्बुलेन्स बोलाउ भन्नुभयो । म घर लागेँ । चारै जनाको पिटाइबाट अर्जुन थापाको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको दीपक खत्रीले मिति २०६७।९।१९ मा अदालतसमक्ष गरेको बकपत्र ।

अनुसन्धान अधिकारीसमक्ष भएको कागजको व्यहोरा र सहिछाप मेरो नै हो । हामी ३ जना अपाङ्ग अस्पताल जाने दोबाटोको मासु पसलमा मासु किन्न जाँदा पूर्णबहादुर र विकास त्यही पसलमा आई हामीलाई पनि मासु किन्न भनी धम्क्याएकोमा अर्जुनले

किन्दिन भनेपछि एक्कासी हामी ३ जनालाई आक्रमण गरे । कृष्णबहादुर र बच्चुसमेत आई लाठाले हाने । मृतक अर्जुन थापालाई कृष्णबहादुरले पेटमा लाठाले हाने । मलाई पनि लडाए । ईश्वरलाई हान्न जाँदा म उठी प्रहरी चौकीतर्फ भाग्दा आँखामा हानी पछारे । गोकर्ण खत्री आई छुट्याई अस्पताल लगे । यी चारै जना प्रतिवादीको कुटाइबाट मृतक अर्जुन थापाको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको नवराज थापाले मिति २०६७।९।२० मा अदालतमा गरेको बकपत्र ।

म पसलमा चिया खान लाग्दा हल्ला सुनी वारदातस्थल गएको हुँ । अर्जुन थापा रगत पच्छे भई लडेकोमा विकास खड्का, बच्चु खड्का, पूर्णबहादुर खड्का र कृष्णबहादुर खड्कालाई यसरी नकुट भन्दा मेरो छोरालाई कुटनेलाई मार्नपर्छ भनी बच्चु खड्काले भनेकी र नहान मरिसक्यो भन्दासमेत यस गा.वि.स.मा हामीसँग लडाईं गर्ने को छ भनी पुनः अर्कोलाई हानी ढलाए । त्यसपछि प्रहरीको गाडी आई अस्पताल लगी २ घण्टा अस्पतालमा उपचार गराई काठमाडौं लगियो । मासु किन्न आएका ३ जनासँग विकास र पूर्णबहादुरले एक किलो मासु किन्न लगाएको विषयमा विवाद परी झगडा हुँदा यी चारै जनाको लट्ठी प्रहारबाट मृतक अर्जुन थापाको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको गोकर्ण खत्रीले मिति २०६७।९।२० मा अदालतसमक्ष गरेको बकपत्र ।

वारदात मिति, समय र स्थानमा यी चारै जना प्रतिवादीहरूले लाठी र मुक्काले कुटिरहेका थिए । यी नै प्रतिवादीहरूका चोटको कारण अर्जुन थापाको मृत्यु भएको हो । गोकर्णबहादुर खत्रीले छुटयाएका हुन् भन्नेसमेत व्यहोराको पुरूषोतम खड्काले मिति २०६७।९।२० मा अदालतसमक्ष गरेको बकपत्र ।

घटना मैले नदेखेकोले के कसरी अर्जुन थापाको मृत्यु भयो थाहा भएन भन्नेसमेत व्यहोराको कान्छा लामाले मिति २०६७।११।४ मा अदालतसमक्ष गरेको बकपत्र ।

टाउकोको दायाँपट्टि अप्रेसन गरी टाँका लगाएको, कञ्चटमा छालामुनि नील परेको, दाहिने कञ्चटको हड्डी फ्याक्चर भएको, गिदी छोप्ने खोल टाइट भई सुनिएको, रक्तश्राव भई धार नभएको वस्तुको चोटबाट मृतकको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको शव परीक्षण गर्ने डा. हरिहर वस्तीले अदालतसमक्ष मिति २०६७।११।१७ मा गरेको बकपत्र ।

सानुभाइले मर्ने मान्छेलाई ठेली रोडमा ढलायो । विकास आएर कुटन थाल्यो, अर्को एकजना क्वाँटी र मासु लिएर मैले होइन भनेर रोएर बसेकोमा सानुभाइले निजलाई समेत कुट्यो । दुई बुढाबुढी आएका थिए तर केही गरेनन् । हातले नै कुटपिट गरेका हुन् भन्नेसमेत व्यहोराको अ.बं. ११५ नं.बमोजिम बुझिएका राजीव लामाले मिति २०६८।७।२७ मा अदालतसमक्ष गरेको बकपत्र ।

वारदात समयमा म पसलमा चिया खाइरहेको अवस्थामा होहल्ला सुनी घटनास्थलतर्फ जाँदा नवराज थापा, अर्जुन थापा र ईश्वर थापा ३ जना आपसमा भनाभनपछि घचेटा घचेट गर्दा अरनिको राजमार्गको पीच सडकमा उत्तानो परेर लडदा अर्जुनको थाप्लो फुटयो । नवराज र ईश्वर लडिसकेपछि भागे । पछि प्रहरीको गाडी बोलाएर अर्जुन थापालाई अस्पताल पठायौं । बच्चु खड्का उपस्थित थिइनन् । पूर्णबहादुर यसो हेरेर घरतर्फ लागे । पूर्णबहादुर झगडामा संलग्न छैनन् भन्नेसमेत व्यहोराको प्रतिवादीहरू पूर्णबहादुर खड्का, विकास खड्का, बच्चु खड्का र कृष्णबहादुर खड्काका साक्षी विष्णु खड्काले मिति २०६७।९।१८ मा अदालतसमक्ष गरेको बकपत्र ।

वारदात मिति भाद्र ७ गते बिहान ७–८ बजेसम्म दाजु कृष्णबहादुर खड्का घरमा उहाँलाई

बिसञ्चो भएको कारण हेर्न गएका थिए। बच्चु खड्का पनि त्यहीं हुनुहुन्थ्यो । गफ सकेर फर्किएँ । अर्जुन थापालाई कसले मार्‍यो थाहा छैन भन्नेसमेत व्यहोराको प्रतिवादी कृष्णबहादुर खड्काका साक्षी हर्कबहादुर खड्काले अदालतसमक्ष आई मिति २०६७।९।१८ मा गरेको बकपत्र।

घटनास्थलमा होहल्ला थियो। विकास खड्का त्यहाँ थिएनन् । हुलमा मान्छे चिनेनौं। ३/४ दिनपछि अर्जुन थापा मरेको सुनेको हो भन्नेसमेत व्यहोराको प्रतिवादी विकास खड्काका साक्षी नानीकाजी थापाले मिति २०६७।९।१९ मा अदालतसमक्ष गरेको बकपत्र।

प्रतिवादीहरू पूर्णबहादुर खड्का र विकास खड्काले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम आरोपित कसुर गरेको ठहर्छ। वारदातको अवस्था प्रकृति र संलग्नतासमेतबाट निजहरूलाई सजायमा छुट गरिरहनुपर्ने अवस्था नहुँदा अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुनेसमेत ठहर्छ । प्रतिवादीहरू कृष्णबहादुर खड्का र बच्चु खड्काले आरोपित कसुर अपराधबाट सफाइ पाउने ठहर्छ भन्ने सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतको मिति २०६८।११।३ को फैसला।

जाहेरवाला केदार थापाले मिति २०६७।५।१० मा दिएको दोस्रो जाहेरीमा प्रतिवादीहरू कृष्णबहादुर खड्का र बच्चु खड्काको नाम उल्लेख गरेको अवस्था छ । प्रत्यक्षदर्शी राजीव लामा र ध्रुव बस्नेतसमेतले मृतकलाई पिटिरहेको देखेको भनी उल्लेख गरेको अवस्थामा प्रतिवादीहरू कृष्णबहादुर खड्का र बच्चु खड्कालाई सफाई दिने गरी भएको सुरू फैसला त्रुटिपूर्ण हुँदा बदर गरी निज प्रतिवादीहरू समेतलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेतको वादी नेपाल सरकारको पुनरावेदन जिकिर।

मृतक अर्जुन थापासँग पूर्व रिसइवी नभएको कारण नियोजितरूपमा मार्ने योजना बनाई मारेको होइन। दुई पक्षबीच सामान्य भनाभन घचेटा घचेट हुँदा निज पीच सडकमा लड्न गई सोही चोटको कारणले मृत्यु भएको हो । म पूर्णबहादुर खड्काले सामान्य कुटपिट गरेको र म विकास खड्काको कुटपिटमा कुनै भूमिका छैन । मृतकलाई धारिलो हतियारले प्रयोग नगरेको र शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण टाउकोमा गहिरो चोट भन्ने उल्लेख गरेको देखिँदा अनुमानमा आधारित शंकाको भरमा २० वर्ष कैद हुने गरी भएको सुरू फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरी सफाइ पाउँ भन्नेसमेतको प्रतिवादीहरू पूर्णबहादुर खड्का र विकास खड्काको पुनरावेदन अदालत, पाटनमा परेको पुनरावेदन पत्र।

पुनरावेदक प्रतिवादीहरू सानुभाइ भन्ने पूर्णबहादुर खड्का र विकास खड्कालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. को कसुरमा ऐ. १३ (३) नं. बमोजिम सजाय गर्ने गरेको र प्रत्यर्थी प्रतिवादीहरू कृष्णबहादुर खड्का र बच्चु खड्कालाई अभियोग मागदाबीबाट सफाइ दिने ठहराएको सुरू काभ्रेपलान्चोक जिल्ला अदालतको मिति २०६८।११।३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीहरू र पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, पाटनको मिति २०६९।५।२६को फैसला।

हाम्रो हत्या गर्ने मनसाय होइन । हत्या गर्ने कारण रहेको कतै खुलेको पनि छैन। सामान्य विवाद भई हात हालाहाल हुँदा मृतकलाई घचेड्दा पिच सडकमा लडेका कारण टाउकामा चोट लागी भवितव्य परी मृत्यु

भएको हो । यस्तो अवस्थामा परस्पर विरोधी कागज प्रमाणलाई मात्र आधार लिई गरेको फैसला त्रुटिपूर्ण छ । कुनै पनि कसुरलाई शंकारहित तवरले पुष्टि गर्नुपर्ने दायित्व अभियोजन पक्षको हुने सिद्धान्तको विपरीत भवितव्यबाट ज्यान मर्न गएको तथ्य मिसिलबाट देखिइरहेकोमा मनोगत तर्क गरी अनुमानको भरमा सुरू फैसला सदर हुने गरी गरेको पुनरावेदन अदालत, पाटनको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी न्याय पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी पूर्णबहादुर खड्काको यस अदालतमा परेको पुनरावेदन पत्र ।

पुनरावेदन अदालतबाट प्रस्तुत वारदातमा यी पुनरावेदक प्रतिवादी पूर्णबहादुरले नै मृतकसँग बिना कारण निहुँ खोजेको र वादविवाद भई झगडा हुन थालेपछि निजका दाजु प्रतिवादी विकास खड्कासमेत आई निजहरूले मृतकलाई कुटपिट गरेको अवस्था हुँदा प्रस्तुत मुद्दामा मुलुकी ऐन, ज्यानसम्बन्धीको ५ नं. अनुसारको भवितव्य ज्यानको अवस्था स्थिति रहेको मान्न मिलेन भनी भएको फैसला त्रुटिपूर्ण छ । मेरो पुनरावेदन जिकिर सफाई पाउँ भन्ने रही ज्यानसम्बन्धीको ५ नं. को जिकिर नै नगरेकोले उक्त आधार मेरो हकमा समेत अभियोग प्रमाणित हुने आधार बन्न सक्दैन । पूर्णबहादुरले मृतकसँग निहुँ खोजेको र झगडा हुन थालेपछि मसमेत आई कुटपिट गरेको भन्ने तथ्य मिसिलबाट पुष्टि हुँदैन । मैले कुटपिट गरेको चोट लासमा छ भनी मिसिलमा कतै उल्लेख नहुँदा नहुँदै मसमेतले कुटपिट गरेको अवस्था देखिएको भनी मलाई समेत कसुरदार ठहराई मनोगत आधारमा गरेको पुनरावेदन अदालतको फैसला बदरभागी छ भन्नेसमेत व्यहोराको प्रतिवादी विकास खड्काको यस अदालतमा परेको पुनरावेदन पत्र ।

सफाई पाउने प्रतिवादीहरू कृष्णबहादुर खड्का र बच्चु खड्का कसुर ठहर भएका प्रतिवादीहरू सँगै वारदातस्थलमा रहे भएको र निजहरूले समेत मृतकलाई कुटपिट गरेको तथ्य निजहरूकै बयानबाट र अन्य मिसिल संलग्न कागजबाट पुष्टि भइरहेकोमा सोको बेवास्ता गरी पहिले दिएको ज्यान मार्ने उद्योगको जाहेरीमा यी प्रतिवादीहरूको नाम नपरेको भन्ने जस्ता आधार लिई यी प्रतिवादीहरू जना २ लाई सफाई दिने ठहराई गरेको सुरू फैसला सदर हुने ठहराई गरेको श्री पुनरावेदन अदालत, पाटनको फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा बदर गरी यी प्रतिवादीहरूसमेतलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको यस अदालतमा परेको पुनरावेदन पत्र ।

नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री सोमकान्त भण्डारीले प्रतिवादीहरूको मौकाको कागज र अदालतमा गरेको बयान र मौकामा कागजको व्यहोरा र अदालतमा गरेको बकपत्र जस्ता मिसिल संलग्न कागज प्रमाणबाट घटना कर्तव्यबाट भएकोमा कुनै विवाद छैन । यी प्रतिवादीहरू कृष्णबहादुर खड्का र बच्चु खड्काले पनि मौकामा बयान गर्दा आफूहरू घटनास्थलमा रहेको भनी स्वीकारेका र अन्य मौकामा कागज गर्ने व्यक्तिहरूले पनि यी प्रतिवादीहरू जना २ ले समेत कुटपिट गरेको भनी लेखाई दिएका छन् । यस्तो अवस्थामा यी प्रतिवादीहरूलाई सफाई दिने गरी गरेको फैसला नमिलेकोले निजहरूलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भनी बहस गर्नुभयो । प्रतिवादीहरू विकास खड्का र पूर्णबहादुर खड्काका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता तुलसी शंकर अधिकारीले मृतकलाई मार्ने यी प्रतिवादीहरूको कुनै पूर्व योजना, कारण र मनसाय थिएन । मासु किन्ने कुरामा झगडा

हुँदा तत्काल आवेशमा आई धकेला धकेल भएर मृत्यु भएको हो । तसर्थ मनसाय तत्त्वको विचार नगरी अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको १३ नं. को देहाय (३) बमोजिम सजाय गरेको मिलेको छैन भनी गर्नुभएको बहससमेत सुनियो ।

यसरी पुनरावेदकहरू दुवै पक्षको बहससमेत सुनी मिसिल अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा निम्न प्रश्नहरूको निरूपण गरी निर्णय गर्नुपर्ने देखियो ।

१. प्रतिवादीहरू कृष्णबहादुर खड्का र बच्चु खड्कालाई सफाई दिने र पूर्णबहादुर खड्का र विकास खड्कालाई अभियोग दाबीबमोजिम सजाय हुने ठहराएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेको छ वा छैन ?

२. वादी नेपाल सरकारको र प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन ?

यसमा प्रतिवादीहरू पूर्णबहादुर खड्का, विकास खड्का, कृष्णबहादुर खड्का र बच्चु खड्कासमेत ४ जना प्रतिवादीहरू मिली अर्जुनबहादुर थापासमेतलाई कुटपिट गरी निज अर्जुन थापाको सोही कुटपिटका कारण मृत्युसमेत भएकाले निजहरूले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. ले परिभाषित कसुर गरेको देखिँदा प्रतिवादीहरूलाई सोही नं. अनुसार सजाय गरिपाउँ भनी अभियोग माग दाबी लिएको देखियो । सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट प्रतिवादीहरू पूर्णबहादुर खड्का र विकास खड्काले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम आरोपित कसुर गरेको ठहराई जन्म कैदको सजाय र प्रतिवादीहरू कृष्णबहादुर खड्का र बच्चु खड्काले आरोपित कसुरबाट सफाइ पाउने ठहराई फैसला भएको पाइयो । सो फैसलाउपर प्रतिवादीहरू कृष्णबहादुर खड्का र बच्चु खड्कालाई सफाई दिने गरी भएको सुरू फैसला त्रुटिपूर्ण हुँदा बदर गरी अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भनी वादी नेपाल सरकारको र हामीलाई सजाय गर्ने गरी भएको सुरू फैसला उल्टी गरी सफाई पाउँ भनी प्रतिवादीहरू पूर्णबहादुर खड्का र विकास खड्काको श्री पुनरावेदन अदालत, पाटनमा पुनरावेदन परेको देखिन्छ । श्री पुनरावेदन अदालत, पाटनबाट प्रतिवादीहरू पूर्णबहादुर खड्का र विकास खड्कालाई अभियोग दाबीबमोजिम सजाय गर्ने गरेको र प्रतिवादीहरू कृष्णबहादुर खड्का र बच्चु खड्काले सफाई पाउने गरी भएको सुरू फैसला सदर गर्ने गरी फैसला भएको पाइयो । उक्त फैसलाउपर हत्या गर्ने मनसाय नभएको अवस्थामा परस्पर विरोधी कागज प्रमाणलाई आधार लिई भवितव्यबाट ज्यान मर्न गएको तथ्य मिसिलबाट देखिइरहेकोमा मनोगत तर्क गरी गरेको पुनरावेदन अदालतको फैसला बदर गरी न्याय पाउँ भनी प्रतिवादी पूर्णबहादुर खड्काको, मेरो पुनरावेदन जिकिर सफाई पाउँ भन्ने रही ज्यानसम्बन्धीको ५ नं. को जिकिर नै नगरेकोले उक्त आधार मेरो हकमा समेत अभियोग प्रमाणित हुने आधार नबन्ने र मसमेतले कुटपिट गरेको भन्ने तथ्य मिसिलबाट पुष्टि नभएको अवस्थामा मलाईसमेत कसुरदार ठहराई गरेको पुनरावेदन अदालतको फैसला बदर गरी सफाई पाउँ भनी प्रतिवादी विकास खड्काको यस अदालतमा पुनरावेदन परेको र प्रतिवादीहरू कृष्णबहादुर खड्का र बच्चु खड्काले सफाई पाएको हकमा वादी नेपाल सरकारको निजहरूले समेत मृतकलाई कुटपिट गरेको तथ्य निजहरूकै बयानबाट र अन्य मिसिल संलग्न कागजबाट पुष्टि भइरहेकोमा यी प्रतिवादीहरू जना २ लाई सफाई दिने ठहराई गरेको सुरू फैसला सदर गर्ने पुनरावेदन अदालतको फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा बदर गरी यी प्रतिवादीहरू समेतलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भनी

यस अदालतमा पुनरावेदन परेको देखिन्छ ।

२. निर्णयका लागि सर्वप्रथम मृत्यु कर्तव्यबाट भएको हो होइन ? भन्नेतर्फ विचार गर्दा, मृतकको शव परीक्षण प्रतिवेदनको Cause of Death को महलमा "Blunt force injuries to head" भनी उल्लेख भएको र शव परीक्षण गर्ने विशेषज्ञ डा. हरिहर वस्तीले टाउकोमा धार नभएको बोधो वस्तुको चोटका कारण मृतकको मृत्यु भएको भनी आफ्नो अदालतसमक्षको बकपत्रमा लेखाइ दिएका छन् । घटना विवरण कागज गर्ने, मौकामा कागज गर्ने, अदालतमा बकपत्र गर्ने व्यक्तिहरूले मृतक कुटपिटका कारण सडकमा पल्टीरहेको देखेको भनी लेखाई दिएका छन् । स्वयम् प्रतिवादीहरूले मौकामा कागज गर्दा कुटपिट गरेको स्वीकारेका र ७ गते कुटपिट भई १० गते उपचारकै क्रममा अस्पतालमै मृत्यु भएको देखिएको छ । यस्तो छोटो समयको अन्तरालमा अस्पतालमा उपचारार्थ रहेको अवस्थामा मृत्युको अन्य कारण हुन सक्ने पनि केही नदेखिएको तथा मृत्युको कारण कुटपिटबाहेक अरू भएको भनी प्रतिवादीहरूले कहीँकतै विवाद गर्न नसकेकोबाट प्रतिवादीको मृत्यु कर्तव्यबाट भएको हो भन्नेमा कुनै विवाद देखिँदैन ।

३. मृतकको मृत्यु कर्तव्यबाट भएको तथ्य निर्विवाद पुष्टि भएपश्चात् को कसको कस्तो संलग्नताबाट उक्त कर्तव्य हुन गएको हो भन्नेतर्फ विचार गर्नुपर्ने हुन्छ । यससम्बन्धमा सर्वप्रथम सुरू र पुनरावेदन अदालतबाट कसुरमा संलग्नता नरहेको भनी सफाई पाएका प्रतिवादीहरू कृष्णबहादुर खड्का र बच्चु खड्कालाई सफाई दिएको मिले नमिलेको के हो ? अर्थात् यी प्रतिवादीहरूसमेतको संलग्नतामा वारदात भएको मिसिल संलग्न कागजबाट देखिएकोले निजहरूले सफाई पाउने गरी भएको फैसला उल्टी गरी सजाय गरिपाउँ भन्ने नेपाल सरकारको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा यसमा मिति २०६७।५।७ गते बेलुका पूर्णबहादुर खड्का र विकास खड्काले यसलाई मार्नुपर्छ भनी हातमा भएको काठको डन्डीले भाइ अर्जुन थापालाई र ईश्वर थापालाई टाउको तथा शरिरको विभिन्न भागमा हिर्काई सख्त घाइते बनाई ज्यान मार्ने उद्योग गरेको भनी २०६७।५।८ मा जाहेरी दिएकोमा मिति २०६७।५।७ गते पूर्णबहादुर खड्का, विकास खड्का, कृष्णबहादुर खड्का र बच्चु खड्काले गरेको कुटपिटका कारणले भाइ अर्जुन थापाको उपचारको क्रममा मृत्यु भएको भनी २०६७।८।१० मा अर्को जाहेरी गराएको देखिन्छ । पहिलो जाहेरीमा कुटपिट गर्ने भनी कृष्णबहादुर खड्का र बच्चु खड्काको नाम उल्लेख नगरेको भए तापनि दोस्रो जाहेरीमा निजहरूको नामसमेत कुटपिट गर्ने भनी उल्लेख गरेको पाइन्छ । प्रतिवादीहरूमध्येका पूर्णबहादुर खड्का र विकास खड्काले मौकामा बयान गर्दा निज प्रतिवादीहरू कृष्णबहादुर खड्का र बच्चु खड्का कुटपिटको हो हल्ला सुनी घरबाट वारदातस्थलमा आउनुभएको र निजहरूले के कसो गर्नुभयो थाहा नभएको भनी लेखाई दिएका छन् । प्रतिवादी पूर्णबहादुर खड्काले आफू र यी प्रतिवादीहरू जना २ घटनास्थलमा नभएको भनी र प्रतिवादी विकास खड्काले पनि आफूलगायतका प्रतिवादीहरूको कसुरमा कुनै संलग्नता नभएको भनी अदालतमा बयान गरेको पाइन्छ । यी प्रतिवादीहरू कृष्णबहादुर खड्का र बच्चु खड्काले आफूहरू पूर्णबहादुर खड्का र विकास खड्का कराएको सुनी घटनास्थलमा गएको, आफूले हतियार नबोकेको, पूर्णबहादुर र विकास खड्काले मृतकलाई पिटी मृतक रगतपच्छे भई ढलेकोले आफूहरूले केही गरिन र निजहरूलाई पनि रोकिन भनी आफू घटनास्थलमा गएको तर आफूहरूले नपिटेको भनी र प्रतिवादी पूर्णबहादुर खड्का र विकास

खड्काले पिटेको देखेको भनी निजहरूलाई पोल गरी मौकामा बयान गरिदिएको छन् । निज प्र. कृष्णबहादुर खड्काले आफ्नो अदालतको बयानमा आफू बिरामी भई सो दिन घरमै भई घटनाका बारेमा आफूलाई थाहा नभएको र पछि नातिलाई प्रहरीले लगेको थाहा पाई बल्लतल्त मोटर साइकलबाट के रहेछ भनी बुझ्न इलाका प्रहरी कार्यालय, बनेपामा गएकोले मलाई त्यहीँबाट प्रहरीले पक्राउ गरेका हुन् भनी र बच्चु खड्काले आफू खेतबारीमा भएकाले घटनाका बारेमा केही थाहा नभएको पछि छोराहरूलाई पक्री इलाका प्रहरी कार्यालय, बनेपा लगेकोले मात्र थाहा पाएको हो भनी कसुरमा इन्कार रही बयान गरिदिएको पाइन्छ । यसरी यी प्रतिवादीहरूको मौकाको बयान र अदालतमा गरेको बयानमा आफ्नो उपस्थितिका सम्बन्धमा कुरा बाझिए पनि कुटपिटमा संलग्नता रहेको सम्बन्धमा भने इन्कारी नै रहेको देखिन्छ । साथै प्रतिवादीहरू विकास खड्का र पूर्णबहादुर खड्काले मौकाको बयानमा यी प्रतिवादीहरूको घटनास्थलमा उपस्थितिसम्म रहेको र संलग्नतासम्बन्धमा थाहा नभएको भनी लेखाए पनि अदालतमा उपस्थितिका बारेमा पनि भन्न सकेको पाइँदैन ।

४. मौकामा कागज गर्ने नवराज थापा, उद्धव राउत, पुरूषोत्तम खड्का, हरिशरण खड्का, दिपक खत्री, गोकर्ण बहादुर खत्री र कुटपिटबाट पीडित भनिएका ईश्वर थापासमेतले यी प्रतिवादीहरू पनि कुटपिट गरेको ठाउँमा गई हातमा लिएको लौरो र गजवारले हिर्काउने अण्डकोषमा घोच्ने काम गरेका हुन् भनी लेखाई दिएको तर यिनै मौकामा कागज गर्ने हरिशरण खड्का, दिपक खत्री, पुरूषोत्तम खड्का र उद्धव राउतले अदालतमा बकपत्रका क्रममा आफू बजारबाट घर जाँदै गरेको अवस्थामा गुहार गुहार भन्ने आवाज सुनी घटनास्थलमा जाँदा अर्जुन थापा लडिरहेको देखेको र ईश्वर थापालाई  विकास, पूर्णबहादुरले कुटिरहेको देखेको त्यहाँ नजिक निजहरूका हजुर बुबा र मम्मी पनि थिए भनि लेखाएबाट निजहरू अर्जुन थापालाई कुटपिट गर्दा घटनास्थलमा नभई अलिपछि त्यहाँ पुगेको देखिएको साथै मृतकलाई कुटपिट गर्नमा निज प्रतिवादीहरू २ जनाको संलग्नता बारेमा भन्न नसकेको देखिन्छ । घटना भएको स्थानमा रहेको मासु पसलमा काम गर्ने राजिव लामाले कृष्णबहादुर खड्का र बच्चु खड्का घटनास्थलमा पछि आएको कुरा आफूले गरेको मौकाको कागजमा लेखाई सोही कुराको समर्थन गरी अदालतमा समेत बकपत्र गरेको पाइन्छ । त्यस्तै मौकामा कागज गर्ने कान्छा लामा, वस्तुस्थिति मुचुल्काका मानिसहरू गणेश विष्ट, ठाकुर राउत, बसन्त राम राउत, नारायणबहादुर थापालगायतका व्यक्तिहरूले आफू घटनास्थलमा नभएकाले प्रतिवादीहरू पूर्णबहादुर खड्का र विकास खड्काले प्रतिवादीहरूलाई कुटपिट गर्दा बच्चु खड्का र कृष्णबहादुर खड्कासमेतले मृतक र घाइतेलाई कुटेको भन्ने सुनेको भनी मौकामा र सोही व्यहोरा समर्थन हुने गरी अदालतको बयानमा लेखाई दिएको पाइन्छ । यसरी मौकामा कागज गर्ने व्यक्तिहरूको यी प्रतिवादीहरू जना २ को वारदातमा संलग्नतासम्बन्धमा मौकाको कागजको व्यहोरा र अदालतमा गरिदिएको बकपत्रको व्यहोरा आपसमा मिल्न सकेको पाइँदैन । वस्तुस्थितिका ध्रुवबहादुर बस्नेतले प्रतिवादीहरू जना ४ ले नै कुटपिट गरेको  तर राति भएकाले मानिस चिनेन भनी बकपत्र गरिदिएको पाइन्छ । यसबाट पनि यी प्रतिवादीको संलग्नतासम्बन्धमा केही भन्न सकिँदैन । कतिपयले यी प्रतिवादीहरूको संलग्नता सम्बन्धमा केवल सुनेको आधारमा मात्र लेखाइदिएको अवस्था छ । यसरी व्यक्त गरेका कुरा एक आपसमा बाझिने परिस्थितिमा कुन कुरा सत्य हो भनी निर्क्योल

गर्न नसकिने हुँदा त्यस्ता कुराहरूलाई प्रमाणमा लिन सकिँदैन । साथै सुनेको कुरामा विश्वसनीयता रहने भन्ने आधारसमेत रहन नसक्ने हुँदा सुनी जान्ने प्रमाण प्रमाण होइन भन्ने सिद्धान्त रही यसका आधारमा कानूनी व्यवस्थासमेत भएको देखिन्छ । त्यसैले सुनेको आधारमा व्यक्त गरेको भनिएका कुरा पनि प्रमाणमा ग्राह्य हुँदैनन् ।

५. मौकामा कागज गर्नेमध्येका नवराज थापाले यी प्रतिवादीहरूसमेतको कुटपिटबाट अर्जुन थापाको मृत्यु भएको र आफूलाई समेत कुटपिट गरेको भनी बकपत्रमा लेखाएको, मौकामा कागज गर्ने गोकर्णबहादुर खत्रीले र जाहेरवाला केदार थापाले पनि सोही व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरी दिएका छन् तापनि निजहरूले भने अनुसारको चारै जनाको संलग्नता रहेको अन्यको कागज र बकपत्रबाट समर्थित भएको पाइँदैन । मृतकको मृत्यु कुटपिटको कारणबाट भएको स्थापित भएको यस वारदातका सम्बन्धमा स्वयम् मृतकका दाजु यी जाहेरवाला केदार थापाले ज्यान मार्ने उद्योगतर्फको पहिलो जाहेरी दिँदा यी २ जना प्रतिवादीको संलग्नताका सम्बन्धमा केही उल्लेख गर्न नसकेकोमा दोस्रो जाहेरीमा मात्र यी प्रतिवादीहरूको नाम उल्लेख गरेको पाइन्छ । निजहरूको मौकाको पोल एवं बकपत्र भनाइ मृतकको लासप्रकृति मुचुल्काबाट समर्थित रहेको देखिँदैन । बुझिएका निजहरूको भनाइलाई मान्दा यी प्रत्यर्थीहरू समेत ४ जनाले मृतकको शरीरमा यत्रतत्र कुटपिट गर्दा मृतकको शरीरमा प्रशस्त चोटपटक लागेको हुनुपर्नेमा मृतकको लासप्रकृति मुचुल्का हेर्दा त्यस्ता चोटपटक देखिएका छैनन् । बायाँ हातको भित्री भागमा छाला खुइलिएको सानो घाउ, ढाडमा सानो घाउ, टाउकोमा चोटबाहेक मृतकका शरीरमा अन्य चोटहरू लागेको नदेखिएकाले ती व्यक्तिहरूको पोल विवादरहित मान्न सकिँदैन । त्यस्तै जाहेरवाला मृतकका दाजु भएको, नवराज थापा र ईश्वर थापा स्वयम्ले कुटाइ खाएको भनिएका व्यक्तिहरू भएका र गोकर्णबहादुर खत्री पनि कुटपिटपछि उपचारमा लग्ने निजहरूकै मानिस भनी बुझिएकाले निजहरूमा प्रतिवादीहरूका पुरै परिवारप्रति नै आक्रोसको भावना रहन सक्ने हुँदा यी प्रतिवादीहरू २ जनासमेतको संलग्नता रहेको भनेर पनि लेखाइ दिएको हुन सक्ने हुन्छ । अपराध प्रमाणित गर्न, कसले के भन्यो भन्दा पनि कसको भनाइ शंकारहित छ भन्ने कुराले प्राथमिकता पाउँछ ।

६. हाम्रो कानून प्रणालीमा कसुर गरेको कुरा वादीले शंकारहित तरिकाले पुष्टि हुने प्रमाण अदालतसमक्ष प्रस्तुत गर्न सक्नुपर्छ र ती प्रमाणहरूको अदालतले वस्तुनिष्ट मूल्याङ्कन वा न्यायिक परीक्षण गरी न्याय निरूपण गर्दछ । कसैको भनाइलाई परीक्षण नै नगरी भनेको आधारमा मात्र कसुरदार कायम गर्दा निर्दोष व्यक्ति पनि कसुरदार ठहरिन सक्छ । केही गरी निरपराध व्यक्ति अदालतबाट कसुरदार ठहर हुन गए निजलाई हुन सक्ने अपूरणीय क्षतिको कल्पना पनि गर्न सकिँदैन । त्यस्तोमा निज तथा सिङ्गो समाजको अदालतप्रति र अन्तमा राज्यप्रति नै ठूलो कुण्ठासमेत उत्पन्न हुन जान्छ । त्यसैले कसुर गरेको भन्नेमा थोरैमात्र पनि शंका देखिएमा कसैलाई पनि कसुरदार ठहराउन मिल्दैन । यससम्बन्धमा यस अदालतको पूर्ण इजलासबाट कुनै पनि फौजदारी कसुरलाई शंकारहित तवरले पुष्टि गर्नुपर्ने दायित्व अभियोजन पक्षको हुने, अदालतले प्राप्त प्रमाणहरूको परीक्षण एवं मूल्यांकन गरी ती प्रमाणले ठहरेबमोजिम मात्र न्याय निरूपण गर्नुपर्ने भन्ने नै हुन्छ । अदालत स्वयम्ले कुनै प्रमाण सिर्जना गरी कुनै कसुर स्थापित गर्ने वा कसै उपरको अभियोग पुष्टि गर्न नहुने भनी नेपाल सरकार वि. यज्ञबहादुर थापासमेत भएको कर्तव्य ज्यान मुद्दा

(ने.का.प. २०६९ अंक २ पृष्ठ १७१) मा व्याख्यासमेत गरेको छ।

७. यी प्रतिवादी कृष्णबहादुर खड्का र बच्चु खड्का प्रतिवादीमध्येका विकास र पूर्णबहादुर खड्काका हजुरबा र आमा नाताका देखिएकोले अन्य पक्षसँग झगडा हुँदा वारदातस्थलमा आएको नै देखिन्छ । वारदातस्थलमा निजहरूसमेत भएको तथ्य माथि विवेचित आधार प्रमाणबाट पनि पुष्टि भएको अवस्था छ। वारदातस्थलमा रहेको पुष्टि हुँदैमा कसुरमा संलग्नता रहेको भनी द्विविधारहित प्रमाणबाट पुष्टि नभएसम्म कसुरदार कायम गर्नु न्यायोचित हुँदैन।

८. यसरी प्रस्तुत मुद्दामा यी प्रतिवादीहरू कृष्णबहादुर खड्का र बच्चु खड्काको कसुरका संलग्नता सम्बन्धमा वारदातका चश्मदिद भनिएका व्यक्तिहरूको भनाईमा एकरूपता नदेखिनु, पहिलो जाहेरीमा निजहरूको संलग्नता सम्बन्धमा केही उल्लेख नहुनु, निजहरूले कुटपिट गरेको पुष्टि हुन सक्ने गरी मृतकको लासमा धेरै घाउ चोट रहेको नपाइनु, निजहरूको संलग्नता रहेको भन्ने सुनेकोमात्र भनी लेखाइनु जस्ता मिसिल संलग्न आधार प्रमाणबाट यी प्रतिवादीहरूको कसुरमा कुनै किसिमको संलग्नता रहे भएको पुष्टि नहुँदा निजहरूले सफाई पाउने ठहरी गरेको सुरू फैसला सदर गरी भएको पुनरावेदनको फैसलालाई अन्यथा भन्न सकिँदैन। यस्तो अवस्थामा यी प्रतिवादीहरू समेत वारदात स्थलमा रही कुटपिट गरेको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

९. अब, पूर्णबहादुर खड्का र विकास खड्कालाई अभियोग दाबीबमोजिम सजाय हुने ठहराएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेको छ वा छैन ? प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन ? भन्नेतर्फ हेर्दा यी दुवै जनाले कुटपिट गरेको र सोही कुटपिटबाट मृतकको मृत्यु भएको भनी फरकफरक मितिमा २ वटा जाहेरी परेको देखिन्छ। यी प्रतिवादीहरू स्वयम्ले आफूमध्येका पूर्णबहादुरले मासु किन्ने निहुँमा झगडा गरी मृतकलाई सडकमा ढालेको र आफूमध्येका विकास खड्काले मृतक ढलेपछि पनि लाठाले हिर्काएको भनी अनुसन्धानका क्रममा आफूहरूको सम्बन्धमा जाहेरीको व्यहोरालाई स्वीकार गरेर बकपत्र गरेको अवस्था छ । प्रतिवादीमध्येका बच्चु खड्का र कृष्णबहादुर खड्काले पनि आफ्नो अनुसन्धानको बयानमा आफ्नो संलग्नता सम्बन्धमा इन्कारी रहेपनि प्रतिवादीहरू पूर्णबहादुर खड्का र विकास खड्काले मृतकसमेतलाई कुटपिट गरेको भनी पोल गरी जाहेरी व्यहोराको समर्थन गरिदिएको पाइन्छ। मौकामा कागज गर्ने नवराज थापा, उद्धव राउत, पुरूषोत्तम खड्का, हरिशरण खड्का, दिपक खत्री, गोकर्णबहादुर खत्री र कुटपिटबाट पीडित भनिएका ईश्वर थापासमेतले आफ्नो मौकाको गरिदिएको कागजमा यी प्रतिवादीहरूले कुटपिट गरेको कुरा उल्लेख गरी लेखाई दिएका छन् । प्रतिवादीमध्येका कृष्णबहादुर खड्का र बच्चु खड्काको वारदातमा संलग्नता सम्बन्धमा मौकामा कागज गर्ने व्यक्तिमध्ये कसैले सुनेको आधारमा मात्र भनेको र कसैले यिनिहरूको वारदातमा संलग्नता नरहेको तथा पछिमात्र घटनास्थलमा आएका भनी अदालतमा बकपत्रमा लेखाए तापनि प्रतिवादीहरू पूर्णबहादुर खड्का र विकास खड्काको संलग्नताको हकमा भने वारदातमा संलग्न भनी आफ्नो अनुसन्धानको बयानलाई नै समर्थन गरी बयान गरिदिएका छन्। यी प्रतिवादीहरूले अदालतमा बयान गर्दा अनुसन्धानसमक्षको बयानलाई समर्थन नगरी आफूहरू वारदातमा संलग्न नरहेको भनी बकपत्र गरी दिए तापनि सो कुरा अन्य प्रमाणबाट समर्थित

हुन सकेको अवस्था छैन । स्वयम् प्रतिवादीहरूले आफ्नो पुनरावेदन अदालतमा र यस अदालतमा दायर गरेको पुनरावेदन जिकिरमा वारदातस्थलमा आफूहरू नभएको र आफूले कुटपिट नगरेको भनी लेखाउनसमेत सकेको अवस्था छैन। प्रतिवादीमध्येका पूर्णबहादुर खड्काले आफूले मनसायपूर्वक कसुर नगरेको र वारदात भवितव्यबाट घट्न गएकोले भवितव्यमा सजाय हुनुपर्ने भनी वारदातमा आफ्नो संलग्नतालाई स्वीकार गरी पुनरावेदन जिकिर लिएको देखिन्छ भने प्रतिवादी विकास खड्काले पनि आफू कुटपिटमा संलग्न नरहेको जिकिर गरे तापनि आफू वारदातस्थलमा नभएको भनी भन्न सकेको अवस्था छैन। यसबाट पनि प्रतिवादीहरूको अदालतको इन्कारी बयानलाई सत्य मान्न सकिँदैन । त्यस्तै प्रतिवादीहरू पूर्णबहादुर खड्कासमेतका साक्षी विसु खड्काले आफू पसलमा चिया खाइरहेको अवस्थामा हो हल्ला भएको ठाउँतिर हेर्न जाँदा नवराज थापा, ईश्वर थापा र अर्जुन थापा एक आपसमा भनाभन गरिरहेका र एक आपसमा घचेटाघचेट गर्दा अर्जुन थापा अरनिको राजमार्गमा लडेका हुन् र प्रतिवादी पूर्णबहादुर खड्काको कुटपिटमा संलग्नता नरहेको भनी मिसिलमा कतै नभएको तथ्य नवराज थापा, ईश्वर थापा र अर्जुन थापाको एक आपसमा घचेटाघचेट भई अर्जुन थापा लडेको कुरा स्थापित गराउन खोजेकोले निजको बकपत्रलाई सही हो मान्न सकिने अवस्था रहेन । प्रतिवादी विकास खड्काका साक्षी नानी काजी थापाले वारदातस्थलमा विकास खड्का थिएन भनी आफूले वारदात देखेको मनसाय व्यक्त गरेकोमा विकास खड्कालाई नभएको देख्न सक्नेले अरू को थिए मलाई थाहा भएन भनी लेखाई दिएबाट यसलाई पनि सत्य मान्न सकिँदैन।

१०. त्यस्तै मृतकको मृत्यु मृतकलाई कुटपिट गरी धकेल्दा सडकमा उत्तानो पर्दा टाउकोमा लागेको चोटका कारण भएको हो भनी मौकामा कागज गर्ने व्यक्तिहरूको मौकाको कागज तथा यस अदालतमा गरिदिएको बकपत्र र प्रतिवादीहरूको मौकाको बयानमा उल्लेख छ । यसरी निजहरूले उल्लेख गरे जस्तै किसिमले मृतकको मृत्यु भएको कुरा मृतकको शव परीक्षण प्रतिवेदनको Cause Of Death को महलमा Blunt Force Injuries to Head भनी उल्लेख गरेलगायतका वस्तुगत प्रमाणबाट समेत समर्थित भइरहेको अवस्था पनि विद्यमान छ।

११. यसरी मृतकको मृत्यु यी प्रतिवादीहरूको कुटपिटबाट भएको हो भन्ने तथ्य जाहेरी दरखास्तको व्यहोरा, प्रतिवादीहरूको साबिती बयान, मौकामा बुझिएका व्यक्तिहरूको मौकाको कागज तथा अदालतमा गरेको बकपत्रको व्यहोरा, शव परीक्षण प्रतिवेदनमा उल्लिखित कुराहरू जस्ता मिसिल संलग्न कागज प्रमाणहरूबाट समर्थित भइरहेको र सो सम्बन्धमा मिसिल संलग्न प्रमाणहरू एक आपसमा मिल्न भिड्नसमेत आइरहेको अवस्थामा मृतकको मृत्यु यी प्रतिवादीहरूको कुटपिटबाट भएको पुष्टि हुन जान्छ । अरू प्रमाणबाट समर्थित नहुने अवस्थामा केवल अदालतमा यी प्रतिवादीहरू जना २ को इन्कारी बयान र निजहरूका साक्षीको सोलाई समर्थनलाई मात्र आधारमा मानी घटनामा निजहरूको संलग्नता नभएको मान्न सकिँदैन।

१२. वारदातमा यी प्रतिवादीहरूको संलग्नता पुष्टि भएपछि वारदात मनसायपूर्वक घटेको हैन सामान्य झगडा हुँदा मृतकलाई धकेल्दा निज लडी पीच सडकमा उत्तानो परी टाउको ठोक्किई लागेको चोटबाट निजको मृत्यु भएको हो। वारदात कर्तव्य नभई भवितव्य मात्र हो भन्ने प्रतिवादी पूर्णबहादुर खड्काको पुनरावेदन जिकिरतर्फ हेर्दा, प्रतिवादीहरूमा मार्ने मनसाय थियो थिएन ? यदि थियो भने के कुन हदसम्म

थियो ? भनी हेर्नु सान्दर्भिक हुन आएको छ । कुनै पनि कसुरका सम्बन्धमा मनसाय तत्त्वलाई छुट्टै मापन गर्ने कुनै यान्त्रिक विधि छैन । यसलाई आपराधिक कार्य गर्दा गरेका गतिविधि, तत्कालीन परिस्थिति, घटनाको पृष्ठभूमि, कसुरदारको संलग्नता, पीडितलाई पुग्न गएको चोट आदि जस्ता विषय सापेक्ष रही हेर्नुपर्ने हुन्छ । प्रस्तुत वारदात मासु पसल नजिक भएको देखिन्छ । मृतकलगायतका व्यक्तिहरू मासु पसलबाट मासु किनी निस्किएपछि मृतकलाई प्रतिवादीमध्येका पूर्णबहादुर खड्काले १ के. जी. मासु किन्न भनेकोमा किनी नदिएकाले भनाभन भएको सोही अवस्थामा विकास खड्का पनि आएपछि मृतकलाई कुटपिट गरी घचेटी सडकमा उत्तानो पर्दा टाउको सडकमा ठोक्किई सोही चोटका कारण मृत्यु भएको देखिन्छ । निज लडिसकेपछि पनि दुवैले पिटेको देखिन्छ । यसरी मृतकलाई मासु किनी दिनु भन्नु, किनि नदिएपछि झगडा गर्नु, झगडा हुँदा नजिक रहेको पूर्णबहादुर खड्का पनि त्यहीँ आउनु, मृतकलाई घचेट्नु, घचेटी लडेपछि पनि लाठा ढुंगाले पिटी रहनु जस्ता वारदात पछाडि रहेको कारण, वारदातमा भएका गतिविधि, शृङ्खलाबद्धता, संलग्नता जस्ता कारणबाट घटना अकस्मात् भएको वा भवितव्यबाट भएको देखिने अवस्था देखिँदैन ।

१३. मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५ नं. मा ज्यान लिने इविलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएमा भवितव्य ठहर्छ भन्ने उल्लेख छ । यसबाट भवितव्य हुनलाई ज्यान मार्ने कुनै मनसाय रहेको हुनुहुँदैन र आफूले गरेको कामबाट मानिस मर्ला भन्ने परिणामको ज्ञान पनि यसमा हुँदैन । यस्तो अप्रत्यासित अवस्थामा केही गर्दा घटना घटेको वा मानिस मरेको भएमा मात्र भवितव्य भएको मानिन्छ । यसलाई आकस्मिक घटना वा दुर्घटनाका रूपमा लिइन्छ । त्यसैले भवितव्य हो भन्नलाई वारदात घटाउने मनसाय नभएको, गर्न खोजेको कार्य र त्यसमा प्रयोग भएका साधन वैध रहेको, यस्तो गर्दा वारदातको यस्तो परिणाम आउला भनी नदेखिएको, कार्य गर्न प्रसस्त सावधानी अपनाएको जस्ता कुरा पुष्टि हुन सक्नुपर्दछ । प्रस्तुत वारदातका परिप्रेक्ष्यमा हेर्दा झगडाको कारण मासु नकिनिदिनु रहेको देखिन्छ । झगडा भई कुटपिट गर्ने क्रममा धकेलेकोमा कसैलाई धकेले तल पीच सडकमा पुग्छ र पीच सडकमा ठोक्किँदा मानिस मर्न पनि सक्छ भन्ने एउटा सामान्य चेतना भएको मानिसले जान्न नसक्ने कुरा हो भनी मान्न पनि सकिँदैन । कुटपिट २ जना प्रतिवादीले गरेको देखिएको, धकेली सकेपछि सडकमा उत्तानो परिरहेको अवस्थामा पनि यी दुवै प्रतिवादीहरूले लाठा ढुंगाले निरन्तर पिटिरहनुले मृतकलाई मार्ने मनसाय नरहेको भनी भन्न सकिँदैन । कर्तव्य ज्यान हुन मार्ने मनसाय धेरै अघिदेखि रहेको देखिनु पर्ने भन्ने आवश्यक हुँदैन घटनाको तत्काल अघि पनि कुनै कारणले इवी तथा मनसाय सृजना भएको हुन सक्छ । त्यस्तै यसमा भएको मासु किनी दिनु भन्नु, नकिनी दिँदा झगडा गर्नु, झगडाकै क्रममा कुटपिट गर्नु र घचेट्नु, घचेटेपछि पनि कुटपिट गर्नु र यसरी गरेका कुटपिटका कारण मृत्यु भई मृत्युका कारकहरूको शृङ्खलाबद्धता रहेको छ । यदि ज्यान मार्ने मनसाय नभएको भए यो शृङ्खलाबद्धताको कतै न कतै क्रमभङ्गता देखिनु पर्ने थियो । यस वारदातमा भएका यस्ता गतिविधि तथा कामलाई कुनै वैध तथा उचित काम र सावधानीपूर्वक गरेको कामका रूपमा पनि लिन सकिँदैन । यस्ता खाले कार्यमा मृत्युको परिणामको पूर्व जानकारी (Forsightness of Consequence) हुने अवस्थाहरू नरहेको मान्न पनि सकिँदैन । त्यस्तै

ज्यानसम्बन्धीको महलको १६ नं. अनुसारको एउटा कामको लागि सावधानीपूर्वक हतियार उठाउँदा मृतकलाई लाग्न गएको, होस नपुरयाई हेलचक्राई गरी कुनै काम गर्दा घटना घटेको र रक्षा शिक्षा गर्नेले मर्नेको हितको निमित्त पनि कुटपिट गरेको देखिँदैन । सामान्य कुटपिटमात्र गरेर पनि छोडेको नभई कुटपिट गरी घचेट्ने काम पनि गरेको र घचेटेपछि पनि दुवै मिलि कुटपिट गरेको देखिन्छ । यस्तो अवस्थामा प्रस्तुत वारदात भवितव्यबाट भएको भन्ने प्रतिवादी पूर्णबहादुर खड्काको पुनरावेदन जिकिरसँग सहमत हुन सकिँदैन।

१४. प्रतिवादी विकास खड्काको आफू कुटपिटमा संलग्न नभएकोले सफाई पाउँ भनी यस अदालतमा पुनरावेदन परेको देखिन्छ । निजको समेत संलग्नतामा कुटपिट भएको हो भन्ने तथ्य माथि विवेचित आधार प्रमाणबाट पुष्टि भइसकेको अवस्था छ । सुरू र पुनरावेदन अदालतबाट निजको समेत कसुरमा संलग्नता रहेको भनी निजलाई अभियोग दाबीबमोजिम सजाय भएको अवस्थामा आफ्नो कसुरमा संलग्नता नरहेकोले सफाई पाउनु पर्ने हो भनी निजले जिकिर लिँदा सो जिकिर प्रमाणित गर्ने भार प्रमाण ऐन, २०३१ को दफा २७ अनुसार निज प्रतिवादीमा नै रहने हुन्छ । सोअनुसार प्रतिवादीले आफ्नो संलग्नता नरहेको भनी आधार प्रमाण पुर्‍याउन सकेको पनि देखिँदैन । यसरी निज वारदातस्थलमा रही कुटपिट गरेको पुष्टि भइरहेको अवस्थामा निजको पुनरावेदन जिकिरसँग पनि सहमत हुन सकिँदैन।

१५. अतः माथि विवेचित आधार प्रमाणबाट प्रतिवादीहरूमध्येका कृष्णबहादुर खड्का र बच्चु खड्कालाई अभियोग दाबीबाट सफाई पाउने ठहराई र प्रतिवादीहरूमध्येका पूर्णबहादुर खड्का र विकास खड्कालाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय ३ बमोजिम जन्म कैदको सजाय हुने ठहराई गरेको सुरू जिल्ला अदालतको फैसला सदर हुने ठहराई पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०६९।५।२६को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको र प्रतिवादीहरू पूर्णबहादुर खड्का र विकास खड्काको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

१६. यसरी पुनरावेदक प्रतिवादीहरू पूर्णबहादुर खड्का र विकास खड्काले अभियोग दाबीबमोजिम कसुर गरेको ठहराई निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय (३) बमोजिम सजाय गर्ने गरेको सुरू फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालतको फैसला सदर ठहरे पनि मृत्युको जरियाको रूपमा रहेको कुटपिटको वारदातमा कुनै ठूलो रिसइवी पहिलेदेखि रहेको र कुटपिट गरी मार्ने मनसाय तत्त्व पहिलेदेखि नै भएको देखिँदैन । कुटपिट तत्काल मासु किनी नदिँदा उठेको रिसबाट भएको देखिन्छ । कुनै षड्यन्त्र गरी, मार्नलाई पूर्व योजना बनाई र संघातिक हतियारसमेतको प्रयोग गरी घटना भएको देखिँदैन। यी प्रतिवादीहरूको पारिवारिक तथा आर्थिक स्थिति हेर्दा, यी दुवै प्रतिवादीहरूले घरमा दुईदुईवटा श्रीमती रही आर्थिक अवस्था राम्रो नभएको भनी आफ्नो बयानमा लेखाई दिएको छन् । यस्तो अवस्थामा प्रतिवादीहरूले गरेको कसुरको अवस्थासमेतलाई विचार गरी अभियोग प्रमाणित भएको भएपनि ऐनअनुसारको २० वर्ष सजाय गर्दा चर्को पर्ने चित्तले देखेकाले यी प्रतिवादीहरू पूर्णबहादुर खड्का र विकास खड्कालाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम जनही १५ (पन्ध्र) वर्षमात्र कैद सजाय हुनु उपयुक्त देखिँदा निजहरूलाई जनही १५ वर्ष कैद सजाय हुने ठहर्छ। सो ठहर्नाले अरूमा तपसिलबमोजिम गर्नू।

तपसिल

प्रतिवादीहरू पूर्णबहादुर खड्का र विकास खड्कालाई जनही १५(पन्ध्र) वर्ष कैद हुने ठहरी फैसला भएकाले सुरू र पुनरावेदन अदालतको फैसलाअनुसार निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय ३ अनुसार भएको जनही कैद वर्ष २० (बीस) को लगत संसोधन गरी जनही १५ (पन्ध्र) वर्षको लगत कायम गरी सोहीअनुसार सम्बन्धित कारागार कार्यालयमा र निज प्रतिवादीहरूलाई जानकारी दिनु भनी सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतमा लेखी पठाइदिनू -------------------------------------------१

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू -------------------------२

उक्त रायमा सहमत छु ।

न्या.चोलेन्द्र शमशेर ज.ब.रा.

इजलास अधिकृत : यदुराज शर्मा

इति संवत् २०७३ साल वैशाख १५ गते रोज ४ शुभम् ।

## निर्णय नं.९६४१

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री दीपककुमार कार्की

माननीय न्यायाधीश श्री मीरा खड्का

आदेश मिति : २०७३।४।३०।१

०७०-WO-०५६४

विषय : उत्प्रेषण

निवेदक : चितवन जिल्ला खैरेनी गा.वि.स. वडा नं. ६ बस्ने केशवराज भट्टराई

विरूद्ध

विपक्षी : पुनरावेदन अदालत, हेटौंडासमेत

- **DNA परीक्षण प्रमाण बुझ्ने प्रक्रियाको एउटा क्रम भएको र मुद्दाको विवादको निराकरण गर्नका लागि DNA लगायतका प्रमाण बुझ्न जिल्ला अदालत स्वतन्त्र रहन्छ त्यसमा माथिल्लो अदालतबाट नियन्त्रण गर्ने, बन्देज लगाउने वा त्यस्तो स्वतन्त्रतामा हस्तक्षेप गर्न पनि मिल्दैन । कानूनअनुसार कुन प्रमाण बुझ्नु पर्ने वा कुन प्रमाण नबुझ्नु पर्ने भनेर जिल्ला अदालतमा विचाराधिन मुद्दामा नै असर पर्ने गरी रिट क्षेत्रबाट हस्तक्षेप गर्न मिल्दैन । DNA परीक्षण मुद्दाको सत्यतथ्य पत्ता लगाउने एउटा विधि भई सोको प्रयोजनका लागि गरिने हुँदा त्यस्तो परीक्षणबाट निवेदक कै विरूद्ध नै प्रमाण हुन जान्छ भनी अनुमान गर्न पनि नमिल्ने हुँदा तायदाती फाँटवारी**

**माग गर्ने आदेश भइसकेको भन्ने एकमात्र आधारमा DNA परीक्षण गर्ने आदेश जिल्ला अदालतबाट गर्नै मिल्दैन भन्ने रिट निवेदन जिकिर कानूनसम्मत नदेखिने ।**

(प्रकरण नं.२)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता कृष्ण सापकोटा, विद्वान् अधिवक्ताहरू विश्वप्रकाश भण्डारी र तुल्सीराम मिमिल्सिना

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता सञ्जिवराज रेग्मी, विद्वान् अधिवक्ताहरू टिकाराम भट्टराई, गोविन्दप्रसाद शर्मा "बन्दी", विशेश्वरप्रसाद गौतम, विश्वम्भर बुढाथोकी र रक्षा बस्याल

अवलम्बित नजिर :

सम्बद्ध कानून :

आदेश

**न्या.दीपककुमार कार्की :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२, १०७(२) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई पेस हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य यसप्रकार छ :

निवेदकका पिता टिकाराम भट्टराई तथा प्रत्यर्थी आमा रेवती कुमारी भट्टराईको दाम्पत्य सम्बन्धबाट दुई छोराको जायजन्म भएकोमा जेठा प्रत्यर्थी बलराम भट्टराई र कान्छो म निवेदक केशवराज भट्टराई हौं । पिता टिकाराम भट्टराई मिति २०५१ सालमा आफ्नो कालगतिले निधन हुनुभयो । जीवित अंशियारमा विपक्षी आमा, म र प्रत्यर्थी दाजु बलराम भट्टराईसमेतले मउपर अन्यायपूर्ण कार्य गरेकोले सम्पूर्ण संगोलको बन्डा गर्नुपर्ने चलअचल श्री सम्पत्तिबाट ३ भागको १ भाग अंश छुटाई पाउँ भनी प्रत्यर्थी चितवन जिल्ला अदालतसमक्ष मिति २०६७।१०।२८ मा अंश मुद्दा दायर गरेकोमा प्रत्यर्थी आमा तथा दाजुले मलाई हामीहरूले अंश दिनुपर्ने छोरा/भाइ नाताको व्यक्ति होइन । सहोदर देवर/काका भीमलालको छोरा हो । नातामा विवाद सृजना गरी अंश छुटाई दिन इन्कार गरी मिति २०६८।२।१ मा प्रतिउत्तर पत्र प्रस्तुत गरी कारवाहीको क्रममा चितवन जिल्ला अदालतबाट मुलुकी ऐन, अ.बं. ८० नं. अन्तर्गत नातामा मलाई तथा विपक्षीहरूलाई मिति २०६८।८।२० मा बयान गराउँदा मैले फिराद दाबीबमोजिम म प्रत्यर्थी आमा रेवती कुमारी भट्टराई तथा दाजु बलराम भट्टराईको छोरा / भाइ नाताका सगोलको अंशियार भएकोले विपक्षीहरूबाट अंश छुटाई पाउनु पर्छ । मलाई छोरा / भाइ नाताको अंशियार होइन भनी विपक्षीहरूले गरेको बयान झुठा हो भनी मैले बयान गरेको र विपक्षीहरूले हामीहरूको घरमा पालनपोषण गरी हामीले हुर्काए बढाएको हो । निजको खास बाबु भीमलाल भएकोले निज भिमलालबाटै अंश पाउनु पर्ने हो। हामीबाट अंश पाउने होइन भनी बयान गरी मुद्दा कारवाहीयुक्त अवस्थामा रहेको थियो । म निवेदक केशवराज भट्टराईले जिल्ला प्रशासन कार्यालय, भरतपुरबाट प्राप्त गरेको नागरिकता प्रमाणपत्र, खैरेनी गा.वि.स. बाट प्राप्त जन्म दर्ताको प्रमाण पत्रसमेतको आधारमा वादी र प्रतिवादीबीच नाता कायम भई वादीले प्रतिवादीहरूबाट अंश पाउने स्थिति देखिन आएकोले फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी बन्डा गर्नुपर्ने सम्पूर्ण चल अचल सम्पत्तिको तायदाती मुलुकी ऐन, अंशबन्डाको २०, २१, २२ र २३ नं. अन्तर्गत दुवै पक्षबाट दाखिल गराई पेस गर्नु भन्ने चितवन जिल्ला अदालतबाट आदेश भएको थियो । उक्त तायदाती माग गरेको आदेशउपर प्रत्यर्थीहरूले पुनरावेदन अदालत,

हेटौंडामा मुलुकी ऐन, अ.बं. १७ नं. अन्तर्गत बदर गरिपाउँ भनी अ.बं. ८० नं. अन्तर्गत बयान गर्दाकै क्रममा निज वादी केशवराज भट्टराई देवर / काका भीमलालको छोरा भएकोले निजहरूको डि.एन.ए परीक्षण गरिपाउँ भनी माग गरेकोमा सो नगरी तायदाती फाँटवारी माग गरेको मिलेन भनी प्रत्यर्थीहरूले निवेदन दिएकोमा सुरू अदालतकै आदेशलाई सदर गरी मिति २०६९।२।२५ मा पु.वे.अ. हेटौंडाबाट आदेश भएपछि प्रत्यर्थीहरूले मिति २०६९।३।११ मा तायदाती पेस दाखिला गर्नु भएको थियो। प्रत्यर्थी आमा रेवती कुमारीले प्रत्यर्थी चितवन जिल्ला अदालतमा मिति २०७०।३।७ मा डि.एन.ए. परीक्षण गरिपाउँ भनी अन्तिम चरणमा पुगेको मुद्दामा निवेदन प्रस्तुत गरी प्रत्यर्थी चितवन जिल्ला अदालतले सो निवेदनबारे मलाई प्रतिवाद गर्ने मौकाबाट वञ्चित गरी प्रत्यर्थी चितवन जिल्ला अदालतबाट तायदाती माग गर्ने क्रममा प्रत्यर्थीहरू र म बीचमा छोरा/भाइ नाताकायम गरी पुनरावेदन अदालतबाट अन्तिम भइरहेको नाता सम्बन्धलाई पुनः विवाद सृजना हुने गरी मिति २०७०।८।१९ मा निरपेक्षरूपमा काका भीमलाल, आमा रेवती कुमारी र म निवेदकको आपसमा डि.एन.ए. मिल्छ मिल्दैन परीक्षण गर्न पठाई प्राप्त भएपछि पेस गर्नु भन्ने आदेश गरिएकोले सो आदेश बेरीत र त्रुटिपूर्ण भएको हुँदा सो आदेशउपर पुनरावेदन अदालत, हेटौंडासमक्ष निवेदनपत्र प्रस्तुत गरेकोमा पुनरावेदन अदालत, हेटौंडाले मेरो निवेदन जिकिर तथा कारवाहीयुक्त मिसिलको अध्ययनविना नै डि.एन.ए. परीक्षण गर्नु भनी प्रत्यर्थी चितवन जिल्ला अदालतबाट गरेको मिति २०७०।८।१९ कै आदेशलाई सदर गरी मिति २०७०।९।२५ मा पुनरावेदन अदालत, हेटौंडाबाट गरेको आदेश कानूनको उचित कारवाहीको सिद्धान्त एवं सर्वमान्य प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूल भई म निवेदकलाई नेपालको अन्तरिम संविधानद्वारा प्रत्याभूत संवैधानिक हक तथा मेरो जैविक एवं नैसर्गिक हक कुण्ठित भएको हुँदा उपचारार्थ अन्य वैकल्पिक कानूनी मार्गको अभावमा संविधानको धारा १०७(२) अन्तर्गत सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्रसमक्ष यो रिट निवेदनपत्र प्रस्तुत गर्न उपस्थित भएको छु। चितवन जिल्ला अदालतको मिति २०७०।८।१९ तथा पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।९।२५ को आदेश त्रुटिपूर्ण भएकोले मुलुकी ऐन, अ.बं. ३५, ८० नं. अंशबन्डाको महलको २०, २१, २२, २३ तथा प्रमाण ऐन, २०३१ को दफा ३,५४ तथा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(२), १३(१), १९, २८ द्वारा प्रत्यर्थी चितवन जिल्ला अदालतले म निवेदकको जैविक अस्तित्व तथा वंशजबारे विवादै नभएको विषयमा डि.एन.ए. परीक्षण गरी वंशज परीक्षण गर्नु भनी विवाद सृजना हुने गरी मुद्दाको विवादभन्दा बाहिर गई म निवेदक, काका भीमलाल र प्रत्यर्थी आमा रेवती कुमारी भट्टराई बीच डि.एन.ए. परीक्षण गर्नु गराउनु भनी प्रत्यर्थी चितवन जिल्ला अदालतबाट मिति २०७०।८।१९ मा भएको आदेश र सो आदेशलाई सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।९।२५ को आदेशलाई उत्प्रेषणको आदेशद्वारा बदर गरी म निवेदकको प्रत्यर्थी आमा रेवतीकुमारी भट्टराई र दाजु बलराम भट्टराईसँग नाताकायम गरी बन्डा गर्नुपर्ने सम्पत्तिको तायदाती माग भई उक्त आदेश अन्तिम भइरहेको अवस्थामा सो आदेशलाई प्रतिकूल असर पर्ने अन्य कुनै कार्य नगर्नु भनी आदेश जारी गरिपाउँ भन्नेसमेत व्यहोराको रिट निवेदन मागदाबी।

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? जारी हुनु नपर्ने कुनै कारण भए यो आदेश प्राप्त भएका

मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं. १ र २ का हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र अन्य विपक्षीहरूको हकमा आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी यो निवेदनको एकप्रति नक्कल साथै राखी विपक्षीहरूको नाउँमा सूचना पठाई लिखित जवाफ पेस भए वा सोको अवधि व्यतित भएपछि नियमानुसार गरी पेस गर्नू।

निवेदकद्वारा अन्तरिम आदेशसमेतको माग भएको सन्दर्भमा अन्तरिम आदेश जारी गर्नुपर्ने नपर्ने भनी निष्कर्षमा पुग्न विपक्षीहरूसमेतलाई राखी छलफल गर्न उपयुक्त देखिएकोले सोको लागि मिति २०७०।११।१२ मा छलफल हुने तारेख तोकि सोको जानकारी विपक्षीहरूलाई दिनू। सो छलफल नभएसम्मलाई चितवन जिल्ला अदालतको मिति २०७०।८।१९ को आदेशलाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।९।२५ को आदेश तत्काल कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अल्पकालिन अन्तरिम आदेश जारी गरिदिएको छ। प्रस्तुत आदेशको सूचना विपक्षीहरूलाई दिई नियमानुसार गरी पेस गर्नु भन्ने यस अदालतको मिति २०७०।१०।२९ को आदेश।

वादीले पेस गरेको नागरिकताको प्रमाणपत्रका सम्बन्धमा चितवन जिल्ला अदालतमा मुद्दा विचाराधीन रहेको अवस्था देखिन्छ। यसरी नाताका सम्बन्धमा पेस भएको प्रमाणहरूमा विवाद सृजना भइरहेको स्थितिमा नातामा अझ गम्भीर हुने वैज्ञानिक परीक्षण डि.एन.ए गर्न हुँदैन भन्ने स्थिति देखिएन। विपक्षीले रिट निवेदनमा उल्लेख गरेबमोजिमको निजको संवैधानिक एवं कानूनी हक हनन् नभएको हुँदा सम्मानित अदालतसमक्ष असाधारण क्षेत्रमा प्रवेश गरी दिइएको विपक्षीको रिट निवेदन खारेजभागी हुँदा खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, हेटौंडाको तर्फबाट पर्न आएको लिखित जवाफ।

विपक्षीले रिट निवेदनमा डि.एन.ए परीक्षणमार्फत प्रमाण बुझ्ने कार्यबाट निजको संवैधानिक हकमा आघात परेको उल्लेख गर्नुभएको रहेछ। मसमेतले पेस गरेको अंश मुद्दाको प्रतिउत्तरमा नै र अ.बं. ८० नं. बमोजिमको बयानमा समेत डि.एन.ए परीक्षणको माग गरिएको छ। विपक्षीको पिता हाम्रो अंशियार नरहेको तथा नभएको हुँदा अंशियार नै नरहेको काकाको छोरालाई अंश दिनु पर्दैन। मेरो सम्पत्तिसम्बन्धी हकलाई विपक्षीको क्रियाले हस्तक्षेप गर्न मिल्दैन। नाताको विवादमा डि.एन.ए. परीक्षण गर्न कुनै कानूनले बन्देज लगाएको छैन। तायदाती फाँटवारी माग भइसकेपछि डि.एन.ए परीक्षण गर्नु गैरकानूनी हुन्छ भन्ने विपक्षीको तर्क कानूनसम्मत नभएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको रेवती कुमारी भट्टराई मरी निजको हकमा मुद्दा सकार गरी आफ्नो हकमा समेत मुद्दा गर्ने बलराम भट्टराईको तर्फबाट पर्न आएको लिखित जवाफ।

यसमा प्रस्तुत रिटमा सबै प्रत्यर्थीहरूको लिखित जवाफ परिसकेको देखिएकोले पूर्ण सुनुवाईको लागि नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७१।१।२ को आदेश।

यसमा प्रस्तुत रिट निवेदनसँग सम्बन्धित मुद्दा र नागरिकता बदर मुद्दाको सक्कल मिसिल सम्बन्धित अदालतबाट झिकाई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७३।१।२२ को आदेशानुसारको मिसिल प्राप्त भई मिसिल सामेल रहेको।

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ आज यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनसहितका मिसिल संलग्न कागजातहरूको

अध्ययन गरियो। निवेदकतर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ता श्री कृष्ण सापकोटा, विद्वान् अधिवक्ताहरू श्री विश्वप्रकाश भण्डारी र तुल्सीराम मिमिल्सिनाले मेरो पक्ष र विपक्षीहरू आमा रेवती कुमारी र दाजु बलराम भट्टराईको बीचमा पितृत्वको सवालमा कुनै विवाद नै छैन। मेरो पक्षको आमा प्रत्यर्थी रेवती कुमारी र दाजु बलराम भट्टराई हुन् भन्ने मेरो पक्षको दाबीलाई अन्यथा गर्न विपक्षीहरूले डि.एन.ए विवाद उठान गरेका मात्र हुन्। तर समान वंश र समान पितृत्वमा डि.एन.ए परीक्षणको कुनै अर्थ र औचित्य हुँदैन। यिनै निवेदक केशवराज भट्टराई वादी र यीनै विपक्षीहरू प्रतिवादी भएको अंश मुद्दा चितवन जिल्ला अदालतमा चलिरहेको अवस्थामा उक्त अंश मुद्दामा तायदाती माग गरिसकेपछि भिमलाल भट्टराईका नाउँमा अ.बं. १३९ नं. बमोजिम म्याद जारी गरी केशवराज भट्टराई र भिमलाल भट्टराईको तथा केशवराज भट्टराई र प्रतिवादी रेवती कुमारी भट्टराईको डि.एन.ए एक आपसमा मिल्छ मिल्दैन भनी परीक्षण गर्नेतर्फ भएको चितवन जिल्ला अदालतको मिति २०७०।८।१९ को आदेश र त्यसलाई सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।९।२५ को आदेश मुलुकी ऐन, अंशबन्डाको २०,२१,२२,२३ तथा कानूनको उचित कारवाहीसम्बन्धी अवधारणा प्रतिकूल भएको हुँदा रिट निवेदन जारी गरिपाउँ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो।

विपक्षीहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री टिकाराम भट्टराई, श्री गोविन्दप्रसाद शर्मा "बन्दी", श्री विशेश्वरप्रसाद गौतम, श्री विश्वम्भर बुढाथोकी र श्री रक्षा बस्यालले अंश मुद्दामा तायदाती माग भइसकेपछि अर्को आदेश हुन सक्दैन भन्नु नतः त्यस्तो कानूनी व्यवस्था छ नतः हाम्रो अभ्यास नै छ। प्रमाण ऐन, २०३१ को दफा ३ ले अदालतले मुद्दामा ठहर गर्नुपर्ने कुरा र त्यस्तो कुरासँग सम्बद्ध कुराको प्रमाण बुझ्न हुने उल्लेख गरेको छ। जिल्ला अदालतमा दायर रहेको मुद्दामा प्रमाण बुझी कानूनबमोजिम विवादको निरूपण गर्ने अधिकार जिल्ला अदालतलाई हुने नै हुँदा प्रस्तुत रिट निवेदन खारेजभागी छ खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो।

विपक्षी अदालतहरूको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री संञ्जिवराज रेग्मीले रिट निवेदकले निवेदनमा उल्लेख गरे जस्तो मौलिक हक हनन भएको मिसिलबाट नदेखिएको र जिल्ला अदालतमा दायर रहेको मुद्दामा प्रमाण बुझ्न पाउने अधिकार जिल्ला अदालतलाई भएकै हुँदा क्षेत्राधिकारको त्रुटिसमेत नदेखिएको अवस्था देखिँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो।

निवेदक केशवराज भट्टराई वादी र रेवती कुमारी भट्टराई बलराम भट्टराई प्रतिवादी भएको अंश मुद्दामा विपक्षीहरूको मिति २०६८।८।२० मा नातातर्फ बयान गर्दा डि.एन.ए. परीक्षण गरिपाउँ भनी माग गरेकोमा मिति २०६८।११।२८ मा तायदाती माग गर्ने आदेश गर्दा विपक्षीहरूको उक्त माग कानूनसंगत नभएको निष्कर्षसहित विपक्षीहरू र केशवराज भट्टराई बीचमा नाताकायम गरी तायदाती माग गरेकोमा विपक्षीहरूले सोही डि.एन.ए. को विवाद उठाई अ.बं. १७ नं. अन्तर्गत पुनरावेदन अदालत, हेटौंडामा निवेदनपत्र प्रस्तुत गर्दासमेत चितवन जिल्ला अदालतबाट नाताकायम गरी तायदाती माग गरेको आदेश सदर गरि मिति २०६९।२।२५ मा भएको आदेश अन्तिम भई बसेको अवस्थामा चितवन जिल्ला अदालतबाट विपक्षीको पुनः निवेदन ग्रहण गरी डि.एन.ए. परीक्षण गर्नेतर्फ भएको मिति २०७०।८।१९ गतेको आदेश र त्यसलाई सदर गरेको पुनरावेदन

अदालत, हेटौंडाको मिति २०७०।९।२५ को आदेश मुलुकी ऐन, अंशबन्डाको २०, २१, २२ र २३ तथा कानूनको उचित कारवाही प्रतिकूल हुँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने निवेदकको मुख्य माग रहेको देखियो । प्रस्तुत रिट निवेदनको सन्दर्भमा मूलतः विवादको विषय निम्नअनुसार देखियोः

(१) तायदाती फाटबारी माग गर्ने आदेश भइसेकपछि DNA गर्ने आदेश गर्न मिल्छ, मिल्दैन ?

(२) रेवती कुमारी भट्टराईको मृत्यु नै भइसकेको अवस्थामा आदेशबमोजिम DNA परीक्षण गर्न सकिने अवस्था छ छैन ?

(३) रिट निवेदन जिकिरबमोजिमको आदेश जारी गर्नु पर्ने हो होइन ?

२. पहिलो प्रश्नतर्फ हेर्दा वादी केशवराज भट्टराई र प्रतिवादी रेवती कुमारी भट्टराईसमेत भएको अंश मुद्दा हेर्दा वादीले प्रतिवादीहरूबाट अंश पाउँ भन्ने दाबी भएकोमा प्रतिवादी रेवती कुमारी भट्टराईसमेतले प्रतिउत्तर दिँदा छोरो होइन, वादी जिल्ला चितवन, गा.वि.स. वीरेन्द्रनगर वडा नं. ३ खुरखुरे बस्ने भिमलाल भट्टराईका कान्छा छोरा हुन् हामीले पालन पोषण, शिक्षा, दिक्षा मात्र गरेको हो भनी उल्लेख गरेको र प्रतिवादी बलराम भट्टराईले नातातर्फ बयान गर्दासमेत सोही कुरा उल्लेख गरेको देखिन्छ । वादी केशवराज भट्टराईले पेस गरेको नागरिकताको प्रमाणपत्रका सम्बन्धमा चितवन जिल्ला अदालतमा मुद्दा विचाराधीन रहेको अवस्था छ । यसरी नाताका सम्बन्धमा पेस भएको प्रमाणहरूमा विवाद सिर्जना भइरहेको देखिन्छ । प्रमाण ऐन, २०३१ को दफा ३ ले अदालतले मुद्दामा ठहर गर्नुपर्ने कुरा र त्यस्ता कुरासँग सम्बद्ध कुरा प्रमाण बुझ्न हुन्छ । मुलुकी ऐन, अ.बं. १८४ क. नं. ले समेत दुई पक्षबीच मुख नमिलेको कुरामा प्रमाण बुझ्ने सम्बन्धमा व्यवस्था छ । यसरी यी निवेदक र विपक्षीहरूबीच नातामा विवाद देखिइसकेपछि सो विवादलाई निपटरा गर्ने क्रममा चितवन जिल्ला अदालतले अ.बं. १३९ नं. बमोजिम बुझिएका भीमलाल भट्टराई र यी केशवराज भट्टराई तथा यी केशवराज भट्टराई र प्रतिवादी रेवती कुमारी भट्टराईको डि.एन.ए एकआपसमा मिल्छ मिल्दैन भनी परीक्षण गर्ने मिति २०७०।८।१९ मा आदेश भएको देखियो । त्यसरी आदेश गर्न नै निमिल्ने भन्ने रिट निवेदन जिकिर पनि देखिँदैन । तायदाती फाँटवारी माग गर्ने गरी जिल्ला अदालतबाट आदेश भएको र सोलाई पुनरावेदन अदालतबाट समेत सदर भइसकेपछि DNA गर्ने आदेश गर्न मिल्दैन भन्ने रिट निवेदन जिकिर देखिन्छ तर तायदाती माग गर्ने आदेश भइसकेपछि DNA को आदेश गर्न मिल्दैन भनि बन्देज लगाएको कुनै कानूनी व्यवस्थाको उल्लेखन रिट निवेदन जिकिरमा देखिँदैन । DNA परीक्षण प्रमाण बुझ्ने प्रक्रियाको एउटा क्रम भएको र मुद्दाको विवादको निराकरण गर्नका लागि DNA लगायतका प्रमाण बुझ्न जिल्ला अदालत स्वतन्त्र रहन्छ त्यसमा माथिल्लो अदालतबाट नियन्त्रण गर्ने, बन्देज लगाउने वा त्यस्तो स्वतन्त्रतामा हस्तक्षेप गर्न पनि मिल्दैन । कानूनअनुसार कुन प्रमाण बुझ्नुपर्ने वा कुन प्रमाण नबुझ्नुपर्ने भनेर जिल्ला अदालतमा विचाराधीन मुद्दामा नै असर पर्ने गरी रिट क्षेत्रबाट हस्तक्षेप गर्न मिल्दैन । DNA परीक्षण मुद्दाको सत्यतथ्य पत्ता लगाउने एउटा विधि भई सोको प्रयोजनका लागि गरिने हुँदा त्यस्तो परीक्षणबाट निवेदक कै विरूद्ध नै प्रमाण हुन जान्छ भनी अनुमान गर्न पनि नमिल्ने हुँदा तायदाती फाँटवारी माग गर्ने आदेश भइसकेको भन्ने एकमात्र आधारमा DNA परीक्षण गर्ने आदेश जिल्ला अदालतबाट गर्नै मिल्दैन भन्ने रिट निवेदन जिकिर

कानूनसम्मत देखिएन।

३. निवेदकतर्फका कानून व्यवसायीहरूले बहसको क्रममा सर्वोच्च अदालतबाट प्रतिपादित केही सिद्धान्तहरूको उल्लेख गर्नुभएको सन्दर्भमा हेर्दा प्रेमचन्द्र दुवेसमेत विरूद्ध पुनरावेदन अदालत, हेटौंडासमेत भएको उत्प्रेषणको रिट निवेदन (ने.का.प.०६७ अंक १० नि.नं. ८४८६ पृष्ठ १७५१) मा एउटै अदालतबाट एक पटक आदेश गरिसकेपछि सोही अदालतको अर्को इजलासले नयाँ घटनाक्रम विकास भएर थप तथ्य सृजना नभएको अवस्थामा पहिले भएको आदेश बदर गर्न मिल्दैन भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ । प्रस्तुत रिट निवेदनसँग सम्बन्धित अंश मुद्दामा त्यस्तो अवस्था विद्यमान नदेखिई पहिले तायदाती माग्ने आदेश गरेको र पछि DNA गर्न आदेश पहिलो आदेशको प्रतिकूल वा पहिलो आदेश बदर गरेको भन्ने अर्थमा लिन नमिल्ने हुँदा सो प्रतिपादित सिद्धान्त आकृष्ट हुन सक्ने देखिएन।

४. यस्तै अक्षवर अहिरको मु.स. गर्ने वृद्ध अहिरसमेत भएको अंश नामसारी मुद्दा (ने.का.प. २०६६ अंक १० नि.नं. ८२५० पृष्ठ १७२७) मा DNA परीक्षणलाई प्रमाणमा ग्रहण गरिएको र सो परीक्षण नै अन्तिम आधार होइन भनि व्याख्या भएको छ। यससम्बन्धी अंश मुद्दामा DNA परीक्षण भइसकेको अवस्था नभएको र DNA परीक्षणपश्चात् हुने प्रमाण को मुल्याङ्कन गर्न बाँकी नै रहेको अवस्थामा DNA परीक्षण गर्न नै नसकिने भन्न मिलेन।

५. यस्तै पुनरावेदक टेकबहादुर थापासमेत विपक्षी वादी ईन्दिरा अधिकारी भएको अंश चलन मुद्दा (ने.का.प. ०६६ अंक नि.नं. ८२७२) मा एक पटक आफैँले स्वास्नी भनी स्विकारी बसेको अवस्थामा माना चामल मुद्दामा भएको अन्तिम फैसलालाई प्रत्यक्षतः प्रभावित हुने गरी DNA परीक्षण गराउने आदेश गर्न नमिल्ने भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भएको देखिन्छ । प्रस्तुत विवादसँग सम्बन्धित अंश मुद्दामा नाता सम्बन्धमा विवाद आएको अवस्थाबाट DNA परीक्षण गराउने आदेश भएको देखिन्छ । निर्विवादरूपमा नातामा विवाद नभएको स्थितिमा सो परीक्षण गराउनु आवश्यक नभए पनि नातामा विवाद आएको अवस्थामा त्यस्तो परीक्षणको आदेश गर्न मिल्ने नै भई सो प्रतिपादित सिद्धान्त यससम्बन्धी अंश मुद्दामा आकृष्ट नहुने देखियो । तसर्थ निवेदक तर्फका विद्वान् कानून व्यवसायीहरूले बहसको क्रममा राख्नु भएका कुनै पनि प्रतिपादित सिद्धान्त आकृष्ट हुन नसक्ने देखिँदा ती बहस जिकिरसँग सहमत हुन सकिएन।

६. अब दोस्रो प्रश्नतर्फ विचार गर्दा केशवराज भट्टराई र अ.बं. १३९ नं. बमोजिम बुझिएका भिमलाल भट्टराईको तथा केशवराज भट्टराई र प्रतिवादी रेवती कुमारी भट्टराईको DNA एक आपसमा मिल्छ मिल्दैन भनी परीक्षण गराउने जिल्ला अदालतबाट मिति २०७०।८।१९ मा आदेश भएको देखिन्छ । रेवती कुमारीको मृत्यु भइसकेको अवस्थामा सो आदेश कार्यान्वयन नै हुन नसक्ने भन्ने रिट निवेदकतर्फका विद्वान् कानून व्यवसायीहरूको बहस जिकिर देखिन्छ । उक्त आदेश हेर्दा केशवराज भट्टराई र प्रतिवादी रेवती कुमारी भट्टराईको मात्र DNA परीक्षण गराउने भन्ने नभई केशवराज भट्टराई र भिमलाल भट्टराईसमेतको DNA परीक्षण गराउने आदेश भएकोले सो कार्यान्वयन गर्न सकिने नै अवस्था रहेकाले आदेश निष्प्रयोजन भएको भनि निष्कर्ष निकाल्न मिल्ने देखिँदैन।

७. अब रिट निवेदन जिकिरबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था छ, छैन ? भन्नेतर्फ हेर्दा, अंश मुद्दामा नाता सम्बन्धमा विवाद आई सो नाता

सम्बन्धमा सत्य तथ्य पत्ता लगाउन DNA परीक्षण गर्ने आदेश चितवन जिल्ला अदालतबाट मिति २०७०।८।१९ मा भई सो आदेशलाई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७०।९।२५ मा सदर भएकोमा सो आदेशमा कुनै त्रुटि देखिन आएन । यसरी साधारण उपचारअन्तर्गत दुई तह अदालतबाट कानूनबमोजिम भएको आदेश बदर गराई माग्न रिट निवेदकको के कस्तो कानूनी वा संवैधानिक हकको हनन् भएको हो स्पष्ट कारण र आधार नै उल्लेख नगरी दायर गरेको प्रस्तुत रिट निवेदन जिकिरबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान देखिएन ।

८. अतः माथि विवेचित आधार प्रमाणबाट प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । यस अदालतबाट मिति २०७०।१०।२९ को अन्तरिम आदेशसमेत निष्कृय हुन्छ । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या.मीरा खड्का

इजलास अधिकृत : विद्याराज पौडेल
इति संवत् २०७३ साल साउन ३० गते रोज १ शुभम् ।

## निर्णय नं.९६४२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सारदाप्रसाद घिमिरे
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
फैसला मिति : २०७३।५।८।४
०७१-CI-१४७९

मुद्दा : अंश चलन

पुनरावेदक / प्रतिवादी : काठमाडौं जिल्ला, सितापाइला गाउँ विकास समिति वडा नं. ४ बस्ने सनतकुमार श्रेष्ठसमेत

विरूद्ध

प्रत्यर्थी / वादी : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १९ ढोकाटोल मामाघर बस्ने सजन श्रेष्ठको छोरी सलोन श्रेष्ठको संरक्षक एकाघरकी आमा सजन श्रेष्ठको श्रीमती रिना मिश्र श्रेष्ठ

- **दुनियाँको बिगोको हकमा जायजात गर्दा ऋण खाँदा सँग बसेका १२ वर्षभन्दा कम उमेरका अंशियारहरूको अंश हक पर सारेर मात्र जायजात गर्नुपर्ने भन्ने विद्यमान कानूनी व्यवस्था रहेको देखिन्छ । यस्तो अवस्थामा सो ऋण लिँदाको अवस्थामा जायजन्मसमेत नभएकी र मिति २०६९।१२।१९ मा मात्र जन्म भएकी नाबालिग वादीले समेत उक्त ऋण बुझाउनु पर्छ भन्न मुलुकी ऐन, दण्ड सजायको २६ नं. को कानूनी व्यवस्थाले**

**मिल्ने देखिएन । त्यस्तै अन्य ऋणहरू पनि मुद्दा चल्दाचल्दैको अवस्थामा लिएको देखिँदा सो ऋणहरूमा समेत नाबालिग वादीको दायित्व सिर्जना हुने अवस्था नदेखिने ।**

(प्रकरण नं.४)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ता शोषित अकेला बानिया

प्रत्यर्थी / वादीका तर्फबाट :

अवलम्बित नजिर :

सम्बद्ध कानून :

सुरू फैसला गर्ने :

माननीय न्यायाधीश श्री विष्णु सुवेदी

पुनरावेदन तहमा फैसला गर्नेः

मा.न्या. श्री डा. सलाहुद्दीन अख्तर सिद्दीकी

माननीय न्यायाधीश श्री नारायणप्रसाद शाह

फैसला

**न्या.सारदाप्रसाद घिमिरे :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) बमोजिम पुनरावेदन अदालत, पाटनको मिति २०७१।११।१७ को फैसलाउपर पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार रहेको छः

विपिक्षी नं.१ हजुरबुवा नाताको व्यक्ति हुनुहुन्छ भने विपक्षी २ नं. हजुरआमा, विपक्षी नं.३ पिता र विपक्षी नं.४ र ५ फुपू नाताका व्यक्तिहरू हुन् । म फिरादी नाबालक सलोना श्रेष्ठ हुँ । मेरो जन्म आमा रिना मिश्र श्रेष्ठ र पिता सजन श्रेष्ठको वैवाहिक सम्बन्धबाट मिति २०६९।१२।१९ गतेका दिन भएको हो । विपक्षीहरूले छोरी/नातिनी प्रति गर्नुपर्ने दायित्व र कर्तव्यबाट विमुख भई खान, लगाउन नदिई घरबाट समेत निकाली शारीरिक तथा मानसिक यातना दिई हालसम्म पनि कुनै बस्ने व्यवस्थासमेत नगरी दिएको कारण बाध्य भई अदालतको शरणमा आएको छु । अतः मुलकी ऐन, अंशबन्डाको १, २, १० को आधार लिइ मुलुकी ऐन, अंशबन्डाको २०, २१, २२, २३ नं. बमोजिम फिराद परेको दिनलाई मानो छुट्टिएको मिति कायम गरी सम्पूर्ण सम्पत्तिको विवरण विपक्षीहरूबाट माग गरी मूल अंशियार ५ जनालाई ५ भाग लगाई विपक्षी पिता सजन श्रेष्ठको भागमा पर्ने १ भाग सम्पत्तिलाई पुनः विपक्षी पिता र संरक्षिका आमा र म फिरादी गरी जम्मा ३ भाग लगाई मेरो १ भाग अंश आमाको संरक्षणमा रहने गरी अड्डैबाट चलनसमेत चलाइ पाउँ भन्नेसमेत व्यहोराको वादी नाबालक सलोना श्रेष्ठको फिराद माग दाबी ।

वादीले उल्लेख गर्नु भएको नाता पुस्तेवारी ठीक छ । यी वादीलाई हामीहरूले कहिले पनि कुनै प्रकारको अन्याय गरेको छैन । साथै वादी नाबालिका भएको र निजको आमा संरक्षिका रिना मिश्र हामी घरपरिवारसँग मात्र नभई निजका श्रीमान्सँग समेत कुनै प्रकारको सरसल्लाह नगरी आफुखुशी गरी हिँड्ने भएको कारणबाट निज रिना मिश्र र हामीबीच पारिवारिक सम्बन्धको नाताले सामान्य असन्तुष्टी रहेको हो । निज रिना मिश्रले विभिन्न निकायहरूमा झुट्ठा विवरण दिई छोरा तथा हामी परिवारका अन्य सदस्यहरूसमेत उपर झमेला दिने कार्य गरी आफैँ नै घर बाहिर बस्ने गरेकोमा हामीले वादीलाई घरबाट खान लाउन नदिई निष्काशन गरेकोसमेत नभएको हुँदा फिराद दाबी खारेज गरिपाऊँ । निज वादीका पिता सजन श्रेष्ठले हामी प्रतिवादीहरूसँग मिति २०६८।०४।०४ मा नै अंशबापत रू. ५,००,०००/- नगद बुझिलिई अंश छोडपत्रको लिखत पारित गरी आफ्नो अंश

भाग लिई हामीबाट छुटी भिन्न भइसकेकाले यी वादी हामीहरूको अंशियार नै नभएको अवस्थामा मुलकी ऐन, अंशबन्डाको १ नं. विपरीत रहेको वादीको फिराद दाबी खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादीहरू सनतकुमार श्रेष्ठ, गिता श्रेष्ठ, सोनी श्रेष्ठ र मोनी श्रेष्ठको एकै व्यहोराको २ थान छुट्टाछुट्टै प्रतिउत्तर जिकिर।

निज वादी नाबालिका भएको र निजको उमेर हाल जम्मा ७ महिनाको मात्र भएको छ । निजलाई वादीका संरक्षिका आमाले फिरादमा उल्लेख गरेअनुरूप म प्रतिवादीलगायतका अन्य प्रतिवादीहरूले समेत कुनै प्रकारको अन्याय गरेको अवस्थासमेत छैन । निज वादीलाई म प्रतिवादीले साथै रहे बसेको अवस्थामा मेरो इज्जत आमदअनुसार खान लाउन तथा पालनपोषणसमेत गरिरहेको थिएँ। म प्रतिवादीसँग कुनै प्रकारको चलअचल सम्पत्ति नरहेको र आफ्ना बुबा आमासँग मिति २०६८/४/४ मा नै अंशबापत रू.५,००,०००/- बुझिलिई अंश छोडपत्रको लिखत सम्बन्धित मालपोत कार्यालयबाट रजिस्ट्रेसन पारित गरी आफ्नो अंश लिई सकेको अवस्था रहेको छ । म प्रतिवादीसँग निज वादीलाई अंश दिन सक्ने क्षमता भएको अवस्थामा जुनसुकै समयमा अंश दिने नै छु भन्नेसमेत व्यहोराको प्रतिवादी सजन श्रेष्ठको प्रतिउत्तर जिकिर।

वादी प्रतिवादीहरूबाट मुलुकी ऐन, अंशबन्डाको २०, २१, २२, २३ नं. बमोजिम फिराद परेको अघिल्लो दिनसम्मको बन्डा गर्नुपर्ने सम्पत्तिको तायदाती फाँटवारी दाखिला गर्न लगाउनु भन्ने मिति २०७०।१२।११ को आदेश र सो आदेशानुसार वादी र प्रतिवादीहरूले पेस गरेको तायादाती फाँटवारी मिसिल सामेल रहेको।

वादी प्रतिवादीहरूबीच नाता पुस्ता र अंशियार संख्यामा विवाद रहन नगएको, निजहरूबीच रितपूर्वक अंशवण्डा भइसकेको देखिन नआएको र तायदाती फाँटवारीमा उल्लिखित ऋणमध्ये अंशियारहरूबीच बन्डा लाग्ने प्रकृतिको ऋणउपर मध्यनजर गरी हेर्दा फाँटवारीमा उक्त तायदाती फाँटवारीमा उल्लिखित ऋणमध्ये प्रतिवादी गीता श्रेष्ठले कृषि विकास बैंकबाट कर्जाबापत लिएको ऋणमध्ये तिर्न बाकी ऋण रू.२,८०,०००/- का हकमा अंशियारहरूबीच बन्डा लाग्ने र अन्य ऋणको हकमा यसै लगाउको २०६७ सालको ०३७६४ को सम्बन्ध विच्छेद अंश मुद्दामा वादीको तर्फबाट २०६८/३/१५ मा फिराद परेको देखिन आएकोमा मुद्दा पर्दा पर्दैको अवस्थामा अंशियारहरूले ऋण लिएको अवस्था देखिन गएबाट उक्त ऋणको हकमा साहुको नालेस परेका बखत कानूनबमोजिम हुने नै हुँदा तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिलाई ५ भाग लगाई सोमध्ये वादीका पिताको भागमा पर्न आउने १ भागलाई पुनः ३ भाग लगाई सोमध्येको १ भाग सम्पत्ति वादीले अंश पाउने भई चलनसमेत चलाई दिने ठहर्छ भन्ने सुरू काठमाडौ जिल्ला अदालतको मिति २०७१।२।१८ को फैसला।

विपक्षी वादी रिना श्रेष्ठ र म सजन श्रेष्ठको १० वर्षअगाडि चिनजान भएको, विपक्षीले म पनि विदेश जान्छु भनी विदेश जाने प्रयोजनको लागि गाउँ विकास समितिबाट विवाह दर्ता गराएका थियौं। विपक्षी वादीले सम्पत्ति हात पार्ने नियतले योजना बनाई म विरूद्ध सम्बन्ध विच्छेद मुद्दा दायर गरी सम्पत्ति रोक्का राखी मलाई नगद अंश लिन लगाई सोसमेत लिइसकेको स्थितिमा पुनः सामाजिक परम्पराअनुसार विवाह गर्न लगाई म पहिल्यै अंश लिएको व्यक्तिको समेत अंश भाग छुट्याउने गरी भएको फैसला त्रुटिपूर्ण भएकोले बदरभागी छ । हामी सनतकुमार श्रेष्ठ, गिता श्रेष्ठ, सोनी श्रेष्ठ र मोनी श्रेष्ठको अंश भाग हामीसँगै सुरक्षित छ । एकपटक अंश बुझिसकेपश्चात् वादीहरूको पति

पिताबाट विपक्षीहरूले अंश पाउनु पर्नेमा हाम्रो भागको समेत अंश दिने गरी तथा हामीले तायदातीमा पेस गरेको ऋणसमेतलाई अन्यथा भनी भएको फैसला त्रुटिपूर्ण छ । एकपटक भएको बन्डालाई अन्देखा गरी भएको फैसला त्रुटिपूर्ण छ । उक्त फैसला बदर गरी सजन श्रेष्ठले अंश बुझिसकेको हुनाले निजले पाएको अंशबाट मात्र वादीलाई अंश दिलाई काठमाडौं जिल्ला अदालतबाट भएको फैसला उल्टी गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी सनतकुमार श्रेष्ठसमेतको पुनरावेदन पत्र ।

प्रतिवादी गीता श्रेष्ठले कृषि विकास बैंकबाट लिएको ऋणमध्ये बाँकी ऋण रू. २,८०,०००।– अंशियारबीच बन्डा लाग्ने गरी भएको फैसलामा सहमत हुनसक्ने अवस्था छैन । फिराद परी मानो छुट्टिई सकेपछि लिएको ऋणको हकमा समेत साहुको नालेस परेको बखतसमेत मेरो कुनै दायित्व नरहने हुँदा उक्त विषय अहिले नै निरूपण गर्नुपर्ने विषय हो । पछि साहुको नालेस परेका बखत कानूनबमोजिम ठहर्ने भन्ने फैसलाको हदसम्म उक्त फैसला बदर गरी ऋण बन्डा नलाग्ने तथा साहुको नालेस परेको बखतसमेत म पुनरावेदकको हकमा कुनै दायित्व लागू नहुने गरी न्याय पाउँ भन्नेसमेत व्यहोराको वादी सलोना श्रेष्ठको संरक्षक आमा रिना मिश्र श्रेष्ठले पुनरावेदन अदालत, पाटनमा गरेको पुनरावेदन पत्र ।

यसमा काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।२।१८ मा भएको फैसलाउपर वादी प्रतिवादीको दोहोरो पुनरावेदन परेको देखिँदा अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ को प्रयोजनार्थ दुवै पक्षको पुनरावेदन एक आपसमा परस्पर सुनाई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।७।१३ मा भएको आदेश ।

यसमा सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।२।१८ मा भएको फैसला पूर्णरूपमा मिलेको नदेखिँदा केही उल्टी भई तायदाती फाँटवारीमा उल्लिखित ऋणहरूमध्ये प्रतिवादी गीता श्रेष्ठले कृषि विकास बैंकबाट लिएको ऋणमध्ये बुझाउन बाँकी रहेको ऋण रू. २,८०,०००।- का हकमा फिरादी सलोना श्रेष्ठबाहेकका अंशियारहरूमा बन्डा लाग्ने तथा अन्य ऋणहरू मुद्दा विचाराधीन रहेको अवस्थामा ऋण लिएको देखिँदा सो ऋणहरूमा वादीलाई बन्डा नलाग्ने ठहर्छ भनी पुनरावेदन अदालत, पाटनले मिति २०७१।११।१७ मा गरेको फैसला ।

पुनरावेदन अदालत, पाटनको फैसलामा चित्त बुझेन । विपक्षी वादी रिना मिश्रले म सजन श्रेष्ठलाई विदेश जाने प्रयोजनको लागि मात्र विवाह गरेको हो । उक्त विवाह दर्तालाई हतियार बनाई मलाई ब्लाकमेल गरेको र पछि विवाह स्वीकार गरी विपक्षीकै सल्लाहले परिवारलाई विवाह गरेको थाहा नदिई अंश लिन लगाएको र अंश बुझेको भरपाई रितपूर्वक रजिस्ट्रेसन भएको स्थितिमा नाताभित्रको देखिने बित्तिकै एकपटक भएको बन्डालाई अन्देखा गरी भएको फैसला म सजन श्रेष्ठको हकमा त्रुटिपूर्ण छ । बदर गरिपाऊँ । हाम्रा छोरा/दाजु सजन श्रेष्ठले अंश बुझिसकेको हुनाले निजले पाएको अंशबाट मात्र वादीहरूलाई अंश दिलाउनुपर्नेमा सो नगरी भएको पुनरावेदन अदालत, पाटनको फैसला मुलुकी ऐन, रजिस्ट्रेसनको १ नं. र अंशबन्डाको १, २, १०, २०, २१, २२ र २३ नं. विपरीत भएकोले बदर गरी वादीको फिराद खारेज हुने गरी फैसला गरिपाउँ भनी प्रतिवादीहरू सनतकुमार श्रेष्ठसमेतले यस अदालतमा गरेको पुनरावेदन पत्र ।

नियमबमोजिम दैनिक पेसी सूचीमा निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनसहितको मिसिल अध्ययन गरी निम्नअनुसारको बहस सुनियो ।

पुनरावेदक प्रतिवादीहरूको तर्फबाट उपस्थित

विद्वान् अधिवक्ता श्री शोषित अकेला बानियाँले मिति २०६९।१२।१९ गते छोरी सलोना श्रेष्ठको जन्म भई घरमा लगी राखेकोमा वादीको संरक्षक आमा रिना मिश्र श्रेष्ठले नै लिई गएकी हुन् । वादीका पति पिता सजन श्रेष्ठले अंश बुझिसकेको हुनाले वादीलाई निजले पाएको अंशबाट मात्र अंश दिलाई दिनुपर्ने र सगोलमा रहँदाको अवस्थामा लिएको ऋणमा सबै अंशियारलाई बन्डा लगाउनु पर्नेमा सो ऋणमा बन्डा नलाग्ने भनी पुनरावेदन अदालत, पाटनको फैसला त्रुटिपूर्ण भएकोले उक्त फैसला उल्टी हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

उपरोक्तानुसारको तथ्य एवं बहस जिकिर रहेको प्रस्तुत मुद्दामा पुनरावेदन अदालत, पाटनले गरेको फैसला मिलेको छ, छैन र पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

यसमा फिराद परेको दिनलाई मानो छुट्टिएको मिति कायम गरी सम्पूर्ण सम्पत्तिको विवरण विपक्षीहरूबाट माग गरी मूल अंशियार ५ जनालाई ५ भाग लागाई विपक्षी पिता सजन श्रेष्ठको भागमा पर्ने १ भाग सम्पत्तिलाई पुनः विपक्षी पिता र संरक्षिका आमा र म फिरादी गरी जम्मा ३ भाग लगाई मेरो १ भाग अंश आमाको संरक्षणमा रहने गरी अड्डैबाट चलनसमेत चलाइ पाउँ भन्ने वादी सलोना श्रेष्ठको फिरादपत्र, वादीका पिता सजन श्रेष्ठले हामी प्रतिवादीहरूसँग मिति २०६८/४/४ मा नै अंशबापत रू.५,००,०००/- नगदै बुझिलिई अंश छोडपत्रको लिखत पारित गरी आफ्नो अंश भाग लिई हामीबाट छुट्टि भिन्न भइसकेकाले यी वादी हामीहरूको अंशियार नै नभएको हुँदा हाम्रो हकमा फिराद खारेज गरिपाउँ भन्ने प्रतिवादीहरू सनतकुमार श्रेष्ठ, गिता श्रेष्ठ, सोनी श्रेष्ठ र मोनी श्रेष्ठको प्रतिउत्तरपत्र र वादीलाई म प्रतिवादीले साथै रहे बसेको अवस्थामा मेरो इज्जत आमदअनुसार खान लाउन तथा पालनपोषणसमेत गरिरहेको थिएँ । म प्रतिवादीसँग कुनै प्रकारको चल अचल सम्पत्ति नरहेको र आफ्ना बुबा आमासँग अंशबापत रू.५,००,०००/- बुझिलिई अंश छोडपत्रको लिखत पारित गरी आफ्नो अंश लिइसकेको अवस्था रहेकोले वादीलाई अंश दिन सक्ने क्षमता भएको अवस्थामा जुनसुकै समयमा अंश दिने नै छु भन्नेसमेत प्रतिवादी सजन श्रेष्ठको प्रतिउत्तरपत्र भएकोमा प्रतिवादी गीता श्रेष्ठले कृषि विकास बैंकबाट कर्जाबापत लिएको ऋणमध्ये तिर्न बाँकी ऋण रू. २,८०,०००/- का हकमा अंशियारहरूबीच बन्डा लाग्ने, ऋणको हकमा साहुको नालेस परेका बखत कानूनबमोजिम हुने नै हुँदा तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिलाई ५ भाग लगाई सोमध्ये वादीका पिताको भागमा पर्न आउने १ भागलाई पुनः ३ भाग लगाई सोमध्येको १ भाग सम्पती वादीले अंश पाउने ठहराई सुरू काठमाडौं जिल्ला अदालतबाट फैसला भएको देखिन्छ । सो फैसलामा चित्त नबुझी ऋणको हकमा बन्डा नलाग्ने गरिपाउँ भन्ने वादीको र सजन श्रेष्ठको भागबाट मात्र वादीले अंश पाउनुपर्ने हो भन्ने प्रतिवादीहरूको पुनरावेदन अदालत, पाटनमा पुनरावेदन परेकोमा फिरादी सलोना श्रेष्ठबाहेकका अन्य अंशियारहरूमा कृषि विकास बैंकबाट लिएको ऋणमा बन्डा लाग्ने तथा अन्य ऋणहरू मुद्दा विचाराधीन रहेको अवस्थामा ऋण लिएको देखिँदा सो ऋणहरूमा वादीलाई बन्डा नलाग्ने फैसला भएको देखियो । उक्त फैसलामा चित्त नबुझाई प्रतिवादीहरू सनतकुमार श्रेष्ठसमेतले वादीका पिता पतिले हामीबाट अंश लिएकोले सो अंश भागबाट मात्र अंश पाउनु पर्छ र ऋणको हकमा सबै अंशियारलाई बराबर भाग लगाई फैसला गरिपाउँ भनी यस अदालतमा पुनरावेदन गरेको देखियो ।

२. निर्णयतर्फ विचार गर्दा, रिना मिश्र

श्रेष्ठ र सजन श्रेष्ठको दाम्पत्य सम्बन्धबाट मिति २०६९।१२।१९ गते छोरी सलोना श्रेष्ठको जन्म भएको जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपीबाट देखिन्छ। यिनै वादी र प्रतिवादीहरूसमेत भएको पुनरावेदन अदालत, पाटनको दे.पु.नं. ०७१–DP- ०२६५ को अंश बुझेको भरपाई लिखत बदर मुद्दामा फिराद दाबीबमोजिम र.न.४०/क मिति २०६८/४/४ को अंश बुझेको भरपाई बदर हुने ठहर्‍याई भएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याई फैसला भएको देखियो । उक्त फैसला अन्तिम भइसकेको देखिँदा र सो बन्डापत्रको लिखत नै बदर भइसकेको अवस्थामा यी वादी र प्रतिवादीहरू एकासगोलमा नै रहेको देखिन आयो। वादीले देखाएको नातालाई प्रतिवादीले स्वीकार गरेकोले वादी र प्रतिवादीहरूको नातामा विवाद रहेको देखिएन । वादी र प्रतिवादीहरूबीच कानूनबमोजिम अंशबन्डा भएको नदेखिँदा र यी वादी नाबालिग भएकी र प्रमाणमा आएको लगाउको मानाचामल मुद्दामा यिनै वादीलाई प्रतिवादीहरूबाट मानाचामल भरी पाउने ठहर भएको देखियो। मुलुकी ऐन, अंशबन्डाको १० नं. मा लोग्ने वा बाबु आमाले स्वास्नी वा छोराछोरीलाई इज्जत आमदअनुसार खान, लाउन र आवश्यकतानुसार उचित शिक्षा दिक्षा र स्वास्थ्य उपचारको व्यवस्था गर्नुपर्छ । सो नगरे अंश दिनुपर्छ भन्ने कानूनी व्यवस्था रहेको छ । उक्त कानूनी व्यवस्थाबमोजिम प्रतिवादीहरूले वादीलाई खानलाउनसमेत नदिएको अवस्थामा अंश जस्तो नैसर्गिक अधिकारबाट वादीलाई वञ्चित गर्न नमिल्ने हुँदा वादीले अंश पाउने भई चलनसमेत चलाई दिने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।११।१७ मा भएको फैसला मिलेकै देखियो।

३. अब ऋणको हक विचार गर्दा यी नाबालिग वादीको जन्म मिति २०६९।१२।१९ मा भएको देखिँदा र कृषि विकास बैंक लि. बाट गीता श्रेष्ठले लिएको रू.२,८०,०००।– तिर्न बाँकी रहेकोमा उक्त रकम मिति २०६२।१।२९ र मिति २०६३।५।१८ मा स्वीकृत ऋण रकममध्येको भएको भन्ने मिति २०७१।१।२१ को कृषि विकास बैंक लि. बैङ्किङ कार्यालय स्वयम्भूको पत्रबाट देखियो।

४. मुलुकी ऐन, दण्डसजायको २६ नं. मा ... दुनियाँको बिगोबापत जायजात गर्दा त्यो धन खाने बाह्र वर्षदेखि माथिका ऐनबमोजिम मानु नछुट्टी सँग बसेका वा त्यो धन खाँदा सँग बसेका पछि भिन्न हुनेको अंशसमेत ... जायजात गर्नुपर्छ । सोबमोजिम जायजात गर्दा स्वास्नी छोरी बुहारीको दाइजो, विवाह नभएका छोराछोरीको विवाह खर्च, दुनियाँको बिगोमा जायजातको दरखास्त नपर्दै र सरकारी बिगोमा सो बिगो लाग्ने भनी पक्राउ भएका मितिभन्दा अगावै साहूलाई लेखिदिएको अचलको भोग दृष्टि तमसुकबमोजिमको थैली, एक हल गोरू, रोजगार गर्ने एकसरा हतियार, खाने पकाउने एकसरो भाँडा, ओड्ने ओछ्याउने, लाएको कपडा र अन्न रहेछ भने सो जायजात हुनेलाई छ महिनासम्म खान पुग्ने अन्न पर सारी छाडी अरू जायजात गरी पुगेसम्म असुल गर्नुपर्छ । बढ्ता भए फिर्ता दिनुपर्छ। जायजात भएपछि पुगेन भने पनि अरू जहानलाई पक्रन हुँदैन। तर फरार रहेको कसुरदारको अंश जायजात लिलाम बिक्री गर्दा यो नम्बरबमोजिम कुनै कुरा पर सार्नुपर्दैन। भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । उक्त कानूनी व्यवस्थाबमोजिम दुनियाँको बिगोको हकमा जायजात गर्दा ऋण खाँदा सँग बसेका १२ वर्षभन्दा कम उमेरका अंशियारहरूको अंश हक पर सारेर मात्र जायजात गर्नुपर्ने भन्ने विद्यमान कानूनी व्यवस्था रहेको देखिन्छ । यस्तो अवस्थामा सो ऋणलिँदाको अवस्थामा जायजन्मसमेत नभएकी र मिति २०६९।१२।१९ मा मात्र जन्म भएकी नाबालिग वादीले समेत उक्त ऋण बुझाउनु पर्छ भन्न मुलुकी ऐन,

दण्ड सजायको २६ नं. को कानूनी व्यवस्थाले मिल्ने देखिएन। त्यस्तै अन्य ऋणहरू पनि मुद्दा चल्दाचल्दैको अवस्थामा लिएको देखिँदा सो ऋणहरूमा समेत नाबालिग वादीको दायित्व सिर्जना हुने अवस्था देखिएन।

५. यसर्थ वादीले समुच्चा सम्पत्तिबाट फिराद दाबीबमोजिम अदालतबाट अंशचलन गरी लिन पाउने र ऋणको हकमा बन्डा नलाग्ने भनी पुनरावेदन अदालत, पाटनले गरेको फैसला मिलेको नै देखियो।

६. अतः सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।२।१८ मा भएको फैसला केही उल्टी गरी वादीले फिराद दाबीबमोजिम अंश चलन गरी लिन पाउने र प्रतिवादीहरूले देखाएको ऋणमा वादीलाई बन्डा नलाग्ने ठहर्छ भनी पनरावेदन अदालत, पाटनले मिति २०७१।११।१७ मा गरेको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गर्नू।

उक्त रायमा सहमत छु।
न्या.विश्वम्भरप्रसाद श्रेष्ठ

इजलास अधिकृत : प्रेम खड्का
इति संवत् २०७३ साल भदौ ८ गते रोज ४ शुभम्।

## निर्णय नं.९६४३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
फैसला मिति : २०७३।५।१६।५
०७०-CR-११६३

मुद्दा : मानव बेचबिखन तथा ओसारपसार

पुनरावेदक / वादी : नाम परिवर्तित कालिमाटी (श १) को जाहेरीले वादी नेपाल सरकार

विरूद्ध

विपक्षी / प्रतिवादी : नुवाकोट जिल्ला गणेशस्थान गा.वि.स. वडा नं. ८ बस्ने रामबहादुर तामाङको छोरी पुष्पा तामाङसमेत

- **जुनसुकै मुद्दाको कारवाही र किनारा गर्दा अधिकारक्षेत्रको प्रश्न प्रारम्भिक प्रश्नको रूपमा रहेको हुन्छ। अदालतले आफूमा निहित न्यायिक अधिकारको प्रयोग गर्दा संविधान र कानूनले प्रदान गरेको अधिकारक्षेत्रभित्र रही गर्नुपर्ने।**
- **न्यायिक उपचार प्रदान गर्दा जसलाई जे गर्न भनि तोकिएको छ, उसले त्यति मात्र उपचार प्रदान गर्न सक्छ। आफूलाई प्राप्त नभएको अधिकारको प्रयोग गर्नु वा आफूलाई प्राप्त भएको भन्दा बढी अधिकारको प्रयोग गर्दा त्यसले अधिकार क्षेत्रको त्रुटि भई त्यसरी गरिएका निर्णय र आदेश निष्प्रभावी र निरर्थक हुन पुग्ने।**

- **कानूनले दिएको अधिकारक्षेत्र नाघेर कारवाही गर्दै जाने हो भने त्यसले न्यायिक अराजकता निम्तन पुग्छ जसले गर्दा न्यायिक अन्योल सृजना भई स्वेच्छाचारी कार्यले प्रश्रय पाउन पुग्छ । विधिको शासनमा यस प्रकारको प्रवृत्तिको कल्पनासम्म पनि गर्न सकिँदैन । कुनै पनि मुद्दामा अधिकारक्षेत्रको प्रश्न आधारभूत प्रश्न भएको कारणले यसको सम्बन्धमा पक्षले प्रश्न नउठाएपनि जुनसुकै तहमा अदालते विचार गर्न सक्छ र अधिकारक्षेत्र बाहिरको भएमा मुद्दाको सुनुवाइ गर्न इन्कार गर्न सक्छ । यस प्रकारको अधिकार न्यायिक निकायको अवशिष्ट अधिकार हुन जाने ।**

(प्रकरण नं.२)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् उपन्यायधिवक्ता चन्द्रकुमार पोखे्रल

विपक्षी / प्रतिवादीका तर्फबाट :

अवलम्बित नजिर :

- ने.का.प. २०५३, नि.नं.६२३२, अङ्क ७, पृष्ठ ५९२

सम्बद्ध कानून :

- न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ख), दफा ९(१)(ग)

सुरू तहमा फैसला गर्ने :

मा. जिल्ला न्या. श्री विष्णुप्रसाद कोइराला

पुनरावेदन तहमा फैसला गर्ने :

मा. न्यायाधीश श्री विष्णुदेव पौडेल

मा. न्यायाधीश श्री नारायणप्रसाद धिताल

फैसला

**न्या.विश्वम्भरप्रसाद श्रेष्ठ :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९ (१) बमोजिम परेको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छ ।

प्रतिवादीहरूमध्ये पुष्पा तामाङले भारत जाने बसको टिकट काट्दा नियोजितरूपमा अर्का प्रतिवादी ठुलीमाया तामाङका नाममा टिकट काटेको देखिएको, जाहेरवालाहरूलाई झुक्यानमा पारी विश्वास दिलाई काठमाडौँमा काम लगाउने भनी भारतमा वेश्यावृत्तिमा लगाउन बेचबिखन गर्ने उद्देश्यले ओसारपसार गरेको खुलेको, भारतमा बेचबिखन गर्न प्रतिवादी पुष्पा तामाङले मोक्तान लामासमेतसँग भारतमा पटकपटक फोन सम्पर्क गरेको खुल्न आएकोसमेतबाट प्रतिवादीहरू पुष्पा तामाङ र ठुलीमाया तामाङले पीडितहरूलाई वेश्यावृत्तिमा लगाउने तथा बेचबिखन गर्नेसमेतको उद्देश्यले ओसारपसार गरेकोले प्रतिवादीहरूको उक्त कार्य मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१) र दफा ४(२) (ख) विपरीतको कसुर भएकोले प्रतिवादीहरू पुष्पा तामाङ र ठुलीमाया तामाङलाई उक्त कसुरमा ऐ.ऐनको दफा १५(१)(ङ)(२) बमोजिम सजाय गरी ऐ. ऐनको दफा १७ बमोजिम पीडितहरूलाई प्रतिवादीहरूबाट क्षतिपूर्ति भराई ऐ.ऐनको दफा २२ बमोजिम प्रस्तुत कसुरलाई नैतिक पतन देखिने फौज्दारी कसुर ठहर गरिपाउँ भन्ने मागदाबी रहेको मिति २०६९/१/१८ मा दायर भएको अभियोग पत्र ।

पीडितहरूको मौकाको अदालतबाट प्रमाणित भएको बयान, प्रतिवादीहरूउपर पीडितहरूको किटानी जाहेरी, प्रतिवादीहरूसमेत दिल्ली जान लागेकोमा नागढुङ्गाको चेकजाँचबाट फिर्ता भई पक्राउ परेको भन्ने स्वीकार गरी गरेको बयानलगायतबाट यी प्रतिवादीहरूउपरको अभियोग शंकारहित तवरले पुष्टि

भएको देखिएकोले प्रतिवादी ठुलीमाया तामाङलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनको दफा १५(१)(ङ)(२) अनुसार १० (दश) वर्ष कैद र रू.५०,०००।– (पचासहजार रूपैयाँ) जरिवाना हुने ठहर्छ । जाहेरवालीहरूले यी प्रतिवादी ठूलीमाया तामाङबाट रू.२५,०००।– (पच्चीसहजार रूपैयाँ) ऐ.ऐनको दफा १७ अनुसार क्षतिपूर्ति पाउँछन् । अर्की प्रतिवादी पुष्पा तामाङउपरको अभियोग सहप्रतिवादीको समान अवस्था रहेकोले यी प्रतिवादीउपर समेत ऐ.ऐनको दफा १५ (१)(ङ)(२) अनुसार १० (दश) वर्ष कैद र रू.५०,०००।– (पचास हजार रूपैयाँ) जरिवाना र रू.२५,०००।– (पच्चीसहजार रूपैयाँ) पीडितलाई क्षतिपूर्ति दिने ठहर हुनुपर्नेमा यी प्रतिवादी पुष्पा तामाङ १६ वर्ष नपुगेकी नाबालक भएको देखिएकोले पीडितहरूलाई दिल्ली पुर्‍याउँदा निज प्रतिवादी स्वयम् पीडित बन्न सक्ने अवस्था देखिएको तथा बालबालिकासम्बन्धी ऐन, २०४८को दफा११(३) अनुसार चौध वर्षभन्दा माथि र सोह्र वर्षभन्दा कम उमेरको बालकले कसुर गरेमा उमेर पुगेका व्यक्तिलाई हुने सजायमा आधा सजाय हुने कानूनी व्यवस्थाअनुसार यी प्रतिवादी पुष्पा तामाङलाई ५(पाँच) वर्ष कैद र रू.२५,०००।– (पच्चीस हजार) जरिवाना हुने ठहर्छ । प्रतिवादी पुष्पा तामाङसमेत दिल्ली पुगेको भए पीडित बन्न सक्ने रहेकोसमेतबाट बालबालिका ऐन, २०४८ को दफा ५०(२) अनुसार यी प्रतिवादीको जरिवाना रू.२५,०००।– र क्षतिपूर्ति भराउन पर्ने र.२५,०००।– सजाय स्थगन गरिदिएको छ भन्ने व्यहोराको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६९/३/२५ को फैसला।

काठमाडौं जिल्ला अदालतले म पुनरावेदिका नाबालिका पुष्पा तामाङको स्थितिसमेत पीडितहरूसरह नै रहेको कुरा फैसला गर्दा स्वीकार गरेको छ । पीडितहरू कालिमाटी श२ र कालिमाटी श१ ले समेत हामी तीनै राम्रो कामको खोजीमा थियौँ र दिल्लीमा राम्रो काम पाइन्छ भनेर नै हामी दिल्ली जान थालेका हौ भनी अदालतमा आई बकपत्र गरेका छन्  सोबाट पनि मैले कसैलाई बेच्ने उद्देश्य नभएर आफूसमेत राम्रो काम पाउने प्रलोभनमा परी दिल्ली जान लागेको भन्ने कुरा पुष्टि हुन्छ। जसबाट अभियोजन पक्षले म पुनरावेदिकाउपर लगाएको अभियोगदाबी पुष्टि हुन नसकेकोले सोअनुसार सजाय गर्नु त्रुटिपूर्ण रहेको छ । अतः काठमाडौं जिल्ला अदालतबाट प्रमाणको सही मूल्याङ्कन नगरी, वादी पक्षले प्रमाणको भार पूरा नगरेको अवस्थामा पनि मलाई आरोपित कसुरमा बिना आधार कसुरदार ठहर गर्ने गरी गरेको फैसला बदर गरिपाउँ भन्ने व्यहोराको प्रतिवादी पुष्पा तामाङले पुनरावेदन अदालतमा चढाएको पुनरावेदन पत्र।

प्रतिवादी ठुलीमाया तामाङ र पुष्पा तामाङलाई अभियोग मागदाबीबमोजिम मानव ओसारपसार तथा बेचबिखनको कसुरदार ठहर भइसकेपछि उक्त कसुरलाई नैतिक पतन देखिने फौजदारी कसुर ठहर नगरिएको हदसम्मको सुरू जिल्ला अदालतको फैसला त्रुटिपूर्ण रहेको हुँदा सो हदसम्म बदरभागी छ। साथै प्रतिवादी पुष्पा तामाङले मौकामा बयान गर्दा आफ्नो उमेर १६ वर्ष भनी लेखाएको तथा आफू कम उमेरको भन्ने प्रमाणित गर्न कुनै कागजातहरू पेस गर्न नसकेको अवस्थामा निज प्रतिवादीलाई बालबालिका ऐन, २०४८ बमोजिमको उन्मुक्ति दिन मिल्दैन। सुरू जिल्ला अदालतले निज प्रतिवादीहरू ठुली माया तामाङ र पुष्पा तामाङका हकमा मानव बेचबिखन तथा ओसारपसार ( नियन्त्रण) ऐन, २०६४ को दफा २२ बमोजिम ठहर नगरेको एवं प्रतिवादी पुष्पा तामाङका हकमा बालबालिका ऐन, २०४८ को प्रयोग गरेको हदसम्म उक्त फैसला त्रुटिपूर्ण भएकोले सो हदसम्म

उक्त फैसला बदर गरी प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने व्यहोराको वादी नेपाल सरकारले पुनरावेदन अदालत, पाटनमा दायर गरेको पुनरावेदन पत्र।

पीडितहरूले गरेको किटानी जाहेरी, प्रतिवादी पुष्पाले अनुसन्धानको क्रममा गरेको बयान तथा रत्ना सुनुवार, सिता लोहनी र जाहेरिवाला पीडितहरूले अदालतमा गरेको बयानसमेतबाट यी प्रतिवादी पुष्पा अभियोग दाबीबमोजिमको कसुरदार होइन भन्न सकिने अवस्था देखिँदैन। नेपाल सरकारको तर्फबाट पर्न आएको पुनरावेदन जिकिरतर्फ विचार गर्दा मिसिल संलग्न रहेको जन्मदर्ताको प्रतिलिपि हेर्दा निज पुष्पा तामाङको जन्म मिति २०५३/९/१४ देखिन्छ। निजले अदालतमा बयान गर्दा १५ वर्ष भएँ भनी गरेको बयानलाई उक्त प्रमाणपत्रले समर्थन गरेको देखिँदा सुरू जिल्ला अदालतले निजलाई नाबालक मानी गरेकै फैसलालाई अन्यथा भन्न मिलेन। नैतिक पतन देखिने ठहर गर्नुपर्ने भन्नेसम्बन्धमा सजाय भइसकेपछि सो नभनिएकै आधारमा मात्र जिल्ला अदालतको फैसला नमिलेको भन्ने देखिएन। सुरू जिल्ला अदालतबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, पाटनको मिति २०७०/७/५ को फैसला।

प्रतिवादी ठुलीमाया तामाङ र पुष्पा तामाङलाई अभियोगबमोजिम मानव बेचबिखन तथा ओसारपसारमा सजाय ठहर भइसकेपछि उक्त कसुर मागदाबीबमोजिम उल्लिखित ऐनको दफा १२ बमोजिम नै नैतिक पतन देखिन फौजदारी कसुर ठहर गर्नुपर्नेमा सो नगरिएकोले सो हदसम्म बदरभागी छ। प्रतिवादी पुष्पा तामाङले मौकामा बयान गर्दा आफ्नो उमेर १६ वर्ष भनी लेखाएकोमा अदालतसमक्षको बयानमा १५ वर्ष भनी लेखाए तापनि सो भनाईलाई पुष्टि गर्ने कागज पेस गर्न सकेको अवस्था नहुँदा निज प्रतिवादीलाई १६ वर्ष नपुगेको भनी बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) तथा ५०(२) बमोजिमको सुविधा दिन मिल्ने होइन। अतः प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम कसुर ठहर गरी मागदाबीबमोजिम नैतिक पतन हुने फौजदारी अपराध ठहर नगरेको र प्रतिवादी पुष्पा तामाङलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) तथा ५०(२) को सुविधा दिने गरी भएको सुरू अदालतको फैसलालाई पुनरावेदन अदालत, पाटनले सदर गरेको हदसम्म बदर गरी प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम सजाय गरी पाउन सादर अनुरोध छ। न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) (ख) बमोजिम प्रस्तुत पुनरावेदन पत्र सम्मानित अदालतको क्षेत्राधिकारभित्र पर्दछ भन्ने व्यहोराको वादी नेपाल सरकारले यस अदालतमा दायर गरेको पुनरावेदन पत्र।

नियमबमोजिम पेसी सुचीमा चढी निर्णयको लागि यस इजलासमा पेस भएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री चन्द्रकुमार पोख्रेलले प्रतिवादीहरूलाई अभियोगदाबीबमोजिम कसुरदार ठहर गरेपश्चात् मागदाबीबमोजिम नैतिक पतन हुने फौजदारी अपराध ठहर नगरी भएको सुरू जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट भएको फैसला नैतिक पतन नठहरेको हदसम्म नमिलेको हुँदा सो हदसम्म बदर हुनुपर्छ भनी बहस गर्नुभयो।

प्रतिवादीहरू पुष्पा तामाङ र ठुलीमाया तामाङले जाहेरवालीहरूलाई वेश्यावृत्तिमा समेत लगाउने बेच्ने उद्देश्यले भारतमा लैजान ओसारपसार गरेको अवस्थामा पीडितहरूको उद्धार भई आएको वारदात पुष्टि हुन आएकोले निज प्रतिवादीहरूलाई मानव

बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(२) बमोजिम सजाय गरी ऐ.ऐनको दफा १७ बमोजिम पीडितहरूलाई प्रतिवादीबाट क्षतिपूर्ति भराई ऐ.ऐनको दफा २२ बमोजिम प्रस्तुत कसुरलाई नैतिक पतन देखिने फौजदारी कसुर ठहर गरिपाउँ भन्ने अभियोगदाबी रहेछ।

प्रतिवादीहरूउपरको अभियोग शंकारहित तवरले पुष्टि भएको देखिएकोले प्रतिवादी ठुलीमाया तामाङलाई ऐ. ऐनको दफा १५(१)(ङ)(२) अनुसार १० वर्ष कैद र रू.५०,०००।– जरिवाना हुने ठहर्छ। जाहेरवालाले यी प्रतिवादी ठुलीमाया तामाङबाट रू.२५,०००।– ऐ.ऐ को दफा १७ अनुसार क्षतिपूर्ति पाउँछ। अर्का प्रतिवादी पुष्पा तामाङ १६ वर्ष नपुगेकी नाबालक भन्ने देखिएकोले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) अनुसार उमेर पुगेको व्यक्तिलाई हुने सजायको आधा ५ वर्ष कैद र रू.२५,०००।– जरिवाना हुने ठहर्छ। प्रतिवादी पुष्पा तामाङसमेत दिल्ली पुगेको भए पीडित बन्न सक्ने रहेकोसमेतबाट बालबालिकासम्बन्धी ऐनको दफा ५०(२) अनुसार प्रतिवादीको जरिवाना र क्षतिपूर्ति भराउन पर्ने रू.२५,०००।– सजाय स्थगन गरी दिएको छ भनी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।३।२५ मा फैसला भएको पाइयो।

सो सुरू जिल्ला अदालतबाट भएको फैसलामा प्रतिवादीहरू ठुलीमाया तामाङ र पुष्पा तामाङका हकमा अभियोग मागबमोजिम नैतिक पतन देखिने फौजदारी कसुर ठहर नगरेको हदसम्म र प्रतिवादी पुष्पा तामाङलाई कम उमेर भएको भनी बालबालिकासम्बन्धी ऐन, २०४८ प्रयोग गरी कम सजाय गरेको हदसम्म मिलेन सो हदसम्म बदर गरी अभियोग दाबीबमोजिम गरिपाउँ भनी वादी नेपाल सरकारको पुनरावेदन अदालत, पाटनमा पुनरावेदन पत्र परेको देखिन्छ।

आफूसमेत राम्रो काम पाउने प्रलोभनमा परी दिल्ली जान लागेको र वादीले दाबी प्रमाणित गर्न नसकेकोमा पनि मलाई कसुरदार ठहर गर्ने गरी सुरू जिल्ला अदालतबाट भएको फैसला बदर गरी सफाई पाउँ भनी प्रतिवादी पुष्पा तामाङको पुनरावेदन अदालत, पाटनमा पुनरावेदन परेको रहेछ।

प्रतिवादीमध्ये ठुलीमाया तामाङले सुरू जिल्ला अदातलबाट भएको फैसलाउपर पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गरेको देखिएन।

पुनरावेदन अदालत, पाटनले सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।३।२५ मा भएको फैसला सदर हुने ठहर्‍याई वादी र प्रतिवादी पुष्पा तामाङको पुनरावेदन जिकिर पुग्न सक्दैन भनी मिति २०७०।७।५ मा फैसला गरेको पाइन्छ।

सो पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।७।५ मा भएको फैसलाउपर फैसलाको सूचना प्राप्त मितिभित्र वादी नेपाल सरकारले प्रस्तुत पुनरावेदन दर्ता गराएको देखिन्छ।

उक्तअनुसार भएको फैसलाको आधारबाट वादी नेपाल सरकारको यस अदालतमा पुनरावेदन दर्ता हुन सक्ने हो, होइन? तथा यस अदालतको क्षेत्राधिकारभित्र पर्ने हो वा होइन भन्ने कानूनी प्रश्नमा नै सर्वप्रथम विचार गर्नुपर्ने देखियो।

२. जुनसुकै मुद्दाको कारवाही र किनारा गर्दा अधिकारक्षेत्रको प्रश्न प्रारम्भिक प्रश्नको रूपमा रहेको हुन्छ। अदालतले आफूमा निहित न्यायिक अधिकारको प्रयोग गर्दा संविधान र कानूनले प्रदान गरेको अधिकारक्षेत्रभित्र रही गर्नुपर्छ। न्यायिक उपचार प्रदान गर्दा जसलाई जे गर्न भनि तोकिएको छ, उसले त्यति मात्र उपचार प्रदान गर्न सक्छ। आफूलाई प्राप्त नभएको अधिकारको प्रयोग गर्नु वा आफूलाई प्राप्त भएको भन्दा

बढी अधिकारको प्रयोग गर्दा त्यसले अधिकारक्षेत्रको त्रुटि भई त्यसरी गरिएका निर्णय र आदेश निष्प्रभावी र निरर्थक हुन पुग्छ। कानूनले दिएको अधिकारक्षेत्र नाघेर कारवाही गर्दै जाने हो भने त्यसले न्यायिक अराजकता निम्तन पुग्छ जसले गर्दा न्यायिक अन्योल सिर्जना भई स्वेच्छाचारी कार्यले प्रश्रय पाउन पुग्छ। विधिको शासनमा यस प्रकारको प्रवृत्तिको कल्पनासम्म पनि गर्न सकिँदैन। कुनै पनि मुद्दामा अधिकारक्षेत्रको प्रश्न आधारभूत प्रश्न भएको कारणले यसको सम्बन्धमा पक्षले प्रश्न नउठाएपनि जुनसुकै तहमा अदालतले विचार गर्न सक्छ र अधिकारक्षेत्रबाहिरको भएमा मुद्दाको सुनुवाइ गर्न इन्कार गर्न सक्छ। यस प्रकारको अधिकार न्यायिक निकायको अवशिष्ट अधिकार हो। हाम्रो कानूनी व्यवस्था हेर्दा मुलुकी ऐनको अदालती बन्दोबस्तको महलको ३५ नं. मा गैरअड्डाले कानूनबमोजिम हेर्न हुने मुद्दाबाहेक अरू मुद्दा हेर्न हुँदैन, हेरेको छिनेको भए पनि बदर हुन्छ भन्ने व्यवस्था रहेको छ। त्यसैगरी यस अदालतबाट समेत गौरी शंकर विरूद्ध सिंगेश्वर राय यादव भएको जग्गा स्रेस्ता कायम गरी दाखिल खारेज गरिपाउँ भन्ने मुद्दामा (ने.का.प. २०५३ नि.नं ६२३२ अंक ७ पृष्ठ ५९२) अधिकारक्षेत्रको प्रश्न कानूनी प्रश्न भएकोमा विवाद छैन। अधिकारक्षेत्रको प्रश्न विशुद्ध कानूनी प्रश्न भएकोले त्यस्तो कानूनी प्रश्नको सम्बन्धमा अदालत आफैँले जानकारी लिई कानूनबमोजिम जो हुनुपर्ने हो यथोचित निर्णय गर्न सक्छ भनी व्याख्या भएको छ।

३. अतः पुनरावेदन अदालत पाटनबाट सुरू जिल्ला अदालतको फैसला सदर गर्ने गरी भएको फैसलाउपर चित्त नबुझाई यस अदालतमा दायर हुन आएको प्रस्तुत मुद्दा न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यस अदालतको अधिकारक्षेत्रभित्र पर्छ वा पर्दैन भन्नेसम्बन्धमा विचार गर्दा न्याय प्रशासन ऐन, २०४८ को व्यवस्था हेरिनुपर्छ। न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) मा पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेशउपर देहायका मुद्दाहरूमा सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ भन्ने कानूनी व्यवस्था रहेको छ।

(१) पुनरावेदन अदालतले सुरू कारवाही र किनारा गरेको मुद्दा,

(२) दश वर्ष वा सोभन्दा बढी कैदको सजाय भएको मुद्दा,

(३) तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय, पच्चीस हजार रूपैयाँ वा सोभन्दा बढी जरिवाना, पचास हजार रूपैयाँ वा सोभन्दा बढी बिगो भएको वा बिगो नखुलेको मुद्दामा सुरू अदालत निकाय वा अधिकारीले गरेको निर्णयउपर पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा केही वा पूरै उल्टी भएको मुद्दा।

त्यसैगरी सोही ऐनको दफा ९(२) मा सर्वोच्च अदालतमा साधक जाहेर भएको मुद्दामा पनि पुनरावेदन लाग्न सक्नेछ भन्ने व्यवस्था रहेको छ।

४. प्रस्तुत मुद्दामा जिल्ला अदालतबाट दश वर्ष र रू.५० हजार जरिवाना हुने ठहर्‍याएका प्रतिवादी ठुली तामाङको हकमा सो ठहर्‍याएको कैद जरिवानाको बारेमा पुनरावेदन अदालत, पाटनमा वादी नेपाल सरकारको तर्फबाट र निज ठहर भएका प्रतिवादी ठुलीमाया तामाङको पुनरावेदन परेको देखिँदैन। अभियोग दाबीअनुसार नै प्रतिवादी ठुलीमाया तामाङलाई भएको उक्त सजायको हकमा जिल्ला अदालतको फैसला नै अन्तिम भएको पाइन्छ। पुनरावेदन अदालत, पाटनले जिल्ला अदालतबाट प्रतिवादी ठुलीमाया तामाङलाई ठहर

भएको उक्त कैद र जरिवानाको हकमा कुनै फैसला अन्तिम आदेश गरेको पाइएन । वस्तुतः प्रस्तुत मुद्दामा न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ख) को अवस्था नै रहेको छैन ।

५. अब अर्का प्रतिवादी पुष्पा तामाङलाई सुरू काठमाडौं जिल्ला अदालतबाट कैद ५ वर्ष र जरिवाना २५ हजार ठहर्‍याएको फैसला पुनरावेदन अदालत, पाटनले सदर गरी फैसला गरेको देखिन्छ । तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय पच्चीस हजार रूपैयाँ वा सोभन्दा बढी जरिवाना भएको सुरू अदालतको निर्णयमा पुनरावेदन अदालतले पुनरावेदनको रोहबाट निर्णय गर्दा केही वा पूरै उल्टी भएको मुद्दा यस अदालतमा पुनरावेदन लाग्ने व्यवस्था न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) ले गरेको छ ।

६. प्रस्तुत मुद्दामा प्रतिवादी पुष्पा तामाङ र वादी नेपाल सरकार दुवै पक्षबाट पुनरावेदन अदालत, पाटनमा सुरू काठमाडौं जिल्ला अदालतको फैसलाउपर पुनरावेदन परेकोमा निज प्रतिवादी पुष्पा तामाङलाई ५ वर्ष कैद र २५ हजार जरिवाना गर्ने गरी सुरू अदालतबाट भएको निर्णय सो पुनरावेदनहरूको रोहमा निर्णय गर्दा केही वा पुरै उल्टी भएको छैन । अतः प्रतिवादी पुष्पा तामाङको हकमा पनि पुनरावेदन अदालत, पाटनबाट न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) अनुसार सुरू अदालतको निर्णय केही वा पूरै उल्टी नभई सुरू जिल्ला अदालतको फैसला सदर भएको हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) अनुसार यस अदालतमा पुनरावेदन लाग्ने अवस्था पनि देखिन आएन । दश वर्ष वा सोभन्दा बढी सजाय गरी पुनरावेदन अदालतले फैसला गरेकोमा र तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय, पच्चीस हजार रूपैयाँ वा सोभन्दा बढी जरिवानासमेत भएको सुरू जिल्ला अदालतको निर्णय पुनरावेदन अदालतबाट केही वा पूरै उल्टी भएकोमा मात्र यस अदालतमा पुनरावेदन लाग्ने देखियो ।

७. प्रस्तुत मुद्दामा न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ख) को अवस्था सुरू अदालतबाटै अन्तिम भएको देखिन्छ । पुनरावेदन अदालतबाट सोसम्बन्धमा कुनै निर्णय भएको देखिएन । ऐ.ऐन को ऐ. दफा ९(१)(ग) को अवस्था पनि विद्यमान रहेको पाइएन भने वादी नेपाल सरकारलाई पुनरावेदन अदालत, पाटनको फैसलामा पुनरावेदनको म्यादसमेत जारी भएको देखिँदैन ।

८. वस्तुतः वादी नेपाल सरकारको तर्फबाट दायर भएको प्रस्तुत पुनरावेदन यस अदालतमा लाग्नै नसक्ने उक्त कानूनी प्रबन्धहरूबाट स्पष्ट भएको हुँदा लाग्नै नसक्ने पुनरावेदन जिकिरको अन्य तथ्यतर्फ प्रवेश गरिरहन नपरी प्रस्तुत पुनरावेदन अ.बं. १८० अनुसार खारेज हुने ठहर्छ । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या.सपना प्रधान मल्ल

इजलास अधिकृत : सन्देश श्रेष्ठ
इति संवत् २०७३ साल भदौ १६ गते रोज ५ शुभम् ।

## निर्णय नं.९६४४

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री डा.आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
आदेश मिति : २०७३।४।३१।२
०७०-WO-०२०९

मुद्दा : उत्प्रेषण

निवेदक : पाँचथर जिल्ला दुर्दिम्बा गाउँ विकास समिति वडा नं. २ घर भई हिमाली भू-मापन इन्जिनियरिङ तथा भूमि स्रोत व्यवस्थापन महाविद्यालयमा Bachelor in Geomatics Engineering प्रथम वर्ष दोस्रो सेमेस्टरमा अध्ययनरत विष्टन लावतीसमेत

विरूद्ध

विपक्षी : पूर्वाञ्चल विश्वविद्यालय, विराटनगरसमेत

- **विद्यार्थीहरू आफू अध्ययन गर्ने संस्थाप्रति जवाफदेही हुने हो, विश्वविद्यालयको नियम कानूनभन्दा पनि महाविद्यालयको सूचना र नियमहरू विद्यार्थीहरूको जानकारीमा छिटो सञ्चार हुने विषय हुन् । सार्वजनिकरूपमा सूचना प्रकाशित गरी महाविद्यालयले प्रवेश परीक्षामा सम्मिलित हुन आह्वान गरेपछि निज १० जना रिट निवेदक विद्यार्थी महाविद्यालयमा प्रवेश पाएको देखिन आउँछ । निज विद्यार्थीहरूको हकमा महाविद्यालयको उक्त सूचना वैध र नियमसंगत थियो भनी भन्नुपर्ने ।**

(प्रकरण नं.६)

- **महाविद्यालयको औपचारिक शिक्षा हासिल गरी दीक्षित हुनुपर्ने जस्तो संवेदनशील विषयमा विद्यार्थीहरूको भविष्यमाथि खेलवाड हुने गरी समयमै निर्णय नगरी अनिर्णयको बन्दी भई बसीरहन न्यायको हिसाबले पनि उपयुक्त हुँदैन । आफूले समयमा निर्णय गर्न नसकेको कुराको परिणाम विद्यार्थीहरूले भोग्नुपर्ने परिस्थितिको समर्थन गर्नु न्यायसम्मत नहुने ।**

(प्रकरण नं.७)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता भीम ढकाल
विपक्षीका तर्फबाट : विद्वान् अधिवक्ताहरू देवीबहादुर घिमिरे र तीलबहादुर भट्टराई
अवलम्बित नजिर :
सम्बद्ध कानून :

आदेश

**न्या.डा.आनन्दमोहन भट्टराई :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम दायर हुन आई यसै अदालतको अधिकारक्षेत्रभित्र पर्ने प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छ :-

हामी रिट निवेदक विद्यार्थीहरूमध्ये पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धनप्राप्त विपक्षी हिमाली भू-मापन इन्जिनियरिङ तथा भूमिस्रोत व्यवस्थापन महाविद्यालयमा सेमेस्टर प्रणालीमा आधारित ४ वर्षे कोर्ष Bachelor in Geometric Engineering

अध्ययनको लागि विपक्षी विश्वविद्यालयबाट लिइने प्रवेश परीक्षामा केही मिति २०६८।८।१० मा सञ्चालित प्रवेश परीक्षामा सामेल भएका र केही मिति २०६८।९।१ मा सञ्चालित पुनः प्रवेश परीक्षामा सामेल भई उत्तीर्ण भई भर्ना भएका थियौं । विश्वविद्यालयमा नाम दर्ता (Registration) गर्नुपर्ने प्रयोजनको लागि विपक्षी कलेजबाट प्रकाशित सूचनाबमोजिम नाम दर्ता शुल्क तिरी रजिस्ट्रेसन फर्मसमेत भरी १७ जना विद्यार्थीको परीक्षा शुल्क, सम्बन्धन शुल्क र रजिस्ट्रेसन शुल्कसमेत गरी रू.१,११,७७५।- कलेजमार्फत मिति २०६८।१२।३० मा विपक्षी पूर्वाञ्चल विश्वविद्यालयमा पठाएका थियौं । तत्पश्चात् हामी निवेदकहरू प्रथम वर्ष प्रथम सेमेस्टरको परीक्षा मिति २०६९।४।२१ देखि २०६९।५।९ सम्म सञ्चालन हुँदा उक्त परीक्षामा सामेल भई परीक्षा दिएका थियौं ।

प्रथम वर्ष प्रथम सेमेस्टरको परीक्षा लिइसकेको निश्चित अवधिभित्र नतिजा प्रकाशन गरी दोस्रो सेमेस्टरको परिक्षा लिनुपर्नेमा हामी निवेदकहरूमध्ये गोपाल दाहाल, ताराप्रसाद डाँगी, सुन्दर देवकोटा, सुवोधचन्द्र साह, सिमान्त महतो, रेणुकुमारी मण्डल र अतिसकुमार मण्डलसमेत ७ जना विद्यार्थीहरूको प्रथम सेमेस्टरको नतिजा प्रकाशित भएको र बाँकी हामी निवेदकमध्येका विष्टन लावती, दिनेश भण्डारी, शिवशंकर चौलागाईं, रविन प्रजापति, हेमराज के.सी., श्रीविधा खतिवडा, विवेकभुषण दाहाल, राकेश साह, सरस्वती थापा र दुर्गाप्रसाद उपाध्यायसमेत १० जना विद्यार्थीहरूको सम्बन्धमा केही जानकारीसमेत नगराई दोस्रो सेमेस्टरको परीक्षा सञ्चालन हुने तालिका प्रकाशित भयो । उक्त प्रकाशित सूचनाअनुसार परीक्षा दिन सम्पूर्ण परीक्षार्थीको प्रवेशपत्र दिनुपर्नेमा हामी निवेदकहरूमध्येका उपरोक्त ७ जना विद्यार्थीहरूको प्रवेशपत्र दिई अन्य विद्यार्थीहरूको प्रवेशपत्रसमेत नदिएको हुनाले परीक्षा केन्द्रमा गई सोही व्यहोरा अनुरोध गर्दै परीक्षा भवनमा प्रवेश गर्दा परीक्षा सञ्चालन गर्न नसकिने भनी सूचना टाँस गरी परीक्षा रद्द गरिएबाट हामी सम्पूर्ण निवेदकहरू परीक्षा दिनबाट वञ्चित भएका छौं । पूर्वाञ्चल विश्वविद्यालय नियमावली, २०५३ को खण्ड (क), सांगठनिक तथा शैक्षिक नियमावली, २०५३ को नियम ५०(घ), पूर्वाञ्चल विश्वविद्यालय परीक्षासम्बन्धी विनियम, २०७० को विनियम ७, (१३), (२२) समेतको प्रतिकूल हुने गरी भएको पूर्वाञ्चल विश्वविद्यालयको क्रियाकलापबाट हामी रिट निवेदकहरू साह्रै अन्यायमा परेको हुनाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१), १२(२), १२(३)(च), १३(१), १७, १८, १९ समेतबाट प्रदत्त मौलिक हकमा आघात परेको हुँदा पूर्वाञ्चल विश्वविद्यालयको क्रियाकलापबाट हामीहरूको नाम रजिस्ट्रेसन नगर्ने, परीक्षामा सम्मिलित नगराउनेलगायतका कुनै पनि निर्णय गरे भएको भए सो निर्णय एवं पत्रहरूलगायत हाम्रो विरूद्धमा गरे भएका अन्य सम्पूर्ण काम कारवाही तथा निर्णयलाई उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदकहरूलाई Bachelor in Geomatic Engineering तहमा भर्ना हुनको लागि निर्धारित शैक्षिक योग्यता हासिल गरी भर्ना भएको मानी अध्ययन गर्न दिनु र सो प्रयोजनको लागि निवेदकहरूको नाम रजिस्ट्रेसन गर्ने, परीक्षा लिने तथा परीक्षाफल प्रकाशित गर्नेलगायतका जो गर्नुपर्ने सम्पूर्ण प्रक्रियाहरू निर्धारित समयमा नै पूरा गर्नु गराउनु भनी तत्काल अन्तरिम आदेश जारी गरी विपक्षीहरूका नाममा परमादेशको आदेशलगायत अन्य जुनसुकै उपयुक्त आदेश जारी गरिपाउँ भन्ने व्यहोराको रिट निवेदनपत्र ।

यसमा बाटोको म्यादबाहेक १५ दिनभित्र लिखितजवाफ जवाफ पेस गर्नु भनी विपक्षीहरूको

नाउँमा म्याद जारी गर्नू । अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा दुवै पक्षहरू उपस्थित गराई छलफल गर्नु उपयुक्त हुने हुँदा २०७०।६।७ गतेको लागि छलफलको पेसी तोकी सोको सूचना प्रत्यर्थीहरूलाई दिनू । साथै सो छलफल नभएसम्म निवेदकहरूलाई Bachelor in Geomatic Engineering तहमा अध्ययन गर्न दिनु दिलाउनु तथा नियमित परीक्षामा सामेल गर्नु गराउनु कुनै पनि बाधा अवरोध नगर्नु नगराउनु भनी प्रत्यर्थीहरूका नाममा अल्पकालिन अन्तरिम आदेश जारी गरिदिएको छ भन्ने यस अदालतको मिति २०७०।५।३१ को आदेश।

यसमा प्रत्यर्थीहरू अन्तरिम आदेशको विषयमा छलफल गर्न उपस्थित हुन नआएको र अहिले जारी रहेको अन्तरिम आदेशबाट प्रत्यर्थीहरूलाई सुविधा सन्तुलनको दृष्टिबाट बढी मर्का पर्ने स्थिति सिर्जित भएमा सो खारेज गर्न निवेदन लिई आउन सक्ने नै हुँदा हाललाई निवेदक विद्यार्थीहरूको शिक्षा हासिल गर्न परीक्षा दिने जस्तो कार्यमा अवरोध हुन पुगे तत्कालको स्थितिमा सुविधा सन्तुलनको दृष्टिबाट निवेदकहरूलाई बढी मर्का पर्नसक्ने देखिँदा यस अदालतबाट मिति २०७०।५।३१ मा जारी भएको अन्तरिम आदेशलाई निरन्तरता प्रदान गरिदिएको छ भन्ने यस अदालतको मिति २०७०।६।७ को आदेश।

पूर्वाञ्चल विश्वविद्यालयद्वारा Bachelor in Geomatic Engineering विषयको सम्बन्धनप्राप्त यस हिमाली भू-मापन इन्जिनियरिङ तथा भूमिस्रोत व्यवस्थापन महाविद्यालयले सम्बन्धन दिने विश्वविद्यालयको ऐन, नियम, विनियम नीति निर्देशन पालना गर्दछ । सोहीबमोजिम विश्वविद्यालयले लिएको प्रवेश परीक्षामा आतिषकुमार मण्डल, गोपाल दाहाल, रेणुकुमारी, सीमान्त महतो, सुबोधचन्द्र साह, सुन्दर देवकोटा, ताराप्रसाद डाँगी गरी ७ जना विद्यार्थीमात्र उत्तीर्ण भएका थिए, जुन कुरा रिट निवेदकहरूले स्वीकार गरेका छन् । प्रवेश परीक्षा उत्तीर्ण गर्ने यी ७ जनाबाहेक अन्य विद्यार्थीहरूलाई विश्वविद्यालयले रजिस्ट्रेसन गरी परीक्षामा सामेल गराउन र परीक्षाफल प्रकाशित गर्न पनि मिल्दैन । जहाँसम्म प्रवेश परीक्षा उत्तीर्ण नगर्ने अन्य विद्यार्थीहरूले समेत रजिस्ट्रेसनलगायतका शुल्क तिरेको भन्ने निवेदन जिकिर छ सो सम्बन्धमा निजहरू अध्ययनरत महाविद्यालयले निर्णयविपरीत शुल्क लिएको हुन सक्छ, विश्वविद्यालयले कुनै शुल्क लिएको होइन। उक्त महाविद्यालयले यसरी प्रवेश परीक्षा उत्तीर्ण नगर्ने विद्यार्थीहरू भर्ना गरी अध्ययन गराइरहेको विषयमा विश्वविद्यालयबाट छानबिन भइरहेको छ। प्रवेश परीक्षा उत्तीर्ण नगर्ने विद्यार्थीसमेतका फाराम भराई महाविद्यालयबाट पठाएको परीक्षा फरामको आधारमा प्रोभिजनल प्रवेशपत्रको आधारमा परीक्षा लिइएकोमा पछि विश्वविद्यालयको अभिलेखहरूबाट प्रवेश परीक्षा पास नगरेकाहरूको प्रवेशपत्र प्रदान नगरिएको र दोस्रो सेमेस्टरको परीक्षाको लागि प्रवेशपत्र जारी नगरिएको हो । रजिस्ट्रेसन भएका विद्यार्थीहरूको दोस्रो सेमेस्टरको प्रवेशपत्र प्रदान गरी परीक्षा लिन खोज्दा सबै १७ जना नै विद्यार्थीको जाँच नलिएमा परीक्षा बहिस्कार गर्ने भन्दै रजिस्ट्रेसन नभएका निवेदकहरूको लहैलहैमा लागि परीक्षा दिन पाउने निवदेकहरूले समेत बहिस्कार गरेका कारण उक्त परीक्षा हुन नसकेको हो। प्रवेश परीक्षा नै उत्तीर्ण नगरेका रिट निवेदकहरूको विश्वविद्यालयले कुनै पनि संवैधानिक वा कानूनी हक हनन् हुने कार्य नगरेको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति महेश्वरमान श्रेष्ठ, डीन शुभनारायण पाठक, परीक्षा नियन्त्रक मोहनबहादुर बस्नेतसमेतको संयुक्त लिखित जवाफ।

यसमा निवेदकहरूको विवादित विषयको

विद्यार्थी भर्नाको रजिस्ट्रेसन भए नभएको अद्यावधिक अवस्थाको जवाफ पठाउन विपक्षी पूर्वाञ्चल विश्वविद्यालय र हिमाली भू-मापन इन्जिनियरिङ तथा भूमिस्रोत व्यवस्थापन महाविद्यालयसमेतलाई लेखी पठाई आएपछि लगाउको ०७१-MS-००१० को मुद्दासमेत नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७२।११।४ को आदेश।

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको सम्पूर्ण मिसिल अध्ययन गरी हेरियो।

रिट निवेदकहरूका तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री भीम ढकालले सम्बन्धन दिँदाको समय सम्बन्धन प्राप्त गर्ने हिमाली भू-मापन इन्जिनियरिङ तथा भूमिस्रोत व्यवस्थापन महाविद्यालयको सम्बन्धमा प्रत्येक शैक्षिक सत्रमा १० देखि ४० जना विद्यार्थी हुनुपर्ने भन्ने सर्त रहेको थियो । यसअनुसार प्रथम चरणमा लिइएको प्रवेश परीक्षामा जम्मा ७ जना मात्र विद्यार्थी उत्तीर्ण भएका हुँदा यो कार्यक्रम सञ्चालन गर्न विश्वविद्यालयले समयमै रोक्न सक्थ्यो । त्यस्तो केही नगरी महाविद्यालयले निवेदक विद्यार्थीहरूको भर्ना गर्ने, शुल्क आदि लिने, प्रथम सेमेस्टरको परीक्षामा सहभागी हुन दिनेलगायतका कार्य गरी सकेपछि अब आएर विद्यार्थीहरूको भविष्यमाथि खेलवाड हुने गरी विश्वविद्यालयले व्यवहार प्रदर्शन गर्नु न्यायसंगत नहुने हुँदा निवेदन मागबमोजिम रिट जारी हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

पूर्वाञ्चल विश्वविद्यालयका तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताहरू श्री देवीबहादुर घिमिरे र श्री तीलबहादुर भट्टराईले विश्वविद्यालयको ऐन, नियम, निर्देशिकाबमोजिम प्रवेश परीक्षा उत्तीर्ण नै नगरेका व्यक्तिहरूलाई विश्वविद्यालयले मान्यता प्रदान गर्न नसक्ने हुँदा रजिस्ट्रेसन गर्न नसकिएको हो। गैरकानूनी कार्यलाई कानूनी मान्यता प्रदान गर्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

मिसिल संलग्न कागज प्रमाण, विद्वान कानून व्यवसायीहरूको तर्कपूर्ण बहस जिकिर तथा प्रस्तुत विवादको विषयसँग सम्बन्धित प्रचलित ऐन, नियम, विनियमसमेतका आधारमा प्रस्तुत मुद्दामा रिट निवेदकहरूको मागबमोजिमको आदेश हुनुपर्ने हो वा होइन भन्ने सम्बन्धमा नै निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ हेर्दा हामी निवेदकहरूमध्ये केहिले पूर्वाञ्चल विश्वविद्यालयबाट लिइएको प्रथम चरणको प्रवेश परीक्षा तथा केहिले दोस्रो चरणको प्रवेश परीक्षा उत्तीर्ण गरी हिमाली भू-मापन इन्जिनियरिङ तथा भूमिस्रोत व्यवस्थापन महाविद्यालयमा भर्ना भई अध्ययन गर्दै आएका र प्रथम सेमेस्टरको परीक्षासमेत दिई सो सेमेस्टरमा अध्ययन गरी रहेका अवस्थामा पूर्वाञ्चल विश्वविद्यालयले रजिस्ट्रेसन गर्न इन्कार गरी दोस्रो वर्षको परीक्षामा सहभागी गराउन इन्कार गरेको हुँदा परमादेशको आदेश जारी गरिपाउँ भन्ने मुख्य रिट निवेदन जिकिर देखियो । सर्वोच्च अदालतबाट अन्तरिम आदेश जारी भएपश्चात् रिट निवेदक विद्यार्थीहरू नियमितरूपमा सबै सेमेस्टरको परीक्षामा सहभागी भई परीक्षाफलसमेत प्राप्त गरिरहेको भन्ने देखियो। पूर्वाञ्चल विश्वविद्यालयको ऐन, नियम, निर्देशनबमोजिम भएको प्रवेश परीक्षामा जम्मा ७ जना उत्तीर्ण भएका हुँदा निजहरूको हकमा रजिस्ट्रेसन आदिमा कुनै समस्या नरहेको र प्रवेश परीक्षा नै उत्तीर्ण नभएको निवेदकहरूका हकमा विद्यार्थीको हैसियत प्रदान गरी कानूनी मान्यता प्रदान गर्न मिल्दैन भन्ने पूर्वाञ्चल विश्वविद्यालयको लिखित जवाफ देखिन आयो।

३. सर्वप्रथम पूर्वाञ्चल विश्वविद्यालयको क्रियाकलापबाट हामीहरूको नाम रजिस्ट्रेसन नगर्ने,

परीक्षामा सम्मिलित नगराउनेलगायतका कुनै पनि निर्णय गरे भएको भए सो निर्णय एवं पत्रहरूलगायत हाम्रो विरूद्धमा गरे भएका अन्य सम्पूर्ण काम कारवाही तथा निर्णयलाई उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भनी रिट निवेदनमा जिकिर लिएको सन्दर्भमा हेर्दा त्यस्तो कुनै निर्णय भएको भन्ने कुरा मिसिलबाट खुल्न नआएको हुँदा उत्प्रेषणको आदेश जारी गर्नु परेन।

४. अब परमादेशको आदेशको माग सम्बन्धमा विचार गर्दा पूर्वाञ्चल विश्वविद्यालयबाट मिति २०६२।५।१४ मा Geomatic engineering विषय अध्यापन गर्न अस्थायी स्वीकृति पाएको Himalayan College of Geomatic Engineering and Resources Management मा रिट निवेदक विद्यार्थीको रूपमा अध्ययनरत रहेको भन्ने कुरामा विवाद देखिएन । उक्त कलेजले विश्वविद्यालय सम्बन्धन प्राप्त गर्दा प्रत्येक शैक्षिक वर्ष / शैक्षिक सत्रमा बढीमा ४० जना भर्ना गर्नुपर्ने र १० जना भन्दा कम विद्यार्थी भएमा कार्यक्रम सञ्चालन गर्न नपाइने भन्ने पूर्वाञ्चल विश्वविद्यालयको च.नं. १५०-०६२/६३ मिति २०६२।५।२६ को उक्त हिमालयन कलेजलाई Geomatic Engineering कार्यक्रमलाई अस्थायी सम्बन्धन दिएको बारेको पत्रको सर्त नं. ७ मा उल्लेख भएको पाइन्छ । १७ जना रिट निवेदक विद्यार्थीहरूमध्ये सेमेस्टर प्रणालीमा आधारित Bachelor in Geomatic Engineering अध्ययनको लागि पूर्वाञ्चल विश्वविद्यालयबाट मिति २०६८।८।१० मा सञ्चालित प्रवेश परीक्षामा ७ जना उत्तीर्ण भई भर्ना भएका भन्ने उल्लेख भएको देखिन्छ । उक्त ७ जना विद्यार्थीहरू मात्र भर्ना गरी अध्यापन गराउँदा उक्त महाविद्यालयको हकमा पूर्वाञ्चल विश्वविद्यालयबाट अस्थायी सम्बन्धन प्राप्त गर्दा जारी गरेको सर्त नं. ७ अनुसार मापदण्ड नपुग्ने भई महाविद्यालयले आफ्नै जोखिममा पुनः मिति २०६८।९।१ मा प्रवेश परीक्षा गराई उत्तीर्ण भएपछि अन्य १० जना भर्ना भएका भन्ने मिसिल संलग्न कागजातहरूबाट देखिन्छ।

५. यसरी भर्ना भएका १७ जना निवेदक विद्यार्थीहरूको विश्वविद्यालय नाम दर्ता (Registration) गर्न महाविद्यालयले सबै जनासँग नाम दर्ता शुल्क लिई रजिस्ट्रेसन फर्मसमेत भराई विश्वविद्यालयलाई पठाएको र सो सम्बन्धमा विश्वविद्यालयलाई पटकपटक ताकेता गरी रजिस्ट्रेसन गरिदिन आग्रह गरेको भन्ने मिसिल संलग्न महाविद्यालयको पत्रहरूबाट देखिन आउँछ । उक्त विश्वविद्यालयमा नाम दर्ताको टुङ्गो नलागिकनै प्रथम सेमेस्टरको परीक्षामा सबै १७ जना रिट निवेदकहरू सहभागी भएको भन्ने देखिन्छ। प्रवेश परीक्षा उत्तीर्ण नगरेका १० जनाको हकमा प्रवेशपत्र जारी गरी प्रथम सेमेस्टरको परीक्षामा सहभागी गराएको भन्ने विपक्षी विश्वविद्यालयको लिखित जवाफ व्यहोराबाट पनि देखिन्छ। दोस्रो सेमेस्टर परीक्षामा प्रथम चरणमा महाविद्यालयमा भर्ना भएका ७ जना विद्यार्थीलाई मात्र प्रवेशपत्र वितरण गरी अन्य १० जनालाई प्रवेशपत्र दिन इन्कार गरेको कारणबाट परेको प्रस्तुत रिट निवेदनबाट अन्तरिम आदेश जारी भएपश्चात् विश्वविद्यालय नाम दर्ताबाहेक सबै १७ जना विद्यार्थीहरूलाई परीक्षामा सहभागी गराउने, परीक्षाफल प्रकाशित गर्नेलगायत कुनैपनि विषयमा विश्वविद्यालयबाट कुनै अवरोध भएको भन्ने देखिएन।

६. पूर्वाञ्चल विश्वविद्यालयको लिखित जवाफ हेर्दा विश्वविद्यालयको नियमबमोजिम प्रवेश परीक्षा उत्तीर्ण नगरेका व्यक्तिहरूलाई विद्यार्थीको हैसियत प्रदान गर्न मिल्दैन भन्ने देखिन्छ। विश्वविद्यालयले रिट निवेदकहरू सबैजनाको रजिस्ट्रेसन फर्म र सो को शुल्क, परीक्षा शुल्क र सम्बन्धन शुल्क गरी रू.१,११,७७५।- रूपैयाँ महाविद्यालयमार्फत स्वीकार गरेको भन्ने

जियोमेटिक इन्स्टिच्युट अफ टेक्नोलोजीको मिसिल संलग्न मिति २०६८।१२।३० को पत्र र सो साथ संलग्न बैंक भौचरहरूबाट देखिन्छ । महाविद्यालयले आफ्नै जोखिममा सञ्चालन गरेको प्रवेश परीक्षाबाट उत्तीर्ण भई रिट निवेदकहरूमध्ये १० जना विद्यार्थीहरू भर्ना गरी अध्यापन गराई प्रथम सेमेस्टरको परीक्षामा समेत सहभागी गराएको भन्ने कुरामा पनि विश्वविद्यालय जानकार रहेको कुरा मिसिल संलग्न कागजातहरूबाट देखिन्छ। विद्यार्थीहरू आफू अध्ययन गर्ने संस्थाप्रति जवाफदेही हुने हो, विश्वविद्यालयको नियम कानूनभन्दा पनि महाविद्यालयको सूचना र नियमहरू विद्यार्थीहरूको जानकारीमा छिटो सञ्चार हुने विषय हुन् । सार्वजनिकरूपमा सूचना प्रकाशित गरी महाविद्यालयले प्रवेश परीक्षामा सम्मिलित हुन आह्वान गरेपछि निज १० जना रिट निवेदक विद्यार्थी महाविद्यालयमा प्रवेश पाएको देखिन आउँछ । निज विद्यार्थीहरूको हकमा महाविद्यालयको उक्त सूचना वैध र नियमसंगत थियो भनी भन्नुपर्ने हुन्छ । यदि महाविद्यालयले जारी गरेको पुनः प्रवेश परीक्षाको सूचना र कार्यक्रम विश्वविद्यालयको ऐन, नियम, विनियमसंगत थिएन भने सो सम्बन्धमा विश्वविद्यालय समयमै सुसूचित भएर पनि उक्त महाविद्यालयलाई समयमै स्पष्ट निर्देशन वा कारवाही हुनुपर्थ्यो जुन भएको देखिन आउँदैन । महाविद्यालयले प्रवेश परीक्षा सञ्चालन गरी भर्ना लिई विश्वविद्यालयले प्रथम सेमेष्टरको परीक्षामा सहभागी गराएको कार्यसम्मले विश्वविद्यालयले समेत प्रवेश परीक्षा उत्तीर्ण नगरेका भनिएका १० जनालाई विद्यार्थी भनी व्यवहारबाट स्वीकार गरिसकेको देखिन्छ।

७. जहाँसम्म प्रवेश परीक्षा पास गरेका र नगरेका भनी विद्यार्थीबीच विभाजन रेखा कोरिएको प्रश्न छ, सो तात्विक महत्त्वको देखिँदैन। किनभने यहाँ पहिलो प्रवेश परीक्षा मिति २०६८।८।१० मा सञ्चालन गरिएको र दोस्रो ०६८।९।१ मा सञ्चालन गरिएको र सो मा आफूहरू सहभागी भई उत्तीर्ण भएको भन्ने निवेदकहरूको भनाई छ। पहिलो र दोस्रो दुवै परीक्षाहरू विपक्षी महाविद्यालयले लिएको भन्नेमा पनि विवाद छैन। यसरी प्रवेश परीक्षाबाट उत्तीर्ण विद्यार्थीहरूलाई भर्ना लिई उनीहरूको नाम प्रथम सेमेष्टरको लागि रजिस्ट्रेसन गरी प्रवेशपत्र जारीसमेत गरेकोबाट अब विश्वविद्यालय यो विषयमा जानकार थिएन भन्ने कुरा रहेन । आफूले नै एक पटक विद्यार्थी भनी स्वीकार गरेपछि अब होइनन् भन्न मिल्दैन । यस अदालतबाट अन्तरिम आदेश जारी भएपछि तह तहका परीक्षामा निवेदकहरू संलग्न भएको र उनीहरू न्युनतम् योग्यता नपुगी भर्ना भएका हुन् भन्ने विपक्षीहरूको भनाइसमेत नहुँदा प्रवेश परीक्षा कसले सञ्चालन गरेको थियो भन्ने आधारमा तह तहको परीक्षा पास गर्ने विद्यार्थीहरूको शैक्षिक गतिविधि र अध्ययन अवरूद्ध गर्ने कार्य न्यायोचित हुन्छ भन्न मिल्ने देखिएन। यसरी महाविद्यालयको औपचारिक शिक्षा हासिल गरी दीक्षित हुनुपर्ने जस्तो संवेदनशील विषयमा विद्यार्थीहरूको भविष्यमाथि खेलवाड हुने गरी समयमै निर्णय नगरी अनिर्णयको बन्दी भई बसिरहन न्यायको हिसाबले पनि उपयुक्त हुँदैन । आफूले समयमा निर्णय गर्न नसकेको कुराको परिणाम विद्यार्थीहरूले भोग्नुपर्ने परिस्थितिको समर्थन गर्नु न्यायसम्मत हुँदैन।

८. तसर्थ निवेदकहरूलाई विश्वविद्यालय दर्ता (Registration) गर्न इन्कार गरी आएको पूर्वाञ्चल विश्वविद्यालयको कार्य कानून एवं न्यायसम्मत नदेखिएको हुँदा विष्टन लावतीसमेत १० जना रिट निवेदक विद्यार्थीहरूको हालसम्म पनि रजिस्ट्रेसन नभएको भन्ने पूर्वाञ्चल विश्वविद्यालयको च.नं. ३५६/०७२/७३ मिति २०७३।१।३१ को पत्रबाट

देखिन आएको हुँदा अब निजहरूसमेतको विश्वविद्यालय नाम दर्ता गर्ने कार्य अविलम्ब गर्नु गराउनु, भर्ना भएका रिट निवेदक विद्यार्थीहरूको परीक्षाफललगायतका कुनै कुरा नरोक्नु, दिएको परीक्षाको नतिजासमेत प्रकाशित गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । आदेशको जानकारी विपक्षीहरूलाई दिनु । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.प्रकाशमान सिंह राउत

इजलास अधिकृत : आत्मदेव जोशी
इति संवत् २०७३ साल साउन ३१ गते रोज २ शुभम् ।

## निर्णय नं.९६४५

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
फैसला मिति : २०७३।४।१८।३
०७०-RB-००३८

मुद्दा : बैंकिङ कसुर

पुनरावेदक / वादी : नेपाल राष्ट्र बैंक वित्तीय संस्था सुपरीवेक्षण विभाग केन्द्रीय कार्यालय, बालुवाटार काठमाडौंको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट बैंक लिमिटेड, बनेपाका प्रबन्ध सञ्चालक इन्द्रराज हुमागाईसमेत

- **मुद्दामा जाहेरवालाको भूमिका निभाएको संस्थाले नै प्रस्तुत मुद्दा बैंकिङ कसुरअन्तर्गत कायम हुन नसक्ने भनी स्पष्टरूपमा निर्णय गरी पत्राचारसमेत गरिसकेको देखिएको हुँदा अभियोगपत्रमा उल्लेख भएजस्तो बैंकिङ कसुरअन्तर्गतको कार्य भयो भन्नु कानूनसङ्गत, मनासिब र तर्कसङ्गत देखिन आउँदैन । बैंकिङ कसुरजस्तो गम्भीर प्रकृतिको कसुर स्थापित हुन सोबमोजिमको गम्भीर कार्य घटित भएको कुरा वस्तुनिष्ठरूपमा वादीले प्रमाणित गर्नुपर्ने ।**

(प्रकरण नं.५)

- **कानून र कानून प्रदत्त अधिकारको गलत वा लापरवाहीयुक्त प्रयोगबाट व्यक्तिको कानूनप्रदत्त हक र सुविधा अतिक्रमित हुनुहुँदैन भन्ने सार्वजनिक पदाधिकारीले सदैव ख्याल राख्नुपर्दछ । सार्वजनिक जवाफदेहीको पद समाल्ने पदाधिकारीले कुनै पनि ऐन कानूनद्वारा तोकिएको प्रावधानको सही र समानरूपले पालना र कार्यान्वित गर्नुपर्ने ।**

(प्रकरण नं.८)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता रामप्रसाद घिमिरे
प्रत्यर्थी / प्रतिवादीका तर्फबाट :

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- कसैले नेपाल राष्ट्र बैंक ऐन, २०५८
- बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन,२०६३
- सरकारी मुद्दासम्बन्धी ऐन, २०४९
- बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १७

फैसला

**न्या.अनिलकुमार सिन्हा :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(क) बमोजिम यसै अदालतको अधिकारक्षेत्रअन्तर्गत पुनरावेदन अदालत, पाटनको मिति २०७०।२।१९ को फैसलाउपर वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन परी पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छ :-

यस बैंकबाट गरिएको स्थलगत निरीक्षणको क्रममा इन्द्रराज हुमागाईसमेतका मानिसहरूले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १७ बमोजिम आवश्यक कारवाहीको लागि निर्णयानुसार पठाइएको भन्नेसमेत व्यहोराको नेपाल राष्ट्र बैंक वित्तीय संस्था सुपरीवेक्षण विभाग केन्द्रीय कार्यालय, बालुवाटारको पत्र।

नेपाल राष्ट्र बैंक वित्तीय संस्था सुपरीवेक्षण विभाग, काठमाडौंको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी इन्द्रराज हुमागाईसमेत भएको बैंकिङ कसुर मुद्दाको अनुसन्धानको लागि यस परिसरमा प्राप्त हुन आएको पत्र जाहेरीमा उल्लिखित वारदातस्थल त्यहाँ कार्यालयअन्तर्गत पर्ने भएकोले कानूनबमोजिम कारवाहीको लागि सक्कलै मिसिल कागजातहरूसमेत पठाइएको भन्ने महानगरीय प्रहरी परिसर, काठमाडौंको मिति २०६६।१०।१४ को पत्र।

बैंकिङ कसुरसम्बन्धी कार्य काठमाडौं अवस्थित हिमालयन बैंक त्रिदेवीमार्ग ठमेल, एभरेष्ट बैंक नयाँ बानेश्वर, नेपाल इन्भेष्टमेन्ट बैंक लि. दरबारमार्गसमेतमा रहेको प्रतिवादीहरूको बैंकको चेक जारी गरी उक्त चेकहरू इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट बैंक लि., बनेपा शाखामा पेस गरेको भन्ने देखिनुका साथै इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट बैंकका प्रबन्ध सञ्चालक इन्द्रराज हुमागाईले पब्लिक डेभलपमेन्ट बैंक, बनेपा शाखामा चेक पेस गरी रकम भुक्तानी लिएको भन्ने देखिँदा बैंकबाट रकम निकाल्ने कार्य बनेपामा नै भएको देखिएको र अपराध भएको स्थान भएको प्रहरी कार्यालयबाटै मुद्दाको अनुसन्धान कार्य अगाडि बढाउनुपर्ने देखिएकोले सोहीअनुसार गर्नु गराउनु भन्ने जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंको च.नं. २२७४ मिति २०६६।१०।१४ को पत्र।

इन्द्रराज हुमागाईलगायत ९४ जना मानिसहरूको तीनपुस्तेसहितको विवरण पठाई दिने भन्ने महानगरीय प्रहरी परिसर, काठमाडौंले नेपाल राष्ट्र बैंक वित्तीय संस्था सुपरीवेक्षण विभाग, काठमाडौंलाई मिति २०६६।१०।१५ मा लेखिएको पत्र।

प्रस्तुत मुद्दामा इन्द्रराज हुमागाईलगायतका ९४ जना प्रतिवादीहरूको वास्तविक नाम, थर, वतनलगायतका विवरण खुलाई पेस गर्ने भन्ने जिल्ला सरकारी वकिल कार्यालय, काभ्रेको मिति २०६६।१०।२१ को पत्र।

नेपाल राष्ट्र बैंकको पत्र जाहेरीले वादी नेपाल सरकार प्रतिवादी इन्द्रराज हुमागाईसमेतका मानिसहरूलाई पक्राउ गरी पठाई दिने भन्ने जिल्ला प्रहरी कार्यालय, काभ्रेको च.नं. २३६९ मिति २०६६।११।४ को पत्रद्वारा इलाका प्रहरी कार्यालय, बनेपालाई लेखेको पत्र।

नेपाल राष्ट्र बैंकको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी इन्द्रराज हुमागाईसमेत भएको मुद्दामा अमृतमान राजभण्डारी समेतलाई पक्राउ गरी पठाई दिनु हुन भनी अञ्चल प्रहरी कार्यालय, बागमती काभ्रेलाई जिल्ला प्रहरी कार्यालय, काभ्रेको पत्र। नेपाल राष्ट्र बैंकको पत्र जाहेरीले वादी नेपाल सरकार प्रतिवादी इन्द्रराज हुमागाईसमेत भएको बैंकिङसम्बन्धी प्रतिवादी इन्द्रराज हुमागाईसमेतलाई खोजतलास एवं पक्राउ गरी पठाई दिनु हुन भनी महानगरीय प्रहरी परिसर, काठमाडौंलाई लेखिएको पत्र । महानगरीय प्रहरी प्रभाग, ललितपुरको मिति २०६६।११।२५ गतेको प्रतिवादी विनय बखती (भगती) लाई खोजतलास गर्दा फेला नपरेको भन्ने व्यहोरासमेतको पत्र एवं प्रहरी प्रतिवेदन। विज्ञ खटाई पठाई दिने भनी नेपाल राष्ट्र बैंक, काठमाडौंलाई लेखिएको पत्र।

राष्ट्र बैंकको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी इन्द्रराज हुमागाईसमेत भएको बैंकिङ कसुरसम्बन्धी मुद्दामा नेपाल राष्ट्र बैंकसँग सम्पर्क गरेर मात्र अनुसन्धान अगाडि बढाउने भन्ने व्यहोराको अर्थ मन्त्रालय, काठमाडौंको च.नं. ६६४ मिति २०६६।१२।२६ को पत्र। अनुसन्धानको लागि विज्ञ पठाई दिने व्यवस्था हुन् भनी नेपाल राष्ट्र बैंक वित्तीय संस्था सुपरीवेक्षण विभाग काठमाडौंलाई लेखिएको पत्र।

इन्फ्रास्ट्रक्चर बैंक, बनेपा र डेभलपमेन्ट बैंक, बनेपासमेतमा खानतलासी गर्दा दशी प्रमाणमा लाग्ने कुनै चिज वा वस्तुहरू फेला नपरेको भन्ने व्यहोरासमेतको खानतलासी एवं बरामदी मुचुल्काहरू।

प्रतिवादी इन्द्रराज हुमागाईसमेतको खोजतलास गर्दा गराउँदा फेला नपरेको र वतन खुलिएको प्रतिवेदन पेस गरेको भन्नेसमेत व्यहोराको प्रहरी प्रतिवेदन।

प्रतिवादी इन्द्रराज हुमागाईलगायतका मानिसहरू यस चौकी, वडा एरियामा खोजतलास गर्दा फेला नपरेको भन्ने प्रहरी चौकी, श्यामपार्टीको प्रहरी सञ्चार।

जाहेरीमा उल्लिखित प्रतिवादीहरूको मिलेमतो गरी विभिन्न मिति र समयमा विभिन्न खातामा मौज्दात रकम नहुँदा नहुँदै पनि चेक जारी गरी बढी रकम लिएको देखिएको हुँदा निजहरूलाई कानूनबमोजिम कारवाही होस् भन्नेसमेत व्यहोराको सुनिलकुमार वैद्यले गरिदिएको कागज।

नेपाल राष्ट्र बैंक वित्तीय संस्था सुपरीवेक्षण विभागको च.नं. ६२३ मिति २०६६।१०।७ गतेको पत्रमा उल्लिखित प्रतिवादीहरूले बैंकिङ कसुरको अपराध गरेको हुँदा निज प्रतिवादीहरूले निक्षेपकर्ताहरूको रकमसमेत हानि नोक्सानी पुर्‍याउन खोजेको लाग्छ भन्ने व्यहोराको निक्षेपकर्ताहरू महेन्द्र वैदारसमेतले गरिदिएको कागज।

राष्ट्र बैंकको जाहेरीमा उल्लिखित प्रतिवादीहरूले बैंकिङ कसुरको अपराध गरेको विश्वास लाग्छ भन्ने व्यहोराको एकै मिलानको वस्तुस्थिति मुचुल्कामा उल्लिखित मानिसहरूले गरिदिएको कागजातहरू।

प्रतिवादी इन्द्रराज हुमागाई, स्वीसा पौडेललगायतका विरूद्ध खण्डमा उल्लिखित ९४ जना प्रतिवादीहरूले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) र दफा ७(क) अनुसारको कसुरजन्य कार्य गरेको पुष्टि हुन आएकोले त्यस्तो कसुरजन्य कार्य गर्ने प्रतिवादीहरूलाई सोही ऐनको दफा १५(१) र १५(३) अनुसार सजाय गरी पाउन र हालसम्म फरार रहेका विरूद्ध खण्डमा उल्लिखित प्रतिवादीहरूलाई त्यहाँबाटै म्याद जारी गरिपाउँ भन्नेसमेत व्यहोराको मिति २०६७।४।४ को अभियोग मागदाबी।

जाहेरकर्ता आफैँले विषयवस्तु अध्ययन अनुसन्धान गरी तथ्यहरूको आधारमा म र मेरो श्रीमतीलाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) र ७ (क) अनुसार कारवाही नचलाउने निर्णय भएकोले अभियोग मागदाबीबाट सफाइ पाउनुपर्छ। मैले जग्गा खरिदका लागि प्रचलित बैंकिङ प्रणाली र कानूनअनुसार मिति २०६४।११।१९ मा पब्लिक डेभलपमेन्ट बैंकबाट रू.६५,००,०००।– कर्जा लिएकोमा मोही लगत यथावत् रहेको कारण दृष्टिबन्धक पास हुन नसकेकोले मेरो श्रीमती स्वीसा पौडेलको खातामा मौज्दात रहेको चेक थप सुरक्षणबापत दिएकोसम्म हो । उक्त मितिमा निजको खातामा चेकलाई खाम्ने मौज्दात रहेको थियो। मिति २०६५।४।२८ मा पनि सोही पब्लिक डेभलपमेन्ट बैंकबाट प्रक्रिया पुर्‍याई रू.५०,००,०००।– कर्जा लिएकोमा मेरो श्रीमतीको खातामा पर्याप्त मौज्दात रहेको चेकलाई थप सुरक्षणबापत दिइएको हो। उपर्युक्त दुवै कर्जाहरू मिति २०६४।१२।२२ र २०६५।७।२४ मा राफसाफ भइसकेको छ। प्रस्तुत मुद्दासँग सम्बन्धित कर्जाहरू सबै चुक्ता भइसकेको छ। कर्जा प्रवाह गर्दा कुनै कर्जामा समितिको संयोजक र कुञ्जबिहारी कयालको कर्जामा सञ्चालक समितिको सदस्यको हैसियतमा कर्जा नीतिको पूर्ण पालना गर्दै नियमानुसार कर्जा प्रवाह भएको हो। उक्त कर्जा चुक्ता भई धितो रहेका सम्पत्ति फुकुवा भइसकेको छ। अभियोग दाबीअनुसारको कसुर नगरेको हुँदा सफाइ पाउनुपर्छ भन्नेसमेत व्यहोराको प्रतिवादी इन्द्रराज हुमागाईको पुनरावेदन अदालत, पाटनमा गरेको बयान।

प्रतिवादी इन्द्रराज हुमागाईलाई पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल अ.बं. ११८ को देहाय ४ नं. बमोजिम रू.२,००,०००।– (दुई लाख रूपैयाँ) नगद वा जेथा जमानत दिए लिई तारेखमा राख्नु भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, पाटनको मिति २०६९।६।१८ को आदेश।

मैले सम्पूर्ण प्रक्रियाहरू पूरा गरी कर्जाको लिखत कागज व्यक्तिगत जमानतको कागज, प्रतिज्ञापत्र र तेस्रो पक्ष जमानतसमेत गरी पब्लिक डेभलपमेन्ट बैंक लि. बाट मिति २०६५।११।२ मा रू.२५,००,०००।- र मिति २०६६।१।२३ मा रू.५,००,०००।– लिएकोमा निर्धारित समयभन्दा अगावै सम्पूर्ण सावाँ ब्याज कर्जा चुक्ता गरेको छु। मैले अभियोगमा उल्लेख भएजस्तो चेकबाट भुक्तानी लिएको छैन । बैंकले कर्जाको थप सुरक्षणबापत माग गरेकाले मेरै नाममा काटिएका चेकहरू बैंकलाई दिएको हुँ। उक्त चेकहरू भुक्तानीका लागि अन्यत्र पेस गरेको छैन। नेपाल राष्ट्र बैंकले मिति २०६७।८।२४ को पत्रमार्फत मलाई बैंकिङ कसुर तथा सजाय ऐनअन्तर्गतको कारवाहीको लागि पठाएकोमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनअनुसार सचेत गराइएको हुँदा बैंकिङ कसुरसम्बन्धी मुद्दा अगाडि बढाउन आवश्यक नभएको भनी जानकारी गराएको हुँदा मलाई अभियोग लगाउनुपर्ने अवस्था छैन भन्नेसमेत व्यहोराको प्रतिवादी प्रियराज रेग्मीको पुनरावेदन अदालत, पाटनमा गरेको बयान।

प्रतिवादी प्रियराज रेग्मीलाई पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल अ.बं. ११८ को देहाय ४ नं. बमोजिम रू.२,००,०००।– (दुई लाख रूपैयाँ) नगद वा जेथा जमानत दिए लिई तारेखमा राख्नु भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०६९।६।२१ को आदेश।

मैले मेरो इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट बैंकमा रहेको खाताबाट मेरो श्रीमान्को नाउँमा मिति २०६४।१०।१९ मा रू.६५,००,०००।–र मिति २०६५।४।२८ मा रू.५०,००,०००।- को चेक दिएकोमा तत्काल उक्त चेकमा उल्लिखित रकम खाम्ने

रकम मौज्दात थियो। उक्त बैंकहरूमा मेरो सेयर लगानी छैन, कुनै पदाधिकारी पनि छैन। मैले उक्त बैंकहरूबाट कुनै कर्जा लिएको छैन, केवल खाता मात्र रहेको छ। मेरो श्रीमान्ले लिएको कर्जा चुक्ता भइसकेको छ। जग्गा खरिद गर्दा जग्गाधनीलाई रकम बुझाउनु पर्ने भएकोले मैले मेरो श्रीमान्लाई इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट बैंकको दुईवटा चेकहरू दिएको हुँ। उक्त चेकहरू श्रीमान्ले के कहाँ, कुन प्रयोजनमा पेस गर्नुभयो मलाई थाहा भएन। मैले बैंकिङ कसुरको कार्य नगरेको हुँदा अभियोग दाबीबमोजिमको सजाय मलाई हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी स्वीसा पौडेले पुनरावेदन अदालत, पाटनमा गरेको बयान।

प्रतिवादी स्वीसा पौडेललाई पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुनेगरी हाल अ.बं. ४७ नं. बमोजिम तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, पाटनको मिति २०६९।६।२२ को आदेश।

मैले पब्लिक डेभलपमेन्ट बैंकबाट मिति २०६६।२।११ मा रू.२५,००,०००।– ऋण लिएकोमा सोको सावाँ ब्याजसहित सम्पूर्ण रकम मिति २०६६।४।२८ मा नै चुक्ता गरिसकेको छु। मैले चेक काटेर उक्त बैंकहरूबाट भुक्तानी लिनेदिने कार्य गरेको छैन। पब्लिक डेभलपमेन्ट बैंकबाट लिएको कर्जा रू.२५,००,०००।– चुक्ता गरिसकेको अवस्था हुँदा अभियोग दाबीअनुसार मैले सजाय पाउनु पर्ने होइन, सफाइ पाउनुपर्छ भन्नेसमेत व्यहोराको प्रतिवादी नरेशबहादुर रावलले पुनरावेदन अदालत, पाटनमा गरेको बयान।

प्रतिवादी नरेशबहादुर रावललाई पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल अ.बं. ११८ को देहाय (४), (१०) का आधारमा रू.२,००,०००।– (दुई लाख रूपैयाँ) नगद वा जेथा जमानत दिए लिई तारेखमा राख्नु भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, पाटनको मिति २०६९।६।२३ को आदेश।

म इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट बैंकको सेयरधनी र हाल सञ्चालक रहेको छु। पब्लिक डेभलपमेन्ट बैंकमा खातासम्म छ, मैले उक्त दुवै बैंकबाट कर्जा लिएको छैन। मिति २०६४।११।१९ मा प्रतिवादी इन्द्रराज हुमागाईले मलाई डेभलपमेन्ट बैंकको रू.६०,००,०००।– को चेक दिनुभएकोमा सो चेकको भुक्तानी लिन सम्बन्धित बैंकमा जाँदा एकैपटक एकमुष्ट भुक्तानी गर्ने अधिकार शाखा प्रबन्धकलाई नभएको भनी उक्त बैंकले इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट बैंकको ३ वटा चेकहरू दिएकोले इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट बैंकमा गई रकम भुक्तानी लिई मेरो श्रीमतीसमेतका नाममा खरिद गरी लिएको जग्गाको भुक्तानी गरेको हो। मेरो इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट बैंकको खाता नं. IS२०००३ हो। मैले प्रतिवादी इन्द्रराज हुमागाईसँग लिएको पैसा मेरै खातामा जम्मा गर्नुपर्छ भन्ने छैन। प्रतिवादी स्वीसा पौडेलको नाउँको IS२०००५ को खातामा कसरी के कति जम्मा भयो मलाई थाहा भएन। मैले निजको खातामा कुनै रकम जम्मा गरेको छैन। मैले कुनै कसुर नगरेकोले अभियोग मागदाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी इच्छाबहादुर वाग्लेले पुनरावेदन अदालत, पाटनमा गरेको बयान।

तत्काल प्राप्त प्रमाणबाट पछि ठहरेबमोजिम हुने गरी हाल यी प्रतिवादी इच्छाबहादुर वाग्लेसँग रू.२,००,०००।– (दुई लाख रूपैयाँ) नगद वा सो बराबरको जेथा जमानी माग गरी दिए लिई पुर्पक्षको लागि तारेखमा राख्नु भन्नेसमेत व्यहोराको यस पुनरावेदन अदालत, पाटनको मिति २०६९।६।२४ को आदेश।

मेरो इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट बैंकमा

रू.१४,९८,०००।– बराबरको संस्थापक सेयर छ । सो बैंकमा मिति २०६७।८।२० देखि महाप्रबन्धकको पदमा कार्यरत छु । इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट बैंकबाट लिएको कर्जा चुक्ता गरिसकेकोले राष्ट्र बैंकले कारवाही नगर्नु भनेर नेपाल सरकार गृह मन्त्रालयलाई पत्राचारसमेत गरिसकेको छ । घरको सम्पूर्ण आर्थिक कारोबार बुबाले हेर्नुहुन्थ्यो, सो कर्जा बुबाको घरजग्गा राखी इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट बैंकबाट स्वीकृत सीमा रू.३,००,००,०००।– भित्र कारोबार भएको हो । सो कर्जा हाल चुक्ता भइसकेको छ । मैले गरेको कार्य बैंकिङ नीति, नियमअनुरूप भएकोले अभियोग दाबीबाट सफाइ पाउनुपर्दछ भन्नेसमेत व्यहोराको प्रतिवादी कुनाल कयालले पुनरावेदन अदालत, पाटनमा गरेको बयान ।

परिवारको मुख्य व्यक्तिको हैसियतले बुबाले नै सम्पूर्ण कारोबार गर्ने गरेकोमा बुबाले चेकमा नभई घरजग्गा धितो राखेर इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट बैंकबाट कर्जा लिनुभएको हो । इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट बैंकमा मेरो कुनै सम्बन्ध छैन । पब्लिक डेभलपमेन्ट बैंकमा मेरो १२,००,००० बराबरको संस्थापक सेयर छ । बुबाले इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट बैंकबाट लिएको सम्पूर्ण कर्जा हाल चुक्ता भइसकेको छ । बुबाले उक्त कर्जा लिँदा घरजग्गा राखी स्वीकृत सीमाभित्र रही कारोबार भएको हो । मैले अभियोग दाबीबमोजिमको कसुर नगरेकोले सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी नीतु कयालले पुनरावेदन अदालत, पाटनमा गरेको बयान ।

परिवारको मुख्य व्यक्तिको हैसियतले सम्पूर्ण कारोबार मेरो श्रीमान्ले गर्नुहुन्थ्यो । उहाँले नै घरजग्गा धितो राखी स्वीकृत सीमाभित्र रही कर्जा लिनुभएको हो । इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट बैंक र पब्लिक डेभलपमेन्ट बैंकमा मेरो कुनै सम्बन्ध र हैसियत छैन । पब्लिक डेभलपमेन्ट बैंकमा खाता भएजस्तो लाग्छ । श्रीमान्ले इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट बैंकबाट लिएको ऋण चुक्ता भइसकेको छ । मैले अभियोग दाबीअनुसारको कसुर नै नगरेकोले सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी सत्यमाया कयालले पुनरावेदन अदालत, पाटनमा गरेको बयान ।

तत्काल प्राप्त प्रमाणबाट पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई दिन सके यी प्रतिवादीहरू सत्यमाया भन्ने सत्यभामा कयाल, नीतु कयाल र कुनाल कयालबाट जनही रू.५०,०००।- (पचास हजार रूपैयाँ) नगदै वा सो बराबरको जेथा जमानी तथा बैंक जमानत लिई तारेखमा राख्नु भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, पाटनको मिति २०६९।७।२१ को आदेश ।

डेभलपमेन्ट बैंकमा स्थापनादेखि ३ वर्षसम्म संस्थापक सञ्चालक रहेको थिएँ, सो बैंकमा संस्थापक सेयर ४५,००० कित्ता छ । उक्त बैंकबाट मिति २०६५।९।१२ मा प्रक्रिया पूरा गरी रू.३,८५,०००।– कर्जा लिई मिति २०६६।६।१९ मा सम्पूर्ण सावाँ ब्याज चुक्ता गरिसकेको छु । आफू सञ्चालक रहेको बैंकबाट कर्जा लिन नहुनेमा लिएबापत नेपाल राष्ट्र बैंकले मलाई रू.११,१११।– जरिवाना गरेकोले सो जरिवाना बुझाइसकेको छु । मलाई अभियोग दाबीबमोजिमको सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी शिवशंकरलाल राजभण्डारीले पुनरावेदन अदालत, पाटनमा गरेको बयान ।

पछि ठहरेबमोजिम हुने गरी हाल यी प्रतिवादी शिवशंकरलाल राजभण्डारीलाई अ.बं.४७ नं. बमोजिम तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्नेसमेत व्यहोराको यस पुनरावेदन अदालत, पाटनको मिति २०६९।७।२३ को आदेश ।

इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट बैंक र पब्लिक

डेभलपमेन्ट बैंकसँग कुनै सम्बन्ध र हैसियत छैन । पब्लिक डेभलपमेन्ट बैंकमा खातासम्म छ । सेयर लगानी केही पनि छैन । पब्लिक डेभलपमेन्ट बैंकबाट रू.४८,००,०००।– कर्जा लिएकोमा उक्त कर्जा चुक्ता गरिसकेको छु । सम्पूर्ण प्रक्रियाहरू पूरा गरी घरजग्गा धितो राखी कर्जा लिएको हुँ । मैले हिमालयन बैंकको चेक पब्लिक डेभलपमेन्ट बैंकमा राखेर ऋण लिँदा मेरो बैंक खातामा चेकलाई खाम्ने रकम थिएन । पछिपछि खाम्ने रकम जम्मा गरेको थिएँ । हाल मैले लिएको कर्जा चुक्ता गरिसकेकोले मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी अमृतमान राजभण्डारीले पुनरावेदन अदालत, पाटनमा गरेको बयान ।

पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुनेगरी हाल अ.बं.११८ को देहाय (४), (१०) नं. का आधारमा यी प्रतिवादी अमृतमान राजभण्डारीसँग रू.१,००,०००।– (एक लाख रूपैयाँ) नगद वा सो बराबरको जेथा जमानत दिए लिई तारेखमा राख्नु भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, पाटनको मिति २०६९।७।२३ को आदेश ।

मेरो पब्लिक डेभलपमेन्ट बैंकमा साधारण खाता छ, सेयर चाहिँ छैन । मैले सो बैंकबाट २०६६ सालमा BP अन्तर्गत रू.२०,००,०००।– ऋण लिएकोमा मिति २०६६ आश्विनमा उक्त ऋण चुक्ता गरिसकेको छु । म इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट बैंक र पब्लिक डेभलपमेन्ट बैंकको कुनै पदाधिकारी छैन । मैले उक्त बैंकबाट ऋण लिई चुक्तासमेत गरिसकेको हुँदा अभियोग दाबीबमोजिम मलाई सजाय हुनुपर्ने होइन, सफाइ पाउनुपर्छ भन्नेसमेत व्यहोराको प्रतिवादी बलकुमार भन्ने बालकुमार बास्तोलाले पुनरावेदन अदालत, पाटनमा गरेको बयान ।

पछि ठहरेबमोजिम हुनेगरी हाल यी प्रतिवादी बालकुमार बास्तोलालाई अ.बं.४७ नं. बमोजिम तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, पाटनको मिति २०६९।७।२४ को आदेश ।

प्रतिवादी नीतु कयाल र कुनाल कयालका बाबु कुञ्जबिहारी कयालले इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट बैंकबाट धितो राखी ऋण स्वीकृत गराई कर्जा लिएको र सो कर्जा बुझाई धितोसमेत फुकुवा भइसकेको छ । स्वीकृत भएको ऋणको रकमभित्रबाट चेक जारी भएको हुँदा यी प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी कुनाल कयालसमेतको साक्षी नारायणप्रसाद भण्डारीको बकपत्र ।

प्रतिवादी इच्छाबहादुर वाग्लेले खातामा रकम भएको चेक प्रतिवादी स्वीसा पौडेलसँग लिएको हो । बैंकले प्रक्रिया पूरा गरी चेकको भुक्तानी यी प्रतिवादीलाई दिएको हुँदा प्रक्रिया पुर्‍याई बैंकले दिएको भुक्तानीलाई दण्डनीय मान्न नमिल्ने हुँदा निजले अभियोग दाबीबाट सफाइ पाउनुपर्छ भन्नेसमेत व्यहोराको प्रतिवादी इच्छाबहादुर वाग्लेको साक्षी राजु काफ्लेले गरेको बकपत्र ।

प्रतिवादी अमृतमान राजभण्डारीले पब्लिक डेभलपमेन्ट बैंकबाट ऋण लिएकोमा निजले सो रकम बुझाइसकेको अवस्था रहेको हुँदा अभियोग दाबीअनुसार निजलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी अमृतमान राजभण्डारीको साक्षी रविन्द्रभक्त माथेमाले गरेको बकपत्र ।

खातामा रकम रहेको अवस्थामा चेक काटेको हुँदा अभियोग दाबीअनुसार प्रतिवादी इन्द्रराज हुमागाईले सजाय पाउनुपर्ने होइन, निज निर्दोष हुँदा सफाइ पाउनुपर्छ भन्नेसमेत व्यहोराको प्रतिवादी इन्द्रराज हुमागाईको साक्षी रामप्रसाद नेपालले गरेको

बकपत्र।

प्रतिवादी स्वीसा पौडेलले खातामा रकम भएको चेक जारी गर्नुभएको हो । सो कुरा बैंक स्टेटमेन्टबाट देखिइरहेको छ । निजले अभियोग दाबीअनुसारको कसुर नगरेकोले सफाइ पाउनुपर्छ भन्नेसमेत व्यहोराको प्रतिवादी स्वीसा पौडेलको साक्षी कुलचन्द्र अधिकारीले गरेको बकपत्र।

प्रतिवादी शिवशंकरलाल राजभण्डारी पब्लिक डेभलपमेन्ट बैंकको सञ्चालक भएकोमा सोही बैंकबाट ऋण लिनुभएको थियो। सो ऋणको सावाँ ब्याज निजले बुझाइसकेको हुँदा अभियोग दाबीअनुसारको कसुर नगरेकोले निजले सफाइ पाउनुपर्छ भन्नेसमेत व्यहोराको प्रतिवादी शिवशंकरलाल राजभण्डारीको साक्षी सुन्दर बुढाथोकीले गरेको बकपत्र।

प्रतिवादी प्रीयराज रेग्मीले पब्लिक डेभलपमेन्ट बैंकबाट ऋण लिएकोमा उक्त ऋण निजले चुक्ता गरिसक्नुभएको छ । अभियोग दाबीबमोजिमको कसुर नगरेकोले निजले सफाइ पाउनुपर्छ भन्नेसमेत व्यहोराको प्रतिवादी प्रीयराज रेग्मीको साक्षी विकासबाबु बानियाँले गरेको बकपत्र।

म प्रतिवादीहरू कसैलाई पनि चिन्दिन । प्रतिवादीहरूलाई राष्ट्र बैंकले कारवाही नगर्ने भन्ने सुनेको हुँ । निजहरूले कसुर गरेको जस्तो लाग्दैन भन्नेसमेत व्यहोराको मौकामा कागज गर्ने सुनिलकुमार वैद्यले गरेको बकपत्र।

प्रतिवादीहरूले कुनै किसिमको कसुरजन्य कार्यहरू गरेका छैनन् । बैंक चालु अवस्थामा रहेको अवस्था हुँदा प्रतिवादीहरूबाट कुनै कसुरजन्य कार्य भएको छैन भन्नेसमेत व्यहोराको मौकामा कागज गर्ने गोपाल साह, महेन्द्र बैदार, राधाकृष्ण श्रेष्ठले गरेको अलगअलग बकपत्र।

नेपाल राष्ट्र बैंक वित्तीय संस्था सुपरीवेक्षण विभाग नीति निर्देशन कार्यान्वयन समिति बैठक नं. १०/२०६७/६८ को निर्णयअनुरूप दाबी लिएका ८४ जनासमेतका व्यक्तिका हकमा ब्यालेन्स पर्याप्त नभएको तर ९० दिनभित्र चेक रियालाइजेसन गरिसक्नु पर्ने व्यवस्था रहेको र सो अवधिमा सम्पूर्ण कर्जा चुक्ता भएको भन्नेसमेत आधारमा बैंकिङ कसुरअन्तर्गतको कारवाही अघि बढाउन नपर्ने देखिएको भन्ने निर्णय गरी नेपाल राष्ट्र बैंक वित्तीय संस्था सुपरीवेक्षण विभागबाट नेपाल सरकार, गृह मन्त्रालय महानगरीय प्रहरी परिसर कार्यालयलाई मिति २०६७।८।२८ मा लेखी पठाएकोसमेत देखियो । यो मुद्दामा अभियोग पत्र दायर भएको मिति २०६७।४।४ भन्दा अगाडि नै ऋण कर्जासमेत चुक्ता भइसकेको हुँदा आरोपित कसुरअनुरूप वित्तीय संस्थालाई हानि नोक्सानी पुगेको अवस्था रहेको पाइएन । यी प्रतिवादीहरूउपर लिएको अभियोग पत्र मागदाबीअनुरूपको कसुर पुष्टि हुन सकेको देखिएन । प्रतिवादीहरू उपरको अभियोग मागदाबी पुग्ने अवस्था नहुँदा प्रतिवादीहरूले सफाइ पाउने ठहर्छ भन्नेसमेत व्यहोराको मिति २०७०।२।१९ को पुनरावेदन अदालत, पाटनको फैसला।

विरूद्ध खण्डमा उल्लिखित प्रतिवादीहरूले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ (ग) दफा ७ (क) अनुसारको कसुरजन्य कार्य गरेकोले निज प्रतिवादीहरूलाई सोही ऐनको दफा १५(१) र १५(३) अनुसार सजाय गरिपाउन मागदाबी लिई पुनरावेदन अदालत, पाटनसमक्ष अभियोग पत्र पेस गरिएकोमा उक्त अदालतको वाणिज्य इजलासबाट निज प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाई दिनेगरी भएको फैसलामा तथ्यको विश्लेषण एवं प्रमाणको मूल्याङ्कन तथा कानूनी व्यवस्थाको व्याख्या प्रयोग एवं पालनासमेतले त्रुटिपूर्ण भएको हुँदा सो फैसला बदर गरी अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ

भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको तर्फबाट पेस भएको पुनरावेदन पत्र ।

नियमबमोजिम पेसी सूचीमा चढी यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट विद्वान् उपन्यायाधिवक्ता श्री रामप्रसाद घिमिरेले प्रतिवादीहरूले आफ्नो खातामा चेकले खाम्ने रकम नभएको अवस्थामा चेक पेस गरी भुक्तानी लिए दिएको तथा गलत र झुट्टा वित्तीय विवरणको आधारमा कर्जा लिए दिएको तथ्य सप्रमाण पुष्टि भएको छ । चेक रकम कर्जा लिँदादिँदाका अवस्थामा खातामा पर्याप्त रकम नभई तथा गलत विवरण पेस गरी कर्जा लिई दिई कसुरजन्य कार्य भएकोमा पछि कसुरबाट बच्न रकम दाखिला गरेकै आचारणले मात्र र नेपाल राष्ट्र बैंकले अघि आफूले दिएको जाहेरी विवरणको प्रतिकूल पत्र लेखेकै कारणले बैंकिङ कसुर जस्तो समग्र आर्थिक प्रणालीमै असर पार्ने अपराधमा प्रतिवादीहरूलाई उन्मुक्ति दिन मिल्दैन । खातामा रकम नभएको तथा चेक उपलब्ध गराई त्यसैलाई जमानीमा राखी ऋण लिएको अवस्थामा प्रतिवादीहरूलाई सफाई दिने गरी भएको पुनरावेदन अदालत, पाटनको फैसला त्रुटिपूर्ण रहेकोले उल्टी गरी अभियोग मागदाबीबमोजिम प्रतिवादीहरूलाई सजाय हुन प्रत्यर्थी झिकाउने आदेश होस् भन्नेसमेत व्यहोराको बहस जिकिर प्रस्तुत गर्नुभयो ।

उल्लिखित बहससमेत सुनी पुनरावेदन पत्रसहितको मिसिल अध्ययन गरी हेर्दा प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिमको कसुरबाट सफाइ दिने गरी भएको पुनरावेदन अदालत, पाटनको फैसला मिलेको छ वा छैन ? वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्ने हो वा होइन भन्नेसम्बन्धमा निर्णय गर्नुपर्ने देखिन आयो ।

यसमा अभियोग खण्डमा उल्लिखित प्रतिवादीहरूले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) तथा दफा ७(क) अनुसारको कसुरजन्य कार्य गरेको हुन आएकोले सोही कसुरमा ऐ. ऐनको दफा १५(१) र १५(३) अनुसार सजायको मागदाबी लिई अभियोग पत्र दायर भएको पाइयो । नेपाल राष्ट्र बैंक वित्तीय संस्था सुपरीवेक्षण विभागको पत्रका आधारमा सुरू गरिएको अनुसन्धान चल्दा चल्दैको अवस्थामा मिति २०६७।४।४ मा अभियोगपत्र दायर हुनु अगावै सोही विभागको मिति २०६६।१२।२७ च.नं. ९५६ को पत्रबाट उक्त विषयमा थप बुझ्न र स्पष्ट हुन आवश्यक देखिएकोले सो नभएसम्म प्रारम्भिक अनुसन्धान तहकिकातको लागि नेपाल राष्ट्र बैंकसँग सम्पर्क गरेर मात्र कारवाही अघि बढाउनु हुन भनी महानगरीय प्रहरी परिसर कार्यालयलाई पत्राचार गरेको पाइयो । सोही विषयमा नेपाल राष्ट्र बैंक वित्तीय संस्था सुपरीवेक्षण विभागको मिति २०६७।३।२५ च.नं. १३२५ को पत्रबाट जिल्ला प्रहरी कार्यालय, धुलिखेललाई पत्राचार गरिएको र उक्त पत्रमा नेपाल राष्ट्र बैंकको मिति २०६७।३।१४ देखि २०६७।३।१५ सम्मको सम्बन्धित डेभलपमेन्ट बैंकहरूको विशेष निरीक्षणबाट असुरक्षितरूपमा कर्जा प्रवाह गरेको नदेखिएको कर्जा समयावधिभित्रै चुक्ता भइसकेको, सोबाट बैंकलाई कुनै हानि नोक्सानी भएको नदेखिएको र कर्जा प्रवाहमा केही प्रक्रियागत त्रुटिसम्म देखिएको सन्दर्भमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ७४ (४)(क) बमोजिम सचेत गराइएको भन्ने उल्लेख गर्दै अचल सम्पत्तिको धितोमा स्वीकृत सीमाभित्र कर्जा लिएको, संस्थाको प्रक्रियागत त्रुटिवस विल्स पर्चेजअन्तर्गत लेखाङ्कन गरेको देखिएको, विल्स पर्चेज गर्दा सम्बन्धित खातामा पर्याप्त मौज्दात रहेको देखिएकोले मौज्दात नभएको खाताबाट चेक काटी रकम भुक्तानी

लिएको भन्ने आधार बलियो नदेखिएको साथै नेपाल राष्ट्र बैंककै निर्देशनअनुसार विल पर्चेज गर्दा ९० दिनभित्र रियलाइजेसन भइसक्नुपर्ने व्यवस्थाअनुसार उक्त रकम राफसाफ भइसकेकोले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ अनुसार कारवाही अगाडि बढाउन पर्याप्त आधार नदेखिएको भन्दै ऐनको दफा ३ को (ग) र दफा ७ को (क) अनुसार कारवाही अघि नबढाउन निर्णयानुसार अनुरोध गरिएको अवस्था विद्यमान हुँदाहुँदै पनि मिति २०६७।४।४ मा अभियोगपत्र दायर भएको देखिन्छ। अभियोग पत्र दायर भएको मितिभन्दा अगावै नै ऋण कर्जासमेत चुक्ता भइसकेको हुँदा आरोपित कसुरअनुरूप वित्तीय संस्थालाई हानि नोक्सानी पुगेको अवस्था रहेको नपाइएकोले प्रतिवादीहरूउपर लिएको अभियोगपत्र मागदाबीअनुरूपको कसुर पुष्टि हुन सकेको नदेखिएकोले अभियोग मागदाबी पुग्ने अवस्था नहुँदा प्रतिवादीहरूले सफाई पाउने ठहर्छ भन्ने व्यहोराको पुनरावेदन अदालत, पाटनको फैसला देखिन आयो। प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिमको कसुरबाट सफाई दिने गरी भएको पुनरावेदन अदालत, पाटनको वाणिज्य इजलासको फैसलामा तथ्यको विश्लेषण एवं प्रमाणको मूल्याङ्कन र कानूनी व्यवस्थाको व्याख्या, प्रयोग एवं पालनासमेत त्रुटिपूर्ण भएकोले उक्त फैसला उल्टी गरी प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन परेको देखिन्छ।

२. निर्णयतर्फ विचार गर्दा, प्रतिवादीमध्येका इन्द्रराज हुमागाईले पब्लिक डेभलपमेन्ट बैंकबाट रू.६५,००,०००।– कर्जा लिएको र सो रकम खातामा रहेको हुँदा थप सुरक्षणबापत चेक लिई मिति २०६५।४।२८ मा ५०,००,०००।– चेकबाट रकम लिएको र डेभलपमेन्ट बैंकबाट लिएको कर्जा मिति २०६४।१२।२२ र मिति २०६५।७।२४ मा राफसाफ भइसकेको छ । त्यसैले आरोपित कसुरमा सजाय हुनुपर्ने होइन भनी इन्कारी बयान गरेको देखिन्छ । सोही मिलानको अर्का प्रतिवादी स्वीसा पौडेलले समेत आफूले मौज्दात रकम रू.६५,००,०००।– भएको हुँदा रू.५०,००,०००।–चेक दिएको भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको देखियो। अन्य प्रतिवादीहरू नरेशबहादुर रावल, कुनाल कयाल, शिवशंकर लाल राजभण्डारी, अमृतमा राजभण्डारीलगायतले ऋण कर्जा लिएको र सो ऋण कर्जा चुक्ता भइसकेको हुँदा आरोपित कसुरमा सजाय हुनुपर्ने होइन भनी इन्कार रहेको अवस्था छ। प्रतिवादीमध्येका प्रीयराज रेग्मीले प्रक्रियाअनुरूप कर्जा व्यक्तिगत जमानतको कागज, प्रतिज्ञापत्र र तेस्रो पक्ष जमानतसमेत गरी पब्लिक डेभलपमेन्ट बैंक लिमिटेडबाट मिति २०६५।११।२ मा रू.२५,००,०००।- र मिति २०६६।१।२३ मा रू.५,००,०००।– कर्जा लिएको र निर्धारित सावाँ ब्याजसमेत चुक्ता गरिसकेको छु । चेकबाट भुक्तानी लिएको छैन। थप सुरक्षण माग गरेको हुँदा मेरै नामको चेक पेस गरेको र राष्ट्र बैंकले आफूलाई सचेतसमेत गराएको हुँदा सजाय हुनुपर्ने होइन भनी अदालतसमक्ष बयान गरेको देखिन्छ।

३. नेपाल राष्ट्र बैंक वित्तीय संस्था सुपरीवेक्षण विभाग केन्द्रीय कार्यालय, बालुवाटार काठमाडौंको जाहेरीबाट यस मुद्दाको अनुसन्धान तहकिकात भएको देखियो । त्यसैगरी नेपाल राष्ट्र बैंक वित्तीय संस्था सुपरीवेक्षण विभाग नीति निर्देशन कार्यान्वयन समिति बैठक नं. १०/२०६७/०६८ को निर्णयअनुरूप दाबी लिएको ८४ जनासमेतका व्यक्तिका हकमा ब्यालेन्स पर्याप्त नभएको तर ९० दिनभित्र चेक रियलाइजेसन गरिसक्नुपर्ने अवस्था रहेको र सो अवधिमा सम्पूर्ण कर्जा चुक्ता भएको आधारमा बैंकिङ कसुरअन्तर्गतको

कारवाही अघि बढाउन नपर्ने देखिएको भन्नेसमेतको निर्णय गरी नेपाल सरकार, गृह मन्त्रालय महानगरीय प्रहरी परिसर कार्यालयलाई मिति २०६७।८।२८ मा पत्र लेखि पठाएको मिसिलबाट देखिन्छ । त्यसैगरी अभियोग पत्र दायर भएको मिति २०६७।४।४ भन्दाअगावै नै ऋण कर्जासमेत चुक्ता भइसकेको तथा खातावालाहरूको नाउँमा विल्स पर्चेज गरेको मितिमा पर्याप्त रकम रहेको कुरा नेपाल राष्ट्र बैंकको विशेष अनुगमन निरीक्षणबाट समेत देखियो । बैंकिङ कसुरअन्तर्गतको कारवाही अघि बढाउनु नपर्ने भनी वित्तीय संस्थाहरूको नियमनकारी निकाय नेपाल राष्ट्र बैंकले निर्णय गरिसकेको अवस्था र अभियोग पत्र दायर भएको मितिअगावै नै कर्जा चुक्ता भइसकेको र कर्जा प्रवाहमा केही प्रक्रियागत त्रुटि देखिएको सन्दर्भमा पब्लिक डेभलपमेन्ट बैंकको तत्कालीन अध्यक्ष तथा प्रबन्ध सञ्चालक कुञ्ज विहारी कयाललाई बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ७४ को उपदफा (४) को खण्ड (क) बमोजिम सजाय स्वरूप सचेत गराएकोसमेत यस मुद्दामा विचारणीय रहेको छ ।

४. अब पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट प्रतिवादीहरूको कार्यले वित्तीय संस्थालाई हानि नोक्सानी पुर्‍याउने तथा सम्पूर्ण आर्थिक प्रणालीलाई गम्भीर असर पार्ने सम्भावना रहेको हुँदा अभियोग माग दाबीबमोजिम सजाय हुनुपर्छ भनी लिएको पुनरावेदन जिकिरतर्फ विचार गर्दा मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादीहरूले बैंकिङ कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४ को दफा ३(ग) र ७(क) अनुसारको कसुरजन्य कार्य गरेको भन्न मिल्ने पूर्वावस्था छ छैन भन्ने विषयमा नै विवेचना गर्नुपर्ने देखिन्छ ।

५. प्रस्तुत सन्दर्भमा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) र ७(क) मा भएको कानूनी व्यवस्था हेर्दा दफा ३(ग) मा कसैले पनि बैंक तथा वित्तीय संस्थामा खाता खोल्दा वा रकम भुक्तानी माग गर्दा "आफूले काटेको चेकलाई खाम्ने रकम आफ्नो खातामा नभएको जानीजानी चेक काटी भुक्तानी लिन वा दिन" हुँदैन भन्ने प्रावधान रहेको पाइयो । त्यसैगरी ऐ. ऐनको दफा ७(क) मा कसैले पनि बैंक वा वित्तीय संस्थाबाट कर्जा लिँदा वा दिँदा "गलत, झुट्टा वा नरहे नभएको वित्तीय विवरण पेस गरी वा कृत्रिम व्यवसाय खडा गरी कर्जा लिन वा दिन" हुँदैन भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । अभियोगपत्रमा कतै पनि प्रतिवादीहरूले रकम नभएको चेकको माध्यमबाट भुक्तानी लिएको वा गलत, झुट्टा वा नरहे नभएको वित्तीय विवरण पेस गरी वा कृत्रिम व्यवसाय खडा गरी कर्जा लिएदिएको भन्ने अवस्थाहरू किटानीरूपमा देखाउन सकेको पाइँदैन । बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ ले कायम गरेको कसुरलाई आर्थिक अपराधको रूपमा लिएको पाइन्छ । बैंकिङ कसुर गम्भीर प्रकृतिका आर्थिक अनियमितता र कर्जा दुरूपयोगसँग जोडिएको फौजदारी कसुर हो । नेपाल राष्ट्र बैंक जस्तो नियामक निकायले आफैँले कर्जा ९० दिनभित्र चेक रियलाइजेसन गरिसक्नुपर्ने व्यवस्था रहेको र सो अवधिमा सम्पूर्ण कर्जा चुक्ता भइसकेको हुँदा बैंकिङ कसुरअन्तर्गत कारवाही अघि बढाउन नपर्ने गरी निर्णय गरेको अवस्था देखिन्छ । प्रस्तुत मुद्दामा जाहेरवालाको भूमिका निभाएको सो संस्थाले नै प्रस्तुत मुद्दा बैंकिङ कसुरअन्तर्गत कायम हुन नसक्ने भनी स्पष्टरूपमा निर्णय गरी पत्राचारसमेत गरिसकेको देखिएको हुँदा अभियोगपत्रमा उल्लेख भएजस्तो बैंकिङ कसुरअन्तर्गतको कार्य भयो भन्नु कानूनसङ्गत, मनासिब र तर्कसङ्गत देखिन आउँदैन । बैंकिङ कसुरजस्तो गम्भीर प्रकृतिको कसुर स्थापित हुन सोबमोजिमको गम्भीर कार्य घटित भएको कुरा वस्तुनिष्ठरूपमा वादीले प्रमाणित गर्नुपर्ने हुन्छ ।

तसर्थ प्रतिवादीहरूको बयान, बैंकिङ कसुरअन्तर्गतको कारवाही अगाडि बढाउन नपर्ने देखिएको भनी नेपाल राष्ट्र बैंकबाट भएको निर्णय, अभियोगपत्र दायर भएको मितिअगावै कर्जा भुक्तान भइसकेको अवस्था तथा यति नैं हानि नोक्सानी भयो भनी ठोसरूपमा वादी पक्षबाट एकिन हुन नसकेको स्थितिलगायत मिसिलसंलग्न कागजात तथा प्रमाणहरूबाट प्रतिवादीहरूले अभियोग मागदाबीबमोजिम बैंकिङ कसुर गरेको देखिन नआएबाट पुनरावेदन अदालत, पाटनबाट भएको फैसलालाई अन्यथा भन्न मिलेन ।

६. प्रस्तुत मुद्दामा जाहेरवालाको हैसियत राख्ने नेपाल राष्ट्र बैंकको भूमिकातर्फ पनि विचार गर्नु आवश्यक देखिन्छ । ९४ (चौरानब्बे) व्यक्तिलाई प्रतिवादी बनाई दायर भएको प्रस्तुत मुद्दाको सुरूवात नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरीवेक्षण विभागले महानगरीय प्रहरी परिसर कार्यालय, हनुमानढोकालाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १७ बमोजिम आवश्यक कारवाहीका लागि भनी मिति २०६६।१०।७ मा लेखेको पत्रबाट भएको छ । फेरि सोही विषयमा नेपाल सरकार अर्थ मन्त्रालयले समेत सचिवस्तरीय निर्णय गरी मिति २०६६।१२।२० को पत्रबाट जिल्ला प्रहरी कार्यालय, काभ्रेपलाञ्चोकलाई समेत सम्बोधन गरेर अनुसन्धान तहकिकात गरी मुद्दा चलाउन लेखी पठाएको देखिन्छ । एकै विषयमा दुई निकायहरूले फरकफरक कार्यालयलाई मुद्दा चलाउन पत्राचार गरेपश्चात् नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरीवेक्षण विभागले महानगरीय प्रहरी परिसर कार्यालयलाई लेखेको मिति २०६६।१२।२७ को पत्रबाट प्रतिवादी इन्द्रराज हुमागाई र स्वीसा पौडेलको कसुरको सम्बन्धमा थप बुझ्न एवं स्पष्ट हुन आवश्यक देखिएको भनी अनुसन्धान तहकिकातको लागि बैंकसँग सम्पर्क गरेर मात्र कारवाही अघि बढाउन भनी लेखिएको छ । तत्पश्चात् मिति २०६७।३।२५ को नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरीवेक्षण विभागको पत्रबाट बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १७ बमोजिम कारवाही अघि नबढाउन भनी पत्राचार भए तापनि अनुसन्धानकर्ताले मिति २०६७।४।४ मा ९४ जनाउपर अभियोग पत्र दायर गरेको देखिन्छ । यसरी अभियोजक पक्षबाट अभियोग लगाइएको ऐनको व्यवस्था र प्रस्तुत मुद्दाको तथ्यगत अवस्थाको बीच तारतम्यता नरहेको स्पष्टै देखिन्छ ।

७. बैंक तथा वित्तीय संस्थाका लागि नेपाल राष्ट्र बैंक नियमनकारी निकाय हो । नेपाल राष्ट्र बैंक ऐन, २०५८ को प्रस्तावना हेर्दा यस बैंकको काम कारवाहीबाट मुलुकको समग्र बैंकिङ तथा वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्ने विश्वास गरिएको छ । कसैले नेपाल राष्ट्र बैंक ऐन, २०५८ विपरीत कुनै काम गरेमा उक्त ऐनको परिच्छेद ११ तथा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ विपरीत कुनै काम गरेमा उक्त ऐनको समेत परिच्छेद ११ बमोजिम कसुरको अवस्था परिस्थिति हेरी केहीमा आफैँले आर्थिक जरिवाना वा सजाय आदि गर्न सक्ने र केही विशेष अवस्थामा आफैँले आवश्यक कारवाहीका लागि नेपाल सरकार वा सम्बन्धित निकायमा लेखी पठाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ बमोजिम नेपाल सरकार वादी भई मुद्दा चलाउन सक्ने कानूनी व्यवस्था भएबाटै पनि यो निकाय अत्यन्त जिम्मेवाररूपमा चल्नुपर्ने अपेक्षा गरिन्छ । यस्तो अधिकार सम्पन्न नियमनकारी निकायबाट कहिले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १७ बमोजिम कारवाहीका लागि भनी अनुसन्धान गर्ने निकायलाई लेखि पठाउने, कहिले प्रहरीको अनुसन्धान रोक्न र कहिले ऐनबमोजिम कारवाही अघि बढाउन सकिने पर्याप्त आधार नदेखिएको भनी

फरकफरक व्यहोराको पत्राचार गरिएकोबाट यस मुद्दामा नियमनकारी निकायले गम्भीरतापूर्वक र जिम्मेवाररूपमा काम गरेको देखिएन ।

८. नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरीवेक्षण विभागले महानगरीय प्रहरी परिसर कार्यालय, हनुमानढोकालाई आवश्यक कारवाहीका लागि भनी मिति २०६६।१०।७ मा पत्र लेखिसकेपछि नेपाल सरकार अर्थ मन्त्रालयले सचिवस्तरीय निर्णय गरी मिति २०६६।१२।२० को पत्रबाट फरक निकाय जिल्ला प्रहरी कार्यालय, काभ्रेपलाञ्चोकलाई सम्बोधन गरी सोही विषयमा अनुसन्धान तहकिकात गरी मुद्दा दायर गर्न लेखिएको निर्देशनात्मक कार्यलाई पनि औचित्यपूर्ण मान्न सकिँदैन । कुनै जिम्मेवारी लिनु नपर्ने गरी गरिएका यस्ता फितलो प्रारम्भिक निरीक्षण वा अनुगमन तथा फरकफरक निर्णय एवं पत्राचारका कारण एकातिर राज्यले अनुसन्धानको नाममा समय खर्चिएको र अनावश्यकरूपमा आर्थिक दायित्व व्यहोर्नु परेको तथ्य नकार्न सकिँदैन भने अर्कोतर्फ ९४ जना नागरिकले अनुसन्धान र मुद्दाका अवस्थामा भोग्नु परेको मानसिक पीडा, समय तथा आर्थिक नोक्सानी व्यहोर्नु परेको स्थितिलाई सामान्य कारवाहीको रूपमा हेर्न हुँदैन । यस्ता गम्भीर विषयमा सम्बन्धित निकाय संवेदनशील हुनैपर्ने हुन्छ । कानून र कानून प्रदत्त अधिकारको गलत वा लापरवाहीयुक्त प्रयोगबाट व्यक्तिको कानूनप्रदत्त हक र सुविधा अतिक्रमित हुनुहुँदैन भन्ने सार्वजनिक पदाधिकारीले सदैव ख्याल राख्नुपर्दछ । सार्वजनिक जवाफदेहीको पद समाल्ने पदाधिकारीले कुनै पनि ऐन कानूनद्वारा तोकिएको प्रावधानको सही र समानरूपले पालना र कार्यान्वित गर्नुपर्ने हुन्छ ।

९. अतः माथि विवेचित तथ्य कानून एवं मिसिल संलग्न आधार र प्रमाणहरूबाट यी प्रतिवादीहरूले अभियोग मागदाबीबाट सफाई पाउने ठहर गरी पुनरावेदन अदालत, पाटनको वाणिज्य इजलासबाट मिति २०७०।२।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या.सपना प्रधान मल्ल

इजलास अधिकृत : यज्ञप्रसाद भट्टराई
इति संवत् २०७३ साल साउन १८ गते रोज ३ शुभम् ।